# नेपाली

## खुला विद्यालय कक्षा ११ र १२ सरह

स्वाध्याय सामग्री

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

# नेपाली

*(खुला विद्यालय कक्षा ११ र १२ सरह)*

## स्वाध्याय सामग्री


शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

पहिलो संस्करण : वि.सं. २०८०

# भूमिका

खुला विद्यालय शिक्षा कार्यक्रमले शिक्षाको पहुँच विस्तारका लागि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । खुला शिक्षा पद्धतिको मुख्य उद्देश्य आर्थिक, सामाजिक, भौगोलिक तथा अन्य कारणबाट विद्यालय शिक्षा पूरा गर्न नसकेका बालबालिका तथा विद्यालय उमेर कटिसकेका व्यक्तिलाई शिक्षाको मूल धारमा ल्याउनु रहेको छ । विद्यालय शिक्षाको पाठ्यक्रममा आधारित भएर विभिन्न विषयका सामग्रीहरू विकास गरी सार्वजनिकीकरण गरिएको छ । माध्यमिक तहको नयाँ पाठ्यक्रमअनुसार कक्षा ११ र १२ को समकक्षता हुने गरी अनिवार्य नेपाली विषयको स्वाध्याय सामग्री विकास गरिएको छ ।

औपचारिक शिक्षा कक्षा ११ र १२ का अनिवार्य विषयमध्ये 'नेपाली' विषयको पाठ्यक्रमका आधारमा खुला विद्यालयतर्फका लागि यो स्वाध्याय सामग्री विकास गरिएको छ । कक्षा १० पूरा गरेका व्यक्तिले दुई वर्षसम्मको स्वाध्ययपछि कक्षा ११ र १२ को परीक्षामा सहभागी हुने गरी कक्षा ११ र १२ का सक्षमतालाई समेटी विषयवस्तुहरूलाई यस सामग्रीमा समावेश गरिएको छ । सामग्रीमा विद्यार्थीले आफैँले पढेर सिक्नका लागि सरल र व्यावहारिक विषयवस्तु तथा सिकारुमैत्री क्रियाकलापहरू यथासम्भव समावेश गरिएको छ । यो सामग्री पाठ्यपुस्तकका सट्टामा नभई परिपूरक पाठ्यसामग्रीका रूपमा रहने गरी विकास गरिएको छ ।

यस स्वाध्याय सामग्रीको लेखन डा. लेखप्रसाद निरौला र नेत्रप्रसाद न्यौपानेबाट भएको हो । सामग्री विकास कार्यको संयोजन केन्द्रका उपमहानिर्देशक रुद्रप्रसाद अधिकारी, समन्वय तथा व्यवस्थापन निर्देशक सविता दङ्गाल र शाखा अधिकृत भीमादेवी कोइरालाबाट भएको हो । यस स्वाध्याय सामग्रीको भाषा तथा विषयवस्तु सम्पादन डा. गणेशप्रसाद भट्टराई, चित्र र लेआउट डिजाइन जयराम कुइँकेलबाट भएको हो । सामग्रीको विकास कार्यमा संलग्न सबैलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्र धन्यवाद प्रकट गर्दछ । सामग्रीलाई अझै परिष्कृत पार्नका लागि प्राप्त हुने रचनात्मक सुझाव तथा प्रतिक्रियाका लागि केन्द्र सदैव स्वागत गर्दछ ।

चूडामणि पौडेल
महानिर्देशक
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# विषय सूची

| क्र.स. | विषय | | पृष्ठसङ्ख्या |
|---|---|---|---|

## भाग एक कक्षा ११


| | | | |
|---|---|---|---|
| १ | वीर पुर्खा | (कविता) | २ |
| २. | गाउँको माया | (सामाजिक कथा) | १७ |
| ३. | संस्कृतिको नयाँ यात्रा | (आत्मपरक निबन्ध) | ३१ |
| ४. | योगमाया | (राष्ट्रिय जीवनी) | ४५ |
| ५. | साथीलाई चिठी | (चिठी) | ५६ |
| ६. | त्यो फेरि फर्कला ? | (मनोवैज्ञानिक कथा) | ६१ |
| ७. | पर्यापर्यटनका सम्भावना र आयाम | (वस्तुपरक निबन्ध) | ७८ |
| ८. | लौ आयो ताजा खबर | (लघु नाटक) | ९० |
| ९. | सफलताको कथा | (रिपोर्ताजमूलक रचना) | १०३ |
| १०. | कृषिशालामा एक दिन | (संवाद) | ११३ |
| ११. | रारा भ्रमण | (दैनिकी) | १२२ |
| १२. | जलस्रोत र ऊर्जा | (वक्तृता) | १३० |

# भाग दुई कक्षा १२


| | | | |
|---|---|---|---|
| १. | आमाको सपना | (कविता) | १४१ |
| २. | विरहिणी दमयन्ती | (कथा) | १६१ |
| ३. | घनघस्याको उकालो काट्ता | (नियात्रा) | १८७ |
| ४. | व्यावसायिक पत्र | (व्यावहारिक लेखन) | २०६ |
| ५. | एक चिहान | (उपन्यास) | २२५ |
| ६. | स्टिफन विलियम हकिङ | (जीवनी) | २३९ |
| ७. | हामीलाई बोलाउँछन् हिमचुली | (कविता) | २५८ |
| ८. | मातृत्व | (कथा) | २७७ |
| ९. | गोर्खे | (कथा) | ३०४ |
| १०. | नेपाली पहिचान | (संवाद) | ३२४ |
| ११. | सहकारी | (निबन्ध) | ३४३ |
| १२. | जीवन मार्ग | ( रिपोर्ताजमूलक रचना) | ३५५ |

# भाग एक
# कक्षा ११

पाठ १

# वीर पुर्खा

## परिचय

'वीर पुर्खा' कविताका सर्जक कवि वासुदेव त्रिपाठी (१९९९) हुन् । उनको जन्म तहुँमा भएको हो । उनले नेपाली कविता, समालोचना, निबन्ध, खण्डकाव्य आदि विभिन्न विधाका माध्यमबाट नेपाली साहित्यमा योगदान पुऱ्याएका छन् । उनी मूलत: कवि र समालोचकका रूपमा प्रसिद्ध छन् । नेपालीमा विद्यावारिधिसम्मको अध्ययन गरेका त्रिपाठीले भाषासाहित्यबाहेक प्रशासनिक क्षेत्रमा समेत उल्लेखनीय योगदान पुऱ्याएका छन् । त्रिभुवन विश्वविद्यालय मानविकी सङ्कायको डिन तथा नेपाली विभागीय प्रमुखका साथै नेपाल प्रज्ञा-प्रतिष्ठानको उपकुलपतिसमेत बनेर प्रशासकीय सेवा गरेका छन् । 'यो दुनियाँ तिम्रै हो' कविताबाट साहित्यिक यात्रा थालनी गरेका त्रिपाठीका 'विचरण' (२०२४), 'नेपाली कविताको सिंहावलोकन' (२०२७), 'पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा' (२०३०), 'साहित्यकार पहलमानसिंह स्वाँरको पुनर्मूल्याङ्कन' (२०३३), 'लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन' (२०३४), 'अर्धनारीश्वर' (२०३९), 'तीन थुङ्गा' ( २०४५), 'देशको महिमा' (२०४६), 'नव पल्लव' (२०४६), 'साहित्यकार झपटबहादुर राणाको जीवनीको एक झलक' (२०४५) 'शोध र सृजनविधि' (२०६६) आदि अनेकौँ कृति प्रकाशित छन् । उनी विभिन्न समय समयमा विभिन्न भूषण, पुरस्कार तथा सम्मान आदिद्वारा सम्मानित हुँदै आएका छन् ।

कवि वासुदेव त्रिपाठीद्वारा रचित 'वीर पुर्खा' कविता नेपाली वीर पुर्खाहरूको ऐतिहासिक पृष्ठभूमिलाई आधार मानेर लेखिएको रचना हो । यस कविताले देशभक्तिलाई झल्काएको छ । कवितामा भनिएको छ- 'नेपाली पुर्खाको इतिहासलाई कदापि बिर्सन सकिँदैन । पुर्खाहरू देशप्रति इमानदार थिए त्यसैले उनीहरूले निकै ठुलो हिम्मत र साहससाथ देशलाई जोगाएर राखे । उनीहरूको पौरख र सामर्थ्यबिना देशको प्रतिष्ठा जोगाउन कठिन हुने थियो । त्यस वेला नेपालको सिमाना विस्तृत थियो । पूर्वमा टिस्टा नदी, पश्चिममा काँगडा वा राबी नदी र उत्तरतिर तिब्बती सिमानामा रहेका डिगर्चा आदि क्षेत्रसम्म नेपालको सिमाना फैलिएको थियो । त्यसताका शत्रु पक्षले हाम्रो देशमाथि थिचोमिचो गर्ने प्रयास गरेका थिए । यसै सन्दर्भमा हाम्रा वीर पुर्खा कुशलतापूर्वक देशलाई बचाउन ज्यानको बाजी थापेर सङ्घर्षमा उत्रिए । आफ्नो पौरखबाट नेपालको अस्तित्वलाई जोगाएर राखे । त्यसैले उनीहरूको वीरतापूर्ण गाथालाई हामीले कहिल्यै बिर्सिनु हुँदैन । सधैँ उच्च सम्मानसाथ सम्झिरहनुपर्छ ।' यसैलाई कविताको मूल विषय बनाइएको छ । वास्तवमा आधुनिक हातहतियार, यातायातका साधन, खर्चबर्च र सुरक्षा आदिको राम्रो प्रबन्ध नहुँदानहुँदै पनि त्यस वेला सारा नेपालका पुर्खाहरूले आफ्नो कर्तव्य सम्झेर कुनै क्षेत्रीय वा स्थानीयताका आधारमा छोटो सोच नराखी सिङ्गो मुलुक जोगाउन गरेको साहस र त्यागपूर्ण इतिहासलाई यस कवितामा मुक्तकण्ठले प्रशंसा गरिएको छ । हाम्रा पुर्खाहरूले देखाएको पुरुषार्थ साक्षीका रूपमा अझै पनि टिस्टा, राबी, काँगडा, कलङ्गा, डिगर्चा आदि क्षेत्रमा वीरताको चिनो बनेर सुरक्षित रहेका छन् । यिनै पुर्खाका वीरतापूर्ण इतिहास, देशप्रति देखाइएको इमादारी, त्याग र तपस्याको महिमागानका साथै देशभक्तिको भावनालाई यस कवितामार्फत प्रस्तुत गरिएको छ । यसर्थ प्रस्तुत कवितालाई देशभक्तिले ओतप्रोत भएको उत्कृष्ट रचनाका रूपमा लिन सकिन्छ ।

सिकाइ उपलब्धि

१. लयबोध गर्न

२. कविताका कठिन शब्दको अर्थ जान्न

३. कविताको भावलाई व्याख्या गर्न

४. कविताका आधारमा भाषिक संरचना पक्षको अभ्यास गर्न

५. गद्य तथा पद्य लयको भेद छुट्याउन

६. नवीनतम कविता सिर्जना गर्न

मूल पाठ (कविता)

# वीर पुर्खा

*- वासुदेव त्रिपाठी*

कुन पहाडले कुन खोलाले तिम्रो गति छेकेथ्यो र
वीर पुर्खा ! कुन आँधीले तिम्रो यात्रा रोकेथ्यो र
गरुडको झैँ वेग तिम्रो कुन आकाशले बाँधन सक्यो
पौरखले रच्यौ नेपाल ! पहाड तराई जुट्न सक्यो ।

पूर्व तिस्टा तिमीलाई सम्झी अझै रुन्छ होला
पश्चिम राबी तिम्रो अझै रक्तधारा धुन्छ होला
काँगडा र कलङ्गाको ढुङ्गा माटो बोल्छ होला
वीर पुर्खा ! तिम्रो गीत गङ्गाभरि गुँज्छ होला ।

डिगर्चामा डोब तिम्रो चिसो हिउँभित्र होला
वेत्रावती किनारभित्र पौरखको चिनो होला
वीर पुर्खा ! तिमीलाई तिमेरीले मात्रै बाँध्यो
सागर तरी संसारभरि वीर गोर्खा रगत बग्यो ।

नाका थुनी नेपालीलाई कसले छेक्न सकेथ्यो र
हिमालको हिमनदी कसले रोक्न सकेथ्यो र
वीर पुर्खा तिम्रै रगत नेपलीका नसाभरि
उही गीत उही गौरव चन्द्रसूर्य ध्वजासरि ।

**शब्दार्थ**

*आँधी : हुरी, धुलो उडाउँदै वरपरका वस्तु हल्लाउँदै वेगसित उडेको हावा*

*गरुड : तीव्र गतिमा उड्न सक्ने एक प्रकारको पक्षी*

*पौरख : बहादुरी*

*रक्तराधा : रगतको धारा*

*डोब : डाम, चिह्न*

*हिमनदी : हिउँ पग्लिएर बग्ने नदी*

## कवितासार

'वीर पुर्खा' बहुमुखी प्रतिभाका धनी कवि वासुदेव त्रिपाठीद्वारा लिखित देशभक्तिपरक कविता हो । यसमा नेपाली वीरताको महिमागान वा स्तुतिगान गरिएको छ । लोकलयमा लेखिएको यस कवितामा चारओटा श्लोक अथवा सोह्रओटा पङ्क्ति रहेका छन् । नेपाली पुर्खाको वीरतापूर्ण एवम् साहसिक सङ्घर्षमा आधारित गौरवगाथालाई प्रस्तुत गर्नु यस कविताको मुख्य उद्देश्य हो ।

कवितामा उल्लेख भएअनुसार नेपाली वीर पुर्खालाई कुनै पहाडले छेक्न सकेन । उनीहरूलाई कुनै आँधीले रोक्न सकेन । उनीहरूको वेग गरुडको जस्तै तेजिलो थियो । त्यसकारण कुनै आकाशको सीमाले समेत बाँध्न सकेन । उनीहरूको पौरखले नै नेपालको पहाड र तराई जुट्न सकेको हो । वीर पुर्खाको योगदानलाई अझै पनि पूर्वको टिस्टा नदीले सम्झिरहेको जस्तो लाग्छ । उनीहरूको योगदानलाई सम्झेर नै टिस्टा रोइरहेको हुनुपर्छ । त्यस्तै पश्चिमको राबीले समेत हाम्रा वीर पुर्खाहरू लड्दा लागेको रगत धोइरहेकै जस्तो लाग्छ । काँगडा र कलङ्गाका ढुङ्गामाटो पनि वीरताका कुरा गरिरहेका होलान् । पक्कै पनि पुर्खाको महिमागीत गङ्गाभरि गुन्जिरहेको अवस्था होला । त्यसै गरी उत्तरतिर पनि हाम्रा पुर्खाले हिउँमा टेकेर शत्रुपक्षसँग लड्नुपरेको इतिहासस्वरूप आज पनि डिगर्चाका चिसो हिउँभित्र डोबहरू पाइएलान् । त्यस वेला उनीहरू वेत्रावतीको किनारैकिनार त्यहाँ पुगेकाले अझै पनि वेत्रावतीका किनारभरि पुर्खाका पौरखको चिनो रहेको होला ।

यसकारण हे वीर पुर्खा ! तिमीलाई मितेरीले मात्र बाँध्यो भन्दै कविले प्रस्तुत कवितामा पुर्खाको रगत सागर तरेर संसारभरि पुगेको चर्चा गरेका छन् । उनले जसरी हिमाली नदीलाई कसैबाट रोक्न सकिँदैन त्यसै गरी नेपालीलाई कसैले नाका थुनेर बन्देज लगाउन सक्दैन भनेका छन् । उनका विचारमा त्यस्ता वीर पुर्खाको रगत हाम्रा नसा नसामा छ । चन्द्र र सूर्यको अस्तित्व ब्रह्माण्डमा रहे जस्तै नेपालीको गौरवगाथा पनि अमिट रूपमा रहने छ ।

कवितामा भनिए झैँ नेपाली पुर्खाहरू वीर थिए । उनीहरू बहादुरीका साथ देशको संरक्षणमा जुटे ।

उनीहरूभित्र भएको सामूहिक भावनाका कारण हिमाल, पहाड र तराईका सबै क्षेत्रहरू एक हुन सके । कुनै ठाउँमा थिचोमिचो हुन लाग्यो भने सबै नेपाली एउटै हौँ भन्दै त्यस ठाउँमा अनेकौँ चुनौती पार गर्दै पुगिहाल्थे । आफूलाई भन्दा आफ्नो देशलाई बढी माया गर्ने भएकाले देशका लागि आत्मबलिदान समेत दिन तयार हुन्थे । यस किसिमको पुर्खाको इतिहासले हामीलाई पनि प्रेरणा जगाएको छ । यिनै देशभक्तिपूर्ण अभिव्यक्तिहरू नै यस कवितामा समावेश भएका मुख्य विषय हुन् ।

## शब्दभण्डार

१. वीर पुर्खा' कविता लय मिलाएर गाउनुहोस् ।

२. तलका शब्दको उच्चारणका आधारमा अक्षर सङ्ख्याको जानकारी राख्नुहोस् :

| | | | |
|---|---|---|---|
| नाका थुनी | नेपालीलाई | कसले छेक्न | सकेथ्यो र |
| (ना का थु नि) ४ | (ने पा लि ला(इ) ४ | (कस् ले छेक् न) ४ | (स के थ्यो र) ४ |
| हिमालको | हिमनदी | कसले रोक्न | सकेथ्यो र |
| (हि मा ल को) ४ | (हि म न दि) ४ | (कस् ले रोक् न) ४ | (स के थ्यो र) ४ |
| वीर पुर्खा | तिम्रै रगत | नेपालीका | नसाभरि |
| (बि र पुर् खा) ४ | (तिम् म्रै र गत्) ४ | (ने पा लि का) ४ | (न सा भ रि) ४ |
| उही गीत | उही गौरव | चन्द्रसूर्य | ध्वजासरि । |
| (उ हि गि त) ४ | (उ हि गौ रव्) ४ | (चन् द्र सुर् (य) ४ | (ध्व जा स रि) ४ |

३. दिइएका अर्थ दिने शब्द पाठबाट छानेर लेखिएका छन्, उदाहरण हेरी पाठबाट अन्य अभ्यास गर्नुहोस् :

उदाहरण -

| | |
|---|---|
| (क) दुई क्षेत्र वा देशका बिचको सिमाना | राबी |
| (ख) पानीको खानी | चिनो |
| (ग) नेपालको पश्चिमी क्षेत्रको एक नदी | नाका |
| (घ) हिउँ पग्लिएर बनेको नदी | सागर |
| (ङ) सम्झनाका रूपमा रहने वस्तु | हिमनदी |

४. उदाहरण हेरी तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

शब्द        उदाहरण वाक्यमा प्रयोग

पौरख : नेपालीहरूको **पौरख**ले नै नेपालको सान उच्च बनेको छ ।

रक्तधारा :

आँधी :

डोब :

वीर :

चन्द्रसूर्य :

पाषाण :

ध्वजा :

५. उदाहरण हेरी दिइएका शब्दसँग मिल्ने अनुप्रासयुक्त शब्द पाठबाट खोज्नुहोस् :

| शब्द | अनुप्रासयुक्त शब्द |
|---|---|
| गीत | सित |
| डोब | : |
| वीर | : |
| तरी | : |
| कलङ्गा | : |
| तराई | : |
| चिनो | : |
| नसा | : |
| थुनी | : |

## बोध र अभिव्यक्ति

१. कविता पढी दिइएका उदाहरणका आधारमा प्रश्नको उत्तर दिनुहोस् :

| प्रश्न | उदाहरण : उत्तर |
|---|---|
| (क) कविताको पहिलो हरफमा कतिओटा अक्षर छन् ? | (क) कविताको पहिलो हरफमा १६ ओटा अक्षर छन् । |
| (ख) दोस्रो श्लोकमा कतिओटा अक्षर छन् ? | |

| | |
|---|---|
| (ग) पहिलो श्लोकमा कुन कुन वर्णको प्रयोग गरिएको छ ? | |
| (घ) केलाई ध्वजासरि भनिएको छ ? | |
| (ङ) 'वीर पुर्खा' कविताका लेखक को हुन् ? | |

२. उदाहरणमा दिइए जस्तै तलको कवितांश पढ्नुहोस् र सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

उदाहरण :

(क) डिगर्चामा डोब तिम्रो चिसो हिउँभित्र होला
वेत्रावती किनारभित्र पौरखको चिनो होला
वीर पुर्खा ! तिमीलाई मितेरीले मात्रै बाँध्यो
सागर तरी संसारभरि वीर गोर्खा रगत बग्यो ।

प्रश्नहरू

(अ) माथिको कवितांशले हाम्रा वीर पुर्खालाई कसरी चिनाएको छ ?

उत्तर : माथिको कवितांशमा वीर पुर्खाले देखाएको वीरताको वर्णन गरिएको छ । यसमा भनिएको छ- 'हे वीर पुर्खा ! तिम्रा गोडाका डोबहरू वा चिह्नहरू डिगर्चामा हिउँभित्र पुरिएका होलान् । वेत्रावती नदीको किनारभरि तिम्रा पौरखका चिह्नहरू छरपस्ट रहेका होलान् । तिमीले युद्ध लडेर डिगर्चासम्म आफ्नो पौरख देखायौ । तिमी जस्ता वीरले लडाइँ गर्दाको समयमा छोडेका वीरताका निसानी अहिलेसम्म पनि हिउँभित्र पाइएलान् । त्यस्तै वेत्रावत्री नदीकिनारमा समेत यत्रतत्र वीरताका चिह्न छरिएका होलान् । तिम्रो वीरता, कुशल बुद्धि र मैत्रीपूर्ण व्यवहारका कारण सन्धिसम्झौता गरेर देशको सीमानाका जोगिन पुग्यो । त्यसैले तिमी जस्ता रगत बगाउने वीर गोर्खाको इतिहास संसारभरि फैलिन सक्यो ।' यसरी प्रस्तुत कवितांशमा हाम्रा वीर पुर्खालाई सच्चा देशभक्त, इमानदार, कुशल बुद्धि भएका र आवश्यक परे रगत बगाउन सक्ने गोर्खाका रूपमा चिनाइएको छ ।

(आ) माथिको कवितांशको सन्देश के हो ?

उत्तर : हाम्रा वीर पुर्खाले देशका पूर्व, पश्चिम, उत्तर र दक्षिण सबै सीमानाकामा बहादुरीका साथ आफ्नो उपस्थिति जनाएका थिए । शत्रु पक्षबाट कुनै सीमा क्षेत्रमा अतिक्रमण गर्ने प्रयास हुनासाथ हाम्रा पुर्खाहरू तत्काल पुगिहाल्थे । उनीहरूले टिस्टा होस् कि काँगडा हरेक ठाउँमा आफ्नो उपस्थिति जनाइरहे । यहाँसम्म कि उत्तरको तिब्बती सीमामा रहेको डिगर्चा क्षेत्रमा पुगेर समेत देशको सुरक्षा
गरिरहे । जुन वेला त्यहाँ पुग्ने कुनै सहज बाटो थिएन त्यस वेला पनि वेत्रावती नदीको किनारैकिनार त्यहाँ पुगेर लड्ने काम गरे । यसरी प्रस्तुत कवितांशमा नेपाली वीर पुर्खाले जस्तोसुकै अप्ठ्यारो ठाउँमा समेत पुगेर आफ्नो ज्यानको

परवाह नगरी देशलाई जोगाउने काम गरिरहे भन्दै उनीहरूको देशभक्ति र वीरताको महिमागान गरिएको पाइन्छ । वस्तुत: यस किसिमको वीरतापूर्ण पुर्खाको इतिहासलाई कसैले पनि बिर्सिनु हुँदैन भन्नु नै प्रस्तुत कवितांशको मुख्य सन्देश हो ।

(ख) कुन पहाडले कुन खोलाले तिम्रो गति छेकेथ्यो र
वीर पुर्खा ! कुन आँधीले तिम्रो यात्रा रोकेथ्यो र
गरुडको झैँ वेग तिम्रो कुन आकाशले बाँध्न सक्यो
पौरखले रच्यौ नेपाल ! पहाड तराई जुट्न सक्यो ।

प्रश्न

(अ) नेपालीको यात्रालाई कस्तो अवस्थाले पनि छेक्न सकेन ?

(आ) माथिको कवितांशमा नेपाली पुर्खाहरूको गुणगान कसरी गाइएको छ ?

३. 'वीर पुर्खा' कविताको तेस्रो श्लोकका आधारमा तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) डिगर्चामा डोब तिम्रो भन्नुको तात्पर्य के हो ?

(ख) नेपालीको रगत कसरी बगेको छ ?

४. उदाहरण हेरी दिइएको कवितांशको व्याख्या गर्नुहोस् :

उदाहरण :

(क) गरुडको झैँ वेग तिम्रो कुन आकाशले बाँध्न सक्यो
पौरखले रच्यौ नेपाल ! पहाड तराई जुट्न सक्यो ।

उत्तर : कवि वासुदेव त्रिपाठीद्वारा रचित 'वीर पुर्खा' शीर्षकको कविता नेपाली पुर्खाको वीरताबारे यशगान गरिएको सुन्दर सिर्जना हो । यस कवितामा नेपाली पुर्खाको इतिहासले सम्पूर्ण नेपालीहरूको अस्तित्व आजसम्म पनि विश्वसामु अमर बनेर रहेको वास्तविकता प्रस्तुत गरिएको छ । वास्तवमा विशाल दुई साम्राज्यका बिचमा रहेको नेपाल बारम्बार शत्रुहरूको आक्रमणबाट कहिल्यै पनि पराजित भएन । हाम्रा पुर्खाले सधैँ नै शत्रुपक्षलाई शिर नुहाएर नेपालमा आँखा जुधाउन नसक्ने अवस्थामा पुऱ्याए । जसरी आकाशमा गरुड स्वतन्त्र भएर विचरण गर्छ , गरुडको वेगलाई आकाशले बाँध्न वा गतिलाई रोक्न नसके जस्तै नेपाली वीरलाई पनि कसैले रोक्न सकेन । उनीहरूको तेजिलो शक्ति र बुद्धिका सामु विशाल साम्राज्यहरू पनि लामो समयसम्म टिक्न सकेनन् । हिमाल, पहाड र तराईलाई हाम्रै पुर्खाले एकताको सूत्रमा बाँधेर स्वतन्त्र तुल्याए । हामी नेपालीको इतिहासलाई सगरमाथाको उचाइसम्म पुऱ्याए । हिमाल पहाडमा हिराको बिउ छरे भने तराईमा सुनको खेती गरे । पुर्खाकै कारण हामीले यही धर्तीमा टेकेर स्वतन्त्र किसिमबाट सास फेर्न पाएका छौँ ।

यसप्रकार लोकलयमा आधारित प्रस्तुत कवितांशमा प्राणको बाजी लगाएर देशको सार्वभौमिकता, राष्ट्रिय अखण्डतालाई जोगाउने वीर पुर्खाको पौरखी इतिहासबारे सङ्केत गरिएको छ । हाम्रा पुर्खामा देश जोगाउनका लागि जुनसुकै कठिन

परिस्थितिको सामना गर्न सक्ने सामर्थ्य थियो भन्ने सन्देश दिन खोजिएको छ । पुर्खाले गरुडको झैँ वेग नबढाएको भए अथवा पौरख नदेखाएको भए आज हामीले हिमाल, पहाड र तराईको एउटै अखण्ड, अविभाज्य एवम् सार्वभौमसत्तासम्पन्न राष्ट्रमा छौँ भन्ने स्वाभिमान प्रकट गर्न पाउने थिएनौँ ।

(ख) पूर्व टिस्टा तिमीलाई सम्झी अझै रुन्छ होला
पश्चिम राबी तिम्रो अझै रक्तधारा धुन्छ होला ।

६. 'वीर पुर्खा' कविताका विषयवस्तुलाई आधार मानेर समीक्षात्मक उत्तर लेख्नुहोस् ।

७. उदाहरणमा देखाइए जस्तै दिइएको अनुच्छेद पढी मुख्य मुख्य बुँदाहरू टिप्नुहोस् :

*उदाहरण :*

(क) सुरु सुरुमा इतिहास पनि साहित्यकै एक अङ्गका रूपमा मानिएको थियो । मानिसहरूलाई आनन्द दिलाउने तथा मनोरञ्जन प्रदान गर्ने साधनका रूपमा यसको प्रयोग गरिन्थ्यो । इतिहासका सत्य घटनालाई बढीभन्दा बढी रोचक बनाउन अनेक काल्पनिक कुरा समावेश गरिन्थ्यो । यसले गर्दा इतिहासको वास्तविकता के हो, पहिल्याउनसमेत गाह्रो पर्थ्यो । इसापूर्व पाँचौँ शताब्दीतिरका केही चिन्तकहरू इतिहासलाई तथ्यपूर्ण बनाउन प्रयन्नशील थिए । ग्रिक विद्वान् हेरोडोटसको नाम यस प्रसङ्गमा विशेष उल्लेखनीय छ । उनी इतिहासका प्रथम सिद्धान्तकारका रूपमा पनि चिनिन्छन् । हेरोडोटसपछि थुप्रै विद्वान्हरूले इतिहासलाई कथा र दन्त्यकथाभन्दा अलग ढङ्गले लेख्ने प्रयत्न गरे । हेरोडोटसकै अनुयायी थ्युसिडाइसले पेलोपोनेसियस युद्धको इतिहास आफ्नै व्यक्तिगत अवलोकन र प्रत्यक्षदर्शीको बयानका आधार तयार पारेका थिए । अरिस्टोटलले इतिहासलाई दार्शनिक चिन्तनका रूपमा लिएका थिए । मध्यकालमा आएर युरोपमा इतिहासलाई धर्मसँग गाँसेर अध्ययन र परिभाषित गर्ने परिपाटीको विकास भयो । सोरौँ-सत्रौँ शताब्दीमा युरोपमा आएको पुनर्जागरणले भने इतिहास लेखनमा ठुलै परिवर्तन ल्यायो । यस युगमा आएको परिवर्तनले गर्दा फेरि विद्वान्हरूले इतिहास लेखनलाई तथ्यपूर्ण बनाउन थाले । आधुनिक युगमा इतिहास लेखनको वैज्ञानिक पद्धति विकास भयो । यस युगमा प्राचीन इतिहासको खोजीको प्रक्रिया पनि तीव्र भयो र इतिहास एउटा छुट्टै विधाका रूपमा स्थापित भयो ।

उत्तर : बुँदा टिपोट

इतिहास लेखन परम्परा

(क) सुरुमा काल्पनिक घटना समावेश गरी इतिहासलाई साहित्यको एक अङ्ग मानिएको

(ख) इतिहासलाई तथ्यपूर्ण बनाउन हेरोडोटसले साहित्यभन्दा बेग्लै ढङ्गले लेखेका

(ग) दर्शन र धर्मसँग जोडेर हेरे पनि इतिहासलाई युरोपीय पुनर्जागरणले तथ्यपूर्ण बनाएको

(घ) आधुनिक वैज्ञानिक पद्धतिको विकाससँगै इतिहास छुट्टै विधाका रूपमा स्थापित भएको ।

(ख) शून्य उत्सर्जन इन्धनको नाम लिने बित्तिकै हाइड्रोजनको नाम अघि आउँछ । शून्य उत्सर्जनको अर्थ हुन्छ, कुनै पनि हरितगृहग्याँस उत्सर्जन नहुनु वा प्रदूषण नहुनु । यस्तो इन्धनबाट वातावरणमा कुनै किसिमको प्रदूषण हुँदैन । हाइड्रोजन फ्युललाई भविष्यको इन्धन पनि भन्ने गरिन्छ । आज हाइड्रोजन इन्धनको प्रयोग कैयन् क्षेत्रमा भइरहेको छ । कार, बस, ट्रेन मात्र नभई अन्तरिक्षमा यात्रा गर्ने रकेटसम्म पनि हाइड्रोजन फ्युलको प्रयोग हुन थालेको छ । हाइड्रोजन पेरियोडिक टेबलको पहिलो समूहको पहिलो लाइनमा भेटिने पहिलो र सबैभन्दा हलुका तत्त्व पनि हो । यसको तौल हावाको तौलभन्दा पनि कम हुन्छ । त्यसैले हाइड्रोजन ग्याँस वायुमण्डलमा उचाइमा पाउन सकिन्छ । हाइड्रोजन एक शुद्ध इन्धन हो । जब यसलाई इन्धन सेल (फ्युल प्लान्ट) निर्माण गर्नका लागि राखिन्छ तब यसबाट पानी मात्र बाइप्रडक्टका रूपमा निस्किन्छ । हाइड्रोजन कैयौँ घरायसी संसाधन (रिसोर्स) बाट उत्पादन गर्न सकिन्छ । जस्तो कि प्राकृतिक ग्याँस, प्रमाणु ऊर्जा बायोमास र वैकल्पिक ऊर्जा स्रोत जस्तै सोलर पावर, वायु आदि । यसको यही विशेषताले पनि यातायातका साधन तथा विद्युत् उत्पादनका लागि आकर्षक इन्धनका रूपमा प्रयोग गरिन्छ । यसको उपयोग कार, घरमा प्रयोग हुने बिजुली उत्पादनका लागि लगायत अन्य थुप्रै काममा प्रयोग गरिन्छ । नयाँ नयाँ खोज हुँदै जाँदा हाइड्रोजन ऊर्जा प्रयोग हुन सक्ने थुप्रै क्षेत्रहरू पनि पत्ता लाग्दै गइरहेका छन् । हाइड्रोजन एक ऊर्जाबाहक तत्त्व हो अर्थात् त्यस्तो तत्त्व जसले ऊर्जा अन्य स्रोतबाट निस्कने ऊर्जालाई सञ्चित गर्न, परिवर्तन गर्न र वितरण गर्न प्रयोग गरिन्छ । अहिलेको समयमा कैयौँ तरिकाबाट हाइड्रोजन इन्धनको उत्पादन हुने गरेको छ । त्यसमा पनि सबैभन्दा बढी प्रयोग हुने र फाइदा हुने भनेको प्राकृतिक ग्याँसलाई 'रिफर्मिङ' गर्नु हो । थर्मल प्रक्रिया वा इलेक्ट्रोलाइसिस प्रक्रियाबाट प्राकृतिक ग्याँसलाई हाइड्रोजन बनाउने गरिन्छ । यसबाहेक पनि अन्य सौर्य तथा जैविक प्रक्रियाबाट हाइड्रोजन इन्धन उत्पादन गर्न सकिन्छ ।

८. उदाहरण हेरी तलका अनुच्छेद पढेर सोधिएका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :

**उदाहरण**

(क) बुद्धको उपदेशलाई प्रचारप्रसारका निम्ति विहार, गुम्बा आदि ठाउँमा दिइने शिक्षा बौद्धशिक्षा परम्परा हो । यो शिक्षापद्धति पाली भाषाका माध्यमबाट प्रदान गरिन्थ्यो । बुद्धका अनुसार सांसारिक मोहबाट छुटकारा पाउने उद्देश्य राख्ने जोकोहीले पनि बौद्धशिक्षा ग्रहण गर्न पाइने व्यवस्था देखिन्छ । भिक्षुहरूबाट बौद्धदर्शन, साहित्य, त्रिपिटक, जातक आदि विषयहरूको ज्ञान गराइने यस शिक्षापद्धतिमा प्रवेश गरेका अधिकांश विद्यार्थीहरू भिक्षु बनेर पारिवारिक बन्धनबाट आफूलाई मुक्ति प्राप्त भएको ठान्छन् । लिच्छवी कालमा बौद्धशिक्षाका निम्ति भारत, तिब्बतबाट पनि नेपालमा आई अध्ययन गर्ने परम्परा थियो । बौद्धशिक्षामा नारी पुरुषको भेदभाव देखिँदैन । नारीपुरुष समानताका दृष्टिले नेपालमा प्रचलित संस्कृत शिक्षाभन्दा बौद्धशिक्षा निकै उदार देखिन्छ तर वैदिक संस्कृत कालमा भने नारीपुरुषका बिचको भेदभाव रहेको पाइँदैन । नेपालका रत्नविहार, मानविहार, राजविहार आदिमा बौद्धशिक्षा प्रदान गरिन्थ्यो । बौद्धशिक्षा परम्परा आज पनि नेपालमा यथावत् छ । संस्कृत गुरुकुलीय शिक्षापद्धतिमा परिवर्तन आए पनि बौद्धशिक्षा पद्धतिमा त्यति परिवर्तन भएको देखिँदैन । वर्तमान अवस्थामा पनि थुप्रै बौद्धविहार, गुम्बाहरूमा भिक्षु भिक्षुणी बनेर यो शिक्षा ग्रहण

गरिरहेका छन् । यिनीहरूमा बौद्धशिक्षासँगै आधुनिक विषयहरूको रुचि पनि पढ्दै गएको देखिन्छ ।

प्रश्न :

(क) बौद्धशिक्षा परम्परा भन्नाले के बुझिन्छ ?

उत्तर : बुद्धको उपदेशलाई विहार, गुम्बा आदि ठाउँमा दिइने शिक्षा बौद्धशिक्षा हो ।

(ख) बौद्धशिक्षामा केको ज्ञान गराइन्थ्यो ?

उत्तर : बौद्धशिक्षामा बौद्धदर्शन, साहित्य, त्रिपिटक, जातक आदि विषयहरूको ज्ञान गराइन्थ्यो ।

(ग) बौद्धशिक्षामा नारीलाई कसरी हेरिन्थ्यो ?

उत्तर : बौद्धशिक्षामा नारी पुरुषबिच समान दृष्टिले हेरिन्थ्यो ।

(घ) वर्तमान अवस्थामा बौद्धशिक्षा कसरी प्रचारप्रसार भइरहेको छ ?

उत्तर : वर्तमान अवस्थामा बौद्धविहार, गुम्बाहरूमा भिक्षु भिक्षुणी बनेर शिक्षा ग्रहण गर्दै यसको प्रचारप्रसार भइरहेको छ ।

(ङ) उदार र आधुनिक शब्दको विपरीतार्थी शब्द लेख्नुहोस् ।

उत्तर : 'उदार'को विपरीतार्थी 'सङ्कीर्ण' हो भने 'आधुनिक'को विपरीतार्थी शब्द 'प्राचीन' हो ।

(ख) मानव जीवनका अनुभूतिलाई आफ्नो कला, सिप र सौन्दर्यका माध्यमबाट भाषामा उतार्ने लेखक वा रचनाकार नै साहित्यकार हो । साहित्य अन्य लेखनकलाभन्दा फरक हुन्छ । साहित्यमा कल्पनाशक्तिको प्रधानता रहन्छ । समाजका यथार्थ विषयवस्तुलाई पनि साहित्यिक अलङ्कारले सजाउन सक्ने क्षमता साहित्यकारमा हुनुपर्छ । अलङ्कार साहित्यलाई शृङ्गार गर्ने आभूषण हो । सबै साहित्यकारमा अलङ्कार भर्ने क्षमता रहन्छ भन्न सकिन्न ।

सबै साहित्यकारको लेखनकला एकै किसिमको हुँदैन । कोही गद्य विधामा आफ्नो कलम चलाउँछन् भने कोही पद्य साहित्यलाई लेखनकलाको माध्यम बनाउँछन् । गद्य साहित्यभन्दा पद्य साहित्यमा कलम चलाउने साहित्यकारमा गण, मात्रा, छन्द आदिको ज्ञान हुनु अनिवार्य छ । जीवनदर्शनका हरेक पक्षलाई ध्वन्यात्मक शैलीमा प्रस्तुत गर्ने सामर्थ्य पद्य साहित्यकारहरूमा रहन्छ । विभिन्न प्राकृतिक निकुञ्जहरूको भ्रमण गराउँदै प्रत्येक परागकणमा भुल्याउने कला पद्य साहित्यका स्रष्टामा लुकेको हुन्छ । पद्य साहित्यका बहुमुखी पारखीहरू भूपरिवेष्ठित संसारलाई जलमय र मरुभूमिलाई हराभरा बनाउन सक्छन् । साहित्यिक नवरसका माध्यमबाट पाठकभित्रको सुषुप्त जिज्ञासालाई जागृत गराउन सक्छन् । संयोगान्त र वियोगान्तका माध्यमबाट मानवीय संवेदना पोख्न सक्नु साहित्यकारको खुबी हो । आशुकविहरू त झन् क्षणभरमै आफ्ना रचनाका माध्यमबाट सामाजिक संचेतना जगाउँदै कारुणिक अश्रुधारा बर्साउँछन् भने कहिले हास्यव्यङ्ग्यका माध्यमबाट हाँसोका फोहोरा र व्यङ्ग्यका ज्वालामुखी विस्फोट गर्छन् ।

कविका सुकोमल भावनाहरू जब कलमका माध्यमबाट कापीमा पोखिन्छन् अनि सिङ्गो विश्व नै देदीप्यमान बन्दछ । हर्षले गद्‌गदिन्छ, रङ्गिबिरङ्गी फूलबारीको सौन्दर्य झैँ उभिल्यालिन्छ, अनि प्रत्येक मानवको निन्याउरो चेहरा पनि पद्य साहित्यको स्वाद चाखेर मुस्कुराउँछ । त्यही सच्चा साहित्यकार हो, जसले कालो औँसीको रातलाई पूर्णिमाको जूनले पोतिदिन्छ र हरेक पाठकको हृदय मोती झैँ टल्काइदिन्छ ।

बोध प्रश्न

(अ) कस्ता व्यक्तिलाई साहित्यकार भनिन्छ ?

(आ) पद्य साहित्यको शक्ति के हो ?

(इ) आशुकविका केकस्ता विशेषता हुन्छन् ?

(ई) 'सुषुप्त' र 'जागृति' शब्दको अर्थ लेख्नुहोस् ।

## भाषातत्त्व

नेपाली वर्ण परिचय

(क) नेपाली लेख्य स्वर वर्ण निम्नानुसार रहेका छन् :

अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ, औ, अं, अः

(ख) नेपाली कथ्य स्वर वर्ण निम्नानुसार रहेका छन् :

अ, आ, इ, उ, ए, ओ

(माथिका छओटा कथ्य स्वर वर्णबाहेक अन्य स्वर वर्णहरूको नेपाली भाषामा बेग्लै उच्चारण हुँदैन । नेपाली भाषामा कुनै पनि दीर्घ वर्ण उच्चारण हुँदैन साथै ऋ वर्णको उच्चारण रि, ऐ वर्णको उच्चारण अइ, औ वर्णको उच्चारण अउ, अं वर्णको उच्चारण अम् र अः वर्णको उच्चारण अह् हुन्छ ।)

(ग) नेपाली लेख्य व्यञ्जन वर्ण निम्नानुसार रहेका छन् :

| | | | | |
|---|---|---|---|---|
| क | ख | ग | घ | ङ |
| च | छ | ज | झ | ञ |
| ट | ठ | ड | ढ | ण |
| त | थ | द | ध | न |
| प | फ | ब | भ | म |
| य | र | ल | व | |

| | | | | |
|---|---|---|---|---|
| श | ष | स | ह | |
| क्ष | त्र | ज्ञ | | |

(घ) नेपाली कथ्य व्यञ्जन वर्ण निम्नानुसार रहेका छन् :

| | | | | |
|---|---|---|---|---|
| क | ख | ग | घ | ङ |
| च | छ | ज | झ | |
| ट | ठ | ड | ढ | |
| त | थ | द | ध | न |
| प | फ | ब | भ | म |
| य | र | ल | व | |
| | | स | ह | |

द्रष्टव्य : (लेख्य रूपमा ३६ ओटा व्यञ्जन वर्णहरू प्रयोग भए पनि नेपाली कथ्यका आधारमा २९ ओटा वर्णमात्र उच्चारण हुन्छन् । ञ, ण, श, ष, क्ष, त्र, ज्ञ जस्ता सातओटा वर्णको उच्चारण नेपालीमा निम्नानुसार गरिन्छ :

| लेख्य वर्ण | नेपालीमा उच्चारण हुने अवस्था | उदाहरण |
|---|---|---|
| ञ | न | पञ्च (पन्च) |
| ण | न/ड/ण | कण्ठ, (कन्ठ) वाण (बाँड्/न्) वर्ण (बर्ण) |
| श | स | शर्मा (सर्मा) |
| ष | स | षट्कोण (सट्कोँड्/ण्) |
| क्ष | क्छ्य/छ्य | कक्षा (कक्छ्या) क्षमा (छ्यमा) |
| त्र | त्र/त्र (त् र र् मिलेर बनेको वर्ण) | त्रिशूल (त्रिसुल्) |
| ज्ञ | ग्यँ | यज्ञ (यग्ग्यँ) |

## नेपाली व्यञ्जन वर्णको वर्गीकरण

नेपाली उच्चार्य व्यञ्जन वर्णलाई उच्चारण स्थान, उच्चारण प्रयत्न, घोषत्व र प्राणत्व गरी चार आधारमा वर्गीकरण गरिएको छ ।

१. उच्चारण स्थान

| वर्ण | उच्चारण स्थान | कारण |
|---|---|---|
| क, ख, ग, घ, ङ | कण्ठ्य | जिब्राको मूल वा फेदले कण्ठस्थानमा छोएर उच्चारण हुने भएकाले यी वर्णलाई कण्ठ्य भनिएको हो । |
| च, छ, ज, झ, ट, ठ, ड, ढ, न, र, ल, स | दन्तमूलीय/वर्त्स्य | जिब्राको अघिल्लो भागले माथिल्लो दाँतको फेदमा छोएर उच्चारण हुने भएकाले यी वर्णलाई दन्तमूलीय वा वर्त्स्य भनिएको हो ॥ |
| त, थ, द, ध | दन्त्य | जिब्राको अघिल्लो भागले माथिल्लो दाँतलाई छोएर उच्चारण हुने भएकाले यी वर्णलाई दन्त्य भनिएको हो । |
| प, फ, ब, भ, म, व | ओष्ठ्य | यी वर्णहरूको उच्चारण गर्दा दुबै ओठ जोडिने भएकाले ओष्ठ्य भनिएको हो । |
| य | तालव्य | जिब्राको बिच भागभन्दा माथिल्लो भागलाई तालु भनिन्छ । य वर्ण उच्चारण गर्दा जिब्राको बिच भाग माथि उठेर तालु स्थानमा हुने भएकाले तालव्य भनिएको हो । |
| ह | स्वरयन्त्रमुखी/ अतिकण्ठ्य | ह वर्णको उच्चारण गर्दा फोक्साबाट निस्केको सास जिब्राको फेदको खाली भागमा वा कण्ठको भित्री भागमा घर्षण भएर उच्चारण हुने भएकाले यसलाई अतिकण्ठ्य वा स्वरयन्त्रमुखी भनिएको हो । |

२. उच्चारण प्रयत्न

उच्चारण प्रयत्नका आधारमा नेपाली व्यञ्जन वर्णलाई निम्नानुसार वर्गीकरण गरिन्छ :

| वर्ण | उच्चारण प्रयत्न | कारण |
|---|---|---|
| क, ख, ग, घ, ट, ठ, ड, ढ, त, थ, द, ध<br>प, फ, ब, भ | स्पर्शी | उच्चारण अङ्गले सामान्य स्पर्श गरेर उच्चारण हुने |
| च, छ, ज, झ | स्पर्शसङ्घर्षी | केही बढी घर्षण भएर उच्चारण हुने |
| ङ, न, म | नासिक्य | नाक र मुखबाट बराबर सास निस्किएर उच्चारण हुने |
| र | कम्पित | जिब्रो थर्र कापेर उच्चारण हुने |
| ल | पार्श्विक | जिब्राको अघिल्लो भाग माथि उठेर दुईतिरबाट सास निस्केर उच्चारण हुने |
| य, व | अर्धस्वर | आधा स्वर वर्ण जस्तो सहज रूपमा उच्चारण हुने |
| स, ह | सङ्घर्षी | बढी घर्षण भएर उच्चारण हुने |

३. घोषत्व

घोषत्वका आधारमा व्यञ्जन वर्णलाई अघोष र सघोष/घोषका आधारमा दुई भागमा वर्गीकरण गरिन्छ :

अघोष क, ख, च, छ, ट, ठ, त, थ, प, फ, स

घोष/सघोष ग, घ, ङ, ज, झ, ड, ढ, द, ध, न, ब, भ, म, य, र, ल, व, ह

४. प्राणत्व

प्राणत्वका आधारमा नेपाली व्यञ्जन वर्णलाई अल्पप्राण र महाप्राण गरी दुई भागमा विभाजन गरिन्छ :

(थोरै सासको मात्राले उच्चारण गर्न सकिने वर्णलाई अल्पप्राण भनिन्छ भने उच्चारण गर्दा धेरै सासको मात्रा चाहिने वर्णलाई महाप्राण भनिन्छ ।)

अल्पप्राण क, ग, ङ, च, ज, ट, ड, त, द, न, प, ब, म, य, र, ल, व

महाप्राण    ख, घ, छ, झ, ठ, ढ, थ, ध, फ, भ, स, ह

## अभ्यास

प्रश्नहरू

१. कथ्य नेपालीमा नभएका वर्ण कुन कुन हुन्, लेख्नुहोस् ।

२. तलका वर्णको उच्चारण स्थानको पहिचान गरी लेख्नुहोस् :

ग, छ, ड, न, य, स

३. "पश्चिम राबी तिम्रो अझै रक्तराधा धुन्छ होला" पङ्क्तिमा रहेका सग्ला व्यञ्जन वर्णलाई उच्चारण स्थानका आधारमा पहिचान गर्नुहोस् ।

४. दिइएको हरफका वर्ण सघोष/अघोष वर्णमा छुट्याउनुहोस् :

सागर तरी संसारभरि वीर गोर्खा रगत बग्यो ।

५. दिइएका पङ्क्तिबाट सग्ला व्यञ्जन वर्ण लेखेर तिनीहरूको अल्पप्राण र महाप्राण पहिचान गरी छुट्याउनुहोस् :

पूर्व तिस्टा तिमीलाई सम्झी अझै रुन्छ होला ।

६. उच्चारण प्रयत्न र घोषत्वका आधारमा दिइएका वर्णहरूको पहिचान गरी लेख्नुहोस् :

घ, झ, ह, म, र, य

७. उच्चारण स्थान र घोषत्वका आधारमा दिइएका व्यञ्जन वर्णको वर्गीकरण गर्नुहोस् :

ख, ठ, ज, स, प, ल

८. उच्चारण प्रयत्न र प्राणत्वका आधारमा दिइएका व्यञ्जन वर्णको वर्गीकरण गर्नुहोस् :

च, ढ, व, म, त, स

## सिर्जना र परियोजना

१. दिइएको कवितांश पढ्नुहोस् र त्यस्तै लयमा अरू चार पङ्क्ति थप्नुहोस् :

आकाश माथि जून तारा साथी<br>
उज्यालो छर्छ अँधेरी काटी<br>
धर्तीमा घुम्छ किरण राती<br>
सँगै जाऊँ भन्छ आकाशमाथि ।

२. प्रकृतिसँग सम्बन्धित एउटा कविता रचना गर्नुहोस् ।

पाठ २

# गाउँको माया

## परिचय

'गाउँको माया' कथाका स्रष्टा आधुनिक कथाकार इस्माली (२०१२) हुन् । महोत्तरी जिल्लामा जन्मिएर हाल काठमाडौँमा बसोबास गर्दै आएका इस्मालीको वास्तवकि नाम महेश्वरप्रसाद उपाध्याय हो । उनको साहित्यिक लेखनयात्रा २०३१ देखि प्रारम्भ भएको हो । लेखनशैलीका दृष्टिले उनी मूलतः प्रगतिवादी कथाकार हुन् । बालसाहित्यमा समेत उनले महेश पौडेलका नामबाट कलम चलाएका छन् । साहित्यका विविध विधामा कलम चलाउँदै आएका इस्माली पेसाले प्राध्यापक हुन् । उनका 'माछो माछो भ्यागुतो', 'घाम घाम जस्तो छैन', 'इस्मालीका प्रतिनिधि कथाहरू', 'श्रीको खोजी' आदि कथासङ्ग्रह प्रकाशित छन् । उनका 'सेतो आतङ्क' र 'जिरो माइल' जस्ता उपन्यास पनि प्रकाशित छन् । उनका कथामा सामाजिक सुधार र चेतनाको विस्तार पाइन्छ । यसकारण उनलाई समाज परिवर्तनका लागि सशक्त आवाज उठाउने सामाजिक यथार्थवादी कथाकार रूपमा लिन सकिन्छ । उनले आफ्ना कृतिमार्फत समाजमा फैलिएका बेथिति, भ्रष्टाचारिता र थिचोमिचो जस्ता विषयहरू उठाएका छन् । विशेष गरी तराईकेन्द्री परिवेशलाई उनले आफ्ना कथाहरूमा प्रस्तुत गरेका छन् ।

'गाउँको माया' प्रगतिवादी कथा हो । यस कथाका पात्रहरू निम्नवर्गीय नेपाली समाजबाट लिइएका छन् । तिनले बेहोर्नुपरेका चुनौती अथवा सामाजिक तथा आर्थिक विसङ्गतिका पक्षलाई नै कथाको मूल विषय बनाइएको छ । तराई प्रदेशमा देखिएका यस्ता विविध समस्यामा केन्द्रित प्रस्तुत कथाले आर्थिक विपन्न समाजप्रति सहानुभूति प्रकट गरेको छ । विशेष गरी तराईका अधिकांश गाउँलेहरू जमिनदारका हली, गोठाला वा ज्यालादारीमा काम गर्ने श्रमिकका रूपमा जीवन बिताउन बाध्य छन् । गाउँमा बल्लतल्ल एक जनाले पढ्ने अवसर प्राप्त गरेको र बाँकी गाउँका छोराछोरी अशिक्षित नै रहनुपर्ने बाध्यतालाई कथाले कारुणिक रूपमा प्रस्तुत गरेको छ । अझै पनि गाउँका शोषक, सामन्त वा ठुलाठालु महाजनले परिश्रमको उचित ज्याला नदिएको प्रसङ्ग यसमा पाइन्छ । यद्यपि समय परिवर्तन हुन थालेको छ र पुर्खौँदेखि दबिएर बसिरहेका गरिब, श्रमजीवीको जीवनमा केही परिवर्तन हुन सक्ने सम्भावनाहरूलाई पनि कथामा सङ्केत गरिएको छ । गाउँमा शिक्षाको झिनो चेतना विस्तारका प्रयासहरू हुन थालेका दृष्टान्तहरू पनि यहाँ आएका छन् । छिटपुट किसिमबाट शोषितहरूमा आफ्ना हकअधिकार माग्ने साहस जुट्न थालेको देखिन्छ । गाउँमा नाटक मञ्चन गरेर सामाजिक चेतना फैलाउने र जीवन्त समाजको निर्माण गर्ने कार्यमा केही श्रमजीवीहरू एकत्रित हुन थालेको कुरा कथावस्तुबाट समेत स्पष्ट हुन्छ । एक किसिमबाट भन्ने हो भने चेतनाको विस्तारले समाजमा परिवर्तनका सङ्केतहरू देखापर्न थालेका छन् ।

यसरी 'गाउँको माया' कथाले गरिबीको वास्तविकता, समाजमा जमिनदारबाट शोषित हुनुपरेको अवस्था तथा त्यसबाट उन्मुक्त हुने प्रयास वा आकाङ्क्षालाई दर्साएको छ । यो आर्थिक विपन्नताबाट मुक्ति पाउने इच्छा प्रकट हुन थालेको अथवा समाज परिवर्तनको दिशातर्फ गरिबले लाग्नुपर्ने सन्देश दिन खोजिएको मार्मिक प्रगतिवादी कथाका रूपमा रहेको छ ।

## सिकाइ उपलब्धि

(क) कथालाई सस्वर वाचन गर्न

(ख) कठिन शब्दको अर्थ बुझी वाक्यमा प्रयोग गर्न

(ग) कथाको भावलाई व्यक्त गर्न

(घ) कथाका पात्रहरूको चारित्रिक विशेषता केलाउन

(ङ) कथाका महत्त्वपूर्ण पङ्क्तिको व्याख्या गर्न

(च) कथाका आधारमा भाषिक संरचना पक्षको अभ्यास गर्न

(छ) कथा सिर्जना गर्न ।

## मूल पाठ (कथा)

# गाउँको माया (कथा)

*- इस्माली*

लगभग दुई वर्षपछि गाउँतिर फर्केको थिएँ । यी दुई वर्षका बिचमा धेरै पटक प्रयास गरेँ - गाउँतिर जाऊँ भनेर । तर हरेक पटक एउटा अल्झो आइपर्थ्यो र प्रयास केवल प्रयासै रहन जान्थ्यो । यसपटक बल्लतल्ल उम्केर आउन सकेको थिएँ । बाटाभरि आँखामा गाउँ नै नाचिरह्यो । मानसपटलभरि गाउँ नै सलबलाइरह्यो - बुधना, परिछन, रामदरस, बखतबहादुर, कान्छो भाइ, आमा, बा, घर, छिमेक, टोल र गाउँ, सुल्ताना डाँकुको नौटङ्की, महावीरजीको झन्डामेला, हाटबजार... अनि यस्तै यस्तै थुप्रै घटनाहरू । एक समय गाउँका यी घटना, भिडभाड, चहलपहलहरूको म प्रत्यक्षदर्शी थिएँ । त्यति मात्र होइन, म पनि तिनमै थिएँ । अहिले आएर ती सबको पृथक्ताबोध कता कता च्वास्स बिझाउँछ - आफैँलाई । गाउँमा बस्न नपाउनुको पीडाबोध हलक्क मौलिन्छ छातीभरि । अस्ति भर्खर मात्र भाइले चिठी लेखेथ्यो, 'दाजु ! अचेल त परिछनको टोलमा बेलुकी बेलुकी 'रबिन-हुड' को नाटक रिहर्सल गर्दै छन् ।' आहा ! चिठी पढेर म कति खुसी भएथेँ... । चिठी पढिसकेपछि जीवनमा मैले लगभग पहिलो पटक बोध गरेँ - हाम्रो गाउँमा पनि साँच्चैका मान्छेहरू रहेछन् जो जीवनलाई बुझ्दै छन् । हाम्रो गाउँ पनि केही हो र केही हुन सक्छ र यही 'केही हुनु' नै मेरा लागि अथवा हाम्रा लागि माने म, बुधना, परिछन र बखतबहादुरका हकमा जीवन खुल्दथ्यो अर्थात् जीवनको, बाँच्नुको माने लाग्दथ्यो ।

एक पटक स्वयम् परिछनले पनि सायद मेरो भाइद्वारा नै हुन सक्छ, लेखाएर पठाएथ्यो - "किसन भाइ ! तिमीहरू त लेखपढ गरेर ठुला मान्छे भयौ । सँगैका साथी हामी, लाग्छ, धेरै पछाडि छुटिसक्यौँ । कठै ! तिमी पनि गाउँमा बसिदिँदा हौ त हामी जस्ता गँवारले पनि दुईचार कुरा जान्ने मौका पाउने थियौँ ।" हुन त परिछनले सोझो हिसाबले नै भनेको होला, तर मलाई कता कता लाग्यो कि मलाई ठुलो मान्छे बनाएर परिछन ममाथि व्यङ्ग्य कस्दै छ । परिछनको यो गुनासोसँगै गाउँ बस्न नपाउनुको पीडाबोध मभित्र फेरि पनि जीवन्त भएथ्यो । म लगभग गाउँनजिक आइपुगिसकेको थिएँ । चैते बतास उन्मुक्त भई छारो उडाउँदै थियो । घाम लगभग चर्कदै थियो र

म - कृष्ण, गाउँ पुग्ने लालसमा एकोहोरो एक सुरमा तर्कनाहरूबिच रम्दै धुलौटे सडक नाप्दै थिएँ ।

“जयरामजीकी, किसन भाइ !”

सुनेर सहसा म झस्कैँ । वरपर हेरेँ - कताबाट आयो यो परिचित स्वर ? परिछन हो कि ? अथवा बुधना पो हो कि ? अथवा रामदरस पो हो कि ? स्वर खुट्याउन गाह्रो भइरहेथ्यो । हुन सक्छ - यतै कतै हलो जोतिरहेको होला अथवा घाँस खुर्किरहेको होला । नभन्दै सिमलको आडबाट परिछन टुप्लुक्क देखा पऱ्यो, जोत्दाजोत्दैको हलगोरु अड्याएर ऊ हस्याङफस्याङ गर्दै मतिर लम्कँदै थियो ।

“आऊ बसौँ, सियाँलमा एकछिन । घाममा धापिएर आयौ । कहाँबाट - यति बेला ? किन यति दिनमा ? कुनै चिठीपत्र पनि छोडेनौ ? अचानक !” म नजिक आइनपुग्दै परिछनले मेरा सामु थुप्रै प्रश्नहरू ओइऱ्याइदियो ।

जमाना थियो - म र परिछन लँगौटिया यार थियौँ । गाई चराउँथ्यौँ - सँगसँगै । सिजनमा बदाम, मकै चोरेर ओरहा खान्थ्यौँ र गीत गाउँथ्यौँ । “गाई चरवाहा टुअर-टापर, भैँस चरवाहा चोर । बकरी चरवाहा छिनर-छानर, ताके चारो ओर ।” ती दिनहरू अब धेरै पछाडि छुटिसके । त्यै गीत अचेल परिछनको छोराले गाउँदो हो गोठालो लागेका बेला - परिछनको छोरो पनि बाउको बिँडो थाम्दै । पछि, अलि उमेरदार भएपछि हली बस्ला । परिछन पनि पहिले गोठालो थियो, लगभग छसात वर्षकै उमेरदेखि । चौधपन्ध्रको किशोर वय नहुँदै बनी कमाउन थाल्यो र पछि हली बस्यो, सायद ज्यालादारीमा । छोरालाई पनि त्यही काम सिकाउँछ र पछि छोराले पनि आफ्नो छोरालाई पनि त्यही काम सिकाउला । यसरी एवम् रितले यो परम्परा अनन्त परिछनहरूका बलिया पाखुरीहरूबाट क्रमशः हस्तान्तरण हुँदै रह्यो । हुन त सायद म पनि त्यही नै हुन्थेँ होला तर कता, कहाँनिर गल्ती वा सही भयो र मैले काला अक्षरहरूसित मितेरी गाँसेँ । टोलका मानिसहरूले मेरा आमाबालाई हुटहुटी लगाइदिए, “चलाख छ, कुरो चाँडै टिप्छ । विद्यालय पठाइदिनुस्, भविष्य राम्रो हुन्छ ।” म विद्यालय जान थालेँ काठको पाटी बोकेर । यहीँदेखि परिछन र मबिचको अन्तराल बढ्न थाल्यो । हामी, म परिछनदेखि र परिछन मदेखि, तर्की तर्की हिँड्न थाल्यौँ । धेरैपछि जब म केही बुझ्न थालेँ अनि मैले पहिलोपटक अनुभव गरेँ - परिछनहरूसँग अन्तराल कदापि बढ्न दिइनुहुन्न र जो हुँदै छ त्यो गल्ती गरिँदै छ । यसपछि परिछनलगायत ती बालदौँतरीहरूसँग फेरि सम्बन्ध कायम गर्न मैले निकै श्रम गर्नुपऱ्यो । विद्यालय बिदा परेको बेला कहिले ओरहा खाने, कहिले गिर खेल्ने, कहिले कपर्दी खेल्ने वा त्यस्तै केही निहुँ पारेर म उनीहरूसँग मिसिन्थेँ । सिमलको फेदमा झोला बिसाउँदै लामो खुई काढेर म रुमालले अनुहारको पसिना पुछ्न थालेँ ।

“प्यास लाग्यो होला, पानी पिउँछौ ?”

“यहाँ कहाँ पाउनु र पानी ?”

“अरे, के कुरा गर्छौ, सर्बत बिर्साउँछ यहाँको पानीले । पख....” भन्दै ऊ दगुर्दै गयो र जोतिँदै गरेको कोलाको आलीमा रहेको लोटा टिपेर खोलामा झऱ्यो ।

खोलो अचेल फेरि गाउँतिर सोझिएको रहेछ । यो खोलाले पनि गाउँलाई धुरुक्कै रुवायो । हुन त रुवायो मात्रै भन्नु खोलाप्रति अन्याय ठहर्ला । यो खोलाले गाउँलाई पालेको पनि छ । हाम्रो विगतको लगभग आधा उमेर यही खोलाको डिल र बगरहरूमा बितेको थियो । कहिले ओरहा खाने निहुँमा त कहिले गाईभैँसी चराउने निहुँमा । खोलामा बाढी आएको बेला हामी गाईको पुच्छर समाएर बाढी तर्ने गर्थ्यौँ अथवा यस्तो बेलामा हामी खोलाको किनारमा बसेर बाढीको आनन्द लुट्थ्यौँ । तर्न

डराउने कोही मानिस आए भने हामी तीनचार जना एकअर्काको हात समाउँदै बाढीमा हेलिन्थ्यौं र किनारमा पर्खिरहेको मानिसलाई तारिदिन्थ्यौं र यस्तो काममा खास गरी परिछनकै विशेष रुचि थियो । “यहीक निर कुवा छ, गए सालको वर्षामा मूल फुटेको एकदम चिसो र मिठो पानी छ ।” ऊ पानी लिएर आइसकेको थियो ।

“आजकाल गाउँमा तीन पाटी भयो, किस्ना ।”

पानी पिउँदै गर्दा लगभग उदास र आर्द्र उसको स्वर मेरो कानमा गुन्ज्यो । उसले जसरी अँध्यारो मुखमुद्रामा बिनाभूमिका मलाई यो खबर सुनायो । सहसा मलाई लाग्यो - गाउँमा सायद अब अङ्ग्रेजहरूको रोग सर्दै छ, डिभाइड एन्ड रुल ! परिछनहरू भाँचिँदै छन् । परिछनहरूको सगबगाउँदो चेतनासँगै गाउँका ठालुहरू नयाँ जुक्तिहरू सोच्दै छन् ता कि तमाम परिछनहरू परिछन नै रहुन् । अर्थात् क्रीतदासरूपी हलीगोठाला नै रहुन् र मालिकहरूकै कृपापात्र भएर रहुन्, जुन एउटा परम्पराका रूपमा तिनका पुर्खाहरूले तिनका हातमा नासो छोडेर गएका थिए ।

“हँ क क  । यो तेस्रो पार्टी कहाँबाट कसरी आयो त ?”

“किसुन भाइ ! यो दुईतीन बरसमा गाउँमा धेरै उथलपुथल भयो । गए साल रोपाइँको बेलामा हामीले चार किलो बनीको कुरालाई लिएर हडताल गऱ्यौं । सुरुमा त सब राम्रै थियो । तीन दिनसम्म काम ठप्प भयो । हामीले फेकन र शनिचरलाई अगुवा बनाएका थियौं । पछि उनीहरूले धोखा दियो र धनीहरूसँग मिल्यो । चार चार मन धान दिन्छु भनेका थिए रे र त्यै लोभमा हडताल बिच्काइदियो । पछि त्यही कुरालाई लिएर हामीले तिनीहरूलाई केरकार गऱ्यौं, झगडाफसाद भयो र हामीले उनीहरूलाई आफ्नो पाटीबाट हटाइदियौं । पछि मालिकहरूले पनि एक मनभन्दा बढी धान दिएन रे । त्यसपछि उनीहरू छुट्टै पाटी बनाएर बस्या छन् । हडताल पनि बिच्किहाल्यो, न बनी बढ्यो, उल्टै हाम्रो एकता टुट्यो ।” ऊ वरपर छरिएका सिमलका राता फूलहरू जम्मा पार्दै थियो - सायद गोरुलाई खुवाउन ।

“हुन त यो एक किसिमले राम्रो पनि भयो, एक किसिमले नराम्रो पनि भयो । यस्तो भइरहन्छ तर हामीले हिम्मत हार्नु हुँदैन । कमसेकम अब हाम्रो पार्टीमा धोखेबाजहरू त रहेनन् कि !”

“त्यही कुराको खुसी छ; हिम्मत त किन हारिन्थ्यो र ! अरे, एक साल भएन त अर्को साल कहाँ जाला ! जब उतर गए रण पे तो पिछे हटना क्यों ? तर एउटा कुराको दुःख छ भाइ ! यस्तो बेलामा, किसुन भाइ ! तिमी पनि गाउँमा हुँदा हौ त हामीलाई धेरै आडभरोस मिल्थ्यो, बल मिल्थ्यो; आखिर हामी त मूर्ख र गँवार न हौं । तिमी लेखपढ गरेको मान्छे । तिमी भन्या गाउँको अभिमान हौ, हाम्रो इज्जत हौ । तर तिमी पनि परदेशी भइदिँदा गाउँ मालिकहरूको एकलौटी रजाइँमा पर्छ...।”

यस पटक परिछनको कुरो सुनेर म मर्माहत भएँ ।

“परिछन ! यसो भनेर किन मलाई लज्जित पार्छौ । गाउँ तिमीहरूकै हो । तिमीहरूकै हँसिया, खुर्पी, कोदालो र पाखुरीका बलमा गाउँ बाँचेको छ, गाउँका इज्जत भनेका तिमीहरू नै हौ । तिमीहरूकै आडमा गाउँ अभिमानी भएको छ । तिम्रो पाखुरीले यो खोलाको धारलाई त फर्काउँछ भने गाउँको इज्जत माथि नउठाउला त...!”

“किसुन भाइ ! तिमीलाई कुरामा जित्न सकिँदैन । खैर, जे होस्, यसपालि महावीरजीको झन्डाको मेलामा हामी नाटक खेल्छौँ । गाउँको घटनाहरू राखेर एउटा खुब राम्रो नाटक लेखिदेऊ । अहिले भोकाएका पनि हौला... । भरे फेरि भेटौँला ।”

यसपछि हामी छुट्यौ - भरे भेट्ने वाचामा । मेरो मानसपटभरि परिछनको स्वर मडारिँदै थियो- “गाउँका घटनाहरू राखेर एउटा खुब राम्रो नाटक लेखिदेऊ ।” नाटक लेख्न नजान्ने म यो धुनमा सोच्दै हिँडिरहेथेँ कि नाटक कसरी र कहाँबाट थालौँ ....? गाउँमा टेक्न पनि नपाउँदै परिछनले ममाथि गहन जिम्मेदारी सुम्पिदिएको थियो ।

धेरै पर पुगिसक्दा पनि म उसको स्वर सुन्दै थिएँ- “ह क क  गोला, फुर्ती से चाल बढाके ।”

## शब्दार्थ

*मानसपटल* : *मनको परिवेश वा घेरो*

*तर्कना* : *मनमा उठ्ने विचारका तरङ्ग*

*सिमल* : *राता ठुला फूल फुल्ने, भुवाबाट डसना आदि बनाउन मिल्ने एक प्रकारको रुख*

*बालदौँतरी* : *केटाकेटी छँदैको साथी*

*कोला* : *खेतको गरो*

*ओरहा* : *पूर्ण नपाकेको मकै, गहुँलाई पोलेर तयार पारेको खानेकुरा*

*क्रीतदास* : *किनिएको दास वा नोकर*

*नासो* : *राख्न दिइएको अर्काको फिर्ता गर्नुपर्ने वस्तु*

### कथासार

‘गाउँको माया’ इस्मालीद्वारा लिखित सामाजिक कथा हो । यस कथामा तराईबाट अध्ययनका लागि काठमाडौँ पसेको कृष्णले आफू गाउँ नगएको दुई वर्ष भइसकेको भन्ने कुराबाट कथाको प्रारम्भ हुन्छ । ऊ आफ्नो गाउँलाई सम्झेर तराईतिर जान्छ । गाउँमा आफू हुँदा भएका विविध घटनाको स्मरण गर्दै गाउँमा बस्न नपाएकोमा उसलाई चिन्ता लागेको कुरा मनभरि खेलाउँछ । परिछनले आफ्नै भाइलाई लेखाएर पठाएको चिठी सम्झन्छ । चिठीमा भएका गुनासाहरूलाई मनमा केलाउँदै आफ्नो गाउँनजिक पुग्छ ।

एक्कासि परिचित जस्तो लाग्ने स्वरले बोलाएको आवाज आउँछ । ऊ स्वर छुट्याउन सक्दैन । केहीपछि परिछनलाई देख्छ । परिछन उसको बाल्यकालीन साथी हो । ऊ हलो जोतिरहेको हुन्छ । हलगोरु रोकेर हतार हतार गर्दै कृष्ण भएको ठाउँमा आइपुग्छ । परिछन र कृष्ण आपसमा बाल्यकालका कुरा सम्झिँदै निकैबेर कुराकानी गर्छन् । परिछनको जीवन देखेर कृष्ण केहीबेर बिरक्तिन्छ । परिछनले नजिकैको कुवामा गएर पानी ल्याई कृष्णलाई खुवाउँछ । गाउँका ठुलाबडा भनाउँदाहरूले अपमान गरेको र उनीहरूका विरुद्धमा जान सक्ने मानिसको अभाव भएको कुरा परिछनले सुनाएपछि कृष्णलाई गाउँलेप्रति दया लाग्छ । परिछनको आशय कृष्ण गाउँमा नै बसिदिए

हुने थियो भन्ने हो । तर, कृष्ण गाउँमा नै बस्ने हो भने चेतनाको विकास गर्न नसकी त्यही परम्परित खेतीपाती, गोठालो, घाँसदाउरामा नै जिन्दगी बित्छ जसरी परिछनका पुर्खादेखि यही एउटै व्यवसायमा उनीहरूको जीवन बितेको छ भन्ने सम्झिन्छ । कृष्णलाई गाउँको माया पनि छ र केही गर्न पाए हुने थियो भन्ने कुरामा विभिन्न तर्कना गर्छ । गाउँमा विभिन्न पाटीले आफ्नो अस्तित्व जमाएको र नाटकका माध्यमबाट गाउँमा पनि चेतना जाग्न थालेको आशलाग्दो अवस्थाबाट कृष्ण केही सन्तुष्ट हुन्छ । धेरैबेरको कुराकानीपछि दुवै जना छुटिन्छन् । परिछनले एउटा नाटक लेखिदिन आग्रह गरेकाले कस्तो किसिमको नाटक लेख्ने भन्ने सोचमा मग्न डुब्दै कृष्ण घरतिर गइरहेको घटनाबाट कथानकको अन्त्य हुन्छ ।

## शब्दभण्डार

१. दिइएका टुक्काहरूको प्रयोग गरी एउटा अनुच्छेद तयार पार्नुहोस् :

उदाहरण :

(क) हात पसार्नु, आँखा लाग्नु, डाँडा काट्नु, टाउको खानु, नाक काट्नु

उत्तर : आफूले काम गर्न अल्छी गरेपछि हात पसार्नुबाहेक अर्को उपाय छैन । धेरै सम्पति कमाएपछि पनि मानिसका आँखा लाग्न थाल्छन् । काम गर्नका अल्छीले डाँडा काट्नु चाहिँ राम्रो होइन । केही गर्न खोज्नेको टाउको खानु स्वाभाविक हो । जस्तोसुकै अवस्था आओस् तर नाक काट्ने काम कसैबाट पनि नहोस् ।

(ख) सास फेर्नु, जीविका चलाउनु, खुट्टो घुमाउनु, पसिना बगाउनु, राज गर्नु

२. माथिका बाहेक अरू प्रचलित टुक्का खोजेर लेख्नुहोस् ।

## बोध र अभिव्यक्ति

१. 'गाउँको माया' कथाका आधारमा दिइएका घटनाक्रमलाई क्रमबद्ध पढ्नुहोस् :

(क) पानी पिएपछि परिछनले गाउँका ठालुका कारण गाउँमा तीन पाटी भएको कुरा सुनाउनु

(ख) म पात्रले तिमीहरूकै कारणले गाउँ प्रगतिको पथमा छ भन्दै राम्रो कामको श्रेय परिछनलाई दिएर सम्मान प्रकट गर्नु

(ग) म पात्र करिब दुई वर्षपछि आफ्नो गाउँले जीवनका अनेक घटना सम्झँदै गाउँतिर फर्कनु

(घ) तिमी गाउँमै भए ठालुहरूले यसरी सताउन नसक्ने कुरा परिछनले म पात्रलाई बताउनु

(ङ) परिछनले जयरामजीकी भनी बोलाएको आवाजले म पात्र झस्किनु

(च) महावीरजीको झन्डा मेलामा गाउँकै घटनाहरू राखेर परिछनले म पात्रलाई नाटक लेख्न अनुरोध गर्नु

(छ) परिछनसँग गाउँका अनेक सुखदुःखका कुराकानी गर्नु

(ज) गाउँ टेक्न नपाउँदै एउटा गहन जिम्मेवारी पाइएको कुरा सोच्दै म पात्र घरतिर लाग्नु

(झ) परिछन खोलाछेउको कुवामा पानी लिन जानु र म पात्रले खोलाका राम्रा नराम्रा पक्षबारे सोच्नु ।

२. दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

खोलो अचेल फेरि गाउँतिर सोझिएको रहेछ । यो खोलाले पनि गाउँलाई धुरुक्कै रुवायो । हुन त रुवायो भात्रै भन्नु खोलाप्रति अन्याय ठहर्ला । यो खोलाले गाउँलाई पालेको पनि छ । हाम्रो विगतको लगभग आधा उमेर यही खोलाको डिल र बगरहरूमा बितेको थियो । कहिले ओराहा खाने निहुँमा त कहिले गाईभैँसी चराउने निहुँमा । खोलामा बाढी आएको बेला हामी गाईको पुच्छेर समाएर बाढी तर्ने गर्थ्यौँ अथवा यस्तो बेलामा हामी खोलाको किनारमा बसेर बाढीको आनन्द लुट्थ्यौँ । तर्न डराउने कोही मानिस आए भने हामी चीनचार जना अएकअर्काको हात समाउँदै बाढीमा हेलिन्थ्यौँ र किनारमा पर्खिरहेको मानिसलाई तरिदिन्थ्यौँ र यस्तो काममा खास गरी परिछनकै विशेष रुचि थियो । ‘यहीँनिर कुवा छ, गए सालको वर्षामा मूल फुटेको एकदम चिसो र मिठो पानी छ ।’ ऊ पानी लिएर आइसकेको थियो ।

प्रश्नहरू

(अ) खोलाले पनि गाउँलेलाई धुरुक्क रुवायो भन्नुको तात्पर्य के हो ?

(आ) म पात्रले के कस्ता अनुभूतिहरू प्रस्तुत गरेका छन् ?

३. उदाहरण हेरी तलका कथांशको व्याख्या गर्नुहोस् :

उदाहरण

(क) हाम्रो गाउँमा पनि साँच्चैका मान्छेहरू रहेछन् जो जीवनलाई बुझ्दै छन् ।

उत्तर : प्रस्तुत अभिव्यक्ति इस्मालीद्वारा लिखित ‘गाउँको माया’ कथामा रहेको म पात्रको हो । म पात्र गाउँबाट बाहिर रहँदा उसकै भाइले एउटा पत्र लेखेको थियो, जुन पत्रमा लेखिएको थियो “अचेल त परिछनको टोलमा बेलुकी बेलुकी ‘रबिन हुड’ को नाटक रिहर्सल गर्दै छन् ।” यही अभिव्यक्तिको प्रतिक्रिया स्वरूप म पात्रले मनमनै सम्झिएको विषय हो- प्रस्तुत अभिव्यक्ति ।

भाइको चिठी पढेर म पात्र निकै खुसी भएको छ । गाउँका बारेमा यति खुसीको खबर उसले पहिलोपल्ट सुनेको हो । गाउँमा मान्छेहरू पनि नाटक अभिनय गर्न सक्ने भइसके । उनीहरूमा चेतनाको विकास भइसक्यो । मान्छेले बुझ्नुपर्ने वास्तविकता बुझ्न थालिसके भन्ने ठानेर ऊ खुसी भएको हो । गाउँलेहरूमा आएको चेतनाको परिवर्तनप्रति ऊ गदगद भएको छ । त्यही परिवर्तनलाई उसले साँच्चैका मान्छेहरू भनेर सम्बोधन गरेको हो । गाउँलेहरूले जीवनलाई बुझ्न थालेकोमा म पात्र हर्षित छ । अब गाउँ गाउँ मात्र रहेन र गाउँमा पनि चेतनाको लहर आइसकेको प्रसङ्गलाई यस अभिव्यक्तिले खुलस्त पारेको छ । गाउँमा केही हुन सक्ने आशा बोकेको म पात्र गाउँप्रति निकै आकर्षित भएको छ । शिक्षित मानिसहरूको अभावमा गाउँ पिछडिएको हो र अब अशिक्षित व्यक्तिहरूमा पनि चेतनाको प्रवाह भइसकेको र यसलाई प्रभावकारी बनाउन सबै गाउँले एक हुनुपर्ने मानसिकता नै म पात्रको आशय हो ।

(ख) तिमी भन्या गाउँको अभिमान हौ, हाम्रो इज्जत हौ । तर तिमी पनि परदेशी भइदिँदा गाउँ मालिकहरूको एकलौटी रजाइँमा पर्छ ।

(ग) क्रीतदासरूपी हलीगोठाला नै रहुन् र मालिकहरूकै कृपापात्र भएर रहुन्, जुन एउटा परम्पराका रूपमा तिनका पुर्खाहरूले तिनका हातमा नासो छोडेर गएका थिए ।

४. उदाहरण हेरी दिइएको प्रश्नको समीक्षात्मक उत्तर लेख्नुहोस् :

उदाहरण :

(क) 'गाउँको माया' कथाले समाजको कस्तो अवस्थालाई चित्रण गरेको छ, कथाका आधारमा समीक्षा गर्नुहोस् ।

उत्तर : इस्मालीद्वारा लिखित 'गाउँको माया' कथा स्थानीय रङ्ले भरिएको उत्कृष्ट रचना हो । यस कथाले नेपालको मध्यतराईतिरको विषयवस्तु प्रस्तुत गरेको छ । यसको क्षेत्र र विषयगत प्रस्तुति तराईंमै केन्द्रित भएकाले यो नेपालको तराई क्षेत्रको सामाजिक अवस्थाबारे प्रतिनिधित्व गर्ने कथाका रूपमा देखापरेको छ ।

प्रस्तुत कथामा स्थानीय जातिले मनाउने विभिन्न किसिमका सांस्कृतिक पक्षहरू समेटिएका छन् । त्यस्तै सुल्ताना डाकुको नौटङ्की, महावीरजीको झन्डामेला, हाटबजार, खोलानाला, बाढी, गोठाला, खेताला, खेती, किसानी आदि प्रसङ्गले कथाभित्र ग्रामीण क्षेत्रलाई पूर्ण किसिमबाट समेटेको प्रस्ट हुन्छ । अझै पनि त्यस गाउँमा शिक्षित वर्ग भेटिँदैनन् । म (कृष्ण) जस्ता पात्रहरू अशिक्षित रहुन्जेल गाउँमा बस्थे भने शिक्षित भएपछि गाउँ छोड्ने परिपाटी देखिन्छ । गाउँलेहरू हँसिया, खुर्पी, कोदालो, हलो चलाएर आफ्नो जीविका चलाउँछन् । त्यहाँ कहिले बाढीले गाउँलेहरूलाई रुवाउने गरेको छ । उनीहरू कहिले त्यही बाढीले सताउने खोलाको पानीले खेत सिचाइ गर्छन् । खोलाका बगरहरू गाउँले युवाका खेल्ने मैदान बनेका छन् । बाढी आएका बेला खोलापारि तर्न नसक्नेहरूलाई पारि तारेर सहयोग गर्ने युवाहरू पनि यसै गाउँमा रहेका छन् ।

केही ठुलाठालुहरू आफूलाई गाउँको सर्वस्व ठान्छन् । उनीहरूको शासन नमान्दा गाउँलेहरू पीडित बनेका घटना परिछनका अभिव्यक्तिबाट स्पष्ट हुन्छ । केही युवाले ग्रामीण ठालुको शोषणका विरुद्धमा आवाज उठाउन थालिसकेका छन् । यसबाट उनीहरूमा केही चेतनाको विकास हुँदै छ भन्ने बुझिन्छ । रबिन हुडको नाटक अभिनय गर्न थाल्नु भनेको चेतनाको विकास हुँदै गरेको अवस्था हो । ग्रामीण शोषकहरूले केही विरोधीहरूलाई विभिन्न लोभलालच देखाएर आफ्नो नियन्त्रणमा राखेका छन् । यसरी कीतदास बन्नेहरू पनि गाउँमा प्रशस्त पाइन्छन् । गाउँमा दुईचार जनाबिच कुरा नमिल्दा छुट्टै पाटी खोल्ने परिपाटीको समेत विकास भएको देखिन्छ । यो एक प्रकारले राम्रो पनि हो । यसलाई स्वतन्त्रताको अभ्यास पनि मान्न सकिन्छ । यस गाउँमा पुख्यौली व्यवसाय वा प्रचलित खेतीपातीभन्दा भिन्न सोच भएको पाइँदैन । गाईभैँसी र बाख्रा आदि चराउनु, गीत गाउनु र परम्परित कृषिपद्धतिलाई निरन्तरता दिनु नै गाउँको नियति रहेको छ । एक पुस्ताले गरेको काम अर्को पुस्तालाई हस्तान्तरण गर्दै जाने परिपाटीले खासै उल्लेखनीय परिवर्तन आउन सकेको देखिँदैन । शिक्षित वर्गको अभाव हुनु पनि गाउँ विकास नहुनुको एउटा कारण हो ।

यसप्रकार प्रस्तुत कथालाई प्रेरणादायी र ग्रामीण परिवेशको छर्लङ्ग ऐनाका रूपमा लिन सकिन्छ । तराई बासीहरूका केही निजी समस्या र स्थानीय चाडबाड, संस्कृति, परम्परा आदिलाई पनि यस कथाले समेटेको छ । स्थानीय रङमा आधारित प्रस्तुत कथाबाट गाउँलेहरू शिक्षित वर्गको माया कुरेर बसेका छन् भन्ने स्पष्ट हुन्छ । शिक्षित वर्गको मायाले गाउँमा परिवर्तन आउन कत्ति पनि समय नलाग्ने सङ्केतसमेत यसै कथाबाट पाउन सकिन्छ ।

(ख) कृष्ण र परिछन कस्तो चारित्रिक विशेषता भएका पात्र हुन्, 'गाउँको माया' कथाका आधारमा वर्णन गर्नुहोस् ।

(ग) तराई प्रदेशमा शोषक सामन्तहरूले निम्न वर्गीय समाजप्रति के कस्तो दमन गर्दै आएका छन् कथाका आधारमा समीक्षा गर्नुहोस् ।

५. उदाहरण हेरी दिइएको अनुच्छेदको सारांश लेख्नुहोस् :

(क) विश्वमानचित्रमा सात महादेश छन् । सात महादेशमध्ये पूर्वमा रहेको सबैभन्दा धेरै जनसङ्ख्या भएको ठुलो महादेश एसिया हो । विश्वको कुल जनसङ्ख्याको पाँच भागको एकभाग जनसङ्ख्या यही एसिया महादेशमा बसोबास गर्छ । यस महादेशभित्र नेपाल, भारत, चीनलगायत थुप्रै देश पर्छन् । यस क्षेत्रको सामूहिक र संस्थागत विकासका लागि धेरै प्रयास भएका छन् । तीमध्ये एक हो दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन । यस सङ्गठनमा नेपालका अतिरिक्त भारत, पाकिस्तान, बङ्गलादेश, भुटान, माल्दिभ्स, श्रीलङ्का र अफगानिस्तान रहेका छन् । दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनको अवधारणा प्रथम पटक सन् १९८० मा सुरु भएको हो । बङ्गलादेशको राजधानी ढाकामा १९८५ मा सम्पन्न प्रथम शिखर सम्मेलनले सार्क स्थापनाको घोषणापत्र तयार गरेको हो । यसपछि अठारओटा शिखर सम्मेलन सम्पन्न भइसकेका छन् । यसले क्षेत्रीय हक, हित, सुरक्षा र विपद् व्यवस्थापनमा सहयोगका थुप्रै राम्रा लक्ष्य राखेको छ । तर पनि शक्तिराष्ट्रका ससाना कुरामा हुने जुँगाको लडाइँले यसले आफ्नो अभीष्टलाई सार्थक तुल्याउन सकेको छैन ।

उदाहरण : सारांश

**एसिया महादेश**

एसिया महादेश विश्वको कुल पाँच भागको एक भाग जनसङ्ख्या भएको क्षेत्र हो । एसिया महादेशको हकहित, विकासका लागि दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन संस्थाको निर्माण भएको हो । यसअन्तर्गत नेपाल, भारत, पाकिस्तान, बङ्गलादेश, भुटान, मालदिम्स, श्रीलङ्का, अफगानिस्तान पर्छन् भने यसको घोषणापत्र १९८५ मा सम्पन्न भएको थियो ।

मूल शब्द : १३४

एकतृतीयांश शब्द : ४४

सारांश शब्द : ४४

(ख) समूहमा रहेर परस्परमा सुखदुःखको साटफेर गर्दा नै मानिसलाई एक्लो भएको अनुभव हुँदैन । समूहमा रहँदा बस्दा नै ऊ आनन्दमय वातावरणमा आफ्ना कामलाई अघि बढाई सुखसमृद्धि हासिल गर्न सक्छ । वर्तमान मानव सभ्यताको विकास पनि व्यक्तिका बिचको पारस्परिक सहयोग र सहकार्यबाट नै सम्भव भएको हो । मानिस एक्लैले पूरा गर्न नसक्ने आवश्यकता सहकार्यबाट पूरा गरेका धेरै उदाहरणहरू भेटिन्छन् । एकआपसमा सहयोग र सहकार्यको आवश्यकता महसुस भएपछि नै 'एकका लागि सबै र सबैका लागि एक' भन्ने भावनाका साथ सहकार्यका लागि स्थानीय स्तरमा अनौपचारिक सङ्गठन खडा गरिएको देखिन्छ । हिन्दु संस्कृतिका समूह, मण्डल, गण, गुरुकुल एवम् बुद्ध धर्मका सङ्घ, नेवारी समुदायमा प्रचलित गुठी, मङ्काखल, नेवादबू, ग्रामीण समाजमा प्रचलित भारोपर्म, धर्मभकारी, ऐँचोपैँचो, सरसापट सहकारीका आदि रूप हुन् । यस किसिमका सहकारीले पारस्परिक सहयोग र सहकार्यका माध्यमबाट पाटीपौवा, धर्मशाला, बाटोघाटो, चउरचौतारा आदिको निर्माण, वृक्षरोपण जस्ता मानवहितका कार्य गरेर सामाजिक विकासमा उल्लेख्य योगदान पुऱ्याएका छन् । सामाजिक विकासमा यिनले गरेको योगदानको महत्त्व बुझेर नै नेपालका कतिपय समुदायले अहिले पनि गुठी, भारोपर्म, ऐँचोपैँचो, सरसापट, मेलापात आदि नामबाट सहकार्य गरिरहेका छन् । हाम्रा पुर्खाको यस किसिमको सहकार्यबाट अभिप्रेरित सामूहिक जीवनशैली नै नेपाली संस्कृतिको मुख्य आधार हो ।

## भाषातत्त्व

### मूल शब्द र व्युत्पन्न शब्द

१. तलका शब्दहरू पढ्नुहोस् र समूह क र ख का बिच भिन्नता थाहा पाउनुहोस् :

| (समूह (क) | (समूह (ख) |
|---|---|
| मूल शब्द | व्युत्पन्न शब्द |
| हात | छापा (छाप्+आ) |
| काठ | बस्न (बस्+न) |
| पानी | खाएको (खा+एको) |
| माटो | घरेलु (घर+एलु) |
| गाउँ | दयालु (दया+आलु) |
| देश | कुलीन (कुल+ईन) |

| | |
|---|---|
| रगत | दर्शक (दृश्+अ(क) |
| हिम | सामाजिक (समाज+इ(क) |
| बस् | उपेन्द्र (उप+इन्द्र) |
| गाई | आदेश (आ+देश) |
| एक | संयोग (सम्+योग) |
| राम्रो | निर्देश (निर्+देश) |
| नाथ | फटाहा (फाटो +आहा) |
| जग्गा | सहरिया (सहर+इया) |
| मत | बाटाखर्च (बाटाका लागि खर्च) |
| समाज | बाछिटो (बाङ्गो छिटो) |
| फल | छोराछोरी (छोरा र छोरी) |

(टुक्र्याउन नसकिने वा टुक्र्याउँदा अर्थ नआउने शब्दलाई मूल शब्द भनिन्छ भने जुन शब्दलाई टुक्र्याउन सकिन्छ, त्यस्ता शब्दलाई व्युत्पन्न शब्द भनिन्छ । माथि समूह कका शब्दहरू मूल शब्द हुन् भने समूह खका शब्दहरू व्युत्पन्न शब्द हुन् ।)

२. तलका शब्दहरूबाट मूल र व्युत्पन्न शब्द छुट्याउनुहोस् :

सयपत्री, आधा, लामखुट्टे, मानिस, बाढी, दसहाते, को, चन्द्रमुखी, पाँच, गहुँ, माछापुच्छ्रे, शुक्र, कल्मुखा, फूल, झगडा, कल्जिब्रे, लस्कर, सप्तर्षि, ऊ, साहस, षड्यन्त्र, नौगेडी, गीत, दशदान, त्रिभुज, बुबा, चौकुने, पन्ना, त्रिफला, अष्टाध्यायी, ध्यान, बाबुछोरा, भङ्ग, पाहुना, तेरोमेरो, गुरुचेला, घामछायाँ, उत्तर, रतन्धो, वर्ष, वनभोज

३. तलको अनुच्छेदबाट मूल शब्द र व्युत्पन्न शब्द छुट्याउनुहोस् :

सङ्गीतका आफ्नै क्षेत्रहरू छन् । आधुनिक युगअनुसार पाश्चात्य सङ्गीतमा रमाउने युवा जमात पनि कम छैनन् तर पनि पूर्वीय सङ्गीतको छुट्टै पहिचान र महत्त्व रहेको छ । पूर्वीय सङ्गीतमा बज्ने बाजाहरूका सुमधुर कर्णप्रिय ध्वनिले सङ्गीतमा श्रुतिमधुरता प्रदान गर्छ । मनलाई प्रफुल्लित तुल्याउँदछ । खासगरी पूर्वीय सङ्गीतका बाजाहरू पनि भिन्नै किसिमका हुन्छन् । नेपालीहरूका सुकोमल हातद्वारा निर्मित त्यस्ता वाद्यवादनहरू आर्थिक दृष्टिकोणले पनि त्यति महङ्गा र आर्थिक बोझ पर्ने किसिमका छैनन् । प्राय: काठबाट निर्मित त्यस्ता वाद्यवादनहरूमा हाम्रा नेपाली दाजुभाइको कला पोखिएको छ । जुन कलाले मादल, खैँजडी, डम्फु, च्याब्रुङ, नौमती बाजा, मुजुरा, मुरली, सारङ्गी, टुङ्ना, मुर्चुङ्गा, बिनायो, एकतारे ढ्याङ्ग्रो, कठताल आदि प्रमुख बाजाहरू निर्माण गर्छ । ट्याम्को, सहनाइँ, झ्याम्टा, कर्णाल,

नरसिंह, दमाहा, ढोलक आदिलाई नौमती बाजा भनिन्छ । नेपाली समाजमा यस्ता बाजाको ठुलो महत्त्व छ । समाजका हरेक खुसियालीमा यस किसिमका बाजा बजाइने गरिन्छन् । यी माथिका बाजाबाट निस्किएको सङ्गीतले मानवीय हृदयलाई आह्लादित गर्छ, मन प्रफुल्लित पार्दछ, त्यसैले सङ्गीत क्षेत्रमा वाद्यवादनको महत्त्व ज्यादै प्रभावकारी मानिन्छ ।

### शब्दस्रोत

१. तलका शब्दहरू पढ्नुहोस् र बुझ्नुहोस् :

(अ) तत्सम शब्द : कर्म, कण्ठ, कर्ण, हस्त, शरीर, धर्म, नवीन, चन्द्र, नयन, शयन, भक्त

(आ) तद्भव शब्द : काम, घाँटी, कान, हात, जिउ, धाम, नयाँ, जून, आँखा, ओछ्यान, भात

(इ) आगन्तुक शब्द : फोटो, रेडियो, क्यामरा, कराँते, होन्डा, नजिर, कानुन, सरकार, पसल, मुन्धुम

(संस्कृत भाषाका शब्दहरू नेपालीमा जस्ताको त्यस्तै लेखिन्छ वा पढिन्छ भने ती तत्सम शब्द हुन् । संस्कृत शब्दहरू परिवर्तन भएर वा बिग्रिएर नेपाली भाषामा प्रयोग हुने शब्दहरू तद्भव हुन् । तत्सम र तद्भवबाहेक अन्य भाषाका शब्दहरू आगन्तुक शब्द हुन् ।)

२. दिइएको अनुच्छेदबाट तत्सम र आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् :

अनलाइन पत्रकारिता आधुनिक युगको विशिष्ट उपलब्धि हो । अनलाइन पत्रकारिताको विकास अमेरिकाबाट भएको हो । यसमा खास गरी कम्प्युटर र टेलिफोनको प्रयोग गरिन्छ । यसले इन्टरनेट सञ्जाल र वेबसाइटका माध्यमबाट सूचना सम्प्रेषण गर्छ । विद्युतीय साधनको प्रयोग गरिने हुनाले यसलाई विद्युतीय सञ्चार पनि भनिन्छ ।

३. दिइएको अनुच्छेदबाट तत्सम र आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् :

रङ्गमञ्चको पर्दा खुल्ने क्रमसँगै नेपथ्यमा एम्बुलेन्सको साइरनको आवाज सुनिन्छ । रङ्गमञ्चमा छरिएको मधुरो प्रकाश चहकिलो हुन्छ र किताब काखी च्यापी एक जना वृद्ध देखापर्छन् ।

४. दिइएको अनुच्छेदबाट तद्भव र आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् ।

त्यसो भए यतातिर धमाधम आउनेको जस्तो ठुला ठुला टिनका भरिभराउ भएका गह्रुङ्गा बाकसहरू हुनुपर्दथ्यो, छालाका तीन चारओटा साना ठुला ब्याग, भाँच्ने खाट, नोकर, धेरै जना भरिया, आफू तामदान वा कार्पेटमा बसेर आउनु पर्ने, खोइ त्यो त केही पनि छैन ।

५. दिइएको अनुच्छेदबाट तत्सम र तद्भव शब्द पहिचान गरी लेख्नुहोस् ।

ढोका खोलेर एकपल्ट बाहिरतिर हेर्दा रात धेरै बाँकी थियो । जून टहटह लागिरहेका र आकाश स्वच्छ थियो । खोलाको सुसेली उत्फुल्लताको स्वागत गान झैँ लाग्यो ।

## शब्दकोशको प्रयोग

१. पढ्नुहोस् र बुझ्नुहोस् :

(नेपाली भाषामा शब्दकोशको प्रयोग गर्ने तरिका अङ्ग्रेजी शब्दकोशभन्दा अलि फरक छ । लेख्य वर्णानुक्रमअनुसार शब्दहरू भेटिँदैनन् । नेपाली शब्दकोशको प्रयोग गर्न सहजताका लागि निम्न कुराहरूमा ध्यान दिनु पर्छ ।)

१. शब्दकोशमा सर्वप्रथम स्वर वर्ण र व्यञ्जन वर्णको वर्णानुक्रमलाई ध्यान दिइएको छ ।

२. स्वर वर्णमा पनि पहिले चन्द्रविन्दु लागेका, त्यसपछि शिरविन्दु लागेका र त्यसपछि मात्र सग्ला वर्णबाट बनेका शब्दहरू भेटिन्छन् । जस्तै : अँ, अं, अ, आँ, आं, आ आदि ।

३. व्यञ्जन वणहरूमा क्ष वर्णबाट सुरु भएको शब्द खोज्नु पर्दा क वर्णको अन्त्यमा भेटिन्छ ।

४. त्र वर्णबाट बनेका शब्द खोज्नु पर्दा त वर्णको अन्त्यमा भेटिन्छ ।

५. ज्ञ वर्णबाट बनेका शब्द खोज्नु पर्दा ज वर्णको अन्त्यमा भेटिन्छ ।

६. ह व्यञ्जनको अन्तिम वर्ण हो ।

२. दिइएका शब्दलाई शब्दकोशको क्रममा लेख्नुहोस् :

काम, कागज, केटो, कृषि, काँडा, इमान, ओखर, औषधि, त्रिशुली, तरकारी, क्षमा, ज्ञानी, हंस, हरियो, शैल, षडानन्द

## सिर्जना/परियोजना

१. तलको कथा पढ्नुहोस् र तपाईं पनि आफ्नै गाउँघरतिर भएका घटनालाई आधार मानेर एउटा कथा तयार पार्नुहोस् ।

### सबै प्राणी हाम्रा रक्षक

बाटामाथि एउटा ठुलो बरको रुख थियो । बरको वरिपरि ढुङ्गाले बनाइएको चौतारो थियो । कोही पनि बटुवाहरू एकछिन चौतारोमा नबिसाई जाँदैनथे । केटाकेटीहरू भेला भएर खेल्ने ठाउँ पनि त्यही चौतारो थियो । एक दिन गाउँका धेरै केटाकेटीहरू जम्मा भएर खेलिरहेका थिए ।

केटाकेटी खेलिरहेको चौताराको एउटा सानो प्वालबाट अचानक एउटा सर्प निस्कियो । केटाकेटीहरू सर्प देख्नासाथ आत्तिएर चिच्याए । कोही अलि पर भागे । कोही नजिकै आएर सर्पलाई हेर्न थाले । कोही "नजिकमा नजा" भन्दै साथीहरूलाई सम्झाउँदै थिए । कोही सर्प हेर्ने धुनमा नजिक नजिक आउँदै थिए । एउटाले ढुङ्गो उठाएर सर्पलाई हिर्काउन खोज्यो । एउटाको आँटले अरू हेर्ने साथीहरू पनि हातमा ढुङ्गो टिपेर हिर्काउनलाई तयार भए ।

केटाकेटीको भिड देखेर कुनै एक जना भद्र व्यक्ति त्यहाँ आइपुगे । उनले केटाकेटीहरू मिलेर सर्पलाई हिर्काउन आँटेको देखेपछि उनीहरूलाई रोक्दै भने, "ए नानी बाबुहरू ! एकछिन पर्ख त । तिमीहरूलाई हिर्काउँदा दुख्छ कि दुख्दैन ?" केटाकेटीहरू कोही पनि बोलेनन् ।

“तिमीहरूलाई हिर्काउँदा जति दुख्छ, यसलाई पनि त्यति नै दुख्छ । अरूलाई दुःख दिने, कुट्ने मान्छे पापी हुन्छ । त्यसैले कसैलाई पनि हिर्काउनु हुँदैन । यसलाई तिमीहरूले चलाएनौ भने यसले तिमीहरूलाई पनि केही गर्दैन । तिमीहरू यस्तो ठाउँमा नखेल, बरु घर जाओ ।”

ती भद्र मानिसको कुरा सुनेर सबै केटाकेटी घरतिर लागे । घरमा पुगेर सत्यनारायणले सम्झियो, अरूलाई दुःख दिने मान्छे पापी हो भने खेत बगाउने खोला पापी, घरको छानो उडाउने हावा पापी, घर जलाउने आगो पापी, लुगा फोहोर पारिदिने माटो पापी भन्ने निष्कर्ष निकाल्यो ।

भोलिपल्ट सत्यनाराणले विद्यालय गएर पाप र धर्मका बारेमा कुरा निकाल्यो । ढुङ्गा, माटो, पानी, हावा, रुख, जनावर सबै पापी हुन् भन्ने निष्कर्ष सत्यनारायणले निकालेको कुरा शिक्षकले सुनिरहेका थिए ।

शिक्षकले सत्यनारायण र उनका साथीहरूलाई सम्झाउँदै भने, हेर भाइबैनीहरू ! “यी प्राकृतिक वस्तु वा जनावरहरू कुनै पनि पापी होइनन् । उनीहरूको त्यस्तो स्वभाव मात्र हो । सबै प्राणीको एउटै स्वभाव हुँदैन । उनीहरू आफू समस्यामा परेपछि आफू बच्नलाई प्रयास गरेका मात्र हुन् । वैज्ञानिक दृष्टिले त सबै प्राणीले कुनै न कुनै रूपमा प्रकृतिको वा वातावरणको सुरक्षा गरिरहेका छन् । त्यसैले यी प्राणीहरू पनि हाम्रा लागि आवश्यक छन् ।”

शिक्षकको कुरा सुनेपछि सबै जनाले कुरा बुझे । त्यसपछि कुनै पनि प्राणीलाई मार्नु वा हिर्काउनु हुँदैन भन्ने कुराको जानकारी पाए ।

पाठ ३

# संस्कृतिको नयाँ यात्रा

## परिचय

सुधा त्रिपाठी (२०१५) नेपाली साहित्यमा बहुमुखी प्रतिभासम्पन्न नारी स्रष्टा हुन् । विद्यावारिधिसम्म औपचारिक अध्ययन गरेकी त्रिपाठीले नेपाली साहित्यका कथा, कविता, निबन्ध, नाटक, समालोचना आदि विभिन्न विधामा कलम चलाउँदै आएकी छन् । माता भवानीदेवी र पिता जगन्नाथ त्रिपाठीकी सुपुत्री सुधाका 'बादल', 'धर्ती' र 'आस्थाहरू' (२०५०), 'जीवनसूत्र र स्वप्नाभास' (२०५३), 'सुट, टाई र सुँगुर' (२०५९), 'आम सिर्जनाहरू' (२०६५) आदि निबन्धसङ्ग्रह र 'दृष्टि चौतारी', 'नारीवादका कठघरामा नेपाली साहित्य', 'नेपाली उपन्यासमा नारीवाद' आदि समालोचनाहरू प्रकाशित भएका छन् । उनी नारी स्रष्टा भएकाले उनका सिर्जनामा नारीवादी चिन्तन निकै प्रखर रूपमा प्रस्तुत भएको पाइन्छ । साथै देशभक्ति, असमानताको विरोध र प्रकृतिप्रेम जस्ता विषयहरू पनि त्रिपाठीका लेखकीय विशेषताहरू हुन् । उनी समकालीन विकृति विसङ्गतिप्रति व्यङ्ग्य गर्न रुचाउँछिन् भने शोषित, पीडित, अपहेलित वर्गका मागलाई दह्रो किसिमबाट प्रस्तुत गर्छिन् ।

निबन्धकार सुधा त्रिपाठीको 'संस्कृतिको नयाँ यात्रा' नेपाली संस्कृतिका विभिन्न पक्षहरूमाथि प्रकाश पारिएको निबन्ध हो । यो सभ्य मानव जातिका सांस्कृतिक विशेषताहरूलाई झल्काउने निबन्धका रूपमा परिचित छ । यसमा बहुल संस्कृतिका बहुल विशेषताहरूलाई सूक्ष्म रूपमा केलाउनुका साथै संस्कृतिका नयाँ नयाँ स्वरूपको विश्लेषण गरिएको छ । स्रष्टा स्वयंका जीवन्त अनुभूतिहरूलाई आत्मपरक शैलीमा प्रस्तुत गरी समाजमा विद्यमान वैचारिक चिन्तनसमेत यहाँ प्रस्तुत भएका छन् । आफू हुर्किएको समाज र बाहिरी समाजमा देखिएका विविध सांस्कृतिक पक्षले स्रष्टालाई भित्रैबाट छोएको छ । पुर्वी नेपालको एकल संस्कृतिमा हुर्किएकी उनी (म पात्र) काठमाडौँ आएपछि बहुल संस्कृतिका बारेमा घुलमेल हुँदै गएपछि बहुल सांस्कृतिक प्रभावमा परेको देखिन्छ । बहुसांस्कृतिक नेपालका विशेषताहरूभित्र रमाउँदै जानु उनको बाध्यता हो र त्यही बाध्यतासँगै संस्कृतिको गहिरो छाप उनीभित्र गडेर रहेको छ । नेपाली समाजमा पाइने आआफ्नै किसिमका रीतिरिवाज, चाडपर्व, वेशभूषा, आहारविहार र परम्पराबाट प्रभावित हुँदै तिनैसँगको उठबसमा निबन्धकारको अनुभूति पनि बहुल बन्न पुगेको छ । उनका विचारमा यस्ता परम्परागत चालचलन मात्र संस्कृति नभएर लैङ्गिक समानता, आर्थिक विभेदको अन्त्य र मानवीय भावनाको सम्बोधन पनि संस्कृतिकै नयाँ नयाँ रूपहरू हुन् । आकर्षक र सुन्दर शैलीमा लेखिएको प्रस्तुत निबन्धले नेपाली सांस्कृतिक पहिचानलाई विश्वव्यापीकरण गरेको छ । यिनै विचार, संस्कृतिका विविध पक्ष र नवीनतम पक्षलाई सम्बोधन गर्दै संस्कृतिका नयाँ आयामहरूमाथि प्रकाश पार्नु नै यस निबन्धको मूल उद्देश्य हो ।

## सिकाइ उपलब्धि

(क) निबन्धलाई सस्वर वाचन गर्न

(ख) कठिन शब्दहरूको अर्थ बुझी वाक्यमा प्रयोग गर्न

(ग) निबन्धको भाव व्यक्त गर्न

(घ) निबन्ध र अन्य गद्य विधाका बिचको अन्तर पहिल्याउन

(ङ) निबन्धका महत्त्वपूर्ण पङ्क्तिको व्याख्या गर्न

(च) निबन्धका आधारमा भाषातत्त्वको अभ्यास गर्न

(छ) निबन्ध सिर्जना गर्न ।

**मूल पाठ** (निबन्ध)

# संस्कृतिको नयाँ यात्रा

*- सुधा त्रिपाठी*

बाल्यकालको दसैंको स्मृति मेरो हृदयमा अझसम्म ताजै छ । पुर्बी नेपालको पहाडमा जन्मेकी म मेरो गाउँ झन्डै झन्डै दसैंको एकल संस्कृतिमा जम्थ्यो र त्यसमै रमाउँथ्यो । एक वर्षको दसैं सकिएको चारपाँच महिनापछि म अर्को पटकको दसैं कहिले आउला भन्ने जिज्ञासामा हुन्थें । बुबाआमाको 'भ्याउँकिरी कराएको तीन महिनापछि' भन्ने उत्तर पाएपछि म भ्याउँकिरी कहिले कराउला र दसैं आउला भन्ने सोचमा मग्न हुन्थें । नभन्दै कुनै साँझ भ्याउँकिरी पनि कराउँथ्यो, वर्षाले सिङ्गो पहाडलाई छोप्थ्यो । कलकल गर्दै बग्ने झर्ना र निलो कोसी नदी उर्लन थाल्थे, बिस्तारै यो सेलाउँथ्यो र लेखनाथ पौड्यालले भने झैं झरी, बाढी र हिलो पनि हट्दै गएर शारदीय शोभामा रमाएको धर्तीमा दसैं आउँथ्यो । पुर्खाले बनाएको यो प्राकृतिक र सांस्कृतिक समन्वय मलाई अति प्रिय लाग्थ्यो । बाल्यकालको यो मेरो दसैं लुगा, पिङ, मिठो खाना, केरा, कुराउनी, सेलरोटी, मासुचिउरा र अन्य परिकार र दक्षिणासमेत बोकेर आउँथ्यो । वास्तवमा एउटी बालिकाका रूपमा यो मेरो बाल्ययात्राको सुखद प्राप्ति थियो । दसैं र दसैंपछि आउने तिहार मेरा खुसी थिए । यी खुसी मेरा जीवनकला र शैलीसँग जोडिएका थिए । जब म यो नै मेरो संस्कृति हो भनेर बुझ्न थालें त्यस बेलासम्म र अझै पनि यी पर्व मेरो जीवन र मनोविज्ञानमा सदैव रहिरहेकै छन् ।

जीवन एउटा प्रवाहशील नदी हो । यो सामुद्रिक नाविकहरूको यात्रा जस्तै हो, जसलाई हामी निरन्तर दौडाइरहेका हुँदा रहेछौं । यो मनुष्यको यस्तो गतिशील यात्रा रहेछ, जसलाई हामी भोग्ने, बुझ्ने सम्झने र विचार गर्ने गर्दा रहेछौं । यही यात्राकै सिलसिलामा म दुर्गम भनिएको पहाड छाडेर काठमाडौं पुगें । म प्रकृतिको काखमा रमाउने मान्छे केही समय त सहरमा घुलमिल हुन पनि कठिन भयो । बिस्तारै सहरका गल्ली, कोलाहल र भिडभाडसँग परिचित हुन थालें । काठमाडौंको एउटा कन्या विद्यालयमा भर्ना भएर पढ्न थालेपछि मलाई थाहा भयो नेपाल त व्यापक रहेछ । यही व्यापकतामा मैले त्यहाँ मेरा तामाङ, गुरुङ, मगर, लिम्बू, राई, झा, यादव, नेवार आदि साथीहरू पाएँ । त्यहाँका हामी कोही शरद्को दसैं मनाउँथ्यौं तर कोही भने अर्कै समय र अर्कै दिनलाई दसैं मनाउँथे । कोही बुद्ध पूर्णिमाको कुरा गर्थे, कोही उँधौली उँभौलीको कथा सुनाउँथे, कोही क्रिसमसको गीत गाउँथे । कोही ल्होसारलाई आफ्नो मूल चाडका रूपमा मनाएको कुरा गर्थे, कोही माघीको परिकार बताउँथे र कोही देउडाको भाका गाउँथे । त्यसपछि म सिङ्गो नेपाल चिन्न सक्ने भएँ र म महाकाली र मेचीको सिङ्गो परिवेशमा नव नव संस्कृतिको अनुभव गर्न थालें । भिन्न धर्म, भिन्न संस्कृति, भिन्न पहिरन, भिन्न पहिचान मलाई बल्ल थाहा भयो नेपाली जीवन त यी विविधता र विभिन्नताको सुन्दर साङ्लो पो रहेछ । नेपाल त मेचीदेखि

महाकाली र उत्तर हिमालयदेखि दक्षिण तराई मधेससम्मको उदात्त चेतना र भावमा फैलेको रहेछ। यही विद्यालयीय जीवन हो जहाँ मैले काठमाडौँको नेवार संस्कृति, मुस्ताङको थकाली संस्कृति, पूर्वको किराँत संस्कृति बुझेँ । उत्तरको शेर्पा संस्कृति, तराई मधेसको मधेसी संस्कृति, पश्चिमको मगर र थारू संस्कृति बुझेँ । दार्चुला, कर्नाली हुँदै काठमाडौँ उपत्यकाको कञ्चनजङ्घाको काखसम्मको संस्कृति र कलासँग परिचित हुने अवसर प्राप्त गरेँ । नेपालको लामो इतिहास र सभ्यताले निर्माण गरेका यी साझा संस्कृति मेरै संस्कृति थिए, मेरै देशका सम्पत्ति थिए र मेरा ती सबै मित्रहरू एकै फूलबारीका साझा फूलहरू थिए । म पनि त्यही फूलबारीकी एउटी बिरुवा थिएँ र साझा बनेर फुल्ने र फक्रने तर्खरमा थिएँ ।

मनुष्य जीवनको सार्थकता भन्नु नै चेतना हो । गरिब वा धनी हुनु के हो र किन मानिस गरिब वा धनी हुन्छ ? यो कुरा मैले विद्यालयमा पढ्न पाइनँ किनभने त्यो समय यस्ता विषयमा पढाउने परिपाटी नै थिएन र यस किसिमको चेतना विस्तारको वातावरण पनि थिएन । त्यस बेला क्याम्पसमा पनि यस्ता कुरा पढ्न पाइन्नथ्यो । निजी अध्ययन मेरो यस्तो जीवनबोधका लागि सार्थक समय थियो । वास्तविक ज्ञानको खोजीकै लागि म निजी अध्ययनतर्फ तानिएँ । मैले त्यहाँ पढेँ - वास्तवमा मानिस जन्मँदा जुन शरीर लिएर आउँछ त्यो प्राकृतिक रहेछ र त्यो त जीववैज्ञानिक विषय रहेछ । जन्मेपछि मानिस विविध कारणले धनी वा गरिब हुँदो रहेछ र त्यही आधारमा हामी एक थरीलाई सभ्य र बौद्धिक भन्दा रहेछौँ । हामी मानिस नै अर्का थरी मानिसलाई असभ्य र मूर्ख भन्दा रहेछौँ । यस्तो भन्नु गलत संस्कृति हो भन्ने कुरा मैले बुझेँ र समाजमा धनी र गरिबको भेद गर्ने संस्कृति खराब हो भन्ने बोध गरेँ । श्रमिक वर्गको आफ्नो संस्कृति हुँदो रहेछ । त्यस्तो संस्कृति श्रममा नै फल्ने, फुल्ने र फक्रने रहेछ । लोकजीवन, लोकसंस्कृति, लोककथा तिनका जीवनका संस्कार थिए, संस्कृति थिए र आत्मा थिए भन्ने पनि बुझेँ । श्रम तिनका जीवनको मात्र नभएर राष्ट्रकै प्रतिष्ठा थियो भन्ने पनि थाहा पाएँ । त्यही कारण श्रमका आधारमा मान्छेमा भेद हुन्न भन्ने संस्कार मैले सिकेँ । मैले श्रम गर्ने कुरा त महोवपूर्ण संस्कृति रहेछ भन्ने बुझेँ र आज विश्वमा श्रम, सिप र जाँगरले नै मान्छेले प्रगति गरेको रहेछ भन्ने पनि थाहा पाएँ ।

म महिला र मेरो एउटा छुट्टै वर्ग, मसँग एकाकार हुने वर्ग महिला । अब मैले महिलाका बारेको कुरा पनि बिस्तारै बोध गर्न थालेँ । महिला भएकै कारण म किन उत्पीडित भएँ ? यो मेरा मनमा सधैँ उब्जने प्रश्न थियो । मेरा लागि किन छाउपडी ? मेरो प्राकृतिक जीवनमा आउने मेरो शारीरिक परिवर्तन, मैले भोग्ने रजस्वलाको समय, मेरो लागि विशेष सुरक्षा, म महिला, म कमजोर जस्ता कुरा किन ? किन मान्छे मान्छेमा यो भेद ? किन समाजमा हामी पुरुष र महिलाको सामाजिक भूमिका भिन्न ? किन मैले रातदिन काम गर्दा पनि मेरो श्रमको मूल्य भएन ? खोई मेरो पहिचान ? म किन बोल्न सक्दिनँ ? म यी प्रश्नहरूमा घोरिन थालेँ । मलाई लाग्यो प्रश्न गर्नु आलोचनात्मक हुनु हो र प्रश्नले मानिसलाई विवेकी बनाउँछ, तार्किक बनाउँछ र बुद्धि दिन्छ । प्रश्न नगरेको भए ग्यालिलियो ग्यालिलियो हुने थिएनन् । गार्गी र मैत्रेयी गार्गी, मैत्रैयी हुने थिएनन् । अलिकति विद्रोह त चाहिन्छ नै समतामूलक समाज बनाउन । मैले मङ्गलादेवी सिंह, साहना प्रधान सम्झेँ, मैले राजराजेश्वरी, योगमाया र विद्रोही धेरै महिलाहरू सम्झेँ । यो समानताका यात्रामा मैले धेरै पुरुषहरूलाई सम्झेँ, जो महिलासँगै मिलेर न्यायपूर्ण साझा संस्कृतिको निर्माण गर्न चाहन्थे । यस महान् स्वतन्त्रताको यात्रालाई पूर्णता दिन चाहन्थे । मैले यस यात्रामा सामेल भएर आवाज दिएँ । देशमा लोकतन्त्र आयो, देशमा गणतन्त्र आयो । संविधानले सांस्कृतिक पहिचान स्थापित गऱ्यो । समानताका विषय ल्यायो तैपनि हामीले न्याय खोज्नु छ, संविधानको कार्यान्वयन खोज्नु छ र

सुन्दर संस्कृतिको निर्माण गर्नु छ । हामीले प्राप्त गर्ने न्याय पनि यही हो । नयाँ नेपालको सांस्कृतिक दिशा र गति पनि त यही हो ।

म बारम्बार सम्झन्छु, घोरिन्छु र चिन्तित पनि हुन्छु । भावुकता मेरो दिमागमा सधैँ किन यसरी खेल्छ र खेलिरहन्छ ? समाजमा किन यस्तो संस्कृति बन्यो र बनाइयो ? मान्छेको भेद किन जन्म्यो ? रङको भेद, वर्णको भेद, जातिको भेद, लिङ्गको भेद - यी भेदबाट मुक्त समाज कसरी बन्ने र बनाउने ? सभ्य र विकसित भनिएका कतिपय देशमा पनि आजसम्म एक जातिले रङको आधारमा अर्को जातिमाथि दमन गरेको समाचार सुनिएकै छ । हामी पनि कहाँ मुक्त छौँ र ? किन यस्तो भएको होला ? समाजमा श्रम विभाजनले मान्छेलाई भिन्न भिन्न काम गर्ने बनायो । हामीले त्यही आधारमा जात बनायौँ । त्यसकै आधारमा विभेदको परम्परा सुरु भयो । कोही दलित भयौँ, कोही ब्राह्मण, कोही जनजाति । हाम्रा आफ्ना संस्कार छन्, हाम्रा आफ्ना परम्परा छन्, हाम्रा आफ्ना खानपान छन्, हाम्रा आफ्ना वेशभूषा छन् । हाम्रो रङ भिन्न छ, कोही काला हौँला, कोही गहुँगोरो । हाम्रो अनुहार भिन्न होला । कसैको नाकको उचाइ फरक होला, कसैको आँखाको आकार र स्वरूप भिन्न होला । म फेरि घोरिन्छु, अत्तालिन्छु र सोच्छु - यही आधारमा मानिसमा भेद किन ? मनुष्यको मनुष्यत्व र मानवको मानवता नै सबैभन्दा ठुलो कुरा हो । धर्म पनि यही हो, कर्तव्य पनि यही हो । समाजले सामाजिक, सांस्कृतिक विषयलाई भेदको विषय बनायो । हामी छुट्टियौँ, हामी टुक्रियौँ, हामी भिन्न भयौँ र हामी मनुष्यले नै यी भेद जन्मायौँ । यो भिन्नता मान्छेले जन्माएको भिन्नता हो नत्र मानिस एकै हो, हामी सबै प्रकृतिका साझा सन्तान हौँ, साझा वरदान हौँ ।

संस्कृति हाम्रो परिचय हो, हाम्रो पहिचान हो र हाम्रो अनुभूति हो । संस्कृति हाम्रो बोल्ने, विचार गर्ने र बाँच्ने तरिका पनि हो । हाम्रो संस्कृति बाँच्नुपर्छ, त्यसैले हाम्रा सांस्कृतिक मूल्यहरू बाँच्नुपर्छ । दसैँ हाम्रो संस्कृति हो, तिहार हाम्रो संस्कृति हो । तिज, बुद्ध पूर्णिमा, छठ, उँधौली, उँभौली, ल्होसार, गौरा, माघी, सिरुवा, क्रिसमस, इद सबै हाम्रा संस्कृति हुन् । सभ्यताको यस यात्रामा म बारम्बार सोध्छु र सोच्छु, यस्ता सुन्दर अवसरलाई हामीले सदुपयोग गर्नैपर्छ । संस्कृतिका नाममा लिङ्ग, वर्ग, रङ, भूगोल, जाति, धर्मका आधारमा हुने भेद विकृति हुन् । ती कुरा हट्नुपर्छ र संविधानले यसको सुनिश्चितता पनि गरेको छ ।

म बाँचेको पृथ्वी साझा छ, हाम्रा भावना साझा छन् र मन साझा छ । सभ्यताको यात्रामा कोहीलाई दमक बनाइयो कोही दमित जस्ता भइयो, बनाइयो । कोही मूलमा र कोही बहिष्कारमा परे जस्ता पनि भइयो । यस्तो संस्कृति संस्कृति नभएर विकृति हो । हामी न्यायपूर्ण समाजको निर्माणको यात्रामा छौँ र यस यात्राको निरन्तरतामा पनि छौँ ।

बाल्यकालमा दसैँ मनाउन मामाघर गएको स्मृतिमा अटाएको मन पङ्खफुका छ आज । वीरगन्जको यात्रामा देखेका धान खेत र चौधरी काकाका घरको माघीको माछा र परिकार आज पनि मेरो स्मृतिमा ताजै छ । सिराहाकी यादव साथीको घरका छठ पर्वको अतिथि बनेको अनुभूति पनि जिउँदो छ । उदयपुरकी राई बहिनीको परिवार र तिनको संस्कृतिले पनि लोभिएकै हुँ । रोल्पाका मगर साथीको घरमा पनि पुगेकी हुँ र त्यहाँको संस्कृतिको परिचय पनि पाएकै हुँ । धेरै समयपछि बर्दियामा मनाएको माघीले पनि मलाई तानेकै छ । हामी के हिमाल, के तराई, के पहाड, एउटै साझा संस्कृति निर्माणको समयमा छौँ र भिन्नता र भेदबाट मुक्त समाजको निर्मितिमा छौँ । मेरो छ दशक लामो यस यात्रामा परिवर्तन देखेकी छु र रमाएकी पनि छु । यति भएर पनि म अझै सन्तुष्ट छैन । नयाँ समाज र नयाँ संसारको खोज मेरो जीवनयात्रा हो । यो यस्तो यात्रा हो, जसले

सांस्कृतिक सत्यलाई स्वीकार गरोस् र सांस्कृतिक न्यायलाई स्थापना गरोस् । "वसुधैव कुटुम्बकम्" को संस्कृतिलाई स्थापित गरोस् । एउटा उज्यालो बाटाको यो यात्रा निरन्तर र अविचलित गतिमा अघि बढिरहोस् । म त यस यात्राकी साक्षी मात्रै हुँ, अबको नयाँ पुस्ताले नयाँ बाटो बनाओस् । नयाँ पुस्ता एउटा नयाँ उज्यालो हो र तिनका आँखामा मैले देखेको उज्यालो ज्योति यही हो ।

## शब्दार्थ

| | | |
|---|---|---|
| *भ्याउँकिरी* | : | *प्रायः वर्षा ऋतुमा बेलुकीपख भ्याउँ भ्याउँ कराउने पखेटावाल हरियो किरो, झिल्ली* |
| *शारदीय* | : | *शरद् ऋतु (असोज र कात्तिक) सम्बन्धी* |
| *नाविक* | : | *नदीमा डुङ्गा चलाउने व्यक्ति वा जाति* |
| *जीवनबोध* | : | *जीवनका बारेमा बुझ्ने काम* |
| *रजस्वला* | : | *स्त्रीको मासिक धर्म* |
| *दमक* | : | *अरूलाई दमन गर्नेवाला* |
| *दमित* | : | *अरूबाट दबिनेवाला* |

### निबन्धसार

'संस्कृतिको नयाँ यात्रा' निबन्धकार सुधा त्रिपाठीद्वारा लेखिएको सांस्कृतिक विषयमा आधारित निबन्ध हो । यस निबन्धमा नेपालमा प्रचलित विविध संस्कृतिलाई विभिन्न कोणबाट प्रकाश पार्ने प्रयास गरिएको छ । नेपाललाई सांस्कृतिक विविधताले भरिएको, बहुसांस्कृतिक केन्द्रका रूपमा रहेको सुन्दर मुलुकका रूपमा व्याख्या गरिएको छ । स्रष्टाद्वारा एकल संस्कृतिका रूपमा मनाइने दसैं र तिहार जस्ता चाडपर्वदेखि समग्र नेपालका अनेकौं चाडपर्व, रीतिरिवाज र सांस्कृतिक विविधतामाथि प्रकाश पारिएको छ । त्यसैक्रममा ँ नेपालमा विद्यमान संस्कृतिका सबल र दुर्बल दुबै पक्षलाई चिरफार गरी स्रष्टाले आफ्नो दृष्टिकोणसमेत प्रस्तुत गरेकी छन् ।

नेपाल बहुसांस्कृतिक मुलुक भएकाले संस्कृतिमा विविधता देखिनु स्वाभाविक हो । सांस्कृतिक विविधता नै नेपालको पहिचान हो र विविधाताभित्र पनि सबल र दुर्बल पक्ष रहन्छन् । नेपाली संस्कृतिमा धेरैजसो सबल पक्षहरू पाइन्छन् । विशेष गरी समयअनुसार विभिन्न भौगोलिक परिवेशमा बसोबास गर्ने नेपालीहरूमा सहिष्णुता देखिन्छ । एउटा जाति, समुदाय, वर्ग वा धार्मिक पहिचान भएको व्यक्तिले मनाउने संस्कृति र अर्को पक्षबाट मनाइने संस्कृतिका बिच सधैं आपसी सद्भाव र सहिष्णुता कायम रहँदै आएको छ । एउटा संस्कृति मनाउने व्यक्तिले आफूले नमनाउने संस्कृतिप्रति विरोध जनाउँदैन । बरु सद्भाव र शुभकामना व्यक्त गर्छ । निबन्धकार स्वयम् दसैंतिहारको संस्कृतिमा रमाउँथिन् तर काठमाडौं आगमनपछि उनले उँधौली, उँभौली, बुद्धपूर्णिमा, क्रिसमस, ल्होसार, माघीलगायतका सांस्कृतिक विविधताबाट आँफूलाई प्रभावित तुल्याएकी छन् र आफूले परम्परित रूपमा नमनाएका संस्कृतिलाई पनि सहर्ष स्वीकार गरेकी छन् । उनले नेवारी, थकाली, किराँती, शेर्पाली, मधेसीलगायत समग्र सांस्कृतिक पहिचानलाई आत्मसात् गरेकी छन् ।

सबै संस्कृतिको अनुभव गर्न पाउँदा र अनेकौँ सांस्कृतिक सबलतामा उनी प्रसन्न देखिन्छिन् । नेपाली संस्कृतिले लैङ्गिक समानताको चाहना राखेको छ भने धनी र गरिबका बिचको वर्गीय समानतालाई जोड दिएको छ । सांस्कृतिक पक्षभित्र समाजमा विद्यमान व्यावहारिक पक्षलाई समेत समेटिएको छ । जसमा गार्गी, मैत्रेयी, मङ्गलादेवी, साहना प्रधान आदिको सङ्घर्ष र योगदान पनि समानताका निम्ति स्मरण गरिनुपर्ने व्यक्तित्वका रूपमा देखापरेका छन् ।

नेपाली संस्कृतिभित्र केही दुर्बल पक्षहरू पनि छन् । सांस्कृतिक दुर्बलताभित्र अन्धविश्वास तथा प्राचीन रूढिग्रस्त मान्यता विद्यमान छन् । त्यसको मूल कारणका रूपमा अशिक्षा, गरिबी, अन्धविश्वास र मनोवैज्ञानिक पक्षहरू मानिन्छन् । चाडपर्व र वेशभूषामा खासै दुर्बलता वा विकृति पाइँदैन । यदाकदा समाजमा लैङ्गिक, जातीय र वर्गीय विभेदका झिल्काहरू देखापर्छन् । महिला भएकै कारण कतिपय सांस्कृतिक परम्पराहरूमा छोइछिटो गरिनु, जन्मजात रूपमा जातीय विभेदको मान्यतालाई आत्मसात् गरिनु र श्रममा अन्तर गरिनु आदिलाई सांस्कृतिक विकृति र विसङ्गतिको नमुना मान्न सकिन्छ । धनी र गरिबका बिचमा लेनदेन गरिँदा हुने विभेद पनि सांस्कृतिक दुर्बलताकै स्वरूप मानिन्छ । समयानुकूल सांस्कृतिक पक्षमा पनि परिवर्तन हुनु जरुरी छ । जस्तो कि सती प्रथा, दाइजो प्रथा, बालविवाह आदि सांस्कृतिक पक्षमा पूर्ण परिवर्तन भएको देखिँदैन । त्यसैले ती अवशेषहरूको जरो उखेल्नु आवश्यक छ र ती नेपाली संस्कृतिमा देखिएका दुर्बलताका ज्वलन्त उदाहरण हुन् ।

नेपालमा अधिकतम मात्रामा सांस्कृतिक पक्षहरू मानवहितका निम्ति सबल र सार्थक छन् । आपसी मित्रता, भाइचारा, सद्भाव र खुसीयालीका दृष्टिले नेपाली संस्कृति प्रशंसनीय, स्तुत्य र उदाहरणीय बनेको पाइन्छ । थोरै मात्रामा देखिएका मानव अहित हुने वा परम्परावादी, विभेदपूर्ण केही कुप्रथाहरू नै नेपाली समाजमा पाइने सांस्कृतिक विकृति हुन् । यस्ता विकृतिजन्य सांस्कृतिक पक्षलाई परिमार्जन गर्न सके नेपाली संस्कृति विश्वकै सबैभन्दा उत्कृष्ट संस्कृति बन्न सक्ने धारणा स्रष्टाको रहेको छ ।

## शब्दभण्डार

१. उदाहरण हेरी उस्तै अर्थ आउने शब्दहरूको जोडा मिलाउनुहोस् :

उदाहरण :

| | | |
|---|---|---|
| (क) | शारदीय | शरदसम्बन्धी |
| | गतिशील | गति भएको |
| | भाका | लय |
| | चेतना | ज्ञान |

| | | |
|---|---|---|
| (ख) | श्रमिक | स्थिर |
| | मुक्त | पहिरन |
| | दमित | श्रम गर्ने |
| | अविचलित | दमन गरिएको |
| | वेशभूषा | स्वतन्त्र |

२. दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

लोकतन्त्र, विभेद, संस्कृति, समतामूलक, जीवनकला

३. तल बाकसमा दिइएका शब्दहरू कुन विषयक्षेत्रसँग सम्बन्धित छन्, उदाहरण हेरी छुट्याउनुहोस् :

तरकारी, चटनी, दुध, दही, घिउ, मही, पखाले, रोटी, ढिँडो, गुन्द्रुक, आलुतामा, बोडी, पकौडा, तरुवा, फुलौरा, खिर, ढकने, कुराउनी, खुवा, मालपुवा, मनभोग, समोसा, चाट, रसभरी, सिन्की, मेसु, किनेमा, माड, मस्यौरा, चाना, सिस्नो, फाँडो, क्वाँटी, ज्वानाको झोल, सेकुवा, बारा, चटामरी, योमरी, दहीबाडा, म्हःपूजा, छठ, माघी, बालाचतुदर्शी, ल्होसार, साकेला, शिवरात्री, फागुपूर्णिमा, चैतेदसैं, बुद्धपूर्णिमा, गुरूपूर्णिमा, साउने सङ्क्रान्ति, योमरीपूर्णिमा, जनैपूर्णिमा, गौरापर्व, जन्माष्टमी, कुसेऔंसी, तिज, ऋषिपञ्चमी, जितिया, सिरुवा, घोडेजात्रा, गाईजात्रा, बिस्केटजात्रा, मच्छिन्द्रनाथको जात्रा, कुमारीजात्रा, छलियानाच, टप्पानाच, धाननाच, पैँलेरीनृत्य, मारुनीनाच, सोरठीनाच, हुड्केलीनाच, भोजपुरी, नेवारी, अवधि, याख्खा, वान्तवा, साद्री, माझी, कुमाल, राजवंशी, थारू, बोटे, दराइ, राजी, दनुवार, दुरा, बाहिङ, हायु, मेचे, चेपाङ, लिम्बु, भुजेल, कोयू, चाम्लिङ, सुनुवार, योञ्जन, तामाङ, मगर, धिमाल, कोट, ढाकाटोपी, भादगाउँले टोपी, चौबन्दी चोलो, फरिया, गुन्यु, हाकुपटासी, बख्खु, दोचा, घलेकी, भाङ्ग्रा, कछाड, पछ्यौरा, च्यादर, मजेत्रो, भोटो

उदाहरण :

(क) नेपाली चाडपर्वहरू : दसैं, तिहार........

(ख) नेपाली नृत्यहरू : कौडा नृत्य, खुकुरी नाच.......

(ग) नेपालका भाषाहरू : नेपाली, मैथिली .......

(घ) नेपालका पोसाकहरू : दौरा, सुरुवाल.......

(ङ) नेपाली खानाका स्थानीय परिकार : भात, दाल.......

## बोध र अभिव्यक्ति

१. उदाहरण हेरी दिइएको निबन्धांश पढेर सोधिएका प्रश्नको उत्तर दिनुहोस्:

(क) मलाई लाग्यो प्रश्न गर्नु आलोचनात्मक हुनु हो र प्रश्नले मानिसलाई विवेकी बनाउँछ र बुद्धि दिन्छ । प्रश्न नगरेको भए ग्यालिलियो ग्यालिलियो हुने थिएनन् । गार्गी र मैत्रेयी गार्गी मैत्रेयी हुने थिएनन् । अलिकति विद्रोह त चाहिन्छ नै समतामूलक समाज बनाउन । मैले मङ्गलादेवी सिंह, साहना प्रधान सम्झेँ, मैले राजराजेश्वरी, योगमाया र विद्रोही धेरै महिलाहरू सम्झेँ । यो समानताका यात्रामा मैले धेरै पुरुषहरूलाई सम्झेँ, जो महिलासँगै मिलेर न्यायपूर्ण साझा संस्कृतिको निर्माण गर्न चाहन्थे । यस महान् स्वतन्त्रताको यात्रालाई पूर्णता दिन चाहन्थे । मैले यस यात्रामा सामेल भएर आवाज दिएँ । देशमा लोकतन्त्र आयो, देशमा गणतन्त्र आयो । संविधानले सांस्कृतिक पहिचान स्थापित गऱ्यो । समानताका विषय ल्यायो तैपनि हामीले न्याय

खोज्नु छ, संविधानको कार्यान्वयन खोज्नु छ र सुन्दर संस्कृतिको निर्माण गर्नु छ । हामीले प्राप्त गर्ने न्याय पनि यही हो । नयाँ नेपालको सांस्कृतिक दिशा र गति पनि त यही हो ।

उदाहरण :

(अ) माथिको निबन्धांशका आधारमा मानिसले आलोचनात्मक हुन के के गर्नुपर्छ ?

उत्तर : मानिसले जीवनमा आलोचनात्मक हुन प्रश्न गर्नुपर्छ । प्रश्न गर्दा अरूबाट आलोचित भइन्छ । प्रश्नले मानिसलाई दुखी बनाइदिन्छ । पशन गर्दा विरोधी जस्तो सम्भिmन्छ । कसैको प्रश्नबाट भmस्किने बानी हुन्छ । प्रश्न सुन्नेबित्तिकै उसको टाउको दुख्छ किनकि प्रश्न गरेपछि उसले उत्तर दिनुपर्छ । जसलाई प्रश्न गर्दा असजिलो लाग्छ, बुभ्mनुपर्छ कि उसलाई उत्तर पनि त्यस्तै असजिलो लाग्छ । प्रश्न गर्न सक्नु त मानिसको खुबी हो । नबुभ्mेको विषयमा प्रश्न गर्न सकिँदैन । प्रश्न गर्न पनि जान्नुपर्छ । प्रश्न गर्ने क्षमता बुद्धिमान् व्यक्तिमा मात्र हुन्छ । प्रश्नले मानिसलाई अभ्m बौद्धिक बनाउँछ । निबन्धकारका अनुसार प्रश्न नगर्ने व्यक्ति शिखर चुम्न सक्दैन । जजसले प्रश्न गरेका छन्, तिनै व्यक्तिहरू बौद्धिकताको उचाइमा पुगेका छन् । प्रश्नकै कारण ग्यालिलियो, गार्गी, मैत्रेयी, होमर जस्ता मानिसहरू साँच्चैका मानिस बन्न सफल भए । उनीहरूलाई प्रश्नले नै महानतामा पुऱ्यायो । प्रश्न गर्ने क्षमता भएकै कारण सफलता पनि सँगसँगै उक्लियो । स्रष्टाले यस सन्दर्भमा प्रश्न गर्ने विद्रोही स्वभाव भएका थुप्रै महान् व्यक्तिहरूको नाम लिएकी छन् । साहना प्रधान, मङ्गलादेवी, योगमाया, राजराजेश्वरी जस्ता व्यक्तिहरू विद्रोह गर्ने क्षमता भएकै कारण इतिहासमा स्वर्णाक्षरले अङ्कित भए । यिनै व्यक्तिहरूको प्रेरणाले स्रष्टालाई प्रश्न गर्न सक्ने क्षमता प्रदान गरेको छ ।

केही पुरुषले समेत महिला जागृतिका निम्ति आवाज उठाएका कुरालाई स्रष्टाले निष्पक्ष रूपमा उल्लेख गरेकी छन् । यही आवाजले स्रष्टामा जागरुकता ल्याएको छ । प्रश्न गर्ने सक्ने बनाएको छ तर प्रश्न गर्नु आलोचित हुनु हो । आलोचनाले मानिसभित्र बुद्धिको स्तम्भ निर्माण गर्छ । त्यसैले स्रष्टाका विचारमा आलोचित हुनु मानिस विद्रोही बन्नु हो । विद्रोह चेतनाको ढोका हो । यसले मानिसलाई पूर्णता दिन्छ । सफल बनाउँछ । जतिसुकै आलोचित भए पनि स्रष्टाले आफ्नो आवाजलाई निस्तेज नबनाउने दृढ प्रतिज्ञा गरेकी छन् । तसर्थ, आलोचनात्मक हुन विद्रोही बन्नुपर्छ । प्रश्न गर्न सक्ने क्षमता राख्नुपर्छ । स्रष्टाको उद्देश्य पनि यही नै हो ।

(आ) माथिको निबन्धांशले नयाँ संस्कृतिलाई कुन रूपमा कल्पना गरेको छ ?

उत्तर : माथिको निबन्धांशले नयाँ संस्कृतिको कल्पना गरेको छ । नयाँ संस्कृति भन्नाले हामीले प्राप्त गरेको संविधानको कार्यान्वय नै हो । जनताको बलिदानबाट प्राप्त भएको लोकतन्त्र र त्यसबाट प्राप्त नेपालको संविधान नै सबैभन्दा उपलब्धिपूर्ण कार्य हो तर संविधान कागजमा लेखिएर मात्र पूर्ण हुँदैन । संविधानले प्राप्त गरेको सांस्कृतिक पहिचानलाई स्थापित गर्न कार्यान्वयन पक्ष बढी प्रभावपूर्ण हुन्छ । कागजी समानताका पक्षमा कुनै द्विविधा छैन तर सर्वसाधारणले त्यसलाई उपभोग गर्न पाए वा पाएनन् । सामान्य जनताहरू त्यसबाट प्रत्यक्ष लाभान्वित भए वा भएनन् भन्ने विषय चाहिँ सबैभन्दा महत्त्वपूर्ण हो । जनताले ल्याएको लोकतन्त्र वा गणतन्त्र जनताकै पक्षमा हुनुपर्छ । समानता व्यवहारमा देखिनुपर्छ । वर्गगत विभेदको अन्त्य नभएसम्म समानता आउँदैन । खोक्रो नाराले मात्र समानता सम्भव छैन । जनताका आकाङ्क्षाहरू मौलाएका छन् । ती आकाङ्क्षालाई पूरा गर्नु नेतृत्वमा बस्नेहरूको हो । यही समानताको खोजीमा जनताहरू भौँतारिरहेका छन् । जाति, वर्ग, संस्कृति, धर्म, दर्शन, समाज आदिमा समानता आउनु नै सुन्दर संस्कृतिको खोजी हो ।

स्रष्टाको चाहना पनि यही नै हो । सबै जात जातिका आआफ्ना संस्कार, धर्म, परम्परा, मान्यता आदिले समान अधिकार पाउनुपर्छ । यही नै समानता हो । जनताको चासोको विषय पनि यही नै हो ।

स्रष्टाले भनेअनुसार सुन्दर संस्कृतिको खोजी नेपालबाहिरको संस्कृतिसँग सम्बन्ध छैन । हाम्रै देशमा छरिएर रहेका हिमालदेखि तराईसम्मका अथवा मेचीदेखि महाकालीसम्मका धार्मिक, सांस्कृतिक, परम्परित, सामूहिक, जातिगत विविधताभित्रको एकता हो । यी सबैको समान सद्भाव हो । सबै संस्कृतिको समान मूल्यमान्यता हो; त्यसैमा एकता छ । देश समानतामा नै मूल्यवान् बन्छ । त्यसैले स्रष्टाले चाहेको नयाँ संस्कृतिको कल्पना पनि यही नै हो ।

(ख) संस्कृति हाम्रो परिचय हो, हाम्रो पहिचान हो र हाम्रो अनुभूति हो । संस्कृति हाम्रो बोल्ने, विचार गर्ने र बाँच्ने तरिका पनि हो । हाम्रो संस्कृति बाँच्नुपर्छ, त्यसैले हाम्रा सांस्कृतिक मूल्यहरू बाँच्नुपर्छ । दसैं हाम्रो संस्कृति हो, तिहार हाम्रो संस्कृति हो । तिज, बुद्ध पूर्णिमा, उधौली, उँभौली, ल्होसार, क्रिसमस, इद सबै हाम्रा संस्कृति हुन् । सभ्यताको यस यात्रामा म बारम्बार सोध्छु र सोच्छु यस्ता सुन्दर अवसरलाई हामीले सदुपयोग गर्नै पर्छ । संस्कृतिका नाममा लिङ्ग, वर्ग, जातिका आधारमा हुने भेद विकृति हुन् । ती कुरा हट्नुपर्छ र संविधानले यसको सुनिश्चितता पनि गरेको छ ।

(अ) माथिको निबन्धांशले संस्कृतिलाई कसरी चिनाएको छ ?

(आ) हाम्रो संविधानमा के कस्ता सांस्कृतिक विषयहरूलाई सुनिश्चित गरिएको छ ?

२. नेपाल सांस्कृतिक विविधता भएको देश हो भन्ने कुरालाई 'संस्कृतिको नयाँ यात्रा' निबन्धबाट पुष्टि गर्नुहोस् ।

३. दिइएका बुँदाहरूलाई आधार मानेर श्रम र संस्कृतिबिचको अन्तरसम्बन्ध देखाउनुहोस् :

बुँदाहरू

- संस्कृति श्रमसँग जोडिएर आउने
- समाजमा धनी र गरिबको वर्ग छुट्टिने आधार पनि श्रम
- सम्पत्तिका आधारमा धनी, गरिबप्रति विभेद गर्नु खराब संस्कृति
- श्रमिक वर्गको आफ्नै संस्कृति हुने
- श्रममा नै फल्न, फक्रने र फुल्ने अवस्थालाई श्रमिक संस्कृति भनिने
- श्रमिकहरूका संस्कार नै लोकजीवन, लोककथा वा लोकसंस्कृति हुने
- श्रमिकको संस्कृति उनीहरूको आत्माका रूपमा रहेको
- श्रमिकको श्रम राष्ट्रकै प्रतिष्ठा हुने
- श्रमका आधारमा मानवीय भेद गर्न नहुने
- श्रम नै संस्कृति भएकाले यसको सम्मान गर्नुपर्ने
- श्रम, सिप र जाँगरले नै विश्वका मानवहरू प्रगतिको उचाइमा पुगेका प्रशस्त उदाहरणहरू देख्न पाइने

– त्यसैले श्रम र संस्कृतिका बिच अन्तरसम्बन्ध रहने ।

४. दिइएका पङ्क्तिहरूको व्याख्या गर्नुहोस् :

(क) मनुष्य जीवनको सार्थकता भन्नु नै चेतना हो ।

(ख) म बाँचेको पृथ्वी साझा छ, हाम्रा भावना साझा छन् र मन साझा छ ।

५. दिइएका बुँदाका आधारमा सांस्कृतिक समतामूलक समाजका पक्षमा विवेचनात्मक उत्तर लेख्नुहोस् ।

बुँदाहरू

– 'संस्कृतिको नयाँ यात्रा' निबन्ध सुधा त्रिपाठीको महत्त्वपूर्ण रचना
– यस निबन्धमा नेपालमा मनाइने विभिन्न जातिगत, धर्मगत, भाषागत, भूगोलगत, सम्प्रदायगत, संस्कृतिलाई सूक्ष्म रूपमा वर्णन गरिएको
– विविधताले भरिपूर्ण नेपालको संस्कृतिमा पनि अनेकता पाइने
– संस्कृति जजसको जेजस्तो भए पनि सबैले सम्मानका साथ आदर गर्नुपर्ने
– अरूको संस्कृतिलाई पनि स्वीकार गर्न सक्ने क्षमता हामीमा रहनुपर्ने
– जात, लिङ्ग, वर्ग, क्षेत्र, सम्प्रदाय आदिका आधारमा व्यावहारिक भिन्नता देखिनु नहुने
– श्रमको मूल्य पुरुष वा महिलामा समान हुनुपर्ने
– महिलामाथि पुरुषहरूले हेर्ने दृष्टिकोणमा परिवर्तन आउनुपर्ने
– सम्पूर्ण जनता मिलेर ल्याएको लोकतन्त्र र गणतन्त्रले संविधानमा समानताको निर्देशन उल्लेख गरेको
– नेपालको संविधानमा उल्लेख गरिएका नीति नियमलाई व्यावहारिक रूपमा कार्यान्वयन गराउनुपर्ने
– वर्गीय, जातीय, धार्मिक, नैतिक, साम्प्रदायिक, भौगोलिक, सांस्कृतिक विभेदको अन्त्य नै समतामूलक समाजको निर्माण गर्ने मूल आधार रहेको
– तसर्थ विभेदपूर्ण नेपाली समाजले नै समानताको अधिकार प्रदान गर्न सक्ने सन्देश दिइएको ।

## सुनाइ र बोलाइ

१. नेपालमा प्रचलित विभिन्न समुदायसँग सम्बन्धित नाचका बारेमा सामान्य जानकारी दिइएको छ । तिनलाई सुन्नुहोस् र बुझ्नुहोस् :

(क) **साकेला नाच :** साकेला नाच किराँत राई जातिको संस्कार हो । राईहरू प्रकृतिको पूजा गर्छन् । वर्षको दुईपल्ट मनाइने साकेला नृत्यलाई उँधौली र उँभौली भनिन्छ । उँधौली साकेलाले जाडो मौसमको सङ्केत गर्छ । पहाडी उच्च भेगका चराचुरुङ्गी, खोलाका माछा जाडो छल्न उँधोतिर झर्ने भएकाले यसलाई उँधौली भनिएको हो । उँभौली साकेला चाहिँ वैशाखमा मनाइने पर्व हो । भोर्लाको पात पलाएको अवस्थालाई नयाँ वर्ष मानिन्छ । उँभौलीदेखि बर्खा लागेको सङ्केत गरिन्छ । उँधो झरेका जीवजन्तु पनि उँभोतिर लाग्ने भएकाले यसलाई उँभौली भनिएको हो । किराँती जातिमा उँधौली र उँभौली गरी दुई प्रकारका मात्र ऋतुहरू हुन्छन् भन्ने मान्यता रहिआएको छ ।

(ख) **मारुनी नाच :** मारुनी मगर समुदायमा प्रचलित नृत्य हो । पाल्पा जिल्लाका विभिन्न क्षेत्रमा यसको विशेष प्रचलन रहेको छ । वर्षको चारपटकसम्म यो नाच नाचिन्छ । दसैँको महाष्टमीबाट दुर्गादेवीको पूजा आराधना गरी नाच सुरु गरिन्छ । दसैँको दशमीको भोलिपल्ट, तिहारको भाइटिकाको भोलिपल्ट, हरिबोधिनी एकादशीको भोलिपल्ट तथा मङ्सिरे पूजाको भोलिपल्ट मारुनी नाच नाचिन्छ । विशेष गरी पुरुषहरूले गीत गाउने, नाच्ने, बादल बजाउने गर्छन् र महिलाहरूले नाचसम्बन्धी व्यवस्था मिलाउने काम गर्छन् । यस नाचको मुखियालाई रौरा भनिन्छ । दुई समूहमा बसेर गाइने यस गीतमा रामायण, कृष्णचरित्र, डाँडी, झुमरी र सरस्वतीसम्बन्धी गीतहरू गाइन्छन् ।

(ग) **लाखे नाच :** नेवार समुदायमा प्रचलित विभिन्न प्रकारका नाचहरूमध्ये लाखेनाच पनि एक हो । प्रायः उपत्यकामा प्रचलित यस नाचमा कृष्णलाई मार्न कंसले बहिनी पुतनालाई प्रयोग गरेको र पुतनाले राक्षसको स्वरूप लिएर नृत्य गरेको मानिन्छ । नागपञ्चमीका दिनबाट सुरु भएर ऋषिपञ्चमीका दिन बन्दुक पड्काएर लाखेनाच विसर्जन गरिन्छ ।

(घ) **झिझिया नाच :** झिँझियानाच नेपालको तराईमा बसोबास गर्ने मैथिली समुदायमा प्रचलित नाच हो । यस नाचमा छ जना महिला र एक अर्धबैँसी महिला नाच्ने गर्छन् । माटाको घैलामा आगो बाली महिलाका शिरमा राखेर नचाइन्छ । यसो गर्दा भूतप्रेत भाग्छ भन्ने विश्वास रहिआएको छ ।

(ङ) **सङ्गिनी नाच :** सँगिनीनाच नारीहरूको नृत्य हो । गीत र नाच एकैचोटि सामूहिक रूपमा दुई जोडी भएर गाइन्छ र नाचिन्छ । यसमा रामायण, महाभारत, गीता आदि धार्मिक ग्रन्थका विषयवस्तु गीतका शैलीमा गाइन्छन् । वरिपरि गोलो घेरा बनाई आपसमा हात जोडी, वरिपरि घुम्दै, गाउँदै र नाच्दै गरिने नाच नै सँगिनी हो । यो नेपालको पूर्वी पहाडी क्षेत्रमा विशेष प्रचलनमा रहेको छ । जुनसुकै चाडपर्वमा पनि यो गीत गाइएको पाइन्छ ।

(च) देउडा नाच : नेपालको सुदूरपश्चिमी भूभाग तथा मध्यक्षेत्रतर्फ बढी प्रचलित देउडानाच पछिल्लो चरणको निकै लोकप्रिय संस्कृति हो । मुख्य रूपमा बैतडी, अछाम, बझाङ, डोटी, डडेलधुरा, कालिकोट, जुम्ला, दैलेख, जाजरकोट, हुम्ला आदिमा देउडा गाइने प्रचलन बढी देखिन्छ । यस गीतको नृत्यलाई देउडाखेल पनि भनेको पाइन्छ । स्थानीय भाषिकामा गाइने देउडा खास गरी दसैँ, तिहार, होली, गौरापर्व जस्ता चाडबाडका बेलामा गाइने गरिन्छ ।

(छ) धान नाच : विशेष गरी पुर्वी नेपालको संखुवासभा, सुनसरी, मोरङ, धनकुटा, पाँचथर, ताप्लेजुङ आदि जिल्लामा बसोबास गर्ने लिम्बू जातिको सबैभन्दा उल्लेखनीय नृत्य हो धाननाच । च्याब्रुङ बजाउँदै वरिपरि गोलो भएर हात हात समाउँदै अगाडि र पछाडि सर्दै लामो स्वरमा गीत गाउँदै धान नाचिन्छ । धाननाचलाई लिम्बू भाषामा थालक्मा भन्ने चलन छ । विशेष गरी युवा र युवतीले सवाल र जवाफका आधारमा भाका गाउँदै नाच्छन् । केटाकेटीहरूको मन मिलेमा यही नाचबाट नै विवाह गर्ने चलन छ ।

(ज) हुड्केली नाच : नेपालको पश्चिमी भागमा नाचिने हुडकेलीनाच हुड्का बजाउँदै नाचिने नाच हो । यसमा पौराणिक कथा, राजामहाराजका प्रसङ्गहरू वर्णन गरिन्छन् । यसलाई कर्खा वा भारत पनि भनिन्छ । विवाह, व्रतबन्ध जस्ता शुभकार्यमा यो नाच नाचिन्छ । नर्तकले टाउकामा सेतो पगरी गुथी प्रायः दमाई जातिले नाच्ने गर्छन् ।

## भाषातत्त्व

१. दिइएका शब्दबाट नामका प्रकार छुट्याउनुहोस् :

परिवार, घुइँचो, टोली, जुलुस, जमात, जन्ती, लस्कर, जनता, गुल्म, गण, कक्षा, जोडी, युगल, नदी, हिमाल, पहाड, देश, मानव, प्राणी, पशु, किताब, गाई, दानव, देवता, फूल, महासागर, अन्न, वेदना, व्यथा, पीडा, बल, शक्ति, जोस, उत्साह, उमङ्ग, सुख, दुःख, साहस, भाग्य, निद्रा, विद्या, कलह, दसैँ, तिहार, तिज, माघेसङ्क्रान्ति, होली, सरस्वतीपूजा, जनैपूर्णिमा, ल्होसार, क्रिसमस, बुद्धजयन्ती, शिवरात्री, घिउ, तेल, पानी, दुध, दही, रगत, मोही, मसी, झोल, पेट्रोल, डिजेल, रक्सी, मह

(हरेक प्राणी, पदार्थ, ठाउँ, गुण, धर्म आदिलाई बुझाउने शब्द नाम हुन् अथवा वचन, लिङ्ग, पुरुष कारक आदिका आधारमा रूपायित हुने र वाक्यमा कर्ता, कर्म, पूरकको काम गर्ने पद नाम हुन् । को र के प्रश्न गर्दा जे उत्तर आउँछ त्यो नाम हो । व्यक्तिवाचक, जातिवाचक, समूहवाचक, द्रव्यवाचक र भाववाचक गरी नाम पाँच प्रकारका हुन्छन् ।)

२. दिइएका शब्दहरू सर्वनामका कुन प्रकारभित्र पर्छन्, छुट्याउनुहोस् :

तँ, तिमी, तिमीहरू, तपाईं, तपाईंहरू, हजुर, हजुरहरू, यहाँ, यहाँहरू, म, हामी, यो, त्यो, ऊ, यिनीहरू, तिनी, ती, तिनीहरू, उनी, उनीहरू, उहाँ, उहाँहरू, अरू, सबै, को, के, कुन, कोही, केही, कुनै, जो, जे, जुन, जोसुकै, जेसुकै, जुनसुकै, कोही कोही, केही केही, कुनै कुनै, स्वयं, निज, आफू

(नाम, पदावली, उपवाक्य र वाक्यको सट्टा प्रयोग भई तिनीहरूको काम गर्ने पदलाई सर्वनाम भनिन्छ । पुरुषवाचक, दर्शक, सम्बन्धवाचक, प्रश्नवाचक र निजवाचक गरी सर्वनाम पाँच प्रकारका हुन्छन् ।)

३. तलको अनुच्छेदबाट विशेषण शब्द खोजेर लेख्नुहोस् :

मानिसका आँखालाई रातो रङले छिट्टै प्रभाव पार्दछ । हुन त कालो, पहेँलो, निलो, हरियो आदि रङहरू पनि कम प्रभाव पार्ने खालका छैनन् । प्रत्यक्ष आँखाले अनुभव गर्ने सातओटा रङ भए पनि ती रङलाई मिसाएर सयौँ रङका प्रकार बनाउन सकिन्छ तर रातो, कालो रङ चाहिँ अरू रङमा अलिकति मिसाउने बित्तिकै आफ्नो प्रभाव जमाइहाल्छन् । यी सबै रङ हाम्रो जीवनका उपयोगी वस्तु हुन् । यी रङलाई हामीले पढ्ने, लेख्ने किताबकापी, बस्ने घर, लगाउने लुगा र हामीले प्रयोग गर्ने सामग्रीमा प्रयोग गर्छौं ।

(नाम र सर्वनामको विशेषता, गुण, दोष, धर्म, रीति, मात्रा, सङ्ख्या, रङ, आकार, अवस्था, बानी, स्वभाव आदि बुझाउने शब्दलाई विशेषण भनिन्छ । वाक्यमा कसको, कस्तो, कत्रो, कति, कुन जस्ता प्रश्न गर्दा जे उत्तर आउँछ, त्यो विशेषण हो । गुणबोधक, सङ्ख्याबोधक, परिमाणबोधक, सार्वजनिक, भेदक र कृदन्त गरी विशेषण छ प्रकारका हुन्छन् ।)

४. तलका शब्दहरू कुन विशेषणअन्तर्गत पर्छन् छुट्याउनुहोस् :

असल, खराब, लोभी, पापी, गुणी, धर्मी, नामी, मूर्ख, राम्रो, चलाख, दानी, शान्त, नौलो, एक, दुई, दश, सय, हजार, लाख, सयौँ, हजारौँ, लाखौँ, करोडौँ, अलिकति, धेरै, थोरै, कम, बेसी, बढी, पुरै, जम्मै, थुप्रै, केही, सबै, प्रशस्तै, कम्ती, को, के, कुन, यो, त्यो, जे, जो, हाम्रो, साथीको, मेरी, बुबाकी, पढेको, जान्ने, उठेको

५. तलको अनुच्छेदबाट क्रियापद पहिचान गरी लेख्नुहोस् :

केटाकेटी बिहानै उठ्छन्, हातमुख धुन्छन्, पानी पिउँछन्, दुध, चिया र खाजा खान्छन् अनि पढ्न बस्छन् । पढेर कापीकिताब झोलामा मिलाएर राख्छन् अनि खाना खान्छन् र विद्यालय जान्छन् । दिनभरि पढ्छन्, बेलुका घर फर्किन्छन्, हातखुट्टा धुन्छन्, घरमा बनाएको खाजा खान्छन्, गृहकार्य गर्छन्, पढ्ने, लेख्ने काम सकेपछि केहीबेर खेल्छन्, साँझ पर्छ अनि घरको काममा परिवारलाई सघाउँछन् र बेलुकाको खाना खाएपछि केहीबेर पढ्छन् अनि सुत्छन् ।

(कर्ताले गरेको कार्यव्यापारको सङ्केत गर्ने पद क्रिया हो । काम भएको, नभएको वा हुने आदि घटनालाई क्रियाले बुझाउँछ । वाक्यमा यसलाई विधेय पनि भनिन्छ । वाक्य टुङ्ग्याउने धातुबाट निर्मित समापक पद मात्र क्रियापद हुन्छ ।)

## सिर्जना/परियोजना

१. तलको उदाहरणमा दिइए जस्तै दिइएका शीर्षकमा आधारित भई प्रारम्भिक, विस्तार र निष्कर्षसहितको एउटा अनुच्छेद लेख्नुहोस् ।

उदाहरण :

नेपालका वनस्पति

उत्तर : वानस्पतिक विविधता भएको नेपाल भौगोलिक दृष्टिले पनि विविधतापूर्ण मुलुक हो । यहाँ प्रशस्तै झारपात र वनस्पतिहरू छन् । धेरैजसो झारपात औषधिका रूपमा प्रयोग हुन्छन् । हामी ती झारपातको महत्त्व बुझ्न सक्दैनौँ र त्यत्तिकै छोडिदिन्छौँ । हामीले ती झारपात वा वनस्पतिलाई चिन्ने हो भने कुनै पनि औषधि किनेर

खानुपर्दैन । हरेक झारपातमा औषधिको गुण लुकेको हुन्छ । धनियाँ, पुदिना जस्ता झारपातलाई हामीले दैनिक चटनीका रूपमा प्रयोग गरेको हुनाले नै अधिकांश रोगहरू हामीबाट टाढा छन् । अझै कतिपय रोगहरूको सिकार भएका छौँ । ती रोगहरू पनि निको हुन सम्भव छ तर हामीले सबै खालको वनस्पतिलाई चिन्नु आवश्यक छ । त्यस्ता वनस्पतिलाई हामीले सुरक्षा गर्नुपर्छ । तिनै वनस्पतिका कारण नेपाललाई वानस्पतिक विविधताले भरिपूर्ण छ भन्ने गरिन्छ ।

शीर्षक

(क) नेपालको सांस्कृतिक विविधता

(ख) नेपालको गौरव : कृषि व्यवसाय

२. तल सङ्कलन गरिएको लोकगीत गाएर अरूलाई सुनाउनुहोस् साथै, तपाईं पनि आफ्ना गाउँघरमा प्रचलित लोकगीतहरू सङ्कलन गर्नुहोस् ।

लोकगीत

कसलाई सोधौँ मनभरि बह छ
गहभरि आँसुको दह छ
कैलै सानो भैन पिर पनि
नधोएर जाने हजुर
न रोएरै गयो नि
कस्तो होला मनको पिर पनि ।
हा मर्न पाए दुख नि लुक्थ्यो
न कसैको वचनले मन दुख्थ्यो
कैलै सानो भैन पिर पनि
नधोएर जाने हजुर
न रोएरै गयो नि
कस्तो होला मनको पिर पनि ।

३. तपाईं कुन कुन संस्कार मान्नुहुन्छ, आफूले मान्दै आएका संस्कारका नाम लेख्नुहोस् ।

पाठ ४

# योगमाया

## परिचय

नेपालको राजनैतिक इतिहासमा निरङ्कुशताका विरुद्ध सशक्त क्रान्ति गर्ने व्यक्तिहरूमध्ये योगमायाको नाम अविस्मरणीय रहेको छ । उनी नेपालको इतिहासमा परिवर्तनका लागि सङ्घर्ष गर्ने महान् नारी हुन् । सामान्य परिवारमा जन्मिएर परम्परित संस्कारमा हुर्किएकी एउटी बालिकाभित्रको मानसिक रूपमा परिवर्तन भई उनले समाजलाई दिएको योगदान अतुलनीय छ । योगमायाले वि.सं. १९२४ तिरको नेपाली समाजमा विद्यमान विकृतिहरूको विरुद्धमा आवाज उठाइन् र परिवर्तनका लागि आफ्नो जीवन आहुति दिइन् ।

योगमाया १९२४ मा जन्मिएर १९९८ मा मृत्यु वरण गरेकी सामाजिक, सांस्कृतिक अभियन्ता हुन् । चन्द्रकला र श्रीलाल न्यौपानेकी पहिलो सन्तानका रूपमा भोजपुरमा जन्मिएकी योगमायाको परम्परित लोकमान्यता र समाजअनुसार बाल्यकालमै बिहे भयो । विधिको विधान कसैले मेट्न सक्दैन भने झैँ उनी विधवा हुन पुगिन् । समाजबाट तिरस्कृत हुँदै गएपछि उनलाई नेपाल बस्ने इच्छा भएन र उनी निकै दुःखकष्टका साथ भागेर भारतको आसामतर्फ लागिन् । त्यहाँ उनले दोस्रो विवाह गरिन् तर दोस्रो वैवाहिक जीवन पनि सफल हुन सकेन र उनका श्रीमान्को मृत्यु भयो । यस्ता घटनाले योगमायामा सांसारिक जीवनप्रति वितृष्णा पैदा हुन थाल्यो ।

योगमाया सांसारिक जीवनबाट योग र ध्यानतर्फ लाग्न थालिन् । सङ्गतले मानिसलाई परिवर्तनतर्फ उन्मुख गराउँछ । योगमायाको सङ्गत पनि धार्मिक तथा आध्यात्मिक चिन्तनतर्फ केन्द्रित रह्यो । उनी नेपाल फर्किएर परम्परादेखि नै रहँदै आएका विकृतिका विरुद्ध लड्नका लागि आफूलाई सक्षम बनाउन धार्मिक अनुष्ठानतर्फ संलग्न भइन् । उनले नेपालीलाई सामाजिक परिवर्तनका लागि उत्प्रेरणा जगाउन विभिन्न किसिमका माध्यमहरू अपनाउन थालिन् । ठाउँ ठाउँमा बसेर धार्मिक, सांस्कृतिक तथा सामाजिक परिवर्तनको चेतना फैलाइन् । जातीय छुवाछुतको विरोध गरिन् । बालविवाह रोक्नुपर्ने आवाज उठाइन् । उनी सामाजिक लेनदेनमा हुने विभेद अन्त्यका लागि सङ्घर्षमा होमिइन् । कहिले आफैँ र कहिले आफूले खटाएका व्यक्तिका माध्यमबाट तत्कालीन राणाशासकसमक्ष बिन्ती चढाइन् । उनका विविध मागमध्ये कुनै पनि मागको सुनुवाइ नभएपछि त्यसका विरुद्ध उनी भक्तजनसहित अग्निसमाधि लिने निर्णयमा पुगिन् । त्यस निर्णयलाई सरकारले बिथोलिदियो अनि उनी र उनको समूहलाई बन्दी बनायो । केही समयपछि करागारबाट छुट्नासाथ आफूले राखेका मागहरू पूरा गर्न दवाब दिने उद्देश्यका साथ उनी ६८ जना भक्तसहित वि.सं. १९९८ असार १२ गते जलसमाधि लिन पुगिन् । यसरी समाज परिवर्तन गर्न चाहने नारीहरूमाथि तत्कालीन निरङ्कुश शासकले योगमायाको समूहलाई जलसमाधि लिन बाध्य बनायो ।

योगमायाको बाल्यावस्थादेखि अन्तिम अवस्थासम्म सङ्घर्षमय जीवन बित्यो । उनले गरेको सङ्घर्ष नेपालीहरूका लागि थियो भन्ने कुरा तत्कालीन शासकले बुझ्न सकेनन् । उनले भोगेका अनेकौँ अमानवीय क्रियाकलापहरूका विरुद्ध चेतना फैलाउन कठोर सङ्घर्ष गरिन् । तत्कालीन लैङ्गिक विभेद, दासप्रथाको विरोध, न्यायप्रणालीमा मनोमानी, बालविवाहको विरोध, जातीय छुवाछुतको निषेध, स्वैच्छिक विधवा विवाहको समर्थन जस्ता धर्मराज्यसम्बन्धी चिन्तनका लागि योगमायाले

गरेको बलिदान आज पनि स्तुत्य छ । अन्याय, अत्याचार सहेर बस्नुभन्दा स्वैच्छिक जीवन बलिदान दिन सक्ने योगमायाको जीवनी हामी सबैका लागि प्रेरणादायी रहेको छ ।

### सिकाइ उपलब्धि

(क) जीवनी पाठलाई सस्वर वाचन गर्न

(ख) जीवनीका कठिन शब्दको अर्थ बुझी वाक्यमा प्रयोग गर्न

(ग) जीवनीको भावलाई व्यक्त गर्न

(घ) जीवनी लेखनको क्रम बुझ्न

(ङ) जीवनीका महत्त्वपूर्ण पङ्क्तिको व्याख्या गर्न

(च) जीवनीबाट प्रेरणा प्राप्त गर्न

(छं) जीवनी पाठमा आधारित भई व्याकरणात्मक पक्षको अभ्यास गर्न

(ज) जीवनी लेख्न ।

### मूल पाठ (जीवनी)

## योगमाया

जीवन र मृत्यु मानिसका स्वाभाविक प्रक्रिया हुन् । मान्छेको जीवनको सार्थकता उसको गतिशीलता र रूपान्तरणबाट सिद्ध हुन्छ । योगमाया यस्तै गतिशील महिला हुन् । भोजपुर जिल्लाको नेपाले डाँडाको सिम्ले भन्ने सानो गाउँमा जन्मेर देश विदेशको यात्रा तय गर्दै विद्यमान कुरीति, महिला विभेद र जातीय कुरीतिका विरुद्ध बोल्ने प्रखर महिलाका रूपमा चिनिन्छिन् । विद्यालयीय शिक्षाको अवसर नपाएर पनि स्वअनुभव र स्वसिकाइका माध्यमबाट अध्यात्म, मानवता र सामाजिक सांस्कृतिक परिवर्तनको पक्षमा आवाज उठाउने योगमायालाई नेपाली समाजमा प्रेरणादायी महिलाका रूपमा लिने गरिन्छ । जीवनमा काम, क्रोध, लोभ मोहबाट मुक्त भई वैराग्यलाई अँगालेर विद्रोहको नयाँ शैलीलाई अपनाउने योगमाया नेपाली समाजकी एक्ली महिला हुन् । विद्रोहको अग्नि समाधि र जल समाधिको त्यो शैली वर्तमान समयमा उपयुक्त नभए पनि तत्कालीन राणा शासनको विरुद्धमा गरिएको आन्दोलनको एउटा स्वरूप थियो ।

योगमायाको जन्म वि.सं. १९२४ मा श्रीलाल न्यौपाने र चन्द्रकला न्यौपानको पहिलो सन्तानका रूपमा भएको हो । योगमाया पुष्पलाल र अग्निधर नामका दुई भाइकी एक्ली दिदी थिइन् । सामाजिक परम्पराअनुसार सात वर्षको कलिलो उमेरमा नै उनको विवाह भयो । पति भनेर चिन्न नपाउँदै विवाह गरेको दुई वर्षमा उनी विधवा भइन् । तत्कालीन नेपाली समाजमा विधवा हुनु भनेको पीडादायी अवस्थामा पुग्नु हो । बाल स्वभाव र गुणका आधारमा उनले घरपरिवार र समाजको तिरस्कार भोग्नुपऱ्यो । यही कारण उनी शारीरिक र मानसिक यातनाको समेत सिकार भइन् । यसरी अत्याचारका सबै खाले स्वरूपलाई सहँदै उनी चौध वर्षको उमेरसम्म घरमै बसिन् ।

तत्कालीन सामाजिक परिवेशमा सासू र नन्दको प्रताडना सहन नसकेपछि उनी भागेर माइत गइन् । माइतीमा पनि उनले घर गरिखान नसकेकी भनेर प्रशस्त निन्दा सहनुपऱ्यो । बुबाआमा र माइतीतिरका सबैले त्यस बेलाको सामाजिक प्रचलअनुसार उनलाई आफ्नै घर फर्काउन प्रयत्न गरियो । यसरी माइती र घर दुवैतिरबाट उपेक्षित योगमायामा बिस्तारै विद्रोहको चेतना पलाउन थाल्यो । उनी घर र माइतीका बिचमा व्रिद्रोह गर्दै आसाम पुगिन् । आसाम पुगेर उनले एक्लो अनुभव गरिन् । पतिको सतीत्वमा बसिरहनुपर्ने मृत्यसंस्कारका विरुद्ध कडैंल थरका व्यक्तिसँग विवाह गरिन् । केही वर्षपछि उनका पतिको मृत्यु भयो । पतिको मृत्युपछि उनी भावविह्वल भइन् । अकस्मात् उनका जीवनमा डोटेल थरका व्यक्ति आइपुगे । ती व्यक्तिले उनीसँग विवाहको प्रस्ताव गरे । उनी पनि राजी भइन् । उनीहरूबाट नैनकला नामकी छोरी जन्मिइन् ।

योगमाया अब सामाजिक क्रियाकलापमा सहभागी हुन थालिन् । त्यस समयमा सबैभन्दा प्रचलित सामाजिक गतिविधिका रूपमा पूजा प्रार्थना आदि रहेका थिए । उनले यस्ता क्रियाकलापमा सक्रिय सहभागिता जनाउँदै नेतृत्वको भूमिका निर्वाह गरिन् । यस्ता सामाजिक, धार्मिक कार्य, आर्यसमाजीहरूको सुधार चेतना र साधुसन्तहरूको सङ्गतले योगमायामा जीवन र समाजलाई हेर्ने नयाँ चेतना जागृत भइरहेको थियो । यसबाट उनी बिस्तारै बिस्तारै प्रभावित हुँदै गइन् । अङ्ग्रेज विरोधी आन्दोलन र धार्मिक आध्यात्मिक क्रियाकलापको सहभागिताले उनको चेतना अभिवृद्धि हुँदै गयो । बाल्यकालदेखिका आफ्ना भोगाइ र आफू बाँचेको समाजका विसङ्गतिका कारण उनी आर्थिक र सामाजिक सञ्जालको मोहबाट मुक्त हुँदै गइन् । यसले उनीमा वैराग्यचेतको बीजारोपण गरायो । यही चेतलाई सार्थकता प्रदान गर्ने हौसला पनि जागृत भयो । यसका लागि उनले तपस्या गर्ने योजना बनाइन् । तपस्याका लागि आफ्नो जन्मथलो नै उनलाई उपयुक्त लाग्यो । आफ्ना भाइलाई लिन आउने सन्देश पठाएर भाइकै साथ लागी उनी आफ्नै जन्मथलो भोजपुर आइपुगिन् । वि.स. १९७३ को एक साँझ उनी आफ्नी छोरी नैनकला र भाइका साथ मझुवाबैँसी पुगिन् ।

मझुवाबैँसीमा योगमायाको आगमन त्यहाँका मान्छेका लागि उत्सुकताको विषय बन्यो । त्यही उत्सुकतालाई समेट्दै योगमायाले गाउँलेहरूलाई साथी बनाउन थालिन् । सामाजिक रूपमा समावेश हुँदै घरमा हुने पूजा, पुराण र चौतारीहरूमा सामूहिक सहभागिता जनाउँदै गइन् । आसाममा सिकेको ज्ञान र अनुभवलाई उनले त्यहाँ प्रयोग गर्ने अवसर पाइन् । यही ज्ञान र अनुभवका आधारमा पण्डितहरूसँग शास्त्रार्थ गर्ने तथा समाजका पुरुषहरूसँग बहस पनि गर्न थालिन् । यसैबिच उनी प्युठानको स्वर्गद्वारीमा रहेका महाप्रभु अभयानन्द द्वितीयकहाँ पुगी दीक्षा लिइन् र सन्न्यासी बनिन् । सन्न्यासी बनेपछि घरायसी वातावरण त्याग गर्नुपर्ने भएकाले उनी मझुवाबैँसीमै कुटी बनाएर एक्लै बस्न थालिन् । योगमाया आफ्नो ज्ञान र बुद्धिका माध्यमबाट साधक बनेकी त्यस समाजकी अगुवा महिला भएकाले उनको योग साधना पनि त्यतैतर्फ लक्षित भयो । उनमा धाराप्रवाह प्रवचन दिन सक्ने खुबी थियो । यही खुबीका कारण उनका वरिपरि मानिसहरूको घुइँचो लाग्न थाल्यो । भोजपुर आसपासका धेरै मानिसहरू उनको प्रवचन सुन्न आउन थाले र उनीप्रति श्रद्धाभाव बढ्न थाल्यो । भक्तजनको घुइँचो लागेपछि मझुवाबैँसीका कुटीले उनलाई पुगेन । उनी उफ्रौलीटारमा रहेको फराकिलो जमिनमा सरिन् र भक्तजनलाई समेट्ने गरी कुटी पनि निर्माण गरिन् । उफ्रौलीटारको कुटी पनि वि.सं. १९८८ मा अरुणमा आएको ठुलो बाढीले बगाएपछि उनी इर्खुवापारिको गौँडिनीमा सरिन् । उनी जहाँ जहाँ बसाइँ सर्थिन्, भक्तजनहरू त्यहीँ त्यहीँ पुग्थे । उनको योगसाधना र तपस्याबाट प्रभावित पनि हुन्थे । उनले तपस्याका निराहार, जलाहार, अल्पाहार जस्ता विधिहरूको प्रयोग गर्थिन् । शरीरलाई मौसम र वातावरणअनुसार

समायोजन गर्न कहिले कैयौं दिन अरुण नदीमा आधा शरीर डुबाएर बस्थिन् । कहिले गर्मी याममा पञ्चाग्नि ताप्थिन् । यस्ता कठोर तपस्याले उनलाई दृढ बनाउँथ्यो । यही दृढताले गर्दा उनी वि.सं. १९९२ मा आफ्ना अनुयायीसहित खाम्पालुङ हिमाल पार गरेर तपस्यासमेत गरिन् । यतिमा मात्र उनको साधनाको यात्रा टुङ्गिएन । वि.सं. १९९७ मा उनले भोजपुरकै उच्च पहाडी क्षेत्र चायाँबोटे सिरान तोरीबारीको छेउको अग्लो थुम्कामा बसेर तेइस दिनसम्म तपस्या गरिन् । यी विभिन्न ठाउँमा गरिएका तपस्याको मुख्य उद्देश्य साधनाको प्राप्ति र सबै प्रकारका मोहबाट उन्मुक्तिको चाहना नै थियो । यी तपस्याका विविध मोडका मुख्य उद्देश्य जीवनका लोभ र मोहबाट मुक्त हुँदै समाज सुधारको चाहना राख्नु थियो ।

सन्न्यासी जीवन सुरु गरेसँगै योगमायामा सामाजिक चेतना सलबलायो । उनी धार्मिक, सामाजिक, प्रशासनिक, आर्थिक तथा राजनीतिक क्षेत्रमा विद्यमान सबै खाले विकृतिहरूका बारेमा खुलेर विरोध गर्न थालिन् । उनी छुवाछुतलाई मानव सभ्यताको सबैभन्दा ठुलो कलङ्क ठान्थिन् । त्यसैले कुनै पनि सामाजिक कार्यमा मानिसहरूलाई छुत र अछुत तथा माथिल्लो जात र तल्लो जातमा छुट्याउनु घोर अपराध मान्थिन् । सनातनी परम्पराको नाममा जातका आधारमा फरक फरक कानुन प्रचलनमा रहेको त्यस समयको समाजमा छुवाछुत र जातपात नमान्नु घोर आपत्तिको विषय हुन्थ्यो । त्यस्ता व्यक्तिहरू विभिन्न दण्डका भागी हुन्थे । त्यस्तो कठोर राणाकालीन समयमा पनि उनले छुवाछुत तथा वर्णाश्रमको खुलेर विरोध गरिन् । पूजा, आराधना, भजन, कीर्तन, प्रसाद वितरण र ग्रहणमा तिनीहरूलाई सहभागी गराएर उनले आफ्नो धारणालाई व्यवहारमा पनि उतारिन् । उनका थुप्रै भक्तहरू कथित दलित पनि थिए र उनीहरू सबै जना विनाभेदभाव सबै गतिविधिमा संलग्न हुन सक्थे । उनको आश्रममा प्रचलित यस किसिमको छुवाछुतरहित वातावरण देखेर कथित सनातनीहरू योगमायाको खुब आलोचना गर्थे ।

योगमाया लैङ्गिक विभेदको पनि कट्टर विरोधी थिइन् । उनी बालविवाहको विपक्षमा उभिन्थिन् तर स्वैच्छिक विधवा विवाहको समर्थन गर्थिन् । सती प्रथा र दास प्रथाको घोर विरोध गर्थिन् । कानुनी रूपमा सती प्रथा त पहिल्यै उन्मूलन भएको भनिए पनि व्यवहारमा त्यस समयसम्म प्रचलित नै थियो । वि.सं. १९८२ मा दास प्रथा अन्त्य भएको घोषणा हुँदा उनी अत्यन्त हर्षित भइन् । चन्द्रशमशेरका यस्तो कार्यको खुलेरै प्रशंसा गरिन् । उनी तत्कालीन न्यायिक परिपाटीको विरोधी थिइन् । उनी समाजका ठुलाबडा साहुमहाजनले गरिबको ढाड सेक्ने गरी ब्याज लगाउने चलनको निन्दा गर्थिन् । दिँदा सानो पाथी र लिँदा ठुलो पाथी प्रयोग गर्ने साहुमहाजनको उनी खुब विरोध गर्थिन् । गरिबदु:खीले निसाफ नपाउने, महाराज दरबारबाहिर आएर नहेर्ने, विचारीले उल्टो निसाफ दिने कुराको निन्दा गर्थिन् ।

योगमायाका दृष्टिमा कर्तव्य नै धर्म हो । उनी धर्मलाई मानव हित मान्थिन् र धर्मलाई मानवताका पक्षबाट हेरिनुपर्छ भन्ने मान्यता राख्थिन् । धर्मलाई राज्यले पनि मानवताको कोणबाट हेर्नुपर्छ भन्ने धारणा राख्ने योगमाया समन्यायमा जोड दिन्थिन् । यसका लागि उनले तत्कालीन शासकहरूसँग आग्रह पनि गरिन् र सत्य धर्मको भिक्षा माग्न मानिसहरू पनि पठाइन् । राणा प्रधानमन्त्री जुद्धशमशेरका पालामा पण्डित प्रेमनारायणलाई सत्य धर्मको भिक्षा माग्न पठाउने कार्य यहाँ प्रशंसनीय छ । त्यति भए पनि त्यो भिक्षा आश्वासनमा मात्र सीमित रह्यो । यसबाट उनी निराश भइन् तर त्यस निराशालाई शक्तिमा बदल्न आफैं काठमाडौं जाने निधो गरिन् । काठमाडौं गएर वि. सं. १९९३ को महानवमीका दिन श्री ३ जुद्धशमशेरलाई भेटी उक्त आश्वासन पूरा गर्न आग्रह गरिन् । जुद्धशमशेरले पुन: वचनबद्धता जनाए तर लामो पर्खाइपश्चात् पनि उक्त आश्वासन कार्यान्वयनमा आएन । यस घटनाले उनलाई झन् विद्रोही बनायो । योगमायाले वि.सं. १९९५ को

कात्तिक २७ गते शनिबारका दिन सरकारले सत्य धर्मको भिक्षा नदिए आफ्ना तमाम भक्तसहित अग्निसमाधि लिने घोषणा गरिन् । अग्निसमाधिको दिन नजिकिँदै गयो । मानिसहरू बिस्तारै भेला हुन थाले । उफ्रौलीटारको मैदानमा ठुलो यज्ञस्थल बनाइयो । यज्ञका लागि जङ्गलबाट प्रशस्त काठहरू बटुलिए । अग्नि कुण्डमा हवन गर्न श्रीखण्ड जम्मा पारियो । अग्निसमाधि लिन २४० जना जति भक्तहरूले स्वेच्छाले नाम लेखाए तर उनको अग्निसमाधिको योजनालाई सरकारले सफल हुन दिएन । अग्निसमाधिको घोषणा मितिभन्दा एक दिन पहिले नै धनकुटाबाट बडाहाकिम माधव शमशेरको नेतृत्वमा खटिआएको र भोजपुरबाट समेत खटिगएको ठुलो फौजले घेरा हाली उक्त अग्निसमाधिमाथि प्रतिबन्ध लगायो । यसै क्रममा एघार जनालाई धनकुटाको जेल चलान गरियो र योगमाया तथा उनका महिला भक्तहरूलाई भोजपुरको एउटा पाटीमा केही दिन बन्दी बनाइयो । नेपालको इतिहासमा महिलाहरूलाई बन्दी बनाइएको यो पहिलो घटना थियो । यसरी निरङ्कुश सरकार र तत्कालीन सामन्ती सत्ताको विरुद्धमा एउटी महिलाले नेतृत्व लिएको विश्व इतिहासमै अनौठो र साहसिक विद्रोहलाई बलपूर्वक दबाइयो । अहिलेको समाजमा यस्तो विद्रोह उपयुक्त नरहे पनि त्यस बेलाका लागि यो सशक्त विद्रोह नै थियो ।

अग्निसमाधि घोषणा असफल भएपछि योगमायामा झन् वैराग्यसहितको विद्रोह झन् बढ्न थाल्यो । उमेरले सत्तरी काटे पनि उनी झन् बढी साधना, ध्यान र तपस्यामा डुब्न थालिन् । उनमा राज्यबाट 'सत्य धर्मको भिक्षा' प्राप्त होला भन्ने आशा थियो तर राणा शासकले ती विद्रोही महिलाको आवाज सुनेनन् । अग्निसमाधि काण्डका कारण शासकहरू चिढिएका थिए । निरङ्कुश राज्यसत्ता उनीप्रति झन्झन् दमनकारी र बर्बर हुँदै गयो । सामन्ती व्यवस्थाका पक्षधरहरू, ठुलाठालु साहुमहाजनहरू योगमाया जस्ता विद्रोही र समाज परिवर्तनको अपेक्षा गर्ने जोसुकैलाई दुःख दिन्थे, दण्डित गर्थे । यसैबिच शासकको यस उपेक्षा विरुद्धका विद्रोहका रूपमा योगमायाले गोप्य रूपमा जलसमाधि लिने योजना बनाइन् । राणा प्रधानमन्त्री तथा सिङ्गो शासन व्यवस्थालाई अग्निसमाधि र जलसमाधि जस्ता हठयोग चुनौती त थियो नै, उनी र उनका अनुयायीहरूको विचारमा मुक्ति प्राप्तिको सही मार्ग पनि थियो । त्यसैले अग्निसमाधि काण्डमा पक्राउ परेका सबै जना जेलमुक्त भएपछि उनले अठसट्ठी जना परम भक्तहरूसहित वि.सं. १९९८ असार २२ गते हरिशयनी एकादशीका दिन सूर्योदय नहुँदै "अधर्मको अन्त्य होस्, धर्मराज्य स्थापना होस्, मुक्तिको द्वार खुलोस्" भन्दै अरुण नदीमा समर्पित भएर जलसमाधि लिइन् ।

योगमाया छुवाछुतरहित, शोषणरहित र भ्रष्टाचाररहित नेपाली समाजको खोजीमा लागिन् र शासकहरूका विरुद्ध विद्रोह गरिन् । उनले योगसाधना, ध्यान, तपस्या, प्रवचन र सामाजिक व्यवहारका माध्यमबाट सती प्रथा, दास प्रथा, छुवाछुत जस्ता कुरीतिबाट मुक्त न्यायपूर्ण समाज निर्माण गर्ने प्रयास गरिन् । तत्कालीन सामन्ती समाजका अगुवाहरूले यसलाई सुनेनन् । समाजमा सचेत विद्रोहको रूपमा रहे पनि पुराना विचारका मान्छेहरूका लागि उनका विचार रुचिकर थिएनन् । सबैतिरबाट आफ्नो विचारलाई नस्विकारिएपछि सामूहिक जलसमाधिका माध्यमबाट विद्रोहको नेतृत्व लिने योगमाया भौतिक रूपमा जलसमाधिकै मितिदेखि हामीसामु रहिनन् । सत्यनिष्ठा र समतामूलक समाजको सपनाका लागि अनौठो क्रान्ति गर्ने योगमायाको देन मानव सभ्यताको स्मृतिमा अमीट रहेको छ । उनको स्मृतिमा 'सर्वार्थ योगवाणी' नामक कृतिसमेत प्रकाशन भएको छ । अमेरिकी प्राध्यापक बारबरा निम्री अजिज र बेलायती विद्वान् माइकल हटका अनुसन्धानात्मक कृतिहरूमार्फत उनको अदम्य साहसको चर्चा नेपाली भूगोल नाघेर अमेरिका र युरोपसम्म फैलिएको छ । उनका जीवनीमा आधारित 'योगमाया' शीर्षकको उपन्यास पनि प्रकाशित छ । यसरी औपचारिक शिक्षा आर्जन गर्ने अवसर नपाए पनि योगसाधना, तपस्या, ध्यान, चिन्तन र

प्रवचनका माध्यमबाट सामाजिक सचेतना विकास गर्ने योगमायाको जीवन आदर्श र सभ्य समाजको निर्माणका लागि अविस्मरणीय रहेको छ ।

## शब्दार्थ

*स्वअनुभव : निजी अनुभव*

*अग्नि समाधि : स्वेच्छाले आगोमा जलेर देहत्याग गर्ने कार्य*

*जल समाधि : स्वेच्छाले पानीमा डुबेर गरिने देहत्याग*

*यातना : पीडा, दण्ड*

*भावविह्वल : विचारमा डुकेको*

*आर्यसमाजी : हिन्दुधर्मभित्रको एउटा धार्मिक सम्प्रदाय*

*वैराग्यचेत : सांसारिक मोहमायाबाट मुक्त हुने विचार*

*साधक : साधना वा ध्यान गर्नेवाला*

*समायोजन : मिलाउने काम*

*कथित : भनिएका*

*सनातनी : सनातन धर्म अँगाल्ने, वेदलाई आदर्श मान्ने हिन्दु समाज*

*निरङ्कुश : तानासाह*

*सामन्ती : प्रमुख शासकको आडमा साधारण व्यक्तिलाई शोषण गर्ने व्यक्ति*

*उपेक्षा : बेवास्ता*

*अदम्य : दबाउन नसकिने, धेरै बलियो*

### जीवनीसार

योगमाया नेपालको इतिहासमा नारी आन्दोलनको नेतृत्व गर्ने सशक्त पात्र हुन् । उनी वि.सं. १९२४ मा पिता श्रीलाल न्यौपाने र माता चन्द्रकला न्यौपानेका तीन सन्तानमध्ये पहिलो सन्तानका रूपमा जन्मिएकी हुन् । सामान्य परिवारमा जन्मिएकी योगमायाको ७ वर्षको कलिलो उमेरमा नै विवाह भयो । विवाह भएको दुई वर्षमा नै उनका श्रीमान्को मृत्यु भएकाले उनी तत्कालीन समाजअनुसार विधवा बन्न पुगिन् । बालविधवा योगमायाले बाल्यकालदेखि नै विभिन्न दुख, यातना भोग्नुपऱ्यो । विधवा भएपछि योगमायाले झेलेको जीवन झन् कहालीलाग्दो बन्न पुग्यो । परिवार र समाजको तिरस्कार सहनु पऱ्यो । उनमा क्रमशः शारीरिक तथा मानसिक यातना बढ्दै गयो । अनेकौँ पीडा सहेर भए पनि चौध वर्षको उमेरसम्म उनी घरमै बसिन् । माइतीबाट पनि कुनै सहारा मिलेन । त्यसपछि उनले त्यस पीडालाई सहन सकिनन् र उनी विस्तारै विद्रोही बन्न थालिन् । उनी घर र माइती दुबै छोडेर आसामतर्फ लागिन् । परम्परित विधवा संस्कारलाई विरोध गर्दै उनले दोस्रो विवाह गरिन् । दोस्रो लोग्नेको पनि मृत्यु भयो । अझ पीडा थपिँदै गयो । सामाजिक । रूढि मान्यताका विरुद्धमा उनले पुनः तेस्रो विवाह गरिन् । तेस्रो

पतिबाट एउटी छोरी जन्मिएपछि तेस्रो पतिको पनि मृत्यु भयो । त्यसपछि उनले पुनः विवाह नगर्ने र सामाजिक सुधारका निम्ति सङ्घर्ष गर्ने निर्णय गरी सन्यास धर्म ग्रहण गर्न पुगिन् । आफ्नै देशमा रूढि परम्पराका विरुद्धमा सङ्घर्ष गर्नुपर्ने अठोटका साथ उनी आसामबाट नेपाल आइन् । भोजपुरको मझुवाबेँसीमा आश्रम बनाएर बसिन् । बिस्तारै उनी सामूहिक कार्यकलापमा सहभागी हुँदै चेतनाको विस्तार गर्न थालिन् । केही समयपछि प्युठानको स्वर्गद्वारी पुगेर सन्यास रूप धारण गरी फर्केर भोजपुरमा नै आइन् र धाराप्रवाह प्रवचन गर्दै हिँड्न थालिन् । उनका भक्तहरूको भिड बढ्दै गएपछि आश्रमको विस्तार गरिन् र छुवाछुत, भेदभाव, जातपातको विरुद्धमा आवाज उठाउन थालिन् । सती प्रथा र दास प्रथाको अन्त्य हुँदा उनी खुसी भइन् । साहुमहाजनले चर्को ब्याजमा गरिबलाई ढाड सेक्ने चलनको खुलेरै विरोध गरिन् । राणासँग सत्यधर्मको भिक्षा माग्न प्रयास गरिन् तर राणाले उनको मागप्रति वास्ता गरेन । काठमाडौँ गएर स्वयं जुद्ध समशेरसँग आफ्ना माग राखिन् तर त्यो पनि पूरा नभएपछि उनी झन् विद्रोही बन्दै गइन् । आफ्ना माग पूरा नभएकाले भक्तजनसहित सामूहिक अग्निसमाधि लिने घोषणा गरिन् तर राणाहरूले उनको त्यस कार्यलाई पनि विफल बनाइदियो । निरङ्कुश तथा दमनकारी राज्यसत्तामाथि अझ विद्रोही बन्दै आन्दोलन गरिन् तर उनका कुनै पनि माग पूरा नभएपछि सामूहिक रूपमा अरुण नदीमा जलसमाधि लिने निर्णय गरिन् र ६८ जना नारीहरूको समूहसहित १९९८ मा धर्मराज्य स्थापनाका निम्ति जलसमाधि लिएर यस धर्तीबाट भौतिक रूपमा बिदा भइन् । यसरी समाजमा विद्यमान रूढि, अन्धविश्वास, साहुमहाजनको थिचोमिचो, राणाहरूको निरङ्कुशतामाथि विद्रोह गर्दै आफ्ना माग पूरा नभएपछि जलसमाधिका माध्यमबाट इहलीला अन्त्य गरिन् ।

## शब्दभण्डार

१. तलका अर्थ बुझाउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) अरूबाट गरिने अपमान, हेला, घृणा

(ख) समाधिका विविध प्रकारमध्ये पानीमा बसेर गरिने समाधि

(ग) पानीसमेत नखाई गरिने व्रत, उपसना

(घ) स्वेच्छाले आगोमा जलेर देहत्याग गर्ने कार्य

२. उदाहरण हेरी दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

| शब्द | उदाहरण |
|---|---|
| पञ्चाग्नि | ऋषिहरू पञ्चाग्नि तापेर तपस्या गर्थे । |
| प्रवचन | |
| छुवाछुत | |
| समतामूलक | |

| | |
|---|---|
| हवनकुण्ड | |
| आश्वासन | |

३. तलका शब्दहरू समेटेर योग शीर्षकमा एउटा अनुच्छेद लेख्नुहोस् :

यम, नियम, प्राणायाम, तप, योग, समाधि

## बोध र

१. पाठ पढेर तल सोधिएका प्रश्नहरूको एक वाक्यमा उत्तर भन्नुहोस् :

(क) योगमायाको जन्मस्थान कहाँ पर्छ ?

(ख) के कारण योगमायाले घरपरिवार र समाजको तिरस्कार भोग्नुपऱ्यो ?

(ग) योगमाया केबाट मुक्त हुँदै गइन् ?

(घ) योगमायाले केका लागि राणाशासनका विरुद्धमा विद्रोह गरिन् ?

२. योगमायाको जीवनमा कुन कुन मितिमा के कस्ता घटनाहरू घटे तलको तालिकामा भर्नुहोस् :

| | |
|---|---|
| योगमायाको जन्म | |
| आफ्नी छोरी र भाइसँग आसामबाट भोजपुरको मझुवाबैंसी आगमन | |
| दासप्रथाको अन्त्यपछि योगमाया हर्षित | |
| उफ्रौलीटारमा रहेको उनको कुटी अरुण नदीमा आएको बाढीले बगाएपछि उनी इर्खुवापारिको गौडिनीमा सरेकी | |
| आफ्ना अनुयायीसहित खाम्पालुङ हिमाल पार गरेर तपस्या | |
| श्री ३ जुद्ध समशेरलाई भेटी आफ्ना माग पूरा गर्न आग्रह | |
| सरकारले सत्यधर्मको भिक्षा नदिए आफ्ना तमाम भक्तसहित अग्निसमाधि लिने घोषणा | |
| भोजपुरको उच्च पहाडी क्षेत्र चायाँबोटे सिरान तोरीबारीको छेउको अग्लो थुम्कामा तेइस दिनसम्म तपस्या | |
| अरुण नदीमा सपर्पित हुँदै जलसमाधि | |

३. तलका बुँदालाई आधार मानेर योगमायाका विभिन्न घटनामध्ये जीवनीसँग सम्बन्धित छोटो घटना तयार पार्नुहोस् :

भागेर माइती जानु, विधवा हुनु र पुनर्विवाह गर्नु....आर्यसमाजी हुनु ....आसामबाट फर्किनु....दीक्षा लिई सन्यासी बन्नु

उफ्रौलीटारमा कुटी बनाउनु....निराहार, अल्पहार, जलाहार भएर तपस्या गर्नु....दास प्रथा, सती प्रथाका विरुद्ध आवाज उठाउनु.... अग्निसमाधिको घोषणा तर असफल.... जलसमाधिको तयारी र सफलता

४. पाठको तेस्रो अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :

प्रश्नहरू

(क) योगमाया सामाजिक क्रियाकलापमा कसरी सहभागी हुन थालिन् ?

(ख) योगमायामा कसरी नयाँ चेतना जागृत भइरहेको थियो ?

(ग) योगमाया के कुराबाट मुक्त हुँदै गइन् ?

(घ) योगमाया के कारणले मझुवाबेँसी पुगिन् ?

५. उदाहरण हेरी दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) योगमायामा आध्यात्मिकताले जीवनप्रति कसरी प्रभाव पर्दै गयो ?

उदाहरण :

उत्तर : योगमायाले तेस्रो पतिबाट एउटी छोरी जन्मिएपछि तेस्रो पतिको पनि मृत्यु भयो । त्यसपछि उनको जीवनले नयाँ रूप लिन थाल्यो । उनी पुन: विवाह नगर्ने निर्णयमा पुगिन् । बिस्तारै सामाजिक क्रियाकलापमा सहभागी हुन थालिन् । सर्वप्रथम पाठपूजा, आराधनाप्रति रुचि बढ्दै गयो । केही समयपछि उनी यस्तै क्रियाकलापमा नेतृत्व गर्न थालिन् । सामाजिक सुधार, धार्मिक क्रियाकलाप, आर्यसमाजीहरूको सुधार र चेतनाको जागृतिका निम्ति साधुसन्तहरूसँग सम्पर्कमा आइन् । सङ्गतले उनमा जीवनलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउन थाल्यो । भारतमा भएको अङ्ग्रेज विरुद्धको आन्दोलन र आध्यात्मिक क्रियाकलापले उनमा चेतनाको अभिवृद्धि हुँदै गयो । बाल्यकालबाट नै खेप्दै आएका जीवनका भोगाइ र समाजका विसङ्गत पक्षले उनलाई बढी छुन थाल्यो । विस्तारै उनी सामाजिक मोह, माया, बन्धनबाट टाढा हुन थालिन् । यस चेतनालाई सार्थक बनाउने इच्छा जागृत हुँदै गयो । त्यसपछि तपस्या गर्ने र ज्ञान आर्जन गर्ने इच्छा जागृत भयो । तपस्याका लागि आफ्नै जन्मभूमिमा आइन् र कुटी बनाएर तपस्यामा लीन भइन् । स्वर्गद्वारीमा गएर सन्यास धर्म धारण गरेपछि उनी पूर्णत: आध्यात्मिक र सामाजिक सुधारतर्फ आकृष्ट भइन् ।

(ख) योगमायाले गरेका तपस्या तथा साधनाहरू के कस्ता रहेका थिए ?

(ग) योगमाया राणाशासनको विरुद्धमा लाग्नुको कारण के हो ?

(घ) योगमायाको पारिवारिक अवस्था कस्तो रह्यो ?

६. तलको जीवनी अंशलाई व्याख्या गर्नुहोस् :

(क) राणाप्रधानमन्त्री तथा सिङ्गो शासन व्यवस्थालाई अग्निसमाधि र जलसमाधि जस्ता हठयोग चुनौती त थियो नै उनी र उनका अनुयायीहरूको विचारमा मुक्तिप्राप्तिको सही मार्ग पनि थियो ।

७. योगमायाको जीवनीमा आधारित भई उनले गरेका महत्त्वपूर्ण कार्यहरूलाई समेटेर समीक्षात्मक उत्तर लेख्नुहोस् ।

## भाषातत्त्व

१. तलका शब्दहरूबाट नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात छुट्याउनुहोस् :

मुनि, माथि, तल, वर, पर, वारि, पारि, सामुन्ने, अगाडि, पछाडि, बिच, छेउ, समक्ष, भित्र, बाहिर, उँधो, कहिले, कतिखेर, अहिले, भरे, दिउँसो, राती, बेलुका, साँझ, बिहान, आज, भोलि, पर्सि, निपर्सि, भर्खर, तल्तिर, मुन्तिर, मास्तिर, सामुन्ने, अगाडि, पछाडि, यता, उता, कता, धेरै, थोरै, अलिकति, कति, निकै, असाध्यै, अत्यन्त, औधी, बिलकुल, ज्यादै, मात्र, खुब, अझै, राम्ररी, बेसरी, सुस्तरी, खराखरी, मजाले, छिटो छिटो, सरासर, यसरी, त्यसरी, कसरी, अकस्मात्, ढिलो, सुत्न, पढ्न, लेख्न, गर्नाले, खानाले, भएकाले, गरेकाले, दुखेकाले, सुनेकाले, गरेकोमा, भन्दा, हेर्दा, एकपल्ट, प्रायः, बारम्बार, यदाकदा, धेरैचोटि, प्रत्येकपल्ट, प्रतिदिन, कहिलेकाँही, जहिले जहिले, जत्री-त्यत्री, जब-तब, यदि, भने, भन्ने, भनेर, भनी, के भने, तर, किन्तु, परन्तु, तापनि, तैपनि, हुन त, यद्यपि, तथापि, अँहँ ! हुन्न ! नाइँ ! कुन्नि ! खोइ ! आच्चिच ! चुप ! छि छि ज्या ! थुइक्क ! हा ! क्या, नाइँ, हगि, ब्यारे, आच्चे, ता, खोइ, लौ न, खै-खै, ल-ल, हो-हो

### रूपायन

२. दिइएका शब्दहरू पढ्नुहोस् र शब्दका मूल रूप तथा रूप परिवर्तन भएका शब्दहरू पहिचान गर्नुहोस् :

| मूल रूप | परिवर्तित रूप |
|---|---|
| छोरो | छोरी, छोराले, छोराको... |
| मोटो | मोटी, मोटा.. |
| भान्जो | भान्जी, भान्जालाई, भान्जाको... |
| हाँस् | हाँस्छ, हास्दै छ, हाँसेको थियो... |
| लि | लिन्छ, लिँदै छ, लिएका थिए... |

(नाम, सर्वनाम, विशेषण र क्रियालाई वचन, लिङ्ग, पुरुष, आदर, कारक, काल, पक्ष, भाव आदिका आधारमा रूप परिवर्तन हुने प्रक्रियालाई रूपायन भनिन्छ ।)

३. दिइएका वाक्यलाई कोष्ठकको सङ्केतका आधारमा परिवर्तन गर्नुहोस् :

उदाहरण : ऊ नेपालगन्ज बस्छ । (स्त्रीलिङ्ग) : ऊ नेपालगन्ज बस्छे ।

(क) यिनले मेरो प्रशंसा गरिन् । (पुलिङ्ग)

(ख) तिनी निकै मेहनती छन् । (स्त्रीलिङ्ग)

(ग) मेरो कान्छो भाइ मामाको जेठो छोरोसँग पढ्छ । (स्त्रीलिङ्ग)

(घ) काकाकी छोरीले भाउजूकी भतिजीसँग मित लगाई । (पुलिङ्ग)

(ङ) कालो गोरु बारीमा चर्छ । (स्त्रीलिङ्ग)

(च) पोथी बासेपछि भालेको काम हरायो । (पुलिङ्ग)

(छ) काजीले आफ्ना फुपाजुलाई सम्झाए । (स्त्रीलिङ्ग)

(ज) होची केटी निकै पातली छे । (पुलिङ्ग)

(झ) विद्वान्को छोरो विद्वान् नै हुन्छ । (स्त्रीलिङ्ग)

४. दिइएका वाक्यलाई कोष्ठकको सहायतामा परिवर्तन गर्नुहोस् :

(क) तपाईँ कथा सुन्नुहुन्छ । (तृतीय पुरुष)

(ख) यहाँले सबैलाई बोलाउनुभएको छ । (तृतीय पुरुष)

(ग) हजुरहरू तीर्थयात्रा जाँदै हुनुहुन्छ । (प्रथम पुरुष)

(घ) ऊ पोखरामा बसेको हुने छ । (द्वितीय पुरुष)

(ङ) उनीहरू कविता हुन्दै हुने छन् । (प्रथम पुरुष)

(च) त्यो विद्यालय आउने छ । (प्रथम पुरुष)

(छ) तिनीहरू कम्प्युटर चलाउन् । (द्वितीय पुरुष)

(ज) यिनी विदुषी होलिन् । (प्रथम पुरुष)

(झ) यिनीहरूले गरेको काम राम्रो होओस् । (द्वितीय पुरुष)

(ञ) तिनी सुतेकी थिइनन् । (प्रथम पुरुष)

## सिर्जना/परियोजना

१. योगमायाको जीवनीका आधारमा सङ्घर्षबाट सामाजिक परिवर्तन ल्याउने कुनै व्यक्तिका बारेमा खोज गरी एउटा जीवनी तयार पार्नुहोस् ।

पाठ ५

# साथीलाई चिठी

## परिचय

'साथीलाई चिठी' पेनाङ मलेसियाबाट दुल्लु नगरपालिका ३ दैलेख नेपालका सुरज नेपाललाई लेखिएको पत्र हो । यो पत्र विदेश गएका पूर्णविक्रम बस्नेतले आफ्ना साथीलाई लेखेका हुन् । चिठीको ढाँचाअनुसार सुरुमा सम्बोधनसहित साथीले पठाएको पत्र पाएर खुसी लागेको बेहोरा जनाइएको छ । चिठीको मुख्य भागमा विदेशमा गएर आफूलाई पश्चात्ताप लागेको सन्दर्भ प्रस्तुत गरिएको छ ।

'साथीलाई चिठी' मा उल्लेख भएअनुसार 'म' पात्र हाल मलेसियामा बस्दै आएका छन् । नेपालबाट विदेशमा सम्पत्ति आर्जन गर्न जाने युवाहरूको वास्तविकतालाई यस पत्रले छर्लङ्ग पारेको छ । विदेशमा नै आर्थिक आर्जन गर्न सकिन्छ भन्ने उद्देश्यले विदेश पुगेका युवाहरूले नेपाललाई बिर्सेर विदेशमा बिग्रँदै गएको अवस्थालाई सङ्केत गरेको छ । दुर्घटनामा परेर अस्पतालमा उपचार गराउनुपर्दा उनलाई कसैले सहयोग गर्दैन । आफूले आर्जन गरेको सम्पत्ति फुर्मास गरेकामा विक्रम निकै पश्चात्तापमा परेको छ । अस्पतालबाट निस्किएर काम गर्नु पर्दाको अवस्थामा उनी प्रत्येक क्षण नेपाललाई नै सम्झिरहेका हुन्छन् । त्यसबेला उनलाई लाग्छ– 'विदेशमा बसेर यसरी आफ्नो यौवन, श्रम र पसिना बगाउनुभन्दा स्वदेश फर्कनु नै उपयुक्त हो ।' त्यसैले उनी आफ्नै मुलुकमा फर्किएर यहाँको हिमाली चिसो पानीलाई व्यवसायका रूपमा उपयोग गर्न अथवा यहाँको जमिन र जलको उपयोग गरेर आफू स्वदेशमै बस्ने निर्णयमा पुग्छन् । वास्तवमा पूर्णविक्रमका लागि विदेशको बसाइभन्दा स्वदेशकै सेवा उपयुक्त भएको विश्वासका कारण उनी स्वदेश फर्कने निर्णय गर्छन् ।

### सिकाइ उपलब्धि

(क) चिठीको ढाँचा बुझ्न

(ख) चिठीमा प्रयोग भएका कठिन शब्द बुझ्न

(ग) चिठीको प्रत्युत्तर दिन

(घ) चिठीका आधारमा कार्यमूलक व्याकरण पक्षको अभ्यास गर्न

(ङ) चिठीलगायत व्यावहारिक लेखनको अभ्यास गर्न ।

## चिठी

# साथीलाई चिठी

### चिठीसार

'साथीलाई चिठी' मलेसियामा बस्दै आएका पूर्णविक्रम बस्नेतबाट नेपालको कर्णाली प्रदेशअन्तर्गत दैलेखमा बस्ने सुरज नेपाललाई लेखिएको पत्र हो । नेपालभन्दा विदेशमा नै आर्थिक आर्जन गर्न सकिन्छ भन्ने उद्देश्यले कर्णाली प्रदेशको दैलेखबाट प्रशस्त धन कमाउने महत्त्वाकाङ्क्षा बोकेर मलेसिया पुगेका व्यक्ति हुन् : म पात्र वा पूर्णविक्रम बस्नेत । आफ्नो पढाइलेखाइलाई अधुरै छोडेर बिदेसिएका उनी मलेसिया पुगेपछि प्रारम्भिक चरणमा विदेशी चहलपहलका कारण ढङ्ग पर्छन् । कठिन तथा जोखिमयुक्त प्रकृतिका काम गर्नुपरे पनि उनी हातमा मलेसियन रिङ्गिट पाउनसाथ छुट्टै संसारमा पुगेको अनुभव गर्न थाल्छन् । परिश्रम गरेर कमाएको सम्पत्तिलाई सही सदुपयोग गर्नुको सट्टा सहरिया रमझममा उनको मन आकृष्ट हुँदै जान्छ र पैसाको फजुल खर्चसँगै मोजमस्तीका क्रममा उनी स्वदेश तथा आफन्तहरूलाई समेत बिर्सन पुग्छन् । उनलाई सधैँ यसैगरी रमाइला दिनहरू बित्ने छन् भन्ने भ्रम हुन्छ । एक दिन अचानक उनी दुर्घटनामा परी घाइते हुन्छन् । परिश्रम गरी खाने हातखुट्टा भाँचिन्छन् । उनी साथीहरूको सहयोगमा अस्पताल भर्ना हुन्छन् । त्यसपछि मात्र उनका आँखा खुल्छन् । उनलाई स्वदेशको महत्त्व थाहा हुन थाल्छ । बल्लतल्ल अस्पतालबाट निस्किएर काम गर्नुपर्दाको अवस्थामा उनी प्रत्येक क्षण नेपाललाई नै सम्झिरहेका हुन्छन् । बिस्तारै उनमा स्वदेशप्रतिको सद्भाव पलाउन थाल्छ । आफूले गरेका फजुल खर्चप्रति पश्चात्ताप हुन थाल्छ । विदेशप्रतिको मोह भङ्ग हुन थाल्छ । विदेशमा बसेर आफ्नो यौवन, श्रम र पसिना बगाउनुभन्दा स्वदेश फर्कनु नै सही हो भन्ने निर्णयमा पुग्छन् । त्यस निर्णयका कारण उनी आफ्नै मुलुकमा फर्किएर नेपालको हिमाली चिसो पानीलाई व्यवसायका रूपमा उपयोग गर्ने र नेपालको जमिन तथा जलको उपयोग गरी स्वदेशमै बस्ने निष्कर्षमा पुग्छन् । वास्तवमा विदेशको बसाइभन्दा स्वदेशकै सेवा उपयुक्त भएको विश्वासका कारण उनी स्वदेश फर्कन इच्छुक देखिन्छन् । आफ्ना आमाबुबाको काखमा रमाउँदै नेपाली भूमिमा आफ्नो पौरख पोख्ने सपनासहित चिठीको अन्त्य गरिएको छ ।

### शब्दभण्डार

१. तल समूह कमा दिइएकै शब्दको एकभन्दा बढी अर्थ समूह खमा दिइएका छन्, पढेर बुझ्नुहोस् :

| समूह क | समूह ख |
|---|---|
| रहर | इच्छा, एक जातको दाल |
| लठारो | ठुलो डोरी, कामको झमेला |
| वर | बेहुलो, वरदान |

| | |
|---|---|
| वर्ण | रङ, अक्षर |
| शिव | शङ्कर, कल्याण |
| साँचो | सत्य, चाबी |
| सार | निष्कर्ष, छोटकरी |
| साल | एक प्रकारको रुख, वर्ष |
| सिठ्ठी | मुखले फुकेर बजाउने बाजा, दुब्ली |
| सुर | बाजाको मिठो धुन , होस |
| हात | शरीरको एक अङ्ग, भूमिका |
| हार | पराजय, माला |

२. कोष्ठकमा दिएका उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस् :

(क) 'नाना' को अर्थ विभिन्न र .....................हो । (रोटी, लुगा, खानेकुरा)

(ख) 'नाल' को अर्थ बन्दुकको पाइप र ...........हो । (बाली, साली, नाली)

(ग) 'पक्ष' को अर्थ पन्ध्र दिनको अवधि र .........हो । (चरो, चुच्चो, प्वाँख)

(घ) 'मधु' को अर्थ वसन्त र ........................हो । (बह, दह, मह)

(ङ) 'मास' को अर्थ महिना र .......................हो । (दाल, भात, तरकारी)

(च) 'साल' को अर्थ एक जातको रुख र .........हो । (गते, महिना, वर्ष)

(छ) 'आलो' को अर्थ रसिलो र ....................हो । (खाजा, ताजा, बाजा)

(ज) 'खाल' को अर्थ जुवा खेल्ने ठाउँ र...........हो । (किसिम, मिसिन, गाडी)

(झ) 'जात्रा' को अर्थ दुर्दशा र......................हो । (पीडा, उत्सव, समय)

(ञ) 'गोल' को अर्थ बाटुलो र........................हो । (खिया, लेउ, अँगार)

३. तलका अनेकार्थी शब्दलाई बेग्लाबेग्लै अर्थ आउने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

कछाड, ढकनी, चुरो, अर्थ, दर, पत्र, ताप, टक, खोटो

४. तलका टुक्काको अर्थ पढेर बुझ्नुहोस् :

राल काढ्नु (लोभ गर्नु)

रुवाबासी चल्नु (ठुलो सङ्कट आइपर्नु)

लख काट्नु (अनुमान गर्नु)

लखतरानु हुनु (गल्नु)

वरण गर्नु (स्विकार्नु)

श्रीगणेश गर्नु (सुरु गर्नु)

सखाप पार्नु (सिध्याउनु)

साकार पार्नु (सफल बनाउनु)

सातो जानु (होसहवास उड्नु)

सातो लिनु (तर्साउनु)

सिँगौरी खेल्नु (लडाइँ गर्नु)

सिङ थाप्नु (जोरी खोज्नु)

५. दिइएका टुक्काको प्रयोग गरी एक एक अनुच्छेद लेख्नुहोस् :

अलपत्र पर्नु, अलप हुनु, अवतार फेर्नु, असिनपसिन हुनु, आँखाको नानी हुनु, आँखाको बिष मार्नु, आँखा खानु, आँखा चोर्नु

## बोध र अभिव्यक्ति

१. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) पूर्णविक्रम विदेश जानुको कारण के थियो ?

(ख) पूर्णविक्रम विदेशी रमझममा किन अल्मलिए ?

(ग) पूर्णविक्रमको मानसिकतामा नेपाल फर्किने इच्छा के कारणले जागृत भयो ?

२. पूर्णविक्रमको ठाउँमा तपाईं हुनुभएको भए विदेश गएपछि के गर्नुहुन्थ्यो ?

३. पूर्णविक्रमको पत्र पाएपछि सुरजले दिने प्रत्युत्तर लेख्नुहोस् ।

## भाषातत्त्व

१. तलका चिह्नको नाम पढेर बुझ्नुहोस् :

(क) पूर्ण विराम ।

(ख) अल्प विराम ,

(ग) अर्धविराम ;

(घ) योजक चिह्न –

(ङ) विस्मयादिबोधक चिह्न !

(च) उद्धरण चिह्न ‘ ’, “ ”

(छ) कोष्ठक चिह्न ( )

(ज) प्रश्न चिह्न ?

(झ) वैकल्पिक चिह्न /

२. माथि उल्लेख गरिएका चिह्नको प्रयोग गरी एक अनुच्छेद लेख्नुहोस् ।

## सिर्जना/परियोजना

१. आफ्नो देशमा भएका प्राकृतिक स्रोतसाधनको महत्त्व दर्साउँदै विदेशमा बस्दै आएका साथीलाई एउटा चिठी लेख्नुहोस् ।

२. पत्रपत्रिकामा प्रकाशित शुभकामना, समवेदना, बधाई, सूचना, विज्ञापन, अभिनन्दन, निमन्त्रणा आदिका नमुना सङ्कलन गर्नुहोस् ।

पाठ ६

# त्यो फेरि फर्कला ?

## परिचय

नेपाली कथा साहित्यका मूर्धन्य स्रष्टा भवानी भिक्षु (१९६६–२०३८) द्वारा लिखित 'त्यो फेरि फर्कला ?' मनोवैज्ञानिक कथा हो । आख्यान क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका भिक्षुका 'आवर्त' (२०१४), 'अवान्तर' (२०१४), 'गुनकेसरी' (२०१७) र 'मैयासाहेब' (२०१७) गरी चार कथासङ्ग्रह प्रकाशित छन् । उनका मनोवैज्ञानिक कथाहरूमध्ये 'त्यो फेरि फर्कला ?' निकै उत्कृष्ट रचना मानिन्छ ।

भवानी भिक्षुको 'त्यो फेरि फर्कला ?' मनोवैज्ञानिक विषयवस्तुका साथै आर्थिक अभावका कारण पहाडी क्षेत्रमा भट्टी पसल चलाएर आमासँग बस्दै आएकी एउटी किशोरीको मानसिक अवस्थालाई सूक्ष्म रूपमा विश्लेषण गरिएको कथा हो । किशोरावस्थामा प्रवेश गरेपछि आफूमा आएको शारीरिक तथा मानसिक परिवर्तनका कारण सानीभित्रको किशोर मानसिकतामा उत्पन्न द्वन्द्वलाई प्रस्तुत गर्नु नै यस कथाको मुख्य उद्देश्य हो । एक दिन एउटा यात्री तराईबाट काठमाडौँतिर जाँदै गर्दा एउटा भट्टीपसलमा पुग्छ । बास बस्ने समय भएकाले यात्री त्यही घरमा बास बस्न चाहन्छ । सानी पनि किशोर यात्रीलाई देखेर बास दिन रुचाउँछे । यो अवस्था सानीभित्रको यौनिक आकाङ्क्षा हो । यात्रीलाई देखेपछि सानीभित्र मानसिक तरङ्गहरू फैलिन थाल्छन् । एकाएक व्यक्त भएको पहिलो प्रेमका कारण यात्रीलाई जसरी भए पनि भट्टीपसलमै बसाउने प्रयास गर्नुले पनि सानीभित्रको दमित भावना व्यक्त भएको बुझिन्छ । यात्री बास बस्ने भएपछि उसलाई बस्ने ठाउँ र खानपिनको व्यवस्थापनमा सहयोग पुऱ्याउँछे । त्यस वेलासम्म ऊभित्र अनेकौँ प्रेमिल भावना तरङ्गित हुन्छन् । यात्री खानपिन गरेर सुतिसक्दा पनि ऊ त्यही यात्रीका बारेमा सोचिरहन्छे । सानी यात्रीप्रति एकोहोरो प्रेमभावले प्रभावित हुन्छे । यात्री सुतेको कोठामा बाहिर झ्यालबाट चिहाउनु सानीभित्रको यौनकुण्ठा जागरुक हुनु हो । बेचैनी, छटपटी, अनिद्रा, आतुरता र लाज आदि अनेकौँ शारीरिक तथा मानसिक क्रियाकलापका बिच ऊ रात बिताउँछे । भोलिपल्ट जब यात्री निस्फिक्री रूपमा गन्तव्यतर्फ लाग्छ तबदेखि सानीभित्र त्यो फेरि फर्कला ? भन्ने जिज्ञासा भइरहन्छ । यही जिज्ञासालाई उसले जीवनको लामो सयमसम्म मनमा उकुसमुकुस बनाएर राखेकी छे । त्यो यात्री फर्कला भन्ने आशा ऊभित्र कहिल्यै बिलाएन । चिन्ता, आशा, उत्साह, निराशा र विस्मृति आदि विभिन्न किसिमका मानसिक उतारचढावका बिच एक दिन साँझपख अचानक यात्री फर्केर आउँछ । त्यस रात यात्री फेरि त्यही घरमा बास मागेर बस्छ । उनीहरू एकआपसमा कुरा गर्छन् । कुराकानीका सन्दर्भमा यात्रीले "ए तिमी त बुढी भइछ्यौ" भन्छ । त्यही वाक्यांशले नै उसलाई आफ्नो शरीरको वास्तविक अवस्थाबोध हुन्छ । यसरी एउटी युवतीले पहिलोपटक कसैसँग गरेको प्रेमका कारण जीवनको लामो यात्रामा परेको प्रभाव दर्साउनु नै यस कथाको मुख्य विषय हो । लामो समयसम्मको पर्खाइ र उसलाई पहिलोपटक भेटेदेखि दोस्रोपटक भेटेसम्मको सानीको मानसिक अवस्था साथै पारिवारिक बिचलनलाई यस कथाले सूक्ष्म रूपमा विश्लेषण गरी कुण्ठित भावनालाई प्रस्तुत गरेर लेखकले गरिब तर मानसिक रूपमा स्वस्थ एउटी युवतीको एकल प्रेमलाई विश्लेषण गरेका छन् । कथाको मूल उद्देश्य पनि यही नै हो ।

### सिकाइ उपलब्धि

(क) कथालाई सस्वर वाचन गर्न

(ख) कठिन शब्दहरूको अर्थ बुझी वाक्यमा प्रयोग गर्न

(ग) कथाको भावलाई व्यक्त गर्न

(घ) कथाका पात्रहरूको चरित्र केलाउन

(ङ) कथाका महत्त्वपूर्ण पङ्क्तिको व्याख्या गर्न

(च) कथांशका आधारमा भाषिक संरचना पक्षको अभ्यास गर्न

(छ) कथा सिर्जना गर्न ।

### मूल पाठ (कथा)

# त्यो फेरि फर्कला ?

*- भवानी भिक्षु*

क्रमशः अग्लो हुँदै गएको कष्टप्रद, कठोर, दुर्गम पहाडको क्षीण पथलाई आँखाले भेटेसम्म हेर्दा मान्छे पो हो कि भ्रम पार्ने एउटा धब्बा जस्तो केही पनि देखिएन ।

सूर्यले पश्चिमतर्फको पर्वतपछाडि आफ्नो मुख लुकाए तापनि तिनको लाली कालो पहाडका टुप्पाहरूमा फैलिन गएको थियो । खोलाहरू आफ्नो अविराम गीत गाएकागाएकै थिए । उनीहरूलाई जगत्को चिन्तामा केही रस, अनुरक्ति थिएन । धमिलोपना अन्धकारतिर डुब्दै गइरहेको थियो ।

मधेसबाट आउन लागेको एउटा यात्रीले, यौवनको सिँढीमा खुट्टा अडाई घरको द्वारमा उभिएकी सानीसँग सोध्यो- "यहाँ बास पाइन्छ ?

"कुन्नि, आमासँग सोध्नुपर्छ ।"

"आमा ! तिम्री आमा कता छिन्, को हुन्, मैले त चिनेको छैन । कोसँग सोध्ने ?"

अनि "आमा ... ए आमा ... !" पुष्ट कण्ठबाट निस्केको यो मिठो र तीव्र स्वर पर्वतको कुना कुनामा पस्न गयो । तर कोही पनि आएन । एकै छिन प्रतीक्षा गरेपछि, "पर्खनोस् है म अहिल्यै आमालाई डाकी ल्याउने छु" भन्दै सानी एकातिर गई र अलि बेरमै एउटी बुढीसँग यात्रीको सम्मुख आइपुगी ।

"लौ आमा यिनै हुन्, तपाईंका भरियाहरू कता छन् ?"

"भरिया एउटै छ । त्यो पनि बुढो, हिँड्नै नसक्ने ? त्यसैले गर्दा त यहाँ बस्नुपऱ्यो । नत्र आज चित्लाङ पुग्ने विचार गरेको थिएँ । त्यहाँ चिनाजानी भएका पसलेहरू पनि छन् । बास पनि राम्रै ठाउँमा पाइन्थ्यो । तर ... खोइ ! यो त भट्टी पसल पो हो क्यारे ?"

"हो ... ।" स्वरलाई अलि तान्दै, आश्चर्य र उपेक्षा मिश्रित स्वरमा उत्तर दिई ।

“भट्टी पसल भएर के हुन्छ ? चित्लाङमा पनि त त्यही हो नि । छेउको कोठा त सफै छ ।” सानीले तुरुन्त भनी ।

“होइन” - बुढीले सोधी, - ... “केही खानपिन पनि गर्नुहोला कि ?

“पिउन त होइन, खान मात्रै । भाँडाबर्तन सँगै छन् ।”

सानीले आफ्नी आमाको मुखनेरै मुख लाएर भनी - “किन आमा चामल, दाल, घिउ, दाउरा त किन्ने नै छन्, नुन, तेल, मसला, तरकारी ... । पर कोठामा भान्छा र छेउको कोठामा सुते त भइहाल्यो
नि ।”

“एकपल्ट कोठा हेरूँ । सफा छ कि, सफा नभए त ... ।”

“किन हुन्नथ्यो ! हेर्नुस्, कोठामा के छ र ? भर्खर लिपिराखेको कोठा, चाहिए एउटा सुकुल पनि ओछ्याइदिउँला । लौ, भरिया पनि आइपुग्यो । बस्नुहुन्छ कि ?”

“ए सानी, आइज” भन्दै बुढी माथि उक्ली । सानी द्वारमै उभेकी थिई । आइपुगेको भरियाले मुखबाट एउटा सुस्केरा हाली भारी बिसाउँदै भन्यो- “यति गह्रुँगो भारी, यस्तो उकालो, नौ सुका ज्याला, उसैमा भरिया नाइके पनि, बाटो खर्च पनि ... इसोर !”

चुपचाप उभिएकी सानीको अनुहारमा छचल्किरहेको जिज्ञासामा पनि आशा, विश्वास र सन्तोषको पनि आभा देखियो ।

कोठासोठा हेरिसकेपछि यात्रीले त्यहीँ बास बस्ने निश्चय गऱ्यो र सानी पनि अलि स्वस्थ झैँ भई । भरियाको सहायताले एउटा कोठामा सुकुल हाली भुइँमै आफ्नो ओछ्यान ओछ्याएर त्यसले अलि अलि निश्चिन्तताको सास फेर्न लागेको के थियो, भरियाले भन्यो- “लौ त अब जाऊँ हजुर ... थाकिराखेको छु, केही खानपिन पनि गर्नुपर्ला, खाना खानलाई दुई चार आना दिनुपर्ने हो ।”

“ला ... ” भनेर यात्रीले चार पैसा फ्याँकिदियो । एउटा सन्तोषको दृष्टि हाल्दै बुढो भरिया भुइँबाट पैसाहरू टिपी जान लागेकै थियो, फेरि त्यो सानीले सोधी-

“भान्छालाई के के ल्याउनुपर्ला, भन्नोस् न ! रात पर्न आँट्यो, तपाईंसित लालटिन त छँदै छ, मटितेल पनि चाहिन्छ कि ?”

यस प्रश्नको उत्तर नदिएर त्यसले जान लागेको भरियालाई भन्यो- “ए बुढा, डोकोबाट भाँडाहरू झिकेर खोलामा पखाली ल्याऊ ।” अनि सानीतिर फर्केर भन्यो- “पानी ल्याउन एउटा गाग्री त दिनुपर्ला, पानी पनि ल्याइहालोस् । अब यो पनि खानपिनमा लाग्ने छ ।”

“हुन्छ, म अहिल्यै माथिबाट ल्याइदिन्छु ।”

“तर गाग्री सफा छ ?”

“लौ ! गाग्रीमा के लागेको छ र ? चित्त बुझ्दैन भने खोलामा माझेरै पानी ल्याउनु भनेपछि त भैहाल्यो नि !” बालिकाको अनुहारमा अलि सङ्कोच छर्लङ्ग हुन गएको थियो ।

भरियाले डोकाबाट भाँडाहरू झिकिसकेको थियो । सानीले माथिबाट तुरुन्तै एउटा सानो पित्ले गाग्री ल्याइदिई । त्योसमेत लिएर भरिया खोलातिर गयो । त्यसपछि युवा यात्रीले सन्ध्याको धमिलो प्रकाशमा हेऱ्यो -“त्यो भट्टी पसल्नीकी छोरीको परिचय, बाह्य आवरण मैलो र दरिद्रताको

विज्ञापन भए पनि त्यसको अनुहार नराम्रो थिएन । गालामा पार्वत्य वायु र परिश्रमको सुन्दर उपहार, स्वाभाविक लाली र यौवनको सिँढीमा उक्लिरहेको त्यसको बैंस छ । आँखा गोल, उज्ज्वल र भित्रका नानी निकै काला र चञ्चल छन् । तिनीहरूमा अपार जिज्ञासा औ उत्सुकता क्रीडा गरिरहेका थिए

"तब ... भान्साका निम्ति के के ल्याऊँ ?" प्रश्न एकान्तजन्य सङ्कोचको मध्यम स्वरमा थियो । यात्रीले भन्यो- "असल पुरानो मसिनो चामल एक माना, एक चौथाइ दाल, दुई पैसाको यहाँ पाइने तरकारी र दुई आनाको घिउ, बस यति मात्रै भए पुग्छ ।"

कुरा सुनेर त्यो माथि उक्ली र अलि बेरैमै भने जति जम्मै थोक ल्याइदी । भरियाले पनि भाँडा र पानी पल्लो कोठामा राखी गइसकेको थियो । त्यस कोठामा लिपपोत गरेको चुलो र ठाउँ दुवै सफा थिए ।

चामल हेर्दै यात्रीले भन्यो- "खोइ, यो त राम्रो चामल भएन ।" तर यसभन्दा राम्रो चामल त यहाँ कतै पनि पाइन्न । भएदेखि त म आफैँ ल्याइहाल्ने थिएँ । तरकारी पनि आलुबाहेक अरू केही पाइँदै पाइन्न ।"

अलि हाँसेर यात्रीले भन्यो- "ए, त्यसो हो भने के लाग्छ, पाए जत्तिकैमा सन्तोष गर्नुपर्ला ।"

"अब म जाऊँ त ?" सानीले सोधी ।

"हुन्छ", भन्दा भन्दै युवकलाई कुन्नि किन फेरि एकपल्ट त्यस सानीको अनुहारमा दृष्टि फेर्ने आवश्यकताको अनुभव भयो । दुवैका आँखा जुधे । बालिका लज्जावन्त भएर माथि उक्लन लागी । तर तुरून्तै फर्केर त्यसले अलि साहसको स्वरमा स्वाभाविकता ल्याएर सोधी- तरकारी पकाउनलाई भुटुन र दाउरा चाहिन्यै छ । नुन, मसला र लालटिनमा मटितेल पनि ल्याउनुपर्छ कि ?"

"ए ... ... ! यो त बिर्सेकै रहेछु । तरकारी त घिउमै भुटिहालुँला, मसला चाहिन्न । एक पैसाको अलिकति बेसार र नुन दुवै ल्याऊ अनि तिम्रो के रे, चार पैसाको दाउरा, लालटिनमा चाहिँ छ पैसाको तेल भए पुग्छ ।

एकै छिनपछि सबै थोक ल्याई सानी माथि उक्ली । आफ्नी आमासँगै केही खानपिन गरेर पन्ध्रबिस मिनेटभित्रै आफ्नो सुत्नेकोठामा पसी भित्रबाट ढोका थुनिहाली ।

अहिले साँझको साढे सात मात्रै बजेको थियो तैपनि निकै अँध्यारो भएको थियो । सघन र विशाल पर्वतहरूको अङ्गमा भएका ती पुतली झैँ दुईचारओटा घर यस्तरी स्तब्ध उभिरहेका थिए मानौँ शरीरभित्रबाट प्राणै निस्किसकेको छ । खोलाको "शृङ्खलाबद्ध गर्जन एकनाससित ध्वनित भइरहेको थियो तैपनि त्यस शून्यपनाको भयानकता बढिरहेकै थियो । ओछ्यानमा पल्टेकी कुन्नि के के सोचिरहेकी सानीले हठात् यात्रीको कोठाबाट आइरहेको खटपट ध्वनि सुनी । त्यो त्यही कुरा सोच्नमा मग्न भई, - "अहिलेसम्म त्यसले खानपिन गरिसकेको रहेनछ क्यारे । भात पकाउन जान्दो हो कि होइन, पकाइसकेको तिहुन तरकारी चुल्होबाट उतार्दा खसाल्यो पो होला कि ! लोग्ने मान्छे भात पकाउन कहाँ जान्दो हो र ! तर त्यो त सधैँ मधेसैमा बसिरहेको मान्छे हो । त्यहाँ कसले भात पकाई खुवाउँदो हो नि ! अथवा कोही भान्से राखेको होला । तर कैले हुन्थ्यो मधेसमा खर्च निकै पो लाग्दछ, यसो हेर्दाखेरि यो कुनै साहुमहाजन जस्तो पनि छैन । त्यसो भए यतातिर धमाधम आउनेहरूको जस्तो ठुला ठुला टिनका भरिभराउ भएका गह्रुङ्गा बाकसहरू हुनुपर्दथ्यो,

छालाका तीनचारओटा साना ठुला ब्याग, भाँच्ने खाट, नोकर, धेरै जना भरिया, आफू तामदान वा कार्पेटमा बसेर आउनुपर्ने, खोइ त्यो त केही पनि छैन । यो त मधेसमा कतै जागिरे पो होला जस्तो छ । आफैँ नोकरी गर्नेले भान्से कहाँ राख्न सक्छ र !"

विचारधारा अर्कैतिर बग्यो- "त्यसो भए त्यसकी स्वास्नी होली ।" अनि मुटुमा प्याट्ट एउटा थपडी जस्तो लाग्यो । च्याप्प गरे झैँ त्यो आफ्नो अन्तरैमा निस्तब्ध भई । बाहिर त्यही अविराम स्वरले गर्जिरहेको थियो खोलाको हर्रर ध्वनि । जम्मा भइरहेका विचारहरू अलि विशृङ्खल जस्ता भए । त्यसले एउटा लामो सास फेरी तर त्यो अवस्था एकछिन पखतानपख्ता लोभ्याइराखेका ती मधुर कल्पनाहरूले फेरि छोप्न थाले । सास पर्यन्त अलि थामेर त्यसले सुत्ने प्रयत्न गरी- "यात्री भातसात खाई सुत्यो कि !" तलबाट केही आवाज सुनिएन । "त्यसो भए त्यो सुत्यो ।" तर फेरि त्यही खटपट । "मुसाहरू होलान्, होइनन्, त्यही हो बिचरा अझ ... " तर अघि नै तर्सिसकेका ती मूक सहानुभूतिहरूलाई विचारहरूले समात्न साहस गरेनन् । एकै छिनपछि ओछ्यानबाट जुरुक्क उठेर सलाई कोरी र सिरानतिरको खोपामा राखेको टुकी बाली । धुम्रयुक्त क्षीण प्रकाशले अन्धकारमा छाम्न थाल्यो । टुकी लिएर बिस्तारै त्यो तल ओर्ली । त्यसको छाती हान्न लागेको थियो- "बुढी सुतिरहेकी छ कि ?" " एउटा अव्यक्त र क्षीण डरले अन्तरको धेरै टाढाबाट चियाउने जस्तो प्रयत्न पनि गऱ्यो । त्यो तल पुगी । "तर ... किन ओर्ल्हेकी हुँली ! केही काम छैन ।" यात्रीको कोठामा लालटिनको नीरव र मन्द प्रकाश थियो । त्यसतर्फ यसो झट्ट एकपल्ट हेरी, आँखा फर्के । त्यो आफ्नो सेतो ओछ्यानमा सुतिरहेको थियो- निश्चिन्त, निरुद्विग्न, निर्विकार !

प्राणपर्यन्तलाई तीव्रताका साथ तानिलिने एउटा भयानक लोभ त्यसको भित्र मुटुको हनाइको साथै हान्न लाग्यो र कुनै अव्यक्त उल्लास, साहस, डर र पीडाको भन्न नसकिने मिश्रण त्यसको नसा नसामा दगुर्न थाल्यो, प्रवाहित भयो । त्यही हलचल, त्यही प्रवाह लिएर त्यो माथि पुगी । आफ्नो मैलो ओछ्यानमा लडी ।

यात्री चाहिने बिहानै उठेर गइहाल्यो । सानीको आँखामा आइसकेका र छचल्किरहेका मूक मोह र कुन्नि कस्ता अव्यक्त आकाङ्क्षाहरू त्यसलाई निकै टाढासम्म पहाडको टुप्पामा पुऱ्याई फर्के । कुन्नि केले हो, त्यसको मन भारी हुँदै आयो । हृदयमा आर्द्र भावनाहरूमा गह्रुङ्गो प्रवाह बग्न थाल्यो र त्यसको भित्र मनमा लगातार एउटा प्रश्न उम्लन थाल्यो- "त्यो फेरि फर्कला ?

तर सानीको त्यस प्रश्नको समाधान भएन । त्यो यात्री फर्केन । केही दिनपछि सानीको बिहा पनि भयो । त्यो आफ्नो घरमा गई । घर गृहस्थीको कर्तव्य र लोग्नेको प्रेम, माया, ममता इत्यादि पनि साधारण नियमजस्तै समातिन थाले । उनीहरूका कार्यमा सानीबाट केही अस्वाभाविकता पनि परेन । तर सानीको गाउँले संस्कृति भएको सुदूर अन्तरको एउटा मनले भगवान्को वरदान जस्तो समातेको त्यो प्रश्न- "त्यो फेरि फर्कला !" ले दिनमा दुई चार पटक अवश्यै चियाउने प्रयत्न गरिहाल्थ्यो । लोग्नेको घरमा रहेका बखत कहिलेकाहीँ एउटा शङ्काले भयानक अन्तर सङ्ग्राम मच्चाइदिन्थ्यो, "म यहाँ छु, यात्री फर्केर गइहालेको भए ... " तर यस प्रश्नको विश्लेषण गर्ने साहस त्यस बखतसम्म त्यसमा रहनै जान्नथ्यो । कस्तो गह्रुङ्गो, कस्तो भयानक, कस्तो पीडाप्रद शङ्का हो ! बरु यात्री कहिल्यै पनि नफर्कोस्, त्यसको पथ हेर्दा हेर्दै यस जीवनको पनि अन्त भइजाओस् तर सानीलाई नभेटी त्यो त्यसै गइहाल्ला भन्ने विधिविधानको स्वागत गर्ने शक्ति त्यसमा थिएन । त्यो तृष्णा, त्यो अनन्तकालीन प्रतीक्षा, त्यो दिनहुँको अभ्यस्त निराशाको धक्का त्यसको सासमा मिसिइसकेको थियो । त्यही त्यसको जीवन थियो, त्यही त्यसको जीवनक्रम । त्यसैलाई समातेर त्यो आफ्नो जीवन गृहस्थीको गृहिणी थिई, आफ्नी सासूकी बुहारी र पोइकी

जोई । तर कदाचित् कुनै हठात् अभिशापले त्यहीँ छिन्नभिन्न गरिदिएको अवस्थामा पनि त्यो सानी चाहिने गृहिणी, बुहारी र लोग्नेकी स्वास्नी भइरहन सक्ली ? कुन हृदयबाट यस्तो आशा गर्ने ?

यति भए पनि सानीबाट लोग्नेका प्रति पत्नीत्वमा केही बाधा व्याघात परेको थिएन र त्यस पत्नीत्वमा कुनै छल थियो, कतैबाट त्यसमा छिद्र थियो, यो कुरा भन्नेलाई भयानक श्राप दिने शक्ति पनि त्यस सानीमा अवश्य थियो । नारीको विशाल हृदयमा बालकप्रति, आमाबुबा प्रति, माइतका साथीभाइको प्रति, पतिगृहमा सासू, ससुरा, जेठाजु, देवर, भतिजा आदि सबैको प्रति ममता रहन सक्छ भने सानीको हृदयमा त्यस यात्री प्रति पनि कुनै प्रतिध्वनि थियो । नारी चाहिँ पतिकी स्वास्नी हो । यो कुरा प्रदीप्त सूर्य झैँ सत्य छ तर पत्नीत्वको हदसम्म मात्रै । किन्तु नारी एक मात्र पत्नी नै त होइन । त्यो पत्नीभन्दा बाहेक पनि केही हो, बहिनी हो, बुहारी हो, दिदी हो, भाउजू हो, आमा हो र यी सबैभन्दा पर नारी मूर्तिमयी ममता हो । समस्त जगत्मा नारीकै महान् ममता छरिन नगएको भए यो विशाल विश्व शुष्क रुख झैँ निर्जीव काठ मात्र रहन जान्थ्यो !

जाने बखतमा यात्रीले पन्ध्र दिनमा फेरि फर्कनुपर्ला भन्ने कुरा गरेको थियो । त्यस पन्ध्र दिनको प्रतीक्षा सानीलाई अझसम्म पनि याद छ । छसात दिन एउटा भयानक उदासीनता, महान् शून्यतामा समाप्त भएको थियो । आठौँ दिनदेखि आजैका दिनमा त्यो फेरि फर्केला भन्ने आशाले अलि अलि चियाउने प्रयत्न गऱ्यो । सानीलाई सम्झना छ, त्यस दिन गाईलाई ख्वाउने घाँस काट्न जाँदा कुन्नि कुन भावना, कुन आशा, कुन उत्साहले त्यो पहाडको टुप्पासम्म पुगिछ । घाँसको भारी भुइँमा राखी एउटा ढुङ्गामा बसी आफ्नो अन्तरको सुखद कल्पनामा मग्न भइछ । आँखा एकाग्र भएर नेपालबाट आउने बाटो हेरिरहेका थिए । त्यतातिरबाट आउनेहरूलाई देख्दा त्यसको भित्री कल्पना एउटा उत्साह भरिन जान्थ्यो- अत्यन्त सुखद र प्राणप्रद "त्यस्तै आजैका दिन त्यो पनि संसारैको प्रसन्नता आफ्ना अङ्ग प्रत्यङ्गमा सञ्चित गरी आउला, आफ्नो पूर्वपरिचयको प्रसन्नता अलि अलि हाँसोमा छरिदेला र फेरि एक दिन त्यहीँ बास बस्ला । तर बास नबसेदेखि त ... ? छि : यस्तो दुष्कल्पना ! त्यसलाई कति पनि असुविधा र दुःख म कहाँ परेको थिएन । मैले जम्मै काम गरिदिएकी थिएँ । राम्ररी पकाई खाई सुतेको थियो । किन नबस्नु !" यस्तै प्रकारले नित्य नयाँ नयाँ कल्पनाहरू त्यसको आशालाई प्रदीप्त तुल्याउँदै दिनहरूलाई बिताउँदै गए । अन्ततः त्यो चिर अभीप्सित पन्ध्रौँ दिन पनि आयो । सानीलाई सम्झना छ, त्यस दिन बिहान हुनुभन्दा तीन घण्टा अगाडि राति नै त्यसको निद्रा खुलिहाल्यो । ढोका खोलेर एकपल्ट बाहिरतिर हेर्दा रात धेरै बाँकी थियो । जून टहटह लागिरहेका र आकाश स्वच्छ थियो । खोलाको "हर्रर" ध्वनि उत्फुल्लताको स्वागत गान झैँ लाग्यो । भगवान्को बास गर्ने आकाश आफ्नो निर्मल जूनमा हाँसिरहेको जस्तो प्रतीत भयो । दुईतीन घण्टामै प्रदीप्त सूर्य निस्कने छन्, पहाडका टुप्पामा तिनका सुनौला किरणहरू फैलिन जान्छन् । यही दिन त्यसको आउने शुभोत्सव हुन्छ । त्यो आउला, भोलि नै त्यो आउला, बिहान हुनेबित्तिकै त्यो हिँड्छ र सुखको भण्डार झैँ भएर सानीलाई भेट्टाउला !" धेरैबेरसम्म त्यो त्यसै विचारमा मग्न, सुखकल्पना विभोर भएर बसिरही अनि एउटा आत्तिए जस्तो लामो सास फेरी आफ्नो कोठामा गएर ओछ्यानमा ओल्टेकोल्टे गर्न थाली । त्यसपछि बिहान पनि भयो, सूर्य पनि उदायो, सानीले उद्विग्न प्रतीक्षा पनि गरी, साँझ भयो, रात पनि पऱ्यो, तर ... तर ... पन्ध्र दिनको अत्यन्त उद्विग्न प्रतीक्षाको परिणामस्वरूप सानीले पाई- "त्यो आएन ।" आँखामा आँसु, हृदयमा वेदना, प्राणमा अन्धकार, कण्ठमा भक्कानु र रोम रोमपर्यन्तमा आद्र रुदन भरेर त्यस यात्रीको सट्टामा सानीले यही चार अक्षरको स्वागत गरी आफ्नो मुटुमा बसाली- "त्यो आएन !"

कठैबरी, नारीको निर्बल हृदय ! तँमा उत्सर्गको परिमाण कति छ ? उत्सर्ग गर्नलाई तैँले कति रस, कति माया, कति बन्धन र कुन्नि के के सञ्चित गरिराखेकी छेस् ? त्यस्ता कैयौँ पन्ध्र दिन बिते ।

जीवनमा र जीवनक्रममा आद्यन्त झैं भिन्नता आइलाग्यो फेरि "त्यो आएन" को साथै "त्यो फेरि फर्कला कि ... ... ?" भन्ने पनि सम्बद्ध भई अभ्यन्तर यात्रा गर्न थाल्यो । यस यात्राको विराम कहाँ छ, लक्ष्य कहाँ छ र अन्त कहाँ छ, जीवनको शेषमा कि त्यसभन्दा पनि पारि, कुन्नि ? क्रमशः अग्लो हुँदै गएको कष्टप्रद, कठोर, दुर्गम पहाडको क्षीण पथलाई आँखाले भेटेसम्म हेर्दा मान्छे पो हो कि भन्ने भ्रम पार्ने एउटा धब्बा जस्तो पनि केही देखिएन ।

हुँदाहुँदा युगैको परिवर्तन भयो । सानीकी आमा पनि अनन्तसँग भेट्न गइहाली जहाँ गएर कोही पनि फर्कन्न । सानीले आफ्नो माइतकै घरमा त्यही पुरानो व्यवसाय थामी बसी । त्यो लोग्नेकै घरमा भएका बखत "यात्री गइहालेछ कि ? ?" भन्ने सानीको साह्रै सम्भावनीय शङ्काको टुङ्गो लाग्यो । त्यसपछि नेपालबाट लाखौं यात्रीहरू त्यही मार्खुको बाटो भई तल मधेसतिर ओर्ले तर "त्यो यात्री" कहिल्यै त फर्कला ! त्यसको निराश आशालाई डोऱ्याउने एउटा क्षीण, मसिनो धागोको छेउ प्राप्त हुन गयो र त्यसलाई त्यसले लम्याउँदै गई तर ... ! कति सुकुमार, कस्तो सुन्दर, कस्तो लोभ्याउने र कति लामो हुन्छ यो निराश आशाको मसिनो धागो ! त्यस धागाको बदला कसैले त्यसको जीवन, यौवन दुवैको धागो चाँडचाँडै तान्दै तान्दै गइरहेको थियो, तर सानीलाई यसको पत्ता थियो ? त्यो त आफ्नो अतीतको मनोरम स्मृति केवल एक दिन मात्रको क्षणिक स्वप्नमा व्याप्त थिई । त्यो स्वप्निल सुकुमारता, त्यो मधुरिमा, प्रथम यौवनको पहिलो उपहारमा कृतज्ञता स्वरूप त्यसले गरेको उत्सर्गको सार्थकता कहिले फेरि पनि आउला !" यही विधिलाई नित्य निरन्तर नयाँ तुल्याउँदै तह लाइराख्नमा नै त्यो व्यस्त थिई । त्यसलाई जीवनसूत्र तानेको थाहै कसरी हुन्थ्यो र ... ... ? प्रेम जीवनको बाटो हो र उत्सर्ग त्यसको अन्तिम लक्ष्य; त्यस लक्ष्यसम्म पुगेपछि पाइन्छ आफ्नो अस्तित्वको विलुप्ति ।

एक दिन साँझको बखत सानी आफ्नो पसल उठाइसकेपछि द्वारमा अन्यमनस्क भई उभिरहेकी थिई । यस्तै उभिरहेको अवस्थामा, यस्तै शान्त क्लान्त सन्ध्याको धमिलोपनामा, अनुरागको प्रतीक झैं आएको थियो "त्यो यात्री ।" तर आजै मात्र होइन कि जीवनका अनेकौं भग्न आकाङ्क्षा, सुस्याइरहेको आशा, मुटुको उदासीन पीडा लिई त्यसले कति कति पल्ट त्यसै द्वारमा उभिई आशाहीन व्यर्थ प्रतीक्षा गरी तर त्यो नआएको नआएकै भयो । यस्ता जम्मै मिथ्या स्वागतको उत्तरमा त्यसले पाएकी थिई- प्राणको तलबाट उम्लने एउटा नीरव आद्रता र गहभरि आँसु । आज पनि त्यो त्यसै उभिरही यात्रीको होइन कि त्यसको चिर परिचित त्यही आर्द्रता, त्यही आर्त, मूक रुदन र त्यही आँसुको प्रतीक्षा गरिरहेकी थिई र एउटा यौवनपारि पुगिसकेको मानवदेहले त्यसको सामुन्ने आइपुगी सोध्यो- "यहाँ बास पाइन्छ ?"

हृदयमा बगिरहेको रक्त थामिन गए जस्तो हुन लाग्यो । एउटा बज्रप्रहार झैं अतीतको मुड्की हानिन गयो "धक्क" । आउनेको मुख हेरेको हेरकै भइछ "त्यो सानी ।"

"यहाँ बास पाइन्छ कि पाइँदैन ?" फेरि प्रश्न भयो । सानीको मुख एकपल्ट झन् प्रदीप्त भएर तत्क्षणै कालो निर्जीव झैं भइहाल्यो । त्यसले अन्तरिक्षतिर हेर्दै अत्यन्त कष्टसाथ भनी ... "पाइन्छ, भरियाहरू कता छन् ?"

"आउन लागेका छन् ।" - यात्रीले एउटा ढुङ्गामा बसेर भन्यो- "धेरै दिन भइसक्यो मधेसबाट नेपाल गएको, फर्कनै सकिनँ । आज बल्ल फर्कन लागेको छु, देख्छु, बाटो, पहाड जम्मै नयाँ जस्ता भइसकेका रहेछन् । नेपाल जान लागेको बखत पनि यसै घरमा बास बसेको थिएँ, आज पनि त्यो घर भएदेखि यसैमा बसुँला भन्ने विचार गरी घरबाट हिँडेको, बल्ल आइपुगेँ । खोइ त्यो बुढी ? सानी चाहिने त तिमी नै हौ कि ... ... ?"

बज्रादपि कठोर प्रलय गर्जनभन्दा पनि तीव्र कोलाहलमय त्यस आउनेको उपर्युक्त कुरा सानीको अन्तरमा उत्रिन गयो । त्यो त्रस्त भइहाली । यतिका दिनको दीर्घ प्रतीक्षा, यस्तो रौँ रौँलाई कल्पाइ राख्ने नैराश्यको रुदनको अन्तरलाई यस्तरी सजिलोपनामा स्वागत गर्न त्यो तयार थिइन । उफ् मानव ! सानीको यस्तो जीवनव्यापी समस्त आकाङ्क्षा, आशा, पीडा, रुदन, नैराश्य, तृष्णा, कल्पना, सुख, दुःख र समस्त आह्वानको प्रतीक जम्मै तिमी नै हौ, यो तिमीलाई थाहापर्यन्त पनि छैन । तिम्रो यो सजिलो प्रश्नमा तिम्रो यो अप्रत्याशित आगमनमा, यो जीवनव्यापी कथा समष्टिमा एउटा नारी हृदयको के के कति कति चूर्ण विचूर्ण भइसकेको छ, तिमी किन, कसरी अनुमान गर्न सक्छौ !

सुदूर क्षितिजबाट आएको ध्वनि झैँ सानीको मुखबाट निस्क्यो- "अँ, सानी मै हुँ ।"

"हो, मैले चिनिसकेकै थिएँ । तर तिमी ... तिमी त बुढी भइसकिछौ !" आउनेले मुसुमुसु हाँस्तै भन्यो ।

बल्ल सानीका आँखा उघ्रे । त्यसलाई आफ्नो अङ्गप्रत्यङ्ग कसो खुम्चिन लागेको छाला देखेर बितेको दीर्घ समयको सम्झना भयो र झन् प्रत्यक्षमा त्यसले देखी, यात्राको तीन चौथाइ पूरा भएपछि त्यसले पाइछ - आशा समाप्तिको साथसाथै जीवनसन्ध्या पनि आइपुगेको रहेछ । दुनियाँ अर्कै भएको रहेछ, यस वर्तमानसँग त्यस सानीमा कुनै प्रकारको सामञ्जस्य रहेनछ ! आशाले अझसम्म बुद्धिलाई धोखा दिइरहेको थियो, सानी शिथिल, क्लान्त झैँ हुन गई । उभिइरहनमा शरीर साह्रै नै गलेको जस्तो भान हुन लाग्यो र त्यसै द्वारमा थचक्क बसी ।

बिहान हुनेबित्तिकै- त्यहीँ अतीतकै जस्तो यात्री फेरि हिँडिहाल्यो । त्यसै दिनदेखि त्यसको जीवनको उद्देश्यै हरायो । त्यसले अझसम्म आफ्नो अन्तरमा समाती, आफ्नो आशामा झुन्ड्याइराखेका त्यसका उमङ्ग, उत्साह र यौवनपर्यन्तलाई यात्रीको त्यही एउटै वाक्यले खाइदियो- "तर तिमी त बुढी भइसकिछौ !" त्यसपछि त्यो नारी, त्यो जीवनपर्यन्तको मूक आशा, त्यो आफैँमा निहित भइरहने गह्रुङ्गो वेदना, त्यो सानी आफ्नो दीर्घ प्रतीक्षामा आफैँमा समाप्त भइहाली । तर त्यति मात्रै होइन, आह ! प्राणभन्दा पनि बढ्ता माया गरी तह लाइराखेको त्यसको जीवनव्यापी परिचित, प्रिय त्यो प्रश्न पनि एउटा भयानक विषद्को अन्धकारमा विलुप्त हुन गयो- "त्यो फेरि फर्केला ?"

**शब्दार्थ**

*पुष्ट : बलियो*
*पार्वत्य : पर्वत (पहाड) को प्रभाव परेको*
*तामदान : मानिसले बोकेर चलाइने एक किसिमको सवारी साधन*
*निरुद्विग्न : चिन्तित, आकुल-व्याकुल*
*व्याघात : ठुलो चोट, आघात*
*विलुप्ति : लुप्त भएको अवस्था, एकाएक हराउने स्थिति*
*नैराश्य : निराशा*
*मूक : निमुखो, मौकामा बोल्न नसक्ने*

## कथासार

भवानी भिक्षुको 'त्यो फेरि फर्कला ?' कथाको घटना एक दिनको साँझको समयबाट सुरु हुन्छ । साँझपख एउटा यात्री बास माग्दै सानीको पसलमा आइपुग्छ र 'बास पाइन्छ ?' भनेर सानीलाई सोध्छ । सानीकी आमाले बास बस्न अनुमति दिन्छिन् । यात्रीलाई बास बस्न दिएकोमा सानी भित्रभित्रै खुसी हुन्छे । आमाको स्वीकृतिपछि यात्री बास बस्छ र बस्नका लागि आवश्यक सामग्रीहरू मगाउँछ । सानीले यात्रीको बासका लागि आवश्यक सरसामान जुटाइदिन्छे । सानी भित्रभित्रै यात्रीप्रति आकर्षित हुँदै जान्छे । यात्री खाना बनाएर खान्छ र सुत्छ । यात्री सुतेपछि सानी यात्रीका कल्पनामा डुब्छे । सानी यात्री सुतेको ठाउँमा पुग्छे । यात्री निश्चिन्त सुतिरहेको देखेपछि ऊ आकर्षित हुँदै मनमा छटपटी बोकेर ओछ्यानमा गएर पल्टिन्छे । रातभरि सानीलाई निद्रा पर्दैन । यात्री बिहानै बाटो लागेपछि प्रत्येक दिन यात्रीलाई सम्झिएर बस्छे । यात्री फर्केला भन्ने उसलाई पूर्ण विश्वास हुन्छ । पन्ध्रौँ दिनसम्म उत्सुकतापूर्वक सानी यात्रीको बाटो हेरेर बस्छे तर यात्री फर्किँदैन । सानीको उमेर बढ्दै गएपछि उसको विवाह हुन्छ । गृहस्थीका सम्पूर्ण कुरा सानीले स्वाभाविक रूपमा पूरा गर्दै जान्छे तर पनि ऊभित्र यात्रीको सम्झना जीवन्त बनेर रहेको हुन्छ । सानीकी आमाको मृत्यु भएपछि सानी आमाको पेसा अँगालेर त्यही घरमा बस्न थाल्छे । एक दिन अचानक त्यही यात्री आएर सानीसँग बास माग्छ । सानी प्रसन्न भएर बास दिन्छे र प्राणपर्यन्तसम्म पर्खेको यात्रीसँग सानीको कुराकानी हुन्छ । कुराकानीका क्रममा यात्रीले सानीलाई 'तिमी त बुढी भइसकिछ्यौ' भनेपछि सानीका मनमा अचानक वज्रपात हुन्छ । आफूले एकोहोरो यात्रीको प्रतीक्षा गरेर बसेको तर यात्रीले त्यस्तो कुनै अनुराग नदेखाएकाले सानीको मानसिकतामा परिवर्तन हुन थाल्छ । बास बसेको यात्री यसपटक पनि बिहान हुने बित्तिकै पहिले झैँ आफ्नो बाटो लाग्छ । सानीको दीर्घ प्रतीक्षा समाप्त हुन्छ । यसरी सानीका मनमा उत्पन्न भएको यात्रीप्रतिको एकोहोरो प्रेम निराशतामा परिणत भई कथाको अन्त्य हुन्छ ।

## शब्दभण्डार

१. तल दिइएका शब्दको मिल्ने अर्थसँग जोडा मिलाउनुहोस्

| | |
|---|---|
| कष्टप्रद | जान्ने चाहना |
| प्रतीक्षा | बोल्न नसक्ने अवस्था |
| विशृङ्खल | पीडादायी |
| उत्सुकता | लजाएको |
| लज्जावन्त | पर्खाइ |
| निस्तब्ध | क्रम नमिलेको |

२. तलका शब्दको विपरीत अर्थ पढ्नुहोस् :

| |
|---|
| शुभ -अशुभ |
| सक्कली -नक्कली |
| सन्चो -बिसन्चो |
| सत् -असत् |
| सपना -विपना |
| सम्झौनी -बिर्सौनी |
| सम्पन्न -विपन्न |
| सरल -जटिल |
| सरस -नीरस |
| सक्रिय -निष्क्रिय |
| स्वतन्त्र -परतन्त्र |
| सजिलो -कठिन/असजिलो |
| सज्जन -दुर्जन |
| सर्वज्ञ -अल्पज्ञ |
| साँचो -झुटो |
| साँझ -बिहान |
| साक्षर -निरक्षर |
| साजी -बासी |
| सापेक्ष -निरपेक्ष |

३. तलका विपरीतार्थक शब्दको जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| उदय | शान्ति |
| मानव | विगत |
| जित | नामर्द |
| सपना | कुरूप |
| युद्ध | अस्त |
| आगो | पर |
| आगत | दानव |
| मर्द | हार |
| सुन्दर | विपना |
| वर | पानी |

४. दिइएका शब्दहरूको पर्यायवाची शब्द पाठबाट खोजी लेख्नुहोस् :

(क) ढोका

(ख) अचानक

(ग) जीवन नभएको

(घ) बितेको

(ङ) चाहना

(च) डरलाग्दो अवस्था

५. दिइएका तत्सम शब्दहरू पढ्नुहोस् :

कण्टक, घण्टा, कण्ठ, पण्डित, चण्डी, दण्ड, अद्दण्ड, गण्डक, खण्ड, काण्ड, कुण्ठा, ताण्डव, पाण्डव, पिण्ड, दण्डवत्, दन्त, पन्थ, सन्देश, बन्धन, सन्त, मन्द, गन्ध, प्रबन्ध, निबन्ध, सन्तु, सन्तोष, ग्रन्थ, चन्दन, सन्दर्भ, सन्धि, कम्पन, पम्फा, सम्बन्ध, भूकम्प, सम्पन्न, केन्द्रीय, क्षेत्रीय, भवदीय, राष्ट्रिय, सभ्य, सौन्दर्य, कर्तव्य, द्रष्टव्य, मन्तव्य, भवितव्य, ज्ञातव्य, वक्तव्य, दर्शनीय, स्थानीय, पठनीय, लेखनीय, शौर्य, लावण्य, गम्य, प्राच्य, हास्य, पेय, देय, कार्य, धैर्य, मूल्य, ग्राम्य, मनुष्य, चाणक्य, आदित्य, दैत्य, गाम्भीर्य, पाण्डित्य, पूर्वीय, पाश्चात्य, वीर्य, सञ्चार, पञ्च, कञ्चन, सञ्जाल, सञ्चय, लाञ्छना, पुञ्ज, सञ्जय, पञ्चामृत, चञ्चल, व्यञ्जन, कञ्चन, मञ्च, वाञ्छनीय, रञ्जना, अम्बा, शम्भु, गुम्फन, बिम्ब, लम्बोदर, स्तम्भ, सम्बन्ध, सम्मान, चम्पक, सम्बद्ध, सम्भव, सम्पत्ति, डम्फु, सम्बन्धी, करणीय, रमणीय, श्रवणीय, स्वर्गीय, पर्वतीय, आत्मीय, परकीय, गेय, दृश्य, स्तुत्य, नारदीय, पाठकीय, सम्पादकीय, माधुर्य

६. उदाहरण हेरी दिइएका शब्दको वाक्यमा प्रयोग गर्नुहोस् :

उदाहरण

विधिविधान : कुनै पनि नागरिकले देशको विधिविधानलाई मिचेर काम गर्न पाउँदैन ।

प्रतीक्षा, भयानक, आर्द्र, उल्लास, क्षीण, शून्यपना, आवरण

## बोध र अभिव्यक्ति

१. 'त्यो फेरि फर्कला ?' कथाकी सानीको चरित्रचित्रण पढ्नुहोस् र यसै आधारमा यात्रीको चरित्रचित्रण गर्नुहोस् :

उत्तर : 'त्यो फेरि फर्कला ?' कथामा समावेश गरिएका पात्रहरूमध्ये सानी एक नारी पात्र हो । भवानी भिक्षुले सानीलाई कथागत भूमिकाका आधारमा प्रमुख पात्रका रूपमा प्रस्तुत गरेका छन् । कथाको प्रारम्भिक चरणदेखि नै उपस्थित सानी यात्री बास माग्न आएपछि सक्रिय रूपमा कथाभित्र प्रवेश गरेकी छे । यात्री, सानीकी आमा, सानीका पारिवारिक सदस्यहरू यस कथामा पात्रका रूपमा उपस्थित भए पनि उनीहरूको भूमिका अत्यन्त गौण रहेको देखिन्छ । सानीकै सेरोफेरो र उसकै मानसिक आरोह अवरोहमा कथा प्रारम्भ भएर विकास हुँदै उच्चबिन्दुमा पुगेको छ भने यात्री फर्किएपछि यात्रीले भनेको "तिमी त बुढी भइछयौ" भन्ने वाक्यपछि कथानक ओरालो लागेको छ । कथाको अन्त्यमा पनि सानीकै मानसिक छटपटी र दीर्घ प्रतीक्षाको अन्त्य सँगै कथानकले विश्राम लिएको छ । सानीकै सक्रिय मानसिक चिन्तनमा आधारित भएकाले भूमिकाका आधारमा सानी यस कथाकी प्रमुख पात्र रहेकाले कथा रोचक बन्न पुगेको छ ।

सानीको पारिवारिक अवस्थालाई यस कथामा विस्तृत चिनारी दिइएको छैन । कथाको प्रारम्भिक अवस्थामा घरमा आमा र सानीमात्र देखिन्छन् । अन्य परिवारका सदस्यहरूको कुनै नामसमेत उल्लेख गरिएको छैन । यात्री गएपछि सानीको विवाह भएको तर वैवाहिक परिवारमा सदस्यहरूको पारिवारिक अवस्थालाई पनि सूक्ष्म रूपमा मानोल्लेख मात्र गरिएको छ । सानीको लोग्ने, सासू, ससुरा, नन्द, जेठाजु आदिको नाम उल्लेख भए पनि भूमिकाका आधारमा यी पात्रहरू गौण रहेका छन् । कथाअनुसार सानी वैवाहिक जीवनमा प्रवेश गरेपछि पनि उसको जीवन सहज बनेको देखिँदैन । त्यसैले पारिवारिक अवस्थालाई कमजोर देखाइएको छ । शारीरिक स्थितिका आधारमा सानी यौवनावस्थामा फक्रक्क फक्रेकी फूल हो । यात्रीको प्रथमपटकको आगमनसँगै ऊ यौवनले भरिपूर्ण युवती हो भन्ने सङ्केत पुष्टि हुन्छ । जवान यात्रीलाई बास बसाउनमा सानीको महत्त्वपूर्ण भूमिका रहेको छ । यात्रीलाई खाना पकाउने सम्पूर्ण सामग्रीको जोहो गरिदिनु र आमा सुतेपछि यात्रीको कोठामा चिहाउन आउनु जस्ता घटनाले सानी यौनकुण्ठाले विक्षिप्त बनेकी छे भन्ने प्रमाणित हुन्छ । यात्री सुतेको थाहा पाएपछि पनि सानीको मन शान्त छैन । ऊ रातभरि यात्रीसँगको काल्पनिक लोकमा हराएकी छे । उसको मानसिक अवस्था कुनै पनि समयमा स्थिर देखिँदैन । बिहान यात्री गएपछि पनि ऊ त्यही यात्रीको प्रतीक्षामा व्याकुल बनेकी छे । वैवाहिक जीवनमा प्रवेश गरेपछि पनि उसभित्रको यौनकुण्ठा तृप्त भएको देखिँदैन । आमाको मृत्यु भएपछि सानी माइतीघरमै आएर बसेकी छे । आमाको मृत्यु हुँदासमेत सानीमा कुनै मानसिक परिवर्तनको

अवस्था देखाइएको छैन । यात्री फर्किएपछि यात्रीको एउटा वाक्यले मात्र सानीका वर्सौंदेखिका चाहनाहरू अचानक विलुप्त भएका छन् ।

सानीको आर्थिक अवस्था पनि निकै कमजोर देखिन्छ । विवाहपूर्व पनि बाटाका छेउमा सानो घरमा यात्रीहरूलाई बास दिने र उनीहरूको खानपिनको व्यवस्था गरी आय आर्जन गरेर जीविका चलाएको देखिन्छ । वैवाहिक जीवनमा प्रवेश गरेपछि पनि आर्थिक अवस्था मजबुत देखिँदैन । यदि मजबुत हुँदो हो त सानी आमाको मृत्युपश्चात् माइतीघरमा नै आएर पहिलेकै व्यवसाय सम्हालेर बस्नु पर्ने अवस्था देखिँदैन थियो । त्यसैले सानीको आर्थिक अवस्थामा पनि कथाको आरम्भदेखि अन्त्यसम्म कमजोर नै देखिन्छ । समग्रमा सानी 'त्यो फेरि फर्कला ?' कथाकी प्रमुख पात्र हो । उसको पारिवारिक अवस्था त्यति सबल देखिँदैन । यौवनले उत्मत्त भए पनि उसले आफ्नो चारित्रिक हत्या गर्ने प्रयत्न गरेकी छैन । मानसिक छटपटी र यौनकुण्ठा भने व्यापक देखिन्छ । सानीकै भूमिकाको केन्द्रीयतामा कथानक केन्द्रित भएको छ । तसर्थ सानी यस कथाकी प्रमुख, सशक्त नारी पात्र हो ।

२. पाठको अन्तिम अनुच्छेद पढी चारओटा प्रश्न निर्माण गर्नुहोस् ।

३. 'त्यो फेरि फर्कला ?' कथामा सानीको कस्तो मानसिक अवस्थालाई विश्लेषण गरिएको छ, कथाका आधारमा विवेचना गर्नुहोस् ।

४. तलको घटनाक्रम पढेर 'त्यो फेरि फर्कला ?' कथालाई छोटकरीमा लेख्नुहोस् :

(क) एक दिन साँझको समयमा एउटा यात्री आउनु

(ख) यात्रीले बास पाइन्छ भनेर सानीलाई सोध्नु

(ग) आमाले बास बस्न अनुमति दिनु

(घ) आमाको स्वीकृतिले यात्री बास बस्नु

(ङ) यात्री बस्ने निश्चित भएपछि सानी खुसी हुनु

(च) यात्रीको बासका लागि सानी सक्रिय भएर लाग्नु

(छ) सानी भित्रभित्रै यात्रीप्रति आकर्षित हुनु

(ज) यात्री सुतेपछि सानी यात्रीका कल्पनामा डुब्नु

(झ) सानी यात्री सुतेको ठाउँमा पुग्नु

(ञ) यात्री निश्चिन्त सुतिरहेको पाउनु

(ट) मनमा छटपटी बोकेर सानी ओछ्यानमा पल्टिनु

(ठ) यात्री बिहानै बाटो लाग्नु

(ड) यात्री गएपछि प्रत्येक दिन यात्रीलाई सम्झिनु

(ढ) पन्ध्रौँ दिनसम्म उत्सुकतापूर्वक सानी यात्रीको बाटो हेरेर बस्नु

(ण) यात्री नफर्किनु

(त) समयक्रममा सानीको विवाह हुनु

(थ) गृहस्थीका सम्पूर्ण कुरा सानीले स्वाभाविक रूपमा पूरा गर्नु

(द) सानीकी आमाको मृत्यु भएपछि सानी आमाको पेसा अँगालेर त्यही घरमा बस्नु

(ध) एक दिन अचानक त्यही यात्री आएर बास माग्नु

(न) सानीले प्राणपर्यन्तसम्म पर्खेको यात्रीले कुराकानीका क्रममा 'तिमी त बुढी भइसकिछ्यौ' भन्नु

(प) आफूले मात्र यात्रीको प्रतीक्षा गरेको तर यात्रीले त्यस्तो कुनै अनुराग नदेखाएको थाहा पाउनु

(फ) बिहान हुनेबित्तिकै पहिले झैँ यात्री हिँड्नु

(ब) सानीको मानसिकतामा परिवर्तन आउनु ।

## भाषातत्त्व

१. दिइएका शब्दहरूबाट ह्रस्व र दीर्घ प्रयोग भएका शब्दको अलग अलग तालिकामा लेख्नुहोस् :

निबन्ध, नियम, निश्चल, निश्छल, निस्तेज, निर्मल, निर्गुण, निरूपाय, दुस्परिणाम, निष्कलङ्क, निर्विवाद, दुष्कर्म, दुर्गति, विमान, विज्ञान, वियोग, विदेश, उत्कर्ष, कमिलो, नरिवल, बाजुरा, रुकुम, मङ्सिर, कटुस, ढुकुर, मानिस, ईश्वर, क्रीडा, क्षीण, ग्रीष्म, जीव, दीक्षा, नीर, पीयूष, वीर, शीर्षक, शीत, चीत्कार, सीता, गीता, सीमा, न्यून, स्तूप, मूल्य, मूल, भूमि, शून्य, सूक्ष्म, सूर्य, सूत्र, स्थूल, कीर्तन, भानिज, कपुर, भतिजा, उत्सर्ग, उल्लिखित, उद्भव, उत्पादन, खिरिलो, हरियो, सुरिलो, सामाजिक, धार्मिक, नैतिक, आर्थिक, दैनिक, घरानिया, मलिलो, मौखिक, पङ्क्ति, परिधि, विपत्ति, वृत्ति, सन्तति, सम्पत्ति, स्तुति, हरि, सेतु, शत्रु, वायु, लघु, राहु, रघु, मेरु, मृत्यु, मनु, बन्धु, प्रतीक, परीक्षा, शरीर, अभीष्ट, भगीरथ, कस्तूरी, अतीत, प्रतीत, समूह, सङ्गीत, अधीन, अभीष्ट, गम्भीर, बाहु, परशु, परन्तु, वटु, धेनु, धातु, तथास्तु, तरु, भारतेली, पुर्ख्यौली, रत्यौली, कटनी, ढकनी, घोकन्ती, पोतेरी, चटनी, धावन्ती, बर्मेली

| ह्रस्व | दीर्घ |
|---|---|
| | |

२. तलका शब्दहरूबाट श, ष, स प्रयोग भएका शब्दको बेग्लाबेग्लै सूची बनाउनुहोस् :

श्लेष, निश्चय, शुचि, पश्चात्, पश्चात्ताप, सन्मार्ग, संस्कार, सम्पादक, सङ्गोष्ठी, सङ्क्षेप, सम्मुख, सहप्राध्यापक, सहसचिव, सहयोग, सहकार्य, सहचारी, सहसम्पादक, स्वकर्म, स्वकीय, श्लील, विश्लेषण, संश्लेषण, शृङ्गार, शृङ्खला, श्रम, श्री, श्रद्धा, श्रावण, श्राप, श्राद्ध, पिशाच, विश्राम, शरण, विशेषण, शोषण, पुष्प, मस्तिष्क, कनिष्ठ, अनुष्ठान, घनिष्ट, पाषाण, षोडशी, कृषक, निकृष्ट, पोषण, भाषण, भूषण, आभूषण, पुष्कर, धृष्ट, गरिष्ठ, तृष्णा, पुष्पा, षड्कोण, षडानन, रुष्ट, गोष्ठी, प्रेषक, भाष्कर, शीर्षक, अष्टावक्र, राष्ट्र, दृष्टान्त, निर्दिष्ट, श्रेष्ठ, ज्येष्ठ, निष्ठुर, निष्पत्ति, शरद, शरीर, शर्मा, अश्रु, दर्शन, शरण, आशय, अश्व, आश्विन, ईश्वर, नश्वर,

शिव, श्वेत, श्वास, वैश्य, विश्व, दृश्य, श्याम, श्वान, सुसम्पन्न, सूक्ति, स्वयंवर, सुयोग, सकाम, सत्कार, सज्जन, सम्मान, समीक्षा, स्वस्ति, स्वरूप, सगोल, सपत्नी, सचेत, सबल, सस्नेह, सादर, सकाम, सुयोग्य, सुपात्र, सुवर्ण, सुवास, सत्कार्य, सदिच्छा, सद्गति, सत्प्रयास, सदाचार, सद्भावना

| श को प्रयोग | ष को प्रयोग | स को प्रयोग |
|---|---|---|
| | | |

३. तलका शब्दहरूबाट ब, व छ र क्ष प्रयोग भएका शब्दको सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् :

बध, बधु, बाधा, बाध्य, बुद्ध, बुद्धि, बुध, बोध, बोधि, बल, बलि, बाला, बालिका, बाल्य, बिम्ब, बाहिर, बहिरङ्ग, बहिर्मुखी, बहिष्कार, बहु, विराम, वैदिक, वैज्ञानिक, वैभव, वैश्य, वैष्णव, वर्ग, वर्तमान, वर्ष, वार्ता, वार्षिक, वृक्ष, वृत्ति, बृहत्, विघटन, विकीर्ण, विफल, विकृत, विज्ञापन, विक्रम, विचार, विचित्र, विहीन, विजय, विद्वान्, विनियम, विवाह, विशाल, बहुलता, बहुव्रीहि, बाहु, बाह्य, ब्रह्म, ब्रह्मचारी, ब्राह्मण, ब्रह्मर्षि, ब्रह्मा, ब्रह्माण्ड, बहुमत, बोधार्थ, बधू, वैरागी, वैशाख, वर्ग, वृत्तान्त, विकल्प, विदेश, वर्गीकरण, विरोध, विवेक, क्षत्री, क्षेत्रीय, क्षमा, क्षीण, क्षणिक, क्षीर, क्षुद्र, क्षुधा, क्षेत्र, क्षौर, अक्षर, नक्षत्र, तीक्ष्ण, भिक्षु, दक्षिणा, तक्षक, लक्षण, साक्षात्, कक्षा, चक्षु, वृक्ष, अध्यक्ष, दक्ष, पक्ष, क्षेत्रपाल, क्षेपक, प्रक्षेप, आक्षेप, क्षेपण, प्रक्षेपण, क्षेप्यास्त्र, सङ्क्षेप, क्षमा, प्रेक्षा, छटा, छत्र, छन्द, छाया, छेद, छात्र, छात्रा, छवि, छिद्र, प्रच्छन्न, तुच्छ, छेकानुप्रास, गुच्छ, इच्छा, परिच्छेद, छेदन, आरक्ष, परिप्रेक्ष्य, अभक्ष्य, अक्षता, क्षितिज, उपलक्ष्य, शिक्षक

| ब को प्रयोग | व को प्रयोग | छ को प्रयोग | क्ष को प्रयोग |
|---|---|---|---|
| | | | |

४. दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| (क) | शर्मा | सर्मा | षर्मा | सरमा |
| (ख) | वातावरन | बातावरण | वातावरण | वार्तावरण |
| (ग) | विदेश | विदेस | बिदेश | बिदेष |
| (घ) | पन्चाङ्ग | पञ्चाङ्ग | पञ्चांग | पञ्चाम्ग |
| (ङ) | बचन | बचण | वचन | वचन् |
| (च) | बाँस | वाँस | बाँश | बाँष |
| (छ) | आबेग | आवेक | आवेघ | आवेग |
| (ज) | विद्वान | बिद्वान् | विद्वान् | विद्धान् |

(झ) शाश्त्र शास्त्र सास्त्र षास्त्र

(ञ) आशु आसु आषु आँशु

## सिर्जना/परियोजना

१. 'दोषी चस्मा' कथाका पात्र केशवराजको मनोवैज्ञानिक विश्लेषण पढेर कुनै कथाका पात्रको विश्लेषण गर्नुहोस् :

उदाहरण :

उत्तर : 'दोषी चस्मा' कथाको मुख्य पात्र केशवराज हो । राणाकालीन परिवेश समेटिएको यस मनोवैज्ञानिक कथाको मुख्य पात्र केशवराज राणाको दरबारमा चाकरी गरेर जीवनयापन गर्ने सामान्य व्यक्ति हो । चाकडीकै भरमा आफ्नो जीविका चलाइरहेको केशवराजका मनमा उत्पन्न मानसिक आरोह अवरोहहरूको मनोवैज्ञानिक विश्लेषण नै कथाको मूल विषय हो । उसको बाँच्ने आधार नै चाकरी हो भने चाकरीमा सामान्य तलमाथि पर्दा पनि डराउनुपर्ने तत्कालीन परिवेश हो ।

एक दिन केशवराज चाकरीबाट फर्कँदा बाटोमा जर्साहिबलाई भेट्छ तर चस्माको कारणले नचिनेर स्वस्ति गर्न भ्याउँदैन । सानो घटनालाई पनि अत्यन्त धेरै सोचिरहने उसको स्वभावका कारणले उक्त घटनालाई लिएर ऊ विभिन्न कल्पना गर्न थाल्छ । घर फर्किने वित्तिकै रिसाउन थालेको केशवराज राति सुत्न पनि सक्दैन । पत्नीको माफी माग्ने सल्लाहबाट केही मानसिक सन्तुष्टि पाए पनि सबेरै जर्साहिबकोमा पुगेको ऊ माफी माग्नुअगाडि नै जर्साहिब सइससँग रिसाएको आवाजले थप विचलित बन्दछ र माफी नै नमागी फर्कन्छ । उसले मानसिक शान्ति नपाएकाले पुन: माफीका लागि पत्नीले प्रेरणा दिन्छे । बाटामा जर्साहिबलाई भेटेर सबै कुरा स्पष्टसँग भनी माफी माग्न सक्दैन र जर्साहिबले माफीको कुरा नबुझी केको माफी भनेर सोध्दा थप विचलित भई मानसिक तनाब बोकेर घर फर्कन्छ ।

चस्माका कारण एक दिन स्वस्ति गर्न नपाउँदा केशवराजका मनमा उत्पन्न हीनता ग्रन्थिको जटिल अवस्थालाई विश्वेश्वरप्रसाद कोइरालाले कारुणिक र आकर्षक ढङ्गबाट प्रस्तुत गरेका छन् । प्रत्येक घटनाले उसको बाँच्ने आधार क्षीण भएको कल्पना गर्दै ऊ जसरी भए पनि बाँच्नु पर्ने निष्कर्षमा पुग्छ । भोलिपल्ट मानसिक तयारीका साथ जर्साहिबकोमा पुगी आफ्ना सबै कुरा स्पष्टसँग राखेर माफी माग्छ र सहजै माफी पाउँछ । केही समय अगाडिसम्म उसको जर्साहिबप्रति रहेको डर, शङ्का, रिस जस्ता मानसिक तनाव हराउँछन् र ऊ पूर्ण रूपमा जर्साहिबप्रति सकारात्मक बन्छ । शारीरिक दुर्बलता र मानसिक शान्तिको अनुभव गर्दै घर फर्केको केशवराज पत्नीप्रति पनि सकारात्मक बन्छ । तत्कालीन समयमा समस्याको समाधान भए पनि राणाकालीन शासन व्यवस्था निरङ्कुश भएकाले वास्तविक समस्याको समाधान नभएको प्रतीकात्मक प्रस्तुति धुँवाको डल्लो कोठाभित्र पसेर फुटी कोठा अँध्यारो भएको घटनाबाट स्पष्ट हुन्छ । केशवराज जस्ता मध्यम तथा निम्नस्तरका जनताको उन्नति शासन व्यवस्थाको परिवर्तनविना सम्भव छैन भन्ने भन्नु यस कथाको निष्कर्ष हो ।

‘दोषी चस्मा’ कथाको केशवराज विचलित पात्र हो । ऊ सानो घटनालाई पनि अत्यन्त धेरै सोचेर ठुलो बनाउँछ र साना कमजोरीहरू माथि अनावश्यक रिस प्रकट गर्छ । उचित सल्लाह सबैसँग मिल्न सक्छ भन्ने कुरामा ध्यान नदिने, तयारीबिना नै ठुला मानिसका अगाडि माफी माग्न जाने, समयमा काम नगर्ने, ढिलो गरी उचित निर्णयमा पुग्ने र गल्ती नै नगरेको कामका पनि माफी पाउँदा दङ्ग पर्ने पात्रका रूपमा देखापर्छ । तत्कालीन अवस्थ उच्च वर्गका कर्मचारीहरूले आफूलाई जस्तोसुकै अन्याय गरेर दण्ड दिए पनि त्यसलाई शिरोपर मात्र गर्न सक्थे तर प्रतिकार गर्न सक्दैनथे भन्ने सत्यलाई समेत केशवराजको मानसिक विचलनले थप स्पष्ट पारेको छ । यही सत्यतालाई कथाकार कोइरालाले ‘दोषी चस्मा’ कथामा सरल तर हृदयस्पर्शी दङ्गले विश्लेषण गरेका छन् । चिन्ताले समयमा नै निकास नपाउँदा उत्पन्न हुने मानसिक पीडा, सामन्ती वर्गबाट हुने उत्पीडनजनित हीनताबोध र माफी पाइसकेपछिको आशावादी जीवन तथा उत्साहित केशवराज जस्ता कमजोर, पीडित वर्गको मानसिक अवस्थालाई विश्लेषण गर्नु नै यस कथाको मूल अभिप्राय हो । दास मनोवृत्तिका कारणले केशवराजमा यो अवस्थाको सिर्जना भएको हो ।

२. तलको कथा पढेर मानसिक जटिल अवस्था भएको घटनालाई आधार मानी एउटा कथा लेख्नुहोस् :

### बौद्धिकताको बोझ

मेरा आँखाहरू एक्कासि राता भए । आँखाका परेलाहरू आफसेआफ विस्फारित हुँदै गए । आँखाका नानीहरूमा प्रकाशको ज्वारभाट उर्लियो । बढी प्रकाश अझ अन्धकार हुँदो रहेछ । मैले वरिपरि केही देखिनँ । मात्र एउटा विशाल धुम्म परेको बादलको ढिस्को मेरो अगाडि अटसमटस भएर मडारिरहेको थियो । तिनै बादलभित्रको धुमिल दृश्यभित्र मेरा अगाडिका मानिसहरू विलिन भए । मेरो अनुहार पनि तातो हुँदै गयो । मानौँ खाना पकाउँदा कुकर ताते झैँ, खलाँतीमा फलाम तताए झैँ । शरीरमा रगतको मात्रा भुलुक भुलक उम्लियो, कराईमा तताएको दुध झैँ । नसा नसाबाट रगतका सिराहरू छिर्का हान्न आतुर थिए, होलीका पिच्कारी झैँ । शरीर लगलग काम्न थाल्यो, मानौँ झाँक्रीमा देवत्व चढे झैँ । एकतमासले चिच्याउन मन लाग्यो र मेरा अगाडिका मानिसहरूप्रति झम्टिने इच्छाले मभित्रको सुषुप्ति साहसलाई एक्कासि उजुक्क ब्युँझायो । मानो बाटोमा एउटा कुकुरले अर्को अपरिचित कुकुरलाई झम्टिए झैँ अगाडिका मानिसहरूलाई झम्टिने साहस गद्र्‍यो मभित्र र नङ्ग्रा नभएका मेरा हातका औँलाहरू एक्कासि जङ्गली जनावरका नङ्ग्रा झैँ तिखा र डरलाग्दा देखिन थाले । तिनै हातहरूले उनीहरूको अनुहारमा चिथोर्ने साहसले कुत्कुत्यायो ।

म आक्रामक देखिएँ, भीष्मपितामहको विराट रूप प्रदर्शन गरेर सबैलाई आफ्नो भयावही स्वरूप प्रदर्शन गर्ने इच्छाले निकै चिमोट्यो । गोमन सर्पले फणा उठाएर डस्न खोजे झैँ मेरो शिर ठडियो मानसिक रूपले । पाइलाहरू आक्रामक गतिमा अगाडि दगुर्न तम्तयार भए ।

अचानक मैले आफूलाई झ्वाट्ट एउटा पदीय दायित्वको बोझले थिचिदिएँ । शिक्षित मान्छेको पगरी गुथाइदिएँ । ती सबै मेरा आवेगहरू बौद्धिक चेतनाको बोझले निस्तेज भए । जतिखेर ममाथि पूर्वाग्रही आरोपका लाञ्छनाहरूको भारी वर्षा हुँदै थियो ।

पाठ ७

# पर्यापर्यटनका सम्भावना र आयाम

## परिचय

तीर्थबहादुर श्रेष्ठ वस्तुपरक निबन्धलेखनमा स्थापित र परिचित नाम हो । निबन्धकार तीर्थबहादुर श्रेष्ठका वन, वनस्पति जैविक विविधता एवम् पर्यावरणसम्बन्धी लेखरचनाहरू प्रकाशित छन् । उनका 'बालीविज्ञान प्रश्नोत्तर', 'नेपाल नखुलेका पाटाहरू', 'जलवायु परिवर्तन : बुझौँ र बुझाऊँ', 'नेपाल अध्ययन' (भाग-१), 'भूस्वरूप र हावापानी', 'नेपाल अध्ययन' (भाग-२), 'वन वनस्पति र प्राणी' आदि कृतिहरू प्रकाशित छन् । उनी नेपालको प्राकृतिक सम्पदाबारे अनुसन्धानपरक र तथ्यपरक निबन्ध रचना गर्ने स्रष्टा हुन् । उनले दक्षिणबाहु चौथो, प्रबल त्रिशक्ति पट्ट चौथो, जगदम्बा श्री पुरस्कार, राष्ट्रिय वनस्पति पुरस्कारलगायत विभिन्न सम्मान तथा पुरस्कारबाट सम्मानित हुने अवसर पाएका छन् ।

प्रस्तुत 'पर्यापर्यटनका सम्भावना र आयाम' वस्तुपरक निबन्ध हो । यस निबन्धमा पर्यावरणको परिचय, यसको सन्तुलन, पर्यावरण र पर्यटनबिचको अन्तरसम्बन्धलाई गहन ढङ्गले विश्लेषण गरिएको छ । निबन्धले पारिस्थितिक प्रणाली र यसलाई बिथोलिदिँदा आउन सक्ने महासङ्कटबारे सचेत गराएको छ । पर्यापर्यटनका विशेषता बुझेर पर्यावरणमैत्री क्रियाकलाप गर्नुपर्ने सन्देश निबन्धले प्रवाह गरेको छ ।

## सिकाइ उपलब्धि

१. निबन्धकारको परिचय दिन

२. निबन्धको संरचना (विषय प्रस्तुतिको क्रम, अनुच्छेद योजना, भाषाशैली आदि) पहिचान गर्न

३. पाठमा प्रयुक्त शब्दको अर्थबोध गरी प्रयोग गर्न

४. निबन्धमा विषयवस्तु सिलसिलाबद्ध टिपोट गर्न

५. पाठगत बोध प्रश्नोत्तर गर्न

६. बुँदा टिपोट र सारांश गर्न

७. उपसर्गद्वारा शब्दनिर्माण गर्न

८. निबन्ध रचना गर्न ।

मूल पाठ (निबन्ध)

# पर्यापर्यटनका सम्भावना र आयाम

*- तीर्थबहादुर श्रेष्ठ*

मान्छे, प्रकृति र वातावरणबिचको सम्बन्ध र सन्तुलनलाई लिएर आजभोलि 'इकोफ्रेन्ड्ली', 'इकोटुरिजम' 'इकोटोरोरिजम' आदि 'इको' उपसर्ग जोडिएका थुप्रै लवजहरू प्रयोग हुन थालेका छन् । यस्ता अभिव्यक्तिको आधार 'इकोलोजी' र 'इकोसिस्टम' शब्द हुन् । सन् १८६९ मा अर्नस्ट हिकेल नामक एक जर्मन वैज्ञानिकले 'इकोलोजी' शब्द प्रयोगमा ल्याएका हुन् । यसमा ग्रिक भाषाका 'ओइकस' र 'लोगस' दुई शब्द समाविष्ट छन् । शाब्दिक अर्थमा घरलाई बुझाउने 'ओइकस' लाई अङ्ग्रेजीमा 'इको' लेखिन थालियो । त्यस्तै अध्ययन, अनुसन्धान, चर्चा, परिचर्चा हुने विद्यालाई जनाउने शब्द 'लोगस' 'लोजी' प्राप्त गरेर 'इकोलोजी' शब्द निर्माण भयो । यो विद्या अर्थात् 'इकोलोजी' अनुसार हामी बस्ने घर अर्थात् वासस्थानका विषयमा अध्ययन, अनुसन्धान, चर्चा, परिचर्चाले गर्दा त्यहाँको प्राकृतिक परिवेशभित्रको सम्पूर्ण जैविक पदार्थ (जीव, प्राणी र वनस्पति) तथा निर्जीव पदार्थहरू (जल, जमिन, हावापानी, घामपानी एवम् रासायनिक द्रव्यहरू) को आपसी सम्बन्धबारे बुझ्ने काम हुन्छ । कुनै वासस्थानको प्रणाली निरन्तर चलिरहनका लागि त्यहाँ सृष्टि र उत्पादनसँगै तिनको खपत र सम्भारको प्रक्रिया पनि निरन्तर चलिरहनुपर्छ । अर्थात् जन्म र जीवनको चक्रसँगै मृत्यु र संहार पनि चल्दै गर्नुपर्छ । संहार कार्यले पुन: सृष्टिलाई सघाइरहेको हुन्छ । सृष्टि, पालन र संहारको कार्य सम्पादन प्रणालीलाई वातावरण विज्ञानले 'इकोसिस्टम' अर्थात् पारिस्थितिक प्रणाली भन्दछ ।

कुनै एउटा पोखरी, ताल वा सिमसारको पारिस्थितिक प्रणालीलाई हेर्‍यौँ भने त्यहाँ वनस्पति घाँस, पात, लेउ, झ्याउ एवम् सूक्ष्म जीवात्माले सौर्य शक्तिको सहायतामा खाद्यपदार्थ निर्माण गरिरहेका हुन्छन् । ती खाद्यवस्तु खपत गरेर जलचर प्राणी र माछाहरू मौलाउँछन् । माछा एवम् अन्य किराफट्याङ्ग्रा खान चराचुरुङ्गी वा गोही सर्पहरू त्यहाँ विचरण गरिरहेका हुन्छन् । त्यहाँ पशुपन्छी वा वनस्पति मरेर, सडेर जल र जमिनलाई पोषण गरिरहेका हुन्छन् । यसै गरी समुद्रको पारिस्थितिक प्रणालीमा पनि सूक्ष्म वनस्पति र अरू झ्याउ लेउले सौर्य शक्तिको सहायतामा माछाको आहारा निर्माण गर्छन् । माछालाई आहारा बनाएर ह्वेल माछालगायतका विभिन्न प्राणी बाँचिरहेका हुन्छन् । विश्वको सबभन्दा ठुलो प्राणी ह्वेलको आहाराको आधार ससाना माछामा निहित हुन्छ । सानो पोखरी होस् वा विशाल सागर त्यहाँको पारिस्थितिक प्रणालीभित्र आहाराको सञ्जाल निकै जटिल हुन्छ । सबैसँग सबै गाँसिएका हुन्छन् । त्यस्तै कुनै वनजङ्गलभित्रको पारिस्थितिक प्रणाली अध्ययन गर्‍यौँ भने सौर्य शक्ति र वनस्पतिले आहाराको प्रारम्भिक आधार खडा गरेपछि तिनलाई खपत गर्ने तृणाहारी हरिण, मृगहरू त्यहाँ जीवन निर्वाह गर्न आइपुग्छन् । तिनलाई आहार बनाउने बाघ, चितुवा हुन्छन् । बाघ, चितुवा एवम् अरू पशुपन्छी र वनस्पति मरेपछि सडेर गलेर फेरि माटो र हावामा लीन हुन्छन् । पारिस्थितिक प्रणाली यसरी नै चलिरहन्छ । यही प्रणालीलाई आफ्नो वासस्थान बनाएर जीवात्माहरू पृथ्वीमा जन्मन्छन्, बाँच्दछन् र मर्दछन् ।

विहङ्गम दृष्टिले विचार गर्दा सम्पूर्ण पृथ्वी एउटा घर हो । यहाँ जल, स्थल, वायु, आकाश र तेज (प्रकाश) यी पाँच तत्त्व (पञ्चतत्त्व) का बिच जलचर, स्थलचर, नभचर र सबै चराचर आफ्नो जीवन बिताउँदछन् । पृथ्वीलाई छोडेर अन्य ग्रहमा जीवात्माको अस्तित्व भेटिएको छैन । त्यसैले

हामी सबैले यहीँ बाँच्नुपर्छ, यहीँ मर्नुपर्छ । यो सिवाय अरू जाने ठाउँ छैन । पृथ्वीको पारिस्थितिक प्रणालीलाई बिथोलिदियौँ भने हाम्रै अस्तित्व सङ्कटमा पर्छ । हालका दिनमा जलवायु परिवर्तनका विषयमा विशेष गरेर वायुमण्डल प्रदूषणका कारण पृथ्वी सतह अप्रत्यासित ढङ्गले तात्ने क्रमलाई लिएर विशेष चिन्ता र चासो हाम्रा सामु तेर्सिएको छ ।

पृथ्वी एउटा जीवन्त ग्रह हो । यसको पारिस्थितिक प्रणालीभित्र विभिन्न उपप्रणालीहरू छन् । पृथ्वीको भूगोलमा यी प्रणालीलाई सञ्चालन गर्ने जलवायुका प्रमुख चार कटिबन्धहरू छन् । भूमध्यरेखाको उत्तर तथा दक्षिणतिर क्रमैले उष्ण, उपउष्ण, शीतोष्ण एवम् हिमाच्छादित ध्रुवीय कटिबन्धहरू रहेका छन् । पृथ्वीमा जलवायुको विविधता अक्षांशका आधारमा वर्गीकरण गरिन्छ । तर पर्वतीय परिवेशमा चाहिँ जलवायु विविधता उचाइअनुसार कायम हुन्छ । हिमालय क्षेत्रमा १००० मिटरभन्दा होचो भागमा उष्ण जलवायु त्यसभन्दा उच्च भूभागमा २००० मिटरसम्म उपउष्ण जलवायु, त्यसभन्दा उच्च क्षेत्रमा ३००० मिटरसम्म शीतोष्ण कटिबन्ध, त्यसभन्दा माथिको शीतप्रधान कटिबन्ध उपलेकाली ४००० मिटरसम्म र त्यहाँबाट ५००० मिटरसम्म लेकाली हावापानी हुन्छ । ५००० मिटरभन्दा उच्च भागमा हिमाच्छादित क्षेत्र हुन्छ । त्यसैले हिमालयलाई तेस्रो ध्रुव पनि भनिन्छ ।

जलवायुका कटिबन्धभित्र विभिन्न प्रकारका पारिस्थितिक प्रणालीहरू पहिचान गर्न सकिन्छ । पारिस्थितिक प्रणालीको पहिचानमा वन्य पारिस्थितिक प्रणाली, घाँसे मैदान अर्थात् तृणप्रधान पारिस्थितिक प्रणाली, सिमसार पारिस्थितिक प्रणाली एवम् कृषि पारिस्थितिक प्रणाली छुट्याउन सकिन्छ । लेकाली क्षेत्रमा बुट्यान पारिस्थितिक प्रणाली पनि पहिचान हुन्छ । वन पनि विभिन्न प्रकारका हुन्छन् । चितवन राष्ट्रिय निकुञ्जभित्रको वन्य पारिस्थितिक र अन्नपूर्ण संरक्षित क्षेत्रमा वन्य पारिस्थितिक बिलकुलै भिन्न हुन्छन् । चितवनको घाँसे मैदान र मुस्ताङको घाँसे मैदान एकै हुँदैन । रारा दहको सिमसार र बेगनास तालको सिमसार पनि बेग्लै प्रकृतिका हुन्छन् ।

नेपालको पर्यावरण र यसका पारिस्थितिक प्रणालीलाई सरलसँग बुझ्न र बुझाउन नेपाललाई बार्दलीसहितको एउटा पाँच तले घर कल्पना गर्न सकिन्छ । भुईंक तलामा तराई, पहिलो तलामा चुरे मधेस तथा टारबेँसी, दोस्रो तलमा पहाडी प्रदेश, तेस्रो तलामा पर्वतीय (उपलेकाली) प्रदेश, चौथो तलामा उच्च पर्वतीय (लेकाली) भाग र त्यसको शिरमा हिमाच्छादित छानाका रूपमा हिमाली शिखरहरू अवस्थित रहेको कल्पना गर्न सकिन्छ । यस भवनको उत्तरी मोहडामा बार्दली झैँ निस्किएको भोट प्रदेश पर्न आउँछ । पर्वतीय धरातलले गर्दा यस घरको पर्यावरणीय जटिलतालाई पर्वतीय पारिस्थितिक प्रणाली भन्ने चलन छ । पर्वतीय धरातलले प्रदान गरेको प्राकृतिक विविधता र तिनका विलक्षण छटाहरूको आकर्षणका कारण विश्व समुदायबाट नेपाल आउने पर्यटकहरूको घुइँचो बढ्दो छ । पर्यावरण, प्राकृतिक सम्पदा तथा सांस्कृतिक विविधताको आकर्षणमा मौलाउने पर्यटनलाई विशेष प्रकारको व्यवस्थापन आवश्यक हुन्छ । त्यसलाई चलनचल्तीमा पर्यापर्यटन भन्ने गरिन्छ ।

पर्यापर्यटनको प्रमुख दायित्व पर्यावरणलाई शुद्ध राख्ने र तिनलाई बिथोल्ने कुनै क्रियाकलाप नगर्ने जिम्मेवारी वहन गर्नु हो । यस व्यवसायले प्रकृति संरक्षण कार्यलाई आर्थिक एवम् प्राविधिक स्रोत साधन जुटाएर सहयोग पुऱ्याउनुपर्छ । त्यसका अतिरिक्त स्थानीय जनसमुदायको जीविकामा आर्थिक टेवा पनि अनिवार्य रूपमा पुग्नै पर्ने हुन्छ । प्रकृति संरक्षण र पर्यटनबिच सामाजिक सद्भाव कायम भएन भने पर्यापर्यटन विफल हुन्छ, भत्किन्छ । पर्यापर्यटनका विशेषतालाई निम्नलिखित दृष्टिले हेर्नुपर्छ :

(क) यो व्यवसाय प्रकृति र पर्यावरणको आकर्षणमा आधारित हुनु आवश्यक हुन्छ । त्यो सगरमाथा पनि हुन सक्छ वा सारस पनि हुन सक्छ ।

(ख) यस उद्योगको दिगोपनलाई पर्यावरणले सघाउनुपर्छ । जल, जमिन र स्वच्छ वातावरण कायम हुनुपर्छ ।

(ग) यसका क्रियाकलाप प्रकृति, प्राकृतिक सम्पदा र स्थानीय सांस्कृतिक निधि संरक्षण गर्ने हुनुपर्छ । संरक्षण शिक्षामा यसको योगदान कायम हुनुपर्छ । पर्यटकहरू अनुपम अनुभव र नयाँ चेतना लिएर फर्कन पाउनुपर्छ ।

(घ) यस उद्योगले स्थानीय अर्थतन्त्रलाई टेवा पुऱ्याउनुपर्छ ।

(ङ) यस उद्योगबाट प्रकृति संरक्षण र संवर्धनलाई आर्थिक रूपमा सहयोग पुग्नुपर्छ । चितवन राष्ट्रिय निकुञ्ज होस् वा स्याङ्जाको सिरुबारी पर्यटनको आम्दानी नै संरक्षण कार्यमा खर्च हुने व्यवस्था मिल्नुपर्छ ।

(च) यसका सम्पूर्ण क्रियाकलाप र व्यवस्थापनबाट पाहुनाहरू सन्तुष्ट र खुसी हुनुपर्छ । बर्दिया राष्ट्रिय निकुञ्जका बाघ देखेर अमेरिकी एक अभिनेताले नेपालका बाघ संरक्षणमा तीन लाख डलर सहयोग गरेको घटनाबाट प्रेरणा लिएर अरू दाताहरू पनि उत्साहित हुने परिस्थिति बनाउनुपर्छ ।

(छ) यस उद्योगमार्फत अन्तर्राष्ट्रिय सद्भाव र भाइचारालाई सहयोग पुऱ्याएर नेपालको छवि उच्च बनाउन सफल हुनुपर्छ । विश्व बन्धुत्वमा नेपालको प्राकृतिक सम्पदाले पुऱ्याएको योगदानलाई अहिले हामीले लेखाजोखा गर्न सकेका छैनौँ ।

वर्तमान तथ्याङ्कले प्रतिवर्ष लगभग एघार लाख विदेशी पर्यटक नेपाल भित्रिने गरेको देखाउँछ । नेपाल सरकारले त्यसलाई अझ वृद्धि गर्ने लक्ष्य राखेको छ । पर्यटक ती हुन्, जसले आफ्नो फुर्सद बिताउनका लागि पैसा खर्च गर्छ न् । जे जस्तो लक्ष्य लिएर आए तापनि हामी अतिथिको स्वागत गर्छौं, हाम्रो वासस्थान अर्थात् हाम्रो घर नेपालमा । हाम्रो घर व्यवस्थापन अर्थात् हाम्रो पारिस्थितिक प्रणालीभित्र तिनको स्वागत हुन्छ । तिनको उपस्थितिले हाम्रो वातावरणलाई प्रतिकूल प्रभाव पर्न र पार्न दिनुहुँदैन । पर्यटन व्यवसायमा घरधनी र पाहुना दुवै सचेत हुनुपर्छ । पर्यावरणसम्मत क्रियाकलापका आधारमा सम्पन्न हुने पर्यटन व्यवसायलाई मात्रै पर्यापर्यटनको दायराभित्र व्याख्या गर्न सकिन्छ ।

पर्यटकीय गतिविधिहरू जल, स्थल र आकाशमा समेत सञ्चालन हुने गर्छन् । पर्वतारोहण, पदयात्रा, जङ्गल सफारी, वन्यजन्तु अवलोकन, भिर माहुरीको मह सङ्कलन जस्ता अद्वितीय परम्पराको दृश्यावलोकन, पर्वतीय बाइक यात्रा, घोडसवार, रक क्लाइम्बिङ, प्राकृतिक गुफा अन्वेषण र अवलोकन, हिउँचिप्लेटी, गल्फलगायतका अरू खेलकुद पनि स्थलगत क्रियाकलाप हुन् । ती सबै प्रकारका क्रियाकलाप सम्पन्न गर्न पर्यापर्यटनका विभिन्न आचारसंहिता पृथक् रूपमा निर्माण गरेर तिनको सम्मान गर्न र गराउन सक्नुपर्छ । त्यस्तै जलक्रीडाहरू ऱ्याफ्टिङ, कायाकिङ, क्यानोइङ, बोटिङ, मत्स्य विहार आदिका सम्बन्धमा पनि पर्यापर्यटनका सिद्धान्त र आचारसंहिता पालना हुनुपर्छ । आजभोलि नेपालको आकाशमा पर्वतीय उडानहरू, ह्यान्ड ग्लाइडिङ, पाराग्लाइडिङ, अल्ट्रा लाइट एयर क्राफ्ट, हट एयर बेलुन, स्काइ डाइभिङ आदि विभिन्न पर्यटकीय क्रियाकलापसँगै बन्जी जम्पिङ जस्तो साहसी पर्यटन पनि लोकप्रिय बन्दै छ । पर्यावरणको दृष्टिले स्वच्छ वायु र स्वच्छ आकाश कायम गर्न पर्यटकीय क्रियाकलापलाई पर्यावरणमैत्री बनाउनै पर्ने हुन्छ ।

पर्यापर्यटनको बृहत् दायराभित्र ग्रामीण पर्यटन, सांस्कृतिक पर्यटन, तीर्थाटन, धार्मिक तथा आध्यात्मिक पर्यटनलगायत शैक्षिक भ्रमण एवम् अनुसन्धानमूलक पर्यटन पनि फस्टाउन थालेको छ । यी सबै क्रियाकलाप हाम्रो पारिस्थितिक प्रणालीभित्रै सम्पन्न हुने कुरा हुन् । हाम्रो पारिस्थितिक प्रणालीलाई स्वस्थ र दिगो बनाइराख्न पर्यावरणमैत्री नीति, नियम, कानुन र आचारसंहिताको पालना हुनुपर्छ ।

आफ्नो गाउँ र ठाउँका पर्यटनीय आकर्षणहरू (प्राकृतिक एवम् सांस्कृति(क) का बारेमा हामी आफैँ सचेत हुनुपर्छ । स्थानीय गौरव र गाथाका प्राकृतिक एवम् सांस्कृतिक सम्पदाहरूको छायाबाट नयाँ पिँढीलाई रोजगारका अवसर मात्र हैन, स्वाभिमानसमेत हौस्याउने अवस्था सिर्जना हुन्छ । नयाँ पिँढीको विदेश पलायनलाई आफ्नै पर्यावरणको आकर्षणले नियन्त्रण गर्नु आजको माग पनि हो, हाम्रो नेपालको ।

## शब्दार्थ

*प्रणाली* : *कुनै काम गर्ने विधि; परम्परा*

*पोषण* : *पोस्ने काम*

*तृणाहारी* : *घाँस खाने*

*अक्षांश* : *पृथ्वीको अक्ष र भूमध्यरेखाको समानान्तरमा कोरिन सक्ने कल्पित रेखामध्ये कुनै एक*

*हिमाच्छादित* : *हिउँ नै हिउँले ढाकेको*

*छवि* : *छाया, विम्ब*

### निबन्धसार

सन् १८६९ मा अर्नस्ट हिकेल नामक एक जर्मन वैज्ञानिकले मान्छे, प्रकृति र वातावरणबिचको सम्बन्ध र सन्तुलनसँग सम्बन्धित 'इकोलोजी' शब्द प्रयोगमा ल्याएका हुन् । यसमा हामी बस्ने घर अर्थात् वासस्थानका विषयमा अध्ययन, अनुसन्धान, चर्चा, परिचर्चाले गर्दा त्यहाँको प्राकृतिक परिवेशभित्रको सम्पूर्ण जैविक पदार्थ तथा निर्जीव पदार्थहरूको आपसी सम्बन्धबारे बुझ्ने काम हुन्छ । 'इकोसिस्टम' भनेको सृष्टि, पालन र संहारको कार्य सम्पादन प्रणाली हो । यसलाई वातावरण विज्ञानअनुसार पारिस्थितिक प्रणाली भनिन्छ ।

कुनै एउटा पोखरी, ताल वा सिमसारको पारिस्थितिक प्रणालीलाई हेऱ्यौँ भने त्यहाँ वनस्पति घाँस, पात, लेउ, झ्याउ एवम् सूक्ष्म जीवात्माले सौर्य शक्तिको सहायतामा खाद्यपदार्थ निर्माण गरिरहेका हुन्छन् । ती खाद्यवस्तु खपत गरेर जलचर प्राणी र माछाहरू मौलाउँछन् । तृणाहारी हरिण, मृगहरू त्यहाँ जीवन निर्वाह गर्न आइपुग्छन् । पारिस्थितिक प्रणाली यसरी नै चलिरहन्छ । यही प्रणालीलाई आफ्नो वासस्थान बनाएर जीवात्माहरू पृथ्वीमा जन्मन्छन्, बाँच्दछन् र मर्दछन् । यसरी हेर्दा पृथ्वीमा जल, स्थल, वायु, आकाश र तेज यी पाँच तत्त्वका बिच जलचर, स्थलचर, नभचर र सबै चराचर आफ्नो जीवन बिताउँछन् । पृथ्वीको पारिस्थितिक प्रणालीलाई बिथोलिदियौँ भने हाम्रै

अस्तित्व सङ्कटमा पर्छ ।

पृथ्वीको भूगोलमा जलवायुका प्रमुख चार कटिबन्धहरू छन् । भूमध्यरेखाको उत्तर तथा दक्षिणतिर क्रमैले उष्ण, उपउष्ण, शीतोष्ण एवम् हिमाच्छादित ध्रुवीय कटिबन्धहरू रहेका छन् । जलवायुका कटिबन्धभित्र विभिन्न प्रकारका पारिस्थितिक प्रणालीहरू पहिचान गर्न सकिन्छ । चितवन राष्ट्रिय निकुञ्जभित्रको वन्य पारिस्थितिक र अन्नपूर्ण संरक्षित क्षेत्रको वन्य पारिस्थितिक बिलकुलै भिन्न हुन्छ । चितवनको घाँसे मैदान र मुस्ताङको घाँसे मैदान एकै हुँदैन । रारा दहको सिमसार र बेगनास तालको सिमसार पनि बेग्लै प्रकृतिका हुन्छन् ।

पर्वतीय धरातलअनुसार पर्वतीय पारिस्थितिक प्रणाली भन्ने चलन छ । यहाँको प्राकृतिक विविधता र तिनका विलक्षण छटाहरूको आकर्षणका कारण विश्वसमुदायबाट नेपाल आउने पर्यटकहरूको घुइँचो बढ्दो छ । पर्यावरण, प्राकृतिक सम्पदा तथा सांस्कृतिक विविधताको आकर्षणमा मौलाउने पर्यटनलाई विशेष प्रकारको व्यवस्थापन आवश्यक हुन्छ । पर्यापर्यटनको प्रमुख दायित्व पर्यावरणलाई शुद्ध राख्ने र तिनलाई बिथोल्ने कुनै क्रियाकलाप नगर्ने जिम्मेवारी वहन गर्नु हो । यस व्यवसायले प्रकृति संरक्षण कार्यलाई आर्थिक एवम् प्राविधिक स्रोत साधन जुटाएर सहयोग पुऱ्याउनुपर्छ । प्रकृति संरक्षण र पर्यटनबिच सामाजिक सद्भाव कायम भएन भने पर्यापर्यटन विफल हुन्छ, भत्किन्छ ।

तथ्याङ्कअनुसार प्रतिवर्ष लगभग एघार लाख विदेशी पर्यटक नेपाल भित्रिने गरेका छन् । हाम्रो पारिस्थितिक प्रणालीभित्र पर्यटकको स्वागत हुन्छ । तिनको उपस्थितिले वातावरणलाई प्रतिकूल प्रभाव पर्न र पार्न दिनु हुँदैन । पर्यावरणसम्मत क्रियाकलापका आधारमा सम्पन्न हुने पर्यटन व्यवसायलाई मात्रै पर्यापर्यटनको दायराभित्र व्याख्या गर्न सकिन्छ ।

जल, स्थल र आकाशमा पर्यटकीय गतिविधिहरू सञ्चालन हुने गर्छन् । पर्वतारोहण, पदयात्रा, जङ्गल सफारी, वन्यजन्तु अवलोकन, पर्वतीय बाइकयात्रा, घोडसवार, रकक्लाइम्बिङ, हिउँचिप्लेटी, गल्फलगायतका अरू खेलकुद पनि स्थलगत क्रियाकलाप हुन् । ऱ्याफ्टिङ, कायाकिङ, क्यानोइङ, बोटिङ, मत्स्यविहार आदि त्यस्तै जलक्रीडाहरू हुन् । आकाशमा पर्वतीय उडानहरू, ह्यान्डग्लाइडिङ, पाराग्लाइडिङ, अल्ट्रालाइट, एयरक्राफ्ट, हटएयरबेलुन, स्काइ डाइभिङ आदि विभिन्न पर्यटकीय क्रियाकलापसँगै बन्जीजम्पिङ जस्तो साहसी पर्यटन पनि लोकप्रिय बन्दै छन् । नेपालमा ग्रामीण पर्यटन, सांस्कृतिक पर्यटन, तीर्थाटन, धार्मिक तथा आध्यात्मिक पर्यटनलगायत शैक्षिक भ्रमण एवम् अनुसन्धानमूलक पर्यटन पनि फस्टाउन थालेका छन् । अतः पारिस्थितिक प्रणालीलाई स्वस्थ र दिगो बनाई राख्न पर्यावरणमैत्री नीति, नियम, कानुन र आचारसंहिताको पालना हुनुपर्छ ।

## शब्दभण्डार

१. दिइएका अर्थ दिने शब्द अनुच्छेदबाट खोजेर लेख्नुहोस् :

वर्तमान तथ्याङ्कले प्रतिवर्ष लगभग एघार लाख विदेशी पर्यटक नेपाल भित्रिने गरेको देखाउँछ । नेपाल सरकारले त्यसलाई अझ वृद्धि गर्ने लक्ष्य राखेको छ । पर्यटक ती हुन्, जसले आफ्नो फुर्सद बिताउनका लागि पैसा खर्च गर्छ न् । जे जस्तो लक्ष्य लिएर आए तापनि हामी अतिथिको स्वागत गर्छौं, हाम्रो वासस्थान अर्थात् हाम्रो घर नेपालमा । हाम्रो घर व्यवस्थापन अर्थात् हाम्रो पारिस्थितिक प्रणालीभित्र तिनको स्वागत हुन्छ । तिनको उपस्थितिले हाम्रो वातावरणलाई प्रतिकूल प्रभाव पर्न र पार्न दिनुहुँदैन । पर्यटन व्यवसायमा घरधनी र पाहुना दुवै सचेत हुनुपर्छ । पर्यावरणसम्मत क्रियाकलापका आधारमा सम्पन्न हुने पर्यटन व्यवसायलाई मात्रै पर्यापर्यटनको दायराभित्र व्याख्या गर्न सकिन्छ ।

(क) गणनाद्वारा निस्कने सही अङ्क .................

(ख) परिस्थितिका कारण निम्तिने प्रणाली .................

(ग) देश, विदेशमा गरिने भ्रमण वा यात्रा .................

(घ) ताकेको कुरा, उद्देश्य .................

२. शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| संहार | हावापानीका दृष्टिले हुने विभाजन |
| कटिबन्ध | दुबो, पराल, खर आदि घाँसपात खाने |
| पर्यावरण | बन्धनयुक्त |
| तृणाहारी | नाश, ध्वंस |
| | वातावरण |

३. पाठमा दिइएको सन्दर्भ पढी दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

पारिस्थितिक, तृणाहारी, पर्यापर्यटन, जलक्रीडा, खाद्यवस्तु, वनस्पति

## बोध र अभिव्यक्ति

१. तल दिइएका शब्द उच्चारण गर्नुहोस् :

| | | |
|---|---|---|
| प्रणाली /प्र.डाँ(ना).लि/ | प्रतिकूल /प्र.ति.कुल्/ | तथ्याङ्क /तत्.थ्याङ्.क/ |
| हिमाच्छादित /हि.माच्.छा.दित्/ | विहङ्गम् /बि.हङ्.गम्/ | बन्धुत्व /बन्.धुत्.त्व/ |

२. 'पर्यापर्यटनका सम्भावना र आयाम' निबन्ध आरोह, अवरोह मिलाई सस्वरवाचन गर्नुहोस् ।

३. 'पर्यापर्यटनका सम्भावना र आयाम' निबन्धका आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) 'पर्यापर्यटनका सम्भावना र आयाम' निबन्धमा कतिओटा अनुच्छेद छन् ?

(ख) 'पर्यापर्यटनका सम्भावना र आयाम' निबन्धको सबैभन्दा सानो अनुच्छेद कुन हो ?

(ग) 'पर्यापर्यटनका सम्भावना र आयाम' निबन्धमा पर्यापर्यटनका केकति विशेषता उल्लेख भएका छन् ?

(घ) 'पर्यापर्यटनका सम्भावना र आयाम' निबन्धको अन्त्य कसरी भएको छ ?

४. उदाहरणमा दिइए जस्तै तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) जलचरहरू के खाएर बाँच्छन् ?

*उदाहरण*

- वनस्पति, घाँस, पात, लेउ, झ्याउ र सूक्ष्म जीवात्माले सौर्य शक्तिको सहायताबाट निर्माण गरिएको खाद्यपदार्थ खाएर जलचरहरू बाँच्छन् ।

(ख) जमिनले पोषण कसरी प्राप्त गर्छ ?

(ग) आहाराको सञ्जाल कसरी निर्माण हुन्छ ?

(घ) प्राणीहरू किन जन्मन्छन् र मर्छन् ?

५. तलको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर भन्नुहोस् :

जलवायुका कटिबन्धभित्र विभिन्न प्रकारका पारिस्थितिक प्रणालीहरू पहिचान गर्न सकिन्छ । पारिस्थितिक प्रणालीको पहिचानमा वन्य पारिस्थितिक प्रणाली, घाँसे मैदान अर्थात् तृणप्रधान पारिस्थितिक प्रणाली, सिमसार पारिस्थितिक प्रणाली एवम् कृषि पारिस्थितिक प्रणाली छुट्याउन सकिन्छ । लेकाली क्षेत्रमा बुट्यान पारिस्थितिक प्रणाली पनि पहिचान हुन्छ । वन पनि विभिन्न प्रकारका हुन्छन् । चितवन राष्ट्रिय निकुञ्जभित्रको वन्य पारिस्थितिक र अन्नपूर्ण संरक्षित क्षेत्रमा वन्य पारिस्थितिक बिलकुलै भिन्न हुन्छन् । चितवनको घाँसे मैदान र मुस्ताङको घाँसे मैदान एकै हुँदैन । रारा दहको सिमसार र बेगनास तालको सिमसार पनि बेग्लै प्रकृतिका हुन्छन् ।

प्रश्नहरू

(अ) जलवायुका कटिबन्धभित्र के कस्ता पारिस्थितिक प्रणाली पाइन्छन् ?

उदाहरण

उत्तर : निबन्धकार तीर्थबहादुर श्रेष्ठले नेपालमा पर्यापर्यटनको सम्भावना र त्यसको क्षेत्र चित्रण गर्दै मान्छे प्रकृति र वातावरणबिचको घनिष्ठ सम्बन्धलाई देखाएका छन् । जलवायुका चार कटिबन्ध छन् । यसभित्र विभिन्न पारिस्थितिक प्रणालीहरू हुन्छन् । यसलाई वन्य पारिस्थितिक प्रणाली, घाँसे मैदान अर्थात् तृणप्रधान पारिस्थितिक प्रणाली, सिमसार पारिस्थितिक प्रणाली एवम् कृषि पारिस्थितिक प्रणालीमा छुट्याउन सकिन्छ । लेकाली क्षेत्रमा बुट्यान पारिस्थितिक प्रणाली पाइन्छन् । चितवन राष्ट्रिय निकुञ्जभित्रको वन्य पारिस्थितिक र अन्नपूर्ण संरक्षित क्षेत्रमा वन्य पारिस्थितिक बिलकुलै भिन्न हुन्छन् । चितवनको घाँसे मैदान र मुस्ताङको घाँसे मैदान एकै हुँदैन । रारा दहको सिमसार र बेगनास तालको सिमसार पनि बेग्लै प्रकृतिका हुन्छन् । यसरी जलवायु कटिबन्धभित्र फरक फरक पारिस्थितिक प्रणालीहरू पाइन्छन् ।

(आ) पर्यापर्यटनसँग पारिस्थितिक प्रणालीको सम्बन्ध किन गाँसिन्छ ? तलका बुँदाहरूका आधारमा उत्तर लेख्नुहोस् :

- प्रकृति र मानवकाबिचमा मैत्रीपूर्ण सम्बन्ध
- पर्यापर्यटन प्रकृतिमैत्री किसिमबाट गरिने भ्रमण
- जलवायु कटिबन्धका आधारमा पारिस्थितिक प्रणालीको विभाजन
- जङ्गल सिमसार क्षेत्र, पोखरी वा दह तथा लेकाली क्षेत्रका आधारमा फरक फरक पारिस्थितिक प्रणाली
- पर्यापर्यटनसँग पारिस्थितिक प्रणालीको निकटतम सम्बन्ध ।

६. दिइएका बुँदालाई समेत ध्यान दिई व्याख्या गर्नुहोस् :

(क) पृथ्वीको पारिस्थितिक प्रणालीलाई बिथोलिदियौँ भने हाम्रै अस्तित्व सङ्कटमा पर्छ ।

- जन्म, जीवनको चक्र र मृत्युको कार्य सम्पादन प्रणाली नै पारिस्थितिक प्रणाली
- पारिस्थितिक प्रणालीअनुसार जीवात्माहरू पृथ्वीमा जन्मे, बाँच्ने र मर्ने
- सम्पूर्ण पृथ्वी एउटा घर
- जलचर, स्थलचर, नभचर र सबै चराचरले पृथ्वीमा आफ्नो जीवन बिताउने
- हालका दिनमा जलवायु परिवर्तनको प्रभाव बढ्न थालेको
- वायुमण्डल प्रदूषणका कारण पृथ्वी सतह अप्रत्यासित ढङ्गले तात्ने क्रम
- पृथ्वीलाई छोडेर अन्य ग्रहमा जीवात्माको अस्तित्व नभेटिएको
- पृथ्वीको पारिस्थितिक प्रणालीलाई बिथोलिदियौँ भने हाम्रै अस्तित्व सङ्कटमा पर्ने ।

७. बुँदाका आधारमा नेपालमा पर्यापर्यटनको सम्भावना र आयामको अवस्था कस्तो छ ? समीक्षा गर्नुहोस् ।

- नेपाल पर्यावरणमैत्री पर्यटकीय मुलुक
- प्रकृतिमैत्री भ्रमण गर्नु पर्यापर्यटन
- पारिस्थितिक प्रणाली, पर्वतीय धरातलले प्रदान गरेको प्राकृतिक विविधता र तिनका विलक्षण छटाले आकर्षित गर्ने
- समथर फाँटदेखि हिमशिखरसम्म अनेकौँ किसिमका भौगोलिक तथा प्राकृतिक विविधताहरू पाइने
- चुरेभाव क्षेत्र, चुरेमधेस वा टारबेसी
- चिसो मौसम हुने उपलेकाली क्षेत्र
- लेकाली र हिमाली प्रदेशहरू मानिसका लागि भ्रमणप्रिय क्षेत्र
- पर्वतीय पारिस्थितिक प्रणालीका अनेकौँ परिदृश्यहरूले नै नेपालमा पर्यटकहरूको मनलाई आकर्षित गर्न सक्ने
- नदी, ताल, झरना, सिमसार र फाँटहरूसमेत पर्यटकका लागि आकर्षणका विषय
- प्रकृति र वातावरणको प्रभावबाट पर्यटकहरू लाभान्वित हुने अनेकौँ सम्भावना र आयाम ।

८. तलको अनुच्छेद पढी बुँदा टिपोट र सारांश लेखनसम्बन्धी विषयवस्तु बोध गर्नुहोस् :

**बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने कुरा**

- दिइएको अंशलाई राम्ररी भावबोध नभएसम्म पटक पटक पढ्ने
- अनुच्छेदका मुख्य मुख्य कुराहरूमा रेखाङ्कन गर्ने
- रेखाङ्कित शब्दसमूहलाई जोडेर बुँदा बनाउने
- बुँदा टिप्दा सङ्क्षिप्तता, क्रमबद्धता र सरलतामा ध्यान दिने
- समापक क्रियापद प्रयोग नगर्ने

सारांश लेखन भनेको लामो रचनाका महत्त्वपूर्ण कुरा नछाडी छोटो बनाई गरिने पुनर्लेखन हो । यसलाई सङ्क्षेपीकरण पनि भनिन्छ । लामो अनुच्छेदमा भएका कुरा यसमा छोट्याइने हुनाले यसले विद्यार्थीलाई बुझेर पढ्न र पाठको सार पहिल्याउन प्रेरित गर्छ । सारवस्तुको छनोट, अभिव्यक्तिको आवश्यकतापूर्ण स्थापना, मितव्ययिता, क्रमिकता र भाव सम्पन्नता सङ्क्षेपीकरणका विशेषता हुन् । सङ्क्षेपीकरणले व्यक्तिमा थोरैमा धेरै लेख्न सक्ने सिपको विकास गर्नुका साथै समस्त शब्द प्रयोगको क्षमता पनि बढाउँछ ।

**सारांश लेख्दा ध्यान दिनुपर्ने कुरा**

- बुँदा टिपोटमा भएको सङ्क्षिप्तता, क्रमबद्धता र सरलतामा ध्यान दिने

- आदि, मध्य र अन्त्यको क्रम मिल्ने गरी एकतृतीयांशमा सारांश लेख्ने
- अनुच्छेदको शब्दसङ्ख्या र सारांश शब्दसङ्ख्या उल्लेख गर्ने
- उपयुक्त शीर्षक दिने ।

९. दिइएको अनुच्छेद पढी चारओटा मुख्य बुँदाहरू टिप्नुहोस् र एक तृतीयांशमा सार लेख्नुहोस् :

नेपालको पर्यावरण र यसका पारिस्थितिक प्रणालीलाई सरलसँग बुझ्न र बुझाउन नेपाललाई बार्दलीसहितको एउटा पाँच तले घर कल्पना गर्न सकिन्छ । भुईंक तलामा तराई, पहिलो तलामा चुरे मधेस तथा टारबेँसी, दोस्रो तलमा पहाडी प्रदेश, तेस्रो तलामा पर्वतीय (उपलेकाली) प्रदेश, चौथो तलामा उच्च पर्वतीय (लेकाली) भाग र त्यसको शिरमा हिमाच्छादित छानाका रूपमा हिमाली शिखरहरू अवस्थित रहेको कल्पना गर्न सकिन्छ । यस भवनको उत्तरी मोहडामा बार्दली झैँ निस्किएको भोट प्रदेश पर्न आउँछ । पर्वतीय धरातलले गर्दा यस घरको पर्यावरणीय जटिलतालाई पर्वतीय पारिस्थितिक प्रणाली भन्ने चलन छ । पर्वतीय धरातलले प्रदान गरेको प्राकृतिक विविधता र तिनका विलक्षण छटाहरूको आकर्षणका कारण विश्व समुदायबाट नेपाल आउने पर्यटकहरूको घुइँचो बढ्दो छ । पर्यावरण, प्राकृतिक सम्पदा तथा सांस्कृतिक विविधताको आकर्षणमा मौलाउने पर्यटनलाई विशेष प्रकारको व्यवस्थापन आवश्यक हुन्छ । त्यसलाई चलनचल्तीमा पर्यापर्यटन भन्ने गरिन्छ ।

## भाषातत्त्व

१. दिइएको अनुच्छेदबाट उपसर्ग लागेर बनेका शब्दको पहिचान गरी लेख्नुहोस् :

जीवनका प्रतिपलहरू परीक्षा दिए झैँ उत्तीर्ण र अनुत्तीर्णको भुमरीभित्र रुमलिएका हुन्छन् । कसैलाई उपकार गर्दा अपकारको आरोप लाग्छ भने कसैलाई सदासयता देखाउँदा अत्याचारको आरोप लाग्छ ।

२. उदाहरण हेरी दिइएका उपसर्ग व्युत्पन्न शब्दको निर्माण प्रक्रिया देखाउनुहोस् :

अ अ + काल

अ + गतिलो

अ + सजिलो

| उपसर्ग | उपसर्ग व्युत्पन्न शब्द |
|---|---|
| अन | अनमोल, अनपढ, अनावश्यक |
| प्र | प्रहार, प्रचार, प्रमुख |
| अप | अपमान, अपवाद, अपराध |

| | |
|---|---|
| अनु | अनुकरण, अनुशासन, अनुरोध |
| निस् | निश्चय, निष्कर्ष, निस्तेज |
| दुस् | दुस्मन, दुश्चरित्र, दुष्कर्म |
| वि | विज्ञान, विभेद, विचार |
| नि | निबन्ध, नियात्रा, निपात |
| अति | अतिरिक्त, अत्याचार, अत्यन्त |
| उत् | उत्तर, उत्तम, उच्चारण |
| प्रति | प्रतिकार, प्रतिदिन, प्रतिबन्ध |
| उप | उपकार, उपहार, उपयोग |
| स | सफल, सचेत, सबल |
| अव | अवगुण, अवशेष, अवसर |
| आ | आदेश, आकार, आयोग |
| बद | बदनाम, बदमास, बदचलन |
| बे | बेखबर, बेताल, बेइमान |
| बि | बिसन्चो, बिजोर, बिकामे |

## सिर्जना/परियोजना

१. तपाईंका वरिपरि रहेका रमणीय स्थलको वर्णन गरी अनुच्छेद रचना गर्नुहोस् ।

२. 'पर्यटन व्यवसाय' शीर्षकमा कम्ती २०० शब्दसम्मको निबन्ध लेख्नुहोस् ।

पाठ ८

# लौ आयो ताजा खबर

**परिचय**

नाटककार सुरेन्द्र नकर्मी नेपाली नाटक र गीत आदिका साथै चलचित्रको कथा, पटकथा अथवा डकुमेन्ट्री लेखनका दृष्टिले चर्चित प्रतिभा हुन् । उनले 'एक पापी रात', 'रहरै भो', 'सत्य साईबाबा', 'मानव/यन्त्रमानव', 'हो म मेहेत्तर बन्छु', 'लौ आयो ताजा खबर' आदि पूर्णाङ्की तथा एकाङ्कीहरू लेखन गरेका छन् । त्यस्तै उनले उनले 'दुस्मन', 'सिउँदो सिन्दुर', 'प्रेम' आदि चलचित्र तथा 'होसबहादुर बेहोसी', 'लछुमनिया' आदि टेलिचलचित्र र कैयौँ डकुमेन्ट्री आदिको कथा, पटकथा लेखन र निर्माणमा भूमिका निर्वाह गरेका छन् ।

प्रस्तुत 'लौ आयो ताजा खबर' युवावर्गमा लागुपदार्थ लत बसेपछि वर्तमान नेपाली समाजले भोग्नुपरेको पीडालाई जस्ताको तस्तै प्रस्तुत गरिएको उत्कृष्ट लघुनाटक हो । आजका प्राय: अभिभावकले आफ्नो सन्तानका लागि समय दिन सकिरहेका छैनन् । सधैँ काम काम र कामका लागि व्यस्त रहने तथा सन्तानका गतिविधिबारे ध्यान नदिने गर्दा छोराछोरी गलत बाटामा हिँड्न पुगेका छन् । अभिभावकका कारण युवाहरू दुर्व्यसनमा फस्दै गएको र त्यसले उनीहरूलाई अकालमै मृत्युका मुखमा पुऱ्याएको प्रसङ्ग उल्लेख गरेर दुर्व्यसनबाट बच्न सबै पक्ष सचेत रहनुपर्ने भाव सम्प्रेषण गरेको छ ।

**सिकाइ उपलब्धि**

१. नाटककारको परिचय दिन

२. नाटकको संरचना (विषय, प्रस्तुतिक्रम, हाउभाउ, मञ्चीयता, चरित्र, संवाद, भाषाशैली आदि) को पहिचान गर्न

३. पाठमा प्रयुक्त शब्दको अर्थबोध गरी प्रयोग गर्न

४. नाटकका प्रमुख पात्रको चरित्र वर्णन गर्न

५. पाठगत बोध प्रश्नोत्तर गर्न

६. प्रतिवेदन लेखन गर्न

७. प्रत्ययद्वारा शब्दनिर्माण गर्न

८. संवाद रचना गर्न

# लौ आयो ताजा खबर

*- सुरेन्द्र नकर्मी*

पात्र परिचय

| | | |
|---|---|---|
| १. दाह्री बाबा | : | करिब ५५/६० वर्ष |
| २. व्यक्ति (कुमारका बुबा) | : | करिब ४०/४५ वर्ष |
| ३. दीनदयाल (रामदयालका बुबा) | : | करिब ५० वर्ष |
| ४. नरहरि (नरेन्द्रका बुबा) | : | करिब ५०/५२ वर्ष |
| ५. पत्रिका बेच्ने केटो | : | करिब १७/१८ वर्ष |
| ६. दोर्जे (लाक्पाका बुबा) | : | करिब ४०/४५ वर्ष |
| ७. तुयुमै (न्हुच्छेकी आमा) | : | करिब ३०/३५ वर्ष |
| ८. सलिम (कुमारका साथी) | : | करिब २०/२१ वर्ष |

(रङ्गमञ्चको पर्दा खुल्ने क्रमसँगै नेपथ्यमा एम्बुलेन्सको साइरनको आवाज सुनिन्छ । रङ्गमञ्चमा छरिएको मधुरो प्रकाश चहकिलो हुन्छ र रङ्गमञ्च सज्जा स्पष्ट देखिन थाल्छ । रङ्गमञ्चको बायाँपट्टि बिजुलीको खम्बा देखिन्छ । खम्बाको तारमा चङ्गा झुन्डिएको देखिन्छ । रङ्गमञ्चको मध्य भागको भित्तामा विभिन्न किसिमका पोस्टर पम्पलेट टाँगिएको देखिन्छ । बायाँपट्टिको भित्तासँगै चौतारीसहितको एक जोर वरपिपल राखिएका छन् । चौतारीको एकापट्टि सानो कुटी देखिन्छ । चौतारीको अर्कोपट्टि 'बस बिसौनी' लेखिएको बोर्ड देखिन्छ । चौतारीमा बसेर बस बिसौनीतिर हेर्दै गरेका दाह्री बाबा देखिन्छन् ।)

दाह्री बाबा : (आफ्नै तालमा कराउँदै) हा....हा.... लगे । मान्छेले एउटा बेवारिसे मान्छेको लास लगे । मलाई थाहा छ, अब यिनीहरूले ब्रह्माजीको सिर्जनालाई मसानघाटमा लगेर पोल्ने छन् । खरानी बनाउने छन् । त्यसपछि पत्रिकामा छापिने छ ।

पत्रिका बेच्ने केटो : (प्रवेश गर्दै, बिचैमा) लौ आयो आजको खबर, राजधानीको मुटुमा एउटा अज्ञात युवकको लास भेटियो । लौ आयो आजको ताजा खबर ।

दाह्री बाबा : ताजा खबर ? हा... हा... अरे, त्यो लास त हिजोदेखि यही सडकको पेटीमा थियो । त्यही बासी लासको खबर छाप्ने तिम्रो अखबार कसरी ताजा हुन्छ हँ ?

केटो : चुप लाग्नुस् । (कराउँदै) लौ आयो आजको...

दाह्री बाबा : (बिचैमा) बासी खबर, हा... हा... (केटो रिसाएर जान खोज्छ ।)

दाह्री बाबा : (रोक्दै) ए, रिसाएको भाइ ? पर्ख न । (ठुटो चुरोट देखाएर) चुरोट खान्छौ ?

केटो : खान्नँ । ठुटो चुरोटमा बढी निकोटिन हुन्छ ।

दाह्री बाबा : (हाँस्दै) हा.... हा.... ठुटो चुरोटमा बढ्ता निकोटिन हुन्छ । अनि सिङ्गो चुरोटमा चाहिँ के हुन्छ नि ? प्रोटिन हुन्छ ?

केटो : मलाई आफ्नो काम गर्न दिनुस् ।

दाह्री बाबा : कसले रोकेको छ र ? हेर, काम गर्ने मान्छेले जुनसुकै वातावरणमा पनि काम गरेर छोड्छ । भो, यस विषयमा कुरै नगरौँ । (प्रसङ्ग बदलेर) के लेख्या छ पत्रिकामा ? त्यो केटाको आफन्त भेटियो ?

केटो : थाहा छैन ।

दाह्री बाबा : अर्थात् अब त्यो केटाको लासमाथि पनि राजनीति चल्छ होला । एउटा पार्टीले भन्ला, त्यो फलानो पार्टीको निन्दनीय कार्य हो । अर्को पार्टीले थप्ला, होइन यो त ढिस्काना पार्टीको घिनलाग्दो षड्यन्त्र हो । यसै विषयलाई लिएर नारा, जुलुस बन्द, हड्ताल हुन्छ । सत्तामा पुग्ने र सरकार परिवर्तन गर्ने खेल हुन थाल्छ । मर्ने मरिसके अब यही विषयमा हजारौँ मारिन्छन्, सर्वसाधारण जनताले सास्ती भोग्नुपर्छ । दैनिक ज्यालादारी गरी भोकभोकै बस्नुपर्ने हुन्छ । यस घटनाले गर्दा पार्टीहरू चलायमान हुन्छन् । विद्यालय विश्वविद्यालय बन्द हुन्छन् । कलकारखानामा काम बन्द हुन्छ । हा... हा... लासमाथि राजनीति, छि ?

केटो : तपाईंले उसको अनुहार देख्नुभएको थियो ?

दाह्री बाबा : अँ, देखेको थिएँ । व्यस्तताको कारणले यो सडकमा हिँड्ने मान्छेहरूका हजारौँ आँखाहरूले देखे पनि नदेखे झैँ गरेर हिँडे । अघि नै एम्बुलेन्सले लानुभन्दा अगाडिसम्म पनि म उसलाई हेर्दै थिएँ । त्यो केटाको अनुहार एकदमै विक्षिप्त थियो । सायद त्यसका आफन्तले भेट्टाए पनि चिन्दैनन् होला ! अब त चिनेर पनि फाइदा छैन ।

केटो : किन ?

दाह्री बाबा : यतिखेर त ऊ सरकारी निःशुल्क दाउरासँगै खरानी भइसक्यो होला । बिचरो युवा नै थियो । बाँचेको भए राष्ट्र र आफ्ना लागि केही गर्न सक्थ्यो । तर खत्तम । एउटा जीवनको अध्याय नै समाप्त भयो । इतिहासमा अब उसको नाम पनि लेखिँदैन होला ? च्व ... ! च्व ... !!

केटो : लौ आयो ताजा खबर (प्रस्थान गर्छ ।) (नरहरि र दीनदयाल हातमा पत्रिका बोकेर हस्याङफस्याङ गर्दै प्रवेश गर्छन् ।)

नरहरि : (आत्तिएको भावमा) सुन्नुस् त । अघि बिहान एउटा युवकको लास भेटिएको ठाउँ यही हो ?

दाह्री बाबा : हो, किन ?

नरहरि : लास कस्तो थियो ?

दाह्री बाबा : जस्तो हुनुपर्ने हो त्यस्तै थियो । लास कस्तो हुन्छ ? अचेत, हिउँ जस्तो चिसो, धड्कनविहीन, श्वासविहीन ...

दीनदयाल : हमारा मतलब उसले कस्तो पोसाक लगाइलिएको थियो ?

दाह्री बाबा : उसले ? (सम्भिँदै) अँ उसले हिजोआजका युवाहरूले लगाउने खालको पाइन्ट, सर्ट लगाएको थियो ।

नरहरि : पाइन्ट, सर्ट ? पाइन्ट कालो थियो अनि सर्ट चाहिँ सेतो थियो, हो ?

दाह्री बाबा : मैले पाइन्टको त ख्याल गरिनँ । तर सर्ट चाहिँ सेतै थियो ।

नरहरि : सेतो सर्ट ? त्यसो भए त्यो पक्कै मेरो छोरो हुनुपर्छ ।

दीनदयाल : होइन । सेतो सर्ट त मेरो छोरा रामदयालले पनि लगाइलिएको थियो । त्यो पक्कै मेरो छोरो हुनुपर्छ । (रुँदै) यह क्या कर दिया रामदयाल बेटे ?

नरहरि : (रुँदै) त्यसको नाकनेर कालो कोठी पनि थियो ।

दाह्री बाबा : थाहा छैन । अनुहार एकदमै विक्षिप्त थियो ।

नरहरि : (छाती पिटेर रुँदै) त्यो पक्कै मेरो छोरो नरेन्द्र हुनुपर्छ । दुई दिन भो घर छोडेको । आज संसार नै छोडेर गयो । नरेन्द्र, मेरो छोरा ।

दीनदयाल : नहीँ ... । वह अपना छोरा रामदयाल नै हो ।

दाह्री बाबा : हैन, के हो तमासा यो ? मैले त केही बुझिनँ ।

नरहरि : अब बुझ्ने नै के बाँकी रह्यो ? आमा चाहिँ त भन्थी, छोराले लागुपदार्थ खाएर हिँड्छ भनेर तर के गर्नु ? कामको बेफुर्सदीले त्यतातिर ध्यानै दिन पाइनँ । सुरुमा त आफ्नो छोरा यस्तोसम्म गर्न सक्छ भन्ने पत्यार पनि लागेन । आज आएर ... नरेन्द्र ! मेरो छोरा .... ।

दीनदयाल : अरे ओ रामदयाल । तु बाप से रुठ कर कहाँ चल दिया रे ? बेटे । (दाह्री बाबा अचम्म मानेर दुवैलाई नियालेर हेर्न थाल्छ ।)

तुयुमै : (रङ्गमञ्चको बायाँतिरबाट प्रवेश गर्दै) य: पुता न्हुच्छे । छ गन वना ?

दाह्री बाबा : न्हुच्छे ?

तुयुमै : हाम्रो न्हुच्छे, यहीँ मरेको हो ?

दाह्री बाबा : को न्हुच्छे ?

तुयुमै : (पत्रिका देखाएर) यो पत्रिकामा लेखेको मान्छे ।

दाह्री बाबा : ए । त्यसो भए, त्यो तिम्रो छोरा पो । आ, हिजोदेखि यही सडकको फुटपाथमा मरेर सडिरहँदा उसका आफन्त भन्नेहरू कोही आएनन् । तर आज ... ? यो त गजबै भो बा ... ।

दीनदयाल : बहन, वह तिम्रो छोरो होइन । मेरो रामदयाल हो ।

नरहरि : होइन । त्यो मेरो नरेन्द्र हो ।

तुयुमै : मखु मखु । त्यो हाम्रो न्हुच्छे हुनुपर्छ । ऊ पनि घरमा नआएको दुई दिन भयो । (रुँदै) य: न्हुच्छे द: नं. का:वा: । (दोर्जे दायाँतिरबाट प्रवेश हुन्छ ।)

दोर्जे : सुन्नुस् ता । यहाँ हाम्रो लाक्पा मरेको देख्यो ?

दाह्री बाबा : (दर्शकतिर हेरेर) उ: फेरि अर्को आफन्तको आगमन भयो । वाह ! दुनियाँमा केवल दुइटै मान्छे राम्रा हुँदा रहेछन्, एउटा मरेको मान्छे, अनि अर्को जन्मिँदै नजन्मेको मान्छे । अघिसम्म मैले त्यो मर्ने केटालाई अभागी हुन सक्छ भन्ने सोचेको थिएँ । तर त्यो अहिले गलत साबित भयो । अहिले जसका तीन तीन जना त बाउ नै निस्किसके । एउटी सिङ्गै आमा त प्रकट भइसकिन् । के थाहा, दिनभरिमा अझै कति बाउआमाहरू आउने हुन् ?

दोर्जे : (दाह्री बाबासँग) ओ । तिमीले हाम्रो लाक्पा मरेको देख्यो ?

दाह्री बाबा : मरेको त देखेँ तर त्यो मर्ने केटो तिम्रो लाक्पा हो कि, ऊ त्यो दिदीको न्हुच्छे हो कि अथवा ऊ ती दाइहरूका रामदयाल र नरेन्द्रमध्ये को हो ? मैले चाहिँ छुट्याउन सकिनँ ।

दोर्जे : त्यसको हातमा इन्जेक्सन जस्तो वस्तु थियो, देख्यो ?

दाह्री बाबा : अँ (सम्झिँदै) हिजो राति मर्नुभन्दा अगाडि उसको हातमा इन्जेक्सन लगाउने सुई देखेको थिएँ । हो, ऊ इन्जेक्सन लगाउँदै थियो । तर अचम्म एक छिनपछि ऊ कालो निलो भएर त्यही पेटीमा डङ्ग्रङ्ग ढल्यो ।

दोर्जे : हो । त्यो पक्का पनि मेरो लाक्पा नै हो । मैले त त्यसलाई त्यस्तो खराब चिज नाखा नाखा भनेको थियो । ट्रेकिङमा विदेशीले सिकाएको कुरा राम्रो हुन्छ भनेर मेरो कुरा मानेन । आजु खात्तम भायो- मेरा लाक्पा । लु, आबु मैच्याङलाई कासोरी मुख देखाउने ? मैले आउने ल्होसारमा छोरालाई साँगै लिएर आउँछु भानेको थियो । लु के गार्ने, मेरो लाक्पा मार्‍यो । मेरो लाक्पा मार्‍यो ।

दाह्री बाबा : (हाँस्दै) हा..... हा.... तमासा । घोर तमासा । सायद कलियुगको चरम बिन्दु हो, यो । जिउँदो हुँदा कसैलाई आफ्नो छोराको ख्याल आएन । छोरो कुन कारणले दुर्व्यसनी बन्यो, सोच्ने फुर्सत नै भएन । आज मर्‍यो । दुई थोपा प्रकृतिले दिएका फोकटको आँसु बगाउन जम्मा भए सब । छि !

दीनदयाल : (भावविभोर भएर) मेरो रामदयाल ।

नरहरि : मेरो नरेन्द्र ।

तुयुमै : य: न्हुच्छे ।

दोर्जे : लाक्पा । खेराङ्ग खा वा दु ? तिमी कता छौ छोरा ?

दाह्री बाबा : (दर्शकतिर हेरेर) तपाईंहरू किन मौन बस्नुभएको ? आउनुस् बुझ्नुस् । त्यो अघि मर्ने केटो रामदयाल, न्हुच्छे, लाक्पा वा नरेन्द्र नभएर तपाईंको आफ्नै छोरो पनि हुन सक्छ ? आउनुस् कतै तपाईंहरूकै छोरो यो पेटी, गल्ली र चोकमा लागुपदार्थ खाएर मरेको त छैन ? बुझ्नुस्, आउनुस् ।

दीनदयाल : होइन । मलाई पक्का विश्वास भयो । त्यो मेरो छोरा रामदयाल नै हो ।

नरहरि : होइन, नरेन्द्र हो ।

तुयुमै : मखु मखु । होइन, व न्हुच्छे नै हो ।

दोर्जे : कुन्चुसुम, त्यो मेरो लाक्पा नै हो ।

(दर्शकमध्येबाट कुमारका बुबा (एक जना अधबैंसे) र अर्को सलिम (युवा) गरी दुई जना आउँछन् ।)

कुमारका बुबा : चुप लाग्नुस् तपाईंहरू, त्यो अरू कसैको छोरो होइन । मेरो छोरा कुमार हो । मैले यही बुढो हातले मेरो सहारा भविष्यको लट्ठी कुमारलाई दागबत्ती दिएर आउँदै छु । कुमार ! मेरो छोरा (व्यक्ति रुँदै खम्बामुनि बस्दै) मैले कस्तो कस्तो मिठो सपना साँचेर राखेको थिएँ । अब सब मिथ्या भो । तिम्रो चिताको दाउरा जस्तै मेरो सपना खरानी भयो । सब खरानी भयो ।

दीनदयाल : (रुन छोडेर) क्या कहाँ ?

नरहरि : उसो भए त्यो हाम्रो नरेन्द्र होइन ?

तुयुमै : (आँसु पुछ्दै) म त हाम्रो छोरा न्हुच्छे होला भनेर कस्तो डराएको ।

दोर्जे : (हाँस्दै) ए ! त्यसो भए त्यो लाक्पा होइन हागि । टासिदेले रिम्पुछे । टासिदेले । (सबै जना खुसी मानेर जान खोज्छन् । कुमारको बाबा भने भक्कानिँदै रुनुहुन्छ ।)

सलिम : काका नरुनुस् यसरी । अब कुमार फर्केर आउँदैन । मैले त्यसलाई धेरैपटक नखा भनेँ । त्यस्तो कुरा खाने साथीहरूसँग नहिँड् भनेँ । त्यसले मेरो कुरा सुन्दै सुनेन । उल्टै मलाई नै तैँले जिन्दगी केही बुझेको छैनस् भनेर भन्थ्यो । कतिपटक त मैले उसलाई रोक्न खोजेँ । मलाई नै उल्टै घिच्याउन खोज्थ्यो । अब सब सकियो । तर हामी छौँ काका । हामी पनि तपाईंका छोरा नै हौँ ।

दाह्री बाबा : पर्खनुस् ! जानुभन्दा पहिला अरूको आँसुको मूल्य पनि बुझेर जानुस् । तपाईं आफ्नो आपत्मा विचलित हुनुहुन्छ । तर अरूको आपत्मा हाँस्नुहुन्छ । एउटा चेतनशील मान्छे भएर पनि तपाईंभित्र खै अपनत्वको भावना ? अरूलाई खाने बाघले तपाईंलाई पनि खान सक्छ । अरूलाई पर्ने समस्या तपाईंलाई पनि पर्छ । देश नबने हामी कोही बन्दैनौँ । यो देश कुनै एक व्यक्तिको मात्र होइन । सबैको देश हो । तपाईं हामी सबैको देश हो । त्यसैले एकअर्काको सुखदुःख साटफेर गरी मिलेर बाँचौँ । मिलेरै समस्यासँग लडौँ । होइन भने भोलि यही पेटीमा तपाईंको न्हुच्छे, तपाईंको रामदयाल, तपाईंको नरेन्द्र अनि तपाईंको लाक्पा भेटिने छन् । समय अझै बितिसकेको छैन । यो दुर्व्यसनको जडलाई उखेल्ने काम एउटा व्यक्तिले मात्र सक्दैन । यो अभियान असल छोराछोरीको अनि कर्तव्यनिष्ठ अभिभावकहरूको सामूहिक अभियान हो । यो अभियान एक सचेत नागरिकको हो । यो अभियान तपाईं र हाम्रो हो । त्यसैले यो काम सबै मिलेर गरौँ, मिलेर गरौँ ।

कुमारका बुबा : ठिक भन्नुभो बाबा । सन्तानको सुख र शिक्षाका लागि भन्दै म रातदिन खटिएँ तर मैले मेरो छोरालाई समय दिइनँ । उससँग बसेर उसको पढाइका बारेमा कुरा गरिनँ । उसका साथी को को छन् भनेर कहिल्यै सोधखोज गरिनँ । ऊ कहाँ गयो, के गऱ्यो, के खायो भनेर ख्याल गरिन । म त खालि मेरो व्यवसाय, बैठक आदि भन्दै दौडधुप गरिरहेँ । उसले मागे जति पैसा दिइरहेँ तर ऊ त धेरै पहिलेदेखि दुर्व्यसनको सिकार भइसकेको रहेछ र आज मैले यो दिन भोग्नुपऱ्यो । (एक छिन रोकिएर नरहरि, रामदयाल, तुयुमै तथा दोर्जेतिर हेर्दै) तपाईँहरू सबैलाई मेरो बिन्ती छ । अहिल्यै खोज्नुहोस् आफ्ना छोराहरू र उपचार गर्नुहोस् । आवश्यक परे सुधारगृहमा लगेर राख्नुहोस् तर ढिला नगर्नुहोस् नत्र सब थोक बर्बाद हुन्छ । (रुन थाल्छ । सबैले गोलाकार भएर कुमारका बुबाको काँधमा सान्त्वना दिँदै हात राख्छन् ।)

केटो : (प्रवेश गर्दै) लौ आयो, आजको ताजा खबर ।

दाह्री बाबा : होइन भाइ । जब तिमी हाम्रो देशमा चेतनाको बिहानी लिएर उदाउँछौ, हाम्रा युवा शक्ति दुर्व्यसनबाट मुक्त भएको खबर लिएर आउँछौ अनि मात्र तिम्रो पत्रिकाको खबर ताजा र स्वच्छ हुन्छ । होइन भने ...

केटो : होइन भने ?

दाह्री बाबा : होइन भने तिम्रो खबर बासी नै हुन्छ ।

(सबै गलल्ल हाँस्छन्, दृश्य मूर्तिवत् हुन्छ ।)

### शब्दार्थ

*अज्ञात : थाहा नभएको*

*निकोटिन : सुर्तीमा हुने नसालु तत्त्व*

*विक्षिप्त : आत्तिएको; बहुलाएको*

*रुठ कर : रिसाएर*

*पुता : सन्तान; छोरो*

*गन वना : कहाँ गएको*

*द:नं.का:वा: : मलाई पनि लिन आऊ*

*मैच्याङ : प्रेमिका; कान्छी*

*दागबत्ती : दाहसंस्कारका निम्ति सन्तान वा नजिकका नातेदारले शवको मुखमा सल्काएर राख्ने बत्ती*

*टासिदेले : शेर्पा भाषामा शुभकामना, बधाई, अभिवादन*

*रिम्पुछे : शेर्पा भाषामा गुरुलाई सम्बोधन गरिने शब्द; धर्मगुरु*

## लघुनाटकसार

‘लौ आयो ताजा खबर’ लघुनाटकमा रङ्गमञ्चको पर्दा खुलेसँगै चौतारीमा बसेर बस बिसौनीतिर हेर्दै गरेका दाह्री बाबा देखिन्छन् । उनले एउटा बेवारिसे मान्छेको लास लगेको देख्छन् । पत्रिका बेच्ने केटा ‘राजधानीको मुटुमा एउटा अज्ञात युवकको लास भेटियो’ भन्दै कराउँदै आउँछ । यो सुनेर लासमाथि राजनीति हुने भयो भन्ने प्रसङ्ग दाह्री बाबाले केटासँग राख्छन् । लासको प्रकृतिका बारेमा उनीहरूबिच संवाद हुन्छ । नरहरि र दीनदयाल हातमा पत्रिका बोकेर हस्याङफस्याङ गर्दै आइपुग्छन् । उनीहरूको छोरो अघिल्लो दिन घर आएको हुँदैन । नरहरिको छोरो नरेन्द्र र दीनदयालको छोरो रामदयालको पोसाक, अनुहारका बारेमा कुराकानी हुन्छ । उनीहरूले मृतक आआफ्नै छोरा हो भन्ने ठान्छन् । यसै क्रममा तुयुमैको मञ्चमा प्रवेश हुन्छ । उनी पनि छोरा न्हुच्छेलाई खोज्दै आएकी हुन्छिन् । दोर्जे पनि छोरो लाक्पालाई खोज्दै आएको हुन्छ । दाह्री बाबासँग कुराकानी गर्दागर्दै तीन तीन जना त बाउ र एउटी सिङ्गै आमा त प्रकट भइसकेको कुरा दाह्री बाबाले गर्छन् । सबैलाई आआफ्ना छोरा गुमाएकामा दुःख र पश्चात्ताप एकसाथ हुन्छ । यसै क्रममा मञ्चमा कुमारका बुबाको प्रवेश हुन्छ । उनले मृतक आफ्नो छोरा कुमार भएको र भर्खर दागबत्ती दिएर आएको बताउँछन् । मैले कस्तो कस्तो मिठो सपना साँचेर राखेको थिएँ, अब सब मिथ्या भो भन्ने विचार कुमारले राख्छन् । आफ्नो छोरा होइन रहेछ भन्ने बुझेपछि दीनदयाल, नरहरि, तुयुमै र दोर्जेले अलिकति सन्तोषको सास फेर्छन् । सलिमले कुमारका बुबालाई सम्झाउँछन् । आफूले दुर्व्यसनबाट जोगाउन खोजे पनि नसकेको सन्दर्भ सविस्तार बताउँछन् । दाह्री बाबाले ‘पर्खनुस् ! जानुभन्दा पहिला अरूको आँसुको मूल्य पनि बुझेर जानुस्’ भन्दै अरूलाई खाने बाघले तपाईंलाई पनि खान सक्छ भनेर सम्झाउन थाल्छन् । यो दुर्व्यसनको जडलाई उखेल्ने काम एउटा व्यक्तिले मात्र सक्दैन । यो अभियान असल छोराछोरीको अनि कर्तव्यनिष्ठ अभिभावकहरूको सामूहिक अभियान हो । यो अभियान एक सचेत नागरिकको हो । यो अभियान तपाईं र हाम्रो हो । त्यसैले यो काम सबै मिलेर गरौँ भन्ने प्रस्ताव दाह्री बाबाले राख्छन् । कुमारका बुबाले “मेरो छोरालाई समय दिइनँ । उससँग बसेर उसको पढाइका बारेमा कुरा गरिनँ । उसका साथी को को छन् भनेर कहिल्यै सोधखोज गरिनँ । ऊ कहाँ गयो, के गऱ्यो, के खायो भनेर ख्याल गरिन । म त खालि मेरो व्यवसाय, बैठक आदि भन्दै दौडधुप गरिरहेँ । उसले मागे जति पैसा दिइरहेँ तर ऊ त धेरै पहिलेदेखि दुर्व्यसनको सिकार भइसकेको रहेछ र आज मैले यो दिन भोग्नुपऱ्यो । तपाईक हरू सबैलाई मेरो बिन्ती छ । अहिल्यै खोज्नुहोस् आफ्ना छोराहरू र उपचार गर्नुहोस् । आवश्यक परे सुधारगृहमा लगेर राख्नुहोस् तर ढिला नगर्नुहोस् नत्र सब थोक बर्बाद हुन्छ” भन्छन् । पत्रिका बेच्ने केटाको अन्तिममा प्रवेश हुँदा दाह्री बाबाले “जब तिमी हाम्रो देशमा चेतनाको बिहानी लिएर उदाउँछौ, हाम्रा युवा शक्ति दुर्व्यसनबाट मुक्त भएको खबर लिएर आउँछौ अनि मात्र तिम्रो पत्रिकाको खबर ताजा र स्वच्छ हुन्छ” भनेपछि लघुनाटक टुङ्गिन्छ ।

## शब्दभण्डार

१. दिइएका अर्थ दिने शब्द अनुच्छेदबाट खोजेर लेख्नुहोस् :

घोर तमासा । सायद कलियुगको चरम बिन्दु हो, यो । जिउँदो हुँदा कसैलाई आफ्नो छोराको ख्याल आएन । छोरो कुन कारणले दुर्व्यसनी बन्यो, सोच्ने फुर्सत नै भएन । आज मऱ्यो । दुई थोपा प्रकृतिले दिएका फोकटको आँसु बगाउन जम्मा भए सब । छि ।

(क) सत्य, त्रेता, द्वापरपछिको युग .................

(ख) नराम्रो मानिएको आनीबानी .................

(ग) कुनै काममा पनि नआउने .................

(घ) चटक, रमिता .................

२. शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| मिथ्या | जालझेल, कपटपूर्ण व्यवहार |
| निन्दनीय | प्राणीमा रहने भित्री ज्ञान |
| चेतना | असत्य, झुटो |
| षड्यन्त्र | मिच्ने काम |
| | निन्दा गर्नुपर्ने |

३. पाठमा दिइएको सन्दर्भ पढी दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

सुधारगृह, गोलाकार, दौडधुप, अभियान, सान्त्वना, दुर्व्यसन

## बोध र अभिव्यक्ति

१. तल दिइएका शब्द उच्चारण गर्नुहोस् :

दुर्व्यसन /दुर्.ब्य.सन्/ शिक्षा /सिक्.छ्या/ बेफुर्सदी /बे.फुर्.स.दि/

ज्यालादारी /ज्या.ला.दा.रि/ रङ्गमञ्च /रङ्.ग.मन्.च/ षड्यन्त्र /सड्.यन्.त्र/

२. 'लौ आयो ताजा खबर' लघुनाटक हाउभाउसहित सस्वरवाचन गर्नुहोस् ।

३. 'लौ आयो ताजा खबर' लघुनाटकका आधारमा दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) 'लौ आयो ताजा खबर' लघुनाटकमा कति जना पात्र रहेका छन् ?

(ख) 'लौ आयो ताजा खबर' लघुनाटकमा सबैभन्दा धेरैपटक संवाद गर्ने पात्र को हुन् ?

(ग) 'लौ आयो ताजा खबर' लघुनाटकमा छोटो संवाद कसले गरेका छन् ।

(घ) 'लौ आयो ताजा खबर' लघुनाटकको अन्त्य कसरी भएको छ ?

४. तलको लघुनाटकको अंश पढी सोधिएका प्रश्नको उत्तर भन्नुहोस् :

अर्थात् अब त्यो केटाको लासमाथि पनि राजनीति चल्छ होला । एउटा पार्टीले भन्ला, त्यो फलानो पार्टीको निन्दनीय कार्य हो । अर्को पार्टीले थप्ला, होइन यो त ढिस्काना पार्टीको घिनलाग्दो षड्यन्त्र हो । यसै विषयलाई लिएर नारा, जुलुस, बन्द, हड्ताल हुन्छ । सत्तामा पुग्ने र सरकार परिवर्तन गर्ने खेल हुन थाल्छ । मर्ने मरिसके अब यही विषयमा हजारौँ मारिन्छन्, सर्वसाधारण जनताले सास्ती भोग्नुपर्छ । दैनिक ज्यालादारी गरी भोकभोकै बस्नुपर्ने हुन्छ । यस घटनाले गर्दा पार्टीहरू चलायमान हुन्छन् । विद्यालय विश्वविद्यालय बन्द हुन्छन् । कलकारखानामा काम बन्द हुन्छ । हा... हा... लासमाथि राजनीति, छि ?

प्रश्नहरू

(अ) नेपाली राजनीतिमा देखिएको विकृतिलाई यहाँ कसरी सङ्केत गरिएको छ ?

(आ) हड्तालको परिणाम कस्तो हुन्छ ?

५. दिइएका बुँदालाई समेत ध्यान दिई दाह्री बाबाको चरित्र चित्रण गर्नुहोस् :

- लघुनाटकका मुख पात्र
- सांसारिक मोहबाट मुक्त भई जीवन जगत्लाई बोध गर्ने पात्र
- समस्याको सही पहिचान गर्न सक्ने पात्र

६. पढ्नुहोस् र बुझ्नुहोस् :

प्रश्न : 'लौ आयो ताजा खबर' नाटकमा भनिए जस्तै अभिभावकको लापरबाही र सन्तानको दुर्व्यसनका कारण नयाँपुस्ता अकालमै मरिरहेका हुन् त ? समीक्षा गर्नुहोस् ।

उत्तर : नाटककार सुरेन्द्र नकर्मी (२०२२) द्वारा लिखित 'लौ आयो ताजा खबर' लघु प्रकृतिको नाटक हो । समकालीन नेपाली समाजको पारदर्शी चित्रणमा आधारित यस नाटकले नयाँ पुस्ताको दुःखद परिवेशलाई सङ्केत गरेको छ । यसमा एकातिर अभिभावकको व्यस्तता र उदासीनता तथा अर्कातिर सन्तानको कुलतबाट उत्पन्न परिणामलाई मुख्य विषय बनाइएको छ । साथै नेपाली राजनीति र त्यसका गतिविधिहरूको समेत चित्रण गरिएको छ ।

नेपाल बहुभाषिक तथा भौगोलिक विविधता भएको मुलुक हो । यो आर्थिक दृष्टिले कम विकसित मुलुकअन्तर्गत पर्छ । यहाँ बिस्तारै आर्थिक तथा शैक्षिक सुधारका सम्भावनाहरू बढिरहेका छन् । यहाँको राजनीतिक अवस्था पनि त्यति धेरै मानवीय हितमा देखिँदैन । यहाँका हरेक क्षेत्र, समुदाय, पेसा र व्यवसायका मानिसहरू आआफ्नै स्वार्थभित्र हराइरहेका छन् । यहाँसम्म कि आफ्नो सन्तानको रेखदेखभन्दा आर्थिक लाभको खोजीमा व्यस्त रहने प्रवृत्तिका कारण सन्तानहरू अभिभावकीय भूमिकाबाट वञ्चित भइरहेका छन् । घरमा बुबाआमाले सन्तानप्रति माया, ममता, सद्भाव र सहिष्णुता नियमित रूपमा नदेखाउँदा छोराछोरीको सङ्गत बिग्रिन थालेको छ । उनीहरू बिस्तारै कुलतमा लागेका साथीसँगीहरूका माध्यमबाट स्वयम् प्रभावित हुन थालेका छन् । दुर्व्यसनमा फस्दै गएपछि घरपरिवारभन्दा एक्लिन थालेका छन् । प्रस्तुत नाटकको कुमार पात्र पनि त्यस्तै रहेको छ । उसले कुलतका कारण सुईका माध्यमबाट गलत वस्तुको सेवन गरिरहेको हुन्छ । घरबाट अलग्गिँदै ऊ एक दिन एउटा बस बिसौनीनजिकै लट्ठ परिरहेको हुन्छ । त्यहीँ रात

बिताउँछ र अकालमै मर्न पुग्छ । उसको मृत्युको खबर चारैतिर फैलिँदै गएपछि पत्रिकामा ताजा खबरका रूपमा उसकै समाचार बन्न पुग्छ । साथै सरकारी एम्बुलेन्सबाट दाहसंस्कारका लागि लगिन्छ उसको जीवनी त्यहीँ सकिन्छ ।

यसरी 'लौ आयो ताजा खबर' नाटकमा भनिए जस्तै यहाँ कुमारको मृत्युको कारण एकातिर अभिभावकको लापरबाही मान्न सकिन्छ । बेलैमा आफ्नो छोरो कोसँग कसरी दिन बिताइरहेको छ, उसले केकस्ता गतिविधिहरू गरिरहेको छ र ऊ कुन अवस्थामा छ भन्ने कुराको ख्याल नगर्दा नै यस्तो दुःखद घटना घटेको मान्न सकिन्छ । त्यस्तै युवक कुमार स्वयम् पनि यस्तो घटनाको दोषी बन्न सक्छ । उसले आफू, आफ्नो जीवन, परिवार र समाजभन्दा केवल दुर्व्यसन मात्रलाई सहारा वा विश्वासका रूपमा लिएका कारण नै यस्तो दुर्गति निम्तिएको हो भन्ने अवस्था छ । अतः यस नाटकमा भनिए झैँ अभिभावकको लापरबाही र सन्तानको दुर्व्यसनका कारण नयाँ पुस्ता अकालमै मरिरहेका छन् भन्ने कुरा स्विकार्न सकिन्छ ।

७. कस्तो खबरलाई मात्र ताजा खबर मान्न सकिन्छ ? 'लौ आयो ताजा खबर' पाठका आधारमा समीक्षा गर्नुहोस् ।

८. दिइएको प्रतिवेदनको नमुना पढ्नुहोस् र महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्म जयन्तीका अवसरमा आयोजित कवितावाचन कार्यक्रमको प्रतिवेदन तयार पार्नुहोस् :

### हाजिरीजवाफ प्रतियोगिता

श्री जनता माध्यमिक विद्यालय, सुन्दर बजार, लमजुङले आफ्नो स्थापनाको स्वर्ण महोत्सवको अवसर पारेर त्यस नगरपालिकाका सातओटा माध्यमिक विद्यालयका विद्यार्थीहरूबिच हाजिरीजवाफ प्रतियोगिताको आयोजना गरेको थियो । २०७८ साल साउन २६ गते आयोजना गरिएको उक्त कार्यक्रमको व्यवस्थापन तथा संयोजन लमजुङमैत्री समाज, काठमाडौँले गरेको थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री राजु गुरुङको अध्यक्षता र नगर प्रमुखको प्रमुख आतिथ्य रहेको उक्त कार्यक्रमको सञ्चालन मैत्री समाजका सचिवले गर्नुभएको थियो । उक्त हाजिरीजवाफ प्रतियोगितामा सहभागी विद्यालय धेरै भएकाले छनोट चरण र फाइनल चरण गरी दुई चरणको व्यवस्था गरिएको थियो । फाइनल चरणलाई सामान्य ज्ञान चरण, पाठ्यक्रम चरण, श्रव्यदृश्य आदि चरण गरी खेलाइएको सो प्रतियोगितामा विभिन्न विद्यालयका शिक्षक तथा विद्यार्थीका साथै त्यस क्षेत्रका समाजसेवी तथा शिक्षाप्रेमीहरूको उल्लेख्य सहभागिता थियो । अत्यन्त कडा प्रतिस्पर्धाका बिच जारी रहेको सो कार्यक्रममा श्री सरस्वती माविले प्रथम, श्री सहिद माविले द्वितीय र श्री भक्ति नमुना माविले तृतीय स्थान हासिल गरेका थिए ।

एघार बजेको निर्धारित समयमै सुरु भएको सो कार्यक्रम साढे दुई घण्टा अनवरत चलेको थियो र अन्त्यमा कार्यक्रममा प्रथम, द्वितीय, तृतीय तथा सान्त्वना पुरस्कार प्राप्त गर्ने विद्यालयका विद्यार्थीहरूलाई प्रमुख अतिथिले प्रमाणपत्र, ट्रफी र नगदले पुरस्कृत गर्नुहुँदै छोटो मन्तव्य पनि राख्नुभएको थियो । अन्त्यमा कार्यक्रममा सहयोग पुऱ्याउने महानुभावहरूलाई सभाध्यक्षले धन्यवाद दिनु भई कार्यक्रम विसर्जन गर्नुभयो । कार्यक्रमपछाडि जलपानको आयोजनासमेत गरिएको थियो ।

यस कार्यक्रमले विद्यार्थीको समग्र बौद्धिक क्षमताको अभिवद्धि गर्नुका साथै सहभागिता र सहकार्यका भावना पनि विकास गर्ने देखियो । यस कार्यक्रमले प्रतिस्पर्धात्मक क्षमताको पनि प्रदर्शन गरेको छ भने सामाजिकीकरणको प्रक्रियालाई पनि सहयोग पुऱ्याएको छ । भविष्यमा यस्ता खालका कार्यक्रम स्थानीय स्तरमा मात्र नभएर जिल्ला र प्रदेश स्तरमा समेत गर्नु आवश्यक देखिन्छ ।

प्रतिवेदक

मिति २०८० साउन २७ हर्कराज दुरा

सचिव, लमजुङ मैत्री समाज

## भाषातत्त्व

१. दिइएको अनुच्छेदबाट प्रत्यय लागेर बनेका शब्दको पहिचान गरी लेख्नुहोस् :

एउटा पार्टीले भन्ला, त्यो फलानो पार्टीको निन्दनीय कार्य हो । अर्को पार्टीले थप्ला, होइन यो त ढिस्काना पार्टीको घिनलग्दो षड्यन्त्र हो । यसै विषयलाई लिएर नारा, जुलुस बन्द, हड्ताल हुन्छ । सत्तामा पुग्ने र सरकार परिवर्तन गर्ने खेल हुन थाल्छ ।

२. उदाहरण हेरी दिइएका प्रत्यय व्युत्पन्न शब्दको निर्माण प्रक्रिया देखाउनुहोस् :

अक्कड बोल् + अक्कड

बुझ् + अक्कड

भुल् + अक्कड

| प्रत्यय | प्रत्यय व्युत्पन्न शब्द |
|---|---|
| अत | बचत, लागत, लिखत |
| आउ | बचाउ, सुताउ, बिकाउ |
| आइ | पढाइ, लेखाइ, सुनाइ |
| आवट | रोकावट, सजावट, मिलावट |
| इलो | रसिलो, नुनिलो, दुधिलो |
| आलु | दयालु, मायालु, बैंसालु |
| अक | लेखक, पाठक, शिक्षक |
| इक | सामाजिक, शैक्षिक, नैतिक |
| तव्य | कर्तव्य, मन्तव्य, वक्तव्य |

## सिर्जना/परियोजना

१. तल दिइएका शीर्षकमा संवाद रचना गर्नुहोस् :

(क) जलवायु परिवर्तन

(ख) मातृभाषाको महत्त्व

पाठ ९

# सफलताको कथा

परिचय

रिपोर्ताज समसामयिक विषयमाथि तयार पारिन्छ र यस्तो तयारीको क्रममा लेखक स्वयम्को संलग्नता वा प्रत्यक्षदर्शिता आवश्यक हुन्छ । यो साहित्यको नयाँ विधा हो, जसमा लेखक प्रत्यक्षदर्शी वा भोक्ता हुन्छ। कुनै पनि विषयलाई प्रस्तुत गर्नुपूर्व त्यसलाई सतर्कतापूर्वक अध्ययन वा विश्लेषण गरिएको हुन्छ । यसमा उठान गरिएको विषय वास्तविक भए पनि पत्रकार वा लेखकको व्यक्तिगत अनुभव र धारणासँग सम्बन्धित भएकाले शैली भने निजात्मक किसिमको हुन्छ। यसलाई समाचार र साहित्यको मिलनबिन्दु पनि मानिन्छ। यसमा सर्जकले आफ्ना अनुभव र कल्पनालाई पत्रकारिताको शैलीमा प्रस्तुत गर्ने हुँदा आकारगत दृष्टिले यो लामो वा छोटो दुवै हुन सक्छ

प्रस्तुत 'सफलताको कथा' रिपोर्ताजमूलक रचना हो । यसमा अमित ठाकुरद्वारा प्रस्तुत सुन्दर छन्त्यालको सफलतापूर्ण यात्रालाई समेटिएको छ। जीवनलाई एउटा असफल परिवेशबाट पुनः योग र प्राकृतिक चिकित्सा आदिका माध्यमबाट सफल बनाउन सकिन्छ भन्ने सन्देश यस पाठले प्रवाह गरेको छ।

सिकाइ उपलब्धि

१. रिपोर्ताज सस्वर वाचन गर्न
२. रिपोर्ताजको संरचना (विषय प्रस्तुतिको क्रम, अनुच्छेद योजना, भाषाशैली आदि) पहिचान गर्न
३. पाठमा प्रयुक्त शब्दको अर्थबोध गरी प्रयोग गर्न
४. रिपोर्ताजमा वर्णित मुख्य विषयको बुँदाटिपोट गर्न
५. पाठगत बोध प्रश्नोत्तर गर्न
६. टिप्पणी लेखन
७. प्रत्ययद्वारा शब्दनिर्माण गर्न
८. रिपोर्ताजमूलक रचना तयार पार्न

# सफलताको कथा

पत्रकारिता पेसा मेरो रुचि र गौरवको विषय थियो । हरेक घटनाबाट तानिनु र डोरिनुको रमाइलाले म समयसँग अभ्यस्त हुन थालेको थिएँ । महान् पत्रकारहरूको जीवनी पढेर त झन् उत्साहित हुन्थेँ । यस पेसाप्रतिको गौरवले म झन् बढी समर्पित हुन थालेको थिएँ । काममा डुब्न पाए भोक, तिर्खा र थकाइ बिर्सनु मेरो दिनचर्या नै भएको थियो । कहिले पहिराको कथा बनाउन सिन्धुपाल्चोक पुग्थेँ त कहिले बालबालिका गृहको निर्माणको व्यथा लेख्न विराटनगर दौडन्थेँ । समय मसँगै दौडिरहे पनि त्यसको लयलाई समात्न म सधैँ लालायित थिएँ ।

काठमाडौँको एउटा छेउ लाग्छ मलाई गोठाटार । विमानस्थल नभए सायद यो दुर्गम नगर हुने थियो । नगर पनि के भन्ने हिजोसम्म यो एउटा गाउँ थियो । अहिले विस्तार भएका बस्तीहरूले यसको प्राचीनपन फेरिन थालेको छ । यही गोठाटारको पल्लो छेउमा मेरो डेरा थियो । काठमाडौँको कोटेश्वर काटेर जडीबुटीबाट उत्तर लागेपछि मलाई कोलाहलबाट मुक्त भए झैँ हुन्थ्यो । यहीँ कारण म डेरा नै भए पनि यो स्थान छोड्न सक्दिनथेँ । तराईबाट काठमाडौँ आउँदा र रत्न राज्यलक्ष्मी क्याम्पसमा पत्रकारिताको छात्र हुँदा मलाई पुतलीसडक प्यारो लाग्थ्यो । समयले मलाई एकान्तप्रिय बनायो र त्यसकै छालमा डोरिएर म गोठाटार पुगेँ । पहिलो पटक गोठाटार पुग्दा मलाई तान्ने सानो वन, केही पर रहेको पशुपतिको जङ्गल र गोठाटारको प्रतीक बनेर उभिएका पिपलका रुख थिए । हिजोआज मलाई यहाँका सबै कुरा प्यारा लाग्न थालेका छन् । पत्रकार भएर पनि म लेखक हुँ र लेखक हुन नै पत्रकार भएको पनि हुँ । मलाई यही लेखकीयपन मेरो गोठाटार मोहको कारक पनि हो जस्तो लाग्न थालेको छ । यही गोठाटारको पिपलको रुखमुनि टहलिँदै गर्दा अचानक अफिसबाट फोन आयो । बिहानको आठ बजेको थियो । एक्लो ज्यान जहाँ खाए पनि हुने । त्यसैले खाना नखाई अफिसले दिएको पुरानो मोटरसाइकल घ्यार्र घ्यार्र पार्दै अफिसतिर लागेँ । "तपाईँ स्वास्थ्यको कथा लेख्न धुलिखेल जानुपर्ने भयो अमितजी" हाकिमले भन्नुभयो । "अफिसमा राम्रो फिचर स्टोरी बनाउने तपाईँ नै त हुनुहुन्छ" उहाँले थप्नुभयो ।

मलाई स्वास्थ्यको समाचारमा त त्यति रुचि थिएन । स्टोरी भनेपछि चाहिँ स्वाभाविक रूपमा म तानिएँ । मैले खाना खाएको छैन नि भन्न पनि मेरो विनम्रताले दिएन । केही समयपछि आफैँलाई गाली पनि गरेँ । लाग्यो चाहिनेभन्दा बढी विनम्रताले अरूलाई नभएर आफैँलाई दुःख दिन्छ तैपनि मैले बिस्तारै भोक बिर्सेँ र कथा मात्रै सम्झेर धुलिखेलतिर लागेँ । "कस्तो कथा होला ?" मेरो मनमा स्मृति दौडन थाल्यो । यो स्मृति भन्ने वस्तु पनि रमाइलो छ । स्मृतिले नै शब्दलाई जोड्छ र भत्काउँछ । स्मृतिले मानिसलाई मानिस बनाउँछ र पुनर्जीवित गर्छ । मेरो स्मृतिमा मेरा आफ्नै पिता जोडिनुभयो, जसलाई म सानो छँदा नै क्यान्सरका कारण गुमाएको थिएँ । यो बेला स्मृति मेरा लागि सानो झ्याल थियो जसले बाहिर र भित्रलाई जोड्छ । बाहिरको विश्व परपरसम्म फैलिएको छ । त्यहाँ गर्मी छ, जाडो छ, हावा छ, पानी छ र जङ्गल छ । यस बेला मेरो भित्री विश्वमा चाहिँ अथाह मौनता जमेको थियो । म आजको पात्रको कथा सोच्दै थिएँ । मेरो आँखाको सीमित परिधिमा न म कथाको पात्र सम्झन सक्थेँ न उसको सुखद वा दुखद कथा, मेरो स्मृतिमा त मौनता मात्रै थियो ।

“तपाईं पत्रकार ?” एक जना अधबैंसे महिलाले छेउमै आएर सोध्नुभयो । “हजुर” म धेरै नबोली छेउमा गएर बसेँ । कार्यक्रम योग र स्वास्थ्यका बारेमा थियो । थोरै अतिथि र धेरै दर्शक भएको कार्यक्रमका प्रमुख अतिथि एक जना युवा थिए । केही श्याम वर्णका ती युवक सुन्दर थिए । बिस्तारै उद्घोषकले केही अतिथि पनि बोलाए । यसो हेरेँ, कार्यक्रम त स्वास्थ्यका बारेमा हो । ठिकै छ, मनमनै सोचेँ तर यसका लागि म आइरहनुपर्ने थियो र ? अब मसँग भन्नु केही थिएन किनकि आइसकेको थिएँ । मनलाई सम्झाउन धुलिखेललाई मनभरि हेरेँ । आकाशमा बादल थियो र त्यसले बेला बेलामा आकार र रङ फेरिरहेको थियो । नजिकै वन थियो र त्यसले मायावी सङ्गीतको चम्किलो स्वरलाई वनस्थलका पत्र पत्रमा गुन्जाइरहेको थियो । उसको स्वप्निल, निस्पन्द र हावादार पङ्खाले मलाई हम्किरहेको थियो । त्यो प्रकृति निर्मित स्वप्नले मलाई स्पर्श गरेकै क्षणमा यता कार्यक्रमको शङ्काले म झसङ्ग भएँ र त्यस अकथारूपी कथाको व्यग्र प्रतीक्षामा रहेँ ।

म पत्रकार भए पनि कार्यक्रमको औपचारिकताले त्यति तान्दैन । मलाई यस्ता कुरा समयको बर्बादी लाग्छन् । त्यही भएर साथीहरू मलाई “कहाँको भवानी भिक्षु हुनुपर्ने मान्छे, यहाँ अमित ठाकुर बनेर आएछ पनि भन्छन् । हुन पनि कार्यक्रमको यस अनुत्पादक शैलीमा मेरो कति रुचि छैन । अतिथिको लामो ताँती देखेपछि मलाई त कहिलेकाहीँ कार्यक्रमकै बिचमा झोलाको पुस्तक निकालेर पढूँ पढूँ लाग्छ । त्यही भएर मलाई कति साथीहरूले “दर्शनशास्त्रको प्राध्यापक हुनुपर्ने पत्रकार हुन आएछ” पनि भन्छन् । यी सबै कुरामा त म वास्ता गर्दिनँ तर समयप्रति चाहिँ सचेत हुनुपर्छ भन्ने लाग्छ ।

योग, ध्यान र स्वास्थ्यका बारेको रुचि मेरो सानैदेखिको रुचि हो । एक पटक तौलिहवाको घरमा छँदा एक जना बौद्ध भिक्षुले ध्यान र मनको सम्बन्धका बारेमा दिएको प्रवचन मेरो मनमा ताजै छ । यसैबाट लोभिएर मैले लुम्बिनीका स्तूप र चैत्य पनि चाहारेको छु । अहिले सामाजिक सञ्जालभरि यसका बारेका शिक्षा पनि पाइन्छन् । म त्यसमा लोभिएर कति बिहान बिताउँछु पनि । साँच्चै मलाई गोठाटारले तान्ने कुरा पनि त यही हो । पिपलको रुखमुनि बसेर गरिने प्राणायाम र नजिकैको देवालयको खुला मैदानमा गरिने योगासन मेरो दिनचर्या नै भएको छ । कहिले पशुपतिछेउको मैदानमा पुग्ने आकर्षण पनि यही हो । यही कारण म धुलिखेलको आजको यस कार्यक्रमका बारेमा पनि तानिदै गएँ । डाक्टर युरेन्द्र झाले “हजारौँ माइलको यात्रा एउटा सानो पाइलाबाट सुरु हुन्छ” भन्ने उखानबाट आफ्ना कुरा सुरु गरेको मलाई रमाइलो लाग्यो । “योग र ध्यानको यात्रा पनि यस्तै हो” उनले भने । “त्यसको उदाहरण यस मञ्चमा रहनुभएका सुन्दर छन्त्याल हुनुहुन्छ । उहाँको जीवन योग साधनाले नै फेरिदियो । आज उहाँ योग साधना र स्वास्थ्यका बारेमा राम्रो प्रवचन दिन सक्ने हुनुभएको छ । युवाहरूले समयमै स्वास्थ्यका बारेमा ध्यान दिनुपर्ने कुरालाई उहाँ राम्ररी बुझ्न र बुझाउन सक्ने हुनुभएको छ । “योग चिन्तन हो, ज्ञान हो, मनको एकाग्रता हो र यो समाधितर्फको यात्रा पनि हो ।” उनले थपे । त्यसपछि वक्ताहरूको लामो ताँती सुरु भयो ।

कार्यक्रमका अन्तिम वक्ता सुन्दर छन्त्याल नै थिए । उनले थोरै बोले तर मिठो बोले । “मनको शान्ति खोज्न टाढा जानुपर्दैन, यो तपाईंभित्रै छ । योगबाट यो प्राप्त हुन्छ । म त्यही कथाको नायक हुँ जसले निराशालाई जितेँ र मृत्युलाई समेत जितेँ । म अहिले तपाईंहरूलाई सबै कथा सुनाउन सक्दिनँ । यति भन्छु योगले मलाई जीवन दियो । यसको श्रेय आयुर्वेद र योगका आचार्य गुरु युरेन्द्र झालाई छ ।”

कहाँ कथा बनाउन गएको पत्रकार म भाषणको भारीमा पो परेँ । मन केही खिन्न भयो तर हारिनँ । सुन्दर छन्त्यालको कथा नै मैले खोज्ने कथा थियो । यसमा म विश्वस्त भएपछि उनको फोन

लिएर केही खिन्नताका साथ गोठाटार फर्कें । रातको समय थियो । गोठाटारको आकाश सफा थियो । म कोठामा पुगेँ र फेरि त्यही पिपलको फेदमा पुगेर घोरिन थालेँ । मैले वरिपरिका पहाड हेरेँ । काठमाडौँलाई आँखा लगाइरहने चन्द्रागिरि साँझको प्रकाशमा टल्कँदै थियो । अन्धकार बढ्दै जाँदा वरिपरिका पहाडहरू गणितका रेखाचित्र झैँ स्तब्ध र निश्चल थिए । उनीहरूका मन मेरो जस्तै मलिन र म्लान थिए । आकाश तल तल झर्दै थियो र धरतीलाई छुँला छुँला झैँ झुकेको थियो । धरती अद्भुत चित्रलाई छातीमा समेटेर वात्सल्यमयी बन्दै सारा प्राणीलाई आफ्ना वक्षस्थलमा लपेटेर सुतेको थियो । म भने भोलिको कथाको चित्र र पात्रको रेखा कोरिरहेको थिएँ ।

बिहान आठ बजे सुन्दरलाई फोन गरेँ । एक जना अधबैँसे महिलाले फोन उठाउनुभयो । उहाँ हिजोकै महिला हुनुहुन्छ र सुन्दरकी आमा हुनुहुन्छ भन्ने कुरामा म विश्वस्त बनेँ । सुन्दरकी आमाले सहज निम्तो दिएपछि म खुसीसाथ आरुबारी लागेँ । रमेश विकल मलाई मन पर्ने साहित्यकार हुन् र म आरुबारीको तिनकै घरलाई देब्रे बनाएर अघि बढेँ । केही माथि पुगेपछि फेरि फोन गरेँ । घरमा पुगेर घण्टी बजाएँ । "ए बाबु आउनु न "उहाँले भन्नुभयो र म उहाँकै साथ भित्र पसेँ । म भित्र पस्दा सुन्दर ध्यानमा मग्न थिए । आमाले म आएको खबर गर्नासाथ ध्यान छाडेर आए र म नजिकै कुर्सीमा बसे । म केही हतारमै थिएँ । "बाबु चिया खाऊँ है ।" मैले विनम्रता पूर्वक "हुन्छ" को सङ्केत गरेँ । "लौ कथा सुरु गरौँ ।" मैले सुन्दरलाई आग्रह गरेँ ।

"म म्याग्दीको गाउँमा जन्मेको हुँ ।" उनले कथा सुरु गर्दै भने । "मध्यमवर्गीय परिवारको एक्लो छोरो दुःख खासै थिएन ।" "दिदीबहिनी नि ?" जिज्ञासु हुँदै मैले सोधेँ । उनी भन्दै गए "अँहँ, म एक्लो छोरो हुँ । बुबा सरकारी अधिकृत, आमा माध्यमिक तहमा पढाउने, जीवन सुखी थियो । मैले काठमाडौँको नाम चलेको विद्यालयबाट एसएलसी सकेँ । त्यसपछि उच्चमाध्यमिक तह विज्ञान लिएर उत्तीर्ण गरेँ ।"

त्यही बेला आमा चिया लिएर आइपुग्नुभयो । उहाँ पनि छेउमा बस्नुभयो र चिया खाँदै कथा अगाडि बढायौँ ।

"अनि स्नातक नि त ?" मैले सोधेँ । "स्नातक थापाथली क्याम्पसबाट सिभिल इन्जिनियरिङ लिएर पूरा गरेँ ।" उनी भन्दै गए, "स्नातकोत्तरको लागि फाराम पनि भरेँ र नाम पनि निस्कियो ।"

"ओहो बाबु ! सुन्दरको नाम निस्केको दिन उनका बुबाले गाउँभरिका मानिसलाई खुसी बाँड्नुभएको नि ! कति खुसी हुनुभएको थियो उहाँ" आमाले थप्नुभयो । मैले त्यही बेला झ्यालबाट परको पहाडी चुचुरो हेरेँ । घामको प्रकाशले उज्यालिएको आरुबारी हेरेँ र सुन्दरलाई कथाको शृङ्खला बढाउन भनेँ ।

सुन्दरको जीवनमा अचानक पहिरो गयो । यता काठमाडौँमा पढाइ सुरु भएको तेस्रो दिन सुन्दरका बुबाको हृदयाघातका कारण मृत्यु भयो । सुन्दर म्याग्दी गए । बुबाको काम सकेपछि उनलाई काठमाडौँ फर्कन मन नै भएन । "मैले कति सम्झाएँ बाबु तर मानेको होइन ।" आमाले भन्नुभयो । गाउँमा आमा विद्यालय जाने सुन्दर भने घरमा एक्लै बस्ने भयो ।

"म साह्रै उदास भएँ दाइ" सुन्दरले भने । उनको दाइ शब्दले म पनि पग्लेँ । यस बेला मलाई सुन्दर आफ्नै भाइ र आमा आफ्नै आमा झैँ लाग्यो । मैले पनि आफ्नो कथा सम्झेँ र रुन मन गरेँ । त्यसै त साथीहरू "तँ साहित्यकार होस्, पग्लिन्छस्" भन्छन् । त्यसैले मन दह्रो बनाएर सुनेँ ।

"दाइ, म यस्तै उदासीमा थिएँ । अचानक आमा बिरामी पर्नुभयो । काठमाडौँ लिएर आएँ र डाक्टरलाई देखाएँ । क्यान्सर भएको रहेछ । धेरै आत्तिनुपर्दैन तर नेपालमा होइन दिल्ली लैजानुपर्छ भनेर डाक्टरले भने । म त छानाबाट खसे झैँ भएँ । आफ्नो सर्वस्व गुमेपछि पीडाको आहालमा डुबे जस्तै भयो । धन्न सुरुमै रहेछ, उपचार भयो ।" उनले भने ।

"बाबु, ऋणको आहालमा डुबियो नि । त्यसले पनि सुन्दरलाई डिप्रेसन जस्तै भएको हो ।" आमाले भन्नुभयो । "डिप्रेसन त रोग नै हो आमा । अहिले त उपचार पनि छ नि ।" मैले सम्झाउने पाराले भनें । "त्यही त बाबु, मेरो छोरो त्यही भएर सग्लो भयो नि ।" आमाले भन्नुभयो । "दिल्लीबाट फर्केपछि त सुन्दरमा झन् बढी उदासीनता बढ्यो ।" आमाले भन्नुभयो । "यो कहिलेको कुरा आमा ?" मैले सोधें । "भयो बाबु अस्ति चैतमा ठ्याक्कै पाँच वर्ष भयो ।" आमाले भन्नुभयो ।

यो असारको महिना थियो । "पाँच वर्ष दुई महिना भएछ ।" मैले मनमनै हिसाब गरें । "त्यसपछि मैले यहाँ डेरा लिएँ र नेपाल मेडिकल कलेजका मनोचिकित्सकलाई देखाएँ । सामान्य उपचार हुँदै थियो । एक दिन डाक्टर युरेन्द्र झाको चिकित्साकेन्द्र नयाँ वानेश्वर जाने कुरा भयो । आमाछोरा भएर गयौँ ।" आमाले भन्नुभयो ।

"उहाँले योग र ध्यानका सबै विधि सिकाउनुभयो र गर्न पनि लगाउनु भयो । आयुर्वेदिक औषधी पनि दिनुभयो ।" अमितले भने । "मनोचिकित्सकलाई पनि सोधियो, उहाँले पनि त्यो पनि एउटा राम्रो पद्धति हो । आराम पनि हुन्छ भन्ने सल्लाह दिनुभयो । नभन्दै बिस्तारै मन शान्त हुन थाल्यो । मैले योगको विषय पनि बोध गर्दै गएँ । यसमा यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा र ध्यान हुँदै समाधिसम्मको यात्रा गरिन्छ भन्ने पनि बुझें । यस बोधले त मेरा मनका विकार हट्दै गए र जीवनमा बाँच्ने इच्छाशक्ति जागृत भयो ।" सुन्दरले भने । "अनि त म झन् योग र ध्यान सिक्न थालें र प्रशिक्षक बनें । डाक्टर झा मेरा डाक्टर मात्रै नभएर गुरु पनि हुनुभयो ।"

"कसरी यस्ता भयौ त भाइ ?" मैले सोधें । "जस्तो परिस्थिति छ, त्यससँग सहमत भएर अघि बढे जीवन स्वाभाविक रूपमा चल्छ । सहमत हुन नसक्दा मानसिक चिन्ता सुरु हुन्छ । आफ्नो मन आफैँ मिलिहाल्छ भनियो भने हुन्न । यसका लागि समग्रता र एकाग्रता चाहिने रहेछ । मनलाई शान्त र स्थिर पार्नुपर्ने रहेछ । मनको एकाग्रता नै शान्तिको आधार हो । गहिरो शान्ति ध्यानबाट प्राप्त हुन्छ र शारीरिक शान्ति योगाभ्यासबाट प्राप्त हुन्छ । त्यसैले सुखी र निरोगी जीवनका लागि योगाभ्यास आवश्यक छ ।" सुन्दरले सबै कुरा एकै स्वरमा सिध्याए ।

"अनि ऋण कसरी तिर्ने त अब" मैले सोधें । "पहाडको जग्गा केही बेचियो केही तिरियो । धेरै त तिर्न सकिएको छैन । हेरौं, सकिएला नि केही पौरख गर्न ।" सुन्दरले भने ।

म एउटा युवाको नयाँ जीवनको कथा बोकेर फर्कने तरखरमा थिएँ । खाना नखाई जान पाइन्न भन्ने आग्रह टार्न नसकी खाना खाएर कार्यालय फर्कें । दिनभरि कार्यालयमा बसेर शनिबारको लागि सुन्दरको कथा तयार पारें र बेलुका डेरामा फर्कें । शीर्षक के राख्ने भन्ने पिरलोले चाहिँ मलाई रातभर छाडेन ।

भोलिपल्ट बिहान मेरो मोबाइलको घन्टी बज्यो । हेरें, सुन्दरको रहेछ । "दाइ म पास भएँ नि ।" उनले भने । "केमा पास भयौ नि भाइ ?" मैले सोधें । "प्राविधिक अधिकृतमा, अब त म ऋण तिर्न सक्छु दाइ र म योगको प्रशिक्षक पनि भएर समाज सेवा पनि गरिरहन्छु ।" उनको स्वरमा दह्रो दृढता थियो ।

मैले उनको कथामा यो सफलता पनि जोड्न पाएँ । त्यसपछि म मेरा बिहानका साथी तिनै पिपल र चौरतर्फ लागें । मनमा भने कथाको शीर्षक के दिऊँ भन्ने कुरा खेलिरहेको थियो । मैले मनमनै सोचें - यो कथा विफलताबाट सफलताको यात्राको कथा हो । दिउँसो कार्यालय पुगें । हाकिमले सोधे, "तपाईंको कथाको शीर्षक के राख्ने अमितजी ?" अनायास मेरो मुखबाट निस्क्यो, सफलताको कथा ।

**शब्दार्थ**

| | | |
|---|---|---|
| *कोलाहल* | : | *होहल्ला* |
| *फिचर स्टोरी* | : | *एउटै विषयमा आधारित विस्तृत एवम् यथार्थपरक अभिव्यक्ति* |
| *परिधि* | : | *चौघेरो, व्याप्ति* |
| *देवालय* | : | *मन्दिर* |
| *समाधि* | : | *ध्यान, तप, साधना* |
| *म्लान* | : | *उदास, खिन्न* |
| *स्नातक* | : | *ब्याचलर वा शास्त्री तहको उपाधि* |
| *स्नातकोत्तर* | : | *मास्टर वा आचार्य तहको उपाधि* |
| *विकार* | : | *खराब भएको अवस्था* |

### 'सफलताको कथा' रिपोर्ताजको सार

पत्रकारिता पेसा रुचि र गौरवको विषय भएकाले अमित ठाकुर काममा डुब्न पाए भोक, तिर्खा र थकाइ बिर्सन्थे । उनी कहिले पहिराको कथा बनाउन सिन्धुपाल्चोक त कहिले बालबालिका गृहको निर्माणको व्यथा लेख्न विराटनगर दौडन्थे । उनी काठमाडौँको गोठाटारमा बस्थे । कोलाहलबाट मुक्त भएकाले डेरा नै भए पनि यो स्थान छोड्न सक्दैनथे । उनी भन्थे, "पत्रकार भएर पनि म लेखक हुँ र लेखक हुन नै पत्रकार भएको पनि हुँ । मलाई यही लेखकीयपन मेरो गोठाटार मोहको कारक पनि हो जस्तो लाग्न थालेको छ ।" स्वास्थ्यको कथा लेख्न धुलिखेल जानुपर्ने हाकिमले बताएपछि उनी धुलिखेलतिर लागे । स्मृति भन्ने वस्तु पनि रमाइलो छ । स्मृतिले नै शब्दलाई जोड्छ र भत्काउँछ । स्मृतिले मानिसलाई मानिस बनाउँछ र पुनर्जीवित गर्छ । उनी स्मृतिमा पितालाई सम्झँदै स्वास्थ्य क्षेत्रमा लागेका पात्रको कथा तयार पार्न धुलिखेल पुगे ।

अमितले धुलिखेललाई मनभरि हेरे । उनलाई योग, ध्यान र स्वास्थ्यका बारेको रुचि थियो । यही कारण धुलिखेलको आजको यस कार्यक्रमका बारेमा पनि उनी तानिदै गए । यसै क्रममा डाक्टर युरेन्द्र झाले "हजारौँ माइलको यात्रा एउटा सानो पाइलाबाट सुरु हुन्छ" भन्ने उखानबाट आफ्ना कुरा सुरु गरेकामा लेखकलाई रमाइलो लाग्यो । "योग र ध्यानको यात्रा पनि यस्तै हो" उनले भने । "योग चिन्तन हो, ज्ञान हो, मनको एकाग्रता हो र यो समाधितर्फको यात्रा पनि हो ।" उनले थपे । कार्यक्रमका अन्तिम वक्ता सुन्दर छन्त्यालले "मनको शान्ति खोज्न टाढा जानुपर्दैन, यो तपाईंभित्रै छ ।" भने ।

कथा बनाउन गएका उनी सुरुमा भाषणको भारीमा परे । मन केही खिन्न भयो तर हार मानेनन् । उनले भोलिपल्ट बिहान आठ बजे सुन्दरलाई फोन गरे । एक जना अधबैँसे महिलाले फोन उठाउनुभयो । उहाँ हिजोकै महिला हुनुहुन्थ्यो । जो सुन्दरकी आमा हुनुहुन्थ्यो । सुन्दरकी आमाले सहज निम्तो दिएपछि अमित खुसीसाथ आरुबारी लागे । त्यहाँ पुगेपछि उनलाई थाहा भयो- सुन्दर

म्याग्दीमा जन्मिएका, बुबा सरकारी अधिकृत, आमा माध्यमिक तहमा पढाउने, काठमाडौँको नाम चलेको विद्यालयबाट एसएलसी सकेको आदि । सुन्दरको बुबाको हृदयाघातका कारण मृत्यु भएको रहेछ । आमा पनि क्यान्सरबाट पीडित भएकाले सुन्दरलाई डिप्रेसन भएछ । डाक्टर युरेन्द्र झाको चिकित्साकेन्द्र नयाँ बानेश्वरमा गएपछि योग र ध्यानका सबै विधि सिक्न पाएकाले उनी स्वस्थ हुँदै गएछन् । आयुर्वेदिक औषधीको सेवनका साथै यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा र ध्यान आदि गरेछन् । यसबाट सुन्दरको मनका विकार हट्दै गई जीवनमा बाँच्ने इच्छाशक्ति जागृत भएछ ।

यस्ता कुरा बुझिसकेपछि अमित ठाकुर नयाँ उत्साहका साथ डेरा फर्किए । दिनभरि कार्यालयमा बसेर शनिबारका लागि सुन्दरको कथा तयार पारे । उनको मनमा अझै पनि कथाको शीर्षक के दिऊँ भन्ने खेलिरहेको थियो । हाकिमले सोधे, "तपाईंको कथाको शीर्षक के राख्ने अमितजी ?" अनायास उनको मुखबाट निस्क्यो, सफलताको कथा ।

## शब्दभण्डार

१. दिइएका अर्थ दिने शब्द अनुच्छेदबाट खोजेर लेख्नुहोस् :

"उहाँले योग र ध्यानका सबै विधि सिकाउनुभयो र गर्न पनि लगाउनु भयो । आयुर्वेदिक औषधी पनि दिनुभयो ।" अमितले भने । "मनोचिकित्सकलाई पनि सोधियो, उहाँले पनि त्यो पनि एउटा राम्रो पद्धति हो । आराम पनि हुन्छ भन्ने सल्लाह दिनुभयो । नभन्दै बिस्तारै मन शान्त हुन थाल्यो । मैले योगको विषय पनि बोध गर्दै गएँ । यसमा यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा र ध्यान हुँदै समाधिसम्मको यात्रा गरिन्छ भन्ने पनि बुझेँ ।

(क) आयुर्वेदसम्बन्धी .................

(ख) तरिका, परिपाटी .................

(ग) बस्ने तरिका .................

(घ) सोच, चिन्तन .................

२. शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| स्तूप | हलचल नगर्ने |
| स्थिर | श्वासप्रश्वासमा लयबद्धताका साथ गरिने योग |
| प्राणायम | बौद्ध स्मारक |
| एकाग्रतम | समाधि |
| | एकचित्त |

३. पाठमा दिइएको सन्दर्भ पढी दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

आयुर्वेद, ध्यान, मलिन, योग, जडीबुटी, भाषण

## बोध र अभिव्यक्ति

१. तल दिइएका शब्द उच्चारण गर्नुहोस् :

| | | |
|---|---|---|
| भाषण /भा.सन्/ | प्राणायाम /प्रा.डाँ(ना).याम्/ | स्वास्थ्य /स्वास्.थ्य/ |
| स्वाभाविक /स्वा.भा.बिक्/ | दृढता /द्रि.ढ.ता/ | कथाहीनता /क.था.हिन्.ता/ |

२. 'सफलताको कथा' रिपोर्ताजमूलक पाठ आरोह, अवरोह मिलाई सस्वरवाचन गर्नुहोस् ।

३. 'सफलताको कथा' रिपोर्ताजमूलक पाठका आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) 'सफलताको कथा' रिपोर्ताजमूलक पाठमा कतिओटा अनुच्छेद छन् ?

(ख) 'सफलताको कथा' रिपोर्ताजमूलक पाठमा सबैभन्दा ठुलो अनुच्छेद कुन हो ?

(ग) 'सफलताको कथा' पाठमा कसको कथा उल्लेख गरिएको छ ?

(घ) 'सफलताको कथा' रिपोर्ताजमूलक पाठको अन्त्य कसरी भएको छ ?

४. तल दिइएको रिपोर्ताजको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

मनको शान्ति खोज्न टाढा जानुपर्दैन, यो तपाईंभित्रै छ । योगबाट यो प्राप्त हुन्छ । म त्यही कथाको नायक हुँ जसले निराशालाई जितेँ र मृत्युलाई समेत जितेँ । म अहिले तपाईंहरूलाई सबै कथा सुनाउन सक्दिनँ । यति भन्छु योगले मलाई जीवन दियो । यसको श्रेय आयुर्वेद र योगका आचार्य गुरु युरेन्द्र झालाई छ ।

प्रश्नहरू

(क) मनको शान्ति खोज्न किन टाढा जानुपर्दैन ?

उदाहरण :

उत्तर : 'सफलताको कथा' एउटा सन्देशमूलक रिपोर्ताज हो । यसमा मानिसले शान्तिको द्वार खोल्नका लागि धेरैतिर भौँतारिनुभन्दा योगको अनुसरण गर्नु उत्तम हुन्छ भन्ने सन्देश दिन खोजिएको छ । मानिस जन्मिसकेपछि विभिन्न कारणवश अशान्त हुन पुग्छ । उसका जीवनमा कैयौँ सोचेका वा नसोचेका घटनाहरू घट्न सक्छन् । सुन्दर छन्त्यालको जीवन पनि त्यस्तै भएको छ । एकाएक उनका पिताको हृदयघातका कारण मृत्यु हुन पुग्छ । क्यान्सरका कारण बिस्तारै आमाको स्वास्थ्य पनि बिग्रिँदै गएपछि आमाको उपचारका लागि दिल्ली लानुपर्ने हुन्छ । यस वेलासम्म बुबाको मृत्यु, पढाइमा भएको अवरोध, घरको ऋण र आमाको अस्वस्थता आदि कारणले सुन्दरमा मनोरोग बढ्न थाल्छ । उनी मानसिक शान्तिका लागि प्रयासरत हुन थाल्छन् । सुन्दर बिस्तारै योगभित्रका तमाम प्रक्रियाहरू पूरा गर्दै आफ्नो मनलाई शान्त तुल्याउन सफल हुन्छन् । त्यसैले मनको शान्ति खोज्न टाढा जानु पर्दैन ।

(ख) सुन्दर छन्त्यालले कसरी मृत्युलाई जिते ?

५. दिइएका बुँदाका आधारमा 'सफलताको कथा' रिपोर्ताजले दिएको सन्देश के हो, समीक्षा गर्नुहोस् ।

- सफलताको कथा एउटा पत्रिकाका लागि तयार पारिने कथा (फिचर स्टोरी) मा आधारित रिपोर्ताजमूलक रचना
- पत्रकार अमित ठाकुर धुलिखेलको एउटा कार्यक्रममा पुगेपछि स्वास्थ्यसम्बन्धी विषयका लागि स्रोत पत्ता लगाएर फर्किएका अमितद्वारा प्रस्तुत शीर्षक नै 'सफलताको कथा' बनेको
- स्वास्थसँग गाँसिएका तमाम घटना, प्रभाव, उपलब्धि आदि सन्दर्भहरू सन्देशमूलक किसिमबाट प्रस्तुत भएका
- मानिसले क्रमशः एकपछि अर्को गर्दै निराशा, पीडा, चिन्ता र छटपटीका क्षणहरू बेहोर्नुपर्ने परिस्थिति आउन सक्ने
- मनोचिकित्सकको परामर्श, आयुर्वेदिक जडीबुटीको प्रयोग, नियमित रूपमा योग (आसन, प्राणायाम तथा ध्यान आदि) ले मानिसलाई शान्त र सक्रिय बनाउने ।

६. दिइएको अनुच्छेद पढी चारओटा मुख्य बुँदाहरू टिप्नुहोस् र एक तृतीयांशमा सार लेख्नुहोस् :

कहाँ कथा बनाउन गएको पत्रकार म भाषणको भारीमा पो परेँ । मन केही खिन्न भयो तर हारिनँ । सुन्दर छन्त्यालको कथा नै मैले खोज्ने कथा थियो । यसमा म विश्वस्त भएपछि उनको फोन लिएर केही खिन्नताका साथ गोठाटार फर्कें । रातको समय थियो । गोठाटारको आकाश सफा थियो । म कोठामा पुगेँ र फेरि त्यही पिपलको फेदमा पुगेर घोरिन थालेँ । मैले वरिपरिका पहाड हेरेँ । काठमाडौँलाई आँखा लगाइरहने चन्द्रागिरि साँझको प्रकाशमा टल्कँदै थियो । अन्धकार बढ्दै जाँदा वरिपरिका पहाडहरू गणितका रेखाचित्र झैँ स्तब्ध र निश्चल थिए । उनीहरूका मन मेरो जस्तै मलिन र म्लान थिए । आकाश तल तल झर्दै थियो र धरतीलाई छुँला छुँला झैँ झुकेको थियो । धरती अद्भुत चित्रलाई छातीमा समेटेर वात्सल्यमयी बन्दै सारा प्राणीलाई आफ्ना वक्षस्थलमा लपेटेर सुतेको थियो । म भने भोलिको कथाको चित्र र पात्रको रेखा कोरिरहेको थिएँ ।

७. 'सामाजिक सञ्जालको दुरूपयोग' शीर्षकमा टिप्पणी लेख्नुहोस् ।

## भाषातत्त्व

१. दिइएको अनुच्छेदबाट प्रत्यय लागेर बनेका शब्दको पहिचान गरी लेख्नुहोस् :

प्राचीन कालदेखि आधुनिक कालसम्म नवीन चेतना फैलाउन तल्लीन देखिन्छन् । लेखकमा रहेको स्वच्छ भावनाका कारण उसको लेखन पूजनीय र माननीय हुन्छ । बालकदेखि गायकसम्म सबै मानिस उसका निम्ति प्रिय हुन्छन् । लेखकका काव्य कृतिको ख्यातिका कारण ऊ श्रेष्ठतम जीवन जिउन सक्षम हुन्छ ।

२. उदाहरण हेरी तलका शब्दको निर्माण प्रक्रिया देखाउनुहोस् :

नायक = नी + अक

लेखक = लिख् + अक

गन्तव्य = गम् + तव्य

भौगोलिक, रहस्यमय, लालित्य, धैर्य, पँधेरो, वैदेशिक, श्रेष्ठतम, बुद्धिमान्

## सिर्जना/परियोजना

१. आफ्ना अभिभावकको अथवा कोही चिनेजानेका व्यक्तिको सफलताको कथा समेटी रिपोर्ताजमूलक रचना तयार पार्नुहोस् ।

२. आफूलाई मन पर्ने रिपोर्ताजमूलक रचना सङ्कलन गरी साथीलाई सुनाउनुहोस् ।

पाठ १०

# कृषिशालामा एक दिन

**परिचय**

कुनै निश्चित विषयमा केन्द्रित भई एउटा निष्कर्षसम्म पुग्नका लागि दुई वा दुईभन्दा बढी पात्रहरूबिच गरिने कुराकानी संवाद हो । संवादलाई कुराकानी, छलफल, वार्तालाप, कथोपकथन, बातचित आदि भनिन्छ ।

प्रस्तुत 'कृषिशालामा एक दिन' संवादमा कृषिलाई गौरवपूर्ण व्यवसायका रूपमा चित्रण गरिएको छ । १० वर्ष सरकारी जागिर खाएका बद्रीले कृषिशालाको निर्माण गरेका छन् । उनले मानिसलाई खाद्यपदार्थ अनिवार्य रूपमा चाहिन्छ भन्ने बुझेर नै आफ्नो कृषि उद्योग खोलेका हुन् । उनको कृषिशाला अवलोकन गर्न डोल्मा गुरुआमाका साथमा केही विद्यार्थीहरू पुगेका छन् । उनीहरू जानुको प्रयोजन परियोजना कार्यका लागि भए पनि कृषि मानव जातिले गर्नुपर्ने अनिवार्य पेसा हो भन्ने भाव बुझ्ने मौका पाएका छन् । प्राङ्गारिक खेती गर्ने तरिकाका बारेमा बद्रीले आफ्ना धारणा राखेका छन् । विद्यार्थीले बद्रीद्वारा व्यवस्थापन गरिएका कृषिशालाका दृश्यहरू देखेर प्रभावित हुँदै फर्किने अवसर पाएका थिए । यसरी प्रस्तुत संवादका माध्यमबाट स्वदेशमै कृषिजन्य वस्तु उत्पादन गरेर आयआर्जन गर्न सकिन्छ भन्ने भाव सम्प्रेषण गरिएको छ ।

**सिकाइ उपलब्धि**

१. संवादको परिचय दिन

२. संवादको संरचना ( विषय, प्रस्तुतिक्रम, हाउभाउ, तर्क, संवाद, भाषाशैली आदि) पहिचान गर्न

३. पाठमा प्रयुक्त शब्दको अर्थबोध गरी प्रयोग गर्न

४. पाठगत बोध प्रश्नोत्तर गर्न

५. समास वा विग्रह गर्न

६. संवाद रचना गर्न ।

मूल पाठ

# कृषिशालामा एक दिन (संवाद)

(परियोजना कार्यका लागि गएका विद्यार्थीहरू कृषिशालाभित्र छिर्छन् । त्यहाँ उनीहरूको भेट बद्री विश्वकर्मासँग हुन्छ)

डोल्मा गुरुमा : नमस्कार बद्रीजी । आराम हुनुहुन्छ ? हामी त आयौँ नि ।

बद्री : नमस्कार । आराम छु हजुर । बेलैमा आउनुभएछ त । ल है, यताउता मिलेर बसौँ । किसानको घरमा बस्ने ठाउँ साँघुरो काम गर्ने ठाउँ फराकिलो हुन्छ क्यारे । नासपाती खाऊँ है त, म टिपेर ल्याउँछु ।

डोल्मा गुरुमा : अहिले पर्दैन बद्रीजी । पहिला घुमौँ न । खानेकुरा त पछि खाउँला नि ।

बद्री : जाने त ? लौ हिँड्नुहोस् त उसो भए ।

विद्यार्थीहरू : जाऔँ, जाऔँ ।

डोल्मा गुरुमा : सुन्नुहोस् त विद्यार्थी भाइबहिनीहरू, बद्रीजीले अर्थशास्त्र विषयमा स्नातकोत्तर तहसम्मको अध्ययन गर्नुभएको छ । अध्ययनपछि उहाँले दश वर्षजति सरकारी सेवामा काम गर्नुभयो । अहिले चाहिँ जागिर छोडेर उहाँ यतातिर लाग्नुभएको हो । उहाँसँग दुवै समूहका प्रतिनिधिले आआफ्ना जिज्ञासाहरू राख्नुहोला । पूरक प्रश्न चाहिँ अन्य विद्यार्थीले पनि गर्न सक्नुहुनेछ । अँ साँच्चै, कति वर्ष भयो बद्रीजी तपाईँले कृषि कार्य गर्न थाल्नुभयो ?

बद्री : भयो नि छसात वर्ष ।

म्हेन्दो : अनि तपाईँ त यत्रो पढेलेखेको मान्छे, सरकारी जागिर पनि रहेछ । पक्कै राम्रै हुँदो हो, यतातिर लाग्ने सोच कसरी बनाउनुभयो ?

बद्री : सायद म महत्त्वाकाङ्क्षी मान्छे रहेछु क्यारे । मेरो स्वभावसँग त्यो जागिर त्यति मिलेन । त्यसैले म मेरो नजरको कुनै सार्थक काम गरेर बाँकी जीवन बिताउन चाहन्थेँ । त्यसका लागि मैले धेरैतिर खोजेँ । अन्ततः कृषिकर्मले मलाई आकर्षित गऱ्यो ।

म्हेन्दो : तपाईँले कृषिलाई नै महत्त्व दिनुको कारण चाहिँ के हो नि ?

बद्री : हेर्नुस्, व्यक्तिलाई कृषक बन्ने कि नबन्ने भनी छान्ने छुट होला तर मानव जातिलाई कृषि गर्ने कि नगर्ने भनी छान्ने छुट छैन । जुन दिन वैज्ञानिकहरूले नखाईकन पनि बाँच्ने मानिसहरू जन्माउन थाल्लान् । त्यसपछि मात्रै कृषि मानव जातिका लागि वैकल्पिक पेसा हुने छ । आजका दिनमा चाहिँ एउटाले नगरे अर्काले, अर्काले नगरे तेस्रोले, कसै न कसैले त किसान हुनु नै छ । त्यसैले कृषिकर्म व्यक्तिगत रुचिअरुचिको काम मात्रै होइन, यो मानव जातिको अस्तित्वसँग जोडिएको आधारभूत काम पो हो त ।

डोल्मा गुरुमा : हेर म्हेन्दो, बाँच्नका लागि आवश्यक पर्ने सम्पूर्ण पोषणको मुख्य स्रोत नै खाद्यपदार्थ हो । खाद्यपदार्थ नै हामीलाई बचाउने औषधी हो, अमृत हो । कृषि

नभई खाद्यपदार्थको उत्पादन कसरी हुन्छ र ? त्यसैले कृषि पेसा त आफूलाई मात्र होइन, संसारलाई बचाउने कर्म पनि त हो नि ।

बद्री : डोल्माजीले भन्नुभएको कुरा सही हो । अर्कोतिर अहिले खेतीयोग्य जमिन बाँझो हुने क्रम बढिरहेको छ । प्राकृतिक र जैविक विविधतायुक्त उर्वर जमिन भएर पनि खाद्यपदार्थ विदेशबाट किन्नुपर्ने बाध्यता छ । यसले स्वदेशको पैसा विदेशतिर गइराखेको छ । कृषि उपजमा समेत वैदेशिक व्यापार घाटा छ । यस्तो बेलामा तपाईं हामी जस्ता पढेलेखेका मान्छेले यस विषयमा नसोच्ने हो भने कसले सोच्छ र ? मलाई लाग्छ, सामान्य जागिर खानुभन्दा बाँझो जमिनमा अन्न, फलफूल, तरकारी फलाउनु बढी महत्त्वको कुरा हो । यसबाट राज्यले कल्पना गरेको समृद्धि, स्वरोजगार र पर्यावरण संरक्षणको क्षेत्रमा योगदान हुन्छ ।

रामभरोस : कृषि पेसालाई दुःखी पेसा भन्छन् । दुःख त तपाईंले पनि पाउनुभएकै होला । कहिलेकाहीँ त खुरुखुरु जागिरै खाएको भए हुने रहेछ जस्तो लागेको छैन हजुरलाई ?

बद्री : आआफ्नो सोचको कुरो हो यो पनि । हेर्नुहोस्, आनन्द भन्ने कुरा पनि सापेक्षित हुँदो रहेछ । स्वस्थ जीवनका लागि शारीरिक श्रमको महत्त्व नबुझेको भए पसिना बगाउँदा मलाई दुःख लाग्थ्यो होला । आफूले रोपेको बिरुवा हुर्किंदा मलाई आफ्नै सन्तान हुर्कंदै गरेको जस्तो लाग्छ । पछि परन्तुको कुरा होइन, अहिले तत्काल नै म हुर्किंदै गरेका बिरुवा हेरेर रोमाञ्चित हुन्छु । फुल्दै गरेका फूल र फल्दै गरेका फलहरूले मेरो जीवन सार्थक बनाए जस्तो लाग्छ । साँच्चै भनुँ भने संसारको सबैभन्दा राम्रो काम गर्ने अवसर मलाई यहीँ मिलेको जस्तो लाग्छ ।

म्हेन्दो : यो त भावनाको कुरा भयो, खासमा खेतीपाती गरेर जिन्दगी चलाउन गाह्रो हुँदैन र ?

बद्री : जीवनको गाह्रोसारो पनि भावनासँग नै जोडिने कुरा हो नि । सामान्यतः मन परेको काममा कमाइ थोरै भए पनि चित्त बुझ्छ । फेरि मैले जुन पद्धतिको खेतीपाती गरिरहेको छु, त्यसबाट हाम्रो परिवार मजाले चलेको छ । सामान्यतः हामी मल, बिउ, औषधी बजारबाट किन्दैनौँ । रासायनिक खेती भएको भए किसानको धेरै पैसा बजारतिर जान्थ्यो । यो त प्राकृतिक खेती हो । त्यसैले हामी उत्पादन कार्यका लागि प्रायः केही किन्दैनौँ, उपज भने खुरुखुरु बेच्छौँ । उत्पादनमा लागत कम छ तर उत्पादित वस्तुको मूल्य चाहिँ धेरै पाइन्छ । स्वास्थ्यमैत्री हुनाले हाम्रो उत्पादन सजिलैसँग यहीँबाटै बिक्छ, बजारको कुनै समस्या छैन ।

भगतसिंह : अनि मल र औषधी नहालीकन पनि राम्रो उत्पादन हुन्छ त ?

बद्री : मैले मल र औषधी नै हाल्दिनँ कहाँ भनेको हो र ? बजारबाट किनेर हाल्दिनँ पो भनेको त । मैले आफूलाई चाहिने मल र औषधी यहीँ बनाउँछु नि ।

रामभरोस : कसरी नि ?

बद्री : मल बनाउने त सजिलो तरिका छ । यी हेर्नुहोस्, यस भाँडामा २०० लिटर पानी, दश लिटर गहुँत, दश किलो गोबर, एक किलो गुँड, एक किलो दालको पिठो र वरपिपलको फेदको एक मुठी माटो राम्रोसँग मिसाइएको छ । यसलाई मैले आज बिहान तयार पारेको हुँ । पर्सि बिहानसम्म यसलाई यसरी नै ढाकेर राख्नुपर्छ । साँझ बिहान लौराले चलाउनुपर्छ । त्यसपछि यो लेदोलाई मलका रूपमा प्रयोग गर्न सकिन्छ । महिनामा एक पटक सर्सर्ती बोटबिरुवाका फेदमा छर्किएपछि त बिरुवालाई मलैमल भइहाल्छ नि ।

भगतसिंह : औषधी कसरी बनाउनुहुन्छ त ?

बद्री : औषधी पनि सजिलै बनाउन सकिन्छ । सामान्यत: गाईवस्तुले नखाने खालका दशबाह्र थरी रुखका पातहरूको रस गहुँतसँग मिसाएर बोटबिरुवामा छर्ने हो भने अधिकांश रोगको नियन्त्रण गर्न सकिन्छ । त्यसमा खुर्सानी, निम, लसुन, बेसार, बोझो जस्ता जडीबुटी मिसाउने हो भने त सुनमा सुगन्ध भइहाल्यो ।

म्हेन्दो : ए त्यसो भए तपाईंले रासायनिक मल र औषधीको प्रयोग फिटिक्कै गर्नुभएको छैन त ?

बद्री : छैन, त्यसैले हाम्रो उत्पादन मानव स्वास्थ्यका लागि हानिकारक छैन । अघि गुरुआमाले खाद्यान्न अमृत हो भन्नुभएको थियो नि, त्यो चाहिँ यस्तै उत्पादनलाई भन्नुभएको हो ।

हर्कध्वज : हैन तपाईंले त खेतबारीलाई पुरै जङ्गल जस्तो पो बनाउनुभएको छ त ?

बद्री : हो त, यो वनजङ्गलकै पारामा गरिने खेती प्रणाली हो । हामीले यहाँ विशेषत: फलफूल र औषधीका बोटहरू लगाएका छौँ । यहाँ यो उचाइमा पाइने सबै अग्लाहोचा रुखहरूलाई पञ्चस्तरीय ढाँचामा व्यवस्थित गरिएको छ । बिच बिचमा जलप्रबन्धनका लागि नाली पनि छन् । हेर्नुहोस् त, मैले गरेको कृषिमा बोटबिरुवाको सहअस्तित्वलाई स्वीकार गरिएको छ । यहाँ एउटा फसलले अर्को फसललाई सहयोग गर्छ । एउटाले नचाहिने भनेर माटामा फ्याँकेको तत्त्व अर्को बिरुवाले मलका रूपमा लिन्छ । एउटा बिरुवाको बासनाले अर्को बिरुवामा रोग लाग्दैन । केही न केहीको उत्पादन बर्सैभरि भइरहन्छ, बेचिरहन पनि पाइन्छ ।

भगतसिंह : भनेपछि फलफूल बेच्ने अनि अन्न र तरकारी चाहिँ बजारबाट किन्ने ?

बद्री : होइन, मैले अन्न र तरकारीका लागि उ: परको ठाउँ छानेको छु । त्यहाँ वरिपरि ठुला ठुला रूखहरू छन् जसले हावाको गति र रोगको आक्रमणलाई रोक्नुका साथै अन्न र तरकारीको उत्पादनका लागि उपयुक्त खालको प्राकृतिक वातावरण तयार पार्छन् । (सबै जना त्यतैतिर लाग्छन् ।)

रामभरोस : यी भर्खर रोपेका बेर्नाका फेदमा सुकेका पातपतिङ्गर किन हाल्नुभएको नि ?

बद्री : ए यो, मैले यसलाई आच्छादन भन्ने गरेको छु । यसो गरेपछि बालीमा अनावश्यक झारपात पनि उम्रिँदैनन् अनि जमिनको चिसोपन पनि सुक्न पाउँदैन । अघि देखाएको लेदो हल्का छरिदिएपछि बिस्तारै यो कुहिन्छ र

बिरुवालाई मल पनि हुन्छ । हामीले खाने उत्पादित फसलबाहेक बाँकी रहेको सबै झ्यासझुस यसरी नै आच्छादन गरेपछि बिरुवालाई मलको अभाव नै हुँदैन नि । माटामा जति थियो त्यति नै रहेन त ? लिएको फसलको बदलामा महिनामा एक पटक लेदो छर्किने । हिसाबकिताब बराबर ।

हर्कध्वज : उता चाहिँ जङ्गलकै ढाँचामा खेती गर्नुभएको छ । यता पनि खेतबारीको वरिपरि रुखहरू रोप्नुभएको छ । यसैको छायाले बालीनाली बिगार्दैन ?

बद्री : सबै बिरुवालाई उत्तिकै घाम चाहिँदैन । एक पटक तपाईं जङ्गलको वातावरण अनुमान गर्नुहोस् । त्यहाँ अनगिन्ती रुखबिरुवा हुन्छन् । सबै बाँचेकै छन्, हुर्केकै छन्, फलेकै छन् । जङ्गलका बिरुवामा तपाईं जाच्नुहोस्, कुनै तत्त्वको कमी हुँदैन । त्यही विज्ञान यहाँ लागु हुन्छ ।

म्हेन्दो : तर एउटा कुरा हजुर, जङ्गलमा त मल, पानी र खनजोत केही त गरिँदैन । खेतीमा पनि त्यही नियम ल्याउन खोजेर हुन्छ होला त ?

बद्री : हुन्छ । उताको मेरो बागवानी त्यही मोडलको त हो नि, भइराखेको छ ।

भगतसिंह : तपाईंको कुरा अलि अनौठो लाग्यो । त्यसो भएदेखि रासायनिक मल र विषादीको प्रयोग गरेर खेती गर्नु नै हुँदैन त ?

बद्री : मैले प्रयोग गर्नुहुँदैन भनेको छैन । कुरो यत्ति हो कि मैले प्रयोग गरेको छैन । प्रयोग नगरी पनि यसरी नै गजबसँग उत्पादन गर्न सकिन्छ भने किन प्रयोग गर्नुपर्‍यो र ? यदि कसैले गर्ने नै विचार गर्छ भने कृषिविद्को सल्लाहमा माटो, हावा, पानी नबिग्रने गरी गर्नुपर्‍यो । मानव स्वास्थ्यलाई विचार गरेर गर्नुपर्‍यो । जमिनलाई उर्वर बनाउन गर्नुपर्‍यो, बन्जर बनाउन होइन । खासमा कृषि क्षेत्रमा जथाभावी रूपमा रासायनिक मल र विषादीको प्रयोग गर्नाले हामीले खाद्यपदार्थसँगै बिख खाइराखेका छौँ । त्यति मात्रै होइन, रासायनिक मल तथा विषादीहरूको अत्यधिक प्रयोग गरेर पानीका स्रोत र सास फेर्ने हावासमेत विषाक्त बनाएका छौँ । माटोसमेत बर्बाद बनाएर असङ्ख्य जलचर र स्थलचर जीवहरूको हत्या गरेका छौँ । प्राणीहरूको जीवन रक्षाको आदर्शलाई भुलेर यसरी विषादी प्रयोग गर्नु अपराध कर्म होइन ? मलाई लाग्छ, यो राम्रो भइराखेको छैन । त्यसैले त बेला बेलामा प्रकृतिले अनेक रोगका नाममा हामीहरूलाई पनि सजाय दिइराखेको छ, हैन र ?

डोल्मा गुरुमा : ठिक कुरा हो बद्रीजी, रासायनिक मल र विषादीको प्रचुर प्रयोगबाट गरिने उत्पादन प्राकृतिक उत्पादन नै होइन । त्यो त मानवनिर्मित कृत्रिम पदार्थ हो । खासमा त्यो खानेकुरा नै होइन, खानेकुरा जस्तै देखिने विषालु वस्तु हो ।

बद्री : हेर्नुस् डोल्माजी, हामीले त नेपालको कृषि क्षेत्रमा रहेका परम्परागत ज्ञान र अनुभवलाई जोगाउनुपर्ने छ । हाम्रा पुर्खाहरूले जोगाएर हामीलाई सुम्पेका बिउबिजन हराउँदै गएका छन्, भविष्यका लागि तिनको संरक्षण र प्रवर्धन गर्नुपर्ने छ । कृषि कर्मलाई सम्मानित कर्मका रूपमा स्थापित गर्नुपर्ने छ । तर के गर्नु ? नेपालको करिब दुई तिहाइ जनसङ्ख्या कृषि क्षेत्रमा आश्रित छन् तैपनि आजका प्राय: विद्यार्थीले आफूलाई भोलिको किसान भन्ने सोचेको छैन ।

कृषिकै अध्ययन र अनुसन्धानमा लागेका कृषि वैज्ञानिकहरू, नीति निर्माताहरू, जिम्मेवार पदाधिकारी तथा कर्मचारीहरू वा कृषि अभियन्ताहरूले पनि आफ्ना सन्तानलाई किसान बनाउन खोजेका छैनन् । पढेलेखेको मान्छेले म अब कृषि कर्म अपनाउँछु भनी निर्णय लियो भने त्यसलाई अर्कै नजरले हेर्ने वातावरण छँदै छ । यो मनोविज्ञानलाई नबदलेसम्म हामी कसरी समृद्ध बन्न सक्छौँ र ?

डोल्मा गुरुमा : तपाईंको कुरा मननीय छ बद्रीजी । तपाईंको यो कृषिशाला कृषिशाला मात्रै होइन, ज्ञानशाला पनि रहेछ । तपाईंलाई धेरै धेरै धन्यवाद । ल विद्यार्थी साथीहरू, हामी अब फर्कने तरखर गर्नुपर्छ है ।

बद्री : पख्नोस् पख्नोस्, फलफूल खाएर मात्रै फर्कनुपर्छ । म टिपिहाल्छु । (सबै विद्यार्थीहरू गुरुमाको अनुहारतिर हेरेर हाँस्छन् ।)

## शब्दार्थ

*जैविक* : *जीवसम्बन्धी*

*रोमाञ्चित* : *रोमाञ्च भएको, पुलकित*

*स्वास्थ्यमैत्री* : *स्वास्थ्यअनुकूल*

*पञ्चस्तरीय* : *खेतीका लागि एउटै स्थानमा फरक फरक पाँच प्रकारको स्तरनिर्धारण गरिएको*

*फसल* : *बालीनाली*

*बागवानी* : *फलफूल खेती, मालीले गर्ने बगैँचा*

*कृषिविद्* : *खेतीसम्बन्धी विशेषज्ञ*

*अभियन्ता* : *अभियानको नेतृत्व गर्ने*

### 'कृषिशालामा एक दिन' पाठको सार

'कृषिशालामा एक दिन' संवादमा परियोजना कार्यका लागि डोल्मा गुरुमासँग म्हेन्दो, रामभरोस, भगतसिंह र हर्कध्वज बद्री विश्वकर्माको कृषिशालामा जान्छन् । त्यसको सञ्चालन बद्रीले गरेका हुन्छन् । बद्री, जसले अर्थशास्त्र विषयमा स्नातकोत्तर तहसम्मको अध्ययन गरेका छन् । जसले दश वर्ष जति सरकारी सेवामा काम गरेका थिए । अहिले कृषिशाला उनै सञ्चालक बनेर काम गर्दै आएका व्यक्ति हुन् । उनका विचारमा व्यक्तिलाई कृषक बन्ने कि नबन्ने भनी छान्ने छुट होला तर मानव जातिलाई कृषि गर्ने कि नगर्ने भनी छान्ने छुट छैन भन्ने पाइन्छ । यस्ता कुरा सम्झाउँदै उनी अगाडि भन्छन् - "खेतीयोग्य जमिन बाँझो हुने क्रम बढिरहेको छ । बाँझो जमिनमा अन्न, फलफूल, तरकारी फलाउनुपर्छ । यसबाट राज्यले कल्पना गरेको समृद्धि, स्वरोजगार र पर्यावरण संरक्षणको क्षेत्रमा योगदान हुन्छ । स्वस्थ जीवनका लागि शारीरिक श्रमको महत्त्व पनि छ । जीवनको गाह्रोसारो पनि भावनासँग नै जोडिने कुरा हो । हामी मल, बिउ, औषधी बजारबाट

किन्दैनौँ । यो प्राकृतिक खेती हो । हाम्रो उत्पादनमा लागत कम छ तर उत्पादित वस्तुको मूल्य चाहिँ धेरै पाइन्छ । स्वास्थ्यमैत्री हुनाले हाम्रो उत्पादन सजिलैसँग यहीँबाटै बिक्छ, बजारको कुनै समस्या छैन ।" त्यसैगरी उनको भनाइ रहन्छ- "हामी बिरुवालाई चाहिने औषधी र मन यहीँ बनाउँछौँ । भाँडामा २०० लिटर पानी, १० लिटर गहुँत, १० किलो गोबर, एक किलो गुँड, एक किलो दालको पिठो र वरपिपलको फेदको एक मुठी माटो राम्रोसँग मिसाएर मल बनाउँछौँ । गाईबस्तुले नखाने खालका १०-१२ थरी रुखका पातहरूको रस गहुँतसँग मिसाएर बोटबिरुवामा छर्कन्छौँ । खुर्सानी, निम, लसुन, बेसार, बोझो जस्ता जडीबुटीलाई औषधीका रूपमा प्रयोग गर्छौं । आच्छादन प्रक्रियाबाट बोटबिरुवा हुर्कने अवस्था सिर्जना गर्दै वातावरणमैत्री कृषिकर्म गर्छौं ।" यस किसिमबाट उनी डोल्मा गुरुमासँग म्हेन्दो, रामभरोस, भगतसिंह र हर्कध्वज आदिले सोधेका हरेक प्रश्नको खुलेर जवाफ दिन्छन् । 'कृषिशाला त वास्तवमा ज्ञानशाला रहेछ' भन्ने निष्कर्षमा पुगेपछि संवाद समापन हुन्छ ।

## शब्दभण्डार

१. दिइएका अर्थ दिने शब्द अनुच्छेदबाट खोजेर लेख्नुहोस् :

अर्कातिर अहिले खेतीयोग्य जमिन बाँझो हुने क्रम बढिरहेको छ । प्राकृतिक र जैविक विविधतायुक्त उर्वर जमिन भएर पनि खाद्यपदार्थ विदेशबाट किन्नुपर्ने बाध्यता छ । यसले स्वदेशको पैसा विदेशतिर गइराखेको छ । कृषि उपजमा समेत वैदेशिक व्यापार घाटा छ । यस्तो बेलामा तपाईं हामी जस्ता पढेलेखेका मान्छेले यस विषयमा नसोच्ने हो भने कसले सोच्छ र ?

(क) जग्गा, भूमि, भुइँ .................

(ख) जीवमा आधारित .................

(ग) बाध्य हुने स्थिति .................

(घ) खेतबारीमा उत्पादन हुने खाद्यवस्तु .................

२. शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| गहुँत | पानीमा बसेर जीविका गर्ने प्राणी |
| स्थलचर | बिउ छरेपछि माटालाई पातपतिङ्गरले छोप्ने काम |
| आच्छादन | गाईको पिसाब |
| जलचर | सार्थक |
| | जमिनमा बसेर जीविका गर्ने प्राणी |

३. पाठमा दिइएको सन्दर्भ पढी दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

विषादी, समृद्ध, बागवानी, विषाक्त, रासायनिक, प्राकृतिक, आक्रमण

## बोध र अभिव्यक्ति

१. तल दिइएका शब्द उच्चारण गर्नुहोस् :

अध्ययन /अद्.ध्य.यन्/ विद्यार्थी /बिद्.द्यार्.थि/ स्वीकार /स्वि.कार्/

अस्तित्व /अस्.तित्.त्व/ आच्छादन /आच्.छा.दन्/ विषाक्त /बि.साक्.त/

२. 'कृषिशालामा एक दिन' संवाद आरोह, अवरोह मिलाई सस्वरवाचन गर्नुहोस् ।

३. 'कृषिशालामा एक दिन' संवादका आधारमा दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) 'कृषिशालामा एक दिन' संवादमा कति जना पात्र छन् ?

(ख) 'कृषिशालामा एक दिन' संवादमा विद्यार्थीहरू लिएर जाने पात्र को हुन् ?

(ग) 'कृषिशालामा एक दिन' संवादमा कतिपटक संवाद भएको छ ?

(घ) 'कृषिशालामा एक दिन' संवादको अन्त्य कसरी भएको छ ?

४. दिइएका भनाइ ककसका हुन्, पाठका आधारमा पत्ता लगाउनुहोस् :

(क) उहाँसँग दुवै समूहका प्रतिनिधिले आआफ्ना जिज्ञासाहरू राख्नुहोला ।

(ख) अन्ततः कृषिकर्मले मलाई आकर्षित गऱ्यो ।

(ग) खाद्यपदार्थ नै हामीलाई बचाउने औषधी हो, अमृत हो ।

(घ) कृषि पेसालाई दु:खी पेसा भन्छन् ।

(ङ) खासमा खेतीपाती गरेर जिन्दगी चलाउन गाह्रो हुँदैन र ?

(च) यो वनजङ्गलकै पारामा गरिने खेती प्रणाली हो ।

(छ) यता पनि खेतबारीको वरिपरि रुखहरू रोप्नुभएको छ ।

(ज) यो कृषिशाला कृषिशाला मात्रै होइन, ज्ञानशाला पनि रहेछ ।

५. तलको संवादको अंश पढी सोधिएका प्रश्नको उत्तर भन्नुहोस् :

डोल्माजीले भन्नुभएको कुरा सही हो । अर्कातिर अहिले खेतीयोग्य जमिन बाँझो हुने क्रम बढिरहेको छ । प्राकृतिक र जैविक विविधतायुक्त उर्वर जमिन भएर पनि खाद्यपदार्थ विदेशबाट किन्नुपर्ने बाध्यता छ । यसले स्वदेशको पैसा विदेशतिर गइराखेको छ । कृषि उपजमा समेत वैदेशिक व्यापार घाटा छ । यस्तो बेलामा तपाईं हामी जस्ता पढेलेखेका मान्छेले यस विषयमा नसोच्ने हो भने कसले सोच्छ र ?

प्रश्नहरू

(क) कृषि उपजका दृष्टिले नेपालको अवस्था कस्तो छ ?

(ख) नेपालको कृषि उपजलाई व्यवस्थापन गर्ने जिम्मेवारी कसको हो ?

६. नेपालको कृषिप्रणालीलाई कसरी प्रवर्धन गर्न सकिन्छ ? ‘कृषिशालामा एक दिन’ संवादका आधारमा समीक्षा गर्नुहोस् :

**आवश्यक बुँदा**

- नेपाल कृषि व्यवसायका दृष्टिले उपयुक्त मुलुक
- अज्ञानता, केही पलायनगत प्रवृत्ति र नेपाली मनोविज्ञान आदिका कारण यहाँको कृषिप्रणाली फस्टाउन नसकेको
- परम्परागत कृषिप्रणालीमा आधुनिकताको प्रभाव परिरहेको
- कृषिशालामा आवश्यक प्राङ्गारिक मल स्वयम् उत्पादन गरिएको
- भूगोलअनुसार परम्परागत कृषिजन्य बिउबिजनहरू लिएर माटो सुहाउँदो कृषि प्रणालीलाई आत्मसात् गर्नुपर्ने ।

## भाषातत्त्व

१. दिइएको अनुच्छेदबाट समस्त शब्द पहिचान गरी लेख्नुहोस् :

नियमपूर्वक व्रत बसी आजभोलि पनि यसरी धर्मकर्ममा लागेको र चक्रपाणिको स्तुति गरेको देखेर म दोधारमा परेँ । उनी चौबन्दी र मखिबुट्टे गुन्युमा सजिएकी थिइन् । उनले मलाई पनि पञ्चामृत र फूलपाती दिइन् ।

२. उदाहरण हेरी दिइएका समस्त शब्दलाई विग्रह गर्नुहोस् :

| समस्त शब्द | विग्रह |
|---|---|
| प्रतिदिन | प्रत्येक दिन |
| भान्दाइ | भानिज दाइ |
| हिमालय | हिमको आलय |

महाकवि, जलअन्न, चन्द्रबिन्दु, लोकहित, पूजासामग्री, रतन्धो, चौबन्दी

## सिर्जना/परियोजना

१. दिइएका शीर्षकमा संवाद लेख्नुहोस् :

(क) स्वास्थ्य नै धन हो

(ख) सामाजिक सञ्जालको प्रयोग

(ग) स्वस्थ रहने आधार

पाठ ११

# रारा भ्रमण

परिचय

रारा नेपालको ठुलो, प्रसिद्ध प्राकृतिक सुन्दरताले भरिपूर्ण ताल हो । यही तालको भ्रमण, अवलोकनसँग सम्बन्धित तीन दिने दैनिकीलाई नै 'रारा भ्रमण' शीर्षक राखिएको छ । कर्णाली प्रदेशको मुगु जिल्लामा अवस्थित राराको सुन्दरतालाई उच्च सम्मानका साथ वर्णन गरिएको यस दैनिकीले राराको महिमागान गरेको छ ।

दैनिकीको उद्देश्य नै राराको भ्रमण गर्ने रहेकाले रारा यस दैनिकीको मूल केन्द्रबिन्दु हो । रारालाई यस दैनिकीमा अनुपम सौन्दर्यका रूपमा वर्णन गरिएको छ । भौगोलिक दृष्टिले सामुद्रिक सतहदेखि २९७२ मिटर उचाइमा रहेको यस तालको चौडाइ पाँच किलो मिटरसम्म फैलिएको छ । फैलावट भएको ठाउँमा ३.२ किलो मिटरसम्म चौडाइ भएको यो ताल १०. ८ वर्ग किलो मिटर क्षेत्रफल ओगटेको विशाल, भव्य र उच्च स्थानमा रहेको प्राकृतिक ताल हो । सुन्दरताका दृष्टिले अति आकर्षक मानिने यो ताल बिहानी सूर्यको किरण पर्दा काँच झैँ टलक्क टल्किन्छ भने दिउँसो बतास चलेको समयमा तालको पानी बैँस छछल्किए झैँ तरङ्गित हुन्छ । बादल लागेको समयमा तालले बादललाई तानेर लमतन्न सुताए झैँ अनुभूति हुन्छ भने सौन्दर्यको छटाले पर्यटकहरूलाई लठ्याएको छ । तालको वरिपरि सदाबहार हरियालीले पहरेदार गरेर तालको सुरक्षा गरेको छ । ताल वरिपरिका डाँडापाखाहरूका अमूल्य जडीबुटीहरूले ताल सधैँ निरोगी झैँ देखिन्छ भने समग्र प्राकृतिक स्वर्गीय सौन्दर्यले रारालाई सजाएको छ । प्राकृतिक सौन्दर्यको खानी रारालाई जति हेरे पनि आँखाहरू तृप्त हुँदैनन् । राराको विशेषता नै यही हो ।

सिकाइ उपलब्धि

१. दैनिकी सस्वर वाचन गर्न

२. दैनिकीको ढाँचा बुझ्न

३. कठिन शब्दहरूको अर्थ बुझी वाक्यमा प्रयोग गर्न

४. रारा तालका बारेमा जानकारी पाउन

५. पाठका आधारमा भाषिक संरचना पक्षको अभ्यास

६. दैनिकी लेखन ।

# रारा भ्रमण

२०७७ जेठ २३ गते

सधैँ ६ बजे उठ्ने म आज त बिहानै साढे तीन बजे नै उठेँ । अरू दिन जस्तो कहाँ हो र ! आज त विशेष दिन थियो ! किनकि नेपाली प्रकृतिको अनुपम छटाले भरिएको कर्नाली प्रदेशको मुगुमा अवस्थित रारा जाने दिन पो थियो आज ! आँखाका ढकनी त आज साढे तीन बजे पो खुलिसकेछन् ।

झटपट नित्यकर्म सकेर म लागेँ मलाई नै पर्खेर बसिरहेको जिपतर्फ । गुल्मी आँपचौर तल्लाफाँटको 'राष्ट्रिय कफी विकास केन्द्र' अगाडि कुरेर बसिरहेको जिपमा म पुग्दा अन्य साथीहरू आइसकेका रहेछन् । आँपचौरको तल्लाफाँटबाट सुर्खेत पुग्नका लागि बिहान चारै बजे हाम्रो जिप निकै हतारिँदै थियो, किनकि आज जिपलाई करिब चार सय किलोमिटर लामो बाटो गुड्नुपर्ने थियो ।

नवीन दाजु, ललिता भाउजू, गोविन्द गुरुङ, धनलाल सर, प्रवेश भाइ, मनमाया र मसहित सात जना राराका घुमक्कड टोली बोकेर जिप तल्लाफाँटबाट सुर्खेतका लागि कुद्यो ।

ढोरपाटनबाट बग्दै आएको रुद्रावती (बडीघाट) नदीका काखमा अवस्थित तल्लाफाँटबाट रुद्रावती नदीलाई दाहिने पारेर किनारै किनार हामी अघि बढ्यौँ ।

उहिल्यैदेखिको कच्ची तर अहिले ग्राबेल हुँदै कालोपत्रेको पर्खाइमा रहेको तल्लाफाँटदेखि रिडीसम्मको ३० कि.मि. अर्धकच्ची बाटोका जोल्टिङहरूमा हामीलाई हल्र्याङ्हुर्लुङ पारेर हल्लाउँदै जिप हुइँकिदै थियो र झिसमिसेमै मजुवा, चोरकाटे, उल्लीखोला, खैरेनीका फाँटहरू छिचोल्दै हामीलाई बिहान साढे पाँच बजे रुद्रवेणी पुऱ्यायो । तल्लाफाँटबाट हामी सँगसँगै आएको रुद्रावती र मुस्ताङको दामोदर कुण्डदेखि लामो यात्रा गर्दै आएको काली गण्डकी एकअर्कामा समाहित भएको ठाउँ हो रुद्रवेणी । त्यहाँबाट स्याङ्जा गुल्मी र पाल्पा जिल्लाको मिलन बिन्दु रुरुक्षेत्रका नामले प्रसिद्ध तीर्थ एवम् पर्यटकीय स्थल रिडी पुग्यौँ ।

हाम्रो जिप अर्गली, जोर्ते, लगुवा, हार्थोक हुँदै पाल्पा तानसेन पुग्दा साढे सात बजिसकेको थियो । तानसेनको बतासेडाँडादेखि नागबेली बाटाका घुम्तीमा बटारिँदै गुडिरहेको हाम्रो जिप पर्वास पुग्यो । हामीले पाल्पाको जोरधारामा पुगेर पकौडा, चुकाउनी र चिया खायौँ ।

हामी नौ बजे बुटवल पुगिसकेका थियौँ र हाम्रो जिप बुटवलबाट पश्चिमतर्फ मोडियो । गोरुसिङ्गे, चनौटा, भालुवाङ, लमही हुँदै हामी साँझ चार बजे कोहलपुर पुग्यौँ । बुटवलदेखि भेट भएको पूर्व पश्चिम राजमार्गलाई छाडेर हामी उत्तरतर्फ लाग्यौँ । कोहलपुरमा पूर्वपश्चिम राजमार्गसँग बिदा भएर कर्णाली राजमार्गतर्फ अगाडि बढेको हाम्रो टोली चिसापानी, हात्तिसार र हर्रेको लेक हुँदै छिन्चुमा पुग्यो । हाम्रो जिप भेरी नदी तरेर कोहलपुरदेखिको करिब पचहत्तर किलोमिटरको यात्रा छिचोल्दै सुर्खेत पुग्यो र साँझ नौ बजे सुर्खेत बसपार्ककै एक होटलमा बस्यौँ ।

## २०७७ जेठ २४ गते

हिजो दिनभरि जिपमा कुँजिएर बस्दा र जिपले हुइक्याउँदा थाकेर लखतरान भई हिजो दश बजे सुतेका हामी बिहान चारै बजे उठ्न बाध्य भयौँ । किनकि हाम्रो जिपका गुरुबाट हामीलाई पाँचै बजे तयार हुन भन्ने सङ्केत भइसकेको थियो ।

चौबिस गते बिहान पाँचै बजे सुर्खेतबाट राराको यात्रामा निस्क्यौँ । एकछिन त्यहीँ बसेर सुर्खेतको सुन्दर उपत्यकालाई हेर्ने रहर हुँदाहुँदै पनि यस पटकको हाम्रो गन्तव्य रारा भएकाले हामी सुरम्य उपत्यका र बजार छोडेर अघि बढ्न विवश थियौँ । हाम्रो जिप बड्डीचउर पाताल खोला हुँदै तल्लो डुङ्गेश्वर झऱ्यो । हामीले त्यही नै चियानास्ता गऱ्यौँ ।

चिसो हिमाली जल बोकेर तातो तराई झर्दै गरेको कर्नाली नदीको तिरैतिर हामी अघि बढ्यौँ । यस्तो लाग्थ्यो, मानौक  कर्नाली घाम ताप्न तलतल झर्दै छ र हामी शीतलताको खोजीमा माथि माथि सर्दै छौँ । राकम कर्नाली, खिड्की जिउला हुँदै हामी जितेगाढ पुग्यौँ । सिन्जाबाट र जुम्लाबाट झरेका दुई बहिनी जस्ता हिमा र तिला नदी नाग्मगाढमा मिसिएर सुसेली हाल्दै यही जितेगढमा आएर कर्नालीमा हेलिएका थिए । यही दोभानबाट हामी कालिकोटको सदरमुकाम मान्म र पिली हुँदै हामी नाग्मगाढ पुग्यौँ । तिला र हिमा नदीहरू मिसिएको यो ठाउँबाट हामी हिमा नदीको किनारै किनारको राजमार्गलाई नछाडी सिँजा उपत्यकातिर उकालो लाग्यौँ ।

नाग्मबाट करिब डेढ घण्टापछि सिँजा उपत्यका प्रवेश गऱ्यौँ । सिँजाका वरिपरिका रमणीय बस्ती र खेतहरूलाई हिमा नदीले अभिसिञ्चन गरी जीवनदान दिएकी रहिछन् । बाइसे खस राज्यको राजधानी, नेपाली भाषाको उद्गम स्थल र रातो मार्सी धान उत्पादनको मूल थलो सिँजा उपत्यकाभित्र थुप्रै गाउँ रहेछन् । नराकोटबाट सिँजा प्रवेश गरेपछि त्यस उपत्यकामा पाण्डवगुफा हुँदै गोठीजिउला पुग्यौँ । नेपाली भाषाको उद्गम भूमि र मार्सी चामलको भूमि रहेछ सिँजा उपत्यका । गोठीजिउलामा पुगेर जिपबाट ओर्लँदै जिपभित्र कुँजिएको जिउ तन्कायौँ अनि होटलमा खाना बनाउन लगायौँ ।

दुई सय वर्ष पहिले बाइसे राज्यका समयमा यो सिँजा कति गुल्जार थियो होला ? भनिन्छ, यही सिँजाले राणाकालमा दरबारका भान्सामा मार्सी चामल पठाउँथ्यो रे । मोटर बाटाले छोएपछि भने सिँजा अहिले दङ्ग परेको जस्तो मैले अनुभूत गरेँ ।

खाना खाएपछि पवित्र र ऐतिहासिक सिँजालाई आँखाभरि सजाउँदै हामी जिप चढ्यौँ । लुड्कु, हाटसिँजा र मालिका बोता जस्ता सहर हुन रहर गर्दै गरेका रमणीय बस्तीहरू छिचोल्दै अघि बढ्यौँ ।

हामी ऐतिहासिक सिँजा उपत्यकालाई छोड्दै मालिका बोतादेखि सुरु हुने चट्टान चिरेर बनेको राजमार्गलाई पछ्याउँदै गयौँ र चौँथा भन्ने ठाउँमा पुग्यौँ । होटल र खानपानको व्यवस्था भएको यस ठाउँबाट उकालिदैँ घुच्चीको लेकमा पुग्दा रारा राष्ट्रिय निकुञ्जको चेक पोस्टसँग हाम्रो जम्काभेट भयो । रारा आइपुग्यो कि क्या हो ? भनेर सोधेपछि थाहा भयो, अझै केही ओरालो र जङ्गलपछि मात्र पो रारा ताल पुगिने रहेछ । त्यहाँबाट अघि बढेर पिनागाउँ हुँदै हामी रारा ताल नजिकैको सल्लेरीको जङ्गलमा पुग्यौँ । गाडी त्यहीँ रोकेर झोला बोकी करिब एक घण्टा हिड्यौँ । रात परेकाले होला, बाटाको जङ्गलका फाट्टफुट्ट रुखका ठुटाहरू मान्छे धुम्धुम्ती बसे झैँ देखिए । म एक्लै आएको भए त तर्साउँथे होलान् । केही छिनपछि हामी रारा पुग्यौँ । हामीले राराकै छेउमा अवस्थित रिसोर्टमा थाकेका झोलाहरू बिसायौँ ।

बेलुका नै रिसोर्टमा बसेर आगो ताप्दै गर्दा देखिएको राराको रात्रिकालीन सौन्दर्य र स्थानीयबासीहरूबाट सुन्न पाइएको देउडाको प्राकृतिक स्वाद पनि कम्ती स्वादिलो थिएन । रिसोर्टमा पुग्ना साथ हामीलाई तातो हर्बल चियाले स्वागत गरियो । जति पिए पनि थपिदिने चलन रहेछ । मुख र पेट हर्बलले ताते पनि शरीरसँग सिँगौरी खेल्न भन्दै चिसो हावा आफ्नै गतिमा बगिरहेको थियो ।

रारा भ्रमणमा आएका विदेशीहरू मात्रै होइन स्वदेशी पर्यटक आआफ्नै समूहहरू रिसोर्ट क्षेत्र ( कम्पाउन्ड) भित्रै नाचगान र ख्यालठट्टा गर्दै रमाइरहेका दृश्य पनि कम्ती रोचक थिएनन् ! चिसिएको शरीरलाई बलिरहेको आगाका रापमा सेकाउँदै आआफ्नै भाषा र संस्कृतिपरक प्रस्तुति दिइरहेका दृश्यले यस स्थानलाई सिङ्गो विश्वकै सांस्कृतिक केन्द्र बनाइरहेको थियो । यसको प्रत्यक्षदर्शी म आफैं बनिरहेको थिएँ ।

तराईको गर्मीमा बाफिँदै उकालिएको हाम्रो जिउ रारामा आइपुग्दा पुरै चिसिएको थियो । हामी गुल्मीको भन्दा कैयौं धेरै गुना चिसो ठाउँमा पुगिसकेका थियौं । एकछिन अघिसम्म आगाको कृत्रिम तातो र राराको प्राकृतिक चिसोको तीव्र द्वन्द्व अनि लामो यात्राको थकानले लखतरान भएको अनुभव गरेको थिएँ । तर राराको सौन्दर्यपान गर्ने खुसीले मन फुरुङ्ग थियो ।

२०७७ जेठ २५ गते

आज पनि सबै जना बिहान पाँच बजे नै उठ्यौं । हामी हाम्रो सपनाको गन्तव्य राराको आँगनीमा पुगेर एक टकले सारा रारालाई आँखाका साना नानीभित्रै अटाउन खोज्यौं ।

बिहानै मिर्मिर उज्यालो भएपछि हामी रारा ताल हेर्न, छुन र त्यसबाट आनन्द लिन राराकै छेउमा पुग्यौं । किनारमा छचल्किँदै आउने रारा तालका बेताल लहरहरू बैंसले छचल्किएका हुन् या हामीसँग पिरती गाँस्न हतारिएका हुन्, हामीलाई ठम्याउन गाह्रो पर्‍यो । सौन्दर्य हेर्न आउने जति सारा पर्यटकहरूको दिल चोर्ने जादुमयी राराको मादकतामा नलट्ठिने कोही हुँदा रहेनछन् । कवि म.बी.बी. शाहको 'रारा कि अप्सरा' भन्ने कविता सम्झेपछि मलाई लाग्यो, रारामा त शासकलाई समेत एकै नजरमा साहित्यकार र कवि बनाइदिन सक्ने जादु पनि रहेछ । आफू कवि नभए पनि मलाई राराका जुन कुनै दृश्य कविताका सुन्दर पङ्क्ति लागिरहे । सम्पत्ति, सुख र वैभवका पछाडि कुद्दाकुद्दै कृत्रिमताको मैलोले कटकटिएको मानव मनलाई धोइपखालिदिएर प्राकृतिक मान्छे बनाउने जादु पनि यिनै रारामा रहेछ । सुन्दरता यस्तो वस्तु रहेछ जसलाई जति हेरे पनि नअघाइँदो रहेछ र अझै भोक जागिरहँदो रहेछ ।

हामीले रारा राष्ट्रिय निकुञ्जको कार्यालयको दक्षिण फर्केको गेटनजिकै बसेर पनि रारालाई हेर्‍यौं । राराकै किनारमा बस्दा राराका छालहरू छचल्किँदै हामीसँग जिस्किन आइपुगे र हामीलाई त्यो चिसो पानीले छुँदा रारा नानीको न्यानो मायाले जिउ नै सिरिङ्ग पारेको अनुभूत भयो । हामीले राराको वरिपरि करिब पाँच किलोमिटर हिँडेर एक फेरा पनि लगायौं । चारैतिरबाट सदाबहार वनस्पतिले भरिएका पहाडले डिल लगाए जस्ता डाँडाहरूले घेरिएको यो रारा र यसको गाढा हरियो पानी हेर्दाको दिव्य अनुभूतिको वर्णन शब्दहरूबाट मात्र सम्भव थिएन ।

मलाई लाग्यो, शुक्ल पक्षमा चाहिँ राराका तालभित्र दिउँसो र राती, घाम र जून पालो बाँडेर आलोपालो पौडिँदा होलान् । रातीको यस्तो मादक दृश्य देखेर दिउँसो आकाशमा देखिने बादलका दलहरू, नजिकै ठडिएका हरिया पहाडहरू तथा सैंपाल, सिस्ने र कान्जिरोवा जस्ता हिमालहरू पनि तँछाडमछाड गर्दै राराका लहरमा हाम्फाल्दै लहरिएर अपूर्व आनन्द लुट्दा होलान् !

त्यहाँको कञ्चन जल देख्दा लाग्यो, राराको यो जल साधारण होइन, असाधारण छ । यो जल रारावरै सरोफेरोको घना जङ्गलमा रहेका सयौँ प्रकारका असङ्ख्य जडीबुटीहरूका जराका वनौषधीहरूको अनुपम रसायन र सम्मिश्रणबाट बनेको छ । त्रेता युगमा लक्ष्मण घाइते हुँदा हनुमान्जी सञ्जीवनी बुटी लिन हिमाली भेगमा आउँदा कुन चाहिँ सञ्जीवनी बुटी हो ठम्याउन नसकी सिङ्गो पर्वत नै उठाएर लगेको मिथक भनूँ वा किंवदन्ती भनौँ त्यो कल्पना मात्र होइन कि भन्ने कुरालाई त्यस दृश्यले पुष्टि गर्‍यो ।

रारालाई पहरा दिएर बसेका वरिपरिका पहाड र त्यहाँ सुषुप्त वनस्पति सम्झेर मेरो छाती गर्वले फुल्यो । म आफूभित्र नेपाली हुनाको गौरवको नयाँ सगरमाथा उभियो ।

समुद्री सतहदेखि २९७२ मिटरको उचाइमा अवस्थित यस तालको लम्बाइ अधिकतम पाँच किलोमिटर र चौडाइचाहिँ अधिकतम ३.२ किलोमिटर रहेछ । १०.८ वर्ग किलोमिटर ओगटेको क्षेत्रफल स्वयम्ले नै यस तालको विशालता, उच्चता र भव्यताको साक्ष्य प्रस्तुत गरेको रहेछ । बिहान सूर्य उदाउँदा काँच झैँ टलल टल्किनु, दिउँसो चल्ने बताससँगै राराको पानी आफैँ हावामा लहरिँदै तरेली खेल्नु र आकाशमा बादल लाग्दा सोही बादललाई तानेर पुरै तालभरि नै ओछ्याई दिनभरमा तीनपटक सौन्दर्य सज्जा गर्दै पर्यटक लठ्याउनका लागि रारा नानीले अनेक रूप फेर्दिरहिछन् । रारा नजिकै करिब दुई घण्टाको हिँडाइबाट पुगिने मुर्माटप भन्ने अत्यन्त महोवपूर्ण ठाउँ रहेछ ।

राराको पुरै दृश्यावलोकन गर्न अपी, कान्जिरोवा र सिस्ने जस्ता हिमालहरू हेर्न पाइने उक्त ठाउँमा पुग्न हामी सकेनौँ ।

हामीले पनि हिजो राति एक जना देउडा गायकले गाएको र राराबाट छुट्टिएर जाँदा हामीलाई घत लागेको यो देउडा गीत गुनगुनायौँ :

भोल उठी बाइजान्या हौँ बसेइ है रारा ताल

आक्को साल फेरि आउँला नबिर्सन्या मायाजाल ।

यसरी रारालाई हेर्ने र अघाउने धोको अधुरै छाडी अर्कोपल्ट अघाउन्जेल हेर्न आउने वाचाका साथ हामी साँझ सात बजेतिर पुनः रिसोर्टमै फर्क्यौँ । हामी हतारिएका थियौँ किनकि हामीलाई भोलि बेलुकी सुर्खेत पुग्नु थियो र पर्सिसम्म आफ्नै जन्मथलो पुग्नै पर्ने थियो ।

**शब्दार्थ**

| | | |
|---|---|---|
| *विवश* | : | *पराधीन, बाध्य, लाचार* |
| *दोभान* | : | *दुई नदीको सङ्गम* |
| *उद्गम* | : | *उत्पत्ति* |
| *दिव्य* | : | *अति सुन्दर, मनोहर* |
| *अपूर्व* | : | *अद्भुत, विलक्षण* |
| *अनुपम* | : | *अतुलनीय, बेजोड* |

*सञ्जीवनी : पुनर्जीवन दिन सक्ने एक बुटी*

*मिथक : लोकमा प्रचलित पुराना प्रतीक वा विम्ब*

**दैनिकीसार :** 'रारा भ्रमण' तीन दिनको दैनिकी रहेकाले प्रत्येक दिनका घटनाक्रमलाई छोटकरी रूपमा यहाँ प्रस्तुत गरिएको छ :

**पहिलो दिन २०७७ जेठ २३ गते**

यस दैनिकीका लेखक र उनका साथीहरूको पूर्व तयारीअनुसार तीन दिनको रारा भ्रमण गर्ने उद्देश्यले बिहान साढे तीन बजे नै उठेर यात्राका लागि तयारी हुन्छन् । पाँच जना साथीसँग बिहानको चार बजे गुल्मीको तल्ला फाँटबाट यात्रा प्रारम्भ हुन्छ । जिपबाट गरिएको यस यात्राका क्रममा बाटामा देखिएका विभिन्न स्थानहरूसँग परिचित हुँदै उनीहरूको यात्रा अगाडि बढ्छ । मझुवा, चोरकाटे, उल्लीखोला आदि विभिन्न फाँटहरूसँग जम्काभेट हुँदै ती ठाउँलाई बिदा गरेर यात्रा अगाडि बढ्छ । रिडी, अर्मली, लगुवा, हार्थोक, पाल्पाका रमाइला ठाउँहरूले यात्रीहरूलाई लोभ्याएका छन् । जोरधारामा पुगेर खाजा खाई त्यहाँबाट यात्रा सुरु भएर बुटवल, गोरुसिङ्गे, चनौटा, भालुवाङ, लमहीको बाटो भएर साँझपख कोहलपुर पुग्छन् । चिसापानी, हर्रेको लेकसँग मितेरी गाँस्दै बेलुका नौ बजे सुर्खेत पुगेर एउटा होटलमा बास बस्छन् । पहिलो दिनको यात्रा भए पनि दिनभरिको यात्राले थकान भएका यात्रीहरू खानपिनपछि विश्राम गर्छन् ।

**दोस्रो दिन २०७७ जेठ २४ गते**

सुर्खेतको होटलबाट बिहान ५ बजे राराको यात्रा सुरु हुन्छ । केहीबेरको यात्रापछि ढुङ्गेश्वर आइपुग्छ । त्यहाँ चियानास्ताको व्यवस्था गरी यात्रा कर्णाली नदीको तिरैतिर अगाडि बढ्छ । बिचमा आउने जितेगढ, मान्मा, पिली, नाग्मागाढसम्म पुग्छ र त्यहाँबाट यो यात्रा सिँजातर्फ मोडिन्छ । सिँगा उपत्यकामा पुगेर पाण्डव गुफाको अवलोकन गरेपछि यात्रा अगाडि बढ्छ । गोठी जिउँला पुग्दानपुग्दै भोकले सताइरहेको हुन्छ भने त्यहाँ पुगेर होटलमा खाना बनाउन लगाई विश्रामका साथ खाना खान्छन् । त्यसपछि बोटाको राजमार्गमा यात्रा अगाडि बढ्छ । घुच्चीको उकालो भएर रारा राष्ट्रिय निकुञ्जको चेकपोष्ट आएपछि यात्रीहरूमा पनि राराले आकर्षण गर्न थाल्छ । सल्लेरी हुँदै रारामा पुगेपछि होटलको व्यवस्था गरी बास बस्छन् र रात्रीकालीन राराको सौन्दर्यमा केहीबेर रमाउन पुग्छन् । त्यसैगरी त्यहाँको प्राकृतिक खानपान र सांस्कृतिक पक्षले यात्रीहरूलाई अझै मोहित तुल्याउँछ । दोस्रो दिन रारामा प्रवेश गरेर यात्रीहरू आनन्दको अनुभूति गरिरहेका छन् ।

**तेस्रो दिन २०७७ जेठ २५ गते**

तेस्रो दिन आफूले गन्तव्य बनाएको ठाउँमा पुग्दाको बेग्लै आनन्दले सबै यात्रीहरूलाई उमङ्गित बनाइरहेको छ । बिहान पाँच बजे उठेर राराको आँगन वा समीपमा पुगेर रारालाई आँखाभरि पार्दै मनमा रारासँग गहिरो ममता गाँस्न पुग्छन् । राराको समीपमा रहेको राष्ट्रिय निकुञ्जको दक्षिणी प्रवेशद्वारको नजिकै बसेर राराको हरियो झैँ लाग्ने गाढा निलो पानीमा मन रमाएको अनुभूति यहाँ व्यक्त गरिएको छ । राराको परिवेशसँगै घुलमिल भएर रारालाई अनेकौँ उपमा दिँदै जति हेरे पनि नअघाइने रारालाई अर्को साल पुन: आउने वाचाका साथ तेस्रो दिनको दैनिकी पनि समाप्त हुन्छ ।

## शब्दभण्डार

१. दिइएका प्राविधिक तथा पारिभाषिक शब्दको अर्थसहित वाक्य पढ्नुहोस् :

| | | |
|---|---|---|
| अन्तरिम | : | (मध्यवर्ती, बिचको) प्रजातन्त्र आएपछि अन्तरिम सरकारले केही वर्षसम्म देश चलायो । |
| अब्बल | : | (पहिलो दर्जाको) रामको खेत अब्बल भएकाले उब्जनी पनि राम्रो हुन्छ । |
| अभिप्रेरणा | : | (उद्देश्य प्राप्तिका लागि दिइने हौसला) शिक्षकले विद्यार्थीलाई अभिप्रेरणा दिनुभयो । |
| अभिलेख | : | (पुरानो लेखोट) पुराना अभिलेखहरूबाट देशको इतिहास थाहा पाउन सकिन्छ । |
| आपूर्ति | : | वस्तुको अभाव पूरा गर्ने कार्य नेपाली किसानले उपभोक्ताको मागअनुसार उत्पादन गर्न नसकेकाले भारतबाट सामान आपूर्ति गरियो । |
| आयकर | : | (आम्दामीमा लाग्ने कर) उद्योगपतिले आयकर तिर्नुपर्छ । |
| आरक्षण | : | (कसैका लागि राज्यले दिने विशेष अवसर) नेपालमा सरकारले पिछडिएका वर्गका लागि सरकारी जागिरमा आरक्षणको व्यवस्था गरेको छ । |
| जीवाणु | : | (सूक्ष्म किटाणु) हैजाका जीवाणु सर्न नदिन बिरामीको राम्रो हेरचाह हुनुपर्छ । |
| जीवावशेष | : | (चट्टानभित्र बाँकी रहेका जीवका हाडखोर) चार्ल्स डार्बिनले चट्टान फोरेर थुप्रै जीवावशेष प्राप्त गरे । |
| तापक्रम | : | (शरीरमा रहेको तातोपना) जरो आउँदा शरीरको तापक्रम बढ्छ । |
| ताम्रपत्र | : | (तामाको धातुमा लेखिएको लेखोट) ताम्रपत्रबाट इतिहास बुझ्न सजिलो हुन्छ । |
| तारापुञ्ज | : | (ताराको समूह) आकाशमा अनेकौँ तारापुञ्ज छन् । |

२. दिइएका प्राविधिक तथा पारिभाषिक शब्दको प्रयोग गरी एउटा अनुच्छेद लेख्नुहोस् :

महामारी, इन्धन, मुद्दती, ऊर्जा, आशुकवि, दीक्षान्त, क्रमशः, खण्डवृष्टि, क्षेप्यास्त्र, आवासीय

३. पाठ पढेर दशओटा प्राविधिक तथा पारिभाषिक शब्दहरू लेख्नुहोस् ।

## बोध र अभिव्यक्ति

१. 'रारा भ्रमण' दैनिकीमा वर्णन गरेअनुसार तपाईंलाई कुन ठाउँको वर्णन सुन्दर लाग्यो त्यस ठाउँका बारेमा लेख्नुहोस् ।

२. रारा तालको सौन्दर्य पक्ष के के हुन्, पाठका आधारमा चर्चा गर्नुहोस् ।

३. आफू घुम्न गएको कुनै रमणीय ठाउँको वर्णन गर्दै एक दिनको दैनिकी लेख्नुहोस् ।

४. रारा भ्रमणमा निस्किएदेखि अन्तिमसम्म भेटिएका विभिन्न ठाउँका नामहरूको टिपोट गर्नुहोस्

## भाषातत्त्व

१. दिइएका द्वित्व शब्दहरू पढ्नुहोस् :

| द्वित्वशब्द | निर्माण प्रक्रिया |
|---|---|
| कपाकप | : कप + कप |
| मरमसला | : मसला + मसला |
| पालैपालो | : पालो + पालो |
| नयाँनयाँ | : नयाँ + नयाँ |
| झैझगडा | : झगडा + झगडा |
| तात्तातो | : तातो + तातो |
| सरसामान | : सामान + सामान |
| दिनदिनै | : दिन + दिन |
| आलोपालो | : पालो + पालो |
| खुरुखुरु | : खुरु + खुरु |
| आआफ्ना | : आफ्ना + आफ्ना |

२. तलका द्वित्व शब्दको निर्माण प्रक्रिया देखाउनुहोस् :

मरमद्दत, काटकुट, फटाफट, बेचबिखन, भातसात, ऐँचोपैँचो, मेलमिलाप

३. पाठमा प्रयोग भएका द्वित्व शब्द खोजेर लेख्नुहोस् ।

## सिर्जना/परियोजना

१. आफूले मनाउने कुनै सांस्कृतिक चाडपर्वको दिन सम्झेर एक दिनको दैनिकी लेख्नुहोस् ।

२. आफ्नो स्थानीय क्षेत्रमा रहेको कुनै पर्यटकीय क्षेत्र भ्रमण गरेको विषय बनाएर एक दिनको दैनिकी लेख्नुहोस् ।

पाठ १२

# जलस्रोत र ऊर्जा

परिचय

एउटा विषयमा केन्द्रित भई श्रोतासमक्ष प्रभावकारी ढङ्गले आफ्ना विचारहरू बोलेर प्रस्तुत गर्ने कार्य वक्तृता हो । यसलाई भाषण, प्रवचन, वाक्कौशल पनि भनिन्छ । वक्तृतामा स्पष्टता, क्रमबद्धता, विषयप्रति सम्बद्धता तथा विशिष्टता जस्ता गुण हुनुपर्छ । वक्तृतामा मिठासपूर्ण भाषा, आकर्षक र प्रभावकारी शैलीमा आफ्ना विषयवस्तु राख्नुपर्छ । वक्ताले निम्न कुरामा ध्यान दिनुपर्छ :

- यस किसिमको निर्दिष्ट वक्तृतामा वक्ताले पाँच मिनेटसम्म मात्र बोल्न पाउने छन् । बोल्न सुरु गरेको चार मिनेटमा जनाउ घन्टी लाग्ने छ । त्यसको एक मिनेटमा अन्तिम घन्टी बजेपछि वक्ताले आफ्नो भनाइ रोक्नुपर्ने छ ।
- वक्ताले बोल्दा कुनै पनि धर्म, जातजाति, वर्ण, लिङ्ग, संस्कृतिप्रति आक्षेप लगाउन पाइने छैन ।
- वक्ताले कुनै पनि प्रकारको लिखित सामग्री हेरेर बोल्न पाइने छैन ।
- प्रतियोगीको मूल्याङ्कनमा निर्णायक मण्डलको निर्णय नै अन्तिम निर्णय हुने छ ।

प्रस्तुत 'जलस्रोत र ऊर्जा' विषयक वक्तृतामा नेपाल जलस्रोतको दोस्रो धनी देश भएकाले यहाँको जलराशीमा ८३००० मेगावाट विद्युत् उत्पादन गर्ने सामर्थ्य भएको चर्चा गरिएको छ । जलस्रोत ऊर्जाको प्रमुख स्रोत हो । जलस्रोतको भूमिका कृषि र पर्यटन क्षेत्रमा पनि रहेको चर्चा गर्दै यिनलाई सदुपयोग गर्दा देश समृद्ध बन्न सक्ने भाव सम्प्रेषण गरिएको छ ।

सिकाइ उपलब्धि

१. वक्तृताको परिचय दिन
२. वक्तृताको संरचना (विषय प्रस्तुतिको क्रम, अनुच्छेद योजना, भाषाशैली आदि) पहिचान गर्न
३. पाठमा प्रयुक्त शब्दको अर्थबोध गरी प्रयोग गर्न
४. पाठगत बोध प्रश्नोत्तर गर्न
५. बुँदा टिपोट र सारांश गर्न
६. समाचार वाचन र उद्घोषण गर्न
७. उद्देश्य र विधेय पहिचान गर्न
८. सङ्केतका आधारमा वाक्यान्तरण गर्न
९. वक्तृता रचना गर्न ।

मूल पाठ (संवाद)

# जलस्रोत र ऊर्जा (संवाद)

विद्यालयको सभाकक्षमा जलस्रोत र ऊर्जा विषयक वक्तृत्वकला प्रतियोगिता सुरु हुन लागेको छ । उक्त प्रतियोगितामा विद्यालयका विद्यार्थीहरूले भाग लिएका छन् । कार्यक्रमको अध्यक्षता विद्यालयका प्रधानाध्यापकले गर्नुभएको छ । मञ्चको एकापट्टि तीन जना शिक्षकहरू निर्णायकको भूमिकामा बस्नुभएको छ । अर्कापट्टि प्रतियोगी विद्यार्थीहरू बस्नुभएको छ । एक जना शिक्षक समयपालकको भूमिकामा हुनुहुन्छ । कार्यक्रम कक्षा ११ मा अध्ययनरत एक जना विद्यार्थीले सञ्चालन गर्नुभएको छ । कार्यक्रम सञ्चालकले प्रतियोगिताका नियमहरू प्रस्ट पार्दै पहिलो प्रतियोगी मिना अयरलाई मञ्चमा निम्त्याउनुहुन्छ :

### मिना अयर

आदरणीय सभाध्यक्ष, निर्णायक मण्डल, मञ्चासिन विशिष्ट व्यक्तित्वहरू, श्रद्धेय गुरुवर्ग, प्रतियोगी साथीहरू र अन्य उपस्थित सम्पूर्ण विद्यार्थी साथीहरू !

जलस्रोत र ऊर्जा विषयक यस वक्तृत्वकला प्रतियोगितामा म मिना अयर आफ्ना भनाइ राख्दै छु ।

आदरणीय महानुभावहरू !

हामी सबैलाई थाहा छ, नेपाल प्राकृतिक सम्पदाका दृष्टिले संसारकै धनी देश हो । जलस्रोतका दृष्टिले यो देश एसियाको सबैभन्दा सम्पन्न देश मानिन्छ । सिङ्गो विश्वमा हाम्रो देश जलस्रोतमा ब्राजिलपछिको दोस्रो धनी राष्ट्र हो । हिमाल, समुद्र, नदीनाला, झरना, छहरा, तालतलैया, आफैँ पानी निस्कने मूलहरू, इनार, ट्युबवेल तथा वर्षाद्लाई जलस्रोत मानिन्छ । यस्ता स्रोतहरूमध्ये समुद्रबाहेक सबै स्रोतहरू हाम्रो देशमा उपलब्ध छन् । त्यसैले हाम्रो देशको द्रुततर विकास गर्ने हो भने जलस्रोतको समुचित दोहन गर्न सक्नुपर्छ ।

नेपालमा जलस्रोतको अत्यधिक उपयोग जलविद्युतीकरणबाट गर्न सकिने कुरा विभिन्न सर्वेक्षणहरूले देखाएको हामी सबैलाई थाहा छ । बाह्रै महिना परिरहने हिउँ, नित्यनिरन्तर बगिरहने अथाह जलराशि र भिरालो भौगोलिक बनोटको सहमिलनबाट ८३ हजार मेगावाटभन्दा बढी ऊर्जा उत्पादन गर्ने सामर्थ्य नेपाली जलस्रोतमा सुरक्षित छ । वि. स. १९६८ मा फर्पिङमा चन्द्रज्योति नामक ५०० किलोवाटको जलविद्युत् आयोजनाबाट सुरु भएको विद्युतीकरणको अभियान हाल करिब १५०० मेगावाट उत्पादन हुने क्रममा छ । काली गण्डकी ए जलविद्युत् आयोजना जस्तो १४४ मेगावाट क्षमताको विशाल आयोजना सञ्चालनमा छ । यस्ता आयोजनाहरूमार्फत हाम्रो जलस्रोतको सम्पूर्ण क्षमताको पचास प्रतिशत मात्रै विद्युत् उत्पादन गर्न सक्ने हो भने यस देशको आर्थिक उन्नति हुन बेर लाग्दैन । भर्खरैसम्म लोडसेडिङ र विभिन्न किसिमको ऊर्जा सङ्कट बेहोरिरहेको हाम्रो देशलाई त्यसबाट मुक्त गर्न सक्ने सामर्थ्य केवल जलस्रोतसम्बद्ध विद्युतीकरणले मात्र गर्न सक्छ । त्यसैले हाम्रो देशको उज्यालो भविष्य देख्न चाहने जुनसुकै निकायले जलविद्युत् आयोजनाको निर्माण, सञ्चालन र विस्तारमा ध्यान दिनु जरुरी छ । यसका लागि आवश्यक नीति नियमहरू तयार पार्नु वा आवश्यक परे फेरबदल गर्नु जरुरी छ । जलविद्युत्मा लगानी गर्ने वातावरण बनाउनुपर्छ । जलविद्युत्सँग सम्बद्ध उद्योग, कलकारखानाहरू खोल्ने वातावरण बनाउनु

जरुरी छ । घरायसी रूपमै पनि जलविद्युत्को खपत बढाउन हौस्याउने नीति अख्तियार गर्नुपर्छ । अझ बढी हाम्रो देशमा उत्पादित जलविद्युत् विदेशसम्म पुर्‍याएर बेच्ने वातावरण तयार गर्नुपर्छ ।

जलस्रोतको परम्परागत उपयोग सिँचाइसँग सम्बद्ध छ । नेपाली जलस्रोत नेपाली भूमिसँग मात्र होइन, छिमेकी मुलुकको भूमिको उर्वरासँग पनि गाँसिएको छ । नेपाली भूगोलभित्र छ हजार जति नदीनालाहरू छन् र तीमध्ये छ सयभन्दा बढी नदीहरू बाह्रै महिना निरन्तर बगिरहन्छन् । यस्ता नदीनालाहरूबाट कुलो, पैनी वा नहर निर्माण गरेर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुर्‍याइएको छ र तिनै जमिनमा उब्जेको अन्न खाएर हामी बाँचिरहेका छौँ । यसरी भूमिको उर्वरा बढाउँदै राष्ट्रको कृषिजन्य उत्पादन बढाउन पनि हाम्रो जलस्रोतको उपयोग भइरहेको छ । यस्तो उपयोगलाई अझ आधुनिक र प्रविधिमैत्री बनाउँदै कृषि आत्मनिर्भर बनाउने अभियानमा हामी सफल हुने हो भने हाम्रो विकासको फाँट अझ बढी फराकिलो हुनेमा शङ्का छैन ।

श्रद्धेय श्रोतागण !

नेपाली जलस्रोतको उपयोग पर्यटन र मनोरञ्जनका क्षेत्रमा पनि गर्न सकिन्छ । हामीसँग संसारकै सबभन्दा अग्लो ठाउँमा रहेको तिलिचो ताल र सुन्दर प्राकृतिक वातावरण भएका हिमताल तथा अन्य तालतलैयाहरू छन् । त्यस्ता तालतलैयाहरूलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गरी बर्सेनि लाखौँ पर्यटक भित्र्याउन सकिन्छ । फेवाताल, वेगनास ताल, बुलबुललगायतका तालतलैयाहरूको प्रचारप्रसार र तिनको सौन्दर्यलाई खलल नपुर्‍याउने गरी विस्तार गरिएका नौका विहार आदिको सुविधाले नेपालको पर्यटनलाई दरिलो बनाउँछ । तीव्र गतिमा बग्ने नेपाली नदीमा र्‍याफ्टिङको विस्तारले साहसिक पर्यटनमा विदेशीहरूलाई निम्तो दिइरहेको छ । यसका साथै विभिन्न ठाउँमा स्विमिङ पुल, पानीसम्बद्ध खेलहरू खेल्ने ठाउँ विकास गर्ने हो भने आन्तरिक तथा बाह्य पर्यटनको विस्तारसँगै र नेपाली अर्थतन्त्र चलायमान हुन्छ र देशोन्नतिका सिँढीहरू थपिन्छन् ।

(जनाउ घन्टी बज्छ ।)

अन्त्यमा नेपालको जलस्रोत देशको समृद्धिको आधार हो । यसको सदुपयोग गर्न सके हाम्रो अर्थतन्त्र बलियो बन्छ । आज हाम्रो देशले ऊर्जा सङ्कट बेहोरिरहेको छ । यस्तो ऊर्जा सङ्कटले हाम्रा दैनिक गतिविधिहरू प्रभावित हुन्छन् । पेट्रोलियम ऊर्जा खरिदका लागि दैनिक करोडौँ रुपियाँ खर्च हुन्छ । विश्वबजारमा दिनप्रतिदिन बढिरहेको पेट्रोलियम पदार्थको भाउका कारण हाम्रो देशको अर्थतन्त्रले थाम्नै नसक्ने अवस्था आउन सक्छ ।

(घन्टी बज्छ ।)

यस्तो महासङ्कटबाट हामीलाई सेतो सुनका रूपमा परिभाषित हाम्रै जलस्रोतको सही सदुपयोग मात्र मुक्ति दिन सक्छ । यसका अतिरिक्त, सिँचाइ, सरसफाइ र स्वच्छ पिउने पानीको आधार पनि जलस्रोत नै हो । त्यसैले नेपालको विकासमा जलस्रोतको सर्वोपरि महत्त्व छ भन्दै मेरा भनाइ यही अन्त्य गर्छु, धन्यवाद !

कार्यक्रम सञ्चालकले अर्को प्रतियोगी राजन सार्कीलाई आफ्नो वक्तृताका लागि मञ्चमा निम्त्याउनुहुन्छ ।

राजन सार्की

आदरणीय सभाध्यक्ष महोदय, गुरु तथा गुरुआमाहरू, निष्पक्ष निर्णायक मण्डल, प्रतिस्पर्धी मित्रहरू, उपस्थित सम्पूर्ण मेरा साथीहरू !

आज आयोजित यस वक्तृत्वकला प्रतियोगितामा सहभागी हुन पाएकामा गौरवको अनुभूति गर्दै आयोजकहरूप्रति हार्दिक आभार प्रकट गर्छु । आजको वक्तृत्वकलाको विषय रहेको छ 'जलस्रोत र ऊर्जा' ।

उपस्थित महानुभावहरू !

हाम्रो देश सुन्दर पृथ्वीको अलौकिक आनन्दमा अपार प्रकृतिको छटासँगै हाँसिरहेको विश्वको सर्वोच्च शिखर सगरमाथाको काखमा मुस्कुराउँदै विराजमान छ । अपार जलस्रोतले सम्पन्न राष्ट्र नेपालमा सम्भावनाका चुलीहरू हिमाल झैँ अटल छन्, उच्च छन् । प्रकृतिको काखमा कोसी, रोसी, दुधकोसी, तामाकोसी, सुनकोसीका सपनाहरूमा विश्वलाई झलमल्ल पार्न सक्ने कञ्चन जलप्रवाह हाम्रो इच्छाशक्तिलाई कुरेर बसिरहेको छ । गण्डकीको गहनता, कर्णालीको कर्मयोग, मेचीको महानता, कालीको मौनता, तिलिचो, गोक्यो र राराको उच्चता, फेवाको फैलावट, वेगनासको शालीनता, तमोरको तमासा हाम्रा जलस्रोतका अजस्र भण्डार हुन् । यिनीहरूको सही सदुपयोगले हाम्रो धरती हराभरा बन्छ । पोषणयुक्त अन्नामृत प्राप्त हुन्छ । जलस्रोतबाट बिजुली निकालेर धरती झलमल पार्न, उद्योग कलकारखाना खोल्न सकिन्छ । विद्युत् निर्यात गरेर आयआर्जन गर्न सकिन्छ । नेपालकै भूधरातलमा रहेका जीवनदायिनी नदीहरूबाट उत्पादित जलविद्युतीय ऊर्जाको उपभोगबाट पेट्रोलियम पदार्थको खपत न्यूनीकरण गरी देशको व्यापारघाटा रोक्न सकिन्छ । आजको डिजिटल प्रविधियुक्त विश्वमा देखा परेको ऊर्जा सङ्कट हटाएर, विश्वबजारमा नवीकरणीय जल ऊर्जा बिक्री गरेर प्रशस्त आय आर्जन, रोजगारी तथा सम्पन्नताका ढोकाहरू खोल्न सकिन्छ ।

जलका विभिन्न स्वरूप हुन्छन् । पग्लिने, अग्लिने र उड्ने सक्ने क्षमता पानीमा हुन्छ । हिउँ पग्लिएर नदी बन्दा नदीको पानी बाफ बन्छ र हिमालका थाप्लामा हिउँ जम्छ । ठोस, तरल, ग्याँस मात्र होइन पानीमा आगो ओकल्ने ऊर्जा हुन्छ । विद्युत् पानीबाटै निकालिन्छ । यस्तो महत्त्वपूर्ण चमत्कारी पानी सदुपयोग गरे बन्दछ सुखी जिन्दगानी, दुरूपयोग भए दुःखमै बित्छ जिन्दगानी । ठोस, तरल, ग्याँस, राप, ताप, तेजसँगैको ऊर्जाले विश्वमा अविकासका सारा स्वरूपलाई चुनौती दिइरहेको छ ।

उपस्थित महानुभावहरू !

आज हामी आफैँसँगको बिना नचिनेर भौँतारिइरहेको कस्तुरी झैँ भएका छौँ । जलस्रोतमा धनी राष्ट्र भए पनि दिगो पूर्वाधार विकासका योजनाका अभावले गर्दा हामी स्रोत र साधन भए पनि अँध्यारामा बस्न बाध्य छौँ । उर्वराभूमि भएर पनि सिँचाइका आधुनिक प्रविधि अपनाउन नसक्दा जग्गा बाँझै छन्, जनता भोकभोकै छन् । युवाशक्ति बिदेसिन बाध्य छन् । विकास निर्माणले विश्वलाई चकित पार्ने छिमेकीलाई टुलुटुलु हेरेर गाँस, बासकै समस्यामा पिरोलिन बाध्य छ हाम्रो समाज । यो अवस्थालाई बदलेर विश्व प्रतिस्पर्धामा होमिन सक्न बनाउने क्षमता जलस्रोतमा मात्र छ । हामी अमृत समान हिमालको कञ्चन पानी बोतलमा बेचेर विश्वका मानिसको तिर्खा मेटाउन सक्छौँ । कर्णालीमा जलविहार, कोसी र तामाकोसीमा सिँचाइका उचित व्यवस्थापन गरेर धर्ती उर्वरा बनाउन सक्छौँ ।

आज सुनदेखि लसुनसम्म, चामलदेखि प्याजसम्म अर्को देशबाट किनेर खाने हाम्रो स्वभावमा परिवर्तन यो मुख्य आधार बन्न सक्छ । परिश्रम र पसिनालाई विवेकमा परिवर्तन गरेर विकासको पहार बन्न सक्छ ।

यहाँका उर्वर भूमिमा सिँचाइको व्यवस्थापन गरेर यहाँ उत्पादित अर्गानिक फलफूल खाद्यान्न विश्व बजारमा बेच्नुपर्छ । युवाको पसिना स्वदेशमै पोख्नुपर्छ । यहाँको माटो, यहाँको पाटो, यहाँको बाटो सुन्दर छ, पवित्र छ, अनमोल छ । मात्र यसलाई सजाउने, सिगार्ने सदुपयोग गर्ने सिप, प्रविधि, कला र जाँगर हामीलाई चाहिएको छ । यो स्वच्छ हावापानीमा हुर्केका फलफूल, बगरमा फल्ने तरबुजो, पहाडमा कागती, सुन्तला, स्याउ, नासपातीलगायतका फलफूलको अझ बढी उत्पादन जलस्रोतको सही सदुपयोगबाट सम्भव छ ।

(जनाउ घन्टी बज्छ ।)

हामीले आफ्ना घरका हजारौँ सम्भावना लत्याएर मरुभूमिमा भेडा चराउन दौडिनुपर्ने बाध्यताबाट मुक्ति दिलाउन जलस्रोतको उपयोगितालाई बढाउनुपर्छ । यदि जलस्रोतको सदुपयोग गर्न सके विश्वका बेरोजगारहरू यहाँका फाँटमा भेडा, बाख्रा, चौँरी चराउन आउने छन् । जल पर्यटन विहारका लागि पर्यटक आउने छन् । त्यसैले उठौँ, जागौँ र जलस्रोतको सही सदुपयोगमा लागौँ । धरतीमा ऊर्जा थपौँ । आउनुहोस्, हातेमालो गरौँ । ह्यातुङमा पर्यटक पुऱ्याऔँ । राराको रमिता विश्वलाई देखाऔँ । कर्णालीको लम्बाइ, गण्डकीको गहिराइसँगै कोसीको विशालतामा नेपाली जनमनलाई फैलाऔँ, धन्यवाद !

अन्य वक्ताहरूले पनि आफ्नो वक्तव्य राख्नुहुन्छ । निर्णायकहरूले निर्णय सुनाउनुहुन्छ र सभाध्यक्षको भूमिकामा रहनुभएका प्रधानाध्यापकले पुरस्कार वितरण गरिसकेपछि आफ्नो मन्तव्यसहित कार्यक्रम टुङ्ग्याउनुहुन्छ ।

## शब्दार्थ

*समुचित* : *उपयुक्त, न्यायसङ्गत*

*जलराशि* : *पानी पानीको अथाह राशि, पोखरी, समुद्र*

*चलायमान* : *अस्थिर, हल्लिएको*

*निर्यात* : *एक देशबाट अर्को देशमा सामान पठाउने काम, बाहिरिएको*

*अनमोल* : *अमूल्य, दामी*

### वक्तृतासार

नेपाल प्राकृतिक सम्पदाका दृष्टिले संसारकै धनी देश हो । हिमाल, समुद्र, नदीनाला, झरना, छहरा, तालतलैया, आफैँ पानी निस्कने मूलहरू, इनार, ट्युबवेल तथा वर्षाद्लाई जलस्रोत मानिन्छ । जलका विभिन्न स्वरूप हुन्छन् । पग्लिने, अग्लिने र उड्न सक्ने क्षमता पानीमा हुन्छ । हिउँ पग्लिएर नदी बन्दा नदीको पानी बाफ बन्छ र हिमालका थाप्लामा हिउँ जम्छ । ठोस, तरल, ग्याँस मात्र होइन पानीमा आगो ओकल्ने ऊर्जा हुन्छ । यहाँ बाह्रै महिना परिरहने हिउँ, नित्यनिरन्तर

बगिरहने अथाह जलराशि र भिरालो भौगोलिक बनोटको सहमिलनबाट ८३ हजार मेगावाटभन्दा बढी ऊर्जा उत्पादन गर्ने सामर्थ्य नेपाली जलस्रोतमा सुरक्षित छ । भर्खरैसम्म लोडसेडिङ र विभिन्न किसिमको ऊर्जा सङ्कट बेहोरिरहेको हाम्रो देशलाई त्यसबाट मुक्त गर्न सक्ने सामर्थ्य केवल जलस्रोतसम्बद्ध विद्युतीकरणले मात्र गर्न सक्छ । जलस्रोतको परम्परागत उपयोग सिँचाइसँग सम्बद्ध छ । नदीनालाहरूबाट कुलो, पैनी वा नहर निर्माण गरेर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याएर कृषि आत्मनिभर बनाउन सकिन्छ ।

नेपाली जलस्रोतको उपयोग पर्यटन र मनोरञ्जनका क्षेत्रमा पनि गर्न सकिन्छ । कर्णालीमा जलविहार, कोसी र तामाकोसीमा सिँचाइका उचित व्यवस्थापन गरेर धर्ती उर्वरा बनाउन सक्छौँ । यसको सदुपयोग गर्न सके हाम्रो अर्थतन्त्र बलियो बन्छ । यदि जलस्रोतको सदुपयोग गर्न सके विश्वका बेरोजगारहरू यहाँका फाँटमा भेडा, बाख्रा, चौँरी चराउन आउने छन् । जलपर्यटन विहारका लागि पर्यटक आउने छन् । त्यसैले उठौँ, जागौँ र जलस्रोतको सही सदुपयोगमा लागौँ ।

## शब्दभण्डार

१. दिइएका अर्थ दिने शब्द अनुच्छेदबाट खोजेर लेख्नुहोस् :

हाम्रो देशको उज्यालो भविष्य देख्न चाहने जुनसुकै निकायले जलविद्युत् आयोजनाको निर्माण, सञ्चालन र विस्तारमा ध्यान दिनु जरुरी छ । यसका लागि आवश्यक नीति नियमहरू तयार पार्नु वा आवश्यक परे फेरबदल गर्नु जरुरी छ । जलविद्युत्मा लगानी गर्ने वातावरण बनाउनुपर्छ । जलविद्युत्सँग सम्बद्ध उद्योग, कलकारखानाहरू खोल्ने वातावरण बनाउनु जरुरी छ ।

(क) कुनै संस्था वा त्यसको एकाइ .................

(ख) पानीबाट निस्कने बिजुली .................

(ग) राम्ररी बाँधिएको .................

(घ) पैँचोको आदानप्रदान .................

२. शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| अलावा | धेरै उब्जाउ हुने भूमि |
| उर्वरा | अथाह |
| नौका | अमृत जस्तो अन्न |
| अन्नामृत | डुङ्गा |
| | अतिरिक्त |

३. पाठमा दिइएको सन्दर्भ पढी दिइएका पद वा पदावलीलाई वाक्यमा प्रयोग गर्नुहोस् :

गगनचुम्बी, मञ्चासीन, अख्तियार, सर्वेक्षण, पर्यटकीय, गन्तव्य, प्रकृतिको छटा

## बोध र अभिव्यक्ति

१. तल दिइएका शब्द उच्चारण गर्नुहोस् :

सामर्थ्य /सा.मर्.थ्य/ सिँचाइ /सिँ.चाइ/ प्रविधिमैत्री /प्र.वि.धि.मइत्. त्रि/

दृष्टि /दृस्.टि/ गन्तव्य /गन्.तब्.ब्य/ उर्वराभूमि /उर्.ब.रा.भु.मि/

२. 'जलस्रोत र ऊर्जा ' वक्तृता आरोह, अवरोह मिलाई सस्वरवाचन गर्नुहोस् ।

३. 'जलस्रोत र ऊर्जा ' वक्तृताका आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) 'जलस्रोत र ऊर्जा' वक्तृतामा कति जना वक्ताले आफ्ना विषयवस्तु राखेका छन् ?

(ख) 'जलस्रोत र ऊर्जा' वक्तृताको पहिलो वक्ता को हुन् ?

(ग) 'जलस्रोत र ऊर्जा' वक्तृतामा कति ओटा अनुच्छेद रहेका छन् ?

(घ) 'जलस्रोत र ऊर्जा' वक्तृताका दोस्रो वक्ताले आफ्ना विचारको अन्त्य कसरी गरेका छन् ?

४. तलको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर भन्नुहोस् :

जलस्रोतको परम्परागत उपयोग सिँचाइसँग सम्बद्ध छ । नेपाली जलस्रोत नेपाली भूमिसँग मात्र होइन, छिमेकी मुलुकको भूमिको उर्वरासँग पनि गाँसिएको छ । नेपाली भूगोलभित्र छ हजार जति नदीनालाहरू छन् र तीमध्ये छ सयभन्दा बढी नदीहरू बाह्रै महिना निरन्तर बगिरहन्छन् । यस्ता नदीनालाहरूबाट कुलो, पैनी वा नहर निर्माण गरेर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याइएको छ र तिनै जमिनमा उब्जेको अन्न खाएर हामी बाँचिरहेका छौँ ।

प्रश्नहरू :

(अ) किन नेपाली जलस्रोतको सम्बन्ध छिमेकी मुलुकसँग गाँसिएको छ ?

(आ) हामीलाई बचाउने प्रमुख आधारका रूपमा के केलाई लिइन्छ ?

५. दिइएका बुँदालाई समेत ध्यान दिई सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) जलस्रोत र उर्जाका क्षेत्रमा दिगो विकास कसरी गर्न सकिन्छ ? दिइएका बुँदाका आधारमा लेख्नुहोस् :

- नेपाल जलस्रोतमा सम्पन्न मुलुक
- जल सम्पदालाई विद्युत् सिँचाइ, मत्स्यपालन जस्ता क्षेत्रमा उपयोग गर्न सकिने
- नेपालमा जलसम्पदाबाट विद्युत् उत्पादन गरी ऊर्जाको सङ्कट पूरा गर्न सकिने
- जलस्रोतको उपयोग र उर्जाको उत्पादन तथा व्यवस्थापन गर्न प्रभावकारी नीति निर्माण गर्नुपर्ने ।

(ख) राष्ट्रको अर्थतन्त्र निर्माणमा सिँचाइको भूमिका कस्तो हुन्छ ? बुँदाका आधारमा उल्लेख गर्नुहोस् :

- राष्ट्रको अर्थतन्त्रको आधार कृषि क्षेत्र
- कृषि क्षेत्रको विकासका लागि सिँचाइ अनिवार्य हुने
- सिँचाइ व्यवस्थापनले मौसमी खेतीमा भर पर्नु नपर्ने
- कृषि क्षेत्रबाट खाद्यान्न उत्पादन, पुष्प व्यवसाय सञ्चालनलगायतका काम गर्न सकिने
- कृषि क्षेत्रबाट उत्पादिन वस्तु स्वदेशमा खपत गरिने
- कृषिजन्य उपजलाई विदेश निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिने ।

६. 'जलस्रोत र ऊर्जा' वक्तृताका मिना अयर र राजन सार्की दुवै वक्ताका भनाइ ध्यानपूर्वक पढ्नुहोस् । त्यसपछि क्रमैसँग उनीहरूका तर्क र तथ्यहरू टिपोट गर्नुहोस् :

(क) मिना अयरले अभिव्यक्त गरेका तर्क, सहायक तर्क र तथ्यहरू

- नेपाल प्राकृतिक सम्पदाका दृष्टिले संसारकै धनी देश
- नेपालको जलराशिबाट ८३ हजार मेगावाट भन्दा बढी ऊर्जा उत्पादन गर्न सकिने
- पर्यटन र मनोरञ्जनका क्षेत्रमा नेपाली जलस्रोतलाई उपयोग गर्न सकिने
- नेपालको विकासमा जलस्रोतको सर्वोपरि महत्त्व रहेको ।

(ख) राजन सार्कीले अभिव्यक्त गरेका तर्क, सहायक तर्क र तत्त्वहरू

- जलस्रोतले सम्पन्न राष्ट्र नेपालमा सम्भावनाका चुलीहरू हिमाल झैँ अटल रहेका
- जल ऊर्जा उत्पादन गरेर विश्वबजारमा नवीकरणीय ऊर्जा बिक्री गरी मुलुकलाई समृद्ध बनाउन सकिने
- दिगो पूर्वाधार विकास योजनाका अभावले स्रोत र साधन भएर पनि अँध्यारामा बस्न बाध्य
- सिँचाइको व्यवस्थापन गरेर अर्गानिक फलफूल, खाद्यान्न आदिलाई विश्वबजारमा बेच्न सकिने ।

७. दिइएको अनुच्छेद पढी चारओटा मुख्य मुख्यओटा बुँदा टिप्नुहोस् र एक तृतीयांशमा सार लेख्नुहोस् :

आज हामी आफैँसँगको बिना नचिनेर भौँतारिइरहेको कस्तुरी झैँ भएका छौँ । जलस्रोतमा धनी राष्ट्र भए पनि दिगो पूर्वाधार विकासका योजनाका अभावले गर्दा हामी स्रोत र साधन भए पनि अँध्यारामा बस्न बाध्य छौँ । उर्वराभूमि भएर पनि सिँचाइका आधुनिक प्रविधि अपनाउन नसक्दा जग्गा बाँझै छन्, जनता भोकभोकै छन् । युवाशक्ति बिदेसिन बाध्य छन् । विकास निर्माणले विश्वलाई चकित पार्ने छिमेकीलाई टुलुटुलु हेरेर गाँस, बासकै समस्यामा

पिरोलिन बाध्य छ हाम्रो समाज । यो अवस्थालाई बदलेर विश्व प्रतिस्पर्धामा होमिन सक्न बनाउने क्षमता जलस्रोतमा मात्र छ । हामी अमृत समान हिमालको कञ्चन पानी बोतलमा बेचेर विश्वका मानिसको तिर्खा मेटाउन सक्छौँ । कर्नालीमा जलविहार, कोसी र तामाकोसीमा सिँचाइका उचित व्यवस्थापन गरेर धर्ती उर्वरा बनाउन सक्छौँ ।

८. दिइएको प्रमुख समाचार ध्यानपूर्वक पढ्नुहोस् र उक्त समाचारलाई विस्तारमा लेख्नुहोस् :

नमस्कार !

नेपाल समाचारमा स्वागत छ

सुरुमा आजका प्रमुख समाचार :

सम्झौताअनुसार काम नगर्ने निर्माण कम्पनीको सम्झौता रद्द गर्न मातहतका निकायलाई ऊर्जा मन्त्रीको निर्देशन, समयमा काम गर्नुपर्छ भन्ने मान्यता विकास आएको दाबी ।

आर्थिक वर्ष २०७९/०८० मा जलविद्युत् उत्पादनका लागि विभिन्न २० वटा निर्माण कम्पनीले नेपाल सरकारसँग सम्झौता गरेका थिए । सम्झौताबमोजिम २०८० साल असार मसान्तसम्ममा निर्माण कार्य पूरा गरिसक्नुपर्ने थियो । आठओटा निर्माण कम्पनीले नेपाल सरकारसँगको सम्झौताअनुसार निर्धारित समयमा काम पूरा गर्न सकेनन् । माननीय ऊर्जामन्त्रीले जलविद्युत् उत्पादनको स्थलगत भ्रमण गर्नुभयो । कार्यसम्पादनका कागजातहरू हेर्नुभयो । समयमा काम पूरा गर्न नसक्ने कम्पनीहरूसँगको सम्झौता रद्द गर्न मातहतका निकायलाई निर्देशन दिनुभयो । माननीय मन्त्रीज्यूको यस किसिमको कदमले सम्झौताअनुसार जिम्मेवारी पूरा गर्नुपर्छ भन्ने मान्यता विकास भएको दाबी गरिएको छ ।

९. उद्घोषण गर्दा ध्यान दिनुपर्ने कुराहरू पढ्नुहोस् :

- उपस्थित महानुभावहरूलाई सर्वप्रथम स्वागत तथा अभिवादन गर्नुपर्छ ।
- सभापति, प्रमुख अतिथि, अतिथिहरूलाई क्रमशः आसनग्रहण गराउनुपर्छ ।
- स्पष्ट र सङ्क्षिप्त शैलीमा कार्यक्रमबारे जानकारी गराउनुपर्छ ।
- मिठासपूर्ण शैली र आलङ्कारिक भाषाशैलीका साथ कलात्मक प्रस्तुति गर्नुपर्छ ।
- वक्तालाई आमन्त्रण गर्ने क्रममा वक्ताको सङ्क्षिप्त परिचय दिनु राम्रो हुन्छ ।
- वक्ताको मन्तव्यपश्चात् मुख्य आशय उद्धृत गर्नु उपयुक्त हुन्छ ।
- उद्घोषणका क्रममा सायरी, मुक्तक, कवितांश तथा भनाइ राख्नु आवश्यक हुन्छ ।

## भाषातत्त्व

१. दिइएका वाक्यबाट उद्देश्य र विधेय पहिचान गरी लेख्नुहोस् :

(क) नेपालको जलस्रोत देशको समृद्धिको आधार हो ।

(ख) यसको सदुपयोग गर्न सके हाम्रो अर्थतन्त्र बलियो बन्छ ।

(ग) आज हाम्रो देशले ऊर्जा सङ्कट बेहोरिरहेको छ ।

(घ) यस्तो ऊर्जा सङ्कटले हाम्रा दैनिक गतिविधिहरू प्रभावित हुन्छन् ।

(ङ) पेट्रोलियम ऊर्जा खरिदका लागि दैनिक करोडौँ रुपियाँ खर्च हुन्छ ।

२. सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

(क) मेरा साथीहरू खेल्छन् । (एकवचन)

(ख) उसको बोली नम्र छ । (बहुवचन)

(ग) तँ राम्ररी बोल्छस् । (प्रथम पुरुष)

(घ) तिमी खाना खान्छौ । (उच्च आदरार्थी)

(ङ) उनीहरू कहिल्यै नराम्रो बोल्दैनन् । (करण)

(च) ऊ त्यहीँ बस्छ । (अपूर्ण भूत)

(छ) मैले किताब पढेँ । (कर्मवाच्य)

## सिर्जना/परियोजना

१. दिइएका बुँदाका आधारमा 'सूर्य : ऊर्जाको अनन्त भण्डार' शीर्षकमा वक्तृता लेख्नुहोस् :

- सूर्यको ताप र प्रकाशबाट प्राणी र वनस्पति बाँचेका
- ऊर्जाको अक्षय र अनन्त भण्डार
- नवीकरणीय ऊर्जा
- ऊर्जाको भरपर्दो वैकल्पिक स्रोत
- सौर्य ऊर्जालाई आधुनिक ढङ्गले प्रयोग गर्ने प्रविधिको विकास
- खाना पकाउने सौर्य चुलो, पानी तताउने हिटर, सौर्य बत्ती आदिको आविष्कार
- ब्याट्री चार्ज गरेर रेडियो बजाउने, टिभी हेर्नेलगायतका घरायसी काम गर्न सकिने
- आधुनिक उपकरणहरूका सहायताले उद्योग कलकारखाना सञ्चालन गर्न सकिने
- सौर्य ऊर्जाबाट करिब २ करोड ६६ लाख मेगावाट बिजुली निकाल्न सकिने वैज्ञानिकहरूको अनुमान
- धुँवाधुलो नहुने हुँदा वातावरण संरक्षणमा टेवा पुग्ने
- एकपटक लगानी गरेपछि बर्सौंसम्म लगानी गर्न नपर्ने ।

२. शिक्षा क्षेत्रसँग सम्बन्धित पत्रपत्रिकामा प्रकाशित समाचार सङ्कलन गर्नुहोस् ।

# भाग दुई
# कक्षा १२

पाठ १

# आमाको सपना

परिचय

गोपालप्रसाद रिमाल (वि.सं.१९७५-२०३०) आधुनिक नेपाली साहित्यका प्रथम गद्य कवि हुन् । उनलाई क्रान्तिकारी तथा विद्रोही चेतना भएका प्रगतिवादी कवि पनि भनिन्छ । उनले आफ्ना कवितामार्फत निरङ्कुश शासनबाट नेपाली जनताको मुक्तिको चाहना राखेका छन् । उनका 'मसान' (नाटक २००३), 'यो प्रेम' (नाटक २०१५), 'आमाको सपना' (कवितासङ्ग्रह २०१९) लगायतका कृति प्रकाशित छन् । मानवतावादी चिन्तन र युगीन विसङ्गतिप्रति विद्रोहको भाव प्रस्तुत गर्नु उनको कवितात्मक प्रवृत्ति हो ।

'आमाको सपना' कविता वि.सं.२००० मा 'शारदा' पत्रिकामा प्रकाशित भएको थियो । पछि वि.सं. २०१९ मा यही 'आमाको सपना' शीर्षकमा कवितासङ्ग्रह नै प्रकाशित भयो । यो कविता तत्कालीन नेपालको निरङ्कुश राणाकालीन शासनबाट पीडित नेपाली समाजले उन्मुक्ति पाउनुपर्छ भन्ने उद्देश्यका साथ लेखिएको हो । यसमा शासकको अन्याय, अत्याचार र शोषणका विरुद्धमा क्रान्तिकारी स्वर प्रस्तुत गरिएको छ । प्रतीकात्मक रूपमा लेखिएको यस कवितामा नेपाली भूमि चाहिँ आमाका रूपमा र नेपाली सन्तान चाहिँ छोराका रूपमा प्रस्तुत भएका छन् । आमा र छोराको संवादबाट नेपालमा परिवर्तनका लागि क्रान्ति भएरै छोड्ने विश्वास प्रकट गरिएको छ । 'त्यो' अर्थात् 'क्रान्तिकारी परिवर्तनको संवाहक' सुनिश्चित रहेको र त्यस्तो परिवर्तनका लागि एकाएक 'तिमी' अर्थात् तिमी जस्ता नेपाली सन्तानकै सहभागितामा मुलुकभित्र स्वतन्त्रताको अनुभूति हुने कुरा बताइएको छ । त्यस्तो स्वतन्त्रताको घाम झुल्किएरै छोड्ने कुरामा कवि विश्वस्त बनेका छन् । यसरी संवादात्मक ढाँचाका ४७ हरफमा तयार पारिएको प्रस्तुत गद्यकवितामा विभिन्न प्रकृतिका विम्ब, प्रतीक तथा अनुप्रास आदिको सुन्दर संयोजन र अभिव्यक्तिको सघनता पाइन्छ । नेपाली जनतामा आत्मविश्वास जगाउने यस किसिमको सरल, सम्प्रेष्य र मौलिक कविताले परिवर्तनका लागि सशक्त किसिमबाट वैचारिक सन्देश प्रवाहित गरेको छ ।

सिकाइ उपलब्धि

१. लयबोध गर्न
२. पाठमा प्रयुक्त कठिन शब्दको अर्थ जान्न
३. कविताको भावबोध गर्न
४. पाठगत बोध, व्याख्या र समीक्षात्मक उत्तर दिन
५. कवितालाई अनुच्छेदमा रूपान्तर गर्न
६. गद्य र पद्य कविताको लयबोध गर्न
७. कविताका आधारमा भाषिक संरचना पक्षको अभ्यास गर्न
८. अक्षरसंरचना र वर्णविन्यासको अभ्यास गर्न
९. नवीनतम कविता सिर्जना गर्न

मूल पाठ (कविता)

# आमाको सपना

*- गोपालप्रसाद रिमाल*

आमा, त्यो आउँछ र ?
"हो, बा, त्यो आउँछ
त्यो बिहानको सूर्य झैँ उज्यालो छर्दै आउँछ
त्यसको कम्मरमा झुन्डिएको शीत जस्तै टल्कने
तिमी एक हतियार देख्ने छौ
त्यसैले ऊ अधर्मसित लड्ने छ
त्यो आउँदा तिमी पहिले त सपना हो कि भनेर
छामछुम गर्ने छौ तर त्यो हिउँ र आगोभन्दा पनि
बढ्ता छोइने भएर आउँछ ।"
हो र आमा !
"हो, तिमी जन्मँदा तिम्रो कलिलो अनुहारमा
त्यसकै छाया देख्ने आशा गरेकी थिएँ
तिम्रो हिस्सी परेको हँसाइमा त्यसैको सुन्दर छवि
तिम्रो तोते बोलीमा त्यसैको मधुर ध्वनि
तर त्यो मिठो गीतले तिमीलाई
आफ्नो बाँसुरी बनाएनछ !
त्यो तिमी नै हौला भन्ने
मेरो यौवनभरिको सपना थियो
जे होस् त्यो आउँछ
म आमा हुँ, सारा सिर्जनाशक्तिको मुख भएर
म भन्न सक्छु
त्यो आउँछ
मैले यो कुनै अल्छी सपना देखेको होइन !
त्यो आएपछि तिमी यसरी
मेरो काखमा आएर घोप्टिने छैनौ

सत्य कुरालाई तिमी यसरी
चुम्बकिएर कथा सुने झैँ सुन्ने छैनौ
तिमी त्यसलाई आफैँ नै देख्न सक्ने, सहन सक्ने र
ग्रहण गर्न सक्ने हुने छौ
मैले यसरी धैर्य दिनुको सट्टा तिमी सङ्ग्राममा जाँदा
लाख सम्झाएर पनि नमान्ने आमाको मनलाई
सान्त्वना दिँदै बिदा हुने छौ
मैले यसरी रोगीलाई झैँ तिम्रो कपाल
मुसारिरहनुपर्ने छैन
हेरौँला, त्यो हुरी भएर आउने छ
तिमी पात भएर पछ्याउने छौ
उहिले त्यो जीवनलोकबाट झरेर जून जस्तै पोखिँदा
सारा जडता सगबगाएको थियो, बा,
त्यो आउने छ, तिमी उठ्ने छौ ।"
त्यो आउँछ कि आमा,
मधुर उषाले चराहरूको कण्ठलाई जस्तै
त्यो आउने आशाले मेरो हृदयलाई कुत्कुत्याइसक्यो आमा !
"हो, त्यो आउँछ,
त्यो बिहानको सूर्य झैँ उज्यालो छर्दै आउँछ
अब म उठेँ, गएँ
तर त्यो तिमी नै हौला भन्ने
मेरो यौवनभरिको सपना थियो !"

**शब्दार्थ**

| | | |
|---|---|---|
| *शीत* | : | *राती जमिन, रुख, पात आदिमा पर्ने पानीको ससाना थोपा* |
| *हिस्सी* | : | *सौन्दर्य* |
| *बाँसुरी* | : | *ओठमा राखी बजाइने बाँस, निगालो आदिबाट बनाइएको बाजा* |
| *सिर्जनाशक्ति* | : | *सिर्जना गर्ने क्षमता* |
| *ग्रहण* | : | *लिने वा समात्ने काम* |

*सङ्ग्राम* : *लडाइँ*

*सान्त्वना* : *सन्तुष्ट हुने वा पार्ने वचन*

*हुरी* : *वेगसित चलेको हावा*

*जडता* : *मूर्खता*

*उषा* : *झिसमिसे उज्यालो*

## कवितासार

कवि गोपालप्रसाद रिमालद्वारा संवादात्मक शैलीमा लेखिएको क्रान्तिकारी विचारमा आधारित गद्य कविता हो- 'आमाको सपना' । यसमा 'आमा'का रूपमा 'नेपाली धर्ती' र छोराका रूपमा साक्षात् संवादमा उपस्थित 'तिमी' अर्थात् 'नेपाली सन्तान' रहेका छन् । दुवैको संवादका माध्यमबाट प्रारम्भ गरिएको यस कवितामा नेपाली सन्तानलाई निरङ्कुश शासनको अन्त्य भई स्वतन्त्रताको प्राप्ति हुने कुरामा कत्ति पनि विश्वास नभएको पाइन्छ । तैपनि, आमाले आफूसँग संवाद गरिरहेको सन्तानलाई 'त्यो' अर्थात् 'क्रान्तिकारी परिवर्तनको लहर' आउँदा बिहानको सूर्य जस्तै सबैले थाहा पाउने किसिमबाट चम्किलो बनेर आउने छ भन्ने कुरा सम्झाइरहेकी छन् । उनी भन्छिन्- 'त्यस्तो परिवर्तनको अनुभूति गराउने क्रान्तिपुत्रको कम्मरमा झुन्डिएको हतियार अत्यन्त चम्किलो हुने छ । त्यसकै आधारमा अधर्मसित लड्ने सामर्थ्य आउने छ । यद्यपि त्यस वेला तिमी जस्ता नेपाली सर्वसाधारणलाई क्रान्तिकारी परिवर्तन हुने कुरामा विश्वास हुने छैन । त्यस वेला तिमी जस्तालाई केवल सपना जस्तो लाग्ने छ । तर, त्यो परिवर्तनको लहर आगो र हिउँभन्दा पनि बढी छोइने वा थाहा हुने किसिमबाट आउने छ ।' आमाका यस्ता कुरा सुन्दासमेत उपस्थित सन्तानलाई अझै विश्वास हुँदैन । यसरी विश्वास नहुनुको मूल कारण भनेको नेपाली जनताले बसौँदेखि भोग्नुपरेको निरङ्कुश शासनको दासता नै हो । हरेक सन्तानको जन्मसँगै नेपाली आमाले त्यही क्रान्तिपुरुष हुन सक्ने आशा गरेकी थिइन् । तर, कुनै पनि सन्तानका मुहारमा क्रान्तिसामर्थ्यको छायासमेत उनले देख्न पाएकी छैनन् । उनको यौवनभरिको सपना अझै पूरा हुन सकेको छैन । उनलाई विश्वास छ- आफूले कुनै अल्छी सपना देखेको हैन । जति खेर त्यो क्रान्तिकारी परिवर्तनको लहर चल्ने छ त्यस वेला कोही पनि निरीह भएर आमाका काखमा घोप्टिने छैनन् । त्यस वेला त चुम्बकले ताने झैँ कुनै सन्तानले पनि केवल कथामात्र सुनेर बस्नुपर्ने अवस्था आउने छैन । बरु, युद्धका लागि आफै आमालाई समेत सम्झाउँदै सन्तान अगि बढ्ने छन् । रोगीलाई जस्तै आमाले सन्तानको कपाल मुसारिरहनुपर्ने अवस्था आउने नै छैन । क्रान्तिकारी परिवर्तनको लहर पक्कै पनि हुरी बनेर आउने छ र तिमी जस्ता हरेक व्यक्तिले स्वयम् त्यसका पछि लागेर पछ्याउनु पर्ने छ । जसरी सृष्टि हुने क्रममा जीवनलोकबाट पोखिँदा आफैआफ सारा जडता सलबलाएको थियो त्यसरी नै सन्तान स्वयम् उठ्ने छन् । अझै पनि नेपाली सन्तानलाई यस्ता कुराप्रति विश्वास नलागे पनि आमाले अझै संवाद गरिरहेका सन्तानसँग त्यो आउने आशा झन् झन् बलियो हुँदै गएको विश्वास प्रकट गरेकी छन् । मधुर बिहानीले चरालाई ब्युँझाएपछिको आवाज जस्तै आमाको हृदयलाई पनि परिवर्तन हुने क्षणको आशाले कुतकुत्याइसकेको छ । हो, त्यो आउने कुरामा आशङ्का गर्नुपर्ने कुनै ठाउँ नै छैन किनभने त्यो बिहानको सूर्य जस्तै उज्यालो छर्दै आउने छ भन्ने उनको दृढता छँदै छ । यद्यपि त्यसको नेतृत्व तिमी जस्ता सन्तानले गर्ने छौ भन्ने आमाको

यौवनभरिको सपना थियो । यति भन्दै आमा उठेर बिदा हुन्छिन् ।

## शब्दभण्डार

१. उस्तै अर्थ दिने शब्दबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| अधर्म | गलो, गर्धन, घोक्रो आदिको सामूहिक नाम |
| आशा | रमाइलो भविष्यको कल्पना |
| ध्वनि | जसले |
| सपना | शास्त्रले निषेध गरेको कर्म |
| जून | शरीरको धमनी |
| कण्ठ | चाहेको वस्तु पाउने इच्छा |
| | कानले सुन्न सकिने आवाज |

२. तल दिइएका शब्दको पर्यायवाची शब्द कविताांशबाट खोजेर लेख्नुहोस् :

पिता, रवि, शस्त्र, हिम, माता, प्रातः, प्रकाश, स्वप्न

आमा, त्यो आउँछ र ?
"हो, बा, त्यो आउँछ
त्यो बिहानको सूर्य झैँ उज्यालो छर्दै आउँछ
त्यसको कम्मरमा झुन्डिएको शीत जस्तै टल्कने
तिमी एक हतियार देख्ने छौ
त्यसैले ऊ अधर्मसित लड्ने छ
त्यो आउँदा तिमी पहिले त सपना हो कि भनेर
छामछुम गर्ने छौ तर त्यो हिउँ र आगोभन्दा पनि
बढ्ता छोइने भएर आउँछ ।"

३. उदाहरण हेरी तलको अनुच्छेदबाट उखान पहिचान गरेर वाक्यमा प्रयोग गर्नुहोस् :

| | | |
|---|---|---|
| उखान | : | जिउँदाको जन्ती मर्दाको मलामी |
| वाक्यमा प्रयोग | : | आफन्त भनेका नै जिउँदाका जन्ती र मर्दाका मलामी हुने भएकाले मर्दापर्दा उनीहरू सहयोगी हुन्छन् । |

(क) राजधानी उपत्यका भनेर के गर्नू ? त्यही काठमाडौँको काँठ क्षेत्र धेरै पछि परेको छ । त्यसलाई बत्तीमुनिको अँध्यारो भन्छन् । त्यहाँ ठुलो विकासको सपना देख्नु भनेको त आकाशको फल आँखा तरी मर् जस्तै भएको छ ।

(ख) हाम्रा पूर्वीय वाङ्मय बुझ्नेलाई श्रीखण्ड नबुझ्नेलाई खुर्पाको बिँड भएका छन् । यी ग्रन्थको अध्ययनका आधारमा पश्चिमाहरूले कति आविष्कार गरे । हामीलाई नजिकको तीर्थ हेला भएको छ ।

४. तल दिइएको उखानको प्रयोग गरी आफ्नो जन्मस्थानको वर्णन गर्नुहोस् :

आफू भलो त जगतै भलो, एक हातले ताली बज्दैन, एकले थुकी सुकी सय थुकी नदी, अड्को पड्को तेलको धुप

५. उदाहरणमा दिइए जस्तै तलका पारिभाषिक शब्दलाई शब्दकोशीय अनुक्रममा मिलाउनुहोस् र शब्दकोशको सहायता लिई तिनको अर्थ पनि लेख्नुहोस् :

(क) वारिस, अध्यादेश, इजालास, देवानी

*उदाहरण :*

शब्दकोशीय क्रम : अध्यादेश, इजलास, देवानी, वारिस

| शब्द | अर्थ |
|---|---|
| अध्यादेश | संसद्को अधिवेशन नभएको बेला सरकारले विशेष अधिकार प्रयोग गरी जारी गर्ने कानुनसरहको आदेश |
| इजलास | अदालत |
| देवानी | फौजदारी मुद्दाबाहेकका अन्य मुद्दा हेर्ने |
| वारिस | मुद्दामामिलामा कुनै पक्षका तर्फबाट कार्य गर्ने अधिकृत व्यक्ति |

(ख) सरजमिन, अधिवक्ता, तारिख, बिगो

(ग) फौजदारी, मुचुल्का, विधेयक, जमानत

(घ) कायलनामा, हदम्याद, सनाखत, साक्षी

## बोध र

१. तल दिइएका शब्द उच्चारण गर्नुहोस् :

| | | |
|---|---|---|
| घर /घर्/ | सरकार /सर्. कार्/ | सिर्जनाशक्ति /सिर्.ज.ना.सक्.ति/ |
| सङ्ग्राम /सङ्.ग्राम्/ | सान्त्वना /सान्.त्व.ना/ | हृदय /ह्रि.द.य/ |

२. 'आमाको सपना' कविता गतियति मिलाई सस्वरवाचन गर्नुहोस् ।

३. 'आमाको सपना' कविताका आधारमा दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) 'आमाको सपना' कवितामा कतिओटा पङ्क्ति छन् ?

(ख) कवितामा 'त्यो तिमी नै हौला भन्ने यौवनभरिको सपना थियो' कवितांश कतिपटक पुनरावृत्ति भएको छ ?

(ग) 'आमाको सपना' कविता मुक्तलय र बद्धलयमध्ये कुन लयमा रचना गरिएको छ ?

(घ) कवितामा 'त्यो' र 'तिमी' भनेका को को हुन् ?

४. दिइएको सन्दर्भ पढ्नुहोस् र कवितामा 'आमा' र 'छोरा' केका प्रतीकका रूपमा प्रयोग गरिएका छन्, भन्नुहोस् :

कविले आमाको रूपमा नेपाल आमा र छोराको रूपमा नेपाली जनतालाई देखाएका छन् । यस कवितामा छोरो क्रान्ति नायक बनोस् भन्ने अपेक्षा आमाको छ । नेपाल आमा निरङ्कुश शासनबाट मुक्त हुन चाहन्छिन् । देशको स्वतन्त्रता र स्वाधीनता आमाको न्यूनतम् लक्ष्य हो । आफ्ना सन्तानमा भएको क्रान्ति चेतनाले एकदिन परिवर्तन गरेरै छाड्ने दृढ विश्वास आमाले लिएकी छन् ।

५. दिइएका कवितांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

आमा, त्यो आउँछ र ?

"हो, बा, त्यो आउँछ

त्यो बिहानको सूर्य झैँ उज्यालो छर्दै आउँछ

त्यसको कम्मरमा झुन्डिएको शीत जस्तै टल्कने

तिमी एक हतियार देख्ने छौ

त्यसैले ऊ अधर्मसित लड्ने छ

त्यो आउँदा तिमी पहिले त सपना हो कि भनेर

छामछुम गर्ने छौ तर त्यो हिउँ र आगोभन्दा पनि

बढ्ता छोइने भएर आउँछ ।"

प्रश्नहरू

(क) माथिको कवितांशमा ककसका बिच संवाद भएको छ ?

(ख) छोराले उसको कम्मरमा के देख्ने छ ?

(ग) ऊ कोसँग लड्ने छ ?

(घ) 'त्यो हिउँ र आगोभन्दा पनि बढ्ता छोइने भएर आउँछ' भन्नुको तात्पर्य के हो ?

६. दिइएको कवितांशलाई सामान्य पदक्रममा रूपान्तरण गर्नुहोस् :

सत्य कुरालाई तिमी यसरी

चुम्बकिएर कथा सुने झैँ सुन्ने छैनौ
तिमी त्यसलाई आफैँ नै देख्न सक्ने, सहन सक्ने र
ग्रहण गर्न सक्ने हुने छौ
मैले यसरी धैर्य दिनुको सट्टा तिमी सङ्ग्राममा जाँदा
लाख सम्झाएर पनि नमान्ने आमाको मनलाई
सान्त्वना दिँदै बिदा हुने छौ ।

७. तलको कवितांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

हो र आमा !
"हो, तिमी जन्मँदा तिम्रो कलिलो अनुहारमा
त्यसकै छाया देख्ने आशा गरेकी थिएँ
तिम्रो हिस्सी परेको हँसाइमा त्यसैको सुन्दर छवि
तिम्रो तोते बोलीमा त्यसैको मधुर ध्वनि
तर त्यो मिठो गीतले तिमीलाई
आफ्नो बाँसुरी बनाएनछ !
त्यो तिमी नै हौला भन्ने
मेरो यौवनभरिको सपना थियो ।"

प्रश्नहरू

*उदाहरण :*

(क) आमाको सपना के थियो ?

उत्तर : 'आमाको सपना' कवितामा आमाले सन्तानको कलिलो अनुहारमा परिवर्तनको छाया देखेकी थिइन् । तोते बोलीमा परिवर्तनको मधुर ध्वनि सुनेकी थिइन् । यस घटनाले आमाभित्र सन्तानलाई साहसी योद्धाका रूपमा हेर्ने अभिलाषा जागृत भएको थियो । उनी आफ्नै सन्तानले परिवर्तनको नेतृत्व गरेको हेर्न चाहन्थिन् । त्यसैले उनको सपना क्रान्तियोद्धा जन्माएर देशलाई स्वतन्त्र र जनतालाई अधिकार सम्पन्न बनाउने थियो ।

(ख) 'त्यो मिठो गीतले तिमीलाई आफ्नो बाँसुरी बनाएनछ' भन्नुको तात्पर्य के हो ?

८. तलको कवितांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

मैले यो कुनै अल्छी सपना देखेको होइन !
त्यो आएपछि तिमी यसरी

मेरो काखमा आएर घोप्टिने छैनौ

सत्य कुरालाई तिमी यसरी

चुम्बकिएर कथा सुने झैँ सुन्ने छैनौ

तिमी त्यसलाई आफैँ नै देख्न सक्ने, सहन सक्ने र

ग्रहण गर्न सक्ने हुने छौ ।

प्रश्नहरू

(क) त्यो आएपछि सन्तान कस्तो हुने छ भनी कल्पना गरिएको छ ? कविताका आधारमा लेख्नुहोस् ।

(ख) माथिको कवितांशको मूल भाव के हो ?

९. कवितामा कस्तो परिवेशको चित्रण गरिएको छ, बुँदाका आधारमा लेख्नुहोस् :

- २००७ साल पूर्वको राजनीतिक र सामाजिक अवस्था
- निरङ्कुश शासनका कारण नेपाली समाज अन्याय र शोषणमा परेको
- क्रान्तिप्रति संशय र आशङ्काको परिवेश
- परिवर्तनप्रतिको आशावादी सोच पलाउँदै गएको अवस्था ।

१०. दिइएका प्रश्नको समीक्षात्मक प्रतिक्रिया लेख्नुहोस् :

(क) दिइएका बुँदाका आधारमा 'आमाको सपना' कवितामा कविले किन र कसरी क्रान्ति आउने कल्पना गरेका छन्, समीक्षा गर्नुहोस् ।

- शीत जस्तै टल्कने एक हतियार कम्मरमा झुन्ड्याएर
- बिहानको सूर्य झैँ उज्यालो छर्दै
- हिउँ र आगोभन्दा बढ्ता छोइने भएर, हुरी भएर
- जनताले उसलाई पात भएर पछ्याउनुपर्ने स्थितिको सिर्जना गरेर
- अधर्मसित लड्न
- आमाको सपना साकार पार्न
- जनताले जीवनरक्षाका लागि अर्को आश्रय खोज्नुपर्ने अवस्थाको अन्त्य गर्न
- सम्पूर्ण जनतालाई स्वतन्त्रता दिलाउन ।

(ख) 'आमाको सपना' कविताको मूल सन्देश के हो, बुँदाका आधारमा समीक्षात्मक प्रतिक्रिया लेख्नुहोस् :

- राणाकालीन समाजमा विद्यमान निरङ्कुश शासन पनि समयसँगै परिवर्तन हुने
- क्रान्तिपछिको नवनिर्माणले समाजको सपनालाई साकार बनाउने

- समाज बदल्नका निम्ति हरेक मानिसको सोचमा परिवर्तन आउनुपर्ने
- अधर्मका विरुद्धमा सम्पूर्ण नेपालीहरू एक भएर क्रान्तिको बिगुल फुक्नुपर्ने
- समाजलाई समतामूलक नबनाएसम्म विभेदको अन्त्य नहुने
- नेपाल आमाको सपना पूरा गर्ने नेपाली सपूतहरूलाई क्रान्तिमा होमिनका लागि आह्वान गर्नु कविताको मूल सन्देश ।

११. तलको उदाहरण पढ्नुहोस् र बाँकी प्रश्नको व्याख्या गर्नुहोस् :

(क) हेरौँला, त्यो हुरी भएर आउने छ
तिमी पात भएर पछ्याउने छौ ।

उत्तर : कवि गोपालप्रसाद रिमाल (१९७५-२०३०) प्रगतिवादी विचारका अभियन्ता हुन् । उनले 'आमाको सपना' कवितामार्फत भावी सन्तानले नेतृत्व गरेर भए पनि निरङ्कुश शासनको अन्त्य गरेरै छाड्ने उद्घोष गरेका छन् । साथै भावी क्रान्तिपुत्र हुरी बनेर आउने र सबै नेपाली जनताले पात बनेर पछ्याउने भविष्यवाणी गरेका छन् । यस कवितांशमा आमामार्फत एक दिन त्यो क्रान्तिकारी परिवर्तनको लहर आउँदा कोही पनि चुपचाप नबस्ने विचार व्यक्त गरिएको छ ।

यहाँ 'हुरी शब्दले 'आन्दोलन' वा 'क्रान्तिको आँधीबेहरी' आउने भावार्थ बोकेको छ । हुरी आफैमा परिवर्तनको सूचक पनि हो । क्रान्ति वा परिवर्तनको सपना देख्नु देशभक्त सचेत नागरिकको कर्तव्य हो । क्रान्तिको सपना देख्ने र नेतृत्व गर्न नसक्ने सन्तानप्रति कवितामा आमाले असन्तुष्टि व्यक्त गरेकी छन् । सन्तानको तोते बोलीमा परिवर्तनको सुमधुर ध्वनि सुनेकी आमाले क्रान्तिको नेतृत्व भावी पुस्ताले गर्दा कम्तीमा तिमी पात बनेर भए पनि पछ्याउने छौ भन्ने दृढविश्वास गरेकी छन् । उनले परिवर्तनको लहर आउँदा चुपचाप नआउने कुरासमेत स्पष्ट पारेकी छन् । त्यस्तो परिवर्तनको लहरका क्रममा आँधीहुरीको बबन्डर मच्चिने छ । हरेक देशभक्त नेपाली स्वत: हुरीका पछि उडिरहेको पात झैँ हुने छन् । कोही पनि डराएर, दबिएर वा दासत्वका साथ कायर बनेर पछि हट्ने छैनन् । कसैले डराएर पछि पर्ने खोजिहाल्यो भने पनि हावाहुन्डरीले उडाएका पातपतिङ्गर झैँ आफै माथि माथि उडे जस्ता वा पछ्याए जस्ता देखिने छन् ।

यसरी नेपाल आमाका भावी सन्तानले परिवर्तकामी आन्दोलनको नेतृत्व गर्दा अरू सबै सन्तान पात झैँ पछ्याउने कवितांशको सन्दर्भ रहेको छ । नेपाली जनता परिवर्तन, न्याय र समानताका पक्षधर हुन् भन्ने पुष्टि गरेको छ । मुक्तलयमा संरचित व्याख्यात्मक पङ्क्तिभित्र 'हुरी' र 'पात' जस्ता बिम्बको प्रयोगकै कारण कवितामा प्रजातन्त्रका लागि सर्वसाधारण जनताको सक्रिय सहभागिता हुने छ भन्ने विशिष्ट भाव प्रवाहित भएको छ ।

(ख) तर त्यो मिठो गीतले तिमीलाई

आफ्नो बाँसुरी बनाएनछ ।

बुँदाहरू

- क्रान्तिको लयमा लय मिलाउन सनकेको आशङ्का
- शिक्षादीक्षा, न्यायनिसाफ, कामकाज र आर्थिक समुन्नतिका कुनै विषय पनि नेपाली समाजसम्म पुग्न नपाएका
- नेपाली आमा सधैँ सर्वसाधारणको दु:ख देख्न नसकेर पिरोलिइरहेकी
- सन्तानमाथि हुने गरेको दमन र दुर्व्यवहारका कारण नेपाल आमा दु:खी
- त्यो मिठो गीतले बाँसुरी नबनाएको भन्ने अभिव्यक्तिबाट धर्तीमाताको धोको अझै पूरा नभएको कुरा व्यक्त ।

(ग) म आमा हुँ, सारा सिर्जनाशक्तिको मुख भएर

म भन्न सक्छु

त्यो आउँछ ।

१२. 'आमाको सपना' कवितामा आमाले देखेको सपना कसरी साकार हुने परिकल्पना गरिएको छ ? कविताका आधारमा समीक्षात्मक उत्तर लेख्नुहोस् ।

१३. दिइएको अनुच्छेद पढी मुख्य मुख्य पाँचओटा बुँदाहरू टिप्नुहोस् :

(क) सुरु सुरुमा इतिहास पनि साहित्यकै एक अङ्गका रूपमा मानिएको थियो । मानिसहरूलाई आनन्द दिलाउने तथा मनोरञ्जन प्रदान गर्ने साधनका रूपमा यसको प्रयोग गरिन्थ्यो । इतिहासका सत्य घटनालाई बढीभन्दा बढी रोचक बनाउन अनेक काल्पनिक कुरा समावेश गरिन्थ्यो । यसले गर्दा इतिहासको वास्तविकता के हो, पहिल्याउनसमेत गाह्रो पर्थ्यो । इसापूर्व पाँचौँ शताब्दीतिरका केही चिन्तकहरू इतिहासलाई तथ्यपूर्ण बनाउन प्रयत्नशील थिए । ग्रिक विद्वान् हेरोडोटसको नाम यस प्रसङ्गमा विशेष उल्लेखनीय छ । उनी इतिहासका प्रथम सिद्धान्तकारका रूपमा पनि चिनिन्छन् । हेरोडोटसपछि थुप्रै विद्वान्हरूले इतिहासलाई कथा र दन्त्यकथाभन्दा अलग ढङ्गले लेख्ने प्रयत्न गरे । हेरोडोटसकै अनुयायी थ्युसिडाइसले पेलोपोनेसियन युद्धको इतिहास आफ्नै व्यक्तिगत अवलोकन र प्रत्यक्षदर्शीको बयानका आधारमा तयार पारेका थिए । अरिस्टोटलले इतिहासलाई दार्शनिक चिन्तनका रूपमा लिएका थिए । मध्यकालमा आएर युरोपमा इतिहासलाई धर्मसँग गाँसेर अध्ययन र परिभाषित गर्ने परिपाटी विकास भयो । सोरौँ-सत्रौँ शताब्दीमा युरोपमा आएको पुनर्जागरणले भने इतिहास लेखनमा ठुलै परिवर्तन ल्यायो । यस युगमा आएको परिवर्तनले गर्दा फेरि विद्वान्हरूले इतिहास लेखनलाई तथ्यपूर्ण बनाउन थाले । आधुनिक युगमा इतिहास लेखनको वैज्ञानिक पद्धतिको विकास भयो । यस युगमा प्राचीन इतिहासको खोजीको प्रक्रिया पनि तीव्र भयो र इतिहास एउटा छुट्टै विधाका रूपमा स्थापित भयो ।

*उदाहरण :* **साहित्य र इतिहास**

- प्रारम्भमा इतिहास र साहित्य दुवै एउटै जस्ता भएकाले इतिहासमा समेत सत्यभन्दा बढी काल्पनिक कुरा मिसिनु
- पाँचौं शताब्दीतिर इतिहासलाई तथ्यपूर्ण बनाउने क्रममा ग्रिसेली हेरोडोटसको विशेष योगदान हुनु
- हेरोडेटसका अनुयायीबाट पेलोपोनेसियन युद्धको इतिहास आफ्नै व्यक्तिगत अवलोकन र प्रत्यक्षदर्शीको बयानका आधारमा तयार पारिनु
- इतिहासलाई अरिस्टोटलले दार्शनिक चिन्तनसँग र मध्यकालमा युरोपमा धर्मसँग गाँसेर अध्ययन गरिनु
- १६/१७औं शताब्दीमा युरोपमा इतिहास लेखनलाई तथ्यपूर्ण बनाएपछि छुट्टै विधाका रूपमा स्थापित हुनु ।

(ख) तेह्रौं शताब्दीको आरम्भदेखि नेपाल उपत्यकामा मल्लहरूको शासन व्यवस्था कायम भएको मानिन्छ । साथै, यस वंशका पहिलो शासक भनेर अरिमल्लको नाम लिने चलन छ तापनि अरि मल्लभन्दा धेरै अगाडिदेखि शासनमा मल्लहरूको सक्रियता थियो । अरि मल्लभन्दा एक शताब्दीअघिदेखि नै मल्लहरू कुनै न कुनै रूपमा शासनमा सक्रिय भएको कुरा गोपाल राजवंशावली तथा केही अभिलेखहरूमा समेत पाइन्छ । मल्लहरू प्राचीन जाति मानिन्छन् । प्राचीन संस्कृत वाङ्मयमा मल्लहरूको उल्लेख विशिष्ट वर्गका क्षेत्रीयको रूपमा गरिएको छ । महाभारत, विभिन्न बौद्ध साहित्यहरू, मनुस्मृति तथा अन्य विभिन्न पुराणमा मल्लहरूको सन्दर्भ पाउन सकिन्छ । महाभारतमा कोसलहरूको साथमा मल्लहरूको पनि समान चर्चा गरिएको पाइन्छ । मार्कण्डेय पुराणमा मिथिलाका विदेहहरूसँग मल्लहरू दाँजिएका छन् । पाचौं, छैठौं शताब्दी ई.पू. का सङ्गठित गणराज्यको सञ्चालन गरेर बसेका धेरै राजवंशहरू पछि क्रमश: राजतन्त्रात्मक शासनअन्तर्गत चलेका राज्यहरूको साम्राज्य विस्तारको चपेटामा परेर नेपालको भूभागमा पसेका उदाहरणहरू विभिन्न प्राचीन स्रोतहरूले दिएका छन् । लिच्छवि, कोलिय, शाक्य, मल्ल आदि सबै नै नेपालमा शरणार्थी रूपमा पसेका थिए । शाक्यहरू ललितपुर क्षेत्रमा बसेका थिए भने कोलियहरू कान्तिपुरमा बसोबास गर्दथे । त्यस्तै, मल्लहरूले सुरुमा गण्डकी क्षेत्रमा र पछि उपत्यकामा कतै न कतै बसोबास गरेको पाइन्छ ।

१४. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको छोटो उत्तर दिनुहोस् :

पानीमा फोहोर कसिङ्गर मिसियो भने प्रदूषित हुन्छ र हाम्रो लागि उपयोग गर्न उपयुक्त हुँदैन । पानी प्रदूषित हुनुमा धेरै कारणहरू हुन सक्छन् । हुन त सबभन्दा शुद्ध पानी वर्षाको मान्न सकिन्छ । जुन बेला बादल चिसिएर पानी बन्छ त्यसबेला पानी शुद्ध हुन्छ तर जब पानी आकाशबाट खस्न थाल्छ तब हावामा रहेका धुलाका कणहरू र ग्याँसहरूसँग सम्पर्कमा आएर पानी दूषित हुन थाल्छ । खास गरेर उद्योगहरूबाट धुवाँ धेरै फालिने ठाउँमा पानी धुवाँका कणहरूसँग मिसिएर तेजाब बन्छ र अम्लीय वर्षा हुन्छ । अम्लीय वर्षाको पानी निर्मल देखिन्छ तर यसमा माछालगायत अन्य जीवहरू भने बाँच्छ सक्दैनन् । अव्यवस्थित ढङ्गद्वारा ढल फाल्नाले पनि पानी प्रदूषित हुन्छ भन्ने कुराको उदाहरणका रूपमा काठमाडौं

वरपर बग्ने टुकुचा, विष्णुमती र बागमती खोलाहरूमा बगेको पानीमा नै देख्न सकिन्छ । ढल निकासले गर्दा प्रदूषित भएको पानीमा रोगका कीटाणुहरू व्यापक रूपमा फस्टाउने गर्छन् । साथै त्यस्तो पानीमा झारहरू उम्रिए पनि पानीमा रहने माछा र अन्य जीवहरू नष्ट हुन्छन् । खेतबारीबाट बग्ने रासायनिक मल, कल कारखानाबाट बग्ने रासायनिक झोल एवम् सडक र बस बिसौनीहरूबाट बग्ने रासायनिक पदार्थहरू मिसिएको भलले पनि पानी प्रदूषित हुन्छ । रासायनिक पदार्थहरू मिसिएको पानी स्वास्थ्यका लागि हानिकारक हुन्छ । कल कारखानाबाट रासायनिक झोलहरू उपचार गरेर फाल्नु पर्दा खर्च लाग्न सक्छ तर त्यस्ता झोलहरूका कारणले पानी दूषित हुँदा त्यसबाट हुने सङ्कट आखिरमा मानिस आफैँले भोग्नु पर्ने हुन्छ । कतिपय मिलहरूमा यन्त्रहरूलाई चिसो पार्न पानीको प्रयोग गरिन्छ । त्यसबाट निकासमा पठाइने पानी बाहिरको प्राकृतिक स्रोतबाट आएको पानीभन्दा अलि तातो हुन्छ । त्यसैले सामान्य तातो पानी खान र त्यस्तो पानीमा बस्न नसक्ने जीवाणु एवम् माछाहरू मर्न सक्छन् । पानीसँग सम्बन्धित अरू पनि समस्याहरू हुन सक्छन् । तीमध्ये खानेपानीको अभाव एउटा

हो । पानीको परिमाण कम हुनु, भएको पानी दूषित हुनु र खेर जानु वास्तवमा समस्या नै हो । त्यसै गरी अर्को समस्या हो - बाढी । नदीमा पानीको बहाव धेरै हुन गई वरपरको घरखेतसम्म पानी बग्न सक्छ । यसको खास कारण हो - वर्षाको पानी जमिनभित्र रसाएर जानुभन्दा भलका रूपमा बग्नु । त्यसो हुनुको कारण जमिनमा हरियाली कम भई माटो सुक्खा र कडा हुनु हो ।

प्रश्नहरू

(क) अम्लीय वर्षा कसरी हुन्छ ?

(ख) रसायन मिसिएको झोलले मानिस कसरी सङ्कटमा पर्छन् ?

(ग) जमिन सुक्खा हुनुको कारण के हो ?

(घ) पानीसँग सम्बन्धित समस्याहरू के के हुन् ?

१५. अरूले सुनाइएको वा रेकर्डिङ गरिएको कविता सुनेका आधारमा त्यस कवितामा व्यक्त विचार आफ्ना साथी वा परिवारका सदस्यलाई सुनाउनुहोस् ।

## भाषातत्त्व

### नेपाली वर्णको पहिचान र वर्गीकरण

१. तलका वर्णहरू पढ्नुहोस् र बुझ्नुहोस् :

| नेपाली लेख्य वर्ण | | नेपाली कथ्य वर्ण | |
|---|---|---|---|
| स्वर वर्ण | व्यञ्जन वर्ण | स्वर वर्ण | व्यञ्जन वर्ण |
| अ आ इ ई उ ऊ ऋ ए ऐ ओ औ अं अ: | क ख ग घ ङ च छ ज झ ञ | अ आ इ उ ए ओ | क ख ग घ ङ च छ ज झ |

| | | | |
|---|---|---|---|
| | ट ठ ड ढ ण<br>त थ द ध न<br>प फ ब भ म<br>य र ल व<br>श ष स ह<br>क्ष त्र ज्ञ | | ट ठ ड ढ -<br>त थ द ध न<br>प फ ब भ म<br>य र ल व<br>- - स ह |

(लेखाइमा प्रयोग हुने वर्ण लेख्य वर्ण हुन् । लेख्य वर्णहरूको समूहलाई वर्णमाला भनिन्छ । मौखिक भाषाको प्रयोग गर्दा आउने वर्ण कथ्य वा उच्चार्य वर्ण हुन् । नेपाली भाषामा लेख्य स्वर वर्ण १३ ओटा छन् भने कथ्य स्वर वर्ण ६ ओटा मात्र छन् । त्यसैगरी लेख्य व्यञ्जन वर्ण ३६ ओटा र कथ्य व्यञ्जन वर्ण २९ ओटा छन् ।)

### अक्षरसंरचना

२. तालिकामा दिइएका शब्दको लेख्य रूप, कथ्य रूप, अक्षरसंरचना, अक्षरको बनोट र अक्षरसङ्ख्या हेर्नुहोस् :

| शब्दको लेख्य रूप | शब्दको कथ्य रूप | अक्षरसंरचना | अक्षरको बनोट | अक्षरसङ्ख्या |
|---|---|---|---|---|
| ए | ए | /ए / (ए) | स्व | एक |
| बौद्ध | बउद्ध | /बउद्.ध/<br>(ब्अउद्.ध्(अ) | व्यस्व<br>(द्विस्वर)व्य.व्यस्व | दुई |
| आगमन | आगमन् | /आ.ग.मन्/<br>(आ.ग्अ.म्अन्) | स्व.व्यस्व.व्यस्वव्य | तीन |
| आज्ञाकारी | आग्ग्याँकारि | /आग्.ग्याँ.का.रि/<br>(आग्.ग्य्आँ.क्आ.र्(इ) | स्वव्य.व्यव्यस्व.व्यस्व.व्यस्व | चार |

माथिका उदाहरणमा एउटा अक्षरमा एकभन्दा बढी व्यञ्जन आए पनि स्वर चाहिँ एउटा मात्र आएको पाइन्छ । 'ए' एक अक्षरबाट बनेको शब्द हो । यसमा एउटा स्वर वर्ण आएको छ । 'बौद्ध' दुई अक्षरबाट बनेको शब्द हो । 'बउद्' मा व्यञ्जन, द्विस्वर र व्यञ्जन तथा 'ध' मा एउटा व्यञ्जन र एउटा स्वर वर्ण रहेका छन् । यस्ता हरेक अंश सासको एक झोक्कामा उच्चारण हुने भएकाले अक्षरसङ्ख्याका दृष्टिले यिनीहरू एउटै हुन् । त्यस्तै 'आ.ग.मन्' मा तीन र 'आग्.ग्याँ.का.रि'मा चार अक्षर रहेका छन् । यसरी हरेक अक्षरमा स्वर वर्ण अनिवार्य रूपमा आएका छन् । यसर्थ अक्षरमा स्वर एक्लै पनि रहन सक्छ र त्यसका अघि र पछि वा अघिपछि दुवैतिर व्यञ्जन वर्ण आउन सक्छन् । स्वर वर्ण स्वतन्त्र रूपमा उच्चारण हुने

भएकाले यी सासको एक झोक्कामा उच्चारण हुन्छन् । अत: अक्षर भनेको सासको एक झोक्कामा उच्चारण हुने भाषिक एकाइ हो ।

**अक्षरसंरचना देखाउँदा ध्यान दिनुपर्ने कुरा :**

- सासको एक झोक्कालाई एक अक्षर मान्नुपर्छ ।
- अक्षरको विभाजन गर्न थोप्लो (.) चिह्न प्रयोग गर्नुपर्छ ।
- एक अक्षर भएका शब्दमा थोप्लो चिह्नको प्रयोग गर्नु पर्दैन ।
- अक्षरसंरचना देखाउँदा दोहोरो तिर्यक् (/ /) भित्र राखिन्छ ।
- द्विस्वर, द्वित्व उच्चारण, संयुक्त वर्ण, हलन्त उच्चारण हुने शब्दको अक्षरसंरचना उच्चारणअनुसार नै लेख्नुपर्छ ।
- द्विस्वर भएमा छिटो उच्चारण भएकाले अधोरेखाङ्कन गर्नुपर्छ ।
- अक्षरसंरचनालाई लेखेर देखाउँदा कथ्य वा उच्चार्य वर्णको मात्र प्रयोग गर्नुपर्छ ।
- अक्षरसंरचनामा व्यञ्जन वर्णलाई हलन्त गर्नुपर्छ ।
- 'ब' र 'व' प्रयोग भएका शब्द छन् भने उच्चारणअनुसार नै लेख्नुपर्छ ।
- दुईपटक वा द्वित्व उच्चारण हुने वर्णलाई दुईपटक नै लेख्नुपर्छ ।
- उच्चारणमा ध्वनि परिवर्तन भए परिवर्तित वर्ण नै लेख्नुपर्छ ।
- शब्दमा प्रयुक्त स्वरव्यञ्जन वर्णलाई छुट्याएर वा नछुट्याई दुवै तरिकाले देखाउन सकिन्छ ।
- चन्द्रबिन्दुलाई स्वरवर्णसँग जोडेर लेख्नुपर्छ ।
- शिरबिन्दुलाई उच्चारणअनुसार ङ्, न् म् आदि वर्णद्वारा लेखेर देखाउनुपर्छ ।
- विसर्ग (:) भए त्यसलाई ह् वर्णमा लेख्नुपर्छ ।
- क्ष वर्ण भएका शब्दहरूमा वैकल्पिक प्रयोग गर्न सकिन्छ (अक्छ्यर्, अच्छ्यर्) तर शब्दको सुरुमा 'क्ष' भए 'छ्य' मात्र लेखिन्छ ।

३. तालिकामा दिइएका शब्दको उच्चारण गर्नुहोस् र तिनको अक्षरसंरचना तथा सङ्ख्या हेर्नुहोस् :

| शब्द (लेख्य रूप) | कथ्य रूप | अक्षरसंरचना | अक्षर सङ्ख्या |
|---|---|---|---|
| आँप | आँप् | /आँप/ (आँप्) | एक |
| संसार | सन्सार् | /सन्.सार्/ (स्अन्.स्आर्) | दुई |
| सत्य | सत्त्य | /सत्.त्य/ (स्अत्.त्य्(अ) | दुई |

| | | | |
|---|---|---|---|
| विशेषण | बिसेसँङ् (न्/ण्) | /बि.से.सँङ्/ (ब्इ.स्ए.स्अँङ्) | तीन |
| औचित्य | अउचित्त्य | /अउ.चित्.त्य/ (अउ.च्इत्.त्य्(अ) | तीन |
| विद्यालय | बिद्द्यालय | /बिद्.द्या.ल.य/(ब्इद्.द्य्आ.ल्अ.य्(अ) | चार |
| पवित्रता | पबित्त्रता (पबित्त्रता) | /प.बित्.त्र.ता/ (प्अ.ब्इत्.त्र्अ.त्(आ) | चार |
| नगरपालिका | नगर्पालिका | /न.गर्.पा.लि.का/ (न्अ.ग्अर्.प्आ.ल्इ.क्आ | पाँच |
| परमाधिपति | परमाधिपति | /प.र.मा.धि.प.ति/ (प्अ.र्अ.म्आ.ध्इ.प्अ.त्(इ) | छ |
| महान्यायाधिवक्त | महान्यायाधिबक्ता | /म.हा.न्या.या.धि.बक्.ता/ (म्अ.ह्आ.न्य्आ.य्आ.ध्इ.ब्अक्.त्(आ) | सात |

४. उदाहरण हेर्नुहोस् र तल दिइएका शब्दको अक्षरसंरचना छुट्याई सङ्ख्यासमेत लेख्नुहोस् :

| शब्द (लेख्य रूप) | कथ्य रूप | अक्षरसंरचना | अक्षर सङ्ख्या |
|---|---|---|---|
| कन्या | कन्न्या | /कन्.न्या/ | दुई |
| बाक्लो | बाक्क्लो | | |
| अत्याचार | अत्त्याचार् | | |
| नित्यकर्म | नित्त्यकर्म | | |
| माध्यमिक | माद्ध्यमिक् | | |

५. तलका अनुच्छेदमा रेखाङ्कित पदको अक्षरसंरचना र अक्षरसङ्ख्या देखाउनुहोस् :

(क) मानिसलाई कोरोनालगायतका विभिन्न भाइरसले वेला वेलामा सताए जस्तै कम्प्युटरलाई पनि ब्रोन्टक, बुट सेक्टर जस्ता विभिन्न भाइरसले सताउन सक्छन् । यसैले कम्प्युटरलाई सधैँ स्वस्थ र क्रियाशील बनाउन यसमा एन्टिभाइरस सफ्टवेयर पनि अनिवार्य रूपमा इन्स्टल गर्नुपर्ने हुन्छ ।

(ख) भिडका मानिस त्यस यन्त्रमानवलाई नजिकैबाट नियालिरहेका थिए । कोही यन्त्रमानवसँग बडो आरामले हात मिलाइरहेका थिए । कोही अचम्म मानेर त्यसलाई सुमसुम्याइरहेका थिए । कोही सँगै बसेर फोटो खिचाइरहेका थिए । भिडका केही वृद्धवृद्धा भगवान्को आधुनिक अवतार ठानेर त्यस यन्त्रमानवको चरणस्पर्श गरिरहेका थिए ।

(ग) शारीरिक अशक्तता भएकै कारण औपचारिक रूपमा अध्ययन गर्न पाउने अवसरबाट वञ्चित भएकी झमकले घरमा भाइ र बहिनीले पढेलेखेको देखेसुनेर शिक्षा आर्जन गरेकी हुन् । खाने मुखलाई जुँगाले छेक्दैन भने झैँ भाइबहिनीका किताब पढ्दै र स्वाध्ययन गर्दै उनले उत्कृष्ट साहित्य सिर्जना गर्न सक्ने योग्यतासमेत हासिल गरिन् ।

## वर्णविन्यासको परिचय

६. पढ्नुहोस् र बुझ्नुहोस् :

शब्द अथवा वाक्यगत भाषिक अभिव्यक्तिका क्रममा उपयुक्त अर्थ आउने किसिमबाट उपयुक्त स्थानमा उचित वर्णहरूको विन्यास वा रखाइ नै वर्णविन्यास हो । यस क्रममा व्याकरण वा शब्दकोशका आधारमा वर्ण वा लिपिचिह्नको यथोचित विन्यास गरिन्छ । वर्णविन्यासको भिन्नताले अर्थमा भिन्नता ल्याउन सक्छ अथवा भाषिक अभिव्यक्ति अनर्थपूर्ण बन्न सक्छ । वर्णविन्यासभित्र ह्रस्व/ दीर्घ, हलन्त/ अजन्त, चन्दबिन्दु/ शिरबिन्दु, पञ्चम वर्ण, ऋ/रि, क्ष/छ्य, ब/व, ग्य/ज्ञ, श/ष/स तथा य/ए लगायत विभिन्न लेख्यचिह्नको समेत ख्याल गरिन्छ ।

### शब्दको सुरुमा ह्रस्व

- तितो, मिठो, तिखो, किसान, सिरान, दुध, कुकुर, बुढो, बिच, ठिक, स्कुल, खुर्पा, ठुलो, भुल, किताब, इज्जत आदि केही तद्भव र आगन्तुक शब्द ।
- तिनी, यिनी, तिमी, उनी, उहाँ आदि केही सर्वनाम ।
- दुई, उन्नाइस, बिस, तिस, त्रिचालिस, उनन्सय/उनान्सय आदि केही सङ्ख्यात्मक शब्द ।
- दुधालु, पुर्बेली, मुख्याइँ, धुपौरो, पुजारी, स्विकार्नु, सिकारु, सिपालु, नुनिलो आदि केही व्युत्पन्न शब्द ।
- किन्, रु, दि, लिन्छ, हुन्छ आदि धातु/क्रियापद ।
- किटिक्क, झुलुक्क, मुसुमुसु, कुटुकुटु, चुर्लुम्म, धुरुधुरु आदि अनुकरणात्मक शब्द ।

### शब्दको बिचमा ह्रस्व

- बलियो, माहिलो, भानिज, नुनिलो, सिलिङ, बारुलो, मुजुर, कपुर, कानुन, हजुर, इन्स्टिच्युट, बटुवा आदि केही तद्भव र आगन्तुक शब्द ।
- चौबिस, एकतिस, चवालिस, एकाउन्न आदि केही सङ्ख्यात्मक शब्द ।
- बाहिर, कहिले, अहिले, यतिन्जेल, टुसुक्क, सुटुक्क आदि केही अव्यय शब्द ।
- बलियो, अमिलो, मौखिक, जोसुकै, दसगुना आदि केही विशेषण शब्द ।

- खाइयो, लेखिएछ, पढिन्थ्यो, पिटियो, बसिन्छ, आदि क्रियापद ।
- झिमिक्क, कुपुकुपु, लुसुक्क, धुरुक्क, मुसुमुसु आदि अनुकरणात्मक शब्द ।
- अतिरिक्त, अधिकार, अभिनय, अनुहार, परिवर्तन, प्रतिनिधि आदि अति, अधि, अभि, अनु, परि, प्रति, उपसर्ग लागेका शब्द ।
- घटिया, चिनियाँ, अंशियार, दरिलो, भाषिक, लेखिका, रचित, अग्रिम, भावुक, सहकारिता, स्वामित्व आदि इया, इयाँ, इयार, इलो, इक, इका, इत, इम, उक, ता, त्व प्रत्यय लागेका शब्द ।
- सुब्बिनी, थपिनी, बाहुनी, कर्किनी आदि पुलिङ्गबाट स्त्रीलिङ्ग बनाइएका शब्द ।

शब्दको अन्त्यमा ह्रस्व

- पति, पनाति, दाइ, भाइ, बाबु, भिनाजु, फुपाजु, जेठाजु आदि (तर सम्धी, हात्ती, स्वामी आदि अपवादबाहेक) पुलिङ्गी नाम र नाता बुझाउने शब्द ।
- गाउँ, ठाउँ, मलेखु, साँखु, सोलु, आलु, पिँडालु, घिउ, केराउ आदि स्थानवाचक तथा निर्जीव नाम ।
- अगाडि, पछाडि, भोलि, वरिपरि, पर्सि, बर्सेनि, फेरि, माथि आदि अव्यय शब्द ।
- गर्नु, पढ्नु, जान्छु, बस्छु, लेख्छु आदि 'नु' र 'छु' जोडिने क्रियापद ।
- पढाइ, लेखाइ, दयालु, मायालु, मुर्ख्याइँ, लडाइँ, चुनाउ, पक्राउ, घरेलु आदि 'आइ, आलु, याइँ, आउ, एलु' प्रत्यय लागेका शब्द ।
- रुचि, त्रुटि, मणि, कृति, निधि, विधि, कृषि, रश्मि, गिरि, कलि आदि चि, टि, णि, ति, थि, धि, षि, मि, रि, लि आउने तत्सम शब्द ।

७. दिइएका शब्दलाई शुद्ध गर्नुहोस् :

गरीब, मूलुक, मायालू, माइजु, तीस, ऊनी, पछाडी, मुसूमुसू, ठूलो, बेठीक, वरिपरी

८. दिइएको अनुच्छेदलाई शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :

(क) हून्छ, दूलहीले छोएको तपाईंहरू बीस जना नखानूहोला । उनले छोएको खाने संसारमा बीस लाख मानीस छन् । अझ करौडौँ पशूपन्छी छन् । हून्छ, तपाईंहरू घृणाले नाता टूटाउँदै जानूस्, प्रेमले नाता जूटाउनेहरू जगत्मा अनगीन्ती छन् ।

(ख) माथील्लो ह्याङ्जाको पश्चीममा हाम्रा अगाडी याङ्दी खोलाको बाढीले बनाएको मैदान थियो । सो मैदान कास्की डाँडाको ठाडो भीरालो मोहडा र धम्पूसको डाँडाबीचमा रहेको उपत्यकाबाट घेरीएको थियो । केही थकाली भट्टी भएका बारी नाघेर हामी पश्चीमतीर बढ्दै गयौँ र एउटा भट्टीमा चीया खायौँ ।

**सिर्जना/परियोजना**

१. दिइएको कवितांशमा उपयुक्त शब्द छानी भर्नुहोस् :

(हिमालको, मैदानमा, गाथा बोकी, न्यानो घाम)

गौरवको ............... सिर्जनाको फूल रोपी

नेपालीको मनमुटु ............. हिउँले छोपी

आएँ तल मधेसमा न्यानो तापी ................

उदाएको ............. पूर्वको त्यो बिहानीमा ।

२. दिइएका कविता र गजल पढ्नुहोस् । लय र संरचनाका दृष्टिले यिनीहरूमा रहेका भिन्नता एक अनुच्छेदमा लेख्नुहोस् :

(क) पद्य कविता

समस्त सृष्टिचक्र यो बसेन एक ठाउँमा
मनुष्य के गरी टिकोस् सुटुक्क एक गाउँमा ।
समाज नै विकास भो बसेन शून्यमा किन ?
बिहान सूर्य आउँछन् विलीन साँझमा किन ?
चलायमान छन् सबै बसाइँ नित्य सर्दछन्
र आज देखिने कुरा तुरुन्त भोलि मर्दछन् ।
बुझिन्न भोलि हुन्छ के रहस्य गोप्य छन् सबै
बुझे बुझे समान हो बुझिन्न मूढ छन् सबै ।
समाज चाहियो भने म फेरि खोज्न आउँला
हरेस खाइयो भने गुहार माग्न आउँला ।
र शान्ति पाइयो भने यतै बसी रमाउँला
नगर्नु कष्ट बन्धु हो ! समाज मै बनाउँला । (भुवनहरि सिग्देल)

(ख) गद्य कविता

तराईको फाँट जस्तै
फराकिलो बनाइदिऊँ
मानिसको छाती
सगरमाथा जस्तै उच्च बनाइदिऊँ
नेपालको शिर
ज्ञान विज्ञानको माटाले
भरिपूर्ण बनाइदिऊँ

मानिसहरूको मस्तिष्क
र त्यहीँबाट उमारौँ
समानताको बिरुवा
विकास गरौँ मानव
समाजको विभेदरहित अध्याय । (भैरवी भूगोल)

(ग) गजल

सुनेकै हो मैले पनि बुढापाकाबाट
मुटुसम्म जाने बाटो हुन्छ आँखाबाट ।
हेर्दा तिम्रो आँखातिर थाहा मैले पाएँ
हिँड्दै रै'छु म त त्यहाँ पाखैपाखाबाट ।
यता हेर्दा उता हेछ्र्यौं, उता हेर्दा यता
जोगाउन मुटुलाई चोर डाँकाबाट ।
हृदयमा बस्नेसित भेट हुँदाखेरि
मौन आँखा बोल्छ कति चर्को भाकाबाट ।
माया जति खोजे पनि मन माहुरीले
निचोरिन्छ सधैं सधैं मह चाकाबाट ।
यति पनि नबुझ्नेलाई 'मनु' भन्नुपर्छ
बिउँझिएला कल्पनाको जब काखाबाट ।
*(मनु ब्राजाकी)*

पाठ २

# विरहिणी दमयन्ती

### परिचय

मदनमणि दीक्षित (१९७९-२०७६) पौराणिक तथा ऐतिहासिक विषयका कथाकार हुन् । उनी मूलतः कथाकार, उपन्यासकार र निबन्धकार/संस्मरणकारका रूपमा चिनिन्छन् । उनका 'कसले जित्यो कसले हाऱ्यो' (२०२१), 'माधवी' (२०३९), 'ग्याँस च्याम्बरको मृत्यु' (२०४२), 'त्यो युग' (२०४४), 'हाम्रा ती दिन' (२०२९), 'म रुँदै बिर्सन्छु' (२०२७), 'चरैवेति' (२०४४) तथा 'बर्लिन डायरीका पाना' (सन् १९८४) आदि कृतिहरू प्रकाशित छन् । उनका कथाहरूमा सामाजिक यथार्थका साथै वैदिक, पौराणिक तथा ऐतिहासिक विषयवस्तु पाइन्छन् । उनका कथामा पौराणिक मिथकको प्रयोग गरिएको पाइन्छ । उनले आफ्ना कृतिमार्फत सामन्ती मानसिकताको विरोध र परम्परित पुरुषप्रधान समाजका कुप्रवृत्तिको आलोचना गरी समतामूलक समाज निर्माणको चाहना व्यक्त गरेका छन् । विशेष गरी नारी पात्रप्रतिको सहानुभूति र मानवीय भावनाले मलजल पाएका छन् । उनी पौराणिक बिम्ब र प्राकृतिक सन्दर्भहरूको प्रयोगका दृष्टिले सफल कथाकारका रूपमा चिनिन्छन् । वैचारिकता र काव्यात्मक भाषाशैली उनको लेखनगत वैशिष्ट्य मानिन्छ ।

प्रस्तुत 'विरहिणी दमयन्ती' पौराणिक विषयवस्तुलाई आधार बनाएर लेखिएको उत्कृष्ट कथा हो । महाभारतीय पात्र नल र दमयन्तीसम्बन्धी उपाख्यानमा आधारित यस कथामा आफ्ना श्रीमान्को बिछोडका कारण विरहव्यथामा रहेकी दमयन्तीले उनको खोजीका क्रममा देखाएको साहस, त्याग र तपस्याबारे चित्रण गरिएको छ । एउटी पतिव्रता नारीले कतिसम्म सङ्घर्ष र चातुर्यका भरमा आफूलाई सुरक्षित राख्दै लक्ष्यसम्म पुग्ने कोसिस गर्न सक्छिन् भन्ने दृष्टान्त प्रस्तुत गरिएको छ ।

### सिकाइ उपलब्धि

१. पाठमा प्रयुक्त शब्दको अर्थबोध गरी प्रयोग गर्न

२. निर्दिष्ट पारिभाषिक शब्द र टुक्काको अर्थबोध गरी प्रयोग गर्न

३. कथामा प्रयुक्त घटनाहरूको सिलसिलाबद्ध टिपोट गर्न

४. पाठगत बोध, तार्किक र समीक्षात्मक उत्तर दिन

५. बोध प्रश्नोत्तर र कथासार प्रस्तुत गर्न

६. टिप्पणी लेखन र शब्दकोशको प्रयोग गर्न

७. पदवर्ग पहिचान र अभ्यास तथा श, ष, स वर्णको प्रयोग गर्न

८. निर्देशित वा स्वतन्त्र कथा लेखनको अभ्यास गर्न ।

# विरहिणी दमयन्ती

*- मदनमणि दीक्षित*

मध्यरातमा कर्कोटक नागहरूको त्यो गाउँबाहिर घनघोर जङ्गलको एकान्त छाप्रामा उसलाई केही नभनी एक्लै परित्याग गरेर हिँड्ने निषधराज नललाई विदीर्ण हृदयले खोज्दै कोमलाङ्गी वैदर्भी दमयन्ती जङ्गलको गोरेटामा हिँडिरहिन् । दमयन्तीले नलसित आनन्दित र सुखी जीवन बिताएकी थिइन् । ती वर्षहरूमा तिनी आफ्नो चारैतिर जताततै नललाई मात्र देख्थिन् । कर्कोटक नागहरूको त्यो वनमा पनि तिनमा जताततै नलको भ्रम हुन थाल्यो ।

बौलाही झैँ प्रियतम नल ! कल्याणकर्ता निषधराज ! मेरी छोरी इन्द्रसेना र छोरो इन्द्रसेनका प्यारा पिता मेरा नल ! मलाई यसरी दुखित नतुल्याऊ, मबाट यसरी लुकेर नबस भन्दै बोटबिरुवासँग, फूल र लहरासँग रुँदै, पुकारा गर्दै दमयन्ती एकातिर हिँडिरहिन् ।

आफूसँगै नल छैनन् भन्नेमा विश्वस्त रहेर पनि दमयन्तीले विश्वास नै गर्न सकिनन् । अश्रुधाराले छोपिएका तिनका आँखाबाट तिनी प्रत्येक फूल र हरिया पातमा, वनको प्रत्येक सुगन्धमा, वनमा देखिने चराचुरुङ्गी, मृग र पशुहरूमा नलकै रूप देख्थिन् र फेरि आफैँसित तर्सिँदै आफूलाई समाल्थिन् तैपनि वियोगको त्यो उत्कट ज्वालामा दमयन्तीको हृदय भस्मीभूत हुँदै गयो ।

भोकी, अर्धनग्न, विक्षिप्त र शिथिल भएकी दमयन्तीलाई हिँड्न पनि गाह्रो भयो । तिनले एउटा पिपलबोटको फेदमा आश्रय लिइन् र दाहिने पाखुराको सिरान गरेर शून्य आकाशतिर हेर्दै पल्टिएर आफ्नो मनभित्र जीवनको अर्थ खोज्न थालिन् । बिहानदेखिकै शान्त तिनी एकान्तिक नारीका आँखा पनि शून्य आकाशमा नललाई खोज्दाखोज्दै निद्रालीन भए । सूर्य अस्ताउन केही समय बाँकी थियो । अस्ताउँदो सूर्यका कलिला पहेँला तेर्सा किरण दमयन्तीका मुहार र वक्षस्थलमा पर्न थाले ।

सपनामा दमयन्तीले नलको भाइ जुआडी पुष्करको कालो मुहारमा सेता दन्तपङ्क्ति र रातो पहेँलो आँखा देखिन् । सपनामा पुष्करले दमयन्तीलाई बोलाउँदै शिर सुम्सुम्याइरहेको थियो । दमयन्ती आतेसमा परेर निसास्सिएर ब्युँझिइन् । तिनले देखिन् एउटा भुसतिघ्रे, कालो, बलिष्ठको, डरलाग्दो नागजातिको पुरुष तिनको मुहारतिर कामुक दृष्टिले हेर्दै कपाल सुम्सुम्याइरहेको थियो । आत्तिएर दमयन्ती झ्वाट्ट उभिइन् र रक्षा माग्दै एकातिर दौडिन थालिन् । कर्कोटक जातिको त्यो नागले पनि दमयन्तीलाई समात्न खोज्दै पछि पछि दौडँदै आइरह्यो । "मलाई रक्षा गर !" जताततै चिच्याउँदै दौडिरहेकी दमयन्तीलाई केही बेरपछि त्यो कर्कोटकले समात्यो र जुरुक्क काँधमा बोकेर आफ्नो छाप्रोतिर दौडियो । दमयन्तीले आफूलाई पूर्णतः असुरक्षित र असहाय ठानिन् । कर्कोटकका काँधमा केही बेर छटपटाएपछि तिनी शान्त भइन् र आफ्नो रक्षाका उपायबारे विचार गर्न थालिन् ।

सूर्य अस्ताइसकेको थियो । कर्कोटकले आफ्नो छाप्राको पिँढीमा दमयन्तीलाई काँधबाट ओराल्यो । भुइँमा उभिएकी दमयन्तीले मुसुक्क हाँस्दै कर्कोटकलाई नमस्कार गरिन् र आफ्नो भोकबारे बताइन् । आफ्नो विजयमा त्यो नागयुवक प्रसन्न भयो । त्यसले पिँढीमा सुकुल ओछ्याएर त्यसमाथि बाघछाला हाल्दै "तिमी यहाँ सुखासनमा बस सुन्दरी, मसित नडराऊ । तिमी नारी हौ । म पुरुष हुँ । नारी र पुरुषको संयोग सृष्टिकारी हुने गर्छन् । यो संयोगमा त्रास किन ? हामी वार्तालाप गरौँ" भन्यो ।

नागयुवक दुष्टात्मा हो भन्ने कुरा त त्यसको कामुक आँखा र स्वरबाटै दमयन्तीले बुझिसकेकी थिइन् । उनले आफ्नो रक्षाको निम्ति उपाय खोज्न तिनले आफूलाई शान्त र संयत राखिन् र आफ्नो दुःख व्यथाबारे बताउन थालिन् । नागयुवकलाई आफ्नो कथा बताउँदा दमयन्तीले नलले जङ्गलको बाटो बिराएर हराएको कुरा मात्र गरिन् ।

"यसको पति नल हरायो । वन एकान्त छ, त्यहाँका नाग नरनारीलाई यस्ती सुकुमारीलाई मैले नगरबाट हरण गरी ल्याएको हुँ भनी आफ्नो बहादुरीको बखान गरेर आफ्ना गाउँलेलाई प्रसन्न तुल्याउने छु । यी नारी मेरी भइसकिन् । यिनीसित राती सुखभोग गर्ने छु" भन्ने विचार गर्दै कर्कोटक नागले दमयन्तीसामु त्यहाँ कुरा गऱ्यो पनि । दमयन्तीले आफूले रक्षक पाएर सन्तुष्ट भएको छु भनी आफ्नो प्रसन्नता जस्तो समेत प्रकट गरिन् । नागले दमयन्तीको भोकको कुरा सम्झियो र तिनका निम्ति कन्दमूल र दुधको खिरका साथ मृगको सुकुटी पकाउने र पोल्ने कुरा गऱ्यो, दमयन्ती खुसी भइन् ।



छाप्रामा आगो बालेर कर्कोटक नागयुवक भोजन पकाउनमा लाग्यो । बाहिर पिँढीमा निस्पट्ट अन्धकार छ । उज्यालो चाहियो भनेर दमयन्तीले चुलाबाट एउटा अगुल्टो मागेर पिँढीतिर लागिन् । दमयन्ती पाएर उन्मत्त र प्रसन्न भएको नागयुवकले छाप्राको कुनाबाट जौको जाँडको घैंटो ल्याएर आफू खाँदै दमयन्तीलाई पनि दियो । आफूलाई भोजनसँगै मात्र मदिरा मन पर्छ, त्यस वेला मात्र खाने छु बरु तिमी आफूले खाऊ भन्दै दमयन्तीले मायालु हातले नागयुवकलाई मदिरा खुवाउँदै रहिन् । कन्दमूलको खिर पकाउँदा पकाउँदै कर्कोटक उङ्न थाल्यो । दमयन्तीले छाप्राको ढोका र पँढीमा जाँड पोखेर अगुल्टाले ढोकाको जाँड र छाप्रामा आगो लगाइदिइन् र त्यहाँबाट पूर्व दिशामा सुइँकुच्चा ठोकिन् । कर्कोटक नागयुवकबाट त्यसरी छुटकारा लिए पनि एक कोस पूर्वतिर गएर दमयन्तीले शिंशपा रुखका हाँगामा सावधान बसी रात गुजारिन् ।

किंकर्तव्यविमूढ तथा सधैं अपराजिता रहेकी तर त्यस वेला आफूलाई पराजित अनुभव गरेर विह्वल भएकी दमयन्ती तीन दिनसम्म जङ्गलको माझ विह्वल हुँदै र बाटामा पाएका कन्दमूल खाँदै हिँडिरहिन् । जङ्गलबिचका साना खुला ठाउँमा छसात घर भएका निषाद र नागको बसोबास

देखिँदा ती घरसित समेत तर्सिएर दमयन्ती वन्यप्रान्तकै बाटो हिँडिरहिन् । एकान्त यात्रामा ती एक्ली नारीले आफू र वनस्पति तथा पशुपन्छी अनि नलबिच एकात्मकता रहे जस्तो अनुभव गर्ने गरिन् । वनको बाटामा आफ्नो सामान्य रक्षाका निम्ति तिनले हातमा एउटा लट्ठी लिएकी थिइन् । कुनै अजिङ्गर, कर्कोटक वा निषादयुवकले फेरि बलजफ्ती गर्न नपाओस् । त्यस्ता कुनैले देखिहाल्यो भने पनि कुरूप र बौलाही ठानेर त्यस्ताले आक्रमण नगरुन् भन्ने विचार गर्दै दमयन्तीले आफ्नो केशलाई धुलाले मुसारेर जगल्टा जस्तो बनाइन् । आफ्नो रूपलाई हिलो दलेर विकृत तुल्याइन् । मानिसको परिचय उसको शरीरले भन्दा पनि उसको मस्तिष्क र हृदयले दिने हुँदा शरीरलाई जतिसुकै क्षतविक्षत तुल्याए पनि दमयन्तीको हृदय र बुद्धि भविष्यको उज्यालो आशामा नलप्रति झन् झन् बढी मुग्ध र कोमल हुँदै गयो । जहिले जुन रूपमा भए पनि आफ्ना पति नललाई आफूले अवश्य नै फेला पार्ने छु भन्नेमा तिनको विश्वास झन् झन् दृढ हुँदै गयो । तेस्रो दिनको साँझ सूर्यास्तको समयमा वनका बिच खुला ठाउँमा रहेको खेतमा देखा परिरहेको एउटा ठुलो ढुङ्गानजिक पुगेर दमयन्ती अडिइन् ।

तिनले चारैतिर हेरिन् । टाढा पूर्वतिर पातलो जङ्गलको पारि केही छाप्रा रहे जस्तो तिनलाई लाग्यो । तीन दिनदेखि नरनारीको मुखसम्म नदेखेकी दमयन्तीमा मानिसको सान्निध्यको अनुभवले आनन्द दिन थाल्यो भने आशाका लहर पनि उठ्न थाले । सूर्यास्त हुँदै गयो । टाढाका तिनै छाप्रातिरबाट कुखुरा बासेको स्वर तिनले सुनिन् । त्यो स्वरले उल्लासमय मनोदशामा पुगेकी दमयन्तीको मनलाई तिनै छाप्राका नरनारीतिर, मानिसको सामीप्यतिर तान्न थाल्यो । तथापि दमयन्तीले प्रबल आत्मनियन्त्रणलाई अँगालेर खेतका हरिया मुना र कलिला काँचा जौँका झारद्वारा भोकलाई शान्त पार्दै त्यही ढुङ्गामाथि लम्पसार परिन् ।

तीनदेखि निद हराएकी दमयन्ती तुरुन्तै गहिरो निद्रामा परिन् । मध्यराततिर नललाई सम्झिएर बर्बराइरहेकी दमयन्तीको आँखा खुल्यो । कालोनिलो आकाशमा उत्तरतिर ध्रुवतारा त्यसको दाहिनेतिर सातातारा र देब्रेतिर पाँच ताराका उज्याला तारामण्डलले तिनलाई मोहित तुल्यायो । पूर्वदेखि पश्चिमतिर केही दक्षिणतिर ढल्किएको आकाशगङ्गा दमयन्तीका दृष्टिमा सङ्गीतमय हुन थाल्यो । आकाश र पृथ्वी यस्ता सुन्दर छन् । तिनका बिच आफू एक्ली विरहिणी अवस्थामा अनुभव गरेर दमयन्ती कोमल मधुर स्वरमा वियोग र पीडाको गीत गाउन थालिन् । कति बेरसम्म तिनले गीत गाइन्, तिनले आफैँ थाहा पाइनन् । आकाशमा बिस्तारै बिस्तारै उब्रिएर आउँदै पातला बादलले त्यो सुन्दर आकाशलाई दमयन्तीका हृदयमा धूमिल तुल्याउँदै लग्यो । बिस्तारै बिस्तारै दमयन्ती फेरि निदाइन् । यो पछिल्लो निद तिनका निम्ति बढी आनन्ददायी हुँदै गयो ।

आफ्नो सपनामा दमयन्तीले त्यो बाक्लो जङ्गलबिच त्यस्तै एउटा फराकिलो खुला ठाउँमा ऋषिहरूका आश्रमका छाप्रा देखिन् । त्यो आश्रमको चारैतिर मृग, मयूर, सुगा र गाईबाच्छा चरिरहेका देखेर मानवसामीप्य खोज्दै दमयन्ती ती छाप्रातिर अघि सरिन् । फेरि आक्रमण गर्छ कि कसैले भन्ने भयले गर्दा तिनका पाइला सुस्तरी उठिरहेका थिए ।

सपनामै तिनले मानव आवाज सुनिन्, "सुन्दरी !" आफ्नो रूपलाई आफैँले विकृत तुल्याइसकेकी तिनलाई सम्झना भयो तर पाइलो अघि सरिरह्यो ।

त्यही स्वर फेरि सुनियो, "तिमी को हौ ? वनदेवी, राक्षसी, यक्षी वा गन्धर्वी अथवा देवनारी कि मानवी ममा तिनले यथेष्ट मित्रता तथा सम्मानपूर्ण सत्कारका साथ भोजन गरिन् । सपनामा फेरि तिनले सुनिन्, "अझै उत्तरपट्टि हिँड्दै जाऊ, खोज्दै जाऊ, तिम्रो नल भेटिने छन् । नल पनि तिमीलाई खोज्दै अति पीडित हृदय लिएर तिमीतिरै आइरहेछन् ।"

“कहाँ थियौ यतिका दिनसम्म ?” भन्दै दमयन्ती चिसो ढुङ्गामाथि आफ्नो मुखमा सूर्यको सुनौलो प्रभाती किरणलाई अनुभव गर्दै ब्युँझिइन् । यथार्थ वस्तुस्थितिबारे दमयन्तीले बुझिन् । त्यस्तो सुखकारी सपना देखेकामा तिनी प्रसन्न भइन् र मुख पुछ्दै फेरि उत्तरतिरको बाटो लागिन् । केही बेरपछि एउटा सानो खोला देखियो । दमयन्तीले स्नान गरिन् । किनारामा केराको घारी थियो । केही काँचा, केही पाकेका केराको एक काँगियो नै तिनले खाइन् । दमयन्तीमा शक्ति र साहस फर्कियो । तिनी उत्तरतिर लागिन् ।

निकै बेर हिँडेपछि जङ्गलका बिचमा तिनले अस्पष्ट तर ठुलो आवाज सुनिन् । त्यो आवाज वन्यजन्तुको होइन भन्ने बुझेर तिनी केही पूर्वतिर त्यही आवाजतिर हिँड्दै रहिन् । केहीबेर हिँडेपछि दमयन्तीले घोडा, गोरु र गाडामा चढेका लगभग ५० देखि ६० जना मानिसको डफ्फा देखिन्, गाडा निकै थिए । गाडामाथि खरपातका घुमाउरा छाप्रा हालिएका थिए । सबै घोडा र गाईवस्तुका घाँटीमा साना घन्टी टिङटिङ बजिरहेको सुन्दा दमयन्ती हर्षोन्मत्त भइन् । त्यस्ती दमयन्तीलाई देखेर मानिस अगिल्लो गाडातिर डराउँदै, चिच्याउँदै, दौडिँदै गए । अगिल्लो गाडामा तिनीहरूले केही बेर कुरा गरेपछि उज्यालो सेतो लुगामाथि सुनको मुकुटलाई पहेँलो फेटाले बाँधेको, कम्मरमा चाँदीको बुट्टे पाताको माला पहिरी एउटा प्रौढ पुरुष निस्केर दमयन्तीतिर आयो । त्यस पुरुषले दमयन्तीको परिचय सोध्यो । आफ्नो परिचय दिएर सबै कुरा बताएपछि दमयन्तीले त्यस पुरुषको नाम र गन्तव्यस्थलबारे सोधिन् । त्यो पुरुष शुचिभद्र भन्ने सार्थवाह रहेछ । यक्षराज कुबेरको मित्र मणिभद्रको कुलमा शुचिभद्र जन्मिएको रहेछ । त्यो सार्थ काशीबाट अयोध्या हुँदै चेदीतिर जान हिँडेको रहेछ । दमयन्तीले निषध नलबारे बताइसकेकै थिइन् । शुचिभद्रको सार्थले कतै कहीँ नललाई देखेको थियो कि । राजा नलबारे केही सुनेको थियो कि भनी सोधिन् ।

शुचिभद्रलाई नलबारे केही थाहा थिएन । विदर्भकी कन्या दमयन्तीबारे सुनेर र कुरा गर्दा सेठ शुचिभद्रले तिनी शिथिल भएकीबारे बुझ्यो र भोजन गर्न आग्रह गऱ्यो । कैयौँ दिनपश्चात् दमयन्तीले मृगको सुकुटी, दही, भात र नुन हालेर उसिनेको कन्दमूल तथा दुध खाइन् । अचम्म मानेर तिनीतिर सेठ हेरिरह्यो । त्यसले भन्यो, “सुन्दरी वैदर्भी, चेदी ठुलो जनपद हो । नल त्यहीँ फेला होलान् नत्र तिनका बारे त्यहाँ थाहा पाइने छ । अहिले तिम्रो अवस्था कुनै निषादी जस्तो छ । तिम्रो शरीरमा यी झारपात अवश्य नै सुन्दर देखिन्छन् तर म तिमीलाई वस्त्र अर्पित गर्छु । ती वल्कलको परित्याग गर र आफ्नो कपाल पनि काँगियोले सम्याऊ ।”

नललाई भेट्ने आशामा दमयन्तीलाई आफ्नो पूर्वसौन्दर्यको सम्झना भयो । तिनले वस्त्र फेर्न स्वीकार गरिन् तर साँझको स्नान र सन्ध्योपासनापछि मात्र भनिन् ।

शुचिभद्र सेठ आफ्नो गाडामा गयो । दमयन्ती एउटा गाडाको पछिल्लो बाँसको सहारा लिएर सार्थसँगै हिँड्न थालिन् । आधा कोसजति गएपछि मध्याह्नको सूर्यको रापले सेक्न थाल्दा शुचिभद्रको सार्थ पद्मसौबन्धिक भन्ने अति ठुलो तलाउको किनारमा जङ्गलबाट निस्केर पुग्यो ।

त्यो विशाल सरोवर अति रमणीय र सुन्दर थियो । राप र जङ्गलको उकुसमुकुसयुक्त निश्चलतामा पिल्सिएको र निस्सासिएको त्यो सार्थ एकैछिन सरोवरको किनारमा अड्यो । शुचिभद्रले भनेर केही युवकले सरोवरको किनारमा बस्न, नुहाउन र भोजन बनाउन मिल्ने ठाउँ खोजे । त्यस ठाउँमा पुगेपछि सार्थका खड्गधारी धनुर्धर रक्षक दलले आफ्नो ठाउँ लियो । सबै जना घोडा र गाडाबाट ओर्लिएर रुखका छहारीमा सुस्ताउन थाले । सार्थसँगसँगै पैदल आइरहेकामा विभिन्न रूप, रङ, भाषा र भेषका सातआठओटी नारी पनि थिए । ती नारीलाई देखेपछि दमयन्तीको मन चञ्चल भएर आँखा भिज्न थाले । दमयन्तीले तिनीहरूसित सामान्य कुरा गर्दै

रुखका छहारीमा सुस्ताइन् । सार्थसँग गाडामा रहेका र पैदल यात्रीसमेतले केहीबेर सुस्ताएर सरोवरमा जलक्रीडा गरे । दमयन्ती पनि पानीमा उत्रिइन् र एक्लै पौडिँदै निकै टाढा टाढासम्म गइन् ।

सरोबरमा स्नानपछि शुचिभद्रले दमयन्तीलाई कालो धोती र दुकूलको ओढ्ने दियो । भोजनपश्चात् त्यो सार्थले निकै बेरसम्म त्यही सरोवरछेउ विश्राम गऱ्यो । विश्राम गर्दा घोडा र गाईगोरुलाई समेत नुहाइदिएर चर्न यताउति छोडिदियो ।

यात्राका निम्ति फेरि तयारी गर्दा सूर्य ढल्किन थालिसकेको थियो । उत्तरतिरको अगाडिको जङ्गल साह्रै नै बाक्लो र जङ्गली पशुले गर्दा रातको निम्ति डरलाग्दो छ भनी सार्थरक्षकहरूले भनेपछि त्यो रात सार्थले पद्मसौगन्धिककै छेउमा विश्राम गर्नु उचित हुने छ भनी सेठ शुचिभद्रले निर्णय लियो ।

सरोवर किनाराको खुला ठाउँमा गहिरो निद्रामा शुचिभद्र सार्थ सुतिरहँदा मध्यराततिर जङ्गली हात्तीको एउटा डफ्फा पानी खान भनी सरोवरतिर आयो । मध्यरातमा हात्तीद्वारा कुल्चिएर शुचिभद्र सार्थ ध्वस्त र विनष्ट भयो । सार्थबिच नरनारी तथा घोडा र साँढेहरूबिच हाहाकार मच्चियो । नारीहरूसँगै सुतेकी दमयन्तीले सुरुमै आफूलाई जोगाएर एउटा अग्लो रुखमा आश्रय लिइसकेकी थिइन् । तिनको सहायताले एउटी अर्की नारी रुखको अर्को हाँगामा बसिन् र हात्तीद्वारा भएको त्यो विनाशलाई दुवैले करुण दृष्टिले हेरिरहेका थिए । सार्थबाट उठेको हाहाकार चिल्लीबिल्ली र क्रन्दनले हात्तीलाई झन् तर्साएर उन्मत्त तुल्यायो । त्यो मध्यरातमा कतै केही देखिँदैन थियो । पानी खाएर हात्तीहरू तलाउबाट फर्किंदा बाँकी रहेको सार्थ झन् किचीमिची हुँदै गयो ।

बिहानको सूर्योदय हुँदा पनि क्षतविक्षत भएका केही नरनारीको ऐया र रोदन चलिरहेको थियो । रक्षक दल र पदयात्रीमध्ये रुख चढेकाहरू दशबाह्र जनाबाहेक सबै मरिसकेका नत्र असाध्य घाइते भइसकेका दमयन्तीले देखिन् । शुचिभद्रको छातीमै हात्तीको पाइला परेको रहेछ । रुखबाट ओर्लिएकी दमयन्तीले रुखमा आफूसँगै रहेकी नारीलाई भनिन्, हेर त बहिनी, सृष्टिकर्ताले मेरो यो शरीर जीवनभरि दुखै भोग्नका निम्ति बनाएको रहेछ तर हेर आज मेरा आँखामा यो बीभत्स दृश्यसामुसमेत आँसु छैनन् । कति पीडा भोगिसकेँ मैले । शुचिभद्रले दिएको यो वस्त्र मेरा निम्ति यत्रो अशुभ भयो । यसलाई म फ्याँक्छु ।" अर्की नारीले एउटी मृत नारीको कम्मरबाट रगतका टाटा लागेको मैलो कपडा ल्याइन् । दमयन्ती त्यसैमा बेरिइन् । दुवै नारी चेदीतिर हिँडे । उज्यालो हुँदै जाँदा बाटामा तिनले वैदिक मन्त्र गुनगुनाउँदै गएका केही ब्राह्मण र क्षेत्रीय पदयात्रीलाई भेटे । कोही कसैसँग बोलेनन् । सबै आआफ्नो बाटो लागे ।

सरोवरमा दुर्घटना भएको केही दिनपछि ती दुवै नारी चेदी जनपदको छेउमा पुगे । अर्की नारी आफ्नो गाउँतिर हिँडिन् । दमयन्तीले आफ्नो बाल्यकालको कुरा सम्झिन् । निकै सानी बालिकाको अवस्थामा रहेकी दमयन्तीले आफ्नी आमाबाट ठुलीआमाबारे कुरा सुनेकी थिइन्, "छोरी, तेरी ठुलीआमा मभन्दा निकै जेठी छन् । तँ जन्मिनेभन्दा निकै वर्ष पहिले मेरी दिदी सुनन्दालाई चेदीराज सुबाहुले अपहरण गरेर लगी आफ्नी पत्नी बनाएका थिए ।"

त्यो सम्झनाले दमयन्तीमा ठुलो शङ्का उत्पन्न गऱ्यो, "सामुन्ने चेदी छ । त्यहाँ सुबाहु र ठुलीआमा सुनन्दा छन् । तिनले मलाई चिने भने नमिठो हुने छ तैपनि चेदी जानैपर्छ । नल फेला परिहाल्छन् कि ।"

दमयन्तीले फेरि आफ्ना केश, वस्त्र र मुहारलाई विकृत तुल्याइन् । निषधराज नलबाट बिछोड भई हिँडेदेखि घाममा परेर तिनको मुहार र शरीर त्यसै पनि डढेर कालो भइसकेको थियो । चेदीभित्र पस्दा दमयन्तीलाई बौलाही जस्तै देखेर सडकका केटाकेटी हा हा हु हु गरी चिच्याउँदै गिज्याउँदै दमयन्तीका पछि लागे ।

चेदी नगरको मूल बाटाको पूर्वतिर काठको आफ्नो दुईतले घरको माथिल्लो बार्दलीमा बसेर रानी सुनन्दा सडकको रमिता हेरिरहेकी थिइन् । बौलाही जस्ती दमयन्तीमा ती वृद्धाको दृष्टि पऱ्यो । दमयन्तीको मुहारको ओज र देहयष्टितिर तिनको ध्यान गयो । आफ्नो सेवकलाई अराएर तिनले दमयन्तीलाई आफूछेउ बोलाइन् र परिचय सोधिन् । दमयन्तीले आफ्नो यथार्थ परिचय लुकाएर आफूले एउटा सम्भ्रान्त परिवारमा सेठकी पत्नीको सिँगारपटार गर्ने सुसारे भएर काम गर्ने गरेको बताइन् । आफ्नी युवती हुन लागेकी छोरीका निम्ति सुनन्दा कुशल सुसारेको खोजीमा थिइन् । सुनन्दाले दमयन्तीसामु आफ्नी छोरीको सुसारे सैरन्ध्रीको काम स्वीकार गर्न आग्रह गरिन् ।

"तपाईं रानी, मेरी मातासरह हुनुहुन्छ तथापि मेरा तीनओटा सर्तलाई स्वीकार गर्नुहुन्छ भने मात्र म यो काम गर्ने छु" भनिन् दमयन्तीले । "मैले कसैको जुठो खान नपरोस्, कसैको पाउ दाब्न नपरोस् र कुनै परपुरुषसित बोल्न नपरोस् ।" भन्ने आफ्नो सर्त प्रस्तुत गरिन् । सुनन्दाले तीनैओटा सर्तलाई स्वीकार गरेर छोरीलाई बोलाएर "तिमी सैरन्ध्री अबदेखि यिनको हेरविचार र स्याहारसुसारमा बस्नू" भनी आदेश दिइन् ।

निषधबाट नलसँगै निस्केकी दमयन्ती चेदी नगरमा आफ्नी ठुलीआमाको भवनमा सैरन्ध्रीका रूपमा रही निषधराज नललाई जसरी भए पनि खोजेर फेला पार्ने उपायबारे सन्तोषका साथ विचार गर्न थालिन् ।

### शब्दार्थ

*विदीर्ण : कष्ट दिइएको*
*कर्कोटक : पुराणप्रसिद्ध आठ नागमध्ये एक*
*भस्मीभूत : डढेर खरानी भएको*
*विक्षिप्त : दिमाग ठेगानमा नभएको*
*बलिष्ठ : सबैभन्दा बलियो*
*सृष्टिकर्ता : कुनै कुराको सिर्जना गर्ने*
*दुष्टात्मा : खराब स्वभावको*
*संयत : मर्यादा वा सीमाभित्र रहेको*
*धूमिल : स्पष्ट नदेखिने*
*किंकर्तव्यविमूढ : यसो गरूँ कि उसो गरूँ भई जिल्ल परेको*
*निषद : एक प्राचीन जाति*
*सान्निध्य : नजिक हुनाको भाव*
*वैदर्भी : विदर्भराज भीमकी छोरी*

*जलक्रीडा : पानीमा पौडने वा खेल्ने काम*
*सैरन्ध्री : रूपसज्जाको काममा खटिएकी सेविका*

## कथासार

दमयन्ती नागहरूको गाउँ कर्कोटकनजिकै जङ्गलको सानो छाप्रोबाट सुटुक्क हिँडेको नलको खोजीमा निस्किन्छिन् । आफ्नो लोग्नेसँग राम्रो सम्बन्ध रहँदारहँदै पनि नलले किन दमयन्तीलाई छोडेर हिँडे भन्ने कुनै सङ्केत पाइँदैन । दमयन्ती घनघोर जङ्गलको बाटामा हिँड्छिन् । जङ्गलमा देखिएका सबै वनस्पतिहरूमा नलकै स्वरूप देख्छिन् । जङ्गलका रुखबिरुवासँग उनी पुकार गर्दै हिँडिरहन्छिन् । निकै समय हिँड्दा पनि नल भेटिँदैनन् । उनी थकित हुन्छिन् । एउटा पिपलको बोटमा विश्राम गर्छिन् । आकाशतिर फर्केर सुतिरहेकी हुन्छिन् । थकाइले उनलाई निद्रा लाग्छ । सूर्यास्त हुन लागेको हुन्छ । घामका किरणहरू उनको अनुहार र छातीमा पर्छ । उनी सपना देख्छिन् । सपनामा नलको भाइ पुष्करको कालो अनुहारमा सेता दाँत देखिन्छन् । पुष्करले सपनामा नै दमयन्तीको शिर सुमसुम्याउँछ । दमयन्ती आत्तिएर ब्युँझिन्छिन् । आँखा खोल्दा अगाडि एउटा डरलाग्दो कामुक पुरुष देखिन्छ । ऊ कर्कोटक हुन्छ र दमयन्तीलाई समाउन खोज्छ । दमयन्ती भाग्छिन् । उनलाई उक्त व्यक्तिले समात्छ र काँधमा बोकेर आफ्नो गाउँतिर लैजान्छ । दमयन्ती त्यसबाट उम्किन चाहन्छिन् तर उनको केही चल्दैन । त्यसपछि आफू कसरी सुरक्षित रहने भन्ने विषयमा सोच्न थाल्छिन् । कर्कोटकले आफ्नो छाप्रामा पुऱ्याउँछ र भुइँमा राख्छ । त्यसबाट सुरक्षित रहनका लागि दमयन्ती मुसुक्क हाँस्छिन् र नमस्कार गर्छिन् । कर्कोटक खुसी हुन्छ । ऊ दमयन्तीलाई घरमा बस्न र नारी तथा पुरुषका बिच हुने रतिक्रीडाका लागि आग्रह गर्छ । आफूलाई सुरक्षित राख्न दमयन्ती आफ्नो कथाव्यथा सुनाउँछिन् । आफूलाई भोक लागेको कुरा सुनाउँछिन् । कर्कोटकले कन्दमूलहरू ल्याएर खान दिन्छ । दुधको खिर र मृगको सुकुटी पकाउन थाल्छ । दमयन्तीलाई भोग गर्ने इच्छाले मत्त भएको कर्कोटक जाँडको भाँडो निकाल्छ र दमयन्तीलाई पनि जाँड खान अनुरोध गर्छ । दमयन्ती चलाखीपूर्वक आफूले खानापछि मात्र खाने बताउँछिन् । बरु आफ्नै हातले कर्कोटकलाई जाँड खुवाउँदै मत्त बनाउँछिन् । ऊ उठ्न नसक्ने भएपछि यही मौका पारेर बाँकी जाँड घोप्ट्याएर झुपडीमा आगो लगाई भाग्छिन् ।

दमयन्ती एक कोस जति टाढा पुगेपछि रात पर्छ । एउटा रुखका हाँगामा बसेर रात बिताउँछिन् । उनी तीन दिनसम्म जङ्गलको बाटो हिँड्छिन् । बाटामा कतै गाउँ देखिँदा पनि उनी डराउँछिन् । तेस्रो दिन सूर्यास्तको वेला एउटा वनका बिचमा फराकिलो खेत र त्यसका बिचमा भएको ठुलो ढुङ्गामा बस्छिन् । त्यहाँबाट टाढा एउटा गाउँ देखिन्छ । उनमा केही आशा पलाउँछ । झारपात खाएर उनी त्यहीँ रात काट्छिन् । विरहका गीत गाउँदै उनी निदाउँछिन् । सपनामा आश्रम, चराचुरुङ्गी र गाईबाछा देख्छिन् । सपनामा कोही बोलेको सुनिन्छ । सपनामा नै आश्रममा खाना खाएर उत्तरतिर लागेपछि नल भेटिन्छन् भन्ने आश्वासन पाउँछिन् । त्यसैले उनी उत्तरतिर लाग्छिन् । एकछिनमा एउटा आवाज आउँछ । उनी त्यतैतिर जान्छिन् । त्यहाँ उनले ५०-६० जना मानिसको समूह भेट्छिन् । एक जनाले दमयन्तीको छेउमा आएर उनका बारेमा सोध्छन् । ती सोध्ने मानिस शुचिभद्र हुन्छन् जसले दमयन्तीलाई खाना खुवाउँछन् । दमयन्तीलाई शृङ्गार र नयाँ वस्त्र दिन्छन् । दमयन्ती सन्ध्या स्नान गरेपछि मात्र नयाँ कपडा लगाउने बताउँछिन् । शुचिभद्रको समूह तलाउको छेउमा बास बस्छ । मध्यरात भएपछि हात्तीको एक समूह त्यहीँ आइपुग्छ । शुचिभद्रलगायत अन्य केहीलाई कुल्चिएर मार्न थाल्छ र हाहाकार मच्चिन्छ । भागाभाग भएपछि दमयन्ती चाहिँ रुखमा चढेर बाँच्छिन् । उनी त्यो कारुणिक दृश्य हेरिरहन्छिन् । त्यहाँ

शुचिभद्रलगायत १०-१२ जना मर्छन् । शुचिभद्रले दिएका वस्त्र अशुभ ठानेर परित्याग गरी मृत महिलाको कपडा पहिरिएर दमयन्ती चेदी जनपदतिर लाग्छिन् । बाटामा ब्राह्मण र क्षेत्रीहरू भेट्छिन् तर उनी बोल्दिनन् । उनी आफ्नी ठुलीआमा सुनन्दालाई चेदीराज सुबाहुले अपहरण गरी लगेको कुरा सम्भिन्छिन् । उनीहरूले चिन्लान् कि भन्ने ठानेर आफ्नो कपाल खुल्ला बनाई बहुलाएकी जस्ती बनेर नल भेटिने आशामा चेदी जनपदमा पस्छिन् । बहुलाएको ठानेर बाटामा भेटिएका केटाकेटी उनलाई जिस्क्याउँदै पछि लाग्छन् । घरको बारदलीमा बसेर बाटामा हेरिरहेकी सुनन्दाले बाटामा बहुलाएकी जस्ती दमयन्तीलाई देख्छिन् । उनलाई बोलाएर उनको परिचय सोध्छिन् तर दमयन्ती आफ्नो वास्तविक परिचय लुकाएर एउटा सेठको घरमा परिचारिका बसेको बनावटी कुरा सुनाउँछिन् । त्यसपछि सुनन्दाले आफ्नी छोरी सैरन्ध्रीको सुसारे बस्नका लागि आग्रह गर्छिन् । सुनन्दाको आग्रहमा दमयन्तीले पनि कसैको जुठो नखाने, पाउ नदाब्ने र परपुरुषसँग नबोल्ने सर्तमा आफू सुसारे बस्न तयार भएको बताउँछिन् । उनीभित्र आफूले त्यहीँ बसेर नलको खोजी गर्ने उपायबारे सोच्ने चाहना बढिरहन्छ ।

## शब्दभण्डार

१. उस्तै अर्थ दिने शब्दबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| कन्दमूल | सुसार गर्ने काममा खटिएको |
| सुरारे | आँसुको धारा |
| गन्धर्व | चोरी वा अपहरण |
| अश्रुधारा | माटामुनि जराका रूपमा फल्ने फल |
| उत्कट | अश्रुग्याँस |
| हरण | कदमको जरा |
| | गाउने वा बजाउने कलामा निपुण |
| | ज्यादै तीव्र |

२. तल दिइएको अनुच्छेदबाट दिइएका अर्थ दिने शब्द खोजेर लेख्नुहोस् :

त्यही स्वर फेरि सुनियो, "तिमी को हौ ? वनदेवी, राक्षसी, यक्षी वा गन्धर्वी अथवा देवनारी कि मानवी ममा तिनले यथेष्ट मित्रता तथा सम्मानपूर्ण सत्कारका साथ भोजन गरिन् । सपनामा फेरि तिनले सुनिन्, "अझै उत्तरपट्टि हिँड्दै जाऊ, खोज्दै जाऊ, तिम्रो नल भेटिने छन् । नल पनि तिमीलाई खोज्दै अति पीडित हृदय लिएर तिमीतिरै आइरहेछन् ।"

(क) पुराणप्रसिद्ध निषध देशका राजा .................

(ख) तपस्या गर्ने ठाउँ .................

(ग) चाहेअनुसारको .................

(घ) दु:ख दिइएको वा सताइएको .................

(ङ) दुष्ट स्वभाव भएकी नारी .................

३. तलको अनुच्छेदमा रेखाङ्कित पदको विपरीतार्थी शब्द लेख्नुहोस् :

नललाई भेट्ने आशामा दमयन्तीलाई आफ्नो पूर्वसौन्दर्यको सम्झना भयो । तिनले वस्त्र फेर्न स्वीकार गरिन् तर साँझको स्नान र सन्ध्योपासनापछि मात्र भनिन् ।

४. उदाहरण हेरी तल दिइएका टुक्कालाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

टुक्का : गाँस काट्नु (आधापेट खाएर कमाउनु)

वाक्यमा प्रयोग : आभाले आफ्नो गाँस काटेर भए पनि दीनदुःखीलाई आर्थिक सहयोग गरिन् ।

नाक राख्नु, आँखा लाग्नु, कानमा तेल हालेर बस्नु, मुख फोर्नु, लम्पसार पर्नु, तेल लगाउनु, सुइँकुच्चा ठोक्नु, सोत्तर हुनु, तातो लाग्नु, लख काट्नु

५. उदाहरणमा जस्तै दिइएका पारिभाषिक शब्दलाई शब्दकोशीय अनुक्रममा मिलाउनुहोस् र शब्दकोशको सहायता लिई तिनको अर्थ पनि लेख्नुहोस् :

(क) निलम्बन, आदेश, राजस्व, भरपाई

शब्दकोशीय क्रम : आदेश, निलम्बन, भरपाई, राजस्व

| शब्द | अर्थ |
|---|---|
| आदेश | उच्च अधिकारीबाट दिइने निर्णयसम्बन्धी आज्ञा |
| निलम्बन | नियमानुसार छानबिन गर्नका लागि कुनै पदाधिकारी वा कर्मचारीको पद वा अधिकार रोक्का गर्ने काम |
| भरपाई | कसैले अरूबाट कुनै वस्तु बुझिलिएको प्रमाणको कागज |
| राजस्व | विभिन्न कर वा शुल्क आदिका रूपमा राज्यलाई प्राप्त हुने धन |

(ख) बढुवा, स्पष्टीकरण, सरुवा, फर्स्योट

(ग) परिपत्र, अधिकृत, बेरुजु, टिप्पणी

## बोध र अभिव्यक्ति

१. तलका शब्द उच्चारण गर्नुहोस् :

अश्रुधारा /अस्.स्रु.धा.रा/ यथेष्ट /य.थेस्.ट/ शुचिभद्र /सु.चि.भद्.द्र/

उन्मत्त /उन्.मत्.त/ सम्भ्रान्त /सम्.भ्रान्.त/ देहयष्टि /दे.ह.यस्.टि/

२. 'विरहिणी दमयन्ती' कथा आरोह-अवरोह मिलाई आदर्श वाचन गर्नुहोस् ।

३. 'विरहिणी दमयन्ती' कथाका आधारमा दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) 'विरहिणी दमयन्ती' कथामा कतिओटा अनुच्छेद छन् ?

(ख) 'विरहिणी दमयन्ती' कथाको सबैभन्दा सानो अनुच्छेद कुन हो ?

(ग) 'विरहिणी दमयन्ती' कथामा नागयुवकसँग दमयन्तीको भेट कुन अनुच्छेदमा भएको छ ?

(घ) दमयन्तीले 'विरहिणी दमयन्ती' कथाको अन्त्यमा के भनेकी छन् ?

४. कथाका पात्रको सूची तयार पार्नुहोस् ।

५. दिइएका घटनालाई आदि, मध्य र अन्त्यको क्रम मिलाएर अनुच्छेद रचना गर्नुहोस् :

(क) रुख चढ्न सफल दमयन्तीसहित दशबाह्र जना मात्र हात्तीको कुल्चाइबाट बच्न सफल हुनु

(ख) नागपुरुष कर्कोटकले दमयन्तीलाई जबर्जस्ती बोकेर लैजानु

(ग) जङ्गली हात्तीको कुल्चाइबाट सार्थका धेरै व्यक्तिको ज्यान जानु

(घ) आफ्ना पति नलको खोजीमा दमयन्ती जङ्गलमा एक्लै हिँडिरहनु

(ङ) दमयन्ती चेदी जनपद पुग्नु

(च) चेदीमा आफ्नै ठुलीआमा सुनन्दाका घरमा पहिचान बदलेर सैरन्ध्रीका रूपमा रही नलसँग मिलनको प्रतीक्षा गर्नु

(छ) शुचिभद्रको सार्थसँगै हिँडेकी दमयन्ती पद्मसौगन्धिक तलाउमा वास बस्नु

(ज) जङ्गलको बिचमा दमयन्तीको सार्थवाह शुचिभद्रसित भेट हुनु

(झ) कर्कोटकले रक्सी खाएर उड्न लागेको मौका छोपी छाप्रामा आगो लगाएर दमयन्ती भाग्न सफल हुनु ।

६. दिइएका कथांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

कुनै अजगर, कर्कोटक वा निषादयुवकले फेरि बलजफ्ती गर्न नपाओस्, त्यस्ता कुनैले देखिहाल्यो भने पनि कुरूप र बौलाही ठानेर त्यस्ताले आक्रमण नगरुन् भन्ने विचार गर्दै दमयन्तीले आफ्नो केशलाई धुलाले मुसारेर जगल्टा जस्तो बनाइन् र आफ्नो रूपलाई हिलो दलेर विकृत तुल्याइन् । मानिसको परिचय उसको शरीरले भन्दा पनि उसको मस्तिष्क र हृदयले दिने हुँदा शरीरलाई जतिसुकै क्षतविक्षत तुल्याए पनि दमयन्तीको हृदय र बुद्धि भविष्यको उज्यालो आशामा नलप्रति झन् झन् बढी मुग्ध र कोमल हुँदै गयो ।

प्रश्नहरू

(क) 'मानिसको परिचय शरीरले भन्दा पनि उसको मस्तिष्क र हृदयले दिन्छ' भन्नुको तात्पर्य के हो ?

*उदाहरण :*

उत्तर : 'विरहिणी दमयन्ती' कथाकी पात्र दमयन्तीको हृदय र बुद्धि भविष्यको उज्यालो आशामा नलप्रति झन् झन् बढी मुग्ध र कोमल हुँदै गएको थियो । उनी शरीरभन्दा मस्तिष्क र हृदयको स्वस्थपन चाहन्थिन् । यो उनको मन र मस्तिष्कबाट उत्पन्न भएको सोच थियो । उनलाई मानिसको परिचय शरीरबाट होइन, उसको व्यवहारबाट हुन्छ भन्ने स्पष्ट थाहा थियो । दमयन्तीले आफ्नो शरीरलाई विकृत बनाए तापनि

उनीभित्र आत्मबल, साहस, सहयोगी भावना पटक्कै घटेको थिएन । बाहिरी स्वरूप विकृत, कुरूप देखिए पनि उनी भावनात्मक किसिमबाट पतिपरायणा र कर्तव्यनिष्ठ थिइन् । यसकारण दमयन्तीको स्वपरूलाई बाहिरी हेराइबाट नभई भित्री मस्तिष्क र हृदयका तहबाट मूल्याङ्कन गर्न सकिन्छ । अत: मानिसको परिचय शरीरले भन्दा पनि उसको मस्तिष्क र हृदयले दिन्छ भन्ने कुरा सार्थक देखिन्छ ।

(ख) दमयन्तीले आफ्नो रूप किन बदलेकी हुन् ? तलका बुँदाका आधारमा लेख्नुहोस् :

- कथाकी प्रमुख पात्र दमयन्तीलाई नलको खोजी गर्दै जङ्गलमा भावविह्वल भइरहेका वेला कर्कोटक निषादले अपहरण गरी आफ्नो झुपडीमा लानु
- निषाद युवकलाई मादक पदार्थले लट्ठ बनाएपछि झुपडीमा आगो लगाई दमयन्ती भाग्न सफल हुनु
- दमयन्तीले आफ्नो केशलाई धुलाले मुसारेर जगल्टा जस्तो र आफ्नो रूपलाई हिलो दलेर विकृत तुल्याउनु
- अजगर, कर्कोटक वा निषादयुवकले फेरि बलजफ्ती गर्न नपाओस् भनेर शरीरलाई विकृत बनाइराख्नु
- आफ्नो शारीरिक अस्तित्व सुरक्षाका लागि दमयन्तीले आफ्नो रूप बदल्नुपर्ने युक्ति सार्थक हुनु ।

७. दिइएका कथांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

शुचिभद्रलाई नलबारे केही थाहा थिएन । विदर्भकी कन्या दमयन्तीबारे सुनेर र कुरा गर्दा सेठ शुचिभद्रले तिनी शिथिल भएकीबारे बुझ्यो र भोजन गर्न आग्रह गऱ्यो । कैयौं दिनपश्चात् दमयन्तीले मृगको सुकुटी, दही, भात र नुन हालेर उसिनेको कन्दमूल तथा दुध खाइन् । अचम्म मानेर तिनीतिर सेठ हेरिरह्यो । त्यसले भन्यो, "सुन्दरी वैदर्भी, चेदी ठुलो जनपद हो । नल त्यहीँ फेला होलान् नत्र तिनका बारे त्यहाँ थाहा पाइने छ । अहिले तिम्रो अवस्था कुनै निषादी जस्तो छ । तिम्रो शरीरमा यी झारपात अवश्य नै सुन्दर देखिन्छन् तर म तिमीलाई वस्त्र अर्पित गर्छु । ती वल्कलको परित्याग गर र आफ्नो कपाल पनि काँगियोले सम्याऊ ।"

प्रश्नहरू

(क) दमयन्ती किन शिथिल भएकी थिइन् ?

(ख) यस अनुच्छेदमा सेठ शुचिभद्रलाई कस्तो पात्रका रूपमा देखाइएको छ ?

८. 'विरहिणी दमयन्ती' कथाको परिवेशबारे वर्णन गर्नुहोस् ।

९. उदाहरण हेरी दिइएको कथांशको व्याख्या गर्नुहोस् :

उदाहरण

(क) अझै उत्तरपट्टि हिँड्दै जाऊ, खोज्दै जाऊ, तिम्रो नल भेटिने छन् । नल पनि तिमीलाई खोज्दै अति पीडित हृदय लिएर तिमीतिरै आइरहेछन् ।

*उत्तर :* आख्यानकार मदनमणि दीक्षित (१९७९-२०७६) द्वारा लेखिएको 'विरहिणी

दमयन्ती' मा दमयन्ती जस्ती महिलाद्वारा गरिएको सङ्घर्षलाई केन्द्रबिन्दु बनाइएको पौराणिक कथा हो । यस कथामा विरहव्यथाभित्र पनि नारीमा पतिप्रतिको अनुरागलाई कारुणिक रूपमा दर्साइएको छ । घना जङ्गल, नागहरूको विषाक्त भूमि, राक्षसी प्रकृतिका पुरुषहरूको कामवासना आदिबाट मुक्त हुँदै पतिको खोजी गर्नु एउटी सुन्दरी विदर्भकन्या दमयन्तीका लागि चुनौतीपूर्ण रहेको भाव माथिको कथांशले सम्प्रेषण गरेको छ ।

दमयन्तीको मनमा नलप्रतिको स्नेह, सद्भाव, मायाममता वा पतिव्रता धर्मको प्रभाव जस्ता कुराले आँट, हिम्मत र साहस बढाएको छ । उनी नलको खोजीका लागि जस्तोसुकै परिस्थितिको समेत सामना गर्नबाट पछि पर्दिनन् । गन्तव्य कहाँसम्मको हो भन्ने अन्योलताकै बिचमा उनले देखेको एउटा सपनाले गन्तव्यतर्फको यात्रा निर्धारण गर्न पुग्छ । यसै क्रममा स्वप्नसंसारभित्र हराइरहँदा कोही ऋषि वा सन्तबाट सुन्दर अभिव्यक्तिहरू सुन्न पुग्छिन् । त्यस अभिव्यक्तिमा अझै उत्तरपट्टि हिँड्दै जाऊ, खोज्दै जाऊ, तिम्रो नल भेटिने छन् भनिएको हुन्छ । यस अभिव्यक्तिले उनको अन्तरआत्मामा साहस भर्छ । नल पनि तिमीलाई खोज्दै अति पीडित हृदय लिएर तिमीतिरै आइरहेछन् भन्ने भनाइ सुनेपछि उनी भविष्यको उज्यालो आशामा नलप्रति झन् झन् बढी मुग्ध र कोमल हुँदै जान्छिन् । अन्ततः उनी उत्तरतिरको यात्रामा लाग्छिन् र अझै मनभित्र नललाई पाएरै छोड्ने प्रतीक्षामा बाँचिरहन्छिन् ।

यसरी डराएको र बाटो बिराएको अवस्थामा कोही कसैले सपनामा भए पनि बाटो देखाइदिन्छ भने पीडितलाई कति राहत पुग्छ भन्ने कुरा दमयन्तीका लागि यी ऋषिवचनहरूले सङ्केत गरेका छन् । वस्तुतः समुद्रमा कमिलाका लागि एउटा झारको त्यान्द्रो पनि सहयोग बन्छ भने झैँ यिनै भनाइका आधारमा दमयन्ती सैरन्ध्रीकहाँ अझै नलको प्रतीक्षा गर्दै बसिरहेकी छन् ।

(ख) मानिसको परिचय उसको शरीरले भन्दा पनि उसको मस्तिष्क र हृदयले दिने हुँदा शरीरलाई जतिसुकै क्षतविक्षत तुल्याए पनि दमयन्तीको हृदय र बुद्धि भविष्यको उज्यालो आशामा नलप्रति झन् झन् बढी मुग्ध र कोमल हुँदै गयो ।

१०. समीक्षात्मक उत्तर लेख्नुहोस् :

*उदाहरण*

(क) 'विरहिणी दमयन्ती' कथाका पात्रहरूको चरित्र चित्रण गर्नुहोस् :

आख्यानकार मदनमणि दीक्षित (१९७९-२०७६) द्वारा लेखिएको 'विरहिणी दमयन्ती' कथा पौराणिक विषयवस्तुमा आधारित छ । यसमा महाभारतको कथावस्तुलाई आधार मानी नल र दमयन्तीबिचको आत्मीय प्रेम प्रसङ्ग कोट्याउँदै नलको बिछोडका कारण विरहिणी बनेकी दमयन्तीको साहस, हिम्मत र पतिप्रतिको अनुराग जस्ता प्रसङ्गहरू समेटिएका छन् । यसमा विशेष गरी पुराणमा उल्लेख गरिएका नल, दमयन्ती, इन्द्रसेन र इन्द्रसेना, पुष्कर, नागयुवक आदि पात्रहरू रहेका छन् । त्यस्तै शुचिभद्र, सुबाहु, सुनन्दा, सैरन्ध्री, व्यापारी, नरनारी, सडकका केटाकेटी, हात्ती, घोडा आदि पनि पात्रका रूपमा आएका छन् ।

यो नारीप्रधान कथा हो । दमयन्ती यस कथाकी प्रमुख पात्र हुन् । पतिद्वारा परित्यक्ता दमयन्ती प्रेमकी प्रतिमूर्ति हुन् । कथामा उनी सतीसावित्रीका रूपमा उभिएकी छन् । उनले पतिवियोगको असह्य पीडा सहेर जङ्गलको लामो यात्रा पार गरेकी छन् । जङ्गलका बिचमा आउने विविध कठिनाइ र त्यसबाट बच्नका लागि निकालेको जुक्तिबाट उनी अत्यन्त चलाख पात्र हुन् भन्ने स्पष्ट हुन्छ । आफ्नो प्रेमप्राप्तिका निम्ति गरेको प्रयासले उनलाई सङ्घर्षशील नारी पात्रका रूपमा उभ्याएको छ । उनका जीवनमा जतिसुकै अप्ठ्यारा भुमरीहरू आइपरे पनि उनी आफ्नो लक्ष्यबाट कहिल्यै विचलित भएकी छैनन् । यसबाट उनलाई दृढविश्वास लिएकी साहसी पात्रका रूपमा लिन सकिन्छ । उनी आफ्नो इज्जतमा अलिकति पनि दाग लगाउन चाहँन्नन् । सत्चरित्र उनको आभूषण हो । आफ्नो पतिप्राप्तिका निम्ति जतिसुकै प्रतिकूल अवस्था भए पनि उनी अटल पहाड झैं स्थिर छिन् । प्रेमप्राप्तिका निम्ति उनले गरेको अथक प्रयास, त्याग, समर्पण र सङ्घर्षबाट नारीहरू प्रेमका प्रतिमूर्ति हुन् भन्ने कुरा पुष्टि हुन्छ ।

कथाका पात्र नल दमयन्तीका पति हुन् । उनी अत्यन्त प्रेमी भएको प्रसङ्ग कथाको घटनाक्रमबाट बुझिन्छ तर कथामा संस्मरणका रूपमा मात्र उपस्थित भएका नल मध्य रातमा दमयन्तीलाई त्यागेर हिँड्ने पात्र हुन् । यसबाट उनमा उत्तरदायित्व देखिँदैन । यो दमयन्तीप्रति गरेको प्रेमको परीक्षण पनि हुन सक्छ । त्यसैले नलको चारित्रिक विशेषता यस कथामा रहस्यमय रहेको छ ।

कर्कोटक जङ्गलमा बसोबास गर्ने नाग जातिको एक नागयुवक हो- कर्कोटक । कथाको घटनाक्रमअनुसार ऊ खलपात्र हो । दमयन्ती जङ्गलमा विश्राम गरिरहेका बेला नजिकमा आएर उनलाई बोकी आफ्नो घरमा लगेर यौनेच्छा पूर्ति गर्ने अभिलाषा बोकेको कामुक र दुष्टपात्र हो- कर्कोटक ।

शुचिभद्र व्यापारिक क्षेत्रको प्रतिष्ठित पात्र हो । व्यापारिक दलको नेता मानिने यस पात्रको भूमिका छोटो भए पनि अत्यन्त महत्त्वपूर्ण रहेको छ । कुबेरको मित्र एवम् मणिभद्रको कुलपुत्रका रूपमा परिचित यस पात्रलाई कथाको सहायक पात्रका रूपमा लिन सकिन्छ ।

सुनन्दा दमयन्तीकी आमाकी दिदी वा दमयन्तीको ठुलीआमा हुन् । उनी चेदीका राजा सुबाहुकी पत्नी वा रानी हुन् । उनले बाटामा बौहाली जस्ती बनेर हिँडेकी दमयन्तीलाई आफ्नी छोरीको सुसारेका रूपमा राखेर दमयन्तीको सुरक्षा गरेकी छन् । यस घटनाले उनलाई सहायक पात्रका रूपमा उभ्याएको छ ।

पुष्कर दमयन्तीले सपनामा देखेको पात्र हो । ऊ नलको भाइ हो । सपनामा उसले गरेको क्रियाकलापबाट ऊ खलपात्र हो भन्ने कुरा स्पष्ट हुन्छ ।

इन्द्रसेन र इन्द्रसेना यी दुवै पात्रहरू नल र दमयन्तीका सन्तान हुन् । यी पात्रको खासै भूमिका नभएकाले संस्मरणका रूपमा मात्र प्रस्तुत भएका छन् । त्यसैले यी पात्रलाई सूच्य पात्र भनिन्छ ।

सुबाहु दमयन्तीकी ठुलीआमा वा सुनन्दाका पति तथा चेदी राज्यका राजाका रूपमा रहेका छन् । उनी यस कथाका गौण पात्र हुन् ।

(ख) 'नारी प्रेम र सङ्घर्षका प्रतिमूर्ति हुन्' यस भनाइलाई कथाका आधारमा पुष्टि गर्नुहोस् ।

(ग) दमयन्तीले आफ्नो जीवनमा आइपरेका समस्याको समाधानका लागि कुन कुन उपाय अवलम्बन गरेकी छन् ?

११. 'आफ्नो दृढ सङ्कल्प पूरा गर्न मानिस जतिसुकै सङ्घर्ष गर्न पनि तयार हुन्छ' भन्ने भनाइमा तपाईंको सहमति वा असहमति के छ, तर्कसहित आफ्नो प्रतिक्रिया व्यक्त गर्नुहोस् ।

१२. दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिपी सारांश गर्नुहोस् :

अन्न उत्पादनका दृष्टिले नेपालमा जमिनलाई दुई वर्गमा बाँडिन्छ । समतल वा गरा गरामा बाँडिएको र आली लगाई पानी जमाएर धानको उत्पादन गरिने जमिनलाई खेत भनिन्छ । पाखाबाली मात्र लाग्ने आबादी जग्गालाई बारी भनिन्छ । बारीमा धान नउब्जाए पनि मकै, कोदो, आलुलगायतका खाद्यान्न उब्जाइन्छ । उर्वराशक्तिका आधारमा जमिन अब्बल, दोयम, सिम र चाहार गरी चार किसिमका हुन्छन् । सिँचाइको प्रशस्त सुविधा भएको र दुई वा त्यसभन्दा बढी बाली लाग्ने मलिलो भूमिलाई अब्बल भनिन्छ । अब्बलभन्दा अलि कमसल किसिमको र अब्बलभन्दा अलि कम उब्जाउ हुने भूमिलाई दोयम भनिन्छ । सिम चाहिँ दोयमभन्दा पनि कमसल हुन्छ । यस्तो कतिपय जमिनमा धान त फल्छ तर सिम जमिन ओसिलो र धापिलो हुन्छ । यस्तो भूमि गजगजे पनि हुन्छ । सिँचाइ सुविधा नहुने र आकासे पानीको भर पर्नुपर्ने सुक्खा माटो भएको जग्गा चाहार हो । सिँचाइ उपलब्ध भए पनि यस्तो जमिन रुखो हुने हुँदा अनाज फल्दैन वा फलिहाले पनि अत्यन्त कम मात्र फल्छ ।

१३. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको छोटो उत्तर दिनुहोस् :

भाषा यादृच्छिक वाक्प्रतीकहरूको त्यस्तो व्यवस्था हो, जसका सहायताले समाजका व्यक्तिहरू आफ्नो विचार विनिमय गर्छन् । भाषालाई स्पष्ट रूपमा चिन्न यसका प्रकृति र विशेषताहरूको उल्लेख गर्नु अझ सान्दर्भिक ठहरिन्छ । भाषा पूर्णतः पैतृक सम्पत्ति नभई मानिसको आर्जित सम्पत्ति हो । भाषा सामाजिक वस्तु हो र यो एकप्रकारको परम्परा पनि हो । कुनै पनि व्यक्ति भाषाको आर्जन गर्न सक्दछ तर पूर्णरूपले उत्पादन गर्न सक्दैन । वास्तवमा भाषा अनुकरणद्वारा आर्जन गर्ने गरिन्छ । भाषा परिवर्तनशील हुने भएकाले यसको कुनै अन्तिम स्वरूप हुँदैन । भाषाको भौगोलिक र ऐतिहासिक सीमा हुन्छ । प्रत्येक भाषाको आफ्नै प्रकारको संरचना हुन्छ । स्वाभाविक रूपमा हरेक भाषा जटिलताबाट सरलतातर्फ यात्राशील रहन्छ । त्यस्तै हरेक भाषा आफ्नो विकासको क्रममा स्थूलबाट सूक्ष्मतिर र अपरिपक्वको स्थितिबाट परिपक्वको स्थितितिर यात्रारत रहन्छ । सबै भाषाको आफ्नो मानक रूप हुन्छ । यादृच्छिकता, सिर्जनात्मकता, द्वैधता, सान्दर्भिकता, मौखिकता, श्रावणिकता भाषाका विशेषता हुन् ।

प्रश्नहरू

(क) भाषा भनेको के हो ?

(ख) भाषाका विशेषताहरू बताउनुहोस् ।

(ग) भाषाको विकास कसरी हुँदै आएको छ ?

(घ) भाषालाई किन उत्पादन गर्न सकिँदैन ?

१४. तलको टिप्पणी लेखनको नमुना पढ्नुहोस् र दिइएका शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् :

### सडक दुर्घटना

यात्रीहरू लिएर हिँडेको सवारी साधन अकस्मात् क्षति भई जनधनको हानिनोक्सानी हुनुलाई सवारी दुर्घटना भनिन्छ । हिजोआज हरेक हप्ताजसो सञ्चार माध्यममा सवारी दुर्घटनाका समाचारहरू आउने गर्छन् । दुर्घटनामा यति जनाको घटनास्थलमा, यति जनाको उपचारार्थ अस्पताल लाँदालाँदै बाटामा र यतिको उपचार हुँदाहुँदै अस्पतालमा मृत्यु भयो भन्ने दुःखद समाचार सुनिन्छ । घाइते र अपाङ्गता भएको समाचार पनि त्यत्तिकै आउँछ । यस्ता दुर्घटनासँगै बाटो बन्द, घेराउ, चालक तथा खलासीमाथि कुटपिट, नाराजुलुस आदिका समाचार र त्यसका कारणले सर्वसाधारणलाई कष्ट र हैरानी भइरहेको हुन्छ ।

वास्तवमा सवारी दुर्घटना कसरी र किन हुन्छ, यस कुरालाई गम्भीरताका साथ सोच्नुपर्ने भएको छ । सहरीक्षेत्रमा सवारी साधनको अत्यधिक चाप छ । साँगुरा सडक, सवारी साधनको तीव्र गति, बाटो काट्ने पदयात्रीको असावधानी, ट्राफिक नियमको अज्ञानता र ज्ञान भए पनि बेवास्ता आदि कारणले सहरी क्षेत्रमा सवारी दुर्घटना हुने गरेका छन् भने राजमार्गमा चल्ने सवारी साधनको छतमा समेत यात्रुहरू राख्ने प्रवृत्ति, चालकको लापरबाही, मदिरा सेवन र यात्रु चढाउन सवारी साधनको तँछाडमछाड गर्ने प्रवृत्ति पनि त्यत्तिकै जिम्मेवार बनेको छ । राजमार्गमा चल्ने कतिपय सवारी साधनमा सिकारु चालकले तालिमको मौका पाउँछन् । फलतः यसबाट पनि दुर्घटना हुने गर्छ भन्ने समाचार सुनिन्छ । कारण अरू पनि होलान् तर यस्ता सामान्य गल्तीले अनमोल जीवन गुम्ने, बाँचे पनि अपाङ्ग बन्ने, दुःख पाउने साथै यही कारणले हुने बन्द, घेराउ, गाडी तोडफोड, चालकमाथि कुटपिट तथा सवारी साधनमाथि आगजनी जस्ता कार्य कसैका लागि पनि प्रिय होइनन् ।

यातायातका साधनको सञ्चालन आम जनताको सुविधाका निम्ति गरिन्छ । यसलाई व्यवस्थित, नियमित र सुरक्षित बनाउनुपर्छ । यसका निम्ति चालक, यात्रु र ट्राफिक प्रहरीले ध्यान पुऱ्याए मात्र पनि दुर्घटनाको मात्रा कम हुन सक्छ । तत्काल बाटो चौडा, राम्रो र सुरक्षित गर्न नसकिएला तर मदिरा सेवन, यात्रुको कोचाकोच, जथाभावी बाटो काट्ने प्रवृत्ति आदिलाई घटाउन नसकिने होइन । राम्रो तालिम प्राप्त कुशल चालकले मात्र गाडी चलाउने गरेमा र कहाँ, कुन गतिले गाडी चलाउनु सुरक्षित हुन्छ भन्ने विवेकपूर्ण सोचाइ राखेर चलाएमा निश्चय नै दुर्घटनाको मात्रा घट्न सक्छ । यसप्रति सवारी चालक, यात्रु र सवारीलाई व्यवस्थित गर्ने ट्राफिक प्रहरीवर्गले समेत ध्यान दिनु जरुरी छ ।

(ख) वैदेशिक रोजगारप्रतिको आकर्षण

(ग) कृषिको महत्त्व

भाषातत्त्व

## शब्दकोशको प्रयोग

१. पढ्नुहोस् र बुझ्नुहोस् :

भाषाका शब्दहरूको वर्णक्रमअनुसार शब्द सङ्कलन गरी व्याकरणात्मक कोटि आदि खुलाएर उही वा अन्य भाषामा अर्थ, पर्याय आदि लेखिएको ग्रन्थ शब्दकोश हो । शब्दकोशमा शीर्ष शब्द, शब्दको हिज्जे, शब्दको उच्चारण, व्याकरण निर्देश, शब्दको स्रोत, शब्दको अर्थविधान, शब्दको गौण र उपप्रविष्टि, व्युत्पादक सर्ग, पर्याय, विपर्याय, उखानटुक्काको प्रयोग, उदाहरण, चित्राङ्कन आदि हुन्छन् ।

सङ्केत सूची

| | | | | | |
|---|---|---|---|---|---|
| अ | : | अरबी | अ.क्रि | : | अकर्मक क्रिया |
| अङ् | : | अङ्ग्रेजी | अव्य | : | अव्यय |
| इ | : | इत्यादि | उदा | : | उदाहरण |
| सं | : | संस्कृत | ना. | : | नाम |
| नेवा | : | नेवारी | फा | : | फारसी |
| / | : | विभाजक | ( ) | : | गौण सङ्केत |
| -: | : | निर्देशक चिहृन | + | : | संयोजक वा जोड |

शब्दकोशको प्रयोग गर्ने तरिका

(क) सर्वप्रथम स्वर वर्ण (अँ, अं, अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ, औ) को क्रम रहेको हुन्छ ।

(ख) क्रमश: व्यञ्जन वर्ण (क, क्ष, ख, ग, घ, ङ, च, छ, ज, ज्ञ, झ, ञ, ट, ठ, ड, ढ, ण, त, त्र, थ, द, ध, न, प, फ, फ, ब, भ, म, य, र, ल, व, श, ष, स, ह) को क्रम रहेको हुन्छ ।

(ग) बाह्रखरीमा 'कँ, कं, क, का, कि, की, कु, कू, कृ, के, कै, को, कौ, क्य, क्र, क्ल' को क्रम रहेको हुन्छ । यसैगरी 'क्ष' वर्ण 'क'को क्रममा, 'ज्ञ' वर्ण 'ज'को क्रममा र 'त्र' वर्ण 'त'को क्रममा रहेको हुन्छ ।

२. तलका शब्दको शब्दकोशीय अनुक्रम मिलाउनुहोस् :

(क) दमयन्ती, मृग, कर्कोटक, नागयुवक, भोजन, अगुल्टो, दक्षिण, सरोवर, जलक्रीडा, क्षेत्रीय

*उदाहरण :* अगुल्टो, कर्कोटक, क्षेत्रीय, जलक्रीडा, दक्षिण, दमयन्ती, नागयुवक, भोजन, मृग, सरोवर

(ख) एकान्त, आँखा, अनार, अखबार, एकतारे, औषधी, औपचारिक, ईश्वर, ऊर्जा, असार

(ग) खरायो, गमला, गिलास, गृहकार्य, कृषक, घाँस, घाम, कलश, कर्मठ, कौसी

(घ) छहारी, टपरी, चिन्तन, भकारी, मकल, मायालु, सन्तोष, हलगोरु,  वकिल, ढकनी

## पदवर्ग पहिचान

३. तलको अनुच्छेद पढ्नुहोस् र बुझ्नुहोस् :

एक हुल भिक्षुहरू हाम्रो अगाडिबाट स्तूपको परिक्रमा गर्न थाले । "आहा ! कति राम्रो सहर ! उः त्यो पर देखिएको भीमसेनस्तम्भ होइन ?" मञ्जुले स्वयम्भूको प्राङ्गणबाट देखिन् र सेतो स्तम्भ देखाउँदै बुबासँग खुसी व्यक्त गरिन् । साँच्चै त्यहाँबाट नारायणहिटी दरबार, सिंहदरबार, हनुमानढोका दरबार, एयरपोर्ट, कीर्तिपुर सबै प्रस्ट देखिँदो रहेछ । महिमा स्वयम्भूबाट देखिने काठमाडौँको दृश्य नियालिरहेकी थिइन् । उसको हातमा भएको प्रसादको झोला बाँदरले लुछेर लग्यो ।

माथिको अनुच्छेदमा प्रयोग भएका 'हुल, भिक्षु, परिक्रमा, सहर, भीमसेन, स्तम्भ, मञ्जु, खुसी, बुबा, नारायणहिटी, दरबार, कीर्तिपुर, हात, झोला, बाँदर आदि शब्दहरू नाम शब्द हुन् । नाम र त्यसका थप उदाहरणहरू हेरौँ :

| नाम | उदाहरण |
|---|---|
| व्यक्तिवाचक | गोपाल, काठमाडौँ, कर्णाली, रामायण, मुनामदन |
| जातिवाचक | वकिल, किताब, शिक्षक, गाई, भाइ |
| समूहवाचक | बथान, भेला, थुप्रो, झुप्पो, हुल |
| द्रव्यवाचक | चामल, अक्सिजन, सुन, दुध, माटो |
| भाववाचक | माया, पाप, दया, धर्म, न्याय, पढाइ |

नाम शब्द पहिचान गर्ने तरिका

(क) जुन प्राणी वा वस्तुलाई जे भनेर चिन्न सकिन्छ, ती प्राणी वा वस्तु नै नाम हुन् ।

(ख) नाम 'को', 'के', 'कसले' र 'कसलाई' प्रश्नको उत्तरमा आउँछन् ।

(ग) धातुमा नु/आइ, ... शब्दमा य/ता... प्रत्यय लागेर बन्ने शब्द नाम हुन् ।

४. दिइएको अनुच्छेदबाट दशओटा नाम शब्द टिप्नुहोस् :

खोलो अचेल फेरि गाउँतिर सोझिएको रहेछ । यो खोलाले पनि गाउँलाई धुरुक्कै रुवायो । हुन त रुवायो मात्रै भन्नु खोलाप्रति अन्याय ठहर्ला । यो खोलाले गाउँलाई पालेको पनि छ । हाम्रो विगतको लगभग आधा उमेर यही खोलाको डिल र बगरहरूमा बितेको थियो । कहिले ओरहा खाने निहुँमा त कहिले गाईभैँसी चराउने निहुँमा । खोलामा बाढी आएको बेला हामी गाईको पुच्छर समाएर बाढी तर्ने गर्थ्यौँ अथवा यस्तो बेलामा हामी खोलाको किनारमा बसेर बाढीको आनन्द लुट्थ्यौँ । तर्न डराउने कोही मानिस आए भने हामी तीनचार जना एकअर्काको हात समाउँदै बाढीमा हेलिन्थ्यौँ र किनारमा पर्खिरहेको मानिसलाई तारिदिन्थ्यौँ र यस्तो काममा खास गरी परिछनकै विशेष रुचि थियो । "यहीँनिर कुवा छ, गए सालको वर्षामा मूल फुटेको एकदम चिसो र मिठो पानी छ ।" ऊ पानी लिएर आइसकेको थियो ।

५. तलको अनुच्छेद पढ्नुहोस् र बुझ्नुहोस् :

रचना विद्यालयमा पढ्थिन् । उनी जेहेनदार थिइन् । उनले धेरै पढ्ने साथीहरू बनाएकी थिइन् । शिक्षकले समेत उनलाई माया गर्थे । अरूलाई भन्दा उनलाई माया गरेकै कारण पनि उनी बदमासी गर्दिनथिन् । जो जो उनलाई देख्थे, ती ती उनीजस्तै हुने इच्छा राख्थे । उनी गुरुलाई तपाईँसँग पढ्नु छ भन्ने प्रस्ताव राख्थिन् । शिक्षक पनि मसँग पढ्ने भए सबै मिलेर आउनुहोस् भन्नुहुन्थ्यो । उहाँसँग पढ्नलाई जोकोही पनि तयार हुन्थे । को पहिले पढ्ने भन्ने होडाबाजी नै चल्थ्यो । कसैले त आफू पहिलो हुने कुरामा अड्डी नै लिन्थे । शिक्षक कसैलाई तँ र तिमी पनि भन्नुहुनथ्यो । सबैलाई तपाईँ भन्नुहुन्थ्यो र कोही पनि उहाँसँग रिसाउँदैनथे । उहाँले जे जे पढाए पनि विद्यार्थीहरू ध्यान दिएर पढ्ने गर्थे । आआफू मिलेर पढ्दा विद्यार्थीलाई फाइदा हुन्थ्यो । गुरुले यो पढ ! त्यो नपढ, यसो गर, त्यसो गर भनिरहँदा विद्यार्थीहरू राम्रो मान्थे । कोही त शिक्षककै आज्ञाअनुसार निजलाई सक्रिय तुल्याउँथे नै कोही भने अरूलाई हेर्दै आफू पनि त्यस्तै वाचा गर्थे । रचनाकै कारण सबै गुरुसँग एकआपसमा मिलेर पढ्न पाउँदा विद्यालयको वातावरण अत्यन्त अनुकरणीय बनेको थियो ।

माथिको अनुच्छेदमा प्रयोग भएका 'म, हामी, तँ, उनी, त्यो, यो, कोही, आफू, जो जो, ती ती, निज ..' आदि शब्दहरू सर्वनाम शब्द हुन् । सर्वनाम र त्यसका थप उदाहरणहरू हेरौँ :

| सर्वनाम | उदाहरण |
|---|---|
| पुरुषवाचक सर्वनाम | म, हामी, तँ, तिमी, ऊ, उहाँ |
| दर्शक सर्वनाम | यो, त्यो, यी, ती, सबै |
| प्रश्नवाचक सर्वनाम | को, के, के के, कस्तो, कुन |
| सम्बन्धवाचक सर्वनाम | जो, जे, जुन, जोसुकै |
| निजवाचक सर्वनाम | आफू, आफैँ, निज, स्वयम् |

६. दिइएको गद्यांश पढी सर्वनाम शब्द टिप्नुहोस् :

म र भाइ बजार गयौँ । हामीले बजारमा तिमीलाई देख्यौँ । तिमी उमेश र राजीवसँग थियौ । उनीहरूले गितार बोकेका थिए । उमेशले हामीलाई देखेर सोध्यो, "तपाईँहरू को को बजार आउनुभएको ?"

मैले भने, "भाइ र म मात्र हो ।"

मेरो कुरा सुनेर तिमी उमेशसँग रिसायौ र भन्यौ, "ऊ जोसुकैसँग आओस् न । तँलाई किन चाहियो ?"

"यसलाई के भयो आज ?" तिम्रो पारा देखेर उमेश आफै छक्क पऱ्यो ।

७. तलको अनुच्छेद पढ्नुहोस् र बुझ्नुहोस् :

मेरो नेपालमा सेता हिमाल, हरिया पहाड र उर्वरशील तराई छ । यहाँ विविध जातजाति, अनेक संस्कृति र सयौँ भाषाहरू छन् । मेहनती मानिस बसोबास गर्ने यस देशमा आफू मरेर

अरूलाई बचाउने वीर पुर्खाहरू जन्मेका थिए । स्वच्छ हावापानी र प्राकृतिक सभ्यतालाई जोगाइराख्न सक्ने वातावरण नेपालको पहिचान हो ।

माथिको अनुच्छेदमा प्रयोग भएका 'मेरो, सेतो, हरिया, उर्वरशील, अनेक, सयौँ, मेहनती, वीर, प्राकृतिक ..' आदि शब्दहरू विशेषण शब्द हुन् । विशेषण र त्यसका थप उदाहरणहरू हेरौँ :

| विशेषण | उदाहरण |
|---|---|
| गुणबोधक | राम्रो, रातो, सोझो, डोल्पाली, आधुनिक |
| सङ्ख्याबोधक | एक, दुई, साठी, पाँचौँ, प्रत्येक |
| परिमाणबोधक | धेरै, थोरै, अलिकति, सबै, ज्यादा |
| सार्वनामिक | जे (खानेकुरा), जो (मान्छे), यो (किताब), कुनै (जनावर) |
| भेदक | मेरो (भाइ), आफ्ना (साथी), सुनिताकी (बहिनी) |
| कृदन्त | पढेका (कुरा), बुझेको (मानिस), जान्ने (व्यक्ति) |

विशेषण शब्द पहिचान गर्ने तरिका

(क) कस्तो ? (राम्रो) कत्रो ? (अग्लो) कुन ? (पहिलो) प्रश्नको उत्तर आउने शब्द विशेषण हुन्छन् ।

(ख) धातुमा एको, एकी, एका, ने, जोडिएर नामको विशेषता बुझाउन आएका शब्द कृदन्त विशेषण हुन् ।

(ग) कति ? प्रश्नको उत्तर नामका अगाडि आए विशेषण हुन्छ, विशेषण वा क्रियापदका अगाडि आए क्रियाविशेषण हुन्छ ।

८. दिइएको अनुच्छेदबाट दशओटा विशेषण शब्द टिप्नुहोस् :

ग्रामीण महिलारू मिठो खानेकुरा बनाउनमा सफल देखिन्छन् । हरिया सागपात टिपेर हरेक दिन परिवारलाई खुवाउँछन् । सबैजना सँगै बसेर प्रशस्त खानेकुरा खान्छन् । परिवारका सम्पूर्ण व्यक्तिहरूसँग बसेर खान पाउँदा ग्रामीण समाज आनन्दित देखिन्छ । आफ्ना सन्तानलाई शिक्षा दिन कडा मिहिनेत गर्नु र छोराछोरीले राम्रो कपडा लाउन् भन्नु ग्रामीण महिलाको विशेषता नै हो । सन्तानलाई उच्च शिक्षासम्मको अध्यापनका लागि दसौँ वर्षसम्म मिहिनेत गर्न पछि नपर्ने ग्रामीण महिलाको जीवन आदर्शमय रहेको छ । चाहे झापाली नारीहरू हुन् वा रोल्पाली नारीहरू हुन् ! सबैले आफ्नो परिवारका लागि कडा मिहिनेत गरेकै हुन्छन् । धनी मान्छेलाई भन्दा असल मान्छेलाई राम्रो मान्ने ग्रामीण समाज ठुलासाना सबैखाले व्यक्तिलाई सम्मान गर्छ न् । ग्रामीण समाजमा दुधालु गाईहरू, स्वादिला फलफूलहरू सुनौला फूलहरू, रमाइला बाजाहरू र सांस्कृतिक विविधाताहरू पाइने भएकाले पनि सबैका लागि आकर्षणको केन्द्र मानिन्छ । यो त्यस्तो समाज हो, जहाँ जोसुकै व्यक्ति पनि ग्रामीण महिला र परिवेशको प्रशंसा नगरी रहन सक्दैनन् ।

९. तलको अनुच्छेद पढ्नुहोस् र बुझ्नुहोस् :

संस्कृतिभित्र जातजातिका भाषा, दर्शन, मान्यता र विश्वास लुकेका हुन्छन् । जातीय विविधताभित्र सांस्कृतिक विविधता हुन्छ । संस्कृतिको विशेषता जातीय पृथकता पनि हो । बहुजातीय मुलुकमा बहुसांस्कृतिक सम्पन्नता पाइन्छ । यसको समन्वय गर्ने मुलुक सौन्दर्यमा श्रेष्ठ ठहर्छ । जहाँ सुन्दर फूल फुल्छन्, त्यहाँ भमराहरू लट्ठिएर झुल्छन् । हाम्रो सांस्कृतिक उन्नयन सुमनकुञ्ज बन्न सके अभ्यागत मौरी र भमरा बनी झुमिन्छन् । हामी पराग र मधुरस बटुल्न सक्छौँ । मौरीको लगनशीलता सापटी लिएर मह जम्मा गर्न सक्छौँ । महको रस सुक्दैन । संस्कृति मधुरस हो, सभ्यता घार हो । हामी सुन्दर विश्वबागमा हृदयाकर्षक घार बनाउन सक्छौँ, हृदय केन्द्रमा सांस्कृतिक मधुरस जम्मा गर्न सक्छौँ ।

माथिको अनुच्छेदमा प्रयोग भएका 'हुन्छन्, हो, पाइन्छ, ठहर्छ, झुल्छन्, सक्छौँ...' आदि शब्दहरू क्रियापद हुन् । क्रियापद र त्यसका थप उदाहरणहरू हेरौँ :

| क्रियापद | उदाहरण |
|---|---|
| अकर्मक क्रिया | रमिला सबेरै उठिछन् । |
| सकर्मक क्रिया | उनी किताब पढ्छिन् । |
| द्विकर्मक क्रिया | दाजु बहिनीलाई लुगा किन्नुहुन्छ । |
| पूरकापेक्षी क्रिया | नारायणगोपाल गायक हुन् । |
| सरल क्रिया | म पसल जान्थेँ । |
| संयुक्त क्रिया | हामी असल नागरिक बन्नुपर्छ । |
| मुख्य क्रिया | तिमी चिठी लेख्छौ । |
| सहायक क्रिया | मदन क्रिकेट खेल्दै छन् । |
| समापक क्रिया | तपाईँ भोलि आउनुहोला । |

क्रियापद पहिचान गर्ने तरिका

(क) क्रियापदले वाक्यको कार्य, घटना र अवस्थालाई बुझाउँछ ।

(ख) जसले वाक्यलाई टुङ्ग्याउँछ, त्यो मात्र क्रियापद हो ।

१०. दिइएको अनुच्छेदबाट क्रियापद टिप्नुहोस् :

तिनले चारैतिर हेरिन् । टाढा पूर्वतिर पातलो जङ्गलको पारि केही छाप्रा रहे जस्तो तिनलाई लाग्यो । तीन दिनदेखि नरनारीको मुखसम्म नदेखेकी दमयन्तीमा मानिसको सान्निध्यको अनुभवले आनन्द दिन थाल्यो भने आशाका लहर पनि उठ्न थाले । सूर्यास्त हुँदै गयो । टाढाका तिनै छाप्रातिरबाट कुखुरा बासेको स्वर तिनले सुनिन् । त्यो स्वरले उल्लासमय मनोदशामा पुगेकी दमयन्तीको मनलाई तिनै छाप्राका नरनारीतिर, मानिसको सामीप्यतिर तान्न थाल्यो । तथापि दमयन्तीले प्रबल आत्मनियन्त्रणलाई अँगालेर खेतका हरिया मुना र कलिला काँचा जौँका झारद्वारा भोकलाई शान्त पार्दै त्यही ढुङ्गामाथि लम्पसार परिन् ।

११. तलको अनुच्छेद पढ्नुहोस् र बुझ्नुहोस् :

अस्ति म निकै ढिलो घर फर्कें । बाटो खुला थियो तापनि मैले बेतोडले गाडी कुदाइनँ । गल्लीमा यत्रतत्र भुस्याहा कुकुरहरू थिए । कुकुरहरू बिनसित्ती भुकिरहेका थिए । कुनै कुनै पसल राति अबेरसम्म खुलै थिए । केही बटुवा लडखडाउँदै हिँडिरहेका थिए । मलाई त्यहाँ छुट्टै दुनियाँ छ जस्तो लाग्यो । गल्ली ज्यादै साँघुरो नभए पनि राम्ररी फैलन नपाएको जस्तो थियो ।

माथिको अनुच्छेदमा प्रयोग भएका 'अस्ति, निकै, यत्रतत्र, बिनसित्ती, राति, लडखराउँदै, त्यहाँ, राम्ररी ..' आदि शब्दहरू क्रियायोगी हुन् । क्रियायोगी र त्यसका थप उदाहरणहरू हेरौँ :

| क्रियायोगी | उदाहरण |
|---|---|
| समयवाचक | म अहिले कक्षाकार्य गर्छु । |
| स्थानवाचक | आमा बाहिर जानुभयो । |
| रीतिवाचक | सबै काम फटाफट हुनुपर्छ । |
| परिमाणवाचक | तिमी घरमा थोरै बोल्छौ । |
| कारणवाचक | शिशिर खाजा खाएर एकछिन पढ्न बस्यो । |

क्रियायोगी पहिचान गर्ने तरिका

(क) कहिले, कहाँ, कसरी, कति, किन जस्ता प्रश्नको उत्तर आउने शब्द क्रियायोगी हुन्छन् । जस्तै :

| | | | |
|---|---|---|---|
| सञ्जय विदेश गए । | कहाँ ? | - विदेश | क्रियाविशेषण |
| उमा भोलि बजार जान्छिन् । | कहिले ? | - भोलि | |
| सुकन्या ज्यादै घुर्छिन् । | कति ? | - ज्यादै | |
| ऊ त हाँसेर बोल्थ्यो । | कसरी ? | - हाँसेर | |
| म कलेजमा पढ्न जान्छु । | किन ? | - पढ्न | |

(ख) धातुमा एर, न, नाले, दै, ई, प्रत्यय जोडिएर बनेका शब्द क्रियायोगी हुन्छन् ।

१२. दिइएको अनुच्छेदबाट क्रियायोगी शब्द टिप्नुहोस् :

जीवनमा समस्या आउँदा त्यसको तत्काल समाधान गर्नुपर्छ । कुनै पनि समस्या आउँदा अहिले होइन, भरे, भोलि, बिस्तारै समाधान गरौँला भनेर बस्यो भने त्यसले कहिल्यै मानिसको कल्याण गर्दैन । जीवनमा समस्या भन्ने कुरा निश्चित ठाउँ र समयमा मात्र आउँदैन । हरबखत, हरपल, हरदिन, हरघडी जीवनमा समस्या आउन सक्छ । समस्या आयो भन्दैमा भाग्नुहुँदैन, समाधानको उपाय पहिल्याएर अघि बढ्नुपर्छ ।

१३. तलको अनुच्छेद पढ्नुहोस् र बुझ्नुहोस् :

शुचिभद्र सेठ आफ्नो गाडामा गयो । दमयन्ती एउटा गाडाको पछिल्लो बाँसको सहारा लिएर सार्थसँगै हिँड्न थालिन् । आधा कोसजति गएपछि मध्याह्नको सूर्यको रापले सेक्न थाल्दा

शुचिभद्रको सार्थ पद्मसौबन्धिक भन्ने अति ठुलो तलाउको किनारमा जङ्गलबाट निस्केर पुग्यो ।

माथिको अनुच्छेदमा प्रयोग भएका 'सँगै, जति, पछि, बाट ..' आदि शब्दहरू नामयोगी शब्द हुन् ।

१४. दिइएको अनुच्छेदबाट नामयोगी शब्द टिप्नुहोस् :

धेरैपछि जब म केही बुझ्न थालेँ अनि मैले पहिलोपटक अनुभव गरेँ - परिछनहरूसँग अन्तराल कदापि बढ्न दिइनुहुन्न र जो हुँदै छ त्यो गल्ती गरिँदै छ । यसपछि परिछनलगायत ती बालदौँतरीहरूसँग फेरि सम्बन्ध कायम गर्न मैले निकै श्रम गर्नुपऱ्यो । विद्यालय बिदा परेको बेला कहिले ओरहा खाने, कहिले गिर खेल्ने, कहिले कपर्दी खेल्ने वा त्यस्तै केही निहुँ पारेर म उनीहरूसँग मिसिन्थेँ ।

१५. तलको अनुच्छेद पढ्नुहोस् र बुझ्नुहोस् :

ऊ अरू देशमा भन्दा नेपालमै अथवा हिमाली काखमै घुमेर जीवन बिताउन चाहन्छ । हुन त नेपालको प्राकृतिक सम्पदा बुझिएन भने कसरी नेपालको महानता थाहा पाउनु र । यदि भित्रैदेखि नेपाली संस्कृतिबारे चासो राख्ने हो भने पनि प्राकृतिक सम्पदाजस्तै सांस्कृतिक सम्पदा पनि यहाँ पाइन्छन् तर सबैले यो रहस्य बुझ्न सकिरहेका छैनन् । हुन त जसको जति बुद्धि र क्षमता हुन्छ त्यति नै उसको मूल्याङ्कन सधैँ सही हुन्छ भन्नेछैन किनभने सही ज्ञानपछि ती कुराहरू आफैँ समाधान हुन्छन् ।

माथिको अनुच्छेदमा प्रयोग भएका 'अथवा, भने, तर, र, भन्ने, किनभने ..' आदि शब्दहरू संयोजक शब्द हुन् ।

१६. दिइएको अनुच्छेदबाट संयोजक शब्द टिप्नुहोस् :

"तपाईँ रानी, मेरी मातासरह हुनुहुन्छ तथापि मेरा तीनओटा सर्तलाई स्वीकार गर्नुहुन्छ भने मात्र म यो काम गर्ने छु" भनिन् दमयन्तीले । "मैले कसैको जुठो खान नपरोस्, कसैको पाउ दाब्न नपरोस् र कुनै परपुरुषसित बोल्न नपरोस् ।" भन्ने आफ्नो सर्त प्रस्तुत गरिन् । सुनन्दाले तीनैओटा सर्तलाई स्वीकार गरेर छोरीलाई बोलाएर "तिमी सैरन्ध्री अबदेखि यिनको हेरविचार र स्याहारसुसारमा बस्नू" भनी आदेश दिइन् ।

१७. दिइएको अनुच्छेदबाट विस्मयादिबोधक र निपात पहिचान गरी टिप्नुहोस् :

म, अग्रिम र तेन्जिङ घुम्न बगैँचामा गयौँ । त्यहाँ पुग्नेबित्तिकै "आहा ! कति सुन्दर बगैँचा रहेछ, हेर त" तेन्जिङले भन्यो । "हो, धेरै सुन्दर छ" मैले जबाफ दिएँ । केही पर पुगेपछि "छ्या ! के गनाएको यस्तो ?" तेन्जिङले सोध्यो । "उः त्यहाँ पर मुसा मरेको रहेछ, त्यही गनाएको नि !" अग्रिमले जबाफ दियो । "अँ त नि ! मरेपछि कसैले उठाएनछ अनि गनाइहाल्छ नि ।" मैले भनेँ । घुम्दाघुम्दै हामी पोखरीनजिक पुग्यौँ । "आबुइ ! कत्रो माछो ।" अग्रिमले पोखरीको माछो देखाएर भन्यो । "खै खै ! म पनि हेरूँ त" तेन्जिङले जिज्ञासाको भावमा

भन्यो । यसपछि ज्यादै गर्मी भएकाले तेन्जिङ र म पौडी खेल्न पोखरीमा छिऱ्यौँ । " आच्छु ! कस्तो चिसो पानी ।" तेन्जिङले भन्यो । हामी दुवै पौडी खेल्दै थियौँ । "क्याबात ! कति राम्रो पौडी खेलेको" भनी आफ्नै साथी अग्रिमले प्रशंसा गर्दा हामी दङ्ग पऱ्यौँ ।

१८. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको शब्दवर्ग पहिचान गर्नुहोस् :

(क) चेदी नगरको मूल बाटाको पूर्वतिर काठको आफ्नो दुईतले घरको माथिल्लो बार्दलीमा बसेर रानी सुनन्दा सडकको रमिता हेरिरहेकी थिइन् ।

(ख) रामसिंह र उनको भतिजो आगाको छेउमा पातलो तन्ना ओछ्याएर र हामी चार भाइ आआफ्ना सुत्ने थैलाभित्र पसी चिसो न चिसो ढुङ्गाको सिरानी लगाएर भोलि रमाइलो डँडेलधुरा पुग्ने स्वादिलो कल्पना गर्दै साढे दुई बजेतिर कच्पल्टिलो निद्रा सुत्यौँ ।

(ग) पछिल्लो समयमा उनी ब्रह्माण्डका सबै शक्तिलाई एकीकृत व्याख्या गर्ने एउटै सिद्धान्त बनाउने प्रयत्नमा तल्लीन थिए ।

(घ) घुम्दाघुम्दै हामी पोखरीनजिक पुग्यौँ । "आबुइ ! कत्रो माछो ।" अग्रिमले पोखरीको माछो देखाएर भन्यो । "खै खै ! म पनि हेरूँ त" तेन्जिङले जिज्ञासाको भावमा भन्यो । यसपछि ज्यादै गर्मी भएकाले तेन्जिङ र म पौडी खेल्न पोखरीमा छिऱ्यौँ ।"

## वर्णविन्यास पहिचान

१९. पढ्नुहोस् र बुझ्नुहोस् :

'श, ष, स' को प्रयोग

श-तालव्य (तत्सम शब्दमा मात्र प्रयोग हुन्छ ।)

ष-मूर्धन्य (तत्सम शब्दमा मात्र प्रयोग हुन्छ ।)

स-दन्त्य (तत्सम, तद्भव, आगन्तुक शब्दमा प्रयोग हुन्छ ।)

(क) 'श' प्रयोग हुने अवस्था :

(अ) विसर्गभन्दा पहिले - प्रायशः, क्रमशः, अक्षरशः आदि

(आ) 'ऋ, च, र, ल' वर्णभन्दा अगाडि - पश्चात्, शृङ्गार, अश्रु, श्लेष आदि

(इ) श, स, ष भन्दा अगाडि आएमा - आशिष्, प्रशंसा, शिशु आदि

(ख) 'ष' प्रयोग हुने अवस्था :

(अ) 'ट, ठ, ड, ढ, ण' का अगाडि - स्पष्ट, ओष्ठ, षडानन्, आषाढ, विशेषण आदि

(आ) 'इ' र 'उ' का अगाडि 'क' र 'प' छन् भने - निष्कपट, परिष्कार आदि

(ग) 'स' प्रयोग हुने अवस्था :

(अ) नेपाली तद्भव र आगन्तुक शब्दमा मात्र प्रयोग हुन्छ : आँसु, असार, मङ्सिर, फेसन, सहिद, बादसाह आदि

(आ) 'स, सत्, सह, सु, सम्' उपसर्ग लागेका शब्द : ससाना, सत्कर्म, सहयोग, सुदिन, सम्मान आदि

(इ) सर्वनाम, विशेषण र क्रियापदमा : यस, त्यस, सानो, सेतो, सुत्, सक्छ आदि

(ई) ‘स’ प्रयोग हुने केही तत्सम शब्द : स्वभाव, स्थल, रहस्य, स्वतन्त्र, स्वर्ग, दास, पुरस्कार, स्तुति आदि

(द्रष्टव्य : कसैको नाम, थर आदिमा श, ष, स आदि लेखिँदै आएको छ भने त्यहाँ यस्ता नियम लागु नहुन सक्छन् ।

२०. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :

भोकी, अर्धनग्न, विक्षिप्त र सिथिल भएकी दमयन्तीलाई हिँड्न पनि गाह्रो भयो । तिनले एउटा पिपलबोटको फेदमा आस्रय लिइन् र दाहिने पाखुराको षिरान गरेर सून्य आकाषतिर हेर्दे पल्टिएर आफ्नो मनभित्र जीवनको अर्थ खोज्न थालिन् । बिहानदेखिकै सान्त तिनी एकान्तिक नारीका आँखा पनि सून्य आकाषमा नललाई खोज्दाखोज्दै निद्रालीन भए । शूर्य अस्ताउन केही शमय बाँकी थियो । अस्ताउँदो शूर्यका कलिला पहैंला तेर्षा किरण दमयन्तीका मुहार र वक्षस्थलमा पर्न थाले ।

## सिर्जना/परियोजना

१. दिइएका बुँदाका आधारमा तयार पारिएको कथा पढ्नुहोस् :

एक जना सिकर्मीले धेरै वर्ष काम गरेपछि अवकाश लिने विचार गर्नु ............ ठेकदारलाई अर्को हप्तादेखि अवकाश लिने बताउनु ............ सिपालु सिकर्मीको कुरा सुनेपछि ठेकेदारले घर ठेक्का लिएको बताउनु ............ त्यो सिध्याउनुस् अनि अवकाश लिनुस् भन्नु ............ सिकर्मीले हुन्छ भन्नु ............ सिकर्मी त्यस कारखानामा अरू तीन महिना काम गर्न जानु ............ उनलाई काम छोड्ने निर्णयपछि काममा कुनै जाँगर नचल्नु ............ तीन महिनामा जसोतसो घर सिध्याएर अवकाश लिने जानु ............ कारखानाका ठेकेदारले नयाँ घरको साँचो दिँदै तपाईंलाई नै कारखानाको तर्फबाट मायाको चिनो अर्पण गर्छु स्विकार्नुस् भन्नु ।

*उदाहरण*

### मायाको चिनो

एक जना सिकर्मीले कुनै कारखानामा धेरै वर्ष काम गरेपछि अवकाश लिने विचार गरे र ठेकेदारकहाँ गएर भने, "ठेकदारजी ! मैले यस कारखानामा बिस वर्षको उमेरदेखि लगातार चालिस वर्ष काम गरेँ । अब चाहिँ मैले अर्को हप्तादेखि अवकाश लिने निर्णय गरेको छु ।"

आफ्नो कारखानाको सबैभन्दा सिपालु सिकर्मीको कुरा सुनेपछि ठेकेदारले भने, "ठिक छ त । तर मैले एउटा घर ठेक्का लिएको छु, त्यो तीन महिनामा सकिन्छ होला । त्यो सिध्याउनुस् अनि अवकाश लिनुस् । हुन्न र ?"

सिकर्मीले केही छिन सोचेर हुन्छ भनिदिए । उनी त्यस कारखानामा अरू तीन महिना काम गर्न गए । उनलाई काम छोड्ने निर्णयपछि काममा कुनै जाँगर चलेन । तीन महिनामा जसोतसो त्यो घर सिध्याए र भोलिदेखि अवकाश लिने भए । त्यही दिन कारखानाका ठेकेदारले उनलाई उक्त घरको साँचो दिँदै भने, "तपाईं यस कारखानाको सबैभन्दा पुरानो र सबैभन्दा सिपालु सिकर्मी हुनुहुन्छ । तपाईंको मेहनत र सिपले यस कारखानाले धेरै धेरै प्रगति गऱ्यो । म तपाईंले यस कारखानामा पुऱ्याउनुभएको योगदानको कदर गर्दै अन्तिमपटक तपाईंले तयार गर्नुभएको यो घर तपाईंलाई नै कारखानाको तर्फबाट मायाको चिनो अर्पण गर्छु । स्विकार्नुस् ।"

ठेकेदारको कुरा सुनेर सिकर्मीले मनमनै भने, "ओहो ! यो कुरा मलाई तीन महिनाअघि नै थाहा भएको भए ....!"

२. दिइएका बुँदाका आधारमा छोटो कथा तयार पार्नुहोस् :

सानो उमेरमा नै तयामा, खियामा र हेत्छाकुप्पाका आमाबुबाको मृत्यु हुनु .......... उनीहरूले जङ्गलका फलफूल, कन्दमूल खोजेर बिहान बेलुकाको छाक टार्नु .......... एक पटक धेरै दिनसम्म खानेकुरा नपाउनु .......... खान नपाएर हेत्छाकुप्पा बेहोस हुनु .......... जेठी दिदी तयामा र कान्छी दिदी खियामाले भाइ हेत्छाकुप्पा मरेको ठान्नु .......... उहीहरूले भाइलाई केराको पातले छोपेर हिँड्नु .......... हेत्छाकुप्पा होसमा आउँदा उसले दिदीहरू नदेख्नु .......... हेत्छाकुप्पा एक्लै हुर्किनु .......... हेत्छाकुप्पाको नायुमा नामकी युवतीसँग बिहेको टुङ्गो हुनु .......... हेत्छाकुप्पाले दिदीहरूको खोजी गर्नु .......... बिहेमा दिदीहरू आइपुग्नु .......... भाइको बिहेको खुसीमा दिदीहरूले उत्कृष्ट नाच देखाउनु .......... त्यही नाच 'साकेला सिली' का नामले प्रचलित हुनु .......... साकेला सिली किरात जातिको सांस्कृतिक नाचका रूपमा प्रचलित हुनु .......... तयामा, खियामा, हेत्छाकुप्पा र नायुमालाई किरात सभ्यताका अगुवा मानिनु ।

पाठ ३

# घनघस्याको उकालो काट्ता

## परिचय

तारानाथ शर्मा (१९९१-२०७८) नियात्रा विधाका संस्थापक तथा झर्रोवादी आन्दोलनका अगुवा हुन् । उनी नेपाली साहित्यमा २०२५ सालदेखि नै अनवरत रूपमा क्रियाशील छन् । नेपाली समालोचना र निबन्धका क्षेत्रमा उनको विशिष्ट योगदान रहेको छ । उनका प्रकाशित कृतिहरूमा 'जमर्काहरू' (२०२५ निबन्धसङ्ग्रह), 'जीवनका छाला' (२०३० निबन्धसङ्ग्रह), 'नमस्ते' (२०४४ निबन्धसङ्ग्रह), 'श्रद्धाका सुमन' (२०४४ निबन्धसङ्ग्रह), 'बेलायततिर बरालिँदा' (२०२६ यात्रासङ्ग्रह), 'पाताल प्रवास' (२०४२ यात्रासङ्ग्रह) आदि उल्लेखनीय रहेका छन् । उनका निबन्ध/नियात्राहरूमा सामाजिक, सांस्कृतिक, राजनीतिक तथा भौगोलिक यथार्थको अङ्कन पाइन्छ । उनले राष्ट्रवादी भावनाले ओतप्रोत भएका वा नेपालीपनले भरिएका विषयवस्तुको प्रस्तुति दिन्छन् । उनका निबन्ध वा नियात्रामा देशविदेशका विभिन्न परिवेश, संस्कृति, चालचलन आदिको सुन्दर चित्रणका साथै देशप्रेमको भावना अभिव्यक्त भएको पाइन्छ ।

प्रस्तुत 'घनघस्याको उकालो काट्ता' नामक निबन्ध बेलायततिर बरालिँदा (२०२६) निबन्ध सङ्ग्रहमा सङ्कलित संस्मरणात्मक रचना हो । यस नियात्रामा देशप्रेम र प्राकृतिक सौन्दर्यको चित्रण गरिएको छ । नेपालको सुदूरपश्चिममा रहेको भौगोलिक दृष्टिले दुर्गम मानिएको बैतडीदेखि डँडेलधुरा जाँदा बाटामा भेटिने घनघस्याको उकालोलाई नियात्राको मूल विषय बनाइएको छ । यस नियात्रामार्फत सुदूरपश्चिमी पहाडी भूभागको प्राकृतिक सौन्दर्यसँगै त्यहाँको सांस्कृतिक, सामाजिक, शैक्षिक, आर्थिक अवस्थालाई जीवन्त रूपमा प्रस्तुत गरिएको छ ।

## सिकाइ उपलब्धि

१. पाठमा प्रयुक्त कठिन शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न
२. निर्दिष्ट टुक्काको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न
३. नियात्रामा प्रयुक्त घटनाहरूको सिलसिलाबद्ध टिपोट गर्न
४. पाठगत बोध र समीक्षात्मक उत्तर दिन
५. विषयवस्तु वा सन्दर्भलाई व्याख्या गर्न
६. बोध प्रश्नको उत्तर, बुँदा टिपोट र सारांश लेखन
७. स्रोतका आधारमा शब्दको पहिचान गर्न
८. पदसङ्गति मिलाएर अनुच्छेद पुनर्लेखन गर्न
९. लिङ्ग, वचन, पुरुष र आदरका आधारमा शब्द रूपायन गर्न
१०. 'ब' र 'व' प्रयोग भएका शब्दको पहिचान गरी प्रयोग गर्न
११. आफूले गरेको यात्राको वर्णन वा निबन्ध रचना गर्न ।

# घनघस्याको उकालो काट्ता

*- तारानाथ शर्मा*

विक्रम संवत् २०२४ पुसको अन्तिम हप्तामा म महाकाली अञ्चलमा थिएँ । मेरो जन्म मेची अञ्चलमा भएको थियो । म सुदूरपूर्वको इलामे शरीर बोकेर सुदूरपश्चिमको बैतडीबाट डँडेलधुरातर्फ हिँडेको थिएँ ।

म नेपाललाई माया गर्ने राष्ट्रवादी मान्छे हुँ र मेरो राष्ट्रको हरेक भागलाई म उत्तिकै स्नेहसित मुटुमा सँगाल्छु । म खप्तडमा वसन्त बिताउन चाहन्छु, तुम्लिङमा हिउँ खेल्न चाहन्छु र राजापुरको काँसे घारीमा झ्याउरे गाउन चाहन्छु । मलाई तिल्केनीको उकालो, घनघस्याको उकालो र चन्दनीको उकालोसित जति प्रेम छ उति नै प्रेम अघोरी गाड, पुवा खोला र टुकुचासित छ । सतबाँझको लेक होस् वा ट्याम्के डाँडो होस्, अन्तु डाँडो होस् वा चन्द्रागिरि होस् जहाँ पनि उस्तै पाराको आफ्नोपनले मेरो मुटु ढुक्ढुक्याउँछ ।

जीवनमा कति उकाला काटियो होला र कति ओराला झरियो होला तर थोरै व्यक्तिले मात्र घनघस्याको उकालो चढेका होलान् । यो यस्तो उकालो हो जो कठोरतामा अद्वितीय छ । अघोरी गाडदेखि उकालिन थालेको यो डाँडो सहारा मरुभूमिको तिर्खालाई बिर्साउँछु भने झैँ तपाईंतिर हेरेर खिस्स हाँस्छ । संसारले अनेकौँ काँचुली फेरिसक्यो, देशका अरू भागले हजारौँ नयाँ दृश्य देखिसके तर यो उकालो अनन्तदेखि उस्तै छ । युगहरू बिते र समयले टाप लगायो तर घनघस्याको उकालो उत्तिकै घोसेमुन्टो लगाएको लगाएकै छ ।

टाउकामा चिप्लो न चिप्लो बरफको केश फुलाएर आफ्नो अररो वृद्ध शरीरमा काला रुखहरूको जिङ्ग्रिङ्ग भुत्ला ठड्याई यो घनघस्या गजधुम्म परेर बसेको छ । यो मान्छेसित रिसाएको छ, अग्घोरै रिसाएको छ, अघोरी गाड जत्तिकै रिसाएको छ अनि पोखरेली सेती जत्तिकै रिसाएको छ । सेती नदी पृथ्वीको पेटमा भासिँदै जाओस्, यो चाहिँ ठडिएको ठडियै छ । यसले कहिल्यै त टाउको झुकाउला कि भनेर मैले निरीक्षण गरिहेरेँ तर त्यस्तो लक्षण कतै भेटिएन । उल्टो यो झन् झन् दृढ हुँदै गइरहेको पो मैले पाएँ ।

प्रकृतिसित जुध्नु नै जीवनको रमाइलो हो भन्ने भावलाई ह्याकुलाले छोपेर नै म सुदूरपश्चिमको भ्रमणमा निक्लेको थिएँ । बैतडीको शाहीलेकमा अवस्थित विद्यालय भवनमा दुई रात बसेपछि डँडेलधुरा जान तम्सिँदा भरिया पाइएन । नौ बजे भात खाएर हिँड्न तयार भएका हामी चार जना व्यक्ति साढे दश बजेसम्म वाल्ल परेर दुई भरियाको खोजमा यता र उता दुगुर्दै नै थियौँ ।

झट्ट मलाई सहायक अञ्चलाधीशको सम्झना भयो । हामी दुगुर्दै सहायक अञ्चलाधीशलाई भेट्न माथि बैतडी बजारतर्फ गयौँ । सहायक अञ्चलाधीश यमुनाराज पौड्यालज्यूले तत्कालै दुई जना मानिसलाई बोलाएर सत्र सत्र रुपियाँमा पाटनसम्म भारी बोक्न मिलाइदिनुभयो । ११ बजे हामी दशरथ चन्दको सालिकलाई श्रद्धाका दुई थोपा आँसु चढाएर सतबाँझको लेकतर्फ उकालियौँ ।

बाटामा एउटा रमणीय ठाउँ भेटियो । देब्रेपट्टि पर्खालले घेरेको ढिस्कामा राम्रो मन्दिर थियो, जसको छानाको मर्मत हुँदै थियो । पर्खालबाहिर फलामे साङ्लीको अग्लो पिङ थियो । त्यसमा

मच्चिएर मैले उत्तर पश्चिमतिरका हिमचुचुरा देखेँ । सात आठ पसल थिए, जसका वरिपरि भेडाका बथान नुन र चामलका बोरा बोकेर उग्राइरहेका थिए । ठाउँ ठाउँमा बारी थिए, वन थिए र चरनहरू थिए । गाई चराउँदै गोठाला गोठाल्नी विरहलाग्दा गीत कुर्लिरहेका भेटिन्थे । आउने जाने मान्छेका समूह पनि प्रशस्तै देखिन्थे । धेरैमाथि पुगेपछि हिउँले ढाकेको पाखो देखियो ।

नेपाल हिमाली मुलुक हो तापनि धेरैजसो नेपालीले हिउँ कुल्चन पाएका हुँदैनन् । मैले २००१ सालको विशाल हिउँ वर्षा हुँदा फिक्कलमा हिउँमा खेल्नबाहेक र दार्जिलिङमा एक दुई पटक हिउँ फुस्फुसाएको देखेबाहेक हिउँको राम्रो परिचय बेलायतमा मात्र पाएको थिएँ । बेलायती हिउँभन्दा सतबाँझका लेकको हिउँ बेग्लै थियो । यो हिउँ मेरो थियो, मेरो मुटुको थियो र हिमाली हार्दिकता बोकेको र चम्किलो थियो ।

मेरा साथी प्रेमबहादुर प्रधान र म यस हिउँमा निकै बेरसम्म खेल्यौं । कहिले चिप्ली खेल्दै कहिले हिउँका डल्लाले एक अर्कालाई हिर्काउँदै र कहिले हिउँका रमाइला थुप्रामा आकृति बनाउँदै र लेख्दै हामीले सतबाँझमा समयलाई जिस्क्यायौं । डाँडामा पुगेर पूर्वतर्फ दृष्टिपात गरेपछि पो हामीलाई थाहा भयो, हामीले सतबाँझलाई छोडेर धेरै टाढा जानु रहेछ । जीवन एउटा नटुङ्गिँदो यात्रा रहेछ । जतिसुकै प्यारो लागे पनि सतबाँझ जस्ता रमणीय स्थानलाई छाड्नुपर्दो रहेछ । ओरालो झरेर तेर्सैतेर्सो बाटो हामी हिँडिरह्यौं, हिँडिरह्यौं ।

सल्लैसल्लाको घारीको मध्य भागबाट हिँडेपछि एउटा चौतारो आइपुग्यो । झमक्क साँझ परिसकेकाले तल जङ्गलमुनिको टार अलेलि मात्र देखिन्थ्यो । पहाडबाट झर्दा मधेस पुग्ने वेलाको झैँ दृश्य थियो त्यो । वास नपाइएला भनेर भरियाहरू र दुई साथीलाई त्यहीँ छाडी प्रधान र म ओरालो दुगुर्‍यौं वासको व्यवस्था गर्न ।

फेदीमा जङ्गल सकिएपछि रमाइलो विशाल चउर आइपुग्यो । त्यसै चउरलाई पाटन भन्दा रहेछन् । फट्याकफुटुक घरहरू देखा परे । बाटामा घरेलु विभागका एक कर्मचारीसँग भेट भयो । कास्कीतिरका ती व्यक्तिले अरूतिर बस्ने ठाउँ पाइँदैन भनेर आफ्नै डेरातिर लगे । डेरामा काठमाडौँ घर भएका दाह्री नै दाह्रीले ढाकिएका स्वास्थ्य केन्द्रका कर्मचारी पनि रहेछन् । ती दुई दयालु सज्जनका पाहुना भएर हामी उनीहरूकै दालभात खाई त्यस रात राम्ररी सुत्यौं ।

भोलिपल्ट ती भरियाहरू डँडेलधुरा जान मानेनन् । सहायक अञ्चलाधीशले पाटनका प्रधानपञ्चलाई भरिया बन्दोबस्त गर्न लगाउनुहोला भनेकाले खोज्दा खोज्दा साढे एघार बजेतिर मात्र प्रधानपञ्चसित भेट भयो । उनले दुई जना भरिया खोजिदिए तर त्यतिन्जेलमा दिउँसोको १२ बजिसकेको थियो । घरेलु विभागका कर्मचारीले भोलि मात्रै जानोस्, आज मरे पनि डँडेलधुरा पुगिँदैन भनेर जिद्दी गरे पनि हामी १२ बजे पाटनबाट हिँड्यौं ।

ठिक दुई बज्दा त्यस दिन हामी तेर्सैतेर्सो हिँडेर अघोरी गाड पुगेका थियौं । अघोरी गाडमाथि अग्लो पारेर तेर्स्याएको फलेकको साँघु तरेर हामीले टोपी खस्ने उकालामा पाइला राख्यौं । डरलाग्दो जङ्गलले घेरिएको ढुङ्गेनी बाटाले मुटु ढक्क फुल्यो । यही थियो घनघस्याको विकट उकालो ।

मेरो शरीर अलिक मोटो भएकाले उकालो देख्नेबित्तिकै सातोपुत्लो उड्छ । तेर्सो र ओरालो बाटामा म निकै छिटो हिँड्न सक्छु तर उकालो भने मेरा लागि जेमराज जत्तिकै भयावह हुन्छ । म विवश थिएँ । मैले घनघस्या नकाटी भएको थिएन । पाटनका सहृदयी व्यक्तिहरूले दिएका दुई लाँक्रा उखु पहिले टेक्तै र पछि चबाउँदै हामी एकोहोरो उकालिइरह्यौं, उकालिइरह्यौं ।

जोगबनीदेखि धरानसम्मको अलकत्रे बाटालाई धिक्कार्दै र भादगाउँदेखि बाह्रबिसेसम्मको फराकिलो कालो बाटालाई सराप्तै हामी ठसठस कनिरह्यौँ । सिंहदरबार अगाडिको चिप्लो बाटो त्यहाँ थिएन, न त्यहाँ भैरहवाबाट बुटवल जाँदा जस्तो तेर्सो सोझो बाटो नै थियो । त्यहाँ त चुच्चे ढुङ्गाहरू पहरामा तेर्सिएका थिए काला रुखका छायामा कच्पल्टिएर । पसिनाले निथ्रुक्क भिजेर हामी छ जना अभागी आकाशतर्फ उचालिइरह्यौँ, उचाइलिइरह्यौँ । निल

आर्मस्ट्रङहरूलाई त्यति फिटफिटी परेन होला किनभने चन्द्रमामा पुग्दा उनीहरूसित यथेष्ट वैज्ञानिक उपकरण उपलब्ध थिए । हामी भने पानीसमेत नपाएर रोयौँ । निकै माथि पुगेपछि दुइटा पानीका कुला भेटिँदा स्वर्ग पुगेको अनुभव भयो । मरुभूमिका यात्रीले एक्कासि मरुद्यान भेटे झैँ हामी फुलेल भयौँ ।

त्यत्ति हो, अरू पानी कतै भेटिएन । धेरै धेरै माथि हिउँ प्रारम्भ हुने ठाउँमा पो एउटा असाध्यै चिसो धारो रहेछ । बाटामा एक दुई ठाउँ घर भेटिए तर तिनमा मान्छे थिएनन् । धुरामा पुग्ने वेला तीन माइल जति बाटो जमिसकेको हिउँले ढाकिएको थियो ।

चिसो धारामा पानी खाएपछि दुई भरिया लागे हिउँ नै हिउँको पहरातिर । म पनि तिनको पछि लागेँ । चिप्ला हिउँका ढुङ्गा खाली खुट्टाले टेक्दै रामसिंह भरिया र उसको भतिजो उकालिए । म तिनको सहनशीलता देखेर मक्ख पर्दै ठाउँ ठाउँमा चिप्लेर लड्दै तिनीहरूसित धुरातर्फ चढेँ । रामसिंह, उसको भतिजो र म टुप्पामा पुग्दा पाँच बजेको थियो । अरू साथीहरूको पत्तो थिएन ।

पूर्वपट्टि डँडेलधुरा कुइरामा कता हो कता चन्द्रमा जस्तै टाढा भएर बिलाएको थियो । उँधोतिर कहालीलाग्दो कालो जङ्गल थियो, जसलाई छिचोलेर एउटा खोलो तरेर एउटा उकालो चढेपछि मात्र डँडेलधुरा पुग्न सकिन्थ्यो ।

डरलाग्दा चितुवा र भालु लाग्ने पट्टेर जङ्गललाई सेतै ढाकेको हिउँमा खाली खुट्टाका औँलाले मान्छेको आकृति कोरेर रामसिंहले भन्यो, “आज डँडेलधुरा पुग्न सकिँदैन, पोखरातिर राती १२ बजेतिर सम्ममा पुगिएला ।”

“पोखरा पनि पुगिँदैन । तल कतै रित्तो गोठ पाइएछ भने त्यहाँ रात काट्नुपर्छ ।” भतिजो चाहिँले हिउँका डल्लाले छेवैको रुखलाई हिर्काउँदै भन्यो ।

म चाहिँ साथीहरू हिउँमा हराए कि भनेर विचलित भएर कराएँ, “प्रेमबहादुर भाइ !”

प्रत्युत्तरमा हावा मात्र सुइचयँ गऱ्यो ।

“जाऊँ त कसरी जाऊँ, बसूँ त जाडाले सिध्याइसक्यो !” भन्दै मैले हिउँको ढिस्को थुपारेँ ।

बल्ल साढे पाँचतिर साथीहरूले जवाफ दिए तल भिरतिरबाट, “हामीले बाटो हरायौँ !”

हाम्रो आवाजलाई पछ्याउँदै साथीहरू डाँडामा निस्किसकेपछि मैले भनेँ, “आज डँडेलधुरा त कुनै अवस्थामा पनि पुग्न सकिँदैन रे । रामसिंह पोखरासम्म पुगिहालिन्छ कि भन्छ भने उसको भतिजो चाहिँ तल गोठतिर अलपत्रै सुत्ने कुरो गर्छ । त्यसैले छिटो हिँड्न नसक्ने साथी चाहिँ दुई जना भरियासित बिस्तारै आउनुहोस् । हामी तीन जना चाहिँ दुगुर्दै पोखरा जान्छौँ अनि बासगाँसको व्यवस्था मिलाउँछौँ । जस्तै अवस्थामा पनि र जति रात परे पनि तपाईँहरू अवश्य आइपुग्नुहोला ।”

मेरो योजना सबैलाई मन परेकाले प्रेमबहादुर प्रधान, एक जना साथी र म ओरालो कुद्यौँ । लड्दै पछारिँदै धेरै हिँडेपछि बाटो तेर्सियो र फेरि उकालियो । अनेकौँ ओराला र उकाला बाटा

हिँड्दाहिँड्दै अँध्याराले झ्याप्पै छोप्यो । चोर, डाँका, भूत, प्रेत र जङ्गली जनावरका आक्रमणको आशङ्काले ढक्क भएको छातीलाई दुई हातले थिचेर हामी तीन जना एक प्राण र एक मुटु भएर दगुरिरह्यौं ।

हामी यति पछारियौं, भनेर साध्य छैन । हामीलाई यति तिर्खा लाग्यो, भनेर साध्य छैन । भोक, डर र बाटो वीरियो होला भन्ने आशङ्काले थुर्थुर हुँदै दश बजे रातीतिर एउटा डाँडामाथिको गाउँमा हामी पस्यौं । निकै घरमा बोलाएपछि एउटाबाट थाहा पाइयो, बाटो विरिएको रहेनछ । अनेकौं घरमा प्रयत्न गरेपछि एउटा छाप्राकी खर्किनी मकै भुट्न तयार भइन् । लोग्ने परदेश लागेको रहेछ । तल्लो तलामा गाई बाख्रा थिए र माथ्लामा ससाना भन्ट्याङभुन्टुङ छोराछोरी यत्रतत्र पसारिइरहेका थिए ।

दियालाको छेस्को बत्ती जस्तै बालेर ती आइमाईले अँगेनामा बिट नभएको ताप्के जस्तो भाँडामा कुचाले चलाएर तीन घान मकै भुटिदिइन् । पैसा पहिले दिएपछि मात्र उनले मकै हाम्रा रुमालमा हालिदिइन् । प्रशस्त पानी लोहोटाबाट खाएर त्यो अमृत जस्तै मकै खाँदै हामी पोखरातिर लाग्यौं । खर्किनीले भनेकी थिई, "बाटामी गाड पडन्छ ।"

साँच्चै नै बाटामा एउटा खोलो रहेछ । त्यहाँ मन ढक्क फुल्यो । खोलो वास्तवमा मसानघाट हो किनभने मरेका मानिसलाई खोलाकै किनारमा जलाउँछन् । त्यसै हुनाले खोलो भन्ने बित्तिकै दिउँसै पनि मेरो सातोपुत्लो उड्छ भने रातीको त कुरै भएन । त्यहाँबाट केही उकालो लागेपछि नै रमाइलो डाँडो टुप्लुक्क देखापर्‍यो जसमा बाटामा दुवैतिर पन्क सोर ढुङ्गाले छाएका घर थिए । घर सबै बन्द थिए । एक दुई घरका बाहिरपट्टि सिकुवामा मान्छे सुतिरहेका थिए ।

मैले सोधेँ, "पोखरा कता पर्छ ?"

"यही हो !" एउटाले ओढ्ने भित्रैबाट भन्यो ।

"दोकान सबै थुनिएका छन् नि ? यहाँ कतै पनि वास पाइँदैन कि क्या हो ?" प्रेमबहादुर प्रधानले सोध्नुभयो ।

"दोकानमा राती कोही बस्दैनन् । दिउँसो बेचबिखन गरेर बेलुका ती गाउँतिर आफ्ना घरमा सुत्न जान्छन् । बरु अलिक पर्तिर जानोस्, एउटा पसले त्यहीँ सुत्छ । त्यहीँ वास पाइन सक्छ ।" त्यस मान्छेले ओढ्ने झिकेर हामीलाई राम्ररी नियाल्दै भन्यो ।

हामी अघि बढ्यौं । साँच्चै नै एउटा घरभित्र लालटिन बलिरहेको हामीले देख्यौं । ढोका निकै घचघच्याएपछि एउटा बुढाले ढोका उघारी लालटिन उचालेर हामीलाई हेर्दै सोध्यो, "रातीहुँदो के चाहियो ?"

मैले घडी हेरेँ, रातीको १२ बजेको रहेछ ।

"हामीलाई एक रातको वास चाहियो ।" मैले भनेँ ।

"यहाँ वास पाइँदैन ।" बुढाले ढोका ढप्क्याउन लागे ।

"त्यसरी निठुरी बन्न तपाइँ पाउनुहुन्न । हेर्नोस्, हामी टाढा पूर्वबाट आएका । वास नदिए पनि केही खानेकुरा भए दिनोस्, हामी किनेर खान्छौँ ।" प्रधानले भन्नुभयो ।

बुढासित खाने कुरो केही रहेनछ । चिउरा, मकै, चामल, आलु केही रहेनछ । ससाना सुन्तलाहरूले भरिएको एक डालो रहेछ ।

"कास्की पोखराका सुन्तला रहेछन् नि त तारा दाइ !" अर्का साथीले व्यङ्ग्य गर्नुभयो ।

हामीले दुई दुई रुपियाँका तिस तिस दाना जति ती चिचिले सुन्तला खायौँ । बुढाले कति गर्दा पनि त्यहाँ बास दिन मानेनन् । उसकै घरअगाडिको चिसो छानु ह्वाङ्गै भएको र फोहोरी कटेरो उनले देखाए । तिनैसँग दुई रुपियाँका तीन अँगाला दाउरा किनेर हामी आगो ताप्दै साथीलाई पर्खन लाग्यौँ ।

राती दुई बजे सास मात्र बाँकी राखेर भरियाहरू र साथी आइपुगे । रामसिंह र उनको भतिजो आगाको छेउमा पातलो तन्ना ओछ्याएर र हामी चार भाइ आआफ्ना सुत्ने थैलाभित्र पसी चिसो न चिसो ढुङ्गाको सिरानी लगाएर भोलि रमाइलो डँडेलधुरा पुग्ने स्वादिलो कल्पना गर्दै साढे दुई बजेतिर कच्पल्टिलो निद्रा सुत्यौँ ।

## शब्दार्थ

| | | |
|---|---|---|
| *खप्तड* | : | *सुदूरपश्चिमको डोटी, बाजुरा, अछाम र बझाङ जिल्लाको बिचमा पर्ने ऐतिहासिक स्थल* |
| *काँसे झाडी* | : | *कुशको जातको एक झारको मात्र धेरै भएको ठाउँ* |
| *सँगाल्न* | : | *कुनै कुरा जोगाएर राख्नु* |
| *अद्वितीय* | : | *उत्तम, अतुलनीय* |
| *काँचुली* | : | *शरीरबाट अलग हुने सर्पको पातलो छाला* |
| *गजधुम्म* | : | *नचलमलाईकन बसेको अवस्था* |
| *सहारा मरुभूमि* | : | *संसारको एउटा ठुलो मरुभूमि* |
| *दृष्टिपात* | : | *हेर्ने काम, आँखाले ठम्याउने काम* |
| *अलेलि* | : | *थोरै थोरै* |
| *अनन्त* | : | *कहिल्यै अन्त नहुने* |
| *साँघु* | : | *सानातिना नदीनाला तर्न बनाइएको काठको सानो पुल* |
| *गाड* | : | *खोलो* |
| *ढुङ्ग्यानी* | : | *ढुङ्गाढुङ्गै भएको* |
| *विकट* | : | *अप्ठेरो, कठिन* |
| *यथेष्ट* | : | *पर्याप्त, चाहिँदो, पुग्दो* |
| *फुलेल* | : | *प्रसन्नताले पूर्ण भएको, दङ्ग* |
| *विचलित* | : | *आफ्नो लक्ष्य, स्थान आदिबाट पछि हटेको* |
| *दियालो* | : | *बत्तीको सट्टा बाल्न प्रयोग गरिने छिप्पिएको खोटो सल्लो* |

## नियात्रासार

नेपालको सुदूर पुर्वी भूभागमा जन्मिएका नियात्राकार तारानाथ शर्मा वि.सं.२०२४ पुसको अन्तिम हप्ता नेपालको सुदूरपश्चिमको यात्रामा निस्केका छन् । त्यस क्षेत्रको यात्रा निकै कठिन हुने भएकाले थोरै व्यक्तिले मात्र घनघस्याको उकालो चढेका होलान् भन्ने अनुमान गर्दै लेखकको यात्रा अगाडि बढेको छ । यात्राका क्रममा उनले धेरै क्षेत्रको सम्झना गरेका छन् । उनी तुम्लिङमा हिउँ खेल्न चाहन्छन् । राजपुरको काँसघारीमा झ्याउरे गीत गाउन चाहन्छन् । सिल्किनी, घनघस्या र चन्दनीको उकालोप्रति प्रेम गर्न चाहन्छन् । अघोरी गाड, पुवा खोला र टुकुचाप्रतिको माया व्यक्त गर्छन् । हिँडदाहिँड्दै घनघस्याको उकालामा पुग्छन् । त्यो उकालो मरुभूमिको तिर्खा बिर्साउने खालको छ । त्यस उकालाले उनलाई जिज्ञासु बनाउँदै लैजान्छ । संसारका अधिकांश क्षेत्रले काँचुली फेरे पनि घनघस्याको उकालाले काँचुली फेर्न नसकेकामा उनी दुःखी छन् । अघोरी गाड र पोखराको सेती जस्तै मानिससँग रिसाएर युगौँदेखि घनघस्या गजधुम्म परेर बसेको उनको आशङ्का छ । जे होस्, यस पटक उनी बैतडीबाट डँडेलधुरा जान लाग्ने भरिया नपाएर सहायक अञ्चलाधीशको सहयोगमा प्राप्त दुई जना भरियासँगै सतबाँझको लेकतिर लागेका छन् । चन्द्रमा जानेलाई पनि यति धेरै गाह्रो नहोला भन्ने अनुमान गर्दै सहज किसिमबाट पानीसमेत पिउन पाएका छैनन् । बाटामा भेटिएका मन्दिर, पसलहरू, भेडाबथान, नुन र चामलका बोरा, गाईगोठ, गोठाल्नी आदि भेटेर प्रभावित भएका छन् । उनी बाटामा परेको हिउँमा खेल्दै सल्लाघारीको बाटो हिँडेका छन् । घरेलु विभागका कर्मचारीले भोलि मात्रै जानोस्, आज मरे पनि डँडेलधुरा पुगिँदैन भनेर जिद्दी गरे पनि उनी १२ बजे पाटनबाट हिँडेका छन् । फेदीमा जङ्गल सकिएपछि रमाइलो विशाल चउर आइपुग्छ । फट्याकफुटुक घरहरू देखा पर्छन् । बाटामा घरेलु विभागका एक कर्मचारीसँग भेट हुन्छ । कास्कीतिरका ती व्यक्तिले अरूतिर बस्ने ठाउँ पाइँदैन भनेर आफ्नै डेरातिर लान्छन् । डेरामा काठमाडौँ घर भएका दाह्री नै दाह्रीले ढाकिएका स्वास्थ्य केन्द्रका कर्मचारी पनि रहेका हुन्छन् । ती दुई दयालु सज्जनका पाहुना भएर उनीहरू दालभात खाई त्यस रात राम्ररी सुत्छन् ।

भोलिपल्टको यात्राका क्रममा पानी नपाएपछि तिर्खाले ब्याकुल भएका यात्रीहरूले पानीको कुलो भेटिँदा हर्षविभोर हुन्छन् । बाटामा हिउँ परेकाले साथीहरू हराउँछन् । हिँड्दा हिँड्दा कतै गाउँ नआएपछि सबै आतेस हुन्छन् । साढे पाँच बजे बाटो बिराएका अरू साथीको पत्तो लाग्छ । भोक, तिर्खा, डर, दुःखकष्ट सहेर राती १० बजे एउटा गाउँमा पुग्छन् । कसैले बास नदिएपछि एउटी खर्किनी बुढीको घरमा मकै भुटेर खान्छन् ।

बाटामा एउटा बुढो मान्छेको पसल भेटिन्छ । त्यहाँ बास बस्नदिन उनीहरूले बिन्ती गर्छन् । बुढो मानिसले बास नदिएपछि दुई दुई रुपियाँको सुन्तला र दाउरा किन्छन् र आगो बालेर साथीहरूलाई पर्खन्छन् । रातको २ बजे सासमात्र बाँकी रहेका भरिया र अन्य साथीहरू आइपुग्छन् । सुन्तला खाइसकेपछि भोलिपल्ट डँडेलधुरा पुग्ने रमाइलो कल्पना गर्दै खुला आँगनमा सबै जना निदाउँछन् ।

## शब्दभण्डार

१. शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| आकृति | ज्यादै, निकै |
| यत्रतत्र | कोमल हृदय भएको, दयालु |
| अग्घोर | जताततै, सबैतिर |
| अररो | पशुले निलिसकेको घाँसपराल फेरि मुखमा फर्काई चपाउनु |
| उग्राउनु | जाडाले कक्रिएको |
| चरन | धेरै रिसाहा |
| सहृदय | गाईबस्तु चराउने बाँझो जमिन |
| मरुद्यान | संसारको एउटा ठुलो मरुभूमि |
| | कुनै वस्तु वा व्यक्तिको स्वरूप |
| | मरुभूमिको रसिलो जमिन |

२. तलको अनुच्छेदबाट दिइएका अर्थ दिने शब्द खोजेर लेख्नुहोस् :

ठिक दुई बज्दा त्यस दिन हामी तेर्सैतेर्सो हिँडेर अघोरी गाड पुगेका थियौँ । अघोरी गाडमाथि अग्लो पारेर तेर्स्याएको फलेकको साँघु तरेर हामीले टोपी खस्ने उकालामा पाइला राख्यौँ । डरलाग्दो जङ्गलले घेरिएको ढुङ्गेनी बाटाले मुटु ढक्क फुल्यो । यही थियो घनघस्याको विकट उकालो ।

(क) नराम्रो वा जे पायो उही खाने .................

(ख) चेप्टो, पातलो र चौडा पारी ताछिउको काठको टुक्रो .................

(ग) डरलाग्दो, भयङ्कर .................

(घ) शिर छोप्न प्रयोग गरिने वस्त्र, शिरपोस .................

३. तल दिइएको अनुच्छेदबाट टुक्का पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :

जन्मदिन भएकाले पासाङको बिहान पाँच बजे नै आँखा खुल्यो । उसलाई आज काम गर्ने जाँगर चलेको थियो । साथीहरू १ बजेतिर नै आएको देखेर ऊ मक्ख पर्‍यो । साथीहरूले पनि उसले भनेका कुरा खाए । सबै जना मिलेर मिठा मिठा परिकार बनाउन थाले । पासाङ र उसका साथीलाई जाँगर चलेको देखेर आमा पनि दङ्ग पर्नुभयो ।

४. तलका कुनै पाँचओटा टुक्काको प्रयोग गरी यात्रा संस्मरण लेख्नुहोस् :

फिटफिटी पर्नु, हुरुक्क हुनु, श्री गणेश गर्नु, ह्याकुलाले छोप्नु, निथ्रुक्क भिज्नु, मक्ख पर्नु, रातोपिरो हुनु, कानमा तेल हाल्नु, नाक ठाडो पार्नु, लखतरान हुनु, दुनो सोझ्याउनु, हातमुख जोर्नु, फत्ते गर्नु

## बोध र अभिव्यक्ति

१. तल दिइएका शब्द उच्चारण गर्नुहोस् :

| | | |
|---|---|---|
| तुम्लिङ /तुम्.लिङ्/ | जिङ्रिङे /जिङ्.रि.ङे/ | दृष्टिपात /द्रिस्.टि.पात्/ |
| यथेष्ट /य.थेस्.ट/ | ढुङ्गेनी /ढुङ्.गे.नि/ | मरुद्यान /म.रुद्.द्यान्/ |

२. 'घनघस्याको उकालो काट्ता' नियात्रा आरोह-अवरोह मिलाई सस्वरवाचन गर्नुहोस् ।

३. 'घनघस्याको उकालो काट्ता' नियात्राका आधारमा दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) 'घनघस्याको उकालो काट्ता' नियात्रामा कतिओटा अनुच्छेद छन् ?

(ख) 'घनघस्याको उकालो काट्ता' नियात्राको सबैभन्दा ठुलो अनुच्छेद कुन हो ?

(ग) प्रधानपञ्चले दुई जना भरिएको बन्दोबस्त कुन अनुच्छेदमा गरेका छन् ?

(घ) 'घनघस्याको उकालो काट्ता' नियात्राको अन्त्य कसरी भएको छ ?

४. 'घनघस्याको उकालो काट्ता' नियात्रामा उल्लेख गरिएका स्थानको सूची तयार पार्नुहोस् ।

५. 'घनघस्याको उकालो काट्ता' नियात्राका दिइएका घटनालाई क्रम मिलाएर लेख्नुहोस् :

(क) घनघस्यालाई मानवीकरण गरी सेती नदीसँग तुलना गर्नु

(ख) नियात्राकार सुदूरपूर्वबाट सुदूरपश्चिमको भ्रमणमा हिँड्नु

(ग) सल्लाघारी हुँदै पाटन पुग्दा डेरा नपाएर स्वास्थ्य केन्द्रका कर्मचारीको कोठामा बास बस्नु

(घ) रातको २ बजे ढुङ्गाको सिरानी लगाई डँडेलधुरा पुग्ने कल्पनासहित सुत्नु

(ङ) अघोरी गाडको पुल तरी उखु टेक्दै र चपाउँदै घनघस्याको विकट उकालो चढ्नु

(च) बैतडीको शाही लेकमा दुई दिन बिताई सतबाँझको लेकतर्फ लाग्नु

६. तलको नियात्रांश पढी सोधिएका प्रश्नको उत्तर भन्नुहोस् :

बाटामा एउटा रमणीय ठाउँ भेटियो । देब्रेपट्टि पर्खालले घेरेको ढिस्कामा राम्रो मन्दिर थियो, जसको छानाको मर्मत हुँदै थियो । पर्खालबाहिर फलामे साङ्लीको अग्लो पिङ थियो । त्यसमा मच्चिएर मैले उत्तर पश्चिमतिरका हिमचुचुरा देखेँ । सात आठ पसल थिए, जसका वरिपरि भेडाका बथान नुन र चामलका बोरा बोकेर उग्राइरहेका थिए । ठाउँ ठाउँमा बारी थिए, वन थिए र चरनहरू थिए । गाई चराउँदै गोठाला गोठाल्नी विरहलाग्दा गीत कुर्लिरहेका भेटिन्थे । आउने जाने मान्छेका समूह पनि प्रशस्तै देखिन्थे । धेरैमाथि पुगेपछि हिउँले ढाकेको पाखो देखियो ।

प्रश्नहरू

उदाहरण

(अ) यस अनुच्छेदमा नेपालको कस्तो परिवेशको चित्रण गरिएको छ ?

नियात्राकारले सुदूरपश्चिमको डँडेलधुरासम्मको यात्रा योजना बनाएका छन् । नेपाली प्रकृतिलाई माया गर्दै सतबाँझको उकालो तथा हिउँले ढाकिएको संसारकै अप्ठ्यारो घनघस्याको उकालो चढ्दा नियात्राकारलाई नौलो अनुभूति भएको छ । यात्राका क्रममा रमणीय स्थान भेटिन्छ । मन्दिर परिसर, त्यहाँ वरिपरि केही पसल तथा भारी बोकेका भेडाबाख्रासहित मानिसहरू पनि देखिन्छन् । त्यहीँबाट उत्तरपश्चिमतिर हिमाली सौन्दर्य र नजिकै खेतीपाती र गौचर आदि हुँदै गरेका दृश्य देखिन्छ । यस अनुच्छेदमा सुदूरपश्चिमको एउटा धार्मिक, सांस्कृतिक, सामाजिक तथा आर्थिक परिवेशको चित्रण गरिएको छ ।

(आ) सामाजिक दृष्टिले यस अनुच्छेदमा केकस्ता सङ्केतहरू पाइन्छन् ? तलका बुँदालाई समेट्दै उत्तर लेख्नुहोस् :

- सामाजिक परिवेशको जीवन्त चित्रण
- त्यहाँका मानिसहरू स्वावलम्बी तथा कृषि व्यवसायमा संलग्न
- ससाना समूहमा व्यापार गर्दै जीविका चलाएका
- यातायात र सवारी साधनको विकल्पमा भेडाहरूको उपयोग ।

७. तलको नियात्रांश पढी सोधिएका प्रश्नको उत्तर भन्नुहोस् :

म खप्तडमा वसन्त बिताउन चाहन्छु, तुम्लिङमा हिउँ खेल्न चाहन्छु र राजापुरको काँसे घारीमा भ्याउरे गाउन चाहन्छु । मलाई तिल्केनीको उकालो, घनघस्याको उकालो र चन्दनीको उकालोसित जति प्रेम छ उति नै प्रेम अघोरी गाड, पुवा खोला र टुकुचासित छ । सतबाँझको लेक होस् वा ट्याम्के डाँडो होस्, अन्तु डाँडो होस् वा चन्द्रागिरि होस् जहाँ पनि उस्तै पाराको आफ्नोपनले मेरो मुटु ढुक्ढुक्याउँछ । जीवनमा कति उकाला काटियो होला र कति ओराला झरियो होला तर थोरै व्यक्तिले मात्र घनघस्याको उकालो चढेका होलान् । यो यस्तो उकालो हो जो कठोरतामा अद्वितीय छ ।

प्रश्नहरू

(अ) किन नियात्राकारको मुटु जहाँ पनि उस्तै पाराले ढुकढुक्याउँछ ?

- नेपालभित्र विद्यमान विविधतामय प्राकृतिक पुञ्जहरूको महत्त्व बुझेका
- सुदूरपश्चिम क्षेत्रका खप्तड, तुम्लिङ, चन्दनी, अघोरी गाड र सतबाँझ आदिका विशेषताहरूलाई नजिकबाट नियालिसकेका
- नियात्राकारलाई घनघस्याको उकालोमा गरिने यात्राले स्वत: लोभ्याइरहेको
- नेपालका हरेक प्राकृतिक परिदृश्यले लोभ्याउने गरेकै कारण पनि उनको मुटु जहाँसुकै उस्तै पाराले ढुकढुक्याउने ।

(आ) घनघस्याको उकालोलाई किन कठोरतामा अद्वितीय मानिएको हो ?

- डँडेलधुरासम्म पुग्नका लागि सतबाँझको उकालो र हिउँले ढाकिएका पाखाहरू पार गर्नुपर्ने
- भोकतिर्खा आदिले सताउने र बास बस्नका लागि सहज पनि नहुने
- कहिले उखुको लाँक्रो चुस्दै त कहिले धाराको पानी पिउँदै र लड्दैपड्दै घनघस्या छिचोलेर पोखरसम्म पुग्ने कोसिम
- अघोरी गाडमाथिको घनघस्या झन् झन् अग्लिए जस्तो लागेको
- घनघस्याको उकालो वास्तवमै कठोरतामा अद्वितीय ।

८. तल सोधिएका प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् :

(क) सेती नदी र घनघस्याका बिचमा रहेका समानता र भिन्नता के के हुन् ?

(ख) घनघस्यालाई कसरी मानवीकरण गरिएको छ ?

(ग) घनघस्याको उकालो चढ्दा अन्य विभिन्न ठाउँका सकडलाई सराप्नुपर्ने कारण के हो ?

(घ) निल आर्मस्ट्रङहरूलाई किन चन्द्रमामा पुग्न फिटफिटी परेन ?

९. उदाहरण पढ्नुहोस् र तल दिइएका प्रश्नको उत्तर दिनुहोस् :

*उदाहरण :*

(क) भौगोलिक अवस्था र सामाजिक परिवेशका दृष्टिले 'घनघस्याको उकालो काट्ता' नियात्रा तपाईंलाई कस्तो लाग्यो, प्रतिक्रिया दिनुहोस् :

नियात्राकार तारानाथ शर्माको 'घनघस्याको उकालो काट्ता' नियात्रा यात्राको रोमाञ्चकता, प्राकृतिक सौन्दर्य र यथार्थ वस्तुस्थितिको चित्रण गरिएको उत्कृष्ट रचना हो । यसमा नेपालको भौगोलिक तथा सामाजिक परिवेशको चित्रण गरिएको छ । यो तत्कालीन नेपालको सुदूरपश्चिम खण्डमा पर्ने उत्तरी पहाडी क्षेत्रसँग सम्बन्धित भएकाले पनि यहाँ त्यहीका भौगोलिक तथा सामाजिक परिवेशहरू प्रत्यक्ष रूपमा आएका छन् ।

नेपाल भोगोलिक विविधतायुक्त सुन्दर मुलुक हो । यहाँ हिमाल, पहाड, उपत्यका, हिमालका परिवेशहरू एकआपसमा गाँसिएको पाइन्छ । यस नियात्रामा बैतडीबाट डँडेल्धुरातर्फ जाने मार्गको वर्णन गरिएको छ । भौगोलिक परिवेशअनुसार बैतडीबाट एक दिन दिनभरि हिँडेर राति पाटनमा बास बस्नुपर्ने तथा त्यहाँबाट भोलिपल्ट हिँडेपछि राति अबेरमात्र पोखरा क्षेत्र पुगिने कुराको सङ्केत पाइन्छ । सतबाँझको लामो उकालो र हिउँले ढाकिएको क्षेत्र हरेक पैदल यात्रीका लागि अविस्मरणीय रहँदै आएको छ । नियात्राकारले बेलायतमा खेलेको हिउँभन्दा सतबाँझमा खेलेको हिउँको मिठो अनुभूति गरेका छन् । कहिले निकै लामो सयमसम्म पानी खान नपाउँदा, कहिले उकालो चढ्दाचढ्दै थाक्नुपर्दा, कहिले चिप्लोमा लडीबुडी गर्नुपर्दा निबन्धकारलाई रोमाञ्चक लागेको छ । दिउँसो होस् कि राति, उकालो होस् कि ओरालो, तेर्सो होस्

कि नदीको किनार आदि भौगोलिक परिवेशका दृष्टिले अत्यन्त विविधिता पाइने प्रसङ्गका कारण पनि यो नियात्रा हरेक पर्यटकका लागि प्रेरणादायी बनेको छ । नियात्रामा नेपाली समाज सहयोगी रहेको, भरियाहरूले कष्टपूर्ण जीवनयापन गर्नुपरेको सामाजिक परिवेशले नियात्रा जीवन्त बन्न पुगेको छ । उच्च पहाड र हिमाली क्षेत्रको विकटता, गरिबी जस्ता समस्याको प्रत्यक्ष प्रभाव नियात्राकारको समूहलाई परेको देखिन्छ । नुनका भारी बोकेका भेडाहरू, एउटा झुप्रोमा बस्ने खड्किनेले भुटेर दिएको मकै, दुई रुपियाँको सुन्तला, खुला आकाशको बास आदि सन्दर्भले त्यहाँको सामाजिक परिवेशलाई थप स्पष्ट बनाएका छन् ।

नियात्रामा भौगोलिक विकटताभित्रको रोमाञ्चकता र सहयोगी तथा सद्भावयुक्त नेपाली समाजको परिवेश मलाई राम्रो लाग्यो । नाक ठोकिने उकालो, साँघुरा बाटा, काठका ससाना पुल, भारी बोक्न भरिया, बास दिने कर्मचारी, सुन्तला र दाउरा उपलब्ध गराउने वृद्ध मानिसको सन्दर्भले नियात्रालाई थप जीवन्त बनाएको अनुभूति भयो ।

(ख) वैचारिक दृष्टिले 'घनघस्याको उकालो काट्ता' नियात्रा तपाईंलाई कस्तो लाग्यो, प्रतिक्रिया दिनुहोस् ।

१०. उदाहरण पढ्नुहोस् र तल दिइएको पाठ्यांशको भाव विस्तार गर्नुहोस् :

(क) बेलायती हिउँभन्दा सतबाँझका लेकको हिउँ बेग्लै थियो । यो हिउँ मेरो थियो, मेरो मुटुको थियो र हिमाली हार्दिकता बोकेको र चम्किलो थियो ।

नियात्राकार तारानाथ शर्माद्वारा लिखित 'घनघस्याको उकालो काट्दा' नियात्रा 'बेलायतिर बरालिँदा' निबन्धसङ्ग्रहमा प्रकाशित छ । यस नियात्रामा देशप्रेम र प्राकृतिक सौन्दर्यको चित्रण पाइन्छ । नियात्राकार हिउँ परिरहने क्षेत्रमा साक्षात्कार गर्न पाउँदा निकै खुसी भएका थिए । डँडेलधुरातर्फको यात्राका क्रममा सतबाँझको उकालो चढिरहेका छन्, यति बेलाको हिउँको स्पर्शले फरक अनुभूति भएको छ ।

नियात्राकारले २००१ सालको विशाल हिउँ वर्षा हुँदा फिक्कलमा हिउँमा खेल्न पाएका थिए । उनले दार्जिलिङमा एक दुई पटक हिउँ फुस्फुसाएको देखेका थिए । बेलायतमा रहँदा मात्र हिउँ र यसमा खेल्दा हुने आनन्दको अनुभूति गर्न पाएका थिए । यस पटक नियात्राकारको जम्काभेट सतबाँझका लेकको हिउँसँग भयो । लेखक आफ्नो देशको सुन्दर प्रकृतिमा रमाउन पाउँदा हर्षविभोर हुन्थे । त्यसमा पनि यस यात्रामा सतबाँझका लेकको हिउँमा रमाउँदा उनको खुसीको कुनै सीमा नै रहेन । सतबाँझ उनको आफ्नो भूमि थियो । त्यहाँ परेको हिउँ पनि उनको आफ्नै भूमिमा थियो । यात्राका क्रममा उनी कयौँ ठाउँबाट स्वागत गरेको अनुभूति गर्थे । यस पटक उनलाई सतबाँझको हिउँले स्वागत गरेको थियो । त्यहाँको हिउँ उनको आफ्नै थियो । उनको मुटुको टुक्रासमान थियो । उनका लागि हिमाली हार्दिकता बोकेको र चम्किलो थियो । उनी हिउँमा निकैबेरसम्म खेले । चिप्ली खेल्दै कहिले हिउँका डल्लाले एक अर्कालाई हिर्काउँदै र कहिले हिउँका रमाइला थुप्रामा आकृति बनाउँदै उनी खुब रमाए । हो पनि, मानिसका लागि जन्मभूमिभन्दा अन्य कुनै भूमि प्यारो हुँदैन किनभने जन्मभूमिमा अपनत्व हुन्छ । भूमिको सुगन्धले मनलाई स्पर्श गर्छ र त्यसै त्यसै

आफन्तको अनुभूति गराउन थाल्छ ।

माथिका अभिव्यक्तिले मानिसलाई आफ्नै धर्तीको महकताले आकर्षित गर्छ, लोभ्याउँछ र त्यसबाट अलग्याउनै चाहँदैन भन्ने कुरामा जोड दिएको पाइन्छ । अत: प्रस्तुत गद्यांशले पनि प्रकृति र मानवबिच भावनात्मक सम्बन्ध रहने निष्कर्ष प्रस्तुत गरेका छ ।

(ख) प्रकृतिसित जुध्नु नै जीवनको रमाइलो हो भन्ने भावलाई ह्याकुलाले छोपेर नै म सुदूरपश्चिमको भ्रमणमा निस्केको थिएँ ।

११. 'घनघस्याको उकालो काट्ता' नियात्राले केकस्तो सन्देश प्रस्तुत गरेको छ ? समीक्षा गर्नुहोस् :

१२. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

संस्कृतिभित्र कुनै जातजातिका लवाइखवाइ, वेशभूषा, भाषा, दर्शन, मान्यता र विश्वास लुकेका हुन्छन् । जातीय विविधताभित्र सांस्कृतिक विविधता हुन्छ । संस्कृतिको विशेषता जातीय पृथक्ता पनि हो । बहुजातीय मुलुकमा बहुसांस्कृतिक सम्पन्नता पाइन्छ अनि यसको समन्वय गर्ने मुलुक सौन्दर्यमा श्रेष्ठ ठहर्छ । जहाँ सुन्दर फूल फुल्छन्, त्यहाँ भमराहरू लट्ठिएर झुल्छन् । हाम्रो सांस्कृतिक उन्नयन सुमनकुञ्ज बन्न सके अभ्यागत मौरी र भमरा बनी झुम्मिन्छन् । हामी पराग र मधुरस बटुल्न सक्छौँ । मौरीको लगनशीलता सापटी लिएर मह जम्मा गर्न सक्छौँ । महको रस सुक्दैन । संस्कृति मधुरस हो, सभ्यता घार हो । हामी सुन्दर विश्वबागमा हृदयाकर्षक घार बनाउन सक्छौँ, हृदय केन्द्रमा सांस्कृतिक मधुरस जम्मा गर्न सक्छौँ ।

प्रश्नहरू

(क) संस्कृतिभित्र के के लुकेका हुन्छन् ?

(ख) बहुजातीय मुलुकका के कस्ता विशेषता हुन्छन् ?

(ग) 'संस्कृति मधुरस हो, सभ्यता घार हो' भन्नाको तात्पर्य के हो ?

(घ) 'पृथक्ता' र 'अभ्यागत' को अर्थ लेख्नुहोस् ।

१३. दिइएको अनुच्छेद पढी चारओटा मुख्य बुँदाहरू टिप्नुहोस् र एक तृतीयांशमा सार लेख्नुहोस् :

कुल गार्हस्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढाउनका लागि स्वदेशी तथा विदेशी पुँजीको परिचालन गर्नुपर्छ । एकल बिन्दु सेवा केन्द्रका माध्यमबाट वैदेशिक लगानी प्रवर्धन गर्न आवश्यक छ । उपलब्ध स्रोतसाधन र श्रमको उपयोग गरेर औद्योगिक उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्न सकिन्छ । लघु, घरेलु तथा साना उद्योगको संरक्षण र प्रवर्धन गरी रोजगारी सिर्जना गर्न सकिन्छ । गरिबी न्यूनीकरण, नेपाली वस्तु तथा सेवाका लागि लगानीमैत्री वातावरण सिर्जना, आयात प्रतिस्थापन र निर्यात प्रवर्धनका माध्यमबाट अर्थतन्त्रलाई सुदृढ गर्न आवश्यक छ । तुलनात्मक लाभ तथा प्रतिस्पर्धी क्षमता भएका नेपाली वस्तु तथा सेवाको उत्पादन वृद्धि गर्नुपर्छ । निर्यात प्रवर्धन तथा आयात व्यवस्थापन गरी आन्तरिक माग पूर्ति गर्न सकिन्छ । द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय व्यापार प्रणालीबाट अधिकतम लाभ लिने गरी वैदेशिक व्यापारसम्बन्धी योजना तथा कार्यक्रम सञ्चालन गर्न

आवश्यक छ । खाद्यान्न, औषधी तथा पेट्रोलियम पदार्थ जस्ता अत्यावश्यक वस्तुको सरल र उचित मूल्यमा सहज उपलब्ध हुने व्यवस्था आवश्यक छ । यसका लागि आपूर्ति व्यवस्थापनमा सुधार ल्याई मूल्य स्थिरता कायम गर्नुपर्छ । गुणस्तरीय वस्तु तथा सेवामा सहज पहुँच पुऱ्याई उपभोक्ताको हकहित संरक्षण गनुपर्छ । खाद्यान्न तथा अन्य वस्तुमा हुने मिसावट, ठगी, कालोबजारी, नियन्त्रण गर्न बजार अनगुमनलाई तीव्र बनाउन आवश्यक छ । यसका लागि विद्यमान ऐन नियमको प्रभावकारी कार्यान्वयन गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्छ ।

१४. तपाईँले गरेका कुनै यात्राका विषयमा छोटो नियात्रा लेख्नुहोस् ।

## भाषातत्त्व

### स्रोतका आधारमा शब्दको पहिचान

१. नेपाली भाषामा प्रयुक्त शब्द कहाँबाट आएका हुन् भनेर शब्दको स्रोत खोजी गर्नु शब्दस्रोत पहिचान गर्नु हो । तलको अनुच्छेद पढ्नुहोस् र शब्दको स्रोत पहिचान गर्नुहोस् :

अखबारको पङ्क्तिबाट आँखा हटाएर मैले आगन्तुकपट्टि हेरेँ । उसका हातमा एउटा सादा लिफाफा र एक पाना कागज थियो । हल्ला मच्चाएर मेरो शान्ति भङ्ग गरिदिएको हुनाले आगन्तुकउपर मलाई अलिअलि रिस उठिराखेको थियो । झर्केर सोधेँ- “के बाबु बाबु चिच्याइरहेको ? को बाबुलाई खोज्छौ तिमी ।”

(क) माथिको अनुच्छेदमा प्रयोग भएका ‘पङ्क्ति, आगन्तुक, शान्ति, भङ्ग’ आदि शब्दहरू तत्सम शब्द हुन् । यी शब्दहरू संस्कृत भाषाबाट जस्ताको तस्तै नेपाली भाषामा आएका हुन् । नेपाली भाषामा प्रयोग हुने सूर्य, चन्द्र, अग्नि, नवीन, अंश, अक्षर, ईश्वर, पृथ्वी, प्रजा, बालक, शिक्षा, मूर्ति आदि तत्सम शब्द हुन् ।

(ख) माथिको अनुच्छेदमा प्रयोग भएका ‘आँखा, हात, एक, रिस, पाना’ आदि शब्दहरू तद्भव शब्द हुन् । यी शब्दहरू संस्कृत भाषाबाट रूप परिवर्तन भएर नेपाली भाषामा आएका हुन् । आगो (अग्नि), भात (भक्त), हात (हस्त), माटो (मृत्तिका), रगत (रक्त), घाम (घर्म), काठ (काष्ठ), धाम (धर्म) आदि तद्भव शब्द हुन् ।

(ग) माथिको अनुच्छेदमा प्रयोग भएका ‘अखबार, लिफाफा, सादा, कागज’ आदि शब्दहरू आगन्तुक शब्द हुन् । यी शब्दहरू संस्कृत भाषाबाहेकका विभिन्न भाषाबाट नेपाली भाषामा आएका हुन् । कोट, फोटो, टेबल, टेलिभिजन, टेलिफोन, रेडियो, अन्दाज, जागिर, हप्ता, सरकार, गुलाफ, मुङ्ग्री, गम्छा, जुडो, होन्डा, कराँते, कर्फ्यु, टुरिस्ट, पुलिस, रेस्टुराँ, कलेज, सेमिनार, थर्मस, थेसिस, झ्याल, पसल, बुइँगल, खापा, डम्फु, मैच्याङ, च्याङ्बा, सेलो, राडी, थुन्से, घुम, रोदी, पटुका, पाखी, परेवा, मुन्धुम, याक्सा, जिम्बु, लामा, च्याङ्ग्रा, डाँफे, पैनी, पटुवा आदि आगन्तुक शब्द हुन् ।

२. दिइएको अनुच्छेदबाट दुई दुईओटा तत्सम, तद्भव र आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् :

(क) पानी पिउँदै गर्दा लगभग उदास र आर्द्र उसको स्वर मेरो कानमा गुन्ज्यो । उसले जसरी अँध्यारो मुखमुद्रामा बिनाभूमिका मलाई यो खबर सुनायो । सहसा मलाई लाग्यो- गाउँमा सायद अब अङ्ग्रेजहरूको रोग सर्दै छ, डिभाइड एन्ड रुल ! र

परिछनहरू भाँचिँदै छन् । परिछनहरूको सगबगाउँदो चेतनासँगै गाउँका ठालुहरू नयाँ जुक्तिहरू सोच्दै छन् ताकि तमाम परिछनहरू परिछन नै रहुन् । अर्थात् क्रीतदासरूपी हलीगोठाला नै रहुन् र मालिकहरूकै कृपापात्र भएर रहुन्, जुन एउटा परम्पराका रूपमा तिनका पुर्खाहरूले तिनका हातमा नासो छोडेर गएका थिए ।

(ख) रात अँध्यारो थियो । म लालटिन बोकेर खेततिर लागेँ । उताबाट जर्नेल साहेब पनि आइपुग्नुभयो । उहाँको हातमा रेडियो थियो । उहाँ मोबाइलको लाइट बालेर बाटो काट्दै आउनुभयो । उहाँको काँधमा झोला थियो । थर्मसमा चिया थियो । जाडाले काम्दै गाउँका अरू मानिसहरू पनि आए । राति वन्यजन्तुको सिकार गर्न सिकारी आए । हामी सबै भेला भएर सिकारीलाई धपायौँ र जङ्गलका जन्तुलाई बचायौँ ।

## पदसङ्गति

३. पढ्नुहोस् र बुझ्नुहोस् :

| पदसङ्गति नमिलेका वाक्य | पदसङ्गति मिलेका वाक्य |
|---|---|
| (क) मैले किताब पढेको छ । | (क) मैले किताब पढेको छु । |
| (ख) तिमीले सेतो हिमाल देखेको छौ । | (ख) तिमीले सेतो हिमाल देखेका छौ । |
| (ग) मेरो आमा आउनुभयो । | (ग) मेरी आमा आउनुभयो । |
| (घ) उनीहरूद्वारा कविता र कथा लेखिन्छ । | (घ) उनीहरूद्वारा कविता र कथा लेखिन्छन् । |

वाक्यमा प्रयोग हुने नाम सर्वनाम, विशेषण र क्रियापदका बिच लिङ्ग, वचन, पुरुष र आदरका आधारमा हुने आपसी मेल वा सम्बन्ध नै पदसङ्गति हो ।

(क) कर्ता र क्रियाबिचको सङ्गति

कर्ताको लिङ्ग, वचन, पुरुष र आदर अनुसारकै लिङ्ग, वचन, पुरुष र आदर मिल्ने क्रियाको प्रयोग गर्नुपर्छ ।

जस्तै : सुनिता घर आउँछिन् । मामा पनि आउनुहुन्छ । उनीहरू मिलेर बस्छन् ।

(ख) कर्म र क्रियाबिचको सङ्गति

कर्मवाच्यको वाक्य छ भने कर्मअनुसारको लिङ्ग, वचन, पुरुष र आदरकै क्रियापद प्रयोग गर्नुपर्छ ।

जस्तै : घर आइन्छ । किताबहरू पढिन्छन् ।

(ग) नाम र सर्वनामबिचको सङ्गति

सर्वनाम नामको सट्टामा प्रयोग हुने हुँदा वाक्यमा नामको वचन, लिङ्ग र आदरअनुसारकै सर्वनाम प्रयोग गर्नुपर्छ ।

जस्तै : प्रमोद परिश्रम गर्छ । ऊ सफल हुन्छ ।

(घ) विशेषण र विशेष्यबिचको सङ्गति

(अ) विशेष्य स्त्रलिङ्गी भए विशेषण पनि स्त्रीलिङ्गी नै प्रयोग गर्नुपर्छ ।

जस्तै : माइली छोरी असल छिन् ।

(आ) विशेष्य बहुवचन भए विशेषण पनि बहुवचन नै प्रयोग गर्नुपर्छ ।

जस्तै : राम्रा साथीहरू दुःखमा मदत गर्छन् ।

(ङ) भेद्य र भेदकबिचको सङ्गति

नाम वा सर्वनाममा षष्ठी विभक्ति 'को, का, की, रो, रा, री, नो, ना, नी' लागेर बनेका शब्द र त्यसपछि आउने नाम (भेद्य) बिचको सङ्गति नै भेद्य र भेदकको सङ्गति हो ।

जस्तै : हाम्री भान्जी असल छिन् ।

४. लिङ्ग सङ्गति मिलाई दिइएको अनुच्छेद पुनर्लेखन गर्नुहोस् :

मेरो छोरी ज्ञानी छन् । तिम्रो छोरी पनि ज्ञानी छन् । मेरो छोरी कक्षा १२ मा पढ्छन् । तिम्रो छोरी कक्षा ११ मा । मेरो एउटा बहिनी छन् । तिम्री एउटी भाइ छिन् । मेरी दाजु हुनुहुन्छ । तिम्रो भाउनू हुनुहुन्छिन् ।

५. वचन सङ्गति मिलाई दिइएको अनुच्छेद पुनर्लेखन गर्नुहोस् :

म पुस्तकालय गयौँ । त्यहाँ पुस्तकहरू थियो । रमेश र शीतल किताब पढ्दै थियो । केही पुस्तक टेबुलमा थियो । एउटा पुस्तक कुर्सीमा झरेका थिए । मैले त्यो पुस्तक हातमा लियौँ । त्यस पुस्तकलाई दराजमा राख्यौँ । साथीहरू दङ्ग थियो ।

६. पुरुष सङ्गति मिलाई दिइएको अनुच्छेद पुनर्लेखन गर्नुहोस् :

म, तिमी र विश्वराज छिमेकी हुन् । म बिहान सबेरै उठ्छ । तिमी बिहान सबेरै उठ्छन् । विश्वराज पनि बिहान सबेरै उठ्छु । त्यसपछि हामी तीनै जना भेट हुन्छौँ । हामी आधा घण्टा दौडिन्छन् । त्यसपछि म योगध्यान गर्छन्, तिमी फुटबल खेल्छु र विश्वराज ब्याटमिन्टन खेल्छु । बिहान आठ बजे हामी आआफ्ना घर जान्छन् ।

७. आदर सङ्गति मिलाई दिइएको अनुच्छेद पुनर्लेखन गर्नुहोस् :

हाम्रो घरमा मेरो मामा आउँछ । मामाले मलाई राम्रा राम्रा किताब ल्याइदिन्छ । मामालाई भेटन पाउँदा मेरी बहिनी पनि धेरै खुसी हुनुहुन्छ । तिमी पनि मेरा मामालाई भेट्न आइज है ।

८. तलका अनुच्छेदका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् :

(क) गौरी साह्रै फर्तिलो छ । उसले सेता हिमालहरू देखे । उसको साथी शङ्कर गरिब केटो हुनुहुन्छ । शङ्करका दाजु कवि हो । उनले थुप्रै कविताहरू लेखेको छ । गौरी र शङ्कर मिलेर खेल्छ ।

(ख) मेरी काकीको छोरी काठमाडौँ बस्छ । ऊ कलेजमा पढ्छन् । ऊ मिहिनेती हुनुहुन्छ । उसकी बहिनी पनि त्यही सँगै बसेर पढ्छ । उनीहरू परीक्षामा सफलता पाउँछ ।

## शब्द रूपायन

९. तलको अनुच्छेदलाई एकवचन भए बहुवचन र बहुवचन भए एकवचनमा परिवर्तन गर्नुहोस् :

काला चराहरू आकाशमा उडे । सिकारीले गुलेली ताक्यो । कमिलाले सिकारीको खुट्टामा टोकिदियो । ऊ छटपटायो । बन्दुक पड्कियो । चराहरू भागे ।

१०. तलको अनुच्छेदलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गर्नुहोस् :

आज बिहान मेरो सानो भाइ घरमा थिएन । मैले आमासित भाइ एकाबिहानै कता गएछ भनेर सोधेँ । आमाले उल्टै मलाई तैँले भाइलाई हिजो गाली त गरेको थिइनस् नि भनेर प्रतिप्रश्न गर्नुभयो । मैले केही भनेको छैनँ भनेर आमालाई विश्वस्त बनाएँ ।

११. प्रथम पुरुषमा परिवर्तन गरी दिइएको अनुच्छेद पुनर्लेखन गर्नुहोस् :

उसको शरीर अलिक मोटो भएकाले उकालो देख्नेबित्तिकै उसको सातोपुत्लो उड्छ । तेर्सो र ओरालो बाटामा ऊ निकै छिटो हिँड्न सक्छ, तर उकालो भने उसका लागि जेमराज जत्तिकै भयावह हुन्छ । ऊ विवश थियो, उसले घनघस्या नकाटी भएको थिएन । पाटनका सहृदय व्यक्तिहरूले दिएका दुई लाँक्रा उखु पहिले टेक्तै र पछि चबाउँदै उनीहरू एकोहोरो उकालिइरहे ।

१२. उच्च आदरमा रूपान्तरण गरी दिइएको अनुच्छेद पुनर्लेखन गर्नुहोस् :

तिमी मिहिनेती छौ । तिम्रो बानीबेहोरा पनि राम्रो छ । तिम्रो पढाइ पनि राम्रो छ । जोसुकैलाई विश्वास गरिहाल्ने बानीमा भने तिमीले सुधार गर्नुपर्छ ।

१३. मध्यम आदरमा रूपान्तरण गरी दिइएको अनुच्छेद पुनर्लेखन गर्नुहोस् :

तँ हिजो कहाँ गएको थिइस् ? आज पनि कतै जान्छस् कि ? अहिलेको समयमा यसरी बाहिरतिर घुम्न नगएस् । घरभित्रै बसेर व्यायाम गर् । बरु किताब पढ्, लेखहरू लेख् ।

१४. अनादरमा रूपान्तरण गरी दिइएको अनुच्छेद पुनर्लेखन गर्नुहोस् :

उनी भोलि पोखरा जान्छिन् । उनकी दिदी पनि उनीसँगै पोखरा जान्छिन् । उनी दिदीसँग फेवाताल घुम्छिन् । उनी त्यहाँ बसेर कविता लेख्छिन् । पोखरामा उनका साथीहरू पनि आउँछन् । उनी साथीहरूलाई पनि भेट्छिन् । एक हप्ता बसेर उनी घर फर्किन्छिन् ।

## वर्णविन्यास :

### 'ब' र 'व'को प्रयोग

१५. पढ्नुहोस् र बुझ्नुहोस् :

(क) 'ब' हुने शब्द :

(अ) नाम : बिजुली, बन्दुक, बालुवा, बहिनी, बुहारी, बालक, बतास, बथान, बगैँचा आदि

(आ) विशेषण : बिखालु, बाङ्गो, बहिरो, बटुवा, बुढो, बलियो, बिचरो आदि

(इ) अव्यय : अब, जब, बिस्तारै, तब आदि

(ई) धातु : बाँच्, बोल्, बन्, बस्, बच् आदि

(उ) 'म' पछि 'ब' को प्रयोग : चुम्बक, सम्बन्ध, अम्बा आदि

(ऊ) केही तत्सम शब्द : निबन्ध, कुबेर, ब्रह्माण्ड, बृहत् आदि

(ए) 'बे, बद्, बि' उपसर्ग लागेका शब्द : बेइज्जत, बेकार, बदमास, बदनाम, बिजोर, बिसन्चो आदि ।

(ख) 'व' हुने शब्द :

(अ) नाम : हावा, नेवार, प्वाल, कछुवा, जुवा आदि

(आ) अव्यय : वाल्ल, वारि, वारिपारि, वरिपरि आदि

(इ) आगन्तुक शब्द : सवारी, वास्ता, वकिल, पावर आदि

(ई) 'आवट, उवा, वाला, वार' प्रत्यय लागेका शब्द : खन्चुवा, सजावट, उम्मेदवार, हकवाला आदि ।

(उ) 'व्य' आएका शब्दमा : व्यवहार, अव्यय, गन्तव्य आदि ।

(ऊ) 'सम्' उपसर्गपछि 'व' लेखिन्छ : संवाद, संविधान, संवेदना आदि ।

(ग) 'व' लेखिने तर 'ब' उच्चारण हुने तत्सम शब्द :

वर्ष, विद्या, विज्ञान, विवेक, वन, वर्ग, विनाश, विवाद, वसन्त, वर्तमान, विवाह, वातावरण, मानव, विचार, कविता आदि ।

१६. दिइएको अनुच्छेदबाट 'ब' र 'व' को प्रयोग भएका शब्दको अलग अलग सूची बनाउनुहोस् :

गाउँ बस्तीका मानिसलाई बाहिरतिर घुम्न त्यति धेरै अवसर हुँदैन । खेत, बारी, कुलो, वन, घाँस, दाउरा, वरपर, तलमाथि गर्दै उनीहरूको समय बित्छ । हिउँद, वर्षा, जाडो, गर्मी, हावा, हुरी, बतास, बिहान, बेलुका, दिउँसो, राती आदि सबै याम, समय, मौसममा काम गर्नुपर्छ । उनीहरूले कहिलेकाहीँ जान पाउने ठाउँ भनेका नजिकैको हाट बजार हो । यसबाहेक उनीहरू कहिलेकाहीँ गाउँमा हुने बिहेबटुलो, चाडपर्व, जात्रामेला, उत्सव आदिमा जान पाउँछन् ।

१७. शुद्ध गरी वाक्य पुनर्लेखन गर्नुहोस् :

म चाहिँ साथीहरू हिउँमा हराए कि भनेर बिचलित भएर कराएँ, "प्रेमवहादुर भाइ !" प्रत्युत्तरमा हाबा मात्र सुइचयँ गर्‍यो । "जाऊँ त कसरी जाऊँ, वसूँ त जाडाले सिध्याइसक्यो !" भन्दै मैले हिउँको ढिस्को थुपारेँ । वल्ल साढे पाँचतिर साथीहरूले जबाफ दिए तल भिरतिरवाट, "हामीले वाटो हरायौँ !"

## सिर्जना/परियोजना

१. दिइएका सूचनाका आधारमा अनुच्छेद लेख्नुहोस् :

- नेपालमा धेरै जातजातिका मानिसको बसोबास
- पूर्वी नेपालका पहाडी जिल्लामा लिम्बू तथा राईहरू
- हिमाली प्रदेशमा शेर्पाहरू
- पहाडी क्षेत्रमा तामाङ र काठमाडौँ उपत्यकामा नेवारहरू
- जनकपुर क्षेत्रमा मैथिल समुदाय
- नेपाल जातीय विविधताको फूलबारी ।

२. दिइएका बुँदाका आधारमा 'स्वास्थ्य र उपचार विधि' शीर्षकमा कम्ती २०० शब्दसम्मको निबन्ध लेख्नुहोस् :

- रोगरहित हुनु नै स्वस्थ हुनु
- स्वस्थ मानिस नै फुर्तिलो, जाँगरिलो, काम गर्न सक्षम र सुखी
- मानव स्वास्थ्य उसको शरीरका अङ्ग अङ्गमा आश्रित हुने
- मानव शरीरका मुख्य अङ्ग टाउको, ढाड र खुट्टा
- विभिन्न किसिमका कोषिकाबाट नै हाड, मासु, बोसो, छाला, मांसपेशी आदि बन्ने
- खोक्रो हाडभित्र मासी र मासुको भागमा रगत बग्ने नसाहरू हुने
- शरीर निरोगी रहे मानिस कर्म गर्न सक्षम रही सुखी हुने
- मानवको शरीरमा रोग लाग्दा उपचार गरिने
- उपचारका घरेलु र आधुनिक विधि
- उपचार विधिको प्रयोगले सबैको स्वास्थ्य तन्दुरुस्त रहनुपर्ने ।

पाठ ४

# व्यावसायिक पत्र

## परिचय

घरायसी वा व्यक्तिगत पत्र : आफ्ना नातेदार, इष्टमित्र, आदिलाई लेखिने चिठी घरायसी वा व्यक्तिगत पत्र हो । आपसी सम्बन्ध कसिलो बनाउन र खबर आदानप्रदान गर्न यस्ता पत्रहरू लेखिन्छन् । मिति, पत्र लेख्नेको ठेगाना, सम्बोधन, अभिवादन, सामान्य भलाकुसारी वा सन्चोबिसन्चो, आफ्नो विचारसँग सम्बन्धित मूल कुरा, सन्देश, सम्बन्धज्ञापन, पत्र लेख्नेको नाम जस्ता संरचना पक्षलाई ख्याल गरेर यस्ता पत्र लेखिन्छन् । प्रेषक र प्रापकको स्पष्ट विवरणसहितको खामको नमुना पनि तयार पारिन्छ ।

कार्यालयीय पत्र : एउटा कार्यालयले अर्को कार्यालय वा व्यक्तिलाई लेखिने पत्र कार्यालयीय पत्र हो । व्यक्तिले कुनै कार्यालयलाई पत्र लेखेमा निवेदन तयार हुन्छ । निवेदन पनि कार्यालयीय पत्रको अर्को रूप हो । कार्यालयीय पत्र औपचारिक शैलीमा लेखिन्छ । संस्थाको पत्रमा लेटरप्याडको प्रयोग गरिन्छ । मिति, सम्बोधन, विषय, विषय विस्तार, निवेदक, निवेदकको ठेगाना र हस्ताक्षर जस्ता संरचना पक्षलाई ख्याल गरेर कार्यालयीय पत्र तयार पारिन्छ ।

व्यापारिक/व्यावसायिक पत्र : एउटा व्यावसायिक संस्थाले अर्को व्यावसायिक संस्थालाई वा एउटा व्यक्लिे कुनै व्यापारिक संस्थालाई सामग्री खरिद बिक्रीलगायतका विषयमा केन्द्रित भएर लेखिने पत्र व्यापारिक/व्यावसायिक पत्र हो । यसको भाषा अत्यन्तै औपचारिक हुन्छ । संस्थाका तर्फबाट व्यावसायिक पत्र लेख्दा लेटरप्याडको प्रयोग गरिन्छ । मिति, सम्बोधन, संस्थाको ठेगाना, विषय, विषयसँग सम्बन्धित भूमिका, सामानको विवरण, बिल र भुक्तानीको सङ्केत, पत्राचार गर्ने संस्थाको प्रतिनिधिको नाम जस्ता संरचना पक्षलाई ख्याल गरेर व्यापारिक/व्यावसायिक पत्र तयार पारिन्छ ।

सम्पादकलाई पत्र : कुनै पनि समसामयिक विषयवस्तुमा प्रबुद्ध समाजको ध्यानाकर्षण गराउने एउटा सजिलो माध्यम सम्पादकलाई पत्र हो । पत्रपत्रिकामा छापिएका समाचारका विषयमा आफ्नो सहमति वा असहमति व्यक्त गर्ने र त्यस्ता सामग्रीहरू भ्रमात्मक छन् भने तथ्यसहित तिनको खण्डन गरी सत्यतथ्यको जानकारी दिने प्रयोजनका निम्ति पनि सम्पादकलाई पत्र लेखिन्छ । समाजसँग सम्बन्धित कुनै पनि समस्यालाई उजागर गर्नका निम्ति पनि सम्पादकलाई पत्र लेखिन्छ । यस प्रकारको चिठीमा लेखिने कुरा तर्कपूर्ण र सत्यतथ्यमा आधारित हुनुपर्छ । सम्बोधन, विषयवस्तुको प्रस्तुति, समापनको क्रमबद्ध ढाँचालाई ख्याल गरेर सम्पादकलाई पत्र तयार पारिन्छ ।

## सिकाइ उपलब्धि

१. पत्र लेखनको संरचना (विषय, प्रस्तुतिक्रम, ढाँचा, भाषाशैली आदि) बोध गर्न

२. पाठमा प्रयुक्त शब्दको अर्थबोध गरी प्रयोग गर्न

३. पत्र लेखनमा प्रस्तुत विषयवस्तुको टिपोट गर्न

४. भरपाई, तमसुक, करारनामा, मञ्जुरीनामा, मुचुल्का, प्रशासनिक टिप्पणी, बैठक निर्णय, विज्ञापन, सूचना, विज्ञप्ति, बोलपत्र, सम्पादकलाई चिठीको ढाँचा र शैलीको अध्ययन र लेखन अभ्यास गर्न

५. वाक्यको पहिचान गरी वाक्यान्तरण गर्न

६. 'ए' र 'य' प्रयोग भएका शब्दको पहिचान गरी प्रयोग गर्न

७. निर्दिष्ट विषयमा पत्र लेखन ।

## मूल पाठ (पत्र लेखन)

# कर्णाली उत्पादन तथा वितरण केन्द्र

चिसापानी, कैलाली

मिति : २०७८/०१/०२

प. स.

च. नं.

श्री प्रमुखज्यू,

ज्वालामाई उपभोग्य वस्तु सङ्कलन तथा वितरण कम्पनी,

कोहलपुर, बाँके ।

विषय : आपूर्ति सम्झौता सम्बन्धमा ।

त्यस कम्पनीको मिति २०७७/१२/२५ को पत्र प्राप्त भई पत्रको व्यहोरा अवगत भयो । यस कम्पनीबाट उत्पादित तथा सङ्कलित वस्तुको बिक्री वितरण गर्ने र दुई कम्पनीका बिचमा सहकार्य गर्ने भनी त्यस कम्पनीले राखेको प्रस्तावलाई यो कम्पनी सहर्ष स्वीकार गर्छ । यस कम्पनीले विगतका दिनमा अन्य धेरै कम्पनीसँग सहकार्य गरिसकेको छ र त्यसबाट दुवै पक्ष लाभान्वित पनि भएका छन् । त्यसैले आगामी दिनमा अन्य कम्पनीसँग झैँ त्यस कम्पनीसँग पनि सुमधुर वातावरणमा सहयोग आदानप्रदान हुने अपेक्षाका साथ यथाशीघ्र सम्झौता गरी काम अघि बढाउनसमेत यो कम्पनी अनुरोध गर्छ । यस कम्पनीबाट उपलब्ध हुने वस्तुहरूको विस्तृत विवरण र मूल्यसूची हाम्रो वेबसाइटमा उपलब्ध छ । यस कम्पनीबाट उत्पादित तथा सङ्कलित सामानको विवरण यसप्रकार रहेको छ :

१. चामल, मकै, भटमास, दाल, आलु, तरकारी, फलफूल

२. माछा, खसी, भेडा, कुखुरा हाँस, खरायो, गाई, भैँसी, बाख्रा, घोडा

३. दुध, दही, घिउ, चिज

४. विभिन्न किसिमका बिउ, बिजन

५. फर्निचर तथा विभिन्न किसिमका घरेलु सामान

भावना चौधरी

प्रबन्ध निर्देशक

पठाउने

कर्नाली उत्पादन तथा वितरण केन्द्र
चिसापानी २, कैलाली

पाउने
श्री ज्वालामाई उपभोग्य वस्तु सङ्कलन
तथा वितरण कम्पनी
कोहलपुर ३, बाँके

टिकट

**शब्दार्थ**

| | | |
|---|---|---|
| *वितरण* | : | *बाँडफाँट* |
| *आपूर्ति* | : | *आवश्यक उपभोग्य वस्तु उपलब्ध गराउने काम* |
| *व्यहोरा* | : | *जानकारी* |
| *अवगत* | : | *जानेको वा बुझेको* |
| *सहकार्य* | : | *दुई वा दुईभन्दा बढी व्यक्ति वा संस्थाले मिलेर गरिने काम* |
| *प्रस्ताव* | : | *कुनै कामको आरम्भ वा सम्पादनका लागि प्रस्तुत गरिएको विचार* |
| *लाभान्वित* | : | *लाभको सुविधा पाएको* |
| *यथाशीघ्र* | : | *जतिसक्दो चाँडो* |
| *सङ्कलित* | : | *बटुलिएको* |
| *प्रबन्ध* | : | *बन्दोबस्त, चाँजोपाँजो* |

**पत्रको सार**

यो पत्र कर्णाली उत्पादन तथा वितरण केन्द्र चिसापानी कैलालीले ज्वालामाई उपभोग्य वस्तु सङ्कलन तथा वितरण कम्पनी कोहलपुर बाँकेलाई लेखेको हो । यस पत्रमा दुई संस्था वा कम्पनीबिच आपसमा सम्झौता गर्नका लागि स्वीकृति जनाइएको छ । कर्णाली उत्पादन तथा वितरण केन्द्रले उत्पादन गरेका वस्तुहरू ज्वालामाई उपभोग्य वस्तु सङ्कलन तथा वितरण कम्पनीले वितरण गर्ने विषयमा दुवैको सहमति रहेकाले सम्झौताका लागि पत्राचार गरिएको विषय उल्लेख छ । अन्य कम्पनीसँग पनि विगतका दिनमा सम्झौता भई काम गर्दै आएकाले दुवै पक्ष लाभान्वित भएकाले सहकार्य गर्दा अवश्य लाभ प्राप्त हुने आश्वासनसहित यथाशीघ्र सम्झौता गर्न आग्रहसहित पत्रको अन्त्य भएको छ ।

## शब्दभण्डार

१. शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सम्झौता | अभिलाषा वा चाहना |
| सहर्ष | उपेक्षा गरिएको |
| स्वीकार | खुसीसाथ |
| अपेक्षा | व्यक्ति वा संस्थाबिच हुने लिखित सहमति |
| | कुनै कुरा वा विषयप्रति समर्थन जनाउने काम |

२. तलको अनुच्छेदबाट दिइएका अर्थ दिने शब्द खोजेर लेख्नुहोस् :

यस कम्पनीले विगतका दिनमा अन्य धेरै कम्पनीसँग सहकार्य गरिसकेको छ र त्यसबाट दुवै पक्ष लाभान्वित पनि भएका छन् । त्यसैले आगामी दिनमा अन्य कम्पनीसँग झैँ त्यस कम्पनीसँग पनि सुमधुर वातावरणमा सहयोग आदानप्रदान हुने अपेक्षाका साथ यथाशीघ्र सम्झौता गरी काम अघि बढाउनसमेत यो कम्पनी अनुरोध गर्छ ।

(क) बितेको समय .................

(ख) अवस्था, परिस्थिति .................

(ग) व्यापारीको संस्था वा कार्यालय .................

(घ) अनुरोध वा बिन्तीभाउ .................

३. दिइएका शब्दको विपरीतार्थक शब्द लेख्नुहोस् :

दिन, आय, सापेक्ष, हर्ष, हार, दाहिने, रुनु, आफ्नो, सक्कली, अनावश्यक, निराशा, सबल, सपना, प्रेम, आकर्षण, जटिल, प्रतिकूल, जस

४. उदाहरण हेरी तलका शब्दको लघुतावाचक शब्द लेख्नुहोस् :

*उदाहरण :*

| | | | |
|---|---|---|---|
| थाल : | थाली | सुन्तला : | केस्रो |
| गाग्रो : | गाग्री | पराल : | त्यान्द्रो |

किरो, चरो, ठेको, चिम्टा, पुस्तक, कोदालो, रोटी, भात, केरा, पानी, खाट, फूल, पत्र

## बोध र अभिव्यक्ति

१. तल दिइएका शब्द उच्चारण गर्नुहोस् :

आपूर्ति, व्यहोरा, लाभान्वित, मूल्यसूची, निर्देशक, यथाशीघ्र

२. 'व्यावसायिक पत्र' आरोह, अवरोह मिलाई सस्वरवाचन गर्नुहोस् ।

३. 'व्यावसायिक पत्र' पाठ पढी उत्तर भन्नुहोस् :

(क) व्यावसायिक पत्रको सबैभन्दा माथि के लेखिन्छ ?
(ख) व्यावसायिक चिठीको कुन भागमा कहाँनेर मिति लेखिन्छ ?
(ग) व्यावसायिक चिठीमा पत्र सङ्ख्या र चलानी नम्बर कहाँ लेखिन्छ ?
(घ) व्यावसायिक चिठीमा सम्बोधन र विषयको रखाइक्रम कस्तो हुन्छ ?

४. पाठमा उल्लेख भएअनुसार ज्वालामाई उपभोग्य वस्तु सङ्कलन तथा वितरण कम्पनी कोहलपुर, बाँकेले कर्नाली उत्पादन तथा वितरण केन्द्र, चिसापानी, कैलालीलाई मिति २०७७/१२/२५ मा लेखेको पत्र कस्तो हुनसक्छ, अनुमान गरी लेख्नुहोस् ।

५. तलको व्यापारिक पत्र पढी प्रत्युत्तरमा लेख्ने चिठीको नमुना तयार पार्नुहोस् :

कर्णाली पुस्तक पसल
कालिकोट

मिति : २०८०/०१/०५

प. स.
च. नं.
श्री प्रबन्ध सञ्चालकज्यू,
जनक शिक्षा सामग्री केन्द्र,
सानोठिमी, भक्तपुर ।

विषय : पुस्तक उपलब्ध गराइदिने बारे ।

उपर्युक्त सम्बन्धमा यस पुस्तक पसलले विगतदेखि नै त्यस प्रकाशन केन्द्रबाट विद्यालय तहका विभिन्न पुस्तकहरू झिकाई बिक्री वितरण गर्दै आएको यहाँलाई अवगत नै छ । यस वर्ष पनि कक्षा १२ का पुस्तकहरूको माग भएकाले निम्नानुसारका पुस्तकहरू उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ :

| क्र.सं. | विवरण | प्रति |
|---|---|---|
| १. | अनिवार्य अङ्ग्रेजी | २५० |
| २. | अनिवार्य नेपाली | २५० |
| ३. | सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा | १७५ |

उल्लिखित पुस्तकहरूको भुक्तानीका लागि त्यस बिक्री केन्द्रको नाममा रहेको नेपाल बैंक लिमिटेडको खाता नं. २३४५६ मा पेस्की स्वरूप रु २०,००० (बिस हजार रुपियाँ मात्र) जम्मा गरेको बैंक भौचर यसै पत्रसाथ पठाइएको छ । बाँकी रकम पुस्तकहरूका साथै बिल प्राप्त हुनासाथ भुक्तानी गरिने व्यहोरा अनुरोध गरिन्छ ।

सहयोगका लागि धन्यवाद ।

भवदीय
दायवीर महरा
प्रबन्धक

६. 'आजको आवश्यकता छोरीलाई अनिवार्य शिक्षा' भन्ने भाव प्रस्ट पार्दै सुरुङ्गा नगरपालिका, सप्तरीमा बस्ने मामालाई एउटा पत्र लेख्नुहोस् ।

७. फोहोरमैलाको उचित व्यवस्थापन गर्न अनुरोध गर्दै टोलसुधार समितिका अध्यक्षलाई एउटा निवेदन लेख्नुहोस् ।

८. दिइएको 'सम्पादकलाई चिठी' को नमुना पढ्नुहोस् र यस्तै कुनै समसामयिक समस्यामूलक विषयमा आधारित भएर सम्बद्ध पक्षको ध्यानाकर्षण गराउन कुनै राष्ट्रिय दैनिक पत्रिकाका सम्पादकलाई चिठी लेख्नुहोस् :

मिति : २०८०/०६/०१

श्रीमान् सम्पादक
गोरखापत्र राष्ट्रिय दैनिक
धर्मपथ, काठमाडौँ ।

विषय : ध्यानाकर्षण सम्बन्धमा ।

गोरखापत्रका हालसालैका अङ्कमा बढ्दो प्रदूषण र यसले निम्त्याएका समस्या पढ्नुपर्दा पढ्ने सुन्ने सबैलाई पीडा हुनु स्वाभाविकै हो । विश्वव्यापी रूपमा बढिरेहको प्रदूषणले पृथ्वीको जलवायुमा प्रत्यक्ष रूपमा असर पारेको छ । फोक्सोका रोगी बढेका छन् । विश्वव्यापी रूपमा देखा परेको कोरोना भाइरसको सङ्क्रमण तीव्र रूपमा फैलनुमा पनि प्रदूषणले केही सघाएको चिकित्सकको ठम्याइ छ । प्रदूषणका कारण फोक्सोको प्रतिरोधात्मक क्षमता कमजोर भएकाले कोरोनाबाट सङ्क्रमित भएका धेरै मानिसको मृत्यु भएको आँकलन चिकित्सकले गरेका छन् । यस्तै प्रदूषणले गर्दा पृथ्वीको तापमान अनपेक्षित रूपमा बढेको छ । केही दिन पहिले बढेको प्रदूषणका कारण नेपालमा केही दिन विद्यालय नै बन्द गर्नुपरेको पीडा हामी सबैले भोगिसकेका छौँ । अहिले प्रदूषण व्यक्तिगत र राष्ट्रिय मात्र नभएर विश्वकै समस्या बनेको छ । मूलतः सवारी साधन, कलकारखाना र विभिन्न समयमा हुने आगलागीबाट उत्सर्जन हुने गरेको कार्बन डाइअक्साइड नै प्रदूषणको प्रमुख कारक बनेको देखिएको छ । यसैले अहिले हरेक देशले प्रदूषणका यी कारणलाई मध्यनजर राखी यसको समाधानमा अग्रसर हुनुपरेको छ । यसका लागि पेट्रोल र डिजलबाट चल्ने सवारी साधनका सट्टामा विद्युतीय सवारी साधनको प्रयोग गर्न अग्रसर हुनुपर्ने देखिन्छ । यस्तै बढ्दो वनविनाशलाई न्यूनीकरण गर्दै वृक्षरोपणका माध्यमबाट कार्बन डाइअक्साइडको न्यूनीकरण गर्न सकिन्छ । आगो लागिसकेपछि इनार खन्ने प्रवृत्तिको अन्त्य गरी आगलागी हुनै नदिन अपनाउनुपर्ने उपायबारे सबै समयमै जानकार हुनुका साथै तदनुरूपको कार्ययोजना ल्याई अघि बढ्न जरुरी छ । हामी सबैले यी उपाय अपनायौँ भने पक्कै पनि प्रदूषण कम हुन्छ र अहिले विश्वव्यापी रूपमा देखा परेको कोरोना भाइरसको नियन्त्रणमा समेत सहयोग पुग्ने छ भन्ने मेरो विश्वास छ । यसैले यससम्बन्धी सामग्रीको प्रकाशन गरेर सबैलाई सचेत र जागरुक बन्ने प्रेरणा यस पत्रिकाले दिने छ भन्नेमा म विश्वस्त छु, धन्यवाद ।

भवदीय
शिव पोखरेल
कीर्तिपुर २, ट्याङ्लाफाँट

९. तल दिइएको सूचना पढ्नुहोस् र वनभोज कार्यक्रमसम्बन्धी सूचना तयार पार्नुहोस् :

## आँखा शिविर सञ्चालन हुने सूचना

यही मिति २०८० भदौ ५ गतेदेखि ९ गतेसम्म उदयपुर जिल्लाको जलजलेमा सगरमाथा आँखा अस्पताल, लहान र जिल्ला जनस्वास्थ्य कार्यालय उदयपुरको संयुक्त आयोजनामा पाँच दिने आँखा शिविर सञ्चालन हुने कुरा सम्बद्ध सबैमा जानकारीका लागि सूचित गरिन्छ ।

शिविरमा आँखाको सामान्य परीक्षण गर्नुका साथै मोतीबिन्दुको निःशुल्क शल्यक्रिया गरिने भएकाले त्यस्ता बिरामीले एक जना सहयोगीसमेत लिएर आउनुपर्ने छ । बिरामीको सजिलाका लागि दुई दिन अगाडिदेखि नै नाम लेखाई पालोमा बस्ने व्यवस्था मिलाइएको छ ।

यस अवसरको फाइदा उठाउनुहोस् र अँध्यारोबाट उज्यालोतिर लम्कनुहोस् ।

व्यवस्थापक

सयपत्री युवा क्लब, देउरी

१०. दिइएको व्यावसायिक विज्ञापनको नमुना पढ्नुहोस् र आयोडिनयुक्त नुन बिक्री गर्न प्रकाशित गरेको विज्ञापन तयार पार्नुहोस् :

के तपाइँ ग्यास्ट्रिक रोगबाट पीडित हुनुहुन्छ ?

अब चिन्ता नलिनुहोस् ।

तपाइँको घरआँगनमा आइपुग्यो सञ्जीवनी हर्बलको उत्पादन 'ग्याँस-टी'

ढुक्कले पिउनुहोस् ।

स्वस्थ भएर जिउनुहोस् ।

उत्पादक

सञ्जीवनी हर्बल प्रा.लि.

धरान उपमहानगरपालिका ५, सुनसरी

११. दिइएको पदपूर्तिसम्बन्धी विज्ञापनको नमुना पढ्नुहोस् र लोक सेवा आयोगले शाखा अधिकृत पदपूर्तिका लागि निकाल्ने विज्ञापन तयार पार्नुहोस् :

श्री मदन स्मारक माध्यमिक विद्यालय

पदपूर्ति समितिको

आवश्यकतासम्बन्धी सूचना

(पहिलो पटक प्रकाशित मिति : २०८०/०५/१३)

यस विद्यालयमा रिक्त रहेको माध्यमिक तह, तृतीय श्रेणी, नेपाली विषयको राहत दरबन्दीमा खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । योग्यता पुगेका नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र दरखास्त आह्वान गरिएको छ । उक्त मितिबाट सात दिनभित्र दोब्बर दस्तुत तिरेर दरखास्त दिन सकिने छ ।

दरखास्तका साथ पासपोर्ट साइजको फोटो दुई प्रति, शैक्षिक प्रमाणपत्र र नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि पेस गर्नुपर्ने छ । दरखास्त दस्तुर रु. १५०० (अक्षरेपि पन्ध्र सय मात्र) राष्ट्रिय वाणिज्य बैंक, लगनखेल शाखामा रहेको च.हि.न ०१००३००३५३५ मा जम्मा गरी त्यसको सक्कल भौचर प्रस्तुत गर्नुपर्ने छ ।

परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता

आवश्यक न्यूनतम योग्यता : सम्बन्धित विषयमा कम्तीमा स्नातक उत्तीर्ण

सम्पर्क मिति : दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट

प्रधानाध्यापक

१२. खाली ठाउँमा उपयुक्त विवरण भरी भरपाई तयार पार्नुहोस् :

*भरपाई*

भरपाई दादै ................ जिल्ला ................. मनपा/उमनपा/नपा/गापा वडा नं. ........ बस्ने म ............................... ले शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमीबाट श्रव्यदृश्य पाठ उत्पादन गरेबापत नगद / चेक नं. .................. ( .................... बैंक ) मार्फत रु .............. ( अक्षरेपि .......................) मात्र बुझिलिई यो भरपाई गरिदिएँ ।

बुझिलिनेको दस्तखत ....................... बुझाउनेको दस्तखत .......................

बुझिलिनेको नाम ....................... बुझाउनेको नाम .......................

सम्पर्क नं. .......................

इति संवत् ......... साल .......... महिना ..... गते रोज ......... शुभम्

१३. दिइएको भरपाईको नमुना हेर्नुहोस् र साझा प्रकाशनबाट दीपावली पुस्तकालय, सिरहालाई उपहारस्वरूप प्रदान गरिएका मुनामदन (पाँच प्रति), राधा (तीन प्रति), भानुभक्तको रामायण (दुई प्रति) त्यस पुस्तकालयका प्रमुखले बुझिलिएको भरपाईको नमुना तयार पार्नुहोस् :

**भरपाई**

पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरद्वारा आयोजित कक्षा १२ को अभिमुखीकरण कार्यक्रममा विज्ञ प्रस्तोताका रूपमा काम गरेबापत सो कार्यालयको लेखा शाखाबाट निम्नानुसार पारिश्रमिक बुझिलिई यो भरपाई गरिदियौँ :

| क्र.स. | रकम बुझ्नेको नाम | ठेगाना | विषय | पारिश्रमिक | कर | रकम | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| १. | देवीदत्त पौडेल | ललितपुर | नेपाली | ४,५००/- | ६७५/- | ३,८२५/- | |
| २. | माधवप्रसाद दाहाल | भक्तपुर | सामाजिक | ४,५००/- | ६७५/- | ३,८२५/- | |
| ३. | शङ्कर अधिकारी | काठमाडौँ | अङ्ग्रेजी | ४,५००/- | ६७५/- | ३,८२५/- | |

*मिति : २०८० भदौ १५ गते शुक्रबार*

१४. दिइएको मन्जुरीनामाको नमुना पढ्नुहोस् र तपाईंको जग्गामा रहेको बालुवाखानीबाट नगरपालिकाको जनस्वास्थ्य भवन निर्माणका लागि चाहिने बालुवा निकाली लैजानका लागि तपाईंले नगरपालिकालाई दिएको मन्जुरीनामाको नमुना लेख्नुहोस् :

श्री वडाध्यक्षज्यू,
दार्मा गाउँपालिका, वडा नं ३
सल्यान ।

विषय : मन्जुरीनामा सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा दार्मा गाउँपालिका वडा नं. ३ मा सार्वजनिक शौचालय निर्माणका लागि वडा कार्यालयबाट ढुङ्गा उत्खनन गर्न दिन आह्वान गरिएकामा यसै वडाभित्र मेरो नामको कित्ता नं. ५४४, १३ रोपनी क्षेत्रफलको जग्गामा ढुङ्गाखानी रहेको र त्यहाँबाट सार्वजनिक शौचालय बनाउन चाहिने ढुङ्गा निकाली लैजानका लागि मैले यस वडा कार्यालयलाई राजीखुसीका साथ मन्जुरीनामा दिएको बेहोरा साँचो हो । झुठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

भवदीय
सही :...................
निमबहादुर केसी

इति मिति २०८० वैशाख ७ गते बिहीबार ।

१५. खाली ठाउँमा उपयुक्त विवरण भरी तमसुक तयार पार्नुहोस् :

| | |
|---|---|
| साक्षी ...... गापा./नपा/उमनपा/मनपा, वडा नं. .... बस्ने वर्ष ..... को....१<br>ऐ.ऐ. वडा नं. .....बस्ने वर्ष ..... को ..............१<br>मसौदा गर्ने : अधिवक्ता ..............प्र.प.सं. ........ | लिखितम् धनीका नाम ............. को/की नाति/नातिनी ..............को/की छोरा/छोरी ........ जिल्ला ................ गापा./नपा/उमनपा/मनपा, वडा नं. ......... बस्ने वर्ष ........ को .............. ऋणीका नाम ....................... को/की नाति/नातिनी .................. को/की छोरा/छोरी ................. जिल्ला .............. गापा./नपा/उमनपा/मनपा, वडा नं. ......... बस्ने वर्ष ....... को/की .................... ले रू. .......... अक्षरेपि ............... रुपियाँ कर्जा लिएबापत .......... गर्नका लागि लिएको ठिक साँचो हो । यो रुपियाँमा अरू कसैलाई केही गरी लेखी नदिएको मेरो हकभोग दर्ताको ....... गापा./नपा/उमनपा/मनपा, वडा नं. ......... को पूर्व .........., पश्चिम ........., उत्तर ............., दक्षिण .............यति चार किल्लाभित्रको ............. ........... जग्गा आजको मितिदेखि हक छाडी राजिनामा गरी दिएँ । लागेको तिरोभरो गरी आफ्नो जानी भोग चलन गर्नू । भोग गर्दा केही बेहोराबाट कच्चा भई साहुले भोग गर्न पाउनुभएन भने साँवा र ऐनबमोजिमको ब्याजसमेत मेरो अरू घरघरानाबाट असुलउपर गरिलिनू भनी मेरो राजीखुसी तपाईं साहुकै घरपिँढीमा बसी बायाँ किनाराको साक्षीको रोहबरमा राजिनामा लेखी तपाईं साहुलाई दिएँ । साक्षी किनाराको सदर । यो राजिनामा ऐनको म्यादभित्र रजिस्ट्रेसन गरी दिउँला ।<br>इति संवत् ........ साल ...............गते रोज ....... शुभम् ।<br>दायाँ \| बायाँ |

१६. दिइएको तमसुकको नमुना पढी तपाईंको आफ्नो स्थायी ठेगानाको कुनै एक व्यक्तिले त्यहींको अर्को व्यक्तिसँग ऋण लिएको व्यहोरा खुलाई एउटा तमसुकको नमुना लेख्नुहोस् :

***नमुना***

**तमसुक**

लिखितम् उदयपुर जिल्ला रौतामाई गाउँपालिका वडा नम्बर ५, आँपटार बस्ने गणेशप्रसादको नाति, कृष्णप्रसादको छोरा वर्ष ४१ को म बालकृष्ण पोखरेलले आफ्नो घरखर्च गर्न भनी ऐजन जिल्ला, ऐजन गाउँपालिका, वडा नम्बर ६, डाडाँगाउँ बस्ने पशुपतिको नाति, उमाकान्तको छोरा वर्ष ५१ को तपाईं कुमार दाहालबाट रु. १,००,०००।- (अक्षरेपि एक लाख मात्र) आजैका मितिमा ऋण सापटीस्वरूप लिएको छु । यस रकमको वार्षिक दश प्रतिशतका दरले ब्याज बुझाउने छु र एक वर्षभित्रमा सम्पूर्ण सावाँब्याज चुक्ता गरिसक्ने छु। यदि यस कबोलअनुसार नबुझाएमा मेरो जायजेथा, घरजग्गाबाट कानुनबमोजिम असुल गरिलिन मेरो मन्जुरी छ। यो तमसुक मेरो राजीखुसीसाथ गरेको बेहोरा साँचो हो। झुठा ठहरे कानुनबमोजिम सहने बुझाउने छु। साक्षी किनारामा सदर। मुकाम साहुको घर आँगन।

आसामीको हस्ताक्षर :

औँठा छाप

दायाँ बायाँ

इति संवत् २०८० साल वैशाख ५ गते रोज ३ बार शुभम्।

साक्षी

.................. उदयपुर जिल्ला रौतामाई गा.पा. वडा नम्बर ५ बस्ने वर्ष ४८ को श्रीराम राई- १

.................. ऐ जिल्ला ऐ नगरपालिका वडा नम्बर ६ बस्ने मदन लिम्बू - १

.................. लेखक : ऐ.ऐ. वडा नम्बर ६ बस्ने सुनिता घिमिरे - १

१७. दिइएको सम्झौता पत्र/करारनामाको नमुना पढ्नुहोस् र तपाईंको विद्यालयमा पुस्तकालय भवन निर्माणका लागि विद्यालयका प्रधानाध्यापक, स्थानीय निर्माण कम्पनीका प्रमुखबिच गरिने करारनामाको नमुना लेख्नुहोस् :

सहिदनगर नगरपालिका, धनुषा (यसपछि यहाँ पहिलो पक्ष भनिएको छ) र ऐजन जिल्ला, ऐजन नगरपालिका वडा नम्बर २ निवासी श्री रामदयाल कामती (यसपछि यहाँ दोस्रो पक्ष भनिएको छ) सँग तपसिलका कार्य गर्नका लागि देहायबमोजिमको सर्तको अधीनमा रहेर दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मञ्जुर भई यो सम्झौता गरिएको छ। यो सम्झौताका एक एकप्रति आपसमा बुझिलियौं, दियौं।

सर्तहरू

१. दोस्रो पक्षले कमलामाई नगरपालिका वडा न. २ को वडा कार्यालयका तोकिएका कार्य कार्यालय सहयोगीका रूपमा गर्नुपर्ने छ। कार्यालयको कामका सिलसिलामा आवश्यक

परेमा सार्वजनिक बिदाका दिनमा र कार्यालय समयका अतिरिक्त समयमा समेत काम गर्नुपर्ने छ।

२. दोस्रो पक्षले सेवासम्बन्धी प्रचलित कानुनमा व्यवस्था भएका आचरणसम्बन्धी कुरा पालना गर्नुपर्ने छ।

३. मासिक पारिश्रमिक पहिलो पक्षले दोस्रो पक्षलाई महिना समाप्त भएसँगै मासिक रु. १८,५००।- (अठार हजार पाँच सय मात्र) भुक्तानी दिने छ।

४. सम्झौता भङ्ग गर्न चाहेमा कम्तीमा १५ दिनको समय दिई एक पक्षले अर्को पक्षलाई लिखित रूपमा सूचना दिनुपर्ने छ।

५. दोस्रो पक्षले कार्यालय प्रमुखको स्वीकृतिमा प्रत्येक महिनामा १ (एक) दिन बिदा लिन सक्ने छ। यस्तो बिदा अर्को आर्थिक वर्षका लागि सञ्चित हुने छैन।

६. पहिलो पक्षले दोस्रो पक्षलाई चाडपर्व खर्च एक महिनाको तलब बराबरको रकम उपलब्ध गराइने छ।

७. सम्झौताको अवधि २०८० साल साउन १ गतेदेखि २०८१ असार मसान्तसम्म एक वर्षको हुने छ।

| पहिलो पक्षबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| दस्तखत : ............... | दस्तखत : |
| नाम थर : .................... | नाम थर : श्री रामदयाल कामती |
| ठेगाना : सहिदनगर नगरपालिका कार्यालय | ठेगाना : सहिदनगर नगरपालिका २, धनुषा |
| पद : प्रमुख प्रशासकीय अधिकृत | |
| कार्यालय : सहिदनगर नगरपालिकाको कार्यालय | |

रोहबर वडा अध्यक्ष .........

श्री वडा सचिव ......

सहिदनगर नगरपालिका वडा नम्बर २, धनुषा

इति संवत् २०८० साल साउन १ गते २ रोज शुभम्

१८. दिइएको बोलपत्रको नमुना पढ्नुहोस् र तपाईंको विद्यालयमा छात्रावास भवन बनाउनका लागि जारी गरिने बोलपत्रको नमुना लेख्नुहोस् :

**नारायणी नमुना माध्यमिक विद्यालय**

**चितवन ४**

## वार्षिक स्मारिका छपाइसम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशन मिति : (२०८०/०४/१० गते)

यस नारायणी नमुना माध्यमिक विद्यालय रजत महोत्सवका उपलक्ष्यमा 'नारायणी दर्पण' वार्षिक स्मारिका प्रकाशन गर्नुपर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त प्रकाशन फर्म/कम्पनी/संस्थाले तपसिलबमोजिमको सर्तको अधीनमा रही रितपूर्वकको बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

१. यो सूचना प्रकाशित मितिदेखि ३० औँ दिनसम्म बोलपत्र फाराम यस विद्यालयको आर्थिक प्रशासन शाखाबाट प्राप्त गर्न सकिने छ ।

२. खरिद गरिएका बोलपत्र फारामका महल स्पष्ट रूपमा भरी प्रत्येक पानामा सहीछाप गरी प्रथम पटक सूचना प्रकाशन भएको मितिदेखि ३५ औँ दिन दिनको १२ बजेभित्र यस कार्यालयमा उपस्थित भई वा बोलपत्र र आवश्यक कागजातको स्क्यान गरी अनलाइनमार्फत दर्ता गर्नुपर्ने छ ।

३. बोलपत्रका साथ सम्बन्धित व्यक्तिको नागरिकता, अद्यावधिक नवीकरण गरेको व्यवसाय दर्ताको इजाजतपत्र, अद्यावधिक नवीकरण पत्र, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बरको प्रमाणपत्र, आ. व. ०८०/०८१ सम्मको कर चुक्ता गरेको कागजातका प्रमाणित प्रति पेस पेस गर्नुपर्ने छ ।

४. बोलपत्र फारामसाथ जमानतबापतको रकम यस विद्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैङ्क, चल्ती खाता नम्बर १०२००२३२३४१ मा एकमुष्ट दाखिला गरेको सक्कल भौचर पेस गर्नुपर्ने छ ।

५. दर्ता हुन आएका सिलबन्दी तथा अनलाइनमा दर्ता भएका बोलपत्र फाराम ३६ औँ दिन दिनको ३.०० बजे यस कार्यालयमा नियमपूर्वक खोलिने छ ।

६. बोलपत्र फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा बिदापछिको कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्य हुने छ ।

७. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विद्यालयमा सुरक्षित रहने छ ।

८. रित नपुगेका र म्याद नाघिआएका बोलपत्रउपर कुनै कारबाही गरिने छैन ।

९. बोलपत्रसम्बन्धी अन्य सर्त बोलपत्र फाराममा उल्लेख गरेबमोजिम हुने छन् ।

१०. अन्य कार्यविधि नेपाल सरकारका आर्थिक प्रशासनसम्बन्धी ऐन तथा नियमावलीअनुसार हुने छ ।

११. थप जानकारीका लागि यस विद्यालयको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

प्रधानाध्यापक

१९. दिइएका कार्यालयमा प्रयोग हुने टिप्पणी र आदेशको नमुना पढ्नुहोस् र तपाईं कुनै कार्यालयमा गई टिप्पणी र आदेशका थप नमुना खोजेर ल्याई त्यहीअनुसार टिप्पणी लेख्ने अभ्यास गर्नुहोस् :

पूर्वाधार विकास कार्यालय

पोखरा महानगरपालिका, कास्की

मिति २०८०/०७/१०

टिप्पणी र आदेश

श्रीमान् कार्यालय प्रमुख

............................

................................

विषय : दरभाउपत्र स्वीकृति सम्बन्धमा ।

यस कार्यालयको स्वीकृत कार्यक्रमअनुसार पोखरा महानगरपालिका, कास्की वडा न. १० अन्तर्गतका सडक ग्राभेल तथा ह्युम पाइप निर्माण गर्नुपर्ने सन्दर्भ जानकारीका लागि अनुरोध छ । यस कार्यालयको मौजुदा सूचीमा रहेका निर्माण कम्पनीबाट सात दिनभित्र दररेट पेस गर्न यस कार्यालयको मिति २०८०/०७/०३ गतेको पत्रबाट माग गरिएबमोजिम सात दिनको अवधिभित्र यस कार्यालयमा तपसिलअनुसारका दरभाउपत्र पेस भएको पाइयो ।

तपसिल

| सि.न. | निर्माण कम्पनीको नाम | लागत अनुमान | पेस गरेको कबोल अङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | स्वप्निल निर्माण समिति, पोमनपा १३ | १३,००,०००।- | १२,५०,०००/- | -३.८४% |
| २. | सयपत्री निर्माण कम्पनी, पोमनपा ९ | १३,००,०००।- | १२,६५,०००/- | -२.६९% |
| ३. | मिलीजुली निर्माण सेवा, पोमनपा ११ | १३,००,०००।- | १२,४५,०००/- | -४.२३% |

माथि पेस भएका निर्माण कम्पनीहरूको तुलनात्मक अध्ययन गर्दा सबैभन्दा कम कवोल अङ्क प्रस्ताव गर्ने मिलीजुली निर्माण सेवा, पोखरा महानगरपालिका ११ ले उक्त निर्माण कार्य रु. १२,४५,०००।- (अक्षरेपि बाह्र लाख पैंतालिस हजार मात्र) मा सम्पन्न गर्नेगरी पेस गरेको र उक्त अङ्क लगत इस्टिमेट रु १३,००,०००।- (अक्षरेपि तेर लाख मात्र) (मूल्य अभिवृद्धि करसमेत) भन्दा ४.२३% घटी रहेकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५

को उपनियम (१) बमोजिम दरभाउ पत्र स्वीकृत गरी उक्त निर्माण कम्पनीलाई माथि उल्लेख भएबमोमि निर्माण कार्य सम्पन्न गर्ने गरी कार्यादेश दिन मनासिब देखिएकाले आवश्यक निर्णायार्थ पेस गरेको छु ।

पेस गर्ने

हस्ताक्षर .......

सम्पूर्ण गौतम

शाखा अधिकृत

निर्णय तथा आदेश

पेस हुन आएको टिप्पणी मनासिब देखिएकाले टिप्पणीमा उल्लेख भएअनुसार दरभाउ पत्र स्वीकृत गरी निर्माण कार्य सम्पन्न गर्नका लागि कार्यादेश दिइएको छ ।

हस्ताक्षर ..............

डा. कवीन्द्र श्रेष्ठ

मिति : २०८०/०७/११

कार्यालय प्रमुख

२०. दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपी एक तिहाइमा नबढ्ने गरी सारांश लेख्नुहोस् :

वर्तमान युग विज्ञान र प्रविधिको युग हो । विज्ञानले विविध क्षेत्रमा गरेको प्रगतिले वर्तमान युग सुविधायुक्त बन्न पुगेको छ । टेलिफोनको आविष्कारले गर्दा संसारका कुना कुनामा तुरून्तै सम्पर्क गरी दोहोरो कुराकानी गर्न सम्भव भएको छ । रेडियो र टेलिभिजनका माध्यमबाट विश्वमा घटेका विभिन्न घटनाहरूका बारेमा घरैमा बसी बसी समाचार सुन्न र हेर्न सक्ने सुविधा सबैलाई उपलब्ध भएको छ । यसै गरी रेल, मोटर, पानीजहाज, हवाईजहाज जस्ता यातायातका साधनहरूले टाढा टाढाको गन्तव्यलाई पनि सुगम तुल्याइदिएका छन् । वैज्ञानिक क्षेत्रमा भएको आशातीत प्रगतिले गर्दा घरायसी कामदेखि लिएर कृषि, उद्योग, वाणिज्य आदि क्षेत्रमा मानवीय जीवनपद्धति सुखी, सम्पन्न र सुविधायुक्त बन्न पुगेको छ । मानिसले आर्जन गरेको अभूतपूर्व ज्ञान, निरन्तर कडा मिहिनेत र अनुसन्धानको परिणाम स्वरूप 'यन्त्रमानव' आविष्कार गर्ने महो्वपूर्ण कार्यमा समेत सफलता प्राप्त भएको छ । यन्त्रमानव भनेको मानिसले जस्तै काम गर्न सक्ने एउटा स्वचालित यन्त्र हो । यसले मानिसलाई वैज्ञानिक, औद्योगिक, घरायसी आदि विविध क्षेत्रमा सघाउने काम गर्छ ।

## भाषातत्त्व

### वाक्य र यसका प्रकार : वाक्यको पहिचान

१. पढ्नुहोस् र बुझ्नुहोस् :

| सरल वाक्य | जटिल वाक्य |
|---|---|
| कल्पना पोखरा जान्छिन् ।<br>कल्पना चमेरे गुफा घुम्छिन् । | जहिले कल्पना पोखरा जान्छिन् तहिले चमेरे गुफा घुम्छिन् । (मिश्र वाक्य)<br>कल्पना पोखरा जान्छिन् र चमेरे गुफा घुम्छिन् । (संयुक्त वाक्य) |
| उमेश हँसिलो छ ।<br>सबैले उसलाई मन पराउँछन् । | जुन उमेश हँसिलो छ त्यसलाई सबैले मन पराउँछन् । (मिश्र वाक्य)<br>उमेश हँसिलो छ त्यसैले सबैले उसलाई मन पराउँछन् । (संयुक्त वाक्य) |

माथिका सरल वाक्यमा एउटा कर्ता र एउटा क्रियापद प्रयोग भएका छन् । मिश्र र संयुक्त वाक्यमा दुई दुईओटा कर्ता र क्रियापद प्रयोग भएका छन् । दुई दुईओटा कर्ता र क्रियापद प्रयोग भएका अलग अलग वाक्यलाई संयोजकले जोडिन्छ । मिश्र र संयुक्त वाक्यलाई जटिल वाक्य भनिन्छ ।

(क) सरल वाक्य

मनमोहन कथा पढेर मात्र निष्कर्ष सुनाउँछ ।

श्यामलाल घर आएर एकछिन फुटबल खेली गृहकार्य गर्न बस्छ ।

उनीहरू साथीको विवाहमा जन्त गई बेहुली लिएर आएपछि मात्र भोज खान्छन् ।

माथि दिइएका वाक्यमा एउटा मात्र कर्ता र एउटा मात्र समापिका क्रिया रहेका छन् । एउटा मात्र कर्ता र एउटा मात्र समापिका क्रिया भएको सरल वाक्य हुने भएकाले माथिका सबै सरल वाक्य हुन् ।

(ख) मिश्र वाक्य

जब हावा चल्यो तब जाडो भयो ।

जुन शिक्षकले राम्ररी पढाउनुहुन्छ ती शिक्षकलाई विद्यार्थीले कहिल्यै बिर्सिँदैनन् ।

राम्रो पढ्यौ भने सफल हुन्छौ ।

माथिका वाक्यमा दुईओटा कर्ता र दुईओटा समापिका क्रियापद छन् । त्यस्तै दुईओटा वाक्यलाई सापेक्ष संयोजकले जोडेर एउटै वाक्य बनाइएको छ । सापेक्ष संयोजकले जोडेपछि पहिलो वाक्यमा 'जाडो भयो' मुख्य उपवाक्य र 'हावा चल्यो' अधीन उपवाक्य बन्न पुगेका छन् । अत: जहाँ–त्यहाँ, जब–तब, जति–त्यति, जसरी–त्यसरी, यदि–भने, जसले–उसले, जसो–तसो, जसै–त्यसै, जहिले–त्यहिले, जो–त्यो, जता–त्यता, जस्तो–त्यस्तो, जुन–त्यो/त्यस, यद्यपि-तापनि, यदि-भने, भनी, भनेर, भन्ने आदि सापेक्ष संयोजक हुन् ।

(ग) संयुक्त वाक्य

| |
|---|
| रमिला मिहिनेती छिन् तर प्रमिला अल्छी छिन् । |
| तिमी घर गयौ किनभने खेल खेलेर साह्रै थाकेका थियौ । |
| आज निकै गर्मी छ तथापि मैले पसल खोल्नैपर्छ । |

माथिका वाक्यमा दुईओटा कर्ता र दुईओटा समापिका क्रियापद छन् । त्यस्तै दुईओटा वाक्यलाई निरपेक्ष संयोजकले जोडेर एउटै वाक्य बनाइएको छ । निरपेक्ष संयोजकले जोडेपछि पनि पहिलो वाक्यका 'रमिला मिहिनेती छिन् ।' र 'प्रमिला अल्छी छिन् ।' वाक्य स्वतन्त्र वा मुख्य उपवाक्य बन्न पुगेका छन् । अत: र, तर, अथवा, वा, अनि, नत्र, अर्थात्, त्यसैले, पनि, यसकारण, त्यसकारण, किन्तु, परन्तु, यसर्थ, तसर्थ, तथा, एवम्, या, अन्यथा, तथापि, तापनि, न–न, कि–कि आदि निरपेक्ष संयोजक हुन् ।

२. उदाहरण हेरी दिइएको निर्देशनका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

| | |
|---|---|
| खेतमा पानी लाग्दैन । खेतमा बाली राम्रो हुँदैन । | |
| सरल वाक्य : | खेतमा पानी नलाग्दा बाली राम्रो हुँदैन । |
| मिश्रवाक्य : | जुन खेतमा पानी लाग्दैन, त्यहाँ बाली राम्रो हुँदैन । |
| संयुक्त वाक्य : | खेतमा पानी लाग्दैन त्यसैले बाली राम्रो हुँदैन । |

(क) उसले परिश्रम गऱ्यो । उसले मिठो फल पायो । (संयुक्त वाक्य)

(ख) किताब बजारमा आयो । म किताब पढ्छु । (मिश्र वाक्य)

(ग) वातावरण प्रदूषण बढ्छ । महामारीको खतरा हुन्छ । (संयुक्त वाक्य)

(घ) नेपाल सुन्दर छ । संसारलाई थाहा छ । (सरल वाक्य)

(ङ) पानी पऱ्यो । बाटो हिलो भयो । (मिश्र वाक्य)

(च) उसले मह काढ्यो । उसले हात चाट्यो । (संयुक्त वाक्य)

३. तल दिइएका जटिल वाक्यलाई दुईओटा सरल वाक्य बनाउनुहोस् :

(क) जुन औषधी तितो छ, त्यो हितकारी छ ।

(ख) तिमी विद्यालय जाऊ र राम्ररी पढ ।

(ग) बिरामी परियो भने शरीर कमजोर हुन्छ ।

(घ) म नुहाएर कपडा फेर्छु अनि पूजामा बस्छु ।

(ङ) जुन गोरुको सिङ छैन, त्यसको नाम तिखे हुन्छ ।

४. तल दिइएका चारओटा जटिल वाक्यलाई आठओटा सरल वाक्य बनाउनुहोस् :

तपाईँलाई सूर्योदयको दृश्य हेर्न मन छ भने नगरकोट जानुहोस् । नगरकोटबाट सूर्योदय राम्ररी हेर्न पाइन्छ भने वरपरको दृश्य पनि देखिन्छ । जुन मानिसले नगरकोटको भ्रमण गर्छ उसले सूर्योदयको दृश्य हत्तपत्त बिर्सिँदैन । नगरकोटले पर्यटन व्यवसाय बढाएको छ र स्थानीयको आयआर्जनको बाटो पनि खुलाएको छ ।

५. तल दिइएका आठओटा सरल वाक्यलाई चारओटा जटिल वाक्य बनाउनुहोस् :

लतमाया भात पकाउँदै थिइन् । हर्षनारान खुसी हुँदै भरेङ उक्लिँदै थिए । हर्षनारान बुइँगलमा आइपुगे । हर्षनारान बेस्सरी हाँसे । हर्षनारानको हाँसो घरभरि गुन्जियो । लतमाया छक्क परिन् । शिवनारान त्यहाँ थिएनन् । पुननारान पनि काम गर्न गएका थिए ।

६. मिश्र वाक्यको प्रयोग गरी पाँच वाक्यमा तपाईँले एक दिनअघि गरेका कामको बयान गर्नुहोस् ।

७. संयुक्त वाक्यको प्रयोग गरी पाँच वाक्यमा आफ्नो मिल्ने साथीको परिचय दिनुहोस् ।

## वर्णविन्यास :

### 'य' र 'ए'को प्रयोग

८. पढ्नुहोस् र बुझ्नुहोस् :

(क) 'य' प्रयोग हुने अवस्था :

(अ) सर्वनाम र सर्वनामबाट बनेका शब्द : यो, त्यो, यी, यस्तो, यति, त्यहाँ, यहीँ आदि

(आ) केही सामान्य भूत कालीन क्रियापद : दियो, लियो, भन्यो, खायो, भयो, भयौँ, आयौ, आदि

(इ) केही व्युत्पन्न शब्द : कमैया, भरिया, ठट्यौली, जहानियाँ, सहरिया आदि

(ई) केही आगन्तुक शब्द : गयल, गायब, यकिन, पयर, सजाय, टायर, टायम आदि

(उ) केही तत्सम शब्द : यन्त्र, वायु, युवा, प्रत्येक, प्रणेय, यज्ञ, यम, यक्ष, याचना, यात्रा, योजना आदि ।

(ख) 'ए' प्रयोग हुने अवस्था :

(अ) भूतकालका पहिलो र तेस्रो पुरुषका क्रियापद : थिएँ, आएँ, दिएँ, गए, दिए, खाए आदि

(आ) एर, एको, एका, एकी प्रत्यय लागेर बनेका शब्द : आएर, लिएको, पाएका, खाएर, दिएकी, सिएकी आदि

(इ) अज्ञात भूतकालको क्रियापद : आएछु, गएछ, पाएनछ, दिएछन् आदि

(ई) इच्छार्थ क्रियापद : गएस्, रोएस्, हँसाएस्, लिएस् आदि

(उ) 'एक' शब्दबाट बनेका शब्द : एक, एघार, एक्काइस, एकासी आदि

(ऊ) केही आगन्तुक शब्द : एकड, एक्सरे, एयर, एसिड, एभरेस्ट आदि

(ए) केही तत्सम शब्द : एतत्, एकीकृत, एवम् आदि ।

९. दिइएको अनुच्छेदबाट 'ए' र 'य' को प्रयोग भएका शब्दको अलग अलग सूची बनाउनुहोस् :

अहिले प्रदूषण व्यक्तिगत र राष्ट्रिय मात्र नभएर विश्वकै समस्या बनेको छ । मूलत: सवारी साधन, कलकारखाना र विभिन्न समयमा हुने आगलागीबाट उत्सर्जन हुने गरेको कार्बन डाइअक्साइड नै प्रदूषणको प्रमुख कारक बनेको देखिएको छ । यसैले अहिले हरेक देशले प्रदूषणका यी कारणलाई मध्यनजर राखी यसको समाधानमा अग्रसर हुनुपरेको छ । यसका लागि पेट्रोल र डिजलबाट चल्ने सवारी साधनका सट्टामा विद्युतीय सवारी साधनको प्रयोग गर्न अग्रसर हुनुपर्ने देखिन्छ ।

१०. 'य' र 'ए' को प्रयोग भएका शब्दलाई अलग अलग सूचीमा देखाउनुहोस् :

एकता, एकाग्र, यस्तो, पद्य, रमणीय, कर्तव्य, यस, त्यस, एकादशी, योग्य, पेय, शिष्य, दृश्य, बयर, घायल, टायम, डायरी, डायल, कायल, मध्ये, हास्य, एक, वायु, अनुयायी, एघार, एकतिस, एकाउन्न, यही, यसो, गए, कार्य, वाक्य, गद्य, धैर्य, जय, वाणिज्य, सौर्य, सौन्दर्य, राष्ट्रिय, एकान्त, लाएँ, लायौँ, खाएँ, देखाएँ, पढायौँ, पढाएँ, दिएँ, मुख्य, मनुष्य, लिए, दिएर, एकचालिस, एकान्त, एकसरो, हिमालय, यता, यति, त्यस्तो, जलमय, अन्नमय, यज्ञ, भय, भए, गए, खाए, आए

११. शुद्ध गरी वाक्य पुनर्लेखन गर्नुहोस् :

भोजपुर जिल्लाको नेपाले डाँडाको सिम्ले भन्ने सानो गाउँमा जन्मेर देश विदेशको एात्रा तए गर्दै विद्यमान कुरीति, महिला विभेद र जातीए कुरीतिका विरुद्ध बोल्ने प्रखर महिलाका रूपमा चिनिन्छिन् । विद्यालयीए शिक्षाको अवसर नपायर पनि स्वअनुभव र स्वसिकाइका माध्यमबाट अध्एात्म, मानवता र सामाजिक सांस्कृतिक परिवर्तनको पक्षमा आवाज उठाउने ऐागमायालाई नेपाली समाजमा प्रेरणादायी महिलाका रूपमा लिने गरिन्छ । जीवनमा काम, क्रोध, लोभ मोहबाट मुक्त भई वैराग्यलाई अँगालेर विद्रोहको नयाँ शैलीलाई अपनाउने ऐागमाया नेपाली समाजकी यक्ली महिला हुन् । विद्रोहको अग्नि समाधि र जल समाधिको त्यो शैली वर्तमान समएमा उपयुक्त नभय पनि तत्कालीन राणा शासनको विरुद्धमा गरियको आन्दोलनको यउटा स्वरूप थियो ।

## सिर्जना/परियोजना

१. नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग, कार्यालयका वेबसाइट हेर्नुहोस् र तिनमा प्रकाशित सूचना, विज्ञापन, बोलपत्र, करारनामाको नमुना सङ्कलन गर्नुहोस् ।

पाठ ५

# एक चिहान (उपन्यास)

- *हृदयचन्द्रसिंह प्रधान*

परिचय

आधुनिक नेपाली उपन्यासकार हृदयचन्द्रसिंह प्रधान (१९७२-२०१६) बहुमुखी प्रतिभाका धनी मानिन्छन् । उनले उपन्यास, एकाङ्की, निबन्ध, कथा, समालोचना र व्याकरण आदि विधाहरूमा कलम चलाएका छन् । उनका 'स्वास्नीमान्छे' (२०११) र 'एक चिहान' (२०१७) नामका दुई उपन्यास प्रकाशित छन् । सामाजिक परिवर्तनका संवाहक प्रधानले नेपाली समाजमा वर्गीय चिन्तनलाई भित्र्याएका छन् । क्रान्तिकारी तथा विद्रोही स्वर भएका सामाजिक यथार्थवादी उपन्यासकार प्रधानका उपन्यासमा आलोचनात्मक यथार्थवादका छनकहरू पाइन्छन् । उनी वर्गीय तथा जातीय विभेदको अन्त्य गरी समतामूलक समृद्ध समाजका परिकल्पना गर्ने लेखकका रूपमा चिनिन्छन् ।

'एक चिहान' काठमाडौँ उपत्यकाको एउटा नेवार परिवारभित्रको मुख्य घटनालाई पृष्ठभूमि बनाइएको उपन्यास हो । यसमा काठमाडौँ उपत्यकाको तत्कालीन कृषि परम्परालाई समेत प्रस्तुत गरिएको छ । यसको कथानक एउटा गरिब नेवार परिवारबाट प्रारम्भ हुन्छ अर्थात् अष्टनारान जस्ता काठमाडौँमा किसान काम गर्ने इमानदार तथा कर्तव्यपरायण व्यक्तिको घरबाट थालनी हुन्छ । जम्मा ३१ अनुच्छेद वा विश्राम रहेको यस उपन्यासको प्रारम्भिक चरणमा अष्टनारान बिरामी अवस्थामा देखा पर्छन् । उनी आफू डाँडापारिको घाम हुन लागेकाले उपचार नगर्न परिवारलाई निर्देशन दिन्छन् । परिवारका सदस्यहरू सुरुमा स्थानीय झारफुकमा विश्वास गर्दै धामीझाँक्री र वैद्यबाट उपचार गराउँछन् तर रोग निको हुँदैन । उनले आफू मरेपछि गरिने काजकिरियाका लागि केही रकम लुकाएर राखेका हुन्छन् । त्यो रकम खर्च नगर्न निर्देशन दिन्छन् तर परिवारका सदस्यहरू उपचार नगरी बस्न सक्दैनन् । त्यही रकमले उपचार गराउने उद्देश्यका साथ डा.गोदत्तप्रसादलाई बोलाइन्छ । सुरुमा पैसाको लोभले उपचार थालेको डाक्टर पछि नानीथकुँको जवानीमा लोभिन्छ । उपचारका क्रममा परिवारको रूपैयाँ त सकिन्छ नै अष्टनारानको समेत मृत्यु हुन पुग्छ ।

अष्टनारानको परिवारमा देखिएका विविध समस्यालाई प्रस्तुत गर्दै विपत्तिको समयमा पनि रमिते बनेर हेर्ने हाम्रो समाजको वास्तविक यथार्थतालाई यस उपन्यासले उदाङ्गो पारेको छ । देखावटी शोक र समवेदना प्रकट गर्ने स्वार्थी र आडम्बरी व्यक्तिहरूकै कारण समाज परिवर्तन हुन नसकेको अवस्थालाई देखाएको छ । आफ्नो पेसा र मर्यादाभन्दा भिन्न विलासी या भोगवादी प्रवृत्ति भएका व्यक्तिहरूकै कारण निमुखा वर्ग सधैँ पछाडि परेको घटनालाई खुलस्त पारेको छ । नारीलाई भोग्या स्त्रीका रूपमा मात्र स्विकार्ने चाहने पितृसत्तात्मक राज्यको वास्तविकतालाई पनि यस उपन्यासमा सङ्केत गर्न खोजिएको छ । साथै सामन्ती वर्गको स्वार्थबाट समाजका निम्न वर्गले भोग्नुपरेको पीडाप्रति सहानुभूति प्रकट गरिएको छ । शोषण, परम्परागत अन्धविश्वास तथा सामाजिक सांस्कृतिक विकृतिप्रति अष्टनारानको परिवारका तर्फबाट खुलेर असन्तुष्टि जनाइएको छ । त्यसैगरी आर्थिक दृष्टिकोणबाट पिछडिएका गरिब परिवारको समस्या र दुर्दशालाई मार्मिक

ढङ्गबाट देखाइएको छ । त्यस्तै नारी स्वतन्त्रताको पक्षमा वकालत गरिएको यस उपन्यासमा जातीय एकता, कृषिप्रधान मुलुकको महत्त्व र प्राकृतिक प्रकोपले पारेको भयावह अवस्थालाई पनि देखाउन खोजिएको छ । यसमा अन्तर्जातीय विवाह र स्वैच्छिक प्रेमसम्बन्धको समेत समर्थन पाइन्छ । समग्रमा प्रजातन्त्रको उदयपश्चात् नेपाली समाजमा रहेको शोषण, दमन र अत्याचारका विरुद्धमा समाज एकजुट हुन नसकेको अवस्थालाई देखाउँदै काठमाडौँ उपत्यकाभित्रको निम्नवर्गीय किसान परिवारले प्राकृतिक प्रकोपसमेतबाट पिरोलिनुपरेको वास्तविकतालाई छर्लङ्ग पार्नु नै यस उपन्यासको मुख्य विषय रहेको छ ।

### सिकाइ उपलब्धि

(क) पाठमा प्रयुक्त कठिन शब्दको अर्थ भन्न र वाक्यमा प्रयोग गर्न

(ख) पाठलाई गति र यति मिलाई सस्वर वाचन गर्न

(ग) उपन्यासको सङ्क्षिप्त भाव बुझ्न र व्यक्त गर्न

(घ) पाठका महत्त्वपूर्ण अंशको व्याख्या गर्न

(ङ) औपन्यासिक घटनाक्रमको वर्णन गर्न

(च) पाठका सङ्क्षिप्त, विवेचनात्मक तथा प्रतिक्रियामूलक प्रश्नको उत्तर दिन

(छ) पाठ्यांशका आधारमा भाषातत्त्वको अभ्यास गर्न

(ज) निर्दिष्ट विधा र विषयमा सिर्जनात्मक लेखन गर्न ।

### शब्दार्थ

*रुजु* : *कुनै कुरा ठिक छ कि छैन भनी जाँच्ने काम*

*कविराज* : *आयुर्वेदिक उपचार गर्ने चिकित्सकको एक उपाधि*

*पेस्की* : *काम पूरा हुनु पहिले दिइने रकम*

*अकर्मण्य* : *निस्क्रिय, केही पनि काम नगर्ने*

*तल्सिङ* : *मोहीलाई जग्गा कमाउन दिने व्यक्ति*

*समवेदना* : *उस्तै दुखको अनुभव*

*निर्दयी* : *दया नभएको*

*मुराद* : *भित्री आशय*

*सान्त्वना* : *आश्वासन*

*दागबत्ती* : *शवका मुखमा बत्ती राख्ने काम*

*कृतज्ञता* : *अरूले गरेको गुनप्रति धन्यवाद दिने भाव*

*हर्थुङ्गा : हातको नाडीदेखि औँलाको टुप्पासम्मको भाग*

*गुभाजु : नेवार जातिको पुरोहित*

*उघाड : बाँकी बचेको*

*बिचा : सान्त्वना*

*डल्लेठो : डल्ला फोर्ने काठको हतियार*

*खर्पन : नोलका दुबै छेउमा भाँडा झुन्ड्याई मालसामान बोक्ने साधन*

*क्वेना : नेवारको एक जात*

*फोने : मगनीबिना आफैँ दिन खोज्नु*

*माचाछ्री : छोराछोरी लोग्नेस्वास्नी भएको परिवार*

*नङ्के : कहिल्यै नपाएको कुरा पाउनु*

## उपन्यासको सार

'एक चिहान' (२०१७) काठमाडौँ उपत्यकाको एउटा नेवार परिवारभित्रको मुख्य घटनालाई पृष्ठभूमि बनाएर लेखिएको उपन्यास हो । जम्मा ३१ अनुच्छेदमा संरचित यस उपन्यासको प्रारम्भिक घटना अष्टनारान बिरामी भएको प्रसङ्गबाट सुरु हुन्छ । घरका ज्येष्ठ सदस्य उनी बिरामी अवस्थामा रहेका छन् । आफू डाँडापारिको घाम हुन लागेकाले आफूलाई उपचार नगर्न परिवारलाई निर्देशन दिन्छन् । परिवारका सदस्यहरू सुरुमा स्थानीय झारफुकमा विश्वास गर्दै धामीझाँक्री र वैद्यबाट उपचार गराउँछन् तर रोग निको हुँदैन । उनले आफू मरेपछि गरिने काजकिरियाका लागि केही रकम लुकाएर राखेका हुन्छन् । त्यसैले उनी त्यो रकम खर्च नगर्न निर्देशन दिन्छन् तर परिवारका सदस्य अर्थात् लतमायालगायतका व्यक्ति उपचार नगरी बस्न सक्दैनन् । त्यही रकमले उपचार गराउने उद्देश्यका साथ डा.गोदत्तप्रसादलाई घरमा बोलाइन्छ । मानवीय भावना नभएको तर पैसाको लोभी डा.गोदत्तप्रसादले उनको उपचार थाल्छ । त्यसै क्रममा अष्टनारानका घरमा जवान नानीथकुँलाई देखेपछि डाक्टर लोभिँदै जान्छ । ऊ केही समयपछिदेखि निःशुल्क उपचार गर्न थाल्छ तर अष्टनारानलाई बचाउन सक्दैन र उनको मृत्यु हुन्छ ।

अष्टनारानको मृत्युपछि उनको काजकिरिया सकिन्छ । परिवारका सदस्यहरू आआफ्नो काममा लाग्छन् । शिवनारान खेतीपातीमा व्यस्त हुन्छ । नानीथकुँ र उसकी आमा लतामाया घरमा बसेर गुन्द्री आदि बुन्छन् । डा.गोदत्तप्रसाद मौका हेरी नानीथकुँलाई आफ्नो वशमा पार्न अनेकौँ प्रलोभन देखाउँछ । नानीथकुँमाथि यौनशोषणको प्रयास गर्छ । नानीथकुँ पनि उसको प्रलोभनमा परेर डा.गोदत्तप्रसादसँग हिमचिम बढाउँछिन् । यो कुरा बिस्तारै फैलिँदै जान्छ । हाकुमायाले थाहा पाएर नानीथकुँलाई सम्झाउँछिन् । डा.गोदत्तप्रसादकी श्रीमती रञ्जनाले समेत नानीथकुँलाई घरमा बोलाएर राम्ररी सम्झाउँछिन् तर उनीहरूका बिचको सम्बन्ध अझ प्रगाढ हुँदै जान्छ । एक दिन शिवनारानले डा.गोदत्तप्रसादलाई आफ्नो घरमा नआउन र नानीथकुँलाई प्रलोभनमा नपार्न धम्की दिन्छन् । त्यसैबिच अष्टनारान परिवारको तल्सिङ सुब्बा सुरमानले पनि नानीथकुँलाई फकाउने

भित्री उद्देश्यका साथ रामबहादुरमार्फत विदेशी तान किनेर लतामायाको घरमा पठाइदिन्छ । रामबहादुर गएर नानीथकुँलाई सुरमानले विवाह गर्न चाहेको कुरा बताउँछ । शिवनारान त्यस्तो कुरा सोभ्कै अस्वीकार गर्छन् । त्यसपछि घरमा कान्छो भाइ हर्षनारानको बिहे सकिन्छ र नानीथकुँको मात्र बिहे बाँकी रहन्छ । आखिरमा शिवनारान आफैँ तराई क्षेत्रका एक युवक रामखेलावन रावतलाई खोजेर विवाह गरिदिन्छन् ।

बिस्तारै वर्षायामले छोप्न थाल्छ । शिवनारानको परिवार खेतकै बिचमा सानो टहरा बनाएर आफ्नो चार जनाको परिवारका साथ त्यतै बस्न थाल्छन् । पानी पर्न थालेपछि बिस्तारै सारा जमिन डुबाउन थाल्छ । हेर्दाहेर्दै बाढी आउँछ र बाढीले राती नै शिवनारानको परिवारलाई बगाएर लैजान्छ । परिवारका चारै जना सदस्य एउटै चिहान हुन्छन् । भोलिपल्ट उनीहरूको लास लिन कोही आउँदैनन् किनभने पुरानो घरमा सुतिरहेका लतमायालगायत अन्य सदस्य समेतको राति नै घरले थिचेर मृत्यु भइसकेको हुन्छ । यहीँ नै कथानकको अन्त्य हुन्छ ।

उपन्यासको मूल घटना काठमाडौँ उपत्यकाको सेरोफेरोमा केन्द्रित छ । बहत्तर घन्टे घनघोर वर्षाले थोत्रो घर भत्किन गई त्यसैले किचिएर किसान ज्यापू अष्टनारानका सम्पूर्ण परिवारहरू एकै चिहान भएर मरेको दुःखान्त दुर्घटनामा आधारित यस घटनाले गरिब किसानको वास्तविक जीवनलाई यथार्थ रूपमा प्रस्तुत गरेको छ । आर्थिक विसङ्गतिका विरुद्ध जतिसुकै सङ्घर्ष गरे पनि वर्षा, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपको सिकार गरिबहरू नै हुन पुग्छन् । यस देशका किसानले बलियो किसिमबाट वासस्थानसम्म बनाउन सकिरहेका छैनन् र उनीहरू प्राकृतिक प्रकोपको मार खान विवश छन्। सम्पन्न वर्गका लागि खेतमा अन्न उब्जाइदिने र उनीहरूका पक्की महलहरू बनाउन श्रम खर्चिने गरिब किसानको यस्तो दुर्दशापूर्ण स्थितिको सिर्जना कृषिप्रधान देश नेपालका लागि दुर्भाग्यपूर्ण मान्नुपर्छ। वास्तवमा किसानको मरण सहज र स्वाभाविक नभएर अस्वाभाविक हुने गर्छ । एउटा न एउटा आकस्मिक दुर्घटनाले गरिबको जीवन ध्वस्त पारिदिन्छ। आर्थिक विकृति र विसङ्गतिका विरुद्ध सङ्घर्ष गर्ने किसानको नियति यस्तै किसिमको रहेको छ । जबसम्म किसानको आर्थिक जीवनस्तरमा सुधार आउँदैन तबसम्म उनीहरूले यस्ता दुःखद अवस्था भोगिरहनुपर्ने अवस्था छ। राणाकालको अन्त्य भए पनि अझै शोषकीय प्रवृत्तिले समाजमा जरा गाडेर बसेको छ । समाजमा विद्यमान यस्ता किसिमका शोषणलाई समाप्त गर्न सके किसानको जीवनमा सुधार आउने कुरामा कत्ति पनि आशङ्का हुने छैन ।

## शब्दभण्डार

१. शब्द र अर्थका बिचमा जोडा मिलाउनुहोस्

| शब्द | अर्थ |
|---|---|
| पेस्की | केही पनि काम नगर्ने, निस्क्रिय |
| तल्सिङ | शवका मुखमा राख्ने बत्ती |
| निर्दयी | आयुर्वेदिक उपचार गर्ने चिकित्सकको एक उपाधि |
| अकर्मण्य | काम पूरा हुनु पहिले दिइने रकम |

सान्त्वना	भित्री आशय

कृतज्ञता	दया नभएको

मोहीलाई जग्गा कमाउन दिने व्यक्ति, जग्गाधनी

अरूले गरेको गुनप्रति धन्यवाद दिने भाव आश्वासन,

ढाडस

२. दिइएका शब्दको उस्तै अर्थ दिने शब्द पहिचान गरी लेख्नुहोस् :

उपचार, पेटपालो, मन्त्रोपदेश, बोली, गुजारा, निधन, मौन, चुप, फजिती, मुस्किल, साबगास

३. वाक्यमा प्रयोग गर्नुहोस् :

मुराद, सान्त्वना, दागबत्ती, कृतज्ञता, हर्थुङ्गा, गुभाजु

४. दिइएका अनेकार्थक शब्दलाई फरक फरक अर्थ दिने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

*उदाहरण :* पेलेले जीवनमा धेरैपटक गोल हाने ।

: काँचो दाउरा पोलेर गोल बनाइन्छ ।

पाटी, पतुली, फल, माल, मधु, रस, तीर, तान, तर, पत्र, वर, साँचो, सुर, हार, जाली

५. दिइएका शब्दको श्रुतिसमभिन्नार्थक शब्द लेख्नुहोस् :

प्रदान, विष, दिन, शाला, तिर, गर्भ, पालि, यश, कोश, बालि, उपेक्षा, जाति,

६. दिइएका शब्दको समूहवाचक शब्द लेख्नुहोस् :

उदाहरण : कमिला -ताँती

माटो, मौरी, पैसा, बारुला, गाई, दाउरा, भजन, मानिस, मकै, पराल, सिपाही, मित्र, धुवाँ

७. दिइएका प्रतीकात्मक शब्दको अर्थ लेख्नुहोस् :

*उदाहरण :* नारद - कुरौटे

छेपारो, सुदामा, जुको, ब्वाँसो, आकाश, महाभारत, साधु, विदुर, युधिष्ठिर, शकुनि,

८. शब्दकोशको सहयोग लिई सिङ्गो शब्दको अर्थ लेख्नुहोस् :

उदाहरण : शाकाहारी - माछामासु नखाने,

दाइजो, शतक, सहस्राब्दी, सार्वभौम, थारो, लैनो, निराहार, सर्वभक्षी, कटुभाषी, अवर्णनीय, अव्यक्त, थाती

## बोध र अभिव्यक्ति

१. 'एक चिहान' उपन्यासको पहिलो परिच्छेदको पहिलो अनुच्छेद सस्वरवाचन गर्नुहोस् ।

२. उदाहरण हेरी तलका प्रश्नहरूको प्रतिक्रियात्मक उत्तर लेख्नुहोस् :

*उदाहरण :*

(क) प्रेम र विवाहका सम्बन्धमा शिवनारानले प्रस्तुत गरेको विचारप्रति तपाईंको प्रतिक्रिया के छ, 'एक चिहान' उपन्यासका आधारमा प्रतिक्रिया लेख्नुहोस् ।

उत्तर : आधुनिक नेपाली उपन्यासकार हृदयचन्द्रसिंह प्रधान (१९७२-२०१६) द्वारा लिखित 'एक चिहान ' (२०१७) प्रगतिवादी एवम् समस्यामूलक चर्चित उपन्यास' हो । यस उपन्यासमा काठमाडौँ उपत्यकामा रहेको एउटा नेवार परिवारलाई प्रतिनिधिका रूपमा उभ्याइएको छ । खासगरी तत्कालीन नेवारी समुदायको एउटा सानो घटना सन्दर्भ उठाएर पहाडे, मधेसी र उपत्यकाबासीबिच घनिष्ठतम सम्बन्ध विकास गर्नुपर्छ भन्ने चिन्तन अघि सार्दै प्रेम र विवाहको सन्दर्भलाई आधुनिक दृष्टिकोणबाट प्रस्तुत गरिएको छ । प्रेम र विवाहका सम्बन्धमा उपयुक्त किसिमले समयअनुसार स्वतन्त्रता दिइनुपर्ने धारणा व्यक्त गरिएको यस उपन्यासमा शिवनारानको प्रस्तुति अझ मर्मस्पर्शी छ ।

'एक चिहान' उपन्यासका केन्द्रीय पुरुष पात्र शिवनारान हुन् । उनी किसान परिवारका सदस्य पनि हुन् । उनले अष्टनारानको उत्तराधिकारीका रूपमा भूमिका निर्वाह गरेका छन् । अष्टनारान प्रगतिशील साहित्यकार हृदयचन्द्रसिंह प्रधानका मुख पात्रका रूपम प्रस्तुत भएका छन् । नेवार समुदायमा जन्मिएर कृषि पेसालाई अपनाए पनि अष्टनारानभित्र जातीय पारिवारिक सम्बन्ध र परम्परित रूढिवादी मान्यताप्रति विद्रोहको भावना उकुसमुकुस भएको छ । शिवनारान पनि अष्टनारानको मृत्युपछि आफ्ना बाबुकै विचारप्रति उत्तरदायी बनेका छन् । त्यसैले प्रेम र विवाहका सम्बन्धमा शिवनारानका विचारहरू बाबुकै जस्तो प्रगतिशील पाइन्छन् । उनले नानीथकुँको बिहेसँग गाँसिएका दुइटा प्रस्तावहरू सोझै अस्वीकार गरेका छन् । रञ्जनादेवीको श्रीमान् त्यस बेलाको प्रतिष्ठित डाक्टरको प्रस्तावलाई बिलकुलै सुन्न मानेका छैनन् । त्यसभन्दा पनि बढी तत्कालीन जमिनदार सुब्बा सुरमान बुढाको प्रस्ताव सुन्नासाथ उनी रिसले चुर भएका छन् । उनका विचारमा बहिनीले चाहेको ठाउँमा बिहे गर्न पाउँछे । उसले रोजेको केटो स्वीकार्य हुन्छ तर विवाहमा स्वतन्त्रता भए पनि कसैको श्रीमान् वा श्रीमती, प्रेमी वा प्रेमिकालगायत कुनै किसिमका सम्बन्ध हुनु हुँदैन । आमा लतमायाको बिहेसम्बन्धी मान्यताभैँ अन्तरजातीय विवाहका प्रसङ्गमा समेत शिवनारान उदार देखिन्छन् । पहाडे, मधेसी एक हुनुपर्छ भन्ने विचारप्रति उनको सहमति छ । आखिरमा त्यही उदार विचारका कारण शिवनारानले आफ्नी बहिनीको बिहे मधेस मूलका रामखेलावनसँग गराएका छन् ।

यसप्रकार प्रेममा स्वतन्त्रता छ तर कसैलाई असर पर्ने नातासँग गरिनु हुन्न भन्ने

शिवनारानको विचार देखिन्छ । त्यस्तै विवाहका लागि जुनसुकै जातजाति भए पनि उमेर र विचार मिल्दो व्यक्ति हुनुपर्ने कुरामा उनको सहमति छ । प्रेम वा विवाह जीवन निर्वाह गर्ने माध्यम हो । दुई व्यक्तिका बिचको आपसी सुमधुर सम्बन्धबाट नै जीवन सहज हुन्छ । कसैमाथि प्रेम गर्दा त्यस प्रेमले कसैको जीवनलाई असहज बनाउनु हुँदैन र अरूको प्रेम वा पारिवारिक सम्बन्धमा आँच आउन दिनु हुँदैन । शिवनारानको प्रेम र विवाहसम्बन्धी विचार पनि यही हो । वास्तवमा प्रेम र विवाहका सम्बन्धमा शिवनारानद्वारा प्रस्तुत गरिएका यस्ता विचारप्रति मेरो पूर्ण समर्थन रहेको छ ।

(ख) 'एक चिहान' उपन्यासको आदर्श पात्र को हो र किन ? कारणसहित लेख्नुहोस् ।

(ग) 'एक चिहान' उपन्यासको अन्त्य तपाईंलाई ठिक वा बेठिक कस्तो लाग्यो ? यदि तपाईं त्यसको लेखक हुनुभएको भए यसलाई कसरी अन्त्य गर्नुहुन्थ्यो, आनो प्रतिक्रिया लेख्नुहोस् ।

(घ) गरिबका जिन्दगीमा इच्छाले आँसु बोलाउँछ' यस भनाइका आधारमा निम्न वर्गका मान्छेहरूले भोगिरहेको अवस्थाबारे आफ्नो प्रतिक्रिया दिनुहोस् ।

(ङ) 'एक चिहान' उपन्यासको शीर्षक कसरी सार्थक हुन्छ, तर्कसहित पुष्टि गर्नुहोस् ।

३. उदाहरण हेरी तलका प्रश्नहरूको समीक्षात्मक उत्तर लेख्नुहोस् :

*उदाहरण*

(क) शिवनारानद्वारा प्रस्तुत 'किसानका सन्तानले आराम गर्नु पाप हो' भन्ने विचारप्रति समीक्षा गर्नुहोस् ।

उत्तर : सामाजिक यथार्थवादी तथा प्रगतिवादी उपन्यासकार हृदयचन्द्रसिंह प्रधान (१९७२-२०१६) द्वारा लिखित 'एक चिहान' उपन्यासका विविध पात्रहरूमध्ये शिवनारान प्रमुख पात्र हुन् । यस उपन्यासमा किसानका हरेक गतिविधिमाथि प्रकाश पारिएको छ । अष्टनारानका जेठा सुपुत्र शिवनारानले आफ्नो अभिव्यक्ति दिने सन्दर्भमा किसानले गर्ने काम कर्तव्यलाई दार्शनिक रूपमा प्रस्तुत गरेका छन् । शिवनारानको प्रस्तुत अभिव्यक्तिलाई नै आदर्श वाक्य मानेर यहाँ व्याख्या विवेचना गरिएको छ ।

किसान परिवारका सदस्य शिवनारानको खेतमा समयमै धान रोपिएको छ । नेपालभरि यति चाँडै कसैले रोपाइँनसकेका पनि हुन सक्छन् तर शिवनारानको खेतप्रतिको अनुराग र निरन्तरको क्रियाशीलताका कारण रोपाइँ सम्पन्न हुनु सुखद विषय मानिन्छ । किसान परिवारले आराम गर्नु हुन्न भन्ने उनको मान्यता रहेकाले पनि उनी दिनरात आफ्नो किसानी जीवनलाई सार्थक तुल्याउँदै आएका छन् । उनमा आफ्ना बुबा अष्टनारानमा रहेको आदर्शको गहिरो छाप छ । त्यसैले उनी पनि बुबाले झैँ किसानका आफ्नै किसिमका महत्त्वपूर्ण विशेषताहरू हुन्छन् भन्ने कुरामा विश्वस्त देखिन्छन् । उनी बुबाको कर्तव्यनिष्ठ पथमा अग्रसर भइरहने सक्रिय किसान परिवारका बफादार सदस्यका रूपमा देखा पर्छन् । यसपटक शिवनारानको परिवारले समयमै खेत रोपेको छ । शिवनारान आफू यस काममा निकै सक्रिय रहेका छन् । उनी दिनरात खेतमै काम

गरिरहन्छन् । उनलाई खेत फस्टाएको कुराले आनन्दित तुल्याएको छ । उनी यति धेरै सक्रिय बनेका छन् कि उनले बेला बेलामा आफ्नै हाकुमायालाई समेत काम छिटो गर्न आग्रह गर्दै आएका छन् । उनका विचारमा किसानका सन्तानले आराम गर्नु पाप हो । उनी त्यही सिद्धान्तका आधारमा आफ्नी श्रीमतीलाई निरन्तर खेतमा काम गरिरहन हौसला दिन्छन् । हो, किसानका परिवारले आरामलाई महत्त्व दिनु हुँदैन । सकेसम्म कामको मात्रालाई बढाएर अन्न उत्पादन गर्नुपर्छ । जति धेरै काम गरियो त्यति नै धेरै उत्पादन हुने भएकाले पनि किसानका सन्तानले आराम गर्नु भनेको पाप गर्नु नै हो । जहाँ बढी आराम हुन्छ त्यहाँ उत्पादन कम हुन्छ । त्यसैले पनि शिवनारानले आफ्नी श्रीमतीलाई छिटो छिटो काम गर्नका लागि अह्राउने गरेका छन् । शिवनारानको जुन विचार प्रस्तुत भएका छन्, वास्तवमा त्यसलाई हरेक किसानले महत्त्वका साथ स्वीकार गर्नु आवश्यक छ ।

बिनाश्रम र निरन्तरताबिना किसानले कहिल्यै सफलता हात पार्न सक्दैन । तसर्थ शिवनारानको भनाइ किसानहरूका लागि सहमति योग्य छ । वास्तवमा हरेक किसानहरूका लागि मूलमन्त्र भनेकै निरन्तर परिश्रम गर्नु हो । आराम र विश्रामले जमिन उर्वर बन्दैन । त्यसैले आराम गर्नु पाप हो भनिएको हो । शरीरमा एक थोपा रगत बाँकी रहन्जेल पसिनाका रूपमा खेतलाई सिञ्चन गर्न सक्नुपर्छ र किसानको मूल कर्तव्य पनि यही हो । अत: किसानका सन्तानले आराम गर्नु पाप हो भन्ने शिवनारानका विचारसँग म हृदयत: सहमत छु साथै हरेक किसान सहमत हुनु आवश्यक छ ।

(ख) डा. गोदत्तप्रसादका चारित्रिक विशेषतालाई कसरी प्रस्तुत गरिएको छ, समीक्षा गर्नुहोस् ।

(ग) 'एक चिहान' उपन्यासले नेपालको कुन क्षेत्र र वर्गलाई प्रतिनिधित्व गरेको छ ? उपन्यासका आधारमा समीक्षा गर्नुहोस् ।

(घ) 'एक चिहान' उपन्यासमा कस्तो समाजको चित्रण गरिएको छ, समीक्षा गर्नुहोस् ।

(ङ) 'एक चिहान' उपन्यासको मूलभाव वा सन्देश के हो, समीक्षा गर्नुहोस् ।

## भाषातत्त्व

### क्रियाको काल

१. पढ्नुहोस् र बुझ्नुहोस् :

कर्ताले गरेको कार्यव्यापारको समयलाई काल भनिन्छ । कुनै काम भएको, हुँदै गरेको वा पछि हुने घटनाको सङ्केत गर्ने पद काल हो । काल कार्यव्यापारको व्याकरणिक कोटि हो । क्रिया धातुबाट निर्मित हुन्छ । धातुमा लागेका कालबोधक प्रत्ययका आधारमा क्रियाका काल छुट्याइन्छ । वर्तमान व्याकरणहरू व्यतीत समयलाई भूत र बित्न बाँकी समयलाई अभूत गरी २ भागमा मात्र वर्गीकरण गरिएको छ ।

(क) भूत काल : कर्ताले गरेको कार्यव्यापार पहिले नै घटित भइसकेको अवस्था बुझाउने क्रियाको काललाई भूतकालिक क्रिया भनिन्छ । भूतकालिक क्रियाको सङ्केतका निम्ति धातु पछाडि विभिन्न रूपायक तत्त्वहरू जोडिएका हुन्छन् । जस्तै :

| कर्ता | धातु | भूतकालिक प्रत्यय | भूतकालिक क्रिया |
|---|---|---|---|
| म | गर् | एँ | गरेँ |
| हामी | खा | यौँ | खायौँ |
| तँ | बस् | इस् | बसिस् |
| तिमी/तिमीहरू | भन् | यौ | भन्यौ |
| तपाईं/हजुर | लेख् | नुभयो | लेख्नुभयो |
| यहाँ/वहाँ | लेख् | नुभयो | लेख्नुभयो |
| ऊ, यो, त्यो, राम | पढ् | यो | पढ्यो |
| उनी, यिनी, तिनी (पु.) | हाँ | ए | हाँसे |
| उनी, यिनी, तिनी (स्त्री.) | बोल् | इन् | बोलिन् |
| यिनीहरू, उनीहरू, तिनीहरू, यी, ती, रामहरू, सीताहरू | पढ् | ए | पढे |
| सीता/रमा | बस् | ई/इन् | बसी/बसिन् |

(ख) अभूत काल

कार्यव्यापार घटित हुन बाँकी रहेको अवस्था बुझाउने क्रियाको समयलाई अभूत काल भनिन्छ । अभूत काल पनि वर्तमान र भविष्यत् काल गरी दुई किसिमका छन् :

(अ) वर्तमान काल : कुनै कार्यव्यापारको वा घटना चालु अवस्थामा घटिरहेको वा तत्काल घन सक्ने अवस्थाको बोध गराउने क्रियालाई वर्तमान कालिक क्रिया भनिन्छ । यस कालको सङ्केतका निम्ति धातुपछाडि निम्न रूपायक तत्हरू जोडिन्छन् । जस्तै :

| कर्ता | धातु | वर्तमानकालिक प्रत्यय | वर्तमानकालिक क्रिया |
|---|---|---|---|
| म | पढ् | छु | पढ्छु |
| हामी | बस् | छौँ | बस्छौँ |
| तँ | खाँ | छन् | खान्छन् |
| तिमी | भन् | छौ | भन्छौ |
| तिमीहरू | लेख् | छौ | लेख्छौ |
| तपाईं/हजुर, यहाँ, उहाँ, तपाईंहरू, हजुरहरू | उठ् | नुहुन्छ | उठ्नुहुन्छ |
| ऊ, त्यो, यो, राम | सुत् | छ | सुत्छ |
| यिनी, उनी, तिनी (पु.) | हेर् | छन् | हेर्छन् |
| यिनी, उनी, तिनी (स्त्री.) | हेर् | छिन् | हेर्छिन् |
| यी, ती, यिनीहरू, तिनीहरू, उनीहरू, रामहरू | जा | छन् | जान्छन् |
| उमा (अनादर) | लेख् | छे | लेख्छे |
| उमा (आदर) | पढ् | छिन् | पढ्छिन् |

(आ) भविष्यत् काल : कुनै घटना, अवस्था वा स्थिति पछि हुने सङ्केत जनाउने क्रियाका काललाई भविष्यत् काल भनिन्छ । यसको सङ्केतका निम्ति धातुपछाडि निम्न भविष्यत् कालिका रूपायक तत्वहरू जोडिन्छन् । जस्तै :

| कर्ता | धातु | भविष्यत् कालिक प्रत्यय | भविष्यत् कालिक क्रिया |
|---|---|---|---|
| म | लेख् | नेछु | लेख्ने छु |
| हामी | पढ् | नेछौँ | पढ्ने छौँ |
| तँ | हिंड् | नेछस्/नेछेस् | हिँड्ने छस्/हिँड्ने छेस् |

| | | | |
|---|---|---|---|
| तिमी | भन् | नेछौ/नेछ्यौ | भन्ने छौ/भन्ने छ्यौ |
| तिमीहरू | बोल् | नेछौ | भन्ने छौ |
| तपाईं, हजुर | सुन् | नुहुनेछ | सुन्नुहुने छ |
| यहाँ, वहाँ | सुन् | नुहुनेछ | सुन्नुहुने छ |
| तपाईंहरू, हजुरहरू | सुन् | नुहुनेछ | सुन्नुहुने छ |
| यो, त्यो, ऊ, श्याम | कोर् | नेछ | कोर्ने छ |
| यिनी, उनी, तिनी (पु.) | बस् | नेछन् | बस्ने छन् |
| यिनी, उनी, तिनी (स्त्री.) | खा | नेछिन् | खाने छिन् |
| यी, ती, यिनीहरू, तिनीहरू, उनीहरू, रामहरू | हाँस् | नेछन् | हाँस्ने छन् |
| गीता (अनादर) | रु | नेछे | रुने छे |
| गीता (आदर) | रु | नेछिन् | रुने छिन् |

## क्रियाका पक्ष

२. पढ्नुहोस् र बुझ्नुहोस् :

- तिमी आउँदै छौ । (काम पूरा नभएको अवस्था)
- उसले पास गरेको थियो । (काम पूरा भएको अवस्था)
- रमा पनि विदेश गइछे । (भरखर थाहा भएको अवस्था)
- हामी बिहान दौडन्थ्यौं । (पहिले बानी परेको अवस्था)

यसरी कालभित्रको सूक्ष्म अवस्थालाई पक्ष भनिन्छ । क्रिया समयको स्थूल रूप हो भने पक्ष समयको सूक्ष्म रूप हो । मोटामोटी काम भएको वा हुने अवस्थालाई कालले बुझाउँछ भने काम सकिएको हुँदै गरेको, भइसकेको, हुन बाँकी, पहिले हुने गरेको तर अहिले नभएको आदि छोटो छोटो अवस्थालाई समेत पक्षले सङ्केत गरेको हुन्छ । जस्तै : हामीले पढ्यौं । (सामान्य अवस्था )

## भूत कालका पक्ष

भूत कालका निम्न पाँच पक्षहरू रहेका छन् :सामान्य भूत, अपूर्ण भूत,पूर्ण भूत, अज्ञात र अभ्यस्त

(क) सामान्य भूत : पहिले नै कार्य सम्पन्न भएको सामान्य सङ्केत बुझाउने क्रियाको पक्षलाई सामान्य भूत भनिन्छ ।

जस्तै : खायो, भयो आएँ, बसी, हिँड्यौँ

(ख) अपूर्ण भूत : पहिले नै काम प्रारम्भ गरी पूरा नभएको अवस्था बुझाउने क्रियाको पक्षलाई अपूर्ण भूत भनिन्छ । यस पक्षको सङ्केतका निम्ति मुख्य धातुपछाडि तै, दै, ता, दा, ती, तो, दो इरहेको, इहेका, इरहेकी जस्ता पक्षबोधक प्रत्ययहरू जोडिन्छन् ।

जस्तै : भन्दै थियो, आउँदै थिई, भन्दै थियौ ।

(ग) पूर्ण भूत : पहिले काम प्रारम्भ गरी काम पूरा भइसकेको अवस्था बुझाउने भूत कालको पक्षलाई पूर्णभूत भनिन्छ । पूर्णकालिक पक्षका निम्ति धातुपछाडि एको, एका, एकी जस्ता प्रत्ययहरू जोडिन्छन् । जस्तै:

भन् ं एको : भनेको थियो

गर् एका : गरेका थिए

आउ ं एकी: आएकी थिई ।

(घ) अज्ञात भूत : पहिले नै काम सकिएको तर वर्तमान अवस्थामा मात्र त्यसबारे जानकारी प्राप्त भएको अवस्था बुझाउने भूत कालको पक्षलाई अज्ञात भूत भनिन्छ । अज्ञात पक्षको सङ्केतका निम्ति मुख्य  धातुपछाडि एछु, एछौ, इछस्, एछौं, इछौ, नुभएछ, एछ, एछन्, इछिन् जस्ता प्रत्ययहरू जोडिन्छन् ।

जस्तै : खाएछु, हाँसेछौँ, गइछस्, आएछौ, जानुभएछ, आएछन्, बसेछन्, नाचिछे आदि ।

(ङ) अभ्यस्त भूत : पहिले कुनै काम गर्ने बानी वा आदत परेको तर उक्त आदत अहिले सम्झनामात्र रहेको अवस्था बुझाउने भूत कालको पक्षलाई अभ्यसत भूत भनिन्छ । अभ्यस्त पक्षको सङ्केतका निम्ति धातुपछाडि थेँ, थ्यौँ, थिस्, थ्यौ, नुहुन्थ्यो, थे, थ्यो, थिन्, थी जस्ता प्रत्ययहरू जोडिन्छन् ।

जस्तै : जान्थेँ, खान्थ्यौँ, बोल्थिस्, लेख्थ्यौ, डुल्नुहुन्थ्यो, आउँथी, जान्थिन्, पढ्थे आदि ।

## वर्तमान कालका पक्ष

वर्तमान कालिक क्रियाका पक्षलाई तीन भागमा विभाजन गरिएको छ । सामान्य वर्तमान, अपूर्ण वर्तमान र पूर्ण वर्तमान ।

(क) सामान्य वर्तमान : काम तत्काल हुने वा भइरहेको भन्ने सङ्केत बुझाउने क्रियाको काललाई सामान्य वर्तमान भनिन्छ ।

जस्तै : बस्छ, हिँड्छु, खान्छौ, पढ्छे आदि ।

(ख) अपूर्ण वर्तमान काल : काम भर्खर थालेर निरन्तर रूपमा चलिरहेको वा काम पूरा नभएको सङ्केत गर्ने पक्षलाई अपूर्ण वर्तमान भनिन्छ । यस पक्षको सङ्केतका निम्ति तै, दै, ता, दा, ती, दी, तो, दो, इरहेको, इरहेका, इरहेकी जस्ता प्रत्ययहरू जोडिन्छन् ।

जस्तै : बसिरहेको छ, आइरहेकी छिन्, लेख्दी छे, पढ्छो छ, खेल्दा छन् ।

(ग) पूर्ण वर्तमान :काम वर्तमान अवस्थामा चालु भएर भर्खर पूरा भएको तर कामको असर अझैँ बाँकी रहेको सङ्केत गराउने क्रियाको काललाई पूर्ण वर्तमान भनिन्छ । पूर्ण पक्षको सङ्केतका निम्ति एको, एका, एकी प्रत्यय जोडिन्छन् ।

जस्तै : खाएको छु, आएका छौ, भनेकी छे, गर्नुभएको छ, बिताएका छन्, निदाएकी छे ।

## भविष्यत् कालका पक्ष

पछि आउने समयलाई सङ्केत गर्ने भविष्यत् कालिक क्रियाका पनि सामान्य, अपूर्ण र पूर्ण गरी तीन पक्ष रहेका छन् ।

(क) सामान्य भविष्यत् : पछि वा आगामी समय, दिन आदिमा प्रयोग गरिने क्रियाको पक्षलाई सामान्य भविष्यत् काल भनिन्छ । सामान्य भविष्यत् पक्ष बुझाउनका निम्ति नेछ , ने छौँ, ने छस्, न`छेस्, ने छौ, ने हुनेछ, ने छ, ने छे, ने छिन् । ने छन् जस्ता प्रत्ययहरू धातुपछाडि जोडिन्छन् ।

जस्तै : पढ्ने छु, जाने छौ, आउने छस्, खाने छौ, पढ्ने छ, भन्नुहुने छ आदि ।

(ख) अपूर्ण भविष्यत् : आउने समयमा काम थालिने तर काम पूरा नहुने वा कार्य व्यापार भइरहेको सङ्केत गर्ने क्रियाको पक्षलाई अपूर्ण भविष्यत् भनिन्छ । यस पक्षको सङ्केतका निम्ति धातुपछाडि तै, दे, ता, दा आदि प्रत्ययहरू जोडिन्छन् ।

जस्तै : पढिरहेका हुनेछु, लेखिरहेका हुनेछौ, खाँदै हुनेछन्, दिँदै हुनुहुनेछ, रुँदै हुनेछ आदि ।

(ग) पूर्ण भविष्यत् :पछि आउने समयमा काम सुरु भएर सकिएको सङ्केत बुझाउने क्रियाको पक्षलाई पूर्ण भविष्यत् भनिन्छ । यस पक्षका निम्ति एको, एका, एकी प्रत्ययहरू धातुपछाडि जोडिन्छन् ।

जस्तै : पढेको हुनेछ, डुलेको हुनेछ, खाएकी हुनेछे, निदाएकी हुनेछिन्, गाएका हुनेछन्, आएका हुनेछौ, सुतेका हुनेछौ ।

३. तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) अपूर्ण भूत कालका बेग्लाबेग्लै क्रियाको प्रयोग गरी आफ्नो बितेको समयको वर्णन गर्नुहोस् ।

(ख) पूर्ण भूत कालका पाँचओटा बेग्लाबेग्लै क्रियाको प्रयोग गरी आफ्नो भाइको बारेमा लेख्नुहोस् ।

(ग) अभ्यस्त भूल कालका पाँचओटा बेग्लाबेग्लै क्रियाको प्रयोग गरी आफ्नी बहिनीका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

(घ) अज्ञात भूत कालका पाँचओटा बेग्लाबेग्लै क्रियाको प्रयोग गरी आफ्ना साथीहरूका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

(ङ) अपूर्ण वर्तमान कालका पाँचओटा बेग्लाबेग्लै क्रियाको प्रयोग गरी आफ्नी आमाका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

(च) पूर्ण वर्तमान कालका पाँचओटा बेग्लाबेग्लै क्रियाको प्रयोग गरी आफूले गर्ने कामका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

(छ) अपूर्ण भविष्यत् कालका पाँचओटा बेग्लाबेग्लै क्रियाको प्रयोग गरी आफ्नो भविष्यका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

(ज) पूर्ण भविष्यत् कालका पाँचओटा बेग्लाबेग्लै क्रियाको प्रयोग गरी विदेश गएकी दिदीका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

### सिर्जना/परियोजना

(क) आफ्नो गाउँटोलमा आइपरेका विविध प्राकृतिक प्रकोपबाट भएको हानीनोक्सानीका विषयलाई लिएर एउटा कथा तयार पार्नुहोस् ।

(ख) नेपालमा प्राय: प्रत्येक वर्ष आइरहने बाढी पहिरोबाट उत्पन्न भएको समस्यालाई आधार बनाएर एउटा कथा लेख्नुहोस् ।

पाठ ६

# स्टिफन विलियम हकिङ

परिचय

विज्ञान क्षेत्रमा एउटा छुट्टै चिनारी बनाउन सफल व्यक्तित्वको नाम हो – स्टिफन विलियम हकिङ । उनी ब्रह्माण्डसम्बन्धी नवीन मान्यता पत्ता लगाउने वैज्ञानिक हुन् । स्टिफन विलियम हकिङको जन्म बेलायतको अक्सफोर्ड सहरमा भएको थियो । उनले उच्च शिक्षा हासिल गर्ने क्रममा भौतिक शास्त्रलाई मुख्य विषय बनाएका थिए । यस क्षेत्रमा उनले गरेको गहन अनुसन्धानले नै हकिङलाई विश्वमा परिचित गरायो । यो जीवनी उनै प्रतिभाशाली व्यक्तित्वसँग सम्बन्धित छ ।

हकिङ उच्च शिक्षा अध्ययनकै क्रममा शारीरिक रूपमा अपाङ्गता भएका व्यक्ति थिए तर आत्मबल र इच्छाशक्तिका कारण उनले आफूले थालेको कार्य सम्पन्न गरे । सर्वाधिक घनत्वको अवस्थामा कुनै बिन्दुबाट ब्रह्माण्डको उत्पत्ति भएको हो र यसको अन्त्य पनि त्यस्तै बिन्दुमा हुन्छ भन्ने मान्यता हकिङको अनुसन्धानले पत्ता लगाएको हो । त्यसैलाई उनले ब्ल्याकहोल भनेका छन् । ब्ल्याकहोलमा महाविस्फोटन भएपछि ब्रह्माण्डको उत्पन्न हुन्छ र यो खुम्चिँदै गएपछि पुनः ब्ल्याकहोलमा परिवर्तन हुन्छ भन्ने मान्यता नै हकिङको महत्त्वपूर्ण उपलब्धि हो । प्रकृति विरोधी मानवीय गतिविधिका कारण पृथ्वी खतरापूर्ण बन्दै गएकाले मानवलाई सचेत रहनसमेत आग्रह गरेका छन् । शारीरिक रूपमा अशक्त भए पनि उनीभित्रको इच्छाशक्ति, ज्ञानशक्ति र कार्यशक्तिले उनलाई चर्चित वैज्ञानिक बनायो । हकिङको सङ्घर्षशील जीवनीबाट हरेक मानिसमा आत्मबल हुनु जरुरी छ र सफलताको शिखर चुम्न इच्छाशक्ति, ज्ञानशक्ति र कार्यशक्तिको महत्त्वपूर्ण भूमिका रहन्छ भन्ने सन्देश नै यस जीवनीको मुख्य उपलब्धि हो ।

सिकाइ उपलब्धि

(क) पाठमा प्रयुक्त कठिन वा नवीन शब्दहरूको अर्थ बुझ्न र वाक्यमा प्रयोग गर्न

(ख) पाठका अनुच्छेदलाई आदर्श वाचन गर्न

(ग) जीवनीबाट सोधिएका प्रश्नहरूको उत्तर दिन

(घ) पाठमा प्रयोग भएका विशिष्ट वा व्याख्येय पङ्क्तिहरूको व्याख्या गर्न

(ङ) पाठको निर्दिष्ट अनुच्छेदबाट मुख्य मुख्य बुँदाहरू टिपोट गर्न र एकतृतीयांशमा सारांश लेख्न

(च) पाठको अभ्यासमा दिइएका निर्दिष्ट कार्यमूलक व्याकरणसम्बन्धी अभ्यास गर्न

(छ) निर्दिष्ट बुँदाहरूका आधारमा छोटो जीवनी लेख्न ।

# स्टिफन विलियम हकिङ

शारीरिक रूपमा अशक्त भए पनि दृढ इच्छाशक्ति तथा प्रतिभाको साथ पाएको र सधैँ साधनामा रमाउने व्यक्ति कहिल्यै शक्तिहीन हुँदैन । शक्तित्रयको साथ पाएपछि शारीरिक अशक्तताका कारण सिर्जित जस्तोसुकै विषम परिस्थितिमा पनि सिर्जनशील हुँदै ऊ सफलताको शिखर चुम्न सफल हुन्छ । त्यस्तो व्यक्ति मानवहितमा समर्पित हुन्छ भने ऊ आफूले गरेका योगदानका कारण समाज विशेषमा मात्र नभई सिङ्गो संसारभरि नै उदाहरणीय बन्न पुग्छ । यस्तै शारीरिक स्थिति अत्यन्त नाजुक भए पनि मानवहितका लागि केही गर्ने तीव्र चाहना, त्यसलाई साथ दिने प्रतिभा र निरन्तरको साधनाका कारण भौतिक शास्त्रमा नयाँ तथ्य उजागर गरेर सिङ्गो संसारलाई नै आश्चर्यचकित बनाउने व्यक्ति हुन्, स्टिफन विलियम हकिङ । नाम सुन्नेबित्तिकै उनको भौतिक रूप देखेका सबैको मानसपटलमा एउटा स्वचालित ह्विलचेयरमा बसेको, टाउको निहुराएको, हातखुट्टा नचल्ने, बोल्न नसक्ने र शारीरिक रूपमा अत्यन्तै अशक्त व्यक्तिको चित्र प्रतिबिम्बित हुन्छ । उनले गरेका योगदानका बारेमा थाहा पाएपछि चाहिँ जो कोही छक्क पर्छ ।

हकिङको जन्म सन् १९४२ जनवरी ८ का दिन आमा इसाबेल र बुबा फ्र्याङ्कको पहिलो सन्तानका रूपमा भएको हो । उनको जन्मस्थल बेलायतको प्रमुख शैक्षिक केन्द्रका रूपमा परिचित अक्सफोर्ड सहर हो । यही ठाउँको नामका आधारमा नै विश्वप्रसिद्ध विश्वविद्यालय अक्सफोर्डको नाम रहेको हो । उनी जन्मँदा बेलायत दोस्रो विश्वयुद्धको विभीषिकाबाट आक्रान्त थियो । उनी जन्मने समय नजिकिँदै जाँदा उनका आमाबुबा बेलायतको उत्तरी क्षेत्रमा अवस्थित हाइगेट नामको सहरमा बस्थे । उनीहरू पहिलो सन्तानको जन्म हुन लागेकामा निकै खुसी थिए । त्यही समयमा उनीहरू बसेको क्षेत्र वरिपरि जर्मनीले बम आक्रमण गरिरहेकाले उनीहरू दुःखी पनि थिए । यस अवस्थामा युद्धको सन्त्रासबाट बच्न र बचाउन उनका आमाबुबा उनी जन्मनुभन्दा केही समयअघि बेलायतकै अत्यन्त सुरक्षित मानिएको अक्सफोर्ड सहरमा बसाइ सरे । शैक्षिक केन्द्रमा आक्रमणकारीको आक्रमण नगर्ने योजना रहेकाले त्यतिखेर अक्सफोर्ड सहर निकै सुरक्षित मानिन्थ्यो । इसाबेल र फ्र्याङ्क दुवैले अक्सफोर्ड विश्वविद्यालयमै अध्ययन गरेकाले उनीहरूका लागि यो स्थान परिचित पनि थियो । यसैले पनि उनीहरूले अक्सफोर्ड रोजेका थिए । मध्यम वर्गीय परिवारका उनीहरू यतिखेर आर्थिक अभावबाट गुज्रिरहेका थिए । यस्तो स्थितिमा पनि धैर्यका साथ फ्र्याङ्कले पत्नी इसाबेलको हेरचाह गर्दै, अर्थराशि जुटाउँदै होटलमा बसेर अस्पतालमा आफ्नो पहिलो सन्तानको प्रतीक्षा गरे । 'ढुङ्गाको काप फोरेर पनि उम्रन्छ पिपल' भने झैँ होनहार प्रतिभाको जन्म हुनु नै थियो र संसारलाई उल्लेख्य योगदान दिनु नै थियो । प्रतिभाशाली हकिङ पनि यो विषम परिस्थितिमा सकुशल जन्मे र हुर्के पनि । हकिङका फिलिप्पा र मेरी नामका दुई बहिनी र एडवार्ड नामका एक भाइ छन् ।

हकिङको विद्यालयीय शिक्षाको प्रारम्भ लन्डन हाइगेटस्थित बायरन हाउस विद्यालयबाट भएको हो । उनले त्यहाँ धेरै समय पढ्न पाएनन् । उनी आठ वर्षको छँदा उनका आमाबुबा जागिरका सिलसिलामा बेलायतको अक्सफोर्डबाट ३२ किलोमिटर उत्तरपश्चिममा रहेको अल्बान्स सहरमा बसाइ सरे । यसैले आमाबुबाका साथमा रहेका हकिङ पनि त्यहीँको सेन्ट अल्बान्स नामको विद्यालयमा भर्ना भए । विद्यालयमा भर्ना भए पनि उनी पढाइमा त्यति ध्यान दिँदैनथे । उनी नौ वर्षको छँदा आफ्नो कक्षामा कमजोर विद्यार्थीको श्रेणीमा परेका थिए । उनले आफ्नो परिवारबाट भने पूर्ण शैक्षिक वातावरण पाएका थिए । उनका आमाबुबा दुवै शिक्षित थिए । इसाबेल अर्थशास्त्र

र फ्र्याङ्क जीव विज्ञानका विद्वान् थिए । पक्कै पनि आमाबुबाको आनुवंशिक गुण र संस्कारको प्रभाव छोराछोरीमा पर्छ नै । विद्यालयीय पढाइमा ध्यान नदिए पनि उनी आफ्नो घरको पुस्तकालयमा रहेका राम्रा राम्रा किताबमध्येबाट आफूलाई मन परेका किताब पढिरहन्थे । उनको झुकाव विद्यालयभन्दा बाहिरका अन्य काममा धेरै रहन्थ्यो । हकिङ १३ वर्षको छँदा उनका बुबाले उनलाई त्यस बेलाको राम्रो मानिएको वेस्टमिनिस्टर विद्यालयमा पढाउन चाहेका थिए । बिरामी परेकाले उनले त्यस विद्यालयबाट लिइएको छात्रवृत्तिको परीक्षा दिन पाएनन् । छात्रवृत्तिबिना त्यस विद्यालयमा पढाउन सक्ने आर्थिक स्थिति हकिङको थिएन । त्यसैले उनले सेन्ट अल्बान्सबाटै विद्यालयीय शिक्षा पूरा गरे ।

हकिङ बाल्यकालदेखि नै निकै जिज्ञासु र सिर्जनशील स्वभावका थिए । कुनै पनि यान्त्रिक वस्तुलाई गहिरिएर हेर्ने, त्यसको भित्री संरचनालाई बुझ्ने र तिनबाट बन्न सक्ने नयाँ वस्तुका बारेमा परिकल्पना गर्ने उनको बानी थियो । साथीहरूको सहयोग लिई उनले पुराना घडी तथा रेडियोका पार्टपुर्जाबाट कम्प्युटर बनाएका थिए र यसैबाट उनी अवधारणात्मक गणितीय समीकरणको समाधान गर्ने गर्थे । उनले आफूले खेल्ने गेम र हवाईजहाज, डुङ्गा आदिको नमुना पनि आफैँ बनाएका थिए । यस्तो सिर्जनशील कार्यबाट प्रभावित भएका उनका साथीहरू हकिङ आफ्नो संसारको रचना गरेर त्यसलाई चाहिने नियम आफैँ बनाउन सक्छन् भनेर उनलाई थप हौसला दिन्थे । उनका यस्ता कामबाट प्रभावित भएका शिक्षक उनलाई जन्मजात प्रतिभा भएको व्यक्ति मान्थे । साथीहरू चाहिँ उनलाई आइन्स्टाइन भनेर बोलाउँथे । घरमा बस्दा पनि उनी प्राय: शोधखोजमा नै तल्लीन भइरहन्थे । उनी आफ्ना साथीलाई लिएर साँझको समयमा घरको पछाडि जान्थे र आकाशका तारालाई हेरिरहन्थे । ब्रह्माण्डप्रतिको जिज्ञासाले उनलाई बाल्यकालदेखि नै घच्घच्याइरहेको थियो ।

हकिङ 'मानिसलाई जेमा रुचि छ त्यसैमा प्रगति गर्न सक्छ' भन्ने भनाइका आदर्श दृष्टान्त हुन् । हकिङका बुबा फ्र्याङ्कले उच्च तहको अध्ययनमा छोराले जीवविज्ञान पढे राम्रो हुन्थ्यो भन्ने चाहेका थिए । बुबाको इच्छा पूरा गर्नकै लागि उनले सुरुमा केही दिन जीवविज्ञान पढे । आफूलाई मन नपरेको विषय भएकाले त्यसमा उनले प्रगति गर्न सकेनन् र त्यो विषय छोडिदिए । अन्त्यमा उनले गणित र भौतिक शास्त्रलाई आफ्नो विषय बनाए । आफूलाई मन परेको विषय पाएपछि उनको पढाइमा रुचि बढ्दै गयो । जति नै गाह्रो भए पनि आफूलाई मन परेको विषय पढ्न पाउँदा त्यसमा सजिलै सफलता प्राप्त गर्न सकिन्छ भन्ने भनाइलाई हकिङले प्रमाणित गरिदिए । धेरैका लागि गाह्रो विषयका रूपमा चिनिने गणितका गाह्रा प्रश्न र भौतिक शास्त्रका जटिल सिद्धान्त उनी सजिलै बुझ्थे । गणितका कठिन समस्या समाधान गर्न पनि उनी आफ्ना साथीभन्दा निकै अघि थिए । गणित विषय नै लिएर अक्सफोर्ड विश्वविद्यालयबाट स्नातक गर्ने स्टिफनको सपना थियो । आफूले अक्सफोर्डबाटै पढेकाले छोराले पनि त्यहीँबाट स्नातक गर्दा राम्रो हुने इच्छा उनका बुबाको पनि थियो । यसैले उनी १७ वर्षको छँदा उच्च अध्ययनका लागि अक्सफोर्ड विश्वविद्यालयको युभिर्सिटी कलेजमा भर्ना हुन भनेर गए । त्यति वेला विश्वविद्यालयमा गणित विषयको अध्ययन अध्यापन हुँदैनथ्यो । आफूलाई मन परेको गणित विषय लिन नपाएपछि उनले भौतिक शास्त्र पढ्न थाले । उनले सन् १९६२ मा त्यहीँबाट प्राकृतिक विज्ञानमा प्रथम श्रेणीमा स्नातक तह उत्तीर्ण गरे । अक्सफोर्डमा स्नातक तहको अन्तिम वर्षमा अध्ययनरत छँदा हकिङले सामान्य हिँडडुलमा पनि आफ्नो नियन्त्रण नभएको जस्तो महसुस गर्न थाले । यो उनको बिमारीको पूर्वसङ्केत थियो । यति वेला उनी २१ वर्षका थिए । उपचारका सामान्य प्रक्रिया पूरा गर्दै उनले आफ्नो पढाइलाई निरन्तरता दिइरहेका थिए । स्नातक तह उत्तीर्ण गरिसकेपछि विद्यावारिधिका लागि उनी क्याम्ब्रिज

विश्वविद्यालयमा भर्ना भए । उनलाई रोगले भने झन् झन् च्याप्दै लग्यो । सन् १९६३ तिर आँखा तिर्मिराउने र आवाज पनि लटपटिएको जस्तो हुन थालेपछि परीक्षण गराउँदा उनलाई 'अम्योट्रोफिक ल्याटरल स्क्लेरोसिस' नामक स्नायुसम्बन्धी रोग भएको पत्ता लाग्यो । यो रोग लागेको मानिसका सबै अङ्गले बिस्तारै काम गर्न छोड्ने र अन्ततः श्वासनली बन्द भएर उसको मृत्यु हुने गर्थ्यो । यसैले चिकित्सकले उनको आयु दुई वर्ष मात्र रहेको बताएका थिए । यस्तो अवस्थामा सुरुका दिनमा उनमा निराशा छाउनु स्वाभाविक नै थियो तर पनि उनीभित्रको इच्छाशक्तिले विद्यावारिधिको अध्ययनलाई अघि बढाउन प्रेरित गरिरहेको थियो । अत्यन्त मानसिक पीडा हुँदा उनी चुपचाप घन्टौँसम्म सङ्गीत सुनिरहन्थे ।

विषम परिस्थितिमा सकारात्मक सोच लिँदा समस्याबाट सहजै उम्कन सकिन्छ भन्ने भनाइका उत्कृष्ट दृष्टान्त हकिङ हुन् । रोग ठिक नहुने खालको छ र यसको कुनै उपचार छैन भने पनि यस बारेमा चिन्ता नलिने बरु यस अवधिमा समाजका लागि केही गर्ने सोचका साथ उनी अध्ययनमा दत्तचित्त भइरहे । यता रोग भने दिनप्रतिदिन बढ्दै थियो । बिस्तारै अङ्गले काम गर्न छोड्दै गए । सन् १९६५ मा उनी लट्ठीको सहाराबिना हिँड्न नसक्ने भए । यस्तो विषम परिस्थितिमा पनि रोगसँग सङ्घर्ष गर्दै उनले सन् १९६६ मा क्याम्ब्रिजबाट नै विद्यावारिधि गरे । विद्यावारिधि पूरा गरिसकेपछि क्याम्ब्रिजमा विद्वत्वृत्ति प्राप्त गरी अनुसन्धाताका रूपमा काम थाले । सन् १९६८ मा उनी क्याम्ब्रिजमा खगोल अध्ययन संस्थानको सदस्यमा नियुक्त भए । सन् १९६९ तिर हातखुट्टा चल्न छाडेपछि उनी ह्विलचेयरबिना कतै जान नसक्ने भए । उनलाई काम गर्न सजिलो होस् भनेर उनको ह्विलचेयरमा कम्प्युटर पनि जडान गरिएको थियो । ह्विलचेयरको सहारामा उनी आफ्नो विभाग गएर आफ्नो नियमित काम सम्पन्न गर्न थाले । अध्ययन र अध्यापनको कामलाई निरन्तरता दिँदै उनी एकपछि अर्को सफलता पनि चुम्दै गए । सन् १९७४ मा उनी विश्वकै प्रतिभाशाली वैज्ञानिक सम्मिलित भएको रोयल सोसाइटीको सभामा सामेल भए । सन् १९७९ मा गणित विषयमा क्याम्ब्रिजकै प्रसिद्ध पद 'ल्युकेसियन प्रोफेसर' मा नियुक्त भए । सन् १९८५ मा उनी धेरै बिरामी परेपछि चिकित्सकले यस रोगको उपचारका लागि श्वासनलीको शल्यक्रिया गर्नुपर्ने र यो शल्यक्रिया गरेपछि हकिङको पूरै आवाज गुम्न सक्ने बताएका थिए । शल्यक्रियाबिना उनलाई बचाउन असम्भव भएकाले उनको शल्यक्रिया गरियो । शल्यक्रियापछि उनको आवाज पुरै हरायो । यसपछि उनले आफूले गरिरहेको काम अघि बढाउन सकेनन् । यसले गर्दा उनलाई धेरै जनाबाट टाढा रहनुपर्ने अवस्था आयो । दृढ इच्छाशक्ति छ भने तँ चिता म पुऱ्याउँछु भने झैँ केही समयपछि उनको मस्तिष्कको तरङ्ग र अनुहारका भावका आधारमा सञ्चालन हुने कम्प्युटरको निर्माण भयो । यसैका सहायताबाट उनी आफ्ना अनुसन्धानसम्बन्धी लेख प्रकाशित गर्ने एवम् प्रवचन र अन्तर्वार्ता दिने गर्थे ।

हकिङलाई जीवनमा साथ दिने र सहयोग गर्ने कार्यमा पत्नी जेनको महत्त्वपूर्ण भूमिका रहेको छ । हकिङ क्याम्ब्रिजमा विद्यावारिधि गरिरहँदा उनले जेन वाइल्डसँग प्रेम गर्न थालेका थिए । जेन पनि हकिङलाई निकै मन पराउँथिन् । रोग लागेको थाहा पाउँदा पनि जेनले हकिङलाई प्रेम गर्न छोडिनन् । पछि सन् १९६५ मा विवाह गरेपछि उनीहरूको प्रेमसम्बन्ध दाम्पत्य सम्बन्धमा परिणत भयो । उनीहरूका लुसी नामकी छोरी र रोबर्ट र तिमोथी नामका दुई छोरा जन्मे । उनीहरूको दाम्पत्य सम्बन्धमा खटपट आएपछि सन् १९९० मा सम्बन्धविच्छेद भयो । त्यसपछि सन् १९९५ मा उनले आफ्नो स्याहारसुसार गर्ने नर्स एलेन मेसनसँग विवाह गरे । मेसनसितको दाम्पत्य सम्बन्ध पनि लामो समयसम्म रहन सकेन । सन् २००६ मा उनीसँग पनि हकिङको सम्बन्धविच्छेद भयो । शारीरिक रूपमा अशक्त र पारिवारिक जीवनमा खटपट आए पनि हकिङले आफू शक्तिहीन

भएको महसुस गरेनन् । 'आशा राख र व्यस्त बन' लाई मूल मन्त्र बनाएका उनले शारीरिक अशक्ततालाई अनुसन्धान गर्ने उपयुक्त अवसरका रूपमा लिए । जीवनप्रति आशावादी बनेर निरन्तर अनुसन्धानरत उनले शारीरिक अशक्तताकै समयमा पनि भौतिक शास्त्रमा नयाँ तथ्य उजागर गर्न सफल भए । हकिङले आफ्नो जीवनकालमा दर्जनभन्दा बढी पुस्तक र कैयौँ शोधपत्र तयार गरी प्रकाशन गरे । उनले लेखेका पुस्तकमध्ये सन् १९८८ मा प्रकाशित 'अ ब्रिफ हिस्ट्री अफ टाइम' सर्वाधिक चर्चित पुस्तक हो । यस पुस्तकलाई सन् १९९८ मा गिनिज बुक अफ वर्ल्ड रेकर्डद्वारा सदावहार सर्वाधिक बिक्री हुने पुस्तक घोषणा गरियो । यो पुस्तक २३७ सातासम्म सन्डे टाइम्सको सर्वाधिक बिक्री हुने सूचीमा रहन सफल भएका कारण पनि धेरै चर्चित बन्यो । यस पुस्तकले हकिङलाई पनि निकै चर्चित बनायो । यस पुस्तकमा उनले ब्रह्माण्डको उत्पत्ति, संरचना, विकास र भविष्यसम्बन्धी कठिन विषयलाई पनि आम मानिसले सजिलै बुझ्ने भाषामा प्रस्तुत गरेका छन् । ४० भन्दा बढी भाषामा अनुवाद भइसकेको यस कृतिमा आधारित चलचित्र पनि बनेको छ ।

हकिङले ब्रह्माण्डको उत्पत्ति र संरचनासम्बन्धी गहिरो अध्ययन गरी यससम्बन्धी आफ्ना मौलिक मान्यता प्रस्तुत गरेका छन् । ब्रह्माण्डको उत्पत्ति निश्चित परिभाषित सिद्धान्तअनुसार भएको मान्यता राख्ने हकिङले यसको उत्पत्ति सर्वाधिक घनत्वको अवस्थामा रहेको कुनै बिन्दुबाट भएको र त्यसको अन्त्य पनि त्यस्तै बिन्दुमा हुने बताएका छन् । यस बिन्दुलाई वैज्ञानिकले सिङ्गुलारिटीको संज्ञा दिएका छन् । क्वान्टम पुञ्जका रूपमा रहेकाले सर्वाधिक घनत्वको अवस्थामा रहेको यस बिन्दुलाई हकिङले ब्ल्याकहोल भनेका छन् । उनले ब्ल्याकहोल अत्यन्त भारयुक्त ताराको अवसानपछि निर्माण हुने भएकाले तारा अनन्त भए झैँ ब्ल्याक होल पनि अनन्त हुन सक्ने र तीमध्ये केही ब्ल्याकहोलमा महाविस्फोटन भई ब्रह्माण्डको उत्पत्ति हुने मान्यता राखेका छन् । हकिङले सुरुमा आइन्स्टाइनले भने झैँ ब्ल्याकहोलभित्रको स्थान, समय र गुरुत्वाकर्षणको प्रबलताका कारण त्यसभित्र छिरेको प्रकाशसमेत बाहिर ननिस्कने र त्यसले सबै चिज आफूमा समाहित गर्ने भएकाले त्यसको भार बढ्छ भन्ने धारणा राखेका थिए । पछि उनले यस सम्बन्धमा आफ्ना मौलिक विचार प्रस्तुत गरे । उनले अधिक गुरुत्व शक्तिले गर्दा ब्ल्याकहोलभित्र हरेक चिज खुम्चिएर रहेका हुने र अझ खुम्चँदै जाँदा त्यसबाट विकिरण उत्सर्जन हुन्छ भन्ने पत्ता लगाए । उनकै नाममा यस विकिरणको नाम पनि 'हकिङ्स रेडियसन' राखियो । ब्ल्याकहोलमा महाविस्फोटन भएर उत्पन्न भएको ब्रह्माण्ड खुम्चँदै गएर पुनः ब्ल्याकहोलमा परिणत भएपछि त्यसको अन्त्य हुने विचार पनि उनले प्रस्तुत गरे । हकिङले प्रस्तुत गरेको यो विचार र संसारकै प्राचीनतम ग्रन्थ 'ऋग्वेद' मा प्रस्तुत भएको सृष्टिसम्बन्धी दृष्टिमा निकै समानता रहेको देखिन्छ । 'ऋग्वेद' मा 'यस संसारको सृष्टि हुनुपूर्व अन्धकारले ढाकिएको अत्यन्त सघन ऊर्जाशील अन्धकार थियो । यही अन्धकारबाट चारैतिर फैलिएको किरण पदार्थमा परिणत भएपछि संसारको सृष्टि भयो ।' भनिएको छ ।

हकिङले ब्रह्माण्डशास्त्री रोजर पेनरोजसँग मिलेर अल्बर्ट आइन्सटाइनको 'सामान्य सापेक्षताको सिद्धान्त' बारे थप व्याख्या गरे । आइस्टाइनले सापेक्षता भनेको आफू स्वतन्त्र नभएर अर्कासित सम्बद्ध हुने गुण वा अवस्था हो भनेका थिए । यही भनाइका आधारमा हकिङले ब्रह्माण्डका सबै वस्तु स्वतन्त्र नभएर एकअर्कासित सम्बद्ध हुने विचार अघि सारे । यही क्रममा उनले अदृश्य उपपरमाणुको अध्ययन गर्ने क्वान्टम सिद्धान्त र स्थूल दृश्य प्रपञ्चको अध्ययन गर्ने सापेक्षता सिद्धान्तलाई एउटै सूत्रबाट व्याख्या गर्ने प्रयास गरे । ब्रह्माण्डको व्याख्यामा यी दुबै सिद्धान्तलाई जोड्ने उनी पहिलो वैज्ञानिक हुन् । यस्तै हकिङले वार्महोलको पनि व्याख्या गरेका छन् । उनले

वार्महोलका माध्यमबाट समययात्रा गरी एउटा ग्यालेक्सीबाट अर्को ग्यालेक्सीमा छोटो समयमा पुग्न सकिने बताएका छन् । यो पनि उनको अनुसन्धानको अर्को उपलब्धि हो । पछिल्लो समयमा उनी ब्रह्माण्डका सबै शक्तिलाई एकीकृत व्याख्या गर्ने एउटै सिद्धान्त बनाउने प्रयत्नमा तल्लीन थिए । यस कार्यमा उनी पूर्णतः सफल हुन चाहिँ सकेनन् । उनले पछिका अनुसन्धाताका लागि मार्गचित्र भने कोरिदिएका छन् ।

हकिङले पृथ्वीमा आइपर्ने सम्भावित विपत्तिबाट बच्न मानव समुदायलाई बारम्बार सचेत गराउने गर्थे । उनले परमाणुयुद्ध, विश्वव्यापी तापक्रम वृद्धि, प्रकृति विरुद्धका मानवीय गतिविधिका कारण पृथ्वीमा मानव जीवन खतरामा रहेको बताएका छन् । यसैले यसतर्फ समयमै सचेत हुन आग्रह गरेका छन् । यस्तै उनले मानिसलाई कृत्रिम बुद्धिमत्तापूर्ण रोबोटको निर्माणमा सचेत हुनुपर्ने बताएका छन् । कृत्रिम बुद्धिमत्तापूर्ण रोबोट मानिसको दिमागका उपज भए पनि स्मरण र विश्लेषणात्मक सामर्थ्य मानिसको भन्दा धेरै हुँदै गइरहेको छ । मानिसले गर्न सक्ने सबै काम यी यन्त्रहरू सजिलै गर्न सक्छन् । यसैले उनी कृत्रिम बुद्धिमत्ताले मानिसलाई नभई मानिसले कृत्रिम बुद्धिमत्तालाई नियन्त्रण गर्नुपर्ने मान्यता बारम्बार दोहोऱ्याइरहन्थे ।

हकिङ एक प्रेरक वक्ता पनि थिए । आफ्नो ह्विलचेयरमा जडित कम्प्युटरको सहयोगले समय समयमा उनले दिएका प्रेरणादायी वक्तव्य अत्यन्तै जीवनोपयोगी छन् । उनले बालबालिकालाई आफूभन्दा तलको पैतालालाई नभई सधैँ तारालाई हेर्न, बिनाकाम जिन्दगी खाली हुने भएकाले सधैँ कर्मशील बन्न र कसैले प्रेम गरेमा त्यसलाई स्वीकार गर्न सुझाव दिएका छन् । उनले बिनागल्ती संसारका कोही पनि मानिस अघि बढ्न नसक्ने भएकाले गल्तीलाई प्रगतिको पथप्रदर्शकका रूपमा लिनुपर्ने बताएका छन् । यस्तै उनले शारीरिक रूपमा अशक्त व्यक्तिलाई काम गर्ने क्षमतामा अपाङ्गता हुनु मात्रै नराम्रो हो, शरीरमा होइन भन्दै शारीरिक अशक्ततालाई कहिल्यै पनि दुर्भाग्य सम्झन नहुने सुझाव दिएका छन् । ज्ञानशक्तिले नयाँ तथ्य पत्ता लगाउन, क्रियाशक्तिले उद्देश्यलाई कार्यान्वयवन गर्न र इच्छाशक्तिले सधैँ काम गर्न प्रेरित गर्छ भन्ने मान्यता राख्ने उनी इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्तिका त्रिवेणी थिए । यिनै शक्तिका आधारमा शारीरिक अशक्ततामाथि उनले विजय प्राप्त गरेका थिए ।

आफ्नो जीवनमा गरेका योगदानका कारण हकिङले थुप्रै पुरस्कार पाएका छन् र धेरै सम्मानबाट उनी विभूषित भएका छन् । उनले अल्बर्ट आइन्स्टाइन मेडल (सन् १९७९), ह्युज मेडल अफ रोयल सोसाइटी (सन् १९७६), मेडल अफ रोयल एस्ट्रोनोमिकल सोसाइटी (सन् १९८५) लगायतका दर्जनभन्दा बढी स्वर्ण पदक र पुरस्कार प्राप्त गरेका छन् । सन् १९८२ मा ब्रिटिस महारानी एलिजाबेथले उनलाई 'कमान्डर अफ द ब्रिटिस एम्पायर' कदरबाट सम्मान गरेकी छन् भने सन् २००९ मा अमेरिकी सरकारले त्यहाँको सर्वोच्च नागरिक सम्मान 'राष्ट्रपति' पदकबाट सम्मान गरेको छ ।

जीवनका अधिकांश क्षण ब्रह्माण्डको अनुसन्धानमा बिताउने हकिङको पारिवारिक जीवन र व्यक्तित्वका विविध पाटालाई झल्काउने विभिन्न चलचित्र र वृत्तचित्र बनेका छन् । 'द थेओरी अफ एभ्रिथिङ', 'अ ब्रिफ हिस्ट्री अफ टाइम' नामका चलचित्रका साथै 'स्टिफन हकिङ्स युनिभर्स', ' होराइजन : द हकिङ प्याराडक्स', 'मास्टर अफ साइन्स फिक्सन', 'इन टु द युनिभर्स विद स्टिफन हकिङ' लगायतका वृत्तचिको निर्माण भइसकेको छ ।

निरन्तर सङ्घर्षशील हकिङले सन् २०१८ मार्च १४ मा ७६ वर्षीय जीवनसङ्घर्षबाट सदाका लागि विश्राम लिए । उनी भौतिक रूपमा यस संसारमा नभए पनि उनका सिद्धान्त, उनले लेखेका दर्जनौँ

पुस्तक र उनीमाथि बनेका चलचित्र एवम् वृत्तचित्रले उनलाई सदैव अमर राख्ने छन् । शारीरिक रूपमा अशक्त हुँदा पनि निरन्तर अनुसन्धान गर्दै भौतिक शास्त्रमा नयाँ तथ्य उजागर गरेर मानवीय चेतनालाई नयाँ उचाइमा पुऱ्याउन उल्लेख्य योगदान गर्ने हकिङ वैज्ञानिक जगत्का विशिष्ट प्रतिभा हुन् ।

## शब्दार्थ

*अशक्तता* : *शारीरिक कमजोर अवस्था*

*सिर्जित* : *सिर्जना गरिएको*

*विषम* : *प्रतिकूल*

*स्वचालित* : *आफैँ चल्ने*

*प्रतिबिम्बित* : *छाया परेको*

*विभीषिका* : *ठुलो डर, त्रास देखाउने*

*आनुवंशिक* : *वंशानुगत*

*जिज्ञासु* : *जान्न इच्छा राख्ने*

*यान्त्रिक* : *यन्त्रसम्बन्धी*

*समीकरण* : *गणितमा ज्ञात राशिका सहायताले अज्ञात राशि निकाल्ने तरिका*

*दृष्टान्त* : *उदाहरण*

*नियन्त्रण* : *रोकथाम*

*स्नायु* : *शरीरको रगत सञ्चालन गर्ने तन्तु, नसा*

*विद्वत्वृत्ति* : *विद्वान्हरूलाई दिइने आर्थिक सहयोग*

*शल्यक्रिया* : *चिरफार गरी गरिने उपचार*

*घनत्व* : *बाक्लोपन*

*उत्सर्जन* : *छाड्ने वा त्याग्ने काम, समर्पण*

*सापेक्षता* : *सापेक्ष हुनाको भाव*

## जीवनीसार

विज्ञान क्षेत्रका एक प्रतिभाशाली व्यक्तित्व हुन् – स्टिफन विलियम हकिङ । उनी प्रतिभाशाली वैज्ञानिक मात्र नभएर उत्प्रेरक व्यक्तित्व पनि हुन् । उनको जन्म सन् १९४२ जनवरी ८ मा बेलायतको अक्सफोर्ड सहर भएको थियो । इसाबेल र प्रयाङ्कका सुपुत्र हकिङले बाइरन हाउस विद्यालय लन्डनबाट औपचारिक शिक्षा प्रारम्भ गरी सेन्ट अल्बाल्स विद्यालय अल्बाल्स सहरबाट विद्यालयीय शिक्षा पूरा गरेका थिए । विद्यालयीय शिक्षाभन्दा बाहिरी विषय बढी मन पराउने हकिङले अक्सफोर्ड विश्वविद्यालयबाट सन् १९६२ मा प्राकृतिक विज्ञान विषयमा स्नातक तह उत्तीर्ण गरी सन् १९६६ मा क्याम्ब्रिज विश्वविद्यालयबाट विद्यावारिधि उपाधि प्राप्त गरेका हुन् ।

क्याम्ब्रिजमा खगोल अध्ययन संस्थानको सदस्यमा नियुक्त भएपछि उनी सन् १९७९ मा गणित विषयको ल्युकेसियन प्रोफेसरमा नियुक्त भए । विद्यावारिधिका क्रममा जेन वाइल्डसँग उनको प्रेम सम्बन्ध रह्यो । सन् १९६५ मा प्रेम सम्बन्ध वैवाहिक जीवनमा परिवर्तन भएको थियो । एक छोरी र दुई छोराका पिता हकिङले सन् १९९० मा वाइल्डसँग सम्बन्ध विच्छेद गरे । पुनः सन् १९९५ मा नर्स एलेन मेसनसँग उनको दोस्रो विवाह भयो । दोस्रो विवाह पनि लामो समयसम्म स्थिर रहन सकेन र सन् २००६ मा एलेन मेसनसँग सम्बन्ध विच्छेद भएको थियो ।

हकिङ कुशल लेखक पनि थिए । गहन अनुसन्धानपश्चात् उनले 'अ ब्रिफ हिस्ट्री अफ टाइम' नामक कृतिको १९८८ मा प्रकाशन गरेका थिए । यो कृति विश्वका ४० भन्दा बढी भाषामा अनुवाद गरिएको साथै सर्वाधिक चर्चित कृतिअन्य एक दर्जनभन्दा बढी कृतिहरू प्रकाशित छन् ।

हकिङ विद्यार्थी कालदेखि नै विभिन्न रोगबाट आक्रान्त हुँदै गएका थिए । शारीरिक रूपमा शिथिल भए पनि मानसिक रूपमा दृढशक्ति भएका कारण उनले आफ्नो कामलाई निरन्तरता दिइरहे । रोगसँग सङ्घर्ष गर्दै विद्यावारिधि उपाधि हासिल गरेका हकिङले ब्रह्माण्डसम्बन्धी नवीन मान्यता अघि सारेका थिए । सर्वाधिक घनत्वको अवस्थामा कुनै बिन्दुबाट ब्रह्माण्डको उत्पत्ति भएको हो र यसको अन्त्य पनि त्यस्तै बिन्दुमा हुने मान्यता अघि सारेका छन् । जसलाई उनले ब्ल्याकहोल भनेका छन् । अत्यधिक गुरुत्व शक्तिका कारण ब्ल्याकहोलभित्र हरेक चिज खुम्चिएर रहने गर्छ र यो अझ खुम्चिँदै जाँदा त्यसबाट विकिरण निस्किने तथ्य उनले पत्ता लगाएका हुन् । ब्ल्याकहोलमा महाविस्फोटन भएपछि ब्रह्माण्डको उत्पन्न हुन्छ र यो खुम्चिँदै गएपछि पुनः ब्ल्याकहोलमा परिवर्तन हुन्छ भन्ने मान्यता नै हकिङले पत्ता लगाएको महत्त्वपूर्ण विषय हो । यो मान्यता ऋग्वेदमा आधारित छ । आइन्सटाइनको सामान्य सापेक्षताको सिद्धान्तलाई ब्रह्माण्डशास्त्री रोजर पेनरोजसँग मिलेर उनले पुनर्व्याख्या गरेका छन् । प्रकृति विरोधी मानवीय गतिविधिका कारण पृथ्वी खतरापूर्ण बन्दै गएकाले मानवलाई सचेत रहन आग्रह गरेका छन् । हकिङको अनुसन्धानले पृथ्वीमा सम्भावित खतराको सङ्केत गरेको छ ।

शारीरिक असक्तता भए पनि आत्मिक मनोबलका कारण इच्छाशक्ति पूरा गर्न सकिन्छ भन्ने ज्वलन्त उदाहरणका रूपमा हकिङलाई लिन सकिन्छ । हकिङ सबैका लागि प्रेरणादायी र उपदेशमूलक व्यक्तित्व पनि हुन् । मानिसमा इच्छाशक्ति, ज्ञानशक्ति र कार्यशक्ति भएमा जस्तोसुकै कार्य पनि सम्पन्न गर्न सकिन्छ भन्ने प्रेरणा नै यस जीवनीको उल्लेख्य प्रेरणा हो । हकिङका कार्यहरूको सम्मान गर्दै उनलाई विभिन्न पुरस्कार तथा सम्मान प्रदान गरिएको छ । यस्ता प्रेरणादायी व्यक्तित्वको जीवनीसँग सम्बन्धित चलचित्रको निर्माणसमेत भइसकेको छ । यस्ता अविस्मरणीय व्यक्तित्वको देहावसान सन् २०१८ मार्च १४ मा ७६ वर्षको उमेरमा भएको थियो ।

## शब्दभण्डार

१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सङ्घर्षशील | रास, समूह |
| खगोल | वंशानुगत |
| पुञ्ज | सङ्घर्ष गर्ने |
| परीक्षण | आकाशमण्डल |
| आणुवंशिक | जाँच |
| | शास्त्र |
| | पानी |

२. दिइएका अर्थ दिने शब्द पाठबाट खोज्नुहोस् :

(क) विद्वान्लाई जीवनभर दिइने आर्थिक अनुदान

(ख) ज्ञात राशिका सहायताले अज्ञात राशि निकाल्ने प्रक्रिया

(ग) रहनसहन आदिका कारणबाट मान्छेका मनमा पर्ने प्रभाव

(घ) स्नायुसम्बन्धी रोग

(ङ) पछि सिद्ध हुन सक्ने कुराको पहिले नै मनमा गरिने अनुमान

(च) अन्तरिक्ष, नक्षत्र आदिको वैज्ञानिक अध्ययन गर्ने शास्त्र

३. दिइएका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

आदर्श, विषम, सिर्जनशील, अशक्त, विभूषित, दाम्पत्य, शक्तिहीन

४. तलका अनुकरणात्मक शब्दको प्रयोग गरी आफ्नो परिवार बारेको वर्णन गर्नुहोस् :

थचक्क, मुसुक्क, झमझम, सरक्क, झ्वाम्म, खचाखच, कुपुक्क, चिटिक्क, चिटचिट, पुलक्क,

## बोध र अभिव्यक्ति

१. दिइएका बुँदालाई जीवनीमा उल्लेख भएअनुसारको क्रममा मिलाउनुहोस्

(ङ) हकिङको समग्र योगदान र देहावसान

(ज) क्याम्ब्रिजको प्रसिद्ध पद ल्युकेसियन प्रोफेसरमा नियुक्ति

(ड) पुरस्कार र उपाधि

(छ) क्याम्ब्रिजमा खगोल अध्ययन संस्थानको सदस्यमा नियुक्ति

(क) विद्यालयीय शिक्षा

(च) प्रेरणादायी वक्तव्य

(घ) विद्यावारिधि

(झ) दाम्पत्य जीवन

(ञ) पुस्तक र शोधपत्रको प्रकाशन

(ट) ब्रह्माण्डसम्बन्धी मौलिक मान्यता

(ठ) सम्भावित विपत्तिबाट बच्न मानव समुदायलाई गरेको आग्रह

२. पाठ पढी दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) हकिङको जन्म कहाँ भएको थियो ?

(ख) हकिङलाई कुन रोग लागको थियो ?

(ग) हकिङले कुन तहसम्म अध्ययन गरेका थिए ?

(घ) हकिङले को कोसँग प्रेम सम्बन्ध गाँसे ?

(ङ) हकिङका प्रमुख तीन शक्तिशाली मान्यताहरू के के हुन् ?

(च) हकिङले पत्ता लगाएको मुख्य विषय के हो ?

३. उदाहरण हेरी दिइएको जीवनी अंश पढेर सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

(क) हकिङ बाल्यकालदेखि नै निकै जिज्ञासु र सिर्जनशील स्वभावका थिए । कुनै पनि यान्त्रिक वस्तुलाई गहिरिएर हेर्ने, त्यसको भित्री संरचनालाई बुझ्ने र तिनबाट बन्न सक्ने नयाँ वस्तुका बारेमा परिकल्पना गर्ने उनको बानी थियो । साथीहरूको सहयोग लिई उनले पुराना घडी तथा रेडियोका पार्टपुर्जाबाट कम्प्युटर बनाएका थिए र यसैबाट उनी अवधारणात्मक गणितीय समीकरणको समाधान गर्ने गर्थे । उनले आफूले खेल्ने गेम र हवाईजहाज, डुङ्गा आदिको नमुना पनि आफैँ बनाएका थिए । यस्तो सिर्जनशील कार्यबाट प्रभावित भएका उनका साथीहरू हकिङ आफ्नो संसारको रचना गरेर त्यसलाई चाहिने नियम आफैँ बनाउन सक्छन् भनेर उनलाई थप हौसला दिन्थे । उनका यस्ता कामबाट प्रभावित भएका शिक्षक उनलाई जन्मजात प्रतिभा भएको व्यक्ति मान्थे । साथीहरू चाहिँ उनलाई आइन्स्टाइन भनेर बोलाउँथे । घरमा बस्दा पनि उनी प्रायः शोधखोजमा नै तल्लीन भइरहन्थे । उनी आफ्ना साथीलाई लिएर साँझको समयमा घरको पछाडि जान्थे र आकाशका तारालाई हेरिरहन्थे । ब्रह्माण्डप्रतिको जिज्ञासाले उनलाई बाल्यकालदेखि नै घच्घच्याइरहेको थियो ।

प्रश्नहरू

*उदाहरण १*

(अ) हकिङ कस्तो स्वभावका थिए ?

| |
|---|
| उत्तर : हकिङलाई उनका साथीहरूले आइन्स्टाइन भन्ने गर्थे । आइन्स्टाइन जस्तै हकिङ पनि नियमित रूपमा आफ्नो लक्ष्यप्राप्तिका निम्ति कुनै न कुनै काम गरिरहन्थे । उनी आफूलाई चाहिने उपकरणहरू आफैँ बनाएर प्रयोग गर्थे । पुराना वा बिग्रिएका घडी र रेडियोका उपकरणहरू जम्मा गर्थे । त्यसलाई पुन: प्रयोग गरेर अर्को नयाँ वस्तु बनाउँथे । त्यसैको उपलब्धिका रूपमा कम्प्युटर निर्माण भयो । यसैबाट उनले अवधारणात्मक गणितीय समीकरणको समाधान गरे । यस्ता कार्यहरू देखेर उनका साथीहरू पनि आश्चर्यचकित हुन्थे । त्यतिमात्र होइन, उनलाई आवश्यक पर्ने गेम, डुङ्गा, हवाइ जहाज आदि गरिएका सामग्रीहरू नै उनी आफैँले निमार्ण गरेर प्रयोगमा ल्याउँथे । हकिङका शिक्षकले समेत उनलाई जन्मजात प्रतिभा भएको व्यक्ति भनेर प्रशंसा गरेका थिए । उनी समयको पालना गर्ने व्यक्ति जिए । कुनै पनि समयलाई खेर जान दिँदैनथे । साँझपख साथीहरूलाई घरपछाडि लैजाने र आकाशका तारामण्डललाई नियालेर घन्टौँसम्म हेरिरहन्थे । यसैबाट उनमा ब्रह्माण्डको सृष्टिसम्बन्धी जिज्ञासा प्राप्त भएको हो । हकिङको यस्तो स्वभाव देखेर नै साथीहरूलाई उनलाई आइन्स्टाइन भनेका हुन् । |

(ख) हकिङले ब्रह्माण्डको उत्पत्ति र संरचनासम्बन्धी गहिरो अध्ययन गरी यससम्बन्धी आफ्ना मौलिक मान्यता प्रस्तुत गरेका छन् । ब्रह्माण्डको उत्पत्ति निश्चित परिभाषित सिद्धान्तअनुसार भएको मान्यता राख्ने हकिङले यसको उत्पत्ति सर्वाधिक घनत्वको अवस्थामा रहेको कुनै बिन्दुबाट भएको र त्यसको अन्त्य पनि त्यस्तै बिन्दुमा हुने बताएका छन् । यस बिन्दुलाई वैज्ञानिकले सिङ्गुलारिटीको संज्ञा दिएका छन् । क्वान्टम पुञ्जका रूपमा रहेकाले सर्वाधिक घनत्वको अवस्थामा रहेको यस बिन्दुलाई हकिङले ब्ल्याकहोल भनेका छन् । उनले ब्ल्याकहोल अत्यन्त भारयुक्त ताराको अवसानपछि निर्माण हुने भएकाले तारा अनन्त भए झैँ ब्ल्याक होल पनि अनन्त हुन सक्ने र तीमध्ये केही ब्ल्याकहोलमा महाविस्फोटन भई ब्रह्माण्डको उत्पत्ति हुने मान्यता राखेका छन् । हकिङले सुरुमा आइन्स्टाइनले भने झैँ ब्ल्याकहोलभित्रको स्थान, समय र गुरुत्वाकर्षणको प्रबलताका कारण त्यसभित्र छिरेको प्रकाशसमेत बाहिर ननिस्कने र त्यसले सबै चिज आफूमा समाहित गर्ने भएकाले त्यसको भार बढ्छ भन्ने धारणा राखेका थिए । पछि उनले यस सम्बन्धमा आफ्ना मौलिक विचार प्रस्तुत गरे । उनले अधिक गुरुत्व शक्तिले गर्दा ब्ल्याकहोलभित्र हरेक चिज खुम्चिएर रहेका हुने र अझ खुम्चँदै जाँदा त्यसबाट विकिरण उत्सर्जन हुन्छ भन्ने पत्ता लगाए । उनकै नाममा यस विकिरणको नाम पनि 'हकिङ्स रेडियसन' राखियो । ब्ल्याकहोलमा महाविस्फोटन भएर उत्पन्न भएको ब्रह्माण्ड खुम्चँदै गएर पुन: ब्ल्याकहोलमा परिणत भएपछि त्यसको अन्त्य हुने विचार पनि उनले प्रस्तुत गरे । हकिङले प्रस्तुत गरेको यो विचार र संसारकै

प्राचीनतम ग्रन्थ 'ऋग्वेद' मा प्रस्तुत भएको सृष्टिसम्बन्धी दृष्टिमा निकै समानता रहेको देखिन्छ । 'ऋग्वेद' मा 'यस संसारको सृष्टि हुनुपूर्व अन्धकारले ढाकिएको अत्यन्त सघन ऊर्जाशील अन्धकार थियो । यही अन्धकारबाट चारैतिर फैलिएको किरण पदार्थमा परिणत भएपछि संसारको सृष्टि भयो ।' भनिएको छ ।

प्रश्नहरू

(अ) हकिङले ब्रह्माण्डसम्बन्धी के कस्तो मान्यता अघि सारेका छन् ?

(आ) ब्ल्याकहोल भन्नाले के बुझिन्छ ?

(ग) दिइएको जीवनी अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

हकिङले पृथ्वीमा आइपर्ने सम्भावित विपत्तिबाट बच्न मानव समुदायलाई बारम्बार सचेत गराउने गर्थे । उनले परमाणुयुद्ध, विश्वव्यापी तापक्रम वृद्धि, प्रकृति विरुद्धका मानवीय गतिविधिका कारण पृथ्वीमा मानव जीवन खतरामा रहेको बताएका छन् । यसैले यसतर्फ समयमै सचेत हुन आग्रह गरेका छन् । यस्तै उनले मानिसलाई कृत्रिम बुद्धिमत्तापूर्ण रोबोटको निर्माणमा सचेत हुनुपर्ने बताएका छन् । कृत्रिम बुद्धिमत्तापूर्ण रोबोट मानिसको दिमागका उपज हुन् तर यिनीहरूको स्मरण र विश्लेषणात्मक सामर्थ्य मानिसको भन्दा धेरै हुँदै गइरहेको छ । मानिसले गर्न सक्ने सबै काम यी यन्त्रहरू सजिलै गर्न सक्छन् । यसैले उनी कृत्रिम बुद्धिमत्ताले मानिसलाई नभई मानिसले कृत्रिम बुद्धिमत्तालाई नियन्त्रण गर्नुपर्ने मान्यता बारम्बार दोहो-याइरहन्थे ।

प्रश्नहरू

(अ) पृथ्वीमा मानव जीवन खतरामा पर्नुका कारण के के हुन् ?

(आ) हकिङले मानिसलाई किन कृत्रिम बुद्धिमत्तापूर्ण रोबोटको निर्माणमा सचेत हुन आग्रह रेका हुन् ?

(घ) दिइएको जीवनी अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

हकिङ पृथ्वीमा आइपर्ने सम्भावित विपत्तिबाट बच्न मानव समुदायलाई बारम्बार सचेत गराउने गर्थे । उनले परमाणुयुद्ध, विश्वव्यापी तापक्रम वृद्धि, प्रकृति विरुद्धका मानवीय गतिविधिका कारण पृथ्वीमा मानव जीवन खतरामा रहेको बताएका छन् । यसैले यसतर्फ समयमै सचेत हुन आग्रह गरेका छन् । यस्तै उनले मानिसलाई कृत्रिम बुद्धिमत्तापूर्ण रोबोटको निर्माणमा सचेत हुनुपर्ने बताएका छन् । कृत्रिम बुद्धिमत्तापूर्ण रोबोट मानिसको दिमागका उपज भए पनि स्मरण र विश्लेषणात्मक सामर्थ्य मानिसको भन्दा धेरै हुँदै गइरहेको छ । मानिसले गर्न सक्ने सबै काम यी यन्त्रहरू सजिलै गर्न सक्छन् । यसैले उनी कृत्रिम बुद्धिमत्ताले मानिसलाई नभई मानिसले कृत्रिम बुद्धिमत्तालाई नियन्त्रण गर्नुपर्ने मान्यता बारम्बार दोहो-याइरहन्थे ।

*प्रश्नहरू*

(अ) हकिङले मानव जीवन किन खतरामा रहेको बताए ?

(आ) कृत्रिम बुद्धिमत्तालाई किन नियन्त्रण गर्नुपर्छ ?

४. उदाहरण हेरी तलका प्रश्नहरूको समीक्षात्मक उत्तर लेख्नुहोस् :

*उदारण*

(क) “दृढ इच्छा शक्ति, ज्ञानशक्ति र क्रियाशक्तिका सामु शारीरिक रोग शक्तिहीन हुन्छ ।” यस भनाइलाई पाठका आधारमा पुष्टि गर्नुहोस् :

उत्तर : कुनै पनि कार्य गर्न शारीरिक अङ्गहरू सबल र सक्षम हुनु आवश्यक छ तर कहिलेकाहीँ शारीरिक रूपमा कमजोर वा अशक्त भएका व्यक्तिहरू पनि शक्तिशाली र अरू व्यक्तिहरूभन्दा सशक्त भइदिन्छन् । त्यस्ता प्रतिभावान् व्यक्तिहरूमध्ये स्टिफन विलियम हकिङ पनि एक हुन् । मानिसमा चाहना र आफ्नो लक्ष्यप्रति सङ्घर्षशील भइरहने क्षमता भएमा शारीरिर अशक्त भएर पनि सफल र सक्षम बन्न सकिन्छ भन्ने ज्वलन्त उदाहरण हुन् – हकिङ । उनको जन्म सन् १९४२ जनवरी ८ मा बेलायतमा भएको थियो ।

स्नातक तहमा अध्ययन गर्दादेखि नै हकिङलाई शारीरिक रूपमा कमजोर भएको अनुभव हुन थाल्यो । उनी हिँडडुल गर्दा असहज भए जस्तो महसुस गर्न थाले । उपचार गर्दै आफ्नो अध्ययनको क्रमलाई भने उनले निरन्तरता दिइरहे । विद्यावारिधि अध्ययन गर्ने क्रममा उनलाई रोगले अझ च्याप्दै लग्यो । सन् १९६३ तिर उनको बेली लर्बरिन थाल्यो । आँखाहरू तिर्मिराउन थाले । उनी स्नायुसम्बन्धी रोगबाट पीडित भएको प्रमाणित भयो । यस रोगले उनलाई बिस्तारै गलाउँदै लग्यो । उनका अधिकांश शारीरिक अङ्गहरूले काम गर्न छोडे । उनी लठ्ठीको सहारामा हिँड्दाहिँड्दै ह्विलचेयरमा बसेर यात्रा गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भयो । अन्ततः श्वासनदी बन्द भएर उनी मृत्युको मुखमा पुग्ने अवस्थामासमेत पुगे । चिकित्सकले उनको दुई वर्षमात्र आयु रहेको घोषणासमेत गरे । यस बखतमा हकिङभित्र एक किसिमको उदासिनता, निराशा उत्पन्न भयो तर उनी विद्यावारिधि अध्ययन गरिरहेका हुनाले अचानक उनीभित्र प्रबल इच्छाशक्ति उदय भयो । त्यही इच्छाशक्तिका कारण उनी विद्यावारिधि उपाधि हासिल गर्न सफल भए । रोग निको नहुने भएपछि उनमा निराशाको बदला बाँचुन्जेल कुनै सकारात्मक काम गर्ने इच्छाशक्तिको उदय भयो । यही इच्छाशक्तिकै कारण हकिङ विश्वप्रसिद्ध वैज्ञानिक बन्न पुगे ।

शारीरिक असक्षमतालाई हकिङले कहिले पनि रोगका रूपमा लिएनन् । उनले शारीरिक अशक्ततालाई कहिल्यै पनि दुर्भाग्य सम्झेनन् । उनी सधैँ अध्ययन, अनुसन्धानमा नै व्यस्त रहे । उनीभित्र इच्छाशक्तिको उदयसँगै ज्ञानशक्ति र क्रियाशक्ति प्रबल रूपमा देखियो । ज्ञानशक्तिबाट नयाँ तथ्य पत्ता लगाउन सकिन्छ भन्ने उनमा पूर्ण विश्वास थियो । क्रियाशक्तिले उद्देश्यलाई कार्यान्वयन गर्न ठुलो भूमिका खेल्ने कुरामा उनी पूर्ण विश्वस्त थिए साथै इच्छाशक्तिले काम गर्न सधैँ प्रेरणा दिन्छ र त्यही प्रेरणा जीवनको असल मार्गदर्शन भएर देखिने छ भन्ने विचार हकिङले अघि सारेका हुन् । त्यसैले हकिङ इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्तिको त्रिवेणी मानिन्छन् ।

इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्ति त्रिशक्तिका कारण हकिङमा लागेका रोगहरू सबै शक्तिहीन भए । रोगका कारण हकिङको जीवनले कहिल्यै विश्राम लिनु परेन । रोगले उनलाई जित्न सकेन बरु उनीभित्रको आत्मबलले रोगलाई परास्त गऱ्यो ।

सङ्घर्षशील जीवनकै कारण उनले ब्रह्माण्डका विषयमा नवीनतम ज्ञान प्राप्त गरे । यही नै हकिङको सफलता हो र दृढ इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्तिको संयोजनबाट प्रकट भएको मुख्य उपलब्धि पनि हो ।

(ख) स्टिफन विलियम हकिङको शिक्षादीक्षाका सम्बन्धमा समीक्षात्मक उत्तर लेख्नुहोस् ।

(ग) हकिङले मानवीय चेतनालाई नयाँ उचाइमा पुऱ्याउन गरेका योगदानको समीक्षा गर्नुहोस् ।

(घ) हकिङबाट प्राप्त गर्न सकिने प्रेरणाका विषयमा विवेचना गर्नुहोस् ।

५. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

संसारको सृष्टि कहिले भयो ? कसरी भयो ? केबाट भयो ? सृष्टि हुनुभन्दा अघि के थियो ? आदि प्रश्नहरू प्रायः सबै व्यक्तिका लागि जिज्ञासाका विषय हुन् । यसैले सृष्टिसम्बन्धी विभिन्न दृष्टिहरू प्रस्तुत हुनु स्वाभाविकै हो । सृष्टिसम्बन्धी प्रस्तुत भएका विभिन्न दृष्टिमध्ये पूर्वीय वाङ्मयका वैदिक ग्रन्थ र आधुनिक भौतिकशास्त्रीहरूको सृष्टिसम्बन्धी दृष्टि निकै मिल्दोजुल्दो देखिन्छ । आधुनिक भौतिकशास्त्रीहरूले ब्रह्माण्डको उत्पत्ति सर्वाधिक घनत्वको अवस्थामा रहेको कुनै बिन्दुबाट भएको र त्यसको अन्त्य पनि त्यस्तै बिन्दुमा हुने बताएका छन् । उनीहरूले सर्वाधिक घनत्वमा रहेको त्यस बिन्दुलाई ब्ल्याकहोल भनेका छन् । भौतिकशास्त्री आइन्स्टाइनले ब्ल्याकहोलको अधिकतम गुरुत्व शक्तिका कारण त्यसभित्र छिरेको प्रकाशसमेत बाहिर ननिस्कने र त्यसले सबै चिज आफूमा समाहित गर्ने भएकाले त्यसको भार बढ्छ भन्ने धारणा राखेका थिए । पछि हकिङले अधिक गुरुत्व शक्तिले गर्दा ब्ल्याकहोलभित्र हरेक चिजहरू खुम्चिएर खाँदिएर रहने र अझ खुम्चँदै जाँदा त्यसबाट विकिरण उत्सर्जन हुने तथा बिस्तारै ब्ल्याक होल नष्ट हुने बताए । विकिरण उत्सर्जन नगर्दा चाहिँ महाविस्फोटन भएर त्यसबाट नयाँ ब्रह्माण्डको सृष्टि पनि हुन सक्ने विचार व्यक्त गरे । भौतिकशास्त्रीको यो मान्यता 'ऋग्वेद' को सृष्टिसम्बन्धी दृष्टिसँग मिल्दोजुल्दो देखिन्छ । 'ऋग्वेद' मा 'सृष्टिपूर्व अन्धकारबाट ढाकिएको सघन अन्धकार थियो । त्यसभित्र आफ्नो शक्तिपुञ्जबाट निर्मित एक अत्यन्त ऊर्जाशील तत्त्व थियो । यही तत्त्वबाट चारैतिर फैलिएको किरण नै पदार्थमा परिणत भई संसारको सृष्टि भयो' भनिएको छ । 'ऋग्वेद' मा भनिएको अन्धकारबाट ढाकिएको ऊर्जाशील तत्त्व भौतिक शास्त्रीले भनेको सर्वाधिक घनत्वको अवस्थामा रहेको बिन्दुसँग मिल्छ । 'ऋग्वेद' मा उल्लेख गरिएको यही गतिशील र उर्जाशील तत्त्वलाई वेदान्त दर्शनले निर्गुण, निराकार ब्रह्म भनेको छ । वेदान्त दर्शनका अनुसार माकुराले आफ्नो सानो शरीरबाट ठुलो जालो बुनेर पुनः आफूमा विलीन गर्न सके झैँ निर्गुण, निराकार र ऊर्जापुञ्जका रूपमा रहेको ब्रह्म नै चारैतिर फैलिएको किरणका माध्यमबाट जीवन जगत्का रूपमा परिणत हुन्छ । प्रलयकालमा चाहिँ सङ्कुचनका माध्यमबाट ब्रह्मले नै सम्पूर्ण जीवन जगत्लाई पुनः आफूमै समाहित गर्छ । यसैले वेदान्त दर्शनमा सृष्टि, स्थिति र प्रलयको कारकका रूपमा ब्रह्मलाई लिइएको छ । भौतिक शास्त्रीहरूले पनि ब्ल्याकहोलमा रहेका उर्जाशील क्वान्टम पुञ्जको विस्फोटन हुँदा ब्रह्माण्ड बन्ने र सङ्कुचन भएपछि पुनः क्वान्टम पुञ्जमा परिणत हुने बताएका छन् । यसैले भौतिकवादीले मानेको क्वान्टम पुञ्ज र वेदान्त दर्शनले स्विकारेको ब्रह्मबिच निकै समानता रहेको देखिन्छ । वेदान्त दर्शनमा जीवन जगत्को सृष्टि, स्थिति र प्रलयको एकीकृत व्याख्या गर्ने 'ब्रह्मसूत्र' रहे जस्तै भौतिक शास्त्री

हकिङ पनि ब्रह्माण्डको उत्पत्ति, संरचना र प्रलयको एकीकृत व्याख्या गर्ने सिद्धान्त बनाउने प्रयत्नमा थिए । यस कार्यमा उनी यसमा सफल हुन सकेनन् । उनले उत्तरवर्ती अनुसन्धाताका लागि मार्गचित्र भने कोरिदिएका छन् ।

प्रश्नहरू

(क) आधुनिक भौतिक शास्त्रीहरूले ब्रह्माण्डको सृष्टि केबाट भएको बताएका छन् ?

(ख) वेदमा सृष्टिको कारक केलाई मानिएको छ ?

(ग) ब्रह्म र क्वान्टम पुञ्जबिच के समानता रहेको छ ?

(घ) वेदान्त दर्शनमा सृष्टि, स्थिति र प्रलयको एकीकृत व्याख्या गर्ने ग्रन्थलाई के नाम दिइएको छ ?

## बोध र अभिव्यक्ति

१. दिइएको अनुच्छेदबाट इच्छार्थक वाक्य टिप्नुहोस् र तिनलाई सम्भावनार्थकमा बदल्नुहोस् :

संसारका सबै व्यक्तिलाई आफूले पढ्न नपाए पनि आफ्ना छोराछोरीले राम्री पढुन् र असल व्यक्ति बनुन् र समाजका लागि केही गरुन् भन्ने इच्छा हुन्छ । अमेरिकी राष्ट्रपति अब्राहम लिङ्कनले आफ्नो छोरो पढ्ने विद्यालयका प्रधानाध्यापकलाई एउटा चिठी लेखेर यस्तै इच्छा व्यक्त गरेका थिए, "मेरो छोराले समाजका सबै मानिस एकै किसिमका हुँदैनन् भन्ने कुरा बुझोस् । सित्तैमा कमाएको ५० डलरभन्दा परिश्रम गरी कमाएको एक डलर निकै मूल्यवान् हुन्छ भन्ने सम्झोस् । जतातिर हुल छ त्यतैतिर लाग्ने प्रवृत्तिले नछोओस् । ऊ दु:ख र कष्टमा पनि खुसी रहन सिकोस् । ऊ आफ्नो बुद्धि र सामर्थ्यमा विश्वास
गरोस् । यदि उसको उद्देश्य उपयुक्त र सही छ भने जस्तोसुकै विरोध भए पनि ऊ जिउज्यानले लागिपरोस् । उभित्र सत्य र न्याय प्राप्तिका लागि सङ्घर्ष गर्न सक्ने दृढशक्तिको विकास होस् । ऊसँग नम्र व्यहार गर्नुहोस् तर उसले टाउकामा टेक्ने गरी चाहिँ होइन । सम्झाउनुहोस् आगाको लप्काबाटै फलाम खारिन्छ । उसभित्र साहस, केही गरूँ र सबै एकआपसमा मिलौँ भन्ने भावना भइरहोस् ।"

उत्तर :

इच्छार्थकका वाक्यहरू :

(क) आफ्ना छोराछोरीले राम्री पढुन् ।

(ख) असल व्यक्ति बनुन् ।

(ग) समाजका लागि केही गरुन् ।

(घ) मेरो छोराले समाजका सबै मानिस एकै किसिमका हुँदैनन् भन्ने कुरा बुझोस् ।

(ङ) सित्तैमा कमाएको ५० डलरभन्दा परिश्रम गरी कमाएको एक डलर निकै मूल्यवान् हुन्छ भन्ने सम्झोस् ।

(च) जतातिर हुल छ त्यतैतिर लाग्ने प्रवृत्तिले नछोओस् ।

(छ) ऊ दुःख र कष्टमा पनि खुसी रहन सिकोस् ।

(ज) ऊ आफ्नो बुद्धि र सामर्थ्यमा विश्वास गरोस् ।

(झ) यदि उसको उद्देश्य उपयुक्त र सही छ भने जस्तोसुकै विरोध भए पनि ऊ जिउज्यानले लागिपरोस् ।

(ञ) उभित्र सत्य र न्याय प्राप्तिका लागि सङ्घर्ष गर्न सक्ने दृढशक्तिको विकास होस् ।

(ट) उसभित्र साहस, केही गरूँ र सबै एकआपसमा मिलौँ भन्ने भावना भइरहोस् ।

सम्भावनार्थका वाक्यहरू :

(क) आफ्ना छोराछोरीले राम्ररी पढ्लान् ।

(ख) असल व्यक्ति बन्लान् ।

(ग) समाजका लागि केही गर्लान् ।

(घ) मेरो छोराले समाजका सबै मानिस एकै किसिमका हुँदैनन् भन्ने कुरा बुझ्ला ।

(ङ) सित्तैमा कमाएको ५० डलरभन्दा परिश्रम गरी कमाएको एक डलर निकै मूल्यवान् हुन्छ भन्ने सम्झेला ।

(च) जतातिर हुल छ त्यतैतिर लाग्ने प्रवृत्तिले नछोला ।

(छ) ऊ दुःख र कष्टमा पनि खुसी रहन सिक्ला ।

(ज) ऊ आफ्नो बुद्धि र सामर्थ्यमा विश्वास गर्ला ।

(झ) यदि उसको उद्देश्य उपयुक्त र सही छ भने जस्तोसुकै विरोध भए पनि ऊ जिउज्यानले लाग्ला ।

(ञ) उभित्र सत्य र न्याय प्राप्तिका लागि सङ्घर्ष गर्न सक्ने दृढशक्तिको विकास होला ।

(ट) उसभित्र साहस, केही गरूँ र सबै एकआपसमा मिलौँ भन्ने भावना होला ।

### भाव

वक्ताको सामान्य, इच्छा, आज्ञा, सम्भावना र सङ्केतको मनोभाव वा मनसायलाई व्यक्त गरेको छ । यसरी हेर्दा क्रियाका अर्थहरू पाँच प्रकारका हुन्छन् :

(क) सामान्यार्थ

१. विनोद पोखरा जान्छ ।

२. हामी कथा लेख्दै छौँ ।

३. तिमीले सिनेमा हेरेका छौ ।

४. तैँले परीक्षा लेखिस् ।

५. तपाईँ आउँदै हुनुहुन्थ्यो ।

६. त्यो केही कुरा भन्ने छ ।

माथिका वाक्यहरू सामान्यार्थक हुन् ।

(जुन क्रियापदबाट सामान्य सूचना वा तथ्य मात्र बुझिन्छ, त्यसलाई सामान्यार्थ भनिन्छ ।)

(ख) आज्ञार्थ/विध्यर्थ

१. तँ कुर्सीमा बस् । २. तिमी कथा भन ।

३. तिमीहरू मिठाई खाओ । ४. तपाईँ मेरो घरमा आउनुहोस् ।

५. तैँले राम्रो कामा गर्नू । ६. रघुवीर मलाई हेर ।

माथिका वाक्यहरू आज्ञार्थक हुन् ।

*(जुन क्रियापदबाट आज्ञा, आदेश, अनुरोध, बिन्ती आदि भाव बुझिन्छ, त्यसलाई आज्ञार्थ भनिन्छ ।)*

(ग) इच्छार्थ/विध्यर्थ

१. म कविता पढूँ । २. हामी बजार जाऔँ ।

३. तँ राम्ररी पढेस् । ४. तिमी समाजसेवा गरे ।

५. तपाईँ हामीलाई कविता सिकाउनुहोओस् । ६. ऊ समाचार पढोस् ।

माथिका वाक्यहरूले इच्छार्थलाई बुझाउँछन् । :

(जुन क्रियापदबाट वक्ता वा कर्ताको मनको इच्छा वा प्रार्थना बुझिन्छ, त्यसलाई इच्छार्थ भनिन्छ ।)

(घ) सम्भावनार्थ

१. म विद्यालय जाउँला / म गाउँ घुमुँली ।

२. हामी सोफामा बसौँला ।

३. तँ विदेशबाट आउलास् / तँ घुम्न जालिस् ।

४. तिमी राम्ररी पढौला /पढौली / तिमीहरू कविता लेखौला ।

५. उनीहरू कथा भन्लान् ।

माथिका वाक्यहरूले सम्भावनार्थलाई बुझाउँछन् ।

(जुन क्रियापदबाट सम्भावना वा अनुमान बुझिन्छ, त्यसलाई सम्भावनार्थ भनिन्छ ।)

(ङ) सङ्केतार्थ

(अ) तिमी आयौ भने म पनि आउँछु ।

(आ) बादल लागे पानी पर्छ ।

(इ) राम्ररी पढे उत्तीर्ण भइन्छ ।

(ई) आज घाम लागे हुन्थ्यो ।

माथिका वाक्यहरूले सङ्केतार्थलाई बुझाउँछ ।

(जुन क्रियापदले कार्यकारण सम्बन्धलाई जनाउँछ, त्यसलाई सङ्केतार्थ भनिन्छ ।)

१. तलको अनुच्छेदका वाक्यलाई आवश्यक वाक्यढाँचासहित इच्छार्थमा परिवर्तन गर्नुहोस् :

मेरो भाइ विदेश गएको छ । उसले धेरै पैसा कमाइ सक्यो । ऊ नेपाललाई माया गर्छ । यस वर्ष उसले नेपाल आउने योजना बनाउँछ ।

२. तलको अनुच्छेदका वाक्यलाई सम्भावनार्थमा परिवर्तन गरी वाक्यढाँचा पनि मिलाउनुहोस् :

म असल मानिस बन्छु । तिमी पनि आफ्नो कर्तव्य पालना गर्ने छौं । तपाईं हामीलाई सहयोग गर्नुहुन्छ । ऊ पनि सहयोग गर्छ ।

३. तलको अनुच्छेदका वाक्यलाई सामान्यार्थमा परिवर्तन गरी वाक्यढाँचा पनि मिलाउनुहोस् :

तिमी असहायलाई मदत गर । साथीभाइसँग मिलेर बस । आमाबाबाको आज्ञा मान । सानालाई माया गर्न सिक ।

४. तलको अनुच्छेदका वाक्यलाई आज्ञार्थमा परिवर्तन गर्नुहोस् :

तिमी उसलाई साथ दिन्छौ । तँ पनि सहयोग गर्छस् । तिमी उसलाई असल बाटो देखाउँछौ । तपाईं पनि मदत गर्नुहुन्छ ।

५. तलको अनुच्छेदका वाक्यलाई सङ्केतार्थमा परिवर्तन गरी वाक्यढाँचा पनि मिलाउनुहोस् :

देशमा शान्ति छाउँछ, सबै खुसी हुन्छन् । समृद्ध नेपाल बन्छ, कोही भोको हुँदैनन् । समाजसेवी सेवामा लाग्ने छन् । देशको नेतृत्वले रामराज्य सञ्चालन गर्ने छन् ।

६. दिइएको अनुच्छेदलाई सम्भावनार्थमा बदल्नुहोस् :

जीवनमा सफल हुन चाहने प्रत्येक मान्छेले 'मिहिनेत गरे सफल भइन्छ' भन्ने विचारका साथ अघि बढ्नुपर्छ । 'काममा लागे असफल पनि हुन सकिन्छ' भन्ने डर लिए कहिल्यै सफल हुन सकिँदैन । लडाइँमा लडे विजय प्राप्त हुन्छ भन्दै अघि बढेर सफल हुने व्यक्तिमध्ये नेपोलियन बोनापाट पनि एक थिए । मध्यम वर्गीय परिवारमा जन्मेका उनी नेपोलियन प्रथमका रूपमा फ्रान्सका राजा भए ।

७. दिइएका वाक्यलाई सामान्यार्थमा बदल्नुहोस् :

तिमी परिश्रम गर, आफ्नो क्षमतालाई सिर्जनशील काममा लगाऊ । पढ्ने समयमा पढ, नबुझेको कुरा सोध, खेल्ने समयमा खेल । तिमी जहिलेदेखि मैले भनेको यो कुरा मानौला र गरौला । त्यसपछि नै सुखी पनि होउला ।

८. दिइएका वाक्यलाई सङ्केतार्थमा बदल्नुहोस् :

हामी पानीमा भिज्छौं । बाटामा हिलो हुन्छ । हामी चिप्लिएर लड्न सक्छौं । यसैले हामी सावधान भएर हिँडौं र हिलामा पछारिनबाट बचौं ।

९. इच्छार्थ क्रियापदको प्रयोग गरी मैले चाहेको नेपाल' शीर्षकमा एउटा अनुच्छेद लेख्नुहोस् ।

## सिर्जना/परियोजना

१. आफूले चिनेजानेका कुनै विशिष्ट व्यक्तिका विषयमा खोज गरी एउटा जीवनी तयार पार्नुहोस् ।

२. तपाईँले पढेका जीवनीहरूमध्ये आफूलाई मन पर्ने कुनै व्यक्तिका बारेमा समालोचनात्मक लेख लेख्नुहोस् ।

पाठ ७

# हामीलाई बोलाउँछन् हिमचुली

**परिचय**

राष्ट्रकवि माधवप्रसाद घिमिरे (१९७६–२०७७) द्वारा संरचित 'हामीलाई बोलाउँछन् हिमचुली' कविता गीति लयमा लेखिएको प्रकृतिपरक रचना हो । स्वच्छन्दतावादी तथा परिष्कारवादी कवि घिमिरेले कविता, खण्डकाव्य, नाटक जस्ता थुप्रै विधामा कलम चलाएका छन् । प्रकृतिलाई आत्मसात गर्ने घिमिरेका कवितामा मानवतावादी चिन्तन, राष्ट्रिय भावना, देशप्रेम, जीवन दर्शन, सांस्कृतिक मोहका साथै कोमलता, सरसता तथा सूक्तिमयता जस्ता विशेषताहरू पाइन्छन् । घिमिरेको प्रस्तुत 'हामीलाई बोलाउँछन् हिमचुली' कविता प्रकृतिमा आधारित उत्कृष्ट रचना हो । हिमचुलीले हरेक नागरिकलाई आकर्षण गरिरहेको सन्दर्भलाई उल्लेख गर्दै हिमालको आकर्षणमा कवि उत्साहित भएको सन्दर्भ उल्लेख गरिएको छ । हिमाली उच्च शिखरमा पुग्न लालायित बनेका कवि उकालीको चिसो पानी पिउँदै देउरालीमा मिठो गीत गाउन पुग्छन् । वनका गोठाल्नीहरूसँग प्रीति जोड्दै इन्द्रेणीको रमणीय दृश्यमा रमाउँछन् । बुकी फूलको वासनाले कविलाई लठ्याउँछ । मुखमा तिरिन च्यापेका कस्तुरी र चमर हल्लाउँदै गरेका चौँरीसँग कविको मन जोडिएको छ । नागीहरू काटेर गुफाहरूमा बास बस्दै छहराको प्रतिध्वनिसँग मितेरी गाँसेका घिमिरेको मन हिमाली चुचुरो पुग्न आतुर देखिन्छ । हिमाल आरोहण कठिन भए पनि आँट गरिसकेपछि लक्ष्यमा पुग्नुपर्ने सन्देशसँगै कहिल्यै नदेखेको दृश्य देख्ने अभिलाषाले कविलाई हिमाली चुचुरोतर्फ लक्षित गरेको छ । यसरी हिमाली सौन्दर्यले आकर्षण गरेको विषयलाई कविले लयात्मक शैलीमा प्रस्तुत गरेका छन् ।

### सिकाइ उपलब्धि

(क) पाठमा दिइएको कवितालाई लयबद्ध वाचन गर्न

(ख) पाठमा प्रयुक्त नयाँ शब्दहरूको शुद्धोच्चारण गर्न र शब्दार्थ बोध गरी वाक्यमा प्रयोग गर्न

(ग) गद्य र पद्य लयको तुलनात्मक बोध गर्न

(घ) कविताको भाव बोध गरी सो सम्बन्धी प्रश्नोत्तर गर्न

(ङ) कवितांशको व्याख्या गर्न

(च) पाठको अभ्यासमा निर्दिष्ट कार्यमूलक व्याकरण सम्बन्धी अभ्यास गर्न

(छ) पाठसँग सम्बन्धित तोकिएको परियोजना कार्य सम्पन्न गर्न

(ज) सिर्जनात्मक भाषिक अभिव्यक्ति सिपको विकास गर्न

(झ) कविताका पङ्क्तिहरूको भावबोधपछि तार्किक उत्तर दिन ।

मूल पाठ (कविता)

# हामीलाई बोलाउँछन् हिमचुली

*– माधवप्रसाद घिमिरे*

हामीलाई बोलाउँछन् हिमचुली राम्रा
उकालीमा उचालिन्छन् हल्का पाइला हाम्रा ।

उकालीको चिसो पानी अँजुलीले खाउँला
देउरालीको बिसौनीमा सुसेलीले गाउँला
वनभित्र ढुङ्गामाथि गाउलिन् गोठालिनी
गाईलाई बोलाउलिन् लाला, ओदी, निनी !

उनी सोध्लिन् हामीलाई कहाँ जाने दाइ
भन्नुपर्ला हिमालको बुटी खोज्नलाई
डोरेटामा कस्तूरीले तिरिन च्यापी हेर्लान्
पातपातै चरा नाच्ने पातलले घेर्लान् ।

टाकुरामा कुहिराको दौडादौडी होला
लेकदेखि इन्द्रनीले वनबेँसी छोला
भेडा चर्लान् निगालाको टुप्पा हिलाएर
चम्री चर्लान् चमरको झुपा झुलाएर ।

मग मग बुकी फूलको वासनाले ढाक्ला
उत्तरमा झुक्ने धुपी उत्तरैमा डाक्ला
नागियुँमा उक्लियौँला नेटो काटी आफैँ
जहाँबाट प्वाँख खोल्छ नउरङ्गे डाँफे ।

हाम्रो होला राती राती ओडारमा वास
जहाँबाट फुटी आउँछ कस्तूरीको बास
भेट हुने छैनन् अब मान्छे कोही पनि
खालि बज्ला पहरामा छहराको ध्वनि ।
छङ्गाछुर भिरैभिर तलतिर होला

हावा आफैँ हराएर खगरमा होला
हामी खाउँला सामलतुमल झारझुर पारी
एकै बाजि फर्की हेरी जाउँला माया मारी ।

हिउँ बगी बगी हाम्रो बाटो रोकिदेला
विष लागी लागी सारा सास रोकिदेला
अघि बढौँ पाइलैपिच्छे मुटु हाम्रो हान्छ
पछि फर्कूँ यतिन्जेलको दुःखै खेर जान्छ ।

कल्ले आई हेर्छ हिउँमा पाइलाको छाप
के हिँडेछौँ नगरेर आफ्नो नापजाप
जो उठायौँ पाइला यो सो उठाइहाल्यौँ
ज्यान जोखिमको बाजी थाप्नु थापिहाल्यौँ ।

मर्नैपर्छ भने पनि पर पुगी मरौँ ।
नझुक्ने यो हिमालमा किन झुकी मरौँ
जति चढ्यो उति बाँकी हिमचुली शिखर
नदेखेको कुरा हेर्ने हामीलाई रहर ।

### कविताको भाव

कविवर माधवप्रसाद घिमिरेको प्रस्तुत 'हामीलाई बोलाउँछन् हिमचुली' प्रकृतिप्रेमी कविता हो । यो कविता नौओटा चार हरफे र एकओटा दुई हरफे श्लोकमा संरचना गरिएको छ । कविताको विषयवस्तु प्रकृति चित्रणमा केन्द्रित छ । स्वच्छन्दतावादी तथा प्रकृतिप्रेमी घिमिरेले यस कवितामार्फत प्रकृतिलाई कलात्मक रूपमा प्रस्तुत गरेका छन् । यो प्रकृतिपरक सुन्दर रचना हो । नेपाली लोकलयमा आधारित यस कवितामा मानव र प्रकृतिका बिच घनिष्ट सम्बन्ध देखाइएको छ । नेपाल हिमाली प्रदेश भएकाले नेपालको भौगोलिक सुन्दरताप्रति आकर्षित प्रस्तुत कविता हिमाली सौन्दर्यको सेरोफेरोमा केन्द्रित प्रकृतिपरक रचनाका रूपमा परिचित छ । हिमचुलीको काखमा रहेको हिमाली भूभाग सधैँ हराभरा देखिन्छ र त्यही हराभरा प्रकृतिले लेखकको मनलाई आकर्षण गरेको छ । पहाडी घना वनजङ्गलले घेरिएको अतिसुशोभित नेपाली भूमिलाई कविले भूस्वर्ग मानेका छन् । आन्तरिक तथा बाह्य पर्यटनहरूको आकर्षणको केन्द्रबिन्दु मानिएको हिमाली भूभागले नेपाललाई सुन्दरताको उचाइमा पुऱ्याएर विश्वसामु परिचित गराएको छ । हिमाल झैँ अटल, स्थिर र निश्छल स्वभाव भएका हामी नेपालीहरूको स्वभावलाई समेत उच्च

शिखरसँग तुलना गरिएको छ । नेपालीको वीरत्व संसारसामु कहिल्यै नझुक्ने सन्देशका साथ शिखर चुम्न खोज्ने नेपालीहरूको चाहनालाई कसैले पनि रोक्न नसक्ने सन्देश प्रस्तुत गरिएको छ । प्राकृतिक वातावरणले मानिसमा पार्ने सकारात्मक प्रभाव नै यस कविताको सौन्दर्य पक्ष हो । सुन्दर चाँदी झैं टल्किने हिमशृङ्खलाको सौन्दर्यमा हरेक पर्यटकहरू मोहित हुन्छन् । नेपाललाई सौन्दर्यका दृष्टिले तेस्रो ध्रुवका रूपमा स्विकारिएको यस कविताले विश्वलाई नै मोहित पार्ने प्रकृतिको जीवन्त चित्रण गरिएको छ । प्रकृतिलाई कलात्मक रूपमा वर्णन गर्दै हरेक मानवको आकर्षणको केन्द्रबिन्दु मानिएको नेपालमा पाइने बहुमुल्य जडीबुटीले नेपालको महिमालाई सगरमाथा झैं चुल्याएको छ । कस्तूरीको सुगन्धले नेपाली भूमि नै सुगन्धमय बनेको छ भने हिमाली अमृततुल्य हावापानीले सञ्जीवनीको काम गरेको छ । हिमाली प्रकृतिका विविध सौन्दर्यभित्रका खानी मानिने उकाली, ओराली, भन्ज्याङ, चौतारी, देउराली आदिमा कवि सुसेली हाल्दै वनपाखा घन्काउन चाहन्छन् । प्राकृतिक सौन्दयमा रमाउने नेपालीहरू हिमाली वनस्पति र वन्यजन्तु झैं स्वच्छन्द र स्वतन्त्र छन् । मृगका बथानको स्वच्छन्द विचरणले कविमा उत्साह थपेको छ । धुपी र सल्लाको सुसेली तथा गुफा, कुनाकन्दराको अलौकिक सौन्दर्यमा लेखक डुबेका छन् । हिमाली प्रकृति वीरताको प्रतीक हो भन्ने विषयमा कवि विश्वस्त छन् । हिमाल आस्थाको धरोहर हो, प्रतिष्ठाको चुली हो तथा स्वाभिमानको स्तम्भ हो भन्ने विषयमा कविको उच्च स्वर मुखरित भएको छ । हिमालको अटलता, अदम्य साहसीपन र अवर्णनीय सौन्दर्यमाथि मुक्तकण्ठले प्रशंसा गर्दै हिमाली भेगको महत्त्वलाई दर्साउनु नै यस कविताको मूल भाव हो ।

## शब्दभण्डार

१. दिइएका शब्दहरूको अर्थबोध गर्नुहोस् :

| | | |
|---|---|---|
| देउराली | : | थुम्की वा भन्ज्याङ परेको ठाउँ वा डाँडो |
| बुटी | : | साना बोटबिरुवा |
| तिरिन | : | घाँस, पराल आदिको थोरै अंश |
| पातल | : | सधैँ हराभरा भइरहने लेकको सेपिलो जना जङ्गल |
| निगालो | : | प्राय: लेकमा पाइने एक जातको मसिनो बाँस |
| नागियुँ | : | चौंरी गाई चर्ने ठाउँ |
| नेटो | : | पहाडको आँखाले देख्न भ्याएसम्मको भिरालो ठाउँ |
| खगर | : | हिउँले नौ महिना ठाकिने र तीन महिनामात्र हिउँ नहुने ठाउँ |
| सामलतुमल | : | खानेकुरा |

२. दिइएका शब्दसँग मिल्ने अनुप्रासयुक्त शब्द पाठबाट खोज्नुहोस् :

जान्छ, होला, हिलाएर, ढाक्ला, ध्वनि, पारी, हान्छ

३. दिइएका शब्दको पर्यायवाची शब्द पाठबाट खोज्नुहोस् :

श्वास, पन्छी, प्रेम, निशा, मनुष्य, जवाफ

## बोध र अभिव्यक्ति

१. 'हामीलाई बोलाउँछन् हिमचुली' कविता लय मिलाई वाचन गर्नुहोस् :

२. कविताको पाँचौँ श्लोक सुन्नुहोस् र तिनमा वर्णन गरिएका विषयका बारेमा छलफल गर्नुहोस् ।

३. 'हिउँ बगी बगी ...' कवितांश सुन्नुहोस् र त्यहाँ भनिएका कुरालाई आफ्नै भाषामा भन्नुहोस् ।

४. तलको कवितांश पढी सोधिएका प्रश्नहरूको उत्तर भन्नुहोस् :

कल्ले आई हेर्छ हिउँमा पाइलाको छाप<br>
के हिँडेछौँ नगरेर आफ्नो नापजाप<br>
जो उठायौँ पाइला यो सो उठाइहाल्यौँ<br>
ज्यान जोखिमको बाजी थाप्नु थापिहाल्यौँ।

प्रश्नहरू

(क) कवितांशमा केमा परेका छाप भनिएको छ ?

(ख) केको नापजाप गरिएका रहेन छ ?

(ग) उठाएको पाइलालाई के गर्नुपर्छ ?

(घ) माथिको कवितांशको मुख्य आशय के हो ?

५. तलको कवितांशमा के कस्ता जनावरहरूको चित्रण गरिएको छ, वर्णन गर्नुहोस् :

टाकुरामा कुहिराको दौडादौडी होला<br>
लेकदेखि इन्द्रनीले वनबैँसी छोला<br>
भेडा चर्लान् निगालाको टुप्पा हिलाएर<br>
चम्री चर्लान् चमरको झुपा झुलाएर ।

६. उदाहरणअनुसार तलको कवितांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

*उदाहरण*

(क) हाम्रो होला राती राती ओडारमा वास<br>
जहाँबाट फुटी आउँछ कस्तूरीको बास<br>
भेट हुने छैनन् अब मान्छे कोही पनि

खालि बज्ला पहरामा छहराको ध्वनि ।

प्रश्नहरू

(अ) माथिको कवितांशमा कस्तो प्राकृतिक परिवेशको चित्रण गरिएको छ ?

उत्तर : माधवप्रसाद घिमिरेद्वारा लिखित 'हामीलाई बोलाउँछन् हिमचुली' कविताका मार्मिक पङ्क्तिहरूमध्ये माथिको कवितांशले नेपाली प्राकृतिक परिवेशको चित्रण गरेको छ । नेपाल विविधतापूर्ण रहस्यले भरिएको भौगोलिक परिवेशपूर्ण भूमि हो । हिमालदेखि तराईसम्मका विविध क्षेत्रको बेग्लै संरचना छ । बेग्लाबेग्लै भौगोलिक संरचनाले पर्यटकहरूलाई बेग्लै स्वाद दिन्छन् । कवि घिमिरेले माथिको पङ्क्तिमा व्यक्त गरेअनुसार हिमाली यात्राका सन्दर्भमा विविध गुफा वा ओढारहरू भेटिन्छन् । त्यस क्षेत्रमा यात्रा गर्ने हरेक नागरिकहरूको विश्राम गर्ने वा बासस्थान नै ओढार हो । ती ओढारहरू ठुला ठुला पहराभित्र संरचित हुन्छन् । जहाँ मानिसहरूको बसोबास हुँदैन । न त कुनै मानिसका आवासहरू नै हुन्छन् । मानिसहरूको आवाससम्म सुन्न नपाइने त्यस क्षेत्रमा यात्रीहरूले बोलेको आवाज पहरामा ठोक्किएर प्रतिध्वनित हुन्छ । त्यही प्रतिध्वनि नै त्यस क्षेत्रको मानवीय चहलपहल हो । मानवविहीन एकान्त वा प्रकृतिको सुनसान अवस्थालाई माथिको कवितांशले चित्रण गरेको छ । प्रकृति आफैँमा पूर्ण छ । मानवविहीन भएर पनि प्रकृतिले आफ्नो कर्तव्य बिर्सेको छैन । प्रकृति आफू निरन्तर कर्ममा क्रियाशील भइरहन्छ । मानिस त्यही प्रकृतिको सहारा लिन्छ । त्यही ओढारमा आफ्नो जिउको सुरक्षा भेट्छ । पहराको प्रतिध्वनिमा जीवन भेट्छ । यसरी मानवविहीन भएको जीवन्त र क्रियाशील प्रकृतिको चित्रणले माथिको कवितांशले प्रस्तुत गरेको परिवेश हो ।

(आ) जहाँबाट फुटी आउँछ कस्तूरीको बास भन्नुको तात्पर्य के हो ?

'हामीलाई बोलाउँछन् हिमचुली' कविताका सर्जक माधवप्रसाद घिमिरेले प्रस्तुत कवितांशका माध्यमबाट नेपालमा पाइने कस्तूरी मृगको महत्तालाई साङ्केतिक रूपमा प्रस्तुत गरेका छन् । हिमाली यात्राका सन्दर्भमा ओढारमा बास बस्दा कस्तूरीको नाभीमा रहने दुर्लभ सुवासले यात्रीहरूलाई ऊर्जा थपिदिएको छ । कस्तूरी स्वयं दुर्लभ प्राणी हो । त्यसमा पनि कस्तूरीको नाभीमा रहने वासनादार वस्तु अझ दुर्लभ मानिन्छ तर हिमाल यात्राको क्रममा ओढारमा बास बस्दा कस्तूरीको सुगन्धले यात्रीहरू स्वयं वासनादार बनेका छन् । यो दुर्लभ वासनाले यात्रीहरूमा एक किसिमको शक्ति पैदा भएको छ । जुन कस्तूरीको सुगन्धको खोजीमा कस्तूरी स्वयं भौँतारिइरहेको हुन्छ । त्यस्तो सुगन्धमय ओढारको बास पनि यात्रीहरूका लागि दुर्लभ हुन सक्छ । कविले नेपाली जीवजन्तुको महत्त्वलाई स्पष्ट पार्दै नेपाली भूमिमा पाइने पशुपन्छी र ती प्राणीहरूको महिमालाई मुक्तकण्ठले प्रशंसा गरेका छन् । विशेषत: हिमाली भेगका दुर्लभ प्राणीहरूले नेपाली वनजङ्गलको महत्त्व बढ्दै गएको विषयप्रति कविको ध्यान केन्द्रित छ । यस कवितांशको तात्पर्य पनि यही नै हो ।

(ख) तलको कवितांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

टाकुरामा कुहिराको दौडादौडी होला
लेकदेखि इन्द्रनीले वनबेँसी छोला
भेडा चर्लान् निगालाको टुप्पा हिलाएर
चम्री चर्लान् चमरको झुपा झुलाएर ।

(अ) माथिको कवितांशमा प्रकृतिको कुन अवस्थाको चित्रण गरिएको छ ?

(आ) लेकका प्राणीहरूको चरन प्रक्रियाका सन्दर्भमा कविको कस्तो धारणा रहेको छ ?

(ग) तलको कवितांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

हिउँ बगी बगी हाम्रो बाटो रोकिदेला
विष लागी लागी सारा सास रोकिदेला
अघि बढौँ पाइलैपिच्छे मुटु हाम्रो हान्छ
पछि फर्कूँ यतिन्जेलको दुःखै खेर जान्छ ।

(अ) हिमाल चढ्दा के कस्ता अप्ठ्याराहरू सिर्जना हुँदा रहेछन् ?

(आ) यात्रीलाई किन पछि फर्किन मन लागेको छैन ?

(घ) दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

मर्नैपर्छ भने पनि पर पुगी मरौँ
नझुक्ने यो हिमालमा किन झुकी मरौँ
जति चढ्यो उति बाँकी हिमचुली शिखर
नदेखेको कुरा हेर्ने हामीलाई रहर ।

(अ) माथिको कवितांशमा नेपालीको कस्तो मानसिकताको चित्रण गरिएको छ ?

(आ) नेपालीले हिमचुलीबाट कस्तो प्रेरणा प्राप्त गरेका छन् ?

७. उदाहरणअनुसार तलको कवितांश पढी व्याख्या गर्नुहोस् :

*उदाहरण*

(क) उकालीको चिसो पानी अँजुलीले खाउँला
देउरालीको बिसौनीमा सुसेलीले गाउँला
वनभित्र ढुङ्गामाथि गाउलिन् गोठालिनी
गाईलाई बोलाउलिन् लाला, ओदी, निनी !

*उत्तर :* माधवप्रसाद घिमिरेको प्रस्तुत 'हामीलाई बोलाउँछन् हिमचुली' नामक कवितामा रहेको व्याख्येय पङ्क्तिले हिमाली प्रकृतिको प्रतिनिधित्व गर्छ । घिमिरे प्रकृतिवादी स्रष्टा हुन् र उनका कवितामा प्रकृतिका विविध पक्षको सुन्दर वर्णन पाइन्छ । प्रस्तुत कवितांशमा स्रष्टाले हिमाली प्रदेशको यात्रामा भेटिने चिसो पानी, देउराली, गोठाल्नी आदिको वर्णन गरेका छन् ।

हिमाली प्रदेशको आरोहणका क्रममा विभिन्न किसिमका प्राकृतिक परिवेशहरूसँग जम्काभेट हुन सक्छ । हिउँ पग्लेर आएको चिसो पानी यस क्षेत्रको वास्तविक परिचय हो । त्यहाँको स्वच्छ पानी एक अन्जुली पिउन पाउँदा सुकेको आँत रसाएर हरहर हुन्छ । त्यो पानीमा हिमालको शक्ति लुकेको हुन्छ । पवित्रताले बास गरेको हुन्छ र निर्मल भावनाको सन्देश पोखिएको हुन्छ । त्यसैले कवि हिमालको चिसो पानी एक अन्जुली पानी पिएर हिमाली यात्रामा निस्कन चाहन्छन् । यात्राका क्रममा देउराली भेटिन्छ । यात्राले थकित भएका यात्रीहरू देउराली पुगेर पुलपाती चढाई केहीबेर विश्राम गर्छन् । विश्रामका क्रममा आफूले जानेको भाकालाई सुसेलीका माध्यमबाट व्यक्त गर्दै सुरेलो भाकामा गीत गाउने गरिन्छ । देउराली नेपालीहरूका लागि आस्थाको केन्द्र पनि हो । त्यहाँ पुगेपछि पाती वा ढुङ्गो चढाउने चलन छ । यात्रा सफल रहोस् भनी मनमनै आशीर्वाद माग्ने वा देउराली भाक्ने नेपाली चलनलाई यस कवितांशले प्रस्तुत गरेको छ । यसबाट हाम्रो सभ्यता, संस्कार वा प्रचलित जनविश्वास अभिव्यक्त हुन्छ । पहाडी भूभाग पशुचरनका लागि उपयुक्त भूमि मानिन्छ । त्यहाँ गोठाल्नीहरू ढुङ्गामा बसेर सुरिलो भाकामा गीत गाउँदै गाईबस्तु चराइरहेका हुन सक्छन् । आफ्ना गाईबस्तुलाई आफूलाई मनपर्ने नाम राखेर लाला, ओदी, निनी भन्दै बोलाइरहेका हुनसक्छन् । यसले नेपाल पशुपालनका निम्ति योग्य क्षेत्र हो भन्ने कुराको सङ्केत गरेको छ ।

हिमाली प्रकृति नेपालको सुन्दर आकर्षक क्षेत्र हो । हिमाली यात्रामा भेटिएका देउराली, हिमाली चिसो पानी, गोठाल्नीको आकर्षित सुसेलीले कविको मनलाई लोभ्याएको छ । नेपालको भौगोलिक परिवेशका साथै सभ्यता, संस्कृतिप्रतिको चिन्तनमा आधारित प्रस्तुत कवितांश नेपाली भूमिलाई पहिचान गराउने उत्कृष्ट माध्यम बनेको छ । नेपाल र नेपालीको वास्तविक चिनारीलाई कवितामा घोल्न सक्ने क्षमता कवि घिमिरेका रचनाहरूको विशेषता हो । यही विशेषताकै कारण प्रस्तुत कविता मार्मिक र सान्दर्भिक बन्न पुगेको छ ।

८. तलको कवितांश पढी व्याख्या गर्नुहोस् :

(क) मर्नैपर्छ भने पनि पर पुगी मरौँ ।
नझुक्ने यो हिमालमा किन झुकी मरौँ
जति चढ्यो उति बाँकी हिमचुली शिखर
नदेखेको कुरा हेर्ने हामीलाई रहर ।

(ख) कल्ले आई हेर्छ हिउँमा पाइलाको छाप
के हिँडेछौँ नगरेर आफ्नो नापजाप
जो उठायौँ पाइला यो सो उठाइहाल्यौँ
ज्यान जोखिमको बाजी थाप्नु थापिहाल्यौँ ।

९. उदाहरण हेरी 'हामीलाई बोलाउँछन् हिमचुली' कवितामा कस्तो परिवेशको चित्रण गरिएको छ, दिइएका बुँदालाई समेत आधार बनाई समीक्षात्मक प्रतिक्रिया लेख्नुहोस् :

उदाहरण

- हिमचुलीको काखमा रहेको
- सधैँ हराभरा भइरहने लेकको सेपिलो एवम् घना जङ्गलले सुशोभित
- एकदुई जना मात्र हिँड्न मिल्ने सानो बाटो भएको
- चिसो, मिठो र स्वच्छ पानी भएको
- धुपी र बुकी जस्ता बोटबिरुवा र घाँसपातले मनोहर देखिएको
- कस्तूरी र नौरङ्गे डाँफेको स्वतन्त्र उपस्थितिका कारण आकर्षक बनेको
- जीविकाका लागि मानिसले भेडा र चौँरी पालन गर्नुका साथै हिमालका जडीबुटी सङ्कलन गर्ने गरेको
- सधैँ नयाँ कुरा गर्न उत्सुक र समस्याबाट कहिले पछि नहट्ने साहसी नेपालीको बसोबास रहेको
- हिमचुलीले मानिसलाई सफलताको शिखर चुम्न प्रेरित गरिरहेको ।

उत्तर : कविवर माधवप्रसाद घिमिरे (१९७६–२०७७) का प्रकृतिसँग सम्बन्धित उत्कृष्ट रचनाहरूमध्ये 'हामीलाई बोलाउँछन् हिमचुली' कविता पनि एक हो । गीति लयमा संरचना गरिएको यस कवितामा हिमाली सेरोफेरोको प्राकृतिक परिवेशलाई केन्द्रबिन्दु मानिएको छ । स्वच्छन्दतावादी घिमिरे प्रकृतिका पुजारी हुन् । प्रकृतिका विविध पक्षमाथि परिष्कारवादी शैली अवलम्बन गरेर लेखिएको यस कविताले हिमचुली आरोहण गर्नेहरूको मार्मिक अभिव्यक्तिलाई कलात्मक रूपमा प्रस्तुत गरेको छ ।

हिम टाकुराको यात्राका क्रममा स्रष्टाले देखेका र अनुभव गरेका विषयलाई मुख्य परिवेश मानिएको छ । हिमचुलीको काखमा रहेको सधैँ हराभरा भइरहने लेकको सेपिलो एवम् घना जङ्गलले सुशोभित भएको प्राकृतिक परिवेश कविताको परिवेशीय आकर्षक केन्द्रबिन्दु हो । हिमाली यात्रा त्यति सहज र सरस छैन । बाटाहरू साँघुरा र अस्पष्ट छन् । एकदुई जना मात्र हिँड्न मिल्ने सानो बाटोलाई निशाना बनाएर हिँड्नुपर्ने बाध्यता छ । अप्ठ्यारो बाटोको पीडालाई हिमाली चिसो, मिठो र स्वच्छ पानीले बिर्साइदिएको छ । नेपाली भूमिमा उत्पन्न भएको चिसो पानीले यात्रीहरूलाई ऊर्जा पैदा गर्छ । तिर्खाले थकित भएको आँतमा साहस र शक्ति भरिदिन्छ । यात्राका क्रममा देखिएका धुपी र बुकीका बोटबिरुवाहरूले यात्रीहरूको मनलाई आकर्षण गर्छन् र हरिया घाँसपातका मनोहर दृश्यहरू यात्रीका लागि प्रेरणाका स्रोत बन्न पुग्छन् । पहाडी ओढारको वासस्थानमा पाइने कस्तूरीको सुगन्धले यात्रीहरूलाई लठ्याएको छ । त्यसैगरी नौरङ्गी डाँफेको स्वतन्त्र उपस्थितिले यात्रीहरूमा स्वतन्त्रताको अनुभूति गराएको छ । जङ्गली जनावरहरू आफैँमा पूर्ण स्वतन्त्र छन् । उनीहरूको स्वतन्त्रतामाथि मानव जातिले ईर्ष्या गर्नु स्वाभाविक नै हो । समाजमा प्रचलित नियम, अनुशासन, समाज, मर्यादा, सद्व्यवहार, लज्जाबोध आदिले मानव पूर्ण स्वतन्त्र हुन सक्दैन । हिमाली प्रदेशका मानव जातिको रहनसहन, खानपिन वा दैनिक जीविकोपार्जनको

शैली पनि अन्य क्षेत्रका बासिन्दाको भन्दा नितान्त भिन्न पाइन्छ । त्यहाँ जीविकाका लागि मानिसले भेडा र चौँरी पालन गर्छन् साथै हिमाली जडीबुटी सङ्कलन गर्ने कार्यमा समेत मानिसहरू दत्तचित्त देखिन्छन् । हिमालमा बसोबास गर्ने मानिसहरूको व्यावहारिक पक्षलाई समेत कविले मार्मिक रूपमा वर्णन गरेका छन् । हिमाली प्रदेश हरेक मानिसको हौसलाको स्रोत हो । सधैँ नयाँ कुरा गर्न उत्सुकता जगाउने केन्द्र हो । समस्याबाट कहिले पछि नहट्ने साहस र शक्ति प्रदायक भूमि हो । हिमचुलीले मानिसलाई सधैँ सफलताको शिखर चुम्न प्रेरित गर्छ । मानव जातिलाई शक्ति, साहस र हौसला प्रदान गर्छ । मानिसमा पूर्णता दिन सक्ने प्राकृतिक परिवेशलाई यस कविताले मुख्य विषयवस्तु बनाएर प्रकृतिको सम्मान गरेको छ ।

प्रकृतिका विविध पक्षहरूमाथि कविले आफ्नो दृष्टिकोण प्रस्तुत गरी प्रकृतिलाई ऊर्जा र हौसलाको केन्द्रबन्दु मानेका छन् । गुफा, देउराली, कस्तूरी, चराचुरुङ्गी, वनस्पति, झरना, हावापानी जस्ता विविध पक्षको वर्णनमा आधारित हिमचुलीको सुन्दर वर्णन नै यस कविताले प्रस्तुत गरेको प्राकृतिक सम्मान हो । ढुङ्गामा बसेर गीत गाउँदाको आनन्द कवितामा पोखिएको छ । कुहिरोले ढपक्क ढाकेको टाकुराको दृश्य कविताको आकर्षक बनेको छ । नागियूँमा रमाउँदै नेटो काटेको परिकल्पनाले कविता अझ सरस बनेको छ । छङ्गाछुर भिरको कहाली लाग्दो परिवेश पनि त्यत्तिकै मनमोहक छ । हिमचुलीमा चढ्दाको अनुभव सँगै प्राकृतिक सुन्दरता र त्यसबाट पाइने स्वर्गीय आनन्दलाई कविताले मूल विषयवस्तु बनाएर प्रकृतिप्रति सम्मान गरेको छ । यस कविताको परिवेशीय पक्ष पनि यही नै हो ।

१०. हामीलाई बोलाउँछन् हिमचुली' कवितामा हिमाली वनस्पतिहरूको के कस्तो वर्णन गरिएको छ, दिइएका बुँदालाई समेत आधार बनाई समीक्षात्मक प्रतिक्रिया लेख्नुहोस् :

- हिमाली बुटी खोज्न जानुपर्ने
- कस्तूरीले तिरिन च्यापेको सुन्दर दृश्य
- चरा नाच्ने पातलले मानिसलाई घेरेको
- भेडाहरू निगालाको टुप्पा हलाउँदै चरेका
- बुकी फूलको मगमग बासनाले ढाकिएको
- धूपी उत्तरतिर झुकेर ढाकिएको ।

## भाषातत्त्व

१. दिइएको अनुच्छेदबाट उपसर्ग व्युत्पन्न शब्द टिप्नुहोस् र तालिकामा देखाइए जस्तै गरी उपसर्ग र आधार छुट्याउनुहोस् :

सुखी र समृद्ध जीवनका लागि सुस्वास्थ्य अपिरहार्य कुरा हो । समुचित आहारविहारबाट सुस्वास्थ्यको प्राप्ति हुन्छ । पूर्वीय संस्कृतिको के मान्यता छ भने आहार र विहारमा ध्यान दिने हो भने स्वास्थ्यको संरक्षण गर्न कठिनाइ हुँदैन । अहिले संसारमा जति पनि स्वास्थ्यसम्बन्धी सङ्कट देखा परेका छन् । ती सबै आहार र विहारमा समुचित ध्यान

नदिनाका परिणाम हुन् । अहिले संसारभर फैलिएको कोरोना भाइरसको प्रकोप पनि आहारविहारमा गरिएको लापर्बाहीका कारण उत्पन्न भएको हो भन्ने विचार अधिकांश चिकित्सकको रहेको छ । विश्वस्वास्थ्य सङ्गठनका अनुसार कोरोनाको सङ्कट पनि जथाभावी आहारकै परिणति हो । यसैले स्वास्थ्य संरक्षणका लागि उपयुक्त र सन्तुलित आहारमा ध्यान दिनु अत्यावश्यक छ। सन्तुलित आहारमा ध्यान दिनु भनेकै रोग लाग्नुभन्दा पूर्व सचेत हुनु हो । रोग लागेर उपचार गर्नुभन्दा पहिले नै सचेत बनेर रोग लाग्न नदिनु नै बुद्धिमत्ता हो । रोग लागिसकेपछिको स्थिति कति विकराल हुन्छ भन्ने बारेमा अहिले हामी सम्पूर्णत: परिचित भएका छौँ । अहिले विश्वव्यापी रूपमा देखिएको कोरोना सङ्कटबाट एकातिर विकासका काम अवरुद्ध भएका छन् भने अर्कोतिर देशको सञ्चित अर्थराशि पनि विकास कार्यमा प्रयोग नभई रोग निराकरणमा उपयोग गरिएको छ। यसैले स्वास्थ्य प्रतिकूल हुनु भनेको जीवन पीडादायी हुनुका साथै विकास र समृद्धिमा समेत अवरोध पुग्नु हो ।

*उदाहरण :*

| उपसर्ग व्युत्पन्न शब्द | उपसर्ग | आधारपद |
|---|---|---|
| सुस्वास्थ्य | सु | स्वास्थ्य |
| समुचित | सम् | उचित |
| आहार | | |
| विहार | | |
| प्राप्ति | | |
| संस्कृति | | |
| संरक्षण | | |
| संसार | | |
| सङ्कट | | |
| परिणाम | | |
| प्रकोप | | |
| विचार | | |
| सङ्गठन | | |

| | | |
|---|---|---|
| परिणति | | |
| संरक्षण | | |
| उपयुक्त | | |
| अत्यावश्यक | | |
| सचेत | | |
| परिचित | | |
| अवरुद्ध | | |
| सञ्चित | | |
| प्रतिकूल | | |
| समृद्धि | | |
| अवरोध | | |

२. उपसर्गद्वारा निर्मित व्युत्पन्न शब्दका केही उदाहरणहरू पढ्नुहोस् र बुझ्नुहोस् :

अ + बेला = अबेला | अ + बेर = अबेर | अ + काल = अकाल

अ + चेत = अचेत | अ + सन्तोष = असन्तोष | अ + चुक = अचुक

अति + रञ्जित = अतिरञ्जित | अति + वृष्टि = अतिवृष्टि | अति + अन्त = अत्यन्त

अति + सार = अतिसार | अति + इत = अतीत | अति + आचार = अत्याचार

अधि + नायम = अधिनायक | अधि + राज्य = अधिराज्य | अधि + कार = अधिकार

अधि + अक्ष = अध्यक्ष | अधि + आत्म = अध्यात्म | अधि + अयन = अध्ययन

अन् + अङ्कित = अनङ्कित | अन् + अधिकार = अनधिकार | अन् + अन्त = अनन्त

अन् + अन्य = अनन्य | अन् + अपेक्षा = अनपेक्षा | अन् + अभिज्ञ = अनभिज्ञ

अन + कन्टार = अनकन्टार | अन + गन्ती = अनगन्ती | अन + जान = अनजान

अन + पढ = अनपढ | अन + पत्यार = अनपत्यार | अन + मेल = अनमेल

अनु + वाद = अनुवाद | अनु + भव = अनुभव | अनु + सरण = अनुसरण

अनु + नय = अनुनय | अनु + रूप = अनुरूप | अनु + मान = अनुमान

अप + वाद्य = अपवाद | अप + हरण = अपहरण | अप + सकुन = अपसकुन

अप + व्याख्या = अपव्याख्या
अप + राध = अपराध
अप + मान = अपमान

अप + शब्द = अपशब्द
अप + यश = अपयश
अप + व्यय = अपव्यय

अभि + भावक = अभिभावक
अभि + नेता = अभिनेता
अभि + यान = अभियान

अव + धारणा = अवधारणा
अव + काश = अवकाश
अव + सर = अवसर

अव + ज्ञा = अवज्ञा
अव + मूल्यन = अवमूल्यन
अव + तार = अवतार

अव + नति = अवनति
अव + गत = अवगत
अव + आन्तर = अवान्तर

अव + स्था = अवस्था
अव + हेलना = अवहेलना
अव + सान = अआ

आ + कृति = आकृति
आ + देश = आदेश
आ + कार = आकार

उत् + सव् = उत्सव
उत् + साह = उत्साह
उत् + पत्ति = उत्पत्ति

उत् + स्थान = उत्थान
उत् + कर्ष = उत्कर्ष
उत् + गम = उद्गम

उप + देश = उपदेश
उप + न्यास = उपन्यास
उप + स्थिति = उपस्थिति

कु + कर्म = कुकर्म
कु + चाल = कुचाल
कु + काठ= कुकाठ

कु + कुठाउँ = कुठाउँ
कु + दिन = कुदिन
कु + बाटो = कुबाटो

गैर + कानुन = गैरकानुन
गैर + जिम्मेवार = गैरजिम्मेवार
गैर + नेपाली = गैरनेपाली

गैर + आवसीय = गैरआवासीय
गैर + संवैधानिक =गैरसंवैधानिक

गैर + प्रजातान्त्रिक = गैरप्रजातान्त्रिक

दुर् + बल = दुर्बल
दुर् + बुद्धि = दुर्बुद्धि
दुर् + भावना =दुर्भावना

दुर् + आशय = दुराशय
दुर् + जन = दुर्जन
दुर् + गति = दुर्गति

दुस् + कर्म = दुष्कर्म
दुस् + प्रयास = दुस्प्रयास
दुस् + साहस = दुस्साहस

दुस् + परिणाम = दुष्परिणाम
दुस् + साध्य = दु:साध्य
दुस् + मन = दुस्मन

न + काम = काम
न + आस्तिक = नास्तिक
न + अस्ति = नास्ति

न + पुंसक = नपुंसक
न + गण्य = नगण्य
न + मज्जा = नमज्जा

ना + लायक = नालायक
ना + मर्द = नामर्द
ना + समझ = नासमझ

ना + तागत = नातागत
ना + मन्जुर = नामन्जुर
ना + दान = नादान

नि + बन्ध = निबन्ध
नि + पात = निपात
नि + यम = नियम

नि + कम्मा = निकम्मा
नि + आय = न्याय
नि + आस = न्यास

निर् + बल = निर्बल
निर् + जन = निर्जन
निर् + मूल = निर्मूल

निर् + दोष = निर्दोष
निर् + मय = निर्मय
निर् + वाचन = निर्वाचन

निस् + काम = निष्काम
निस् + छल = निश्छल
निस् + फल = निष्फल

| | | |
|---|---|---|
| निस् + स्वार्थ = निस्स्वार्थ | निस् + सन्देह = निस्सन्देह | निस् + प्रयोजन = निस्प्रयोजन |
| परा + जय = पराजय | परा + काष्ठ = पराकाष्ठ | परा + क्रम = पराक्रम |
| परा + मर्श = परामर्श | परा + अस्त = परास्त | परा + भव = पराभव |
| परि + चय = परिचय | परि + भाषा = परिभाषा | परि + पूर्ण = परिपूर्ण |
| परि + स्थिति = परिस्थिति | परि + पाठ = परिपाठ | परि + पत्र = परिपत्र |
| प्र + मुख = प्रमुख | प्र + सिद्ध = प्रसिद्ध | प्र + भात = प्रभात |
| प्र + करण = प्रकरण | प्र + चलन = प्रचलन | प्र + वेश = प्रवेश |
| प्रति + क्रिया = प्रतिक्रिया | प्रति + शत = प्रतिशत | प्रति + निधि = प्रतिनिधि |
| प्रति + स्पर्धा = प्रतिस्पर्धा | प्रति + योगी = प्रतियोगी | प्रति + गामी = प्रतिगामी |
| बद + नाम = बदनाम | बद + नियत = बदनियत | बद + मास = बदमास |
| बद् + ख्वाइँ = बद्ख्वाइँ | बद् + मासी = बदमासी | बद् + चलन = बदचलन |
| बि + चरा = बिचरा | बि + जोर = बिजोर | बि + जोडी = बिजोडी |
| बि + सञ्चो = बिसञ्चो | बि + स्याहार = बिस्याहार | बि + छोड = बिछोड |
| बे + होस = बेहोस | बे + वास्ता = बेवास्ता | बे + इज्जत = बेइज्जत |
| बे + दाग = बेदाग | बे + मतलब = बेमतलब | बे + नाम = बेनाम |
| वि + नय = विनय | वि + नम्र = विनम्र | वि + चार = विचार |
| सम् + मान = सम्मान | सम् + जय = सञ्जय | सम् + योग = संयोग |
| सम् + देश = सन्देश | सम् + पत्ति = सम्पत्ति | सम् + कलन = सङ्कलन |
| सह + वास = सहवास | सह + नायक = सहनायक | सह + कार्य = सहकार्य |
| सह + गान = सहगान | सह + भाव = सहभाव | सह + प्राध्यापक = सहप्राध्यापक |
| सु + कृति = सुकृति | सु + मार्ग = सुमार्ग | सु + पुत्र = सुपुत्र |
| सु + अल्प = स्वल्प | सु + अच्छ = स्वच्छ | सु + आग = स्वागत |

३. दिइएको अनुच्छेदबाट प्रत्यय व्युत्पन्न शब्द टिप्नुहोस् र तालिकामा देखाइए जस्तै गरी आधार र प्रत्यय छुट्याउनुहोस् :

कुनै पनि देशको मुख्य परिचायक तत्त्व भनेको संस्कृति हो । नेपाल पनि आफ्नै संस्कृतिका कारण विश्वमा सबैतिर चिनिएको छ । नेपाल बहुजातीय र बहुसांस्कृतिक देश हो । नेपालमा बसोबास गर्ने सबै जातिका आआफ्नै संस्कृति छन् । खस, नेवार, राई, गुरुङ, तामाङलगायत सबै जातिका आआफ्नै संस्कृति छन् । सर्वप्राचीन वैदिक संस्कृतिको आधारभूमि र संसारमै लोकप्रिय बनेको बौद्ध संस्कृतिको उद्गमस्थल नेपाल नै हो । नेपाली संस्कृतिमा ममात्र खाऊँ, ममात्र लाऊँको स्वार्थी भावना नभई सबै निरोगी, र खुसी होउन् अनि सम्मानपूर्वक बाँच्न

पाउन् भन्ने भाव रहेको छ । नेपालमा रहेका सबै जातिका संस्कृतिको साझा विशेषता चाहिँ प्रकृतिलाई कुनै न कुनै रूपमा पूजा गर्नु हो । यस्तै आमाबुबा, पाहुना र गुरुलाई देवता मान्ने संस्कृति नेपालको साझा संस्कृति हो । यसरी नेपाली संस्कृतिका उत्कृष्ट विशेषता हुँदाहुँदै पनि यसमा केही विकृति पनि देखिन थालेका छन् । निष्क्रियता, हिंसा, चोरी, दुर्व्यसन, शोषण र भ्रष्टाचार विकृति हुन् । यस्ता विकृतिबाट मानिसमा ठगाहा, मिचाहा, हेपाहा, चुसाहा र लुटाहा प्रवृत्तिको विकास हुन्छ । यस्ता प्रवृत्ति भएका मान्छे निष्क्रिय, हिंस्रक, निर्दयी, शोषक र घमन्डी हुन्छन् । पियक्कड मान्छेले आफूलाई जतिसुकै बुझक्कड ठाने पनि तिनीहरू प्रायः भुलक्कड नै हुने भए झैँ विकृतिमा रमाउने मानिस पनि समाजमा वन्दनीय, आदरणीय र स्मरणीय बन्न सक्दैनन् । यस्ता व्यक्तिमध्ये कोही कोही आर्थिक रूपमा समृद्ध र सुखी होलान् तर 'विकृतिमा रमाउनेको हुन्छ सधैँ दुर्गति' भने झैँ अरूलाई ठगेर एवम् दुःख दिएर कमाएको धनसम्पत्ति विविध कारणवश नष्ट हुन्छ । अन्ततः यिनीहरू फिरन्ते र मगन्ते जीवन जिउन बाध्य हुन्छन् । निष्क्रिय जीवन जिउनेको त प्रगतिको सम्भावना नै रहँदैन । यसैले संस्कृति उन्नतिको सूचक हो भने विकृति अवनतिको कारक हो ।

| प्रत्यय व्युत्पन्न शब्द | आधार शब्द | प्रत्यय |
|---|---|---|
| मुख्य | मुख | य |
| कारण | कृ | अन |
| जातीय | | |
| सांस्कृतिक | | |
| प्राचीन | | |
| वैदिक | | |
| बौद्ध | | |
| नेपाली | | |
| स्वार्थी | | |
| खुसी | | |
| पूर्वक | | |
| बाँच्न | | |
| पूजा | | |
| देवता | | |
| यसरी | | |
| विशेषता | | |
| निष्क्रियता | | |

| | | |
|---|---|---|
| चोरी | | |
| शोषण | | |
| ठगाहा | | |
| मिचाहा | | |
| हेपाहा | | |
| चुसाहा | | |
| लुटाहा | | |
| शोषक | | |
| घमन्डी | | |
| पियक्कड | | |
| बुझक्कड | | |
| भुलक्कड | | |
| वन्दनीय | | |
| आदरणीय | | |
| स्मरणीय | | |
| आर्थिक | | |
| ठगेर | | |
| दिएर | | |
| अन्ततः | | |
| फिरन्ते | | |
| मगन्ते | | |
| जीवन | | |
| बाध्य | | |

**प्रत्ययद्वारा निर्मित केही शब्दहरू :**

तद्भव तद्धित प्रत्यय

गाग्रो + एटो = गग्रेटो     फ्याक + एटो = फग्लेटो     कुइनो + एटो = कुनेटो (कुइनेटो)

| | | |
|---|---|---|
| कार्की + एनी = कर्केनी | सार्की + एनी = सर्केनी | वर्ष + एनि = बर्सेनि |
| पानी + एरो = पँधेरो | साँप + एरो = सँपेरो | गोजी + एरो = गोगोजेरो |
| भोक + ओ = भोको | पहिले + ओ = पहिलो | अन्ध + ओ = अन्धो |
| पछि + औटो = पछौटो | शिला + औटो = सिलौटो | धुलो + औटो = धुलौटो |
| खाग + औतो = खगौतो | अर्घ + औतो = अर्घौतो | पानी + औतो = पनौतो |
| मास + औरो = मसौरो (मस्यौरो) | कुश + औरो = कुसौरो | घुम + औरो = घुमौरो |
| केटो + औले = केटौले | ठिटो + औले = ठिटौले | माझ + औले = मझौले |
| स्थान + को = थान्को | चुपुर + को = चुपुर्को (चुबुर्को) | मुड + को = मुड्को |
| नगरा + ची = नगर्ची | तबला + ची = तबल्ची | खजाना + ची = खजान्ची |
| बच्चा + दानी = बच्चादानी | राह + दानी = राहदानी | मसी + दानी = मसीदानी |
| हक + दार = हकदार | बही + दार = बहिदार | चौकी + दार = चौकीदार |
| पँधेरो + नी = पधेर्नी | फोहोर + नी = फोहोर्नी | चाँद + नी = चाँदनी |
| झापा + ली = झापाली | पाल्पा + ली = पाल्पाली | गोर्खा + ली = गोर्खाली |
| कुम + ले = कुम्ले | ठिमी + ले = ठिमीले | आँखो + ले = आँख्ले |
| धोका + वाज = धोकेवाज | हुल्लड + वाज = हुल्लडवाज | मुक्का + वाज = मुक्केवाज |
| दारी + वाल = दारीवाल | पैसा + वाल = पैसावाल | टोपी + वाल = टोपीवाल |

तत्सम तद्धित प्रत्ययद्वारा शब्दनिर्माण :

| | | |
|---|---|---|
| छात्र + आ = छात्रा | पूज्य + आ = पूज्या | शिष्य + आ = शिष्या |
| अर्थ + इक = आर्थिक | नीति + इक = नैतिक | समाज + इक = सामाजिक |
| स्वर्ण + इम = स्वर्णिम | अन्त्य + इम = अन्तिम | अग्र + इम = अग्रीम |
| कुल + ईन = कुलीन | प्राच् + ईन = प्राचीन | युग + ईन = युगीन |
| भवत् + ईय = भवदीय | पर्वत + ईय = पर्वतीय | लेखक + ईय = लेखकीय |
| अष्ट + क = अष्टक | नाम + क = नामक | दश + क = दशक |
| प्रथम + तः = प्रथमतः | पूर्ण + तः = पूर्णतः | मूल + तः = मूलतः |
| एक + त्व = एकत्व | सती + त्व = सतीत्व | स्वामी + त्व = स्वामित्व |
| श्रेष्ठ + तर = श्रेष्ठतर | लघु + तर = लघुतर | प्रिय + तर = प्रियतर |
| उच्च + तम = उच्चतम | प्रिय + तम = प्रियतम | श्रेष्ठ + तम = श्रेष्ठतम |
| मति + मान् = मतिमान् | बुद्धि + मान् = बुद्धिधमान् | श्री + मान् = श्रीमान् |
| बल + वान् = बलवान् | माया + वान् = मायावान् | चरित्र + वान् = चरित्रवान् |
| कवि + य = काव्य | धीर + य = धैर्य | सुन्दर + य = सौन्दर्य |

क्रम + शः = क्रमशः बहु + शः = बहुशः अक्षर + शः = अक्षरशः

कृत् प्रत्यय

आइँ = बस् + आइँ = बसाइँ

आन = उड् + आन = उडान

आनी = चल् + आनी = चलानी

आरी = पोत् + आरी = पोतारी

आर = धुत् + आर = धुतार

आरु = सिक् + आरु = सिकारु

आलु = खप् + आलु = खपालु

उ = चाल् + उ = चालु

एको = पढ् + एको = पढेको

एर = पर्ख + एर = पर्खेर

ओट = बन् + ओट = बनोट

औना = खेल् + औना = खलौना

तो/दो = सक् + दो = सक्दो

ता/दा = देख् + दा = देख्दा/खोक्ता

ने = जा + ने = जाने

न = भन् + न = भन्न

नु = हेर् + नु = हेर्नु

नी = सिउ + नी = सिउनी

अ = कृ + अ = कार

अन्ते = घोक् + अन्ते = घोकन्ते

ओट = लेख् + ओट = लेखोट

अल = झर् + अल = झरल

४. तलको अनुच्छेदबाट पाँच पाँचओटा उपसर्ग व्युत्पन्न शब्द र प्रत्यय व्युत्पन्न शब्द टिपोट गरी तिनीहरूको प्रकृति प्रत्यय छुट्याउनुहोस् :

(अ) सुबोध मकहाँ बराबर आउनुहुन्थ्यो । आश्वासन दिनुहुन्थ्यो । माया दर्साउनुहुन्थ्यो तर पनि मैले अत्यन्त शून्यता र रिक्तता अनुभव गर्थें । लाग्नेको अभाव महसुस गर्थें । त्यो सिङ्गै घर मलाई सुरुङ जस्तै लाग्थ्यो । जिन्दगीमा धेरै कुरा हराए जस्तै थिए । यसरी मैले आफू र छोराछोरीलाई साह्रै असुरक्षित अवस्थामा पाएँ । मैले सुरक्षा चाहन्थें । टेक्ने हाँगाको खोजीमा थिएँ म । मायाको निर्मल आकाश चाहन्थें म । लाग्थ्यो, संसारमा एउटा कोही त माया गर्ने पुरुष चाहिन्छ, जुन माया शारीरिकभन्दा मानसिक रूपमा ज्यादा होस् । यसैको चाहनाले च्यापेर अनायास म सुबोधलाई बढी माया र सम्मान गर्न थालेथें । उहाँ नै हुनुहुन्थ्यो मेरो दुःख र सुखमा साथ दिनुहुने र मकहाँ बराबर सहानुभूति देखाउन आउनुहुन ।

(आ) चिकित्सकले अति सतर्क भएर कोरोना सङ्क्रमित रोगीको परीक्षण गरे झैँ एन्टिभाइरस गोर्खे पनि बडो होसियारीका साथ आफ्नो काम गर्दै थियो । उसले काँधको झोला निकालेर भुइँमा राख्यो । आफू पनि बस्यो र झोलाबाट एउटा पत्रिका निकाल्यो । अर्कोतिरबाट कम्प्युटर तान्यो र त्यसबाट हार्डडिस्क निकाल्यो । हार्डडिस्कका सबै फाइल पत्रिकामा खन्यायो । फेरि झोला खोलेर रक्सीको सिसी निकाल्यो र ठाडो घाँटी लगायो । दुई घुट्का घुट्काएपछि "ओओ...," कराएर एक्कासि काम्न थाल्यो । कम्प्युटरमा फोर इन वन हुफर जोडिएको रहेछ । एन्टिभाइरस गोर्खेको स्वरले सोनम त तर्सिन् ।

(इ) यो कुरा चाहिँ तिमीले थाहा पाएर पनि थाहा नपाएको जस्तो गरेका हौ है घनश्याम । सायद तिमीले मेरो जाँच गर्दै छौ । हेर घनश्याम, प्राकृतिक सौन्दर्यको मात्रै कुरा गर्ने हो

भने पनि नेपालका हिमाल, जङ्गल र चरा मात्रै भनेर पुग्दैन । यहाँ असङ्ख्य पहाड, अन्नको भण्डार तराई, नदी, ताल, उपत्यका, सिमसार, जैविक विविधता आदि थुप्रै कुरा छन् । नेपाल आउने पर्यटक सबै हिमाल हेर्न र आरोहण गर्न आउने होइनन् नि । पर्यटनका पनि विभिन्न किसिम छन् भन्ने तिमीलाई थाहै छ । त्यसमध्ये सांस्कृतिक पर्यटन पनि त एक हो । नेपाल जस्तो सानो ठाउँमा सयौँ जाति, सयौँ भाषा, सयौँ संस्कृतिको अध्ययन गर्न पाउनु सांस्कृतिक पर्यटकका लागि ठुलो अवसर हो नि । त्यसैले नेपालको विविधतासँग पर्यटकको सरोकार हुने भएन र ?

(ई) यसको जवाफ म दिन्छु है । नेपालमा थुप्रै जाति छन् । हरेक जातिका आफ्नै प्रकारका परम्परा, संस्कृति, ज्ञान, अनुभव छन् । त्यस्तै नेपालमा अनेक भाषा छन् । भाषा भनेको मानव पुर्खाको आविष्कार हो । जातिमा जस्तै हरेक भाषामा पनि मानिसका ज्ञान, अनुभव, संस्कृति सुरक्षित हुन्छन् । हामी मानव सभ्यताका कुरा गर्छौं नि । वास्तवमा सभ्यता भनेको जाति, भाषा र संस्कृतिको समष्टि हो । त्यसैले जाति, भाषा, संस्कृतिमा विविधता हुनु भनेको सभ्यतामा पनि विविधता हुनु हो । यसैले जाति, भाषा, संस्कृतिमा विविधता भएको हाम्रो समाज विविध सभ्यताको सङ्गम पनि हो । त्यसैले विविधता आफैँमा सम्पत्ति भएन र ?

(उ) "हेर्नुहोस् सर, आजको युग प्रतिस्पर्धाको युग हो, एकाधिकारको होइन । हामीले राम्रा र उपयोगी वस्तुको उत्पादन गर्न सक्यौँ भने बजारको समस्या हुँदैन । विश्वव्यापीकरणको आजको युगमा नेपाली संसारभर छरिएर रहेका छन् । विश्वको जुनसुकै कुनामा पुगे पनि नेपालीले आफ्नो मौलिकता र पहिचानलाई भुलेका छैनन् । उनीहरू उपलब्ध भएसम्म आफ्ना मौलिक वस्तुको उपभोग गर्न रुचाउँछन् । आज विश्वभर कृत्रिम र विषादीयुक्त खानपानका कारण अनेक रोग निम्तिएका छन् । नेपाल जस्तो प्रकृतिको सुन्दर देशमा हामीले अर्गानिक तथा प्राकृतिक वस्तुको उत्पादन गर्न सक्यौँ भने हाम्रा उत्पादन संसारभर बिक्ने छन् । त्यसैले प्रतिस्पर्धीहरू थपिँदैमा आत्तिनु पर्दैन । बजारको विस्तारसँगै कुनै एउटा उद्योगका उत्पादनले मात्र सबैको माग र आवश्यकता पूरा गर्दैन । कुनै एक क्षेत्रमा स्थापित उद्योगले सबैको चाहना र आवश्यकताको परिपूर्ति सम्भव छैन ।" यत्ति भनेर उनले एउटा स्याउको टुक्रा मुखमा हाले ।

## सिर्जना/परियोजना

१. तपाईँले सुनेको कुनै कविता लयमा गाउनुहोस् ।

२. सामाजिक सञ्जालमा भेटिएका कविताहरूमध्ये कुनै एक कविता टिपोट गर्नुहोस् ।

पाठ ८

# मातृत्व

## परिचय

नारीवादी कथाकार भागीरथी श्रेष्ठ (२००५) को 'मातृत्व' वात्सल्यप्रेमले भरिपूर्ण कारुणिक कथा हो । सामाजिक यथार्थवादी तथा मनोवैज्ञानिक कथाकार श्रेष्ठका कथामा विषयवस्तुगत विविधता पाइन्छ साथै समाजका विभिन्न वर्ग, उमेर, अवस्थाका व्यक्तिहरूको प्रतिनिधित्व गर्ने कथाकार श्रेष्ठले ग्रामीण परिवेश तथा निम्नमध्यम वर्गीय पात्रहरूलाई आफ्ना कथामा समावेश गरेकी छन् । समाजका विविध विसङ्गति र विकृतिप्रति विद्रोह गर्दै नेपाली संस्कृतिको सम्मान गर्ने श्रेष्ठका क्रमशः (२०४३), मोहदंश (२०४४), विभ्रम (२०५०), रङ्गीन पोखरी (२०५०), भूमिगत (२०६२), रातो गुलाफ (२०६५) आदि कथासङ्ग्रहहरू प्रकाशित छन् ।

प्रस्तुत 'मातृत्व' कथामा कथाकारले घटनालाई रोचक र आकर्षक बनाएर वात्सल्यता झल्काइकी छन् । जीवनमा कोही न कोही माया गर्ने मानिस चाहिन्छ भन्ने मूलभाव पोखिएको यस कथामा शारीरिक प्रेमलाई भन्दा मानसिक प्रेमलाई बढी महत्त्व दिइएको छ । नीरस जीवनलाई सरस बनाउन जीवन बुझ्ने पात्रको खोजी गरिएको यस कथाले आफ्ना सन्तानभन्दा माथि अरू केही पनि हुन सक्दैन भन्ने भाव व्यक्त गरेको छ । जननी स्वर्गभन्दा पनि माथि हुन्छिन् भन्ने भावलाई ममताले आफ्नो व्यवहारबाट स्पष्ट पारेकी छन् । मातृत्वशक्ति सर्वाधिक शक्तिशाली हुने र मातृत्वका अगाडि जस्तासुकै सुखसुविधा र विसाली जीवन पनि पराजित हुन्छन् भन्ने भाव ममताको प्रस्तुतबाट स्पष्ट हुन्छ । उत्तरदायित्वविहीन व्यक्तिहरू समाजका कलङ्क हुन् तथा मातृत्वका अगाडि सबैले घुडा टेक्नुपर्ने मूलभावलाई यस कथाले छर्लङ्ग पारेको छ । आफ्ना सन्तानका लागि एक्लै पनि बाँच्न सक्ने आमाको महिमा हिमाल झैं चुलिएको छ । मातृत्वप्रतिको सद्भाव नै यस कथाको मूल भाव हो ।

## सिकाइ उपलब्धि

(क) पाठमा प्रयुक्त नयाँ र कठिन शब्दको अर्थ भन्न र वाक्यमा प्रयोग गर्न
(ख) पाठलाई गति र यति मिलाई सस्वर वाचन गर्न
(ग) पाठलाई भाव वा आशयअनुसार सही तरिकाले पढ्न
(घ) कथाको सङ्क्षिप्त भाव बुझ्न र व्यक्त गर्न
(ङ) पाठका महत्त्वपूर्ण अंशको सप्रसङ्ग व्याख्या गर्न
(च) टिपिएका बुँदाका आधारमा छोटो कथा लेख्न
(छ) पाठबाट सोधिएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिन
(ज) पाठभित्रका पात्रहरूको चरित्रचित्रण गर्न
(झ) पाठको सारांशलाई समेटेर विवेचनात्मक उत्तर लेख्न
(ञ) पाठको कुनै प्रसङ्गमा आधारित भई प्रतिक्रिया दिन ।

# मातृत्व

*- भागीरथी श्रेष्ठ*

केही महिनाअघिको कुरा हो, एउटा शनिबार सदा झैँ म झ्यालमा बसेर उहाँको बाटो हेर्दै थिएँ । मेरो दशवर्षीय ठुलो छोरा भर्खर नुहाएर कोठामा पस्यो । उसले लुगा फेर्दै सोध्यो, “आमा ! के हेरिराख्नुहुन्छ तपाईं सधैँ ?

छोराको प्रश्न सुनेर मनमा लाग्यो, सानातिना कुरामा किन झुट बोल्नु ?हुन त कतिपय कुरामा छोरासँग झुट बोलेकी छु तर यसो गर्दा मलाई कत्ति सन्तोष लाग्दैनथ्यो । योभन्दा बढ्ता असन्तोष त्यति वेला लाग्थ्यो जति वेला छोराले मेरो कुरामाथि विश्वास गर्दैनथ्यो र उल्टो शङ्का गर्थ्यो । त्यतिखेर मेरो अनुहार जङ्गलमा झारिएको रुखको ठुटो जस्तै हुन्थ्यो । पश्चात्ताप र ग्लानिले मेरा दुवै नेत्र रसाउन थाल्थे ।

अहिले सोधेको प्रश्नको जबाफ हुन त जे भन्दिए पनि हुन्थ्यो तर नभएको कुरा भन्न मन लागेन ।

“केही हैन छोरा ! सुबोध अङ्कललाई”

“किन दिनदिनै आउनुहुन्छ हामीकहाँ ? नरुचाए झैँ गरी उसले प्रश्न गऱ्यो ।

“किन तिमीलाई मन पर्दैन र ?उहाँले तिमीहामी सबैलाई माया गर्नुहुन्छ ।”

उसको मुख र प्रश्नमा झल्केको अरुचिमा विश्वास दिलाउनुपर्छ भन्ने विचारले म पूर्वाग्रह पीडित थिएँ ।

“आमा ! सुबोध अङ्कल मन पर्दैन मलाई” छोराको कुरा सुनेर म झस्कैं । उसको भनाइमा नैराश्य बिम्बित हुन्थ्यो ।

“किन छोरा त्यस्तो भनेको ? उहाँ राम्रो अङ्कल हुनुहन्छ । त्यसो नभन है छोरा !” सम्झाउँदै भनेँ ।

“तपाईं नहुँदा हामीलाई कस्तो हपार्नुहुन्छ, गाली गर्नुहुन्छ, बुबाले जस्तो माया गर्नुहुन्न । आमा ! अबदेखि सुबोध अङ्कललाई हामीकहाँ नआउनू भन्नुस् न ।” पिलपिलाउँदो र उपेक्षाको भावले छोराले आफ्नो बालसुलभ वास्तविकता पोख्यो ।

यो सत्यतालाई मैले बुझेर पनि बुझ पचाउँदै आइरहेकी थिएँ ।

“हुन्छ छोरा भन्छु तर अहिले होइन अलि पछि भन्ने छु ल !”

छोराको अनुहार खुसीले उज्यालो भएको स्पष्ट देखिन्थ्यो ।

छोराको भनाइले मेरो मन भने भित्रभित्रै चस्कन थाल्यो । मेरो मस्तिष्कमा अतीतका कुरा खेल्न थाले ।

सुबोध मेरो लोग्नेको मिल्ने साथी । एउटा दुःखदायी हवाईजहाज दुर्घटनाले मेरा छोराछोरीलाई टुहुरा बनायो । कलकलाउँदो उमेरमै मेरो सिन्दूर पुछियो । मेरा चुरा फोरिए । सुबोध मकहाँ बराबर आउनुहुन्थ्यो । आश्वासन दिनुहुन्थ्यो । माया दर्साउनुहुन्थ्यो तर पनि मैले अत्यन्त शून्यता र रिक्तता अनुभव गर्थें । लोग्नेको अभाव महसुस गर्थें । त्यो सिङ्गै घर मलाई सुरुङ जस्तै लाग्थ्यो ।

जिन्दगीमा धेरै कुरा हराए जस्तै थिए । यसरी मैले आफू र छोराछोरीलाई साह्रै असुरक्षित अवस्थामा पाएँ । मैले सुरक्षा चाहन्थेँ । टेक्ने हाँगाको खोजीमा थिएँ म । मायाको निर्मल आकाश चाहन्थेँ म । लाग्थ्यो, संसारमा एउटा कोही त माया गर्ने पुरुष चाहिन्छ, जुन माया शारीरिकभन्दा मानसिक रूपमा ज्यादा होस् । यसैको चाहनाले च्यापेर अनायास म सुबोधलाई बढी माया र सम्मान गर्न थालेथेँ । उहाँ नै हुनुहुन्थ्यो मेरो दुःख र सुखमा साथ दिनुहुने र मकहाँ बराबर सहानुभूति देखाउन आउनुहुने ।

एक दिन सधैँ मेरो व्यथा र पीडाले मुर्झाएको अनुहार देख्दा सुबोधले सम्झाउँदै भन्नुभएथ्यो, 'ममता ! तिमी किन पिर लिन्छ्यौँ ? हुने कुरा भइहाल्यो । मन बलियो बनाउनुपर्छ ।"

'तिमी' सम्बोधनले मलाई झन् नजिक पुऱ्याएको अनुभव मैले गरेँ । त्यसैले त हामी निकै नजिक आइसकेका थियौँ एकआपसमा । मलाई उहाँले भित्रैदेखि चाहनुहुन्छ भन्ने पनि मैले अनुभव गरेकी थिएँ ।

"जिन्दगीमा पिरबाहेक सुख कहाँ देख्न पाउँछु र ! सहारा, सुरक्षा र माया गुमाइसकेकी एउटी स्वास्नीमान्छेको अनुहार कसरी उज्यालिन सक्छ र ? छोराछोरी सानै छन् । आफैँ सोच्नुस्, यत्रो लामो जिन्दगी लिएर म कसरी बाचूँ ? यो सोच्दा मलाई पट्यार लाग्छ" सुस्केरा हाल्दै मैले भनेँ ।

"ममता ! त्यसो भए तिमी के चाहन्छ्यौँ त ? के विचार छ तिम्रो ?

"मेरो चाहनु नचाहनुमा फरकै के पर्छ र ?चाहेर पनि त सबै कहाँ पुग्छ र ? नचाहेर पनि के हुन्छ र ? हुन त मान्छेकै मन त हो चाहनाले बेरिहाल्छ । एउटा पवित्र माया, पवित्र सहारा र सुरक्षाको कल्पना हुन्छ तर सबै कल्पना आखिर पानीको फोका झैँ पट्ट फुटेर बिलाउँछन् ।

मैले यति भन्न के भ्याएँथे एक्कासि मैले आफूलाई सुबोधको आवेशपूर्ण अँगालामा पाएँ ।

"ममता ! तिम्रो भावना बुझेँ । यो अँगालो जिन्दगीभर फुत्कने छैन न त पानीको फोका झैँ फुट्ने छ ।"

लोग्नेको न्यानो अँगालो नपाएको एक वर्षपछि सुबोधको न्यानो अँगालो पाउँदा मलाई रमाइलो त लाग्यो तर म अकमकिएँ । के गरूँ के गरूँ जस्तो भयो । अनजानमै भलभल निस्केको आँसुलाई सुबोधले आफ्ना हातले पुछिरहनुभयो । धेरै बेरसम्म उहाँको हात पन्छाइनँ । विश्वास र मायाले घेरेपछि उहाँलाई देवता मान्न थालेँ, उहाँको मायालाई अनुपम उपहार सम्झेँ । प्रसन्नतापूर्वक हामीले एकअर्काको प्रेम स्विकाऱ्यौँ । त्यो दिन मेरा लागि ढकमक्क भएर न्यानो घाम लाग्यो । नाङ्गिसकेका मियालका हाँगामा झकमक्क फूल फुल्न लागे । मेरो चारैतर्फ कनकचम्पाको मिठो बास्ना फैलिन थाल्यो ।

हामी धेरैबेर कोठामा बस्यौँ । उहाँ फर्किनुभएपछि मनभित्र अनेक किसिमका विचार खेल्न थाले । के मैले कुबाटामा टेकेकी त छैनँ ? मैले राम्रो गरेँ त ? के निर्णय छिटो त भएन ? मेरा छोराछोरीको भविष्य के होला ? हिसाबै गर्ने हो भने मान्छको सोचाइले त ब्रह्माण्डै ढाक्छ । सोच्दैमा त्यो हुनैपर्छ भन्ने त थिएन । उहाँले त्यसो गर्नासाथ मैले उहाँलाई झट्ट स्विकार्न किन पर्थ्यो र ? के म आफ्नो लागि आफैँले खाल्डो खनिरहेकी त छैनँ ? आखिर सामाजिक प्रतिष्ठा पनि वैयक्तिक मर्यादा र महत्त्वका लागि नभइनहुने पक्ष हो । त्यसैले यो समाज र परम्पराको समर्थनको सम्भावित प्रतिकारले मलाई झन् डर लाग्न थाल्यो । आखिर हाम्रो धार्मिक, सामाजिक परम्पराले यही देख्न चाहन्छ कि विधवा स्वास्नी मान्छे सधैँ विधवाकै रूपमा रहोस् ।

यसरी मनभरि कहिले खुसीका डोब देखिन्छन् भने कहिले शङ्का, उपशङ्का र लाजका छाया अगाडिपछाडि तेर्छिन थाले । सोचेँ, भोलि समाजले भन्ने छ, यो आइमाई लोग्नेको सत्मा छैन । लोग्नलाई नर्कमा पारी । यसरी सोच्दासोच्दै ममा विद्रोह उठ्यो, किन यसरी डर मान्नु ? लोग्ने हुँदा हाम्रो जिन्दगी कति मनमोहक थियो । लोग्ने मेरा लागि सर्वस्व हुनुहन्थ्यो । उहाँपछि आफ्नो र छोराछोरीका लागि सहारा र माया खोजेँ त के बिराएँ मैले ? परम्परा र बन्धनलाई तोडेर के अपराध गरेँ मैले ? समयको माग पनि यही हो । दुई दिनको जिन्दगीलाई किन मरुभूमि बनाउने ? नीरस जिन्दगीलाई रसाउन मायाको सङ्लो नदी चाहिन्छ । छहारीदार ओत चाहिन्छ । जिन्दगी हाँसो रोदन, दुःख पीडा, कथा व्यथाले भरिएको सामूहिक भेल हो । आपत् सुख र दुःख सबैलाई पर्छ । सबैले सबै कुरा भोग्नु नै पर्छ । पिरले तप तप चुहिएर बस्नुभन्दा खुसी खुसी भएर बाँच्नुपर्छ । यसरी सोच्दा मैले ठिक निर्णय गरे जस्तो लाग्यो ।

त्यसपछि सुबोध मकहाँ दिनदिनै आउन थाल्नुभयो । अग्लो, गोरो, स्मार्ट, ख्यालठट्टा गर्नुपर्ने सुबोधको स्वभाव थियो । मेरो लोग्नेमा पनि त्यस्तै व्यक्तित्व थियो तर धेरै चुरोट खाने एउटा बानी सुबोधको मन पर्दैनथ्यो तापनि भन्ने साहस भने गर्दिनथेँ । त्यसै त मेरो स्वभाव गम्भीर थियो, त्यसमा पनि आफ्ना चुरा फुटेपछि त म मूक नै जस्तै बनेँ । एक दिन उहाँको सास निकै गह्नायो र अनायास अनुनय स्वरमा भनेँ, "चुरोटको गन्ध मलाई पटक्कै मन पर्दैन । तपाईँ बढी नै चुरोट पिउनुहुन्छ । स्वास्थ्यका लागि पनि राम्रो हैन । छोड्न सकिन्न र ?

'किन ममता ? किन नसक्नु ? मन बलियो हुनुपर्छ । गर्छु भन्ने प्रण गर्नुपर्छ । आफूलाई नियन्त्रण गर्नुपर्छ । म भोलि नै त भन्न सक्दिनँ । केही दिनमै छोडेर देखाइदिन्छु । "

नभन्दै त्यस्तै भयो । मलाई असाध्यै खुसी लाग्यो । मैले सोचेँ, चुरोटको कुआदत उहाँले मेरा लागि छोड्नुभयो । उहाँलाई पनि मेरो मन नपर्ने बानी रहेछ । एक दिन उहाँले भन्नुभयो, "ममता ! अब तिमीलाई सेतो र पहेँलो साडी त्यति सुहाउँदैन । गुलाफी रङको साडी तिमीलाई कत्ति आकर्षक हुँदो हो हगि ?

त्यस दिनदेखि रातो रङको नभए पनि अरू रङ कलेजी, बैजनी, प्याजी रङको साडी लगाउन थालेँ ।

यसरी हामी एकअर्काको इच्छाअनुरूप बग्यौँ । कहिलेकाहीँ लाग्थ्यो, सुबोध दिनहुँ नआएर दुईतीन दिन बिराएर आउनुभए राम्रो हुन्थ्यो तर यस्तो सोच्दा सोच्दै पनि उहाँ नआउनुहोला भन्ने डर र शङ्काले सताउँथ्यो ।

एक दिन सुबोधलाई खुब मन पर्ने आलुको अचार र काजु, किसमिस मिसाएको सुजीको हलुवा बनाएर दिएँ । हुन त सधैँ केही न केही नखुवाईकन पठाउन्नथेँ । सुबोधले निकै मिठो मानी खानुभयो ।यसरी मेरो हातले बनाएको खानेकुरा मिठोसँग खानुहुँदा मलाई झन् खुसी लाग्यो ।

"हलुवा साह्रै मिठो बनाइछ्यौँ, पुगेन । बाँकी छ भने अलिकति थपिदेऊ न ममता !" सुबोधले रिकापी बढाउँदै भन्नुभयो ।

थोरै हलुवा विद्यालयबाट फर्केपछि खाजाका रूपमा छोराछोरीलाई राखिदिएकी थिएँ । जीवनमा छोराछोरीलाई नछुट्याईकन मैले कहिल्यै केही खाएकी थिइनँ । म अकमकाएँ । हलुवा थोरै थियो सुजी थिएन ।

'छोराछोरीका लागि मात्र छ । अरू खाने कुरा बनाइदिऊँ, के खानुहुन्छ?"

'बच्चाहरूलाई अरू दिए हुन्छ नि । यही देऊ न मलाई ।" झर्केर भन्नुभयो ।

सुबोधको कुरा मलाई साह्रै तितो भयो । उहाँबाट यस्तो कुरा सुन्नुपर्ला भन्ने किञ्चित् शङ्का थिएन । छोराछोरीका लागि पहिले भाग छुट्याएर मात्र मेरो पतिले खाने कुरा खानुभएको झल्याँस्स सम्झन पुगेँ । यहाँसम्म कि मेरो पतिले छोराछोरीका लागि बरु खानुहुन्नथ्यो । यसरी मलाई मिठोचोखो बनाउँदा बच्चाहरूले खान पाएनन् भने दिनभरि घाम नलागे जस्तै हुन्थ्यो । बाध्यतावश एक्लै मिठो खानुपर्दा छोराछोरीलाई सम्झेर निल्न गाह्रो हुन्थ्यो तर सुबोधको कुरा काट्न सकिनँ, मन दुखाउन चाहिनँ । छोराछोरी विद्यालयबाट आइपुग्ने वेला भइसकेको थियो । छोराछोरीलाई अरू खाने कुरा बनाउन भान्सातिर लागेँ, सुबोधले हलुवा खाँदै हुनुहुन्थ्यो ।

ममता ! यहाँ आऊ न ।"

म उहाँको नजिकै गएँ ।

"एउटा कुरा सोधूँ ?" सुबोधले प्रश्न गर्नुभयो ।

"के कुरा हो र त्यस्तो ?"

जेहोस् नढाँटेर भन्छ्यौ ।"

"तिमीलाई सबभन्दा बढी कसको माया लाग्छ ? "

सुबोधको अप्रत्याशित प्रश्नले म केही बोल्न सकिनँ, के भनूँ के भनूँ भएँ । झ्वाट्ट शब्द छुट्यो,

"संसारमा सबभन्दा बढी माया त मान्छेले आफैँलाई गर्छ होइन र ? "

"त्यो त सबैले बुझेको र जानेको कुरा हो । त्यसपछि अझ कसको ?

तपाईंको, छोराछोरीको ...."

स्वाभाविक रूपमा मैले जबाफ दिएँ ।

"म त चाहन्छु, तिमी तिम्रा छोराछोरीलाई भन्दा पनि मलाई बढ्ता माया गर ।"

सुबोधको कुरा सुनेर एक छिन त चित्त दुख्यो ।

"छोराछोरीको माया, लोग्नेको माया, अरूको माया छुट्टाछुट्टै हुन् । मायाको आफ्नै विशेषता छ । तपाईंलाई माया मात्र हैन देवताका रूपमा स्विकारेकी छु तर छोराछोरीको माया पनि असाध्यै लाग्छ ।"

फुङ्ग उडेको मुख बनाउनुभयो सुबोधले । सुबोधको कुरा मन नपरे पनि व्यक्त गर्न सक्ने हिम्मत ममा थिएन ।

एकैछिनपछि छोराछोरी "आमा ! आमा !" भन्दै आइपुगे ।

"खाने कुरा दिनुस् आमा ! भोक लाग्यो ।" दुवै छोराछोरी मलाई समात्दै चिच्याउन थाले । मन भारी भयो । सम्झेँ, छोराछोरीले हलुवा खान पाएनन् ।

"बच्चाले डिस्टर्ब गरेको मन पर्दैन मलाई । पैसा दिएर बाहिर खान जाऊ भन ।" सुबोधले झिजो मानेको स्वरमा भन्नुभयो ।

भान्सामा गएर अरू खानेकुरा बनाइदिने इच्छा थियो । म केही बोल्न सकिनँ । मुटु ढ्याङढ्याङ बज्न थाल्यो । अशान्तको प्रवाह बग्न थाल्यो । अत्यन्त कठिनाइसँग बच्चालाई पर्सबाट पैसा

भिकेर " बाहिर खान जाऊ" भनें । लाग्यो, छोराछोरी मन नपराई नपराई बाहिर खान गइरहेछन् । उनीहरूको अनुहारमा खिन्नता थियो । उनीहरूलाई पनि घरकै मिठो खानेकुरा खाने इच्छा थियो होला, पैसा दिएकामा उनीहरू खुसी थिएनन् । छोराले सम्भ्फ्यो होला, आमाले खानेकुरा बनाइदिनुभएन । सोचें, के छोराछोरीको मन दुखाउनु राम्रो हो त ? सुबोधको कुरा पनि काट्न सक्दिनथें । यो कारण कि उहाँ पराइ भइदिनुहोला, मदेखि टाढा जानुहोला । सुबोधमा उदात्त भावना खोजेकी थिएँ, पावन पक्ष खोजेकी थिएँ ।

सम्भ्फें, छोराछोरी आउँदा मेरो लोग्नेले दायाँ र बायाँ राखेर कतिपल्ट म्वाइँ खानुहुन्थ्यो, कतिपल्ट 'मेरा छोराछोरी' भन्दै मुसार्नुहुन्थ्यो । खै, आज सुबोधले मेरा छोराछोरीलाई म्वाइँ खानुभएको ? खै माया गर्नुभएको ? यस्तो मैले चाहन्थे कि मेरा छोराछोरीलाई मेरो लोग्नेले भ्फैं माया गरोस् तर यी मेरा सोचाइ आकाशमा बादल हराए जस्तै हराउँदै गए । यसरी जीवनका धेरै मोडमा सुबोधसँग बहाना गर्नुपऱ्यो, हाँस्न मन नलाग्दा पनि हाँस्नुपऱ्यो । चोटलाई पनि खपिदिनुपऱ्यो ।

छुट्टीको दिन म छोराछोरीसँग रमाउँदै बसेकी थिएँ । थाहा थियो उहाँ छिट्टै आउनुहन्छ भन्ने । उहाँ एकैछिनपछि आइपुग्नुभयो । उहाँले मेरो पर्स खोल्नुभयो । छोराछोरीलाई पैसा दिँदै भन्नुभयो, "तिमीहरू सबै बाहिर खेल्न जाऊ" कति हतारोसँग मेरा दुवै छोराछोरीलाई लखेट्नुभयो । यसरी उहाँले सबै कुरामा अधिकार जमाइसक्नुभएको थियो । छोराछोरी पहिले त मानेनन् । सुबोधले आँखा तर्नुभएपछि दुवै छोराछोरी लुरुलुरु बाहिर गए तर छोराको अनुहारमा रिस उम्रिरहेको थियो जो मैले नबुभ्फेको होइन । एक किसिमको डर तुरुन्तै मभित्र जन्मिहाल्यो कि छोरो मसँग रिसाउला अथवा सबै कुरा थाहा पाए मलाई घृणा गर्ला । छोराछोरीलाई टाढा राख्न सक्दिनथें । एकै छिन नदेख्दा पनि मन खल्लो भइरहन्थ्यो ।

त्यो दिन कपाल दुखिरहेथ्यो । जिउ भारी भइरहेथ्यो । मन चटक्चटक् भइरहेथ्यो । मलाई बोल्न मन लागेको थिएन ।

"ढोका लगाइदेऊ ममता ! सुबोधको आदेश थियो ।

'छोराछोरी आइपुग्छन् । आज सन्चो पनि छैन ।" मैले भनें ।

धेरै बहाना नगर । आजकाल तिमी निर्जीव जस्तै लाग्छ ।" मुख बिगारेर भन्नुभयो सुबोधले ।

"कति सजीव भइराख्ने त ? जिउको पनि ख्याल गर्नुपर्छ, समयको पनि ध्यान दिनुपर्छ ।"

"अरू कुरा थाहा छैन । खुरुक्क ढोका लगाएर यहाँ आऊ ।" उहाँको कडा निर्देशन मान्नै पऱ्यो । मैले कोठाको ढोका लगाएँ ।

एकैछिनपछि छोराछोरी "आमा ! आमा ! भन्दै आइपुगे । ढोका खोल्नुपऱ्यो । सुबोध रिसले मुर्मुरिनुभयो, "बोर्डिङमा राखिदेऊ भन्दा मान्दिनौं । मलाई त वाक्क लागिसक्यो ।" भन्दै बाहिर निस्कनुभयो ।

कति मन दुख्ने कुरा गर्नुभएको सुबोधले, मनमनै सोचें । त्यो दिन सुबोध फर्केर आउनुभएन । नमिठोसँग अनेक तर्कवितर्कमा रात काटें । भोलिपल्ट दश बजेतिर सुबोध आइपुग्नुभयो उही रोबिलो र ठाँटिलो पारामा । मन फेरि प्रफुल्लित भयो ।

"आज सिनेमाको कार्यक्रम राखेको छु । तयार होऊ । बच्चाहरूलाई घरैमा छोड ।"

"होइन, हामी घर बस्दैनौं । हामी पनि सिनेमा हेर्न जाने ।" ठुलो छोरो चिच्यायो ।

“हुँदैन । तिमीहरू घरैमा बस्नुपर्छ ” सुबोधको चर्को स्वर थियो ।

धेरै दिन भएको थियो छोराछोरीलाई कतै घुमाउन नलगेको । मन लागेको थियो छोराछोरीलाई पनि लैजाऊँ । मेरो लोग्ने भएको भए छोराछोरीलाई आफैँले सिँगारपटार गरिदिनुहुन्थ्यो । कति रमाउँदै हात समातेर लैजानुहुन्थ्यो । कहिल्यै छोराछोरीलाई हप्काएको थाहा थिएन । मैले हप्काउँदा, पिट्दा मलाई नै गाली गर्नुहुन्थ्यो । सुबोधको चर्को स्वरले मेरो लोग्नेको छोराछोरीप्रतिको माया सम्झेँ । केही भन्ने आँट भएन । बल्लतल्ल छोराछोरीलाई बिस्कुट, चकलेट र खेलौना ल्याइदिन्छु भनेर सम्झाएँ । पैसा दिएँ । छोराछोरी रोइरहे ।

तयार भएर सिनेमा हेर्न गयौँ तर कुनै रमाइलो अनुभव गर्न सकिनँ । के हेरेँ थाहा भएन । सिनेमा कसरी सुरु भयो र कसरी समाप्त भयो मेरो दिमागले केही बुझेन । दुवै छोराछोरी रोएको दृश्य झलझली आँखाको नानीभित्र नाचिरह्यो । कहिले जाउँ जस्तो भयो । छोराछोरीप्रति असाद्धै माया र ममता जागेर आयो । सुबोधको जिस्क्याइ र चिमोट्याइँले ममा केही मिठो असर गरेन । एउटा काँडाले घोचे जस्तै अनुभव गरेँ । कहिलेकाही हाँसे हुँला, बोले हुँला तर सबै बहानै थियो ।

फर्केर आउँदा बजारमा छोराछोरीलाई बिस्कुट, चकलेट, खेलौना किनिदिएँ ।

‘कति छोराछोरी ख्याल गर्नुपर्छ तिमीलाई हँ?” सुबोधले खिसी गर्दै भन्नुभयो ।

“त्यही छोराछोरीको लागि बाँचेकी छु त के गर्ने ? मैले माया नगरे कसले गर्छ?”

“ए तिमी मेरा लागि बाँचेकी होइनौँ?” सुबोधको प्रश्नले मलाई फेरि ढुङ्गाले हिर्कायो ।

“होइन, तपाईँका लागि पनि त बाँचेकी छु नि ! तर छोराछोरीका लागि पनि हो ।”

मेरो कुरा सुनेर सुबोधको मुख अँध्यारो भयो । लाग्यो, कस्तो सङ्कीर्ण विचार सुबोधको, किन सुबोधले आफ्नो माया र विचारलाई फराकिलो पार्न सक्नुहुन्न ?

घर फर्कंदा छोराछोरी रुँदै बसेका थिए, मन चरचर्ती चिरियो ।

सुबोधले मेरो बिमारीमाथि पनि वास्ता गर्नुहुन्नथ्यो । सधैँ मलाई कोपर्न, लुछ्न र चाट्न चाहनुहुन्थ्यो । यति बेला मलाई भयङ्कर द्वन्द्वले च्याप्थ्यो । यस्तो वेला बढ्ता माया मानसिक होस् भन्ने चाहन्थे । चाहे जस्तो कहाँ हुनु ?

एक दिन मेरी सानी छोरी बाहिर खेल्न निस्केकी नौ बज्दा पनि घर फर्किनँ । त्यति वेला सुबोध घरमैँ हुनुहुन्थ्यो । मैले रुँदै छोरीलाई खोज्न सुबोधसँग अनुरोध गरेँ । छोरालाई लिएर म झट्टै निस्किहालेँ । अरू चिनेका दाइ, भाइहरूलाई पनि सुनाएँ । कति ठाउँमा खोज्दा पनि छोरीलाई पाउन सकिनँ । पसिनाले बेसरी भिँजेर घर फर्कें । हातखुट्टा लल्याकलुलुक भइसकेका थिए । मुटुको धड्कन जोडसँग बजिरहेथ्यो । घर फर्कंदा सुबोध पलङमा पल्टेर किताब पढिराख्नुभएको थियो । मन साह्रै विक्षिप्त भयो ।

“किन पसिनै पसिना भएर खोज्न गएकी ? पुलिसले पाएपछि रेडियोबाट खबर दिइहाल्छ नि !”

सुबोधको बेवास्ताको र लापर्बाहीको कुरा सुनेर मलाई अचानामा राखेर खुकुरीले टुक्राए जस्तै लाग्यो । अत्यन्त सङ्कटमय वातावरण देखेँ । काँडैकाँडाको झाङमा फालिदिए जस्तो लाग्यो शरीरभरि नीलकाँडा उम्रे जस्तै लाग्यो । अब प्रश्न गर्नु, जबाफ दिनु अनर्थ सम्झेँ । बाघलाई गाई सम्झेर कहाँ हुन्छ र ? सम्झेँ आजसम्म मैले गाईलाई होइन बाघलाई माया गरिरहेछु । विश्वास र आशा गरिरहेछु । जीवनलाई सम्पूर्ण रूपमा उहाँलाई समर्पण गरेकी थिएँ । सबै लतरपतर भए ।

मेरा सम्पूर्ण भावना उदास उदास पोखरीमा फ्याँकिए । म रुँदै थिए तर त्यो आँसु मैले सुबोधलाई देखाइनँ । सुबोधलाई केही भनिनँ ।

एकै छिनपछि एक जना भाइ दगुर्दै आयो मकहाँ ।

"दिदी ! चन्द्रमा अस्पतालमा छिन् । मोटरसाइकलले धक्का दिएछ ।"

चन्द्रमा मेरी सानी छोरी । भाइको कुराले म बेहोस भएछुँ । कति वेला होसमा आएँ थाहा भएन । उठ्दा सुबोधको काखमा थिएँ । भाइले मेरो कपालमा पानी राख्दै थियो ।

"दिदी ! चन्द्रमा बहिनीलाई खास चोट लागेको छैन । होसमै छिन् । नआत्तिनुस् । अस्पतालमा हिँड्नुस् ।"

त्यो भाइसँग ट्याक्सीमा बसेर अस्पतालमा आउन थालेँ । आउने वेलामा सुबोधले भन्नुभयो, " मलाई साह्रै पेट दुखेको छ । चन्द्रमालाई धेरै चोट लागेको रहेनछ । सँगै ल्याऊ ।" वास्तवमा सुबोध मसँगै जानुपर्थ्यो ।

अस्पतालमा बिछ्यौनामा छोरीलाई देख्दा भक्कानो फुटेर आयो । छोरीलाई च्यापेर रुन थालेँ । दाहिने हात भाँच्चिएर प्लास्टर लगाइसकेको थियो । अरू खास चोट नभएकाले छोरीलाई त्यही दिन घरमा ल्याएँ ।

सुबोध पलङमै सुतिराख्नुभएको थियो । रिस उम्लँदा उम्लँदा मुखभरि आइसकेको थियो । यस्तो लाग्यो, धरतीभित्रबाट ज्वालामुखी फुटेर लाभा निस्कँदैछ । एउटा मृतविश्वास, आस्था र रिसको ज्वाला फ्याँकेँ सुबोधमाथि । उहाँको मुखै हेर्न मन लागेन जुन मुखलाई कति लोभी भएर हेर्ने गर्थें । यो मेरो पहिलो रिस थियो उहाँमाथि । घृणैघृणाको पर्खाल उभिदियो अगाडि । सद्भावनाको पुल भत्किदियो । साँचे, मेरी छोरी हराउँदा पनि सुबोधलाई चित्त दुखेन, अझ योभन्दा बढ्ता एक्सिडेन्ट भयो भन्ने सुन्दा पनि उहाँले पेट दुखेको बहाना गर्नुभयो । अस्पतालसम्म जानुभएन । आफ्नो रगतमाथि श्रद्धा, माया र करुणाको बदला घृणा राख्ने सुबोधसँग मैले किन सम्बन्ध राख्ने ? सम्बन्ध राख्नु पनि अब अपराध सम्झन थालेँ किनभने मेरा छोराछोरी मेरा लागि चन्द्र र सूर्य हुन् । सुबोधलाई जसरी मैले माया गरेँ, जुन विश्वास र आस्था राखेँ तर कहिले पनि मेरा छोराछोरीलाई मायाले बोलाउनुभएको सुनिनँ । छोराछोरीमाथि उहाँको ईर्ष्या थियो, जलन थियो । कत्रो दुर्भाग्य थियो मेरा लागि, मेरा छोराछोरीका लागि सुबोधसँग सम्बन्ध राख्नु मेरो आफ्नै स्वार्थ नभई छोराछोरीको स्वार्थ पनि गाँसिएको थियो ।

क्रोध मभित्र बढ्दै गयो । सुबोधको उपस्थिति अब मेरो लागि असन्तोषको रूप बन्यो । छोरीको दुर्घटनापछि मेरो मौनता व्याप्त हुँदै थियो । मेरा उल्लास र उमङ्ग हराउँदै थियो । अब कुनै पनि कुरा मनमा नराखेर व्यक्त गर्ने बाटो खोज्दै थिएँ ।

एक दिन सुबोधले मरो हात समात्दै भन्नुभयो, "ममता ! मलाई थाहा छ तिमी निकै परिवर्तन भइरहेछ्यौ । यसको कारण के हो?" मेरो अन्तरआत्माको असन्तोषको कोचिएको पोको पोख्ने ठिक ठाउँ थियो यो । मेरो वेदनाले पाकेको घाउ फुटिसकेको थियो । सत्य र न्यायका लागि कठिन जीवन सुरु भए पनि केही छैन । सुबोध मेरो जीवनरुखमा जोडिएको मसिनो हाँगा हो भने छोराछोरी मेरो जीवनरुखका जरा, हाँगाबिँगा, फल सबै हुन् । छोराछोरीलाई लत्याएर सुबोधलाई सकारूँ योमेरो जीवनको भयङ्कर भुल र अपराध हुने छ । त्यो भुल र अपराधलाई कसैले क्षमा गर्ने छैन । सुबोधलाई लत्याएर छोराछोरीलाई च्याँपूँ यो मेरो त्याग र धर्म हुने छ । स्वार्थ हुने छैन ।

"किन जबाफ नदिएकी हँ?" सुबोधको प्रश्नले झस्कैं र भन्ने आँट गरैं । "आज म तपाईंसँग अन्तिम फैसला गर्दै छु जुन फैसलाले तपाईंलाई चोट पर्ला र मलाई पनि पर्न सक्छ । मैले आफ्ना छोराछोरीका लागि यो कुरा गर्दै छु जुन कुरा गर्छु भन्ने सपनामा पनि सोचेकी थिइनँ न त तपाईंले नै सोच्नुभएको थियो । अब मनमा गुम्स्याएर राख्नु उचित छैन । जुन विश्वास र आस्था लिएर तपाईंको सहारा खोजैं त्यो सबै मृगतृष्णा रहेछ । अहिले थाहा पाएँ म कुवामा सडिरहेछु । गल्लीमा फ्याँकिइरहेछु । मेरा कमजोरीका पर्खालले मेरा शब्दलाई थिचिदिएका थिए । आज ती सबै पर्खाललाई भताभुङ्ग पारिदिएँ । बहानाको जिन्दगी लिएर बाँच्न चाहन्नँ । तपाईंको चित्त नदुखाउन धेरै यत्न गरैं तर तपाईंले मेरो चित्त दुखाउन छोड्नुभएन । मेरा छोराछोरीप्रति तपाईंको व्यवहार कति रुखो थियो, कति उपेक्षापूर्ण थियो जसलाई सहन मलाई साह्रै गारो भयो । तपाईंप्रतिको मेरो विश्वास पतझरको पहेँलो पत्ता झैं मेरो जीवनबाट झरिसकेको छ । हुन त एउटा सानदार र प्रेमपूर्ण जीवन तपाईंसँग बिताउन निकै कोसिस गरैं तर सबै तासको महल झैं ढलिदियो । यो न सम्झनुस् कि सम्पूर्ण रूपमा मैले तपाईंलाई नै दोष दिँदैछु । तपाईंलाई यस्तो वातावरण तयार पारिदिने हाम्रो समाजका खराब रीतिरिवाज पनि दोषी छन् । हुन त तिनीहरूलाई हामी बदल्न सक्थ्यौं हामीले राम्रो कोसिस गरेको भए तर तपाईंले मलाई सघाउनुभएन । तपाईंको हस्तक्षेप र अधिकारभित्र बाँच्न चाहन्नँ । दुइटा छोराछोरीलाई आफ्नो जीवन आधार मानेर बाँच्ने छु । मेरा छोराछोरीको माया नै ठुलो हो र सम्पूर्ण छ । मलाई कसैको सहारा अब जरुरत छैन । मलाई छोडिदिनुस् । मलाई मुक्ति दिनुस् ।" भावावेशमा अविरल आँसु खसाल्दै मैले सबै कुरा पोखैं ।

'त्यसो भए हाम्रो नाटकीय जीवन तिमीले खतम गर्दै छौ, होइन !" रिसले आँखा रातो पार्दै सुबोधले भन्नुभयो । "आखिर जीवन नै नाटक हो । संसार नै रङ्गमञ्च हो ।"

"म तिम्रो जीवन बरबाद गरिदिन्छु । बदनाम गरिदिन्छु ।" आक्रोशपूर्ण धम्कीको स्वर थियो ।

"मलाई कुनै पर्वाह छैन । सबै कुरा सहने छु ।" शान्तभावले जबाफ दिएँ ।

सुबोध एक्कासि जुरुक्क उठ्नुभयो । मलाई गढेर आँखा तर्नुभयो तीर जस्तै बनाएर । सुइँसुइँती जानुभयो । केही बोल्नुभएन । राती भइसकेको थियो । मुटुको स्पन्दन शान्त भयो । विजयोल्लासको वातावरण चारैतर्फ फैलियो । छोराछोरी पलङमा सुतिसकेका थिए । यस्तो अनुभव गरैं कि एउटा कालो पोलिने असत्यमाथि सत्यको चिसो पानी खन्याए जस्तो लाग्यो । धेरै समयदेखि पाकेको पिलो घाउ फुटेर सन्चो भए जस्तै ठानैं । घाँटीमा बर्सौं झुन्डिएको ढुङ्गा खसेर हलुङ्गो भएको सम्झैं । सुबोध अब कहिल्यै पनि मेरो घरमा नआइदेओस् ।

दुइटा छोराछोरीलाई च्यापेर सुतैं । मनमा उल्लासपूर्ण उत्साह फैलिँदै थियो । निद्रामै छोरो बरबराएको सुनैं, "आमा ! आमा ! ! सुबोध अङ्कल मन पर्दैन ।"

"छोरा ! अब कहिल्यै आउने छैन । सुबोध अङ्कल ।" सुतिरहेको छोराको गाला मुसार्दै भनैं अनि सुत्न खोजैं ।

**शब्दार्थ**

| | | |
|---|---|---|
| *ग्लानि* | : | *पछुतो* |
| *पूर्वाग्रह* | : | *आफ्ना कुरालाई बढी महत्त्व दिने जिद्दीवाल प्रवृत्ति* |
| *नैराश्य* | : | *निराश हुनुको भाव* |
| *उपेक्षा* | : | *घृणा* |
| *बालसुलभ* | : | *बालकमा हुने* |
| *अतीत* | : | *बितेको समय* |
| *आश्वासन* | : | *ठुलाबडाबाट दिइने आडभरोसा* |
| *सहानुभूति* | : | *सान्त्वना* |
| *मियाल* | : | *घोडा, गधा, सिंह आदिको गर्दनमाथिको लामो रौँ* |
| *कनकचम्पा* | : | *गुम्सिँदा कडा बास्ना आउने पहेँलो सानो आकारको फूल* |
| *मनमोहक* | : | *मनलाई लोभ्याउने* |
| *अनुनय* | : | *बिन्ती* |
| किञ्चित | : | थोरै |

**कथासार**

'मातृत्व' समाजमा विधवा महिलाले भोग्नुपरेका आर्थिक समस्याभन्दा सामाजिक समस्यालाई केन्द्रबिन्दु बनाएर लेखिएको उत्कृष्ट रचना हो । यस कथाकी मूल पात्र ममता हुन् । ममता केही महिना अघिको कुरा सोचिरहेकी हुन्छिन् । दश वर्षको छोरा नुहाएर कोठामा पस्छ । आमा टोलाएको देखेर छोराले टोलाउनुको कारण सोध्छ । आमालाई छोरासँग झुट बोल्न मन लाग्दैन । ममता आफ्नो लोग्नेको साथी सुबोधलाई सम्झिएको बताउँछिन् । सुबोध अङ्कल घरमा आएको छोरालाई मन पर्दैन । सुबोध अङ्कल राम्रो मान्छे भएको बताउँछिन् । सुबोध अङ्कल घरमा नआउनका लागि भनिदिन अनुरोध गर्छ । आमा छोराको वास्तविकता बुझे पनि नबुझे झैँ गर्छिन् । अलि आमा सुबोधलाई भित्रभित्रै मन पराएको र बाँकी जीवन सुबोधसँगै बिताउने अठोट गर्छिन् ।

एक दिन सुबोधलाई मन पर्ने आलुको अचार र काजु, किसमिस मिसिएको सुजीको हलुवा बनाएर खुवाएको सम्झिन्छिन् । सुबोधले ममतासँग तिमी सबैभन्दा बढी माया कसलाई गर्छ्यौ ? भनेर सोध्छ । ममताले छोराछोरी र सुबोधको नाम लिन्छिन् तर सुबोध छोराछोरीलाई भन्दा मलाई बढी माया गर भन्ने आग्रह गर्छ । छोराछोरीहरू विद्यालयबाट आइपुग्छन् । हलुवा सकिएकाले खाजा खुवाउन नपाएकोमा आमालाई चिन्ता लाग्छ । सुबोध केटाकेटी कराएको मन पराउँदैन । पैसा दिएर बाहिर पठाउन खोज्छ । ममता केहीबेर दोधारमा पर्छिन् । सुबोधको कुरालाई काट्न पनि सक्दिनन् । छोराछोरीलाई खाजा खान बाहिर पठाउन पनि सक्दिनन् । सुबोधको कुरा काट्न नसकेर छोराछोरीलाई पैसा दिई खाजा खान बाहिर पठाउँछिन् ।

एक दिन सुबोध आएर ममताकै पर्सबाट पैसा निकालेर छोराछोरीलाई दिँदै बाहिर खेल्न पठाउँछ। मन नलागी नलागी छोराछोरी बाहिर जान्छन्। त्यस घटनाले ममताको जिउ भारी हुन्छ। सुबोध एकान्त मौका छोपेर ढोका बन्द गर्न लगाउँछ तर ममता ढोका बन्द गर्न नमाने पनि करकापमा परेर ढोका लगाउँछिन्। एकैछिनमा छोराछोरीहरू घरमा आइपुग्छन्। सुबोध छोराछोरी आएकोमा रिसले मुर्मुरिएर छोराछोरीलाई बोडर्समा राखिदिन आदेश दिएर घरबाट निस्कन्छ। त्यस दिन बेलुका सुबोध ममताको घरमा आउँदैन। ममता सुबोध नआएकोमा चिन्तित हुन्छिन्। भोलिपल्ट आएर ममतालाई सिनेमा हर्न जानै निर्णय सुनाउँछ तर छोराछोरीलाई जान दिँदैन। छोराछोरीलाई खेलौना, बिस्कुट र चक्लेट ल्याइदिने आश्वासन दिएर ममता फकाउँछिन्। सिनेमा हलमा ममतालाई कुनै आनन्द आउँदैन। घर आइपुग्दा छोराछोरी रुँदै बसेका हुन्छन्।

एक दिन सानी छोरी खेल्न निस्केकी थिई तर ९ बज्दासम्म घरमा आइपुग्दिन। सुबोध घरमा हुन्छ। हस्याङफस्याङ गर्दै छोरालाई लिएर छोरी खोज्न निस्कन्छिन्। सारा गाउँघर सबैतिर चहार्दा पनि छोरी भेटिन्न। घरमा आउँदा सुबोध निश्चिन्त रूपमा किताब पल्टाएर बसिरहेको हुन्छ। ममताको मुटुमा झन् ठुलो वज्रपात पर्छ। सुबोधलाई माया गरेकोमा ममतालाई पश्चात्ताप लाग्न थाल्छ तर उनी सुबोधलाई केही भन्दिनन्। केही क्षरमा एउटा भाइ दगुर्दै आइपुग्छ र छोरी चन्द्रमा दुर्घटनामा परी अस्पतालमा भर्ना भएको खबर सुनाउँछ। ममता यो कुरा सुनेर बेहोस हुन्छिन्। उनी होसमा आएपछि अस्पताल जान्छिन् तर सुबोध पेट दुखेको बहाना बनाएर अस्पतालसम्म जाँदैन। अस्पतालमा छोरीलाई देखेपछि मुटु टुक्रिए झैँ हुन्छ। उपचार गरेर छोरीलाई घरमा लिएर आउँछिन्। घरमा सुबोध आरामले सुतिरहेको हुन्छ। ममताको रिस विस्फोट हुनमात्र बाँकी रहन्छ। सुबोधमाथि घृणा उत्पन्न हुन थाल्छ। आफ्ना सन्तानलाई त्यति अपमान गरेकाले सुबोधप्रति ममताको प्रेम बिस्तारै ओरालो लाग्न थाल्छ।

ममता नयाँ बाटोको खोजीमा हुन्छिन्। एक दिन सुबोधले तिमी आजकाल परिवर्तन भएकी छ्यौ भन्ने कुरा गर्छ। यस कुराले ममतालाई आफ्नो मनको वेदना पोख्ने बाटो खुल्छ। उनी सुबोधलाई जीवनको एउटा हाँगोमात्र सम्झिन्छिन्। छोराछोरीलाई लत्याएर उनी सुबोधसँग सती जान सक्दिनन्। सुबोधलाई त्यागेर सन्तानको संरक्षण गर्नु आफ्नो कर्तव्य सम्झिन्छिन्। उनी सुबोधलाई आफ्नो अन्तिम फैसला सुनाउँछिन्। विश्वास र आस्थाका साथ सुबोधलाई गरेको प्रेम मात्र मृगतृष्णा रहेछ भन्ने कुरा बुझ्छिन् र यही कुरा सुबोधलाई सुनाउँछिन्। आफ्ना छोराछोरीभन्दा बढी कसैलाई पनि माया गर्न नसक्ने वाचा गर्दै सुबोधसँग सम्बन्ध नराख्ने अठोट सुनाउँछिन्। सुबोध रिसले आँखा राता पार्छ र ममताको जीवन बर्बाद पारिदिने धम्की दिन्छ तर ममता त्यस धम्कीलाई सहजै पचाइदिन्छिन्। सुबोध आँखा तर्दै घरबाट निस्कन्छ। आफ्नो जीवनबाट ठुलो काँडेतारको पर्खाल ढलेको अनुभूति गर्दै ममता शान्तिको सास गर्छिन्। छोराछोरीको वात्सल्य प्रेममा चुर्लुम्म डुब्छिन्। सुबोध कहिल्यै फर्केर नआओस् भन्ने कामना गर्दै छोराछोरीलाई च्यापेर सुत्छिन्।

## शब्दभण्डार

१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| मुक्ति | हडप्ने काम |
| अविरल | छुटकारा |
| ग्लानि | निरन्तर |
| हस्तक्षेप | पछुतो |
| पोको | डरलाग्दो |
| दुर्भाग्य | कुम्लो |
| भयङ्कर | नराम्रो भाग्य |
| | निराशा |

२. पाठबाट अनुकरणात्मक शब्द टिप्नुहोस् ती शब्दको प्रयोग गरी एक अनुच्छेद लेख्नुहोस् ।

३. दिइएका टुक्काको प्रयोग गरी एक अनुच्छेद लेख्नुहोस् : टाप कस्नु, मन दुखाउनु, नाक जानु, हैरान हुनु, भुतुक्क हुनु

## बोध र अभिव्यक्ति

१. 'मातृत्व' कथाका मुख्य मुख्य घटनालाई दशओटा बुँदामा लेख्नुहोस् ।

२. तलको कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर भन्नुहोस् :

सुबोधको बेवास्ताको र लापर्बाहीको कुरा सुनेर मलाई अचानामा राखेर खुकुरीले टुक्राए जस्तै लाग्यो । अत्यन्त सङ्कटमय वातावरण देखेँ । काँडैकाँडाको झाङमा फालिदिए जस्तो लाग्यो शरीरभरि नीलकाँडा उम्रे जस्तै लाग्यो । अब प्रश्न गर्नु, जवाफ दिनु अनर्थ सम्झेँ । बाघलाई गाई सम्झेर कहाँ हुन्छ र ? सम्झेँ आजसम्म मैले गाईलाई होइन बाघलाई माया गरिरहेछु । विश्वास र आशा गरिरहेछु । जीवनलाई सम्पूर्ण रूपमा उहाँलाई समर्पण गरेकी थिएँ । सबै लतरपतर भए । मेरा सम्पूर्ण भावना उदास उदास पोखरीमा फ्याँकिए । म रुँदै थिए तर त्यो आँसु मैले सुबोधलाई देखाइनँ । सुबोधलाई केही भनिनँ ।

प्रश्नहरू :

(क) सुबोधको कुरा सुनेर ममतालाई कस्तो लाग्यो ?

(ख) यस कथांशमा प्रतीकका रूपमा कुन कुन प्राणीको उदाहरण प्रस्तुत गरिएको छ ?

(ग) ममताका भावनाहरू के भए ?

(घ) ममताले सुबोधलाई किन केही भन्न सकिन ?

३. उदाहरण हेरी दिइएको कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) आज म तपाईंसँग अन्तिम फैसला गर्दै छु जुन फैसलाले तपाईंलाई चोट पर्ला र मलाई पनि पर्न सक्छ । मैले आफ्ना छोराछोरीका लागि यो कुरा गर्दै छु जुन कुरा गर्छु भन्ने सपनामा पनि सोचेकी थिइनँ न त तपाईंले नै सोच्नुभएको थियो । अब मनमा गुम्स्याएर राख्नु उचित छैन । जुन विश्वास र आस्था लिएर तपाईंको सहारा खोजेँ त्यो सबै मृगतृष्णा रहेछ । अहिले थाहा पाएँ म कुवामा सडिरहेछु । गल्लीमा फ्याँकिइरहेछु । मेरा कमजोरीका पर्खालले मेरा शब्दलाई थिचिदिएका थिए । आज ती सबै पर्खाललाई भताभुङ्ग पारिदिएँ । बहानाको जिन्दगी लिएर बाँच्न चाहन्नँ । तपाईंको चित्त नदुखाउन धेरै यत्न गरेँ तर तपाईंले मेरो चित्त दुखाउन छोड्नुभएन । मेरा छोराछोरीप्रति तपाईंको व्यवहार कति रुखो थियो, कति उपेक्षापूर्ण थियो जसलाई सहन मलाई साह्रै गारो भयो । तपाईंप्रतिको मेरो विश्वास पतझरको पहेँलो पत्ता झैँ मेरो जीवनबाट झरिसकेको छ । हुन त एउटा सानदार र प्रेमपूर्ण जीवन तपाईंसँग बिताउन निकै कोसिस गरेँ तर सबै तासको महल झैँ ढलिदियो । यो न सम्झनुस् कि सम्पूर्ण रूपमा मैले तपाईंलाई नै दोष दिँदैछु । तपाईंलाई यस्तो वातावरण तयार पारिदिने हाम्रो समाजका खराब रीतिरिवाज पनि दोषी छन् । हुन त तिनीहरूलाई हामी बदल्न सक्थ्यौँ हामीले राम्रो कोसिस गरेको भए तर तपाईंले मलाई सघाउनुभएन । तपाईंको हस्तक्षेप र अधिकारभित्र बाँच्न चाहन्नँ । दुइटा छोराछोरीलाई आफ्नो जीवन आधार मानेर बाँच्ने छु । मेरा छोराछोरीको माया नै ठुलो हो र सम्पूर्ण छ । मलाई कसैको सहारा अब जरुरत छैन । मलाई छोडिदिनुस् । मलाई मुक्ति दिनुस् ।" भावावेशमा अविरल आँसु खसाल्दै मैले सबै कुरा पोखेँ ।

प्रश्नहरू :

*उदाहरण*

(अ) माथिको अनुच्छेदमा सन्तानप्रतिको मायालाई कसरी व्यक्त गरिएको छ ?

*उत्तर* : नारीवादी कथाकार भागीरथी श्रेष्ठको मातृत्व कथा वात्सल्यप्रेमले भरिपूर्ण कारुणिक रचना हो । यस कथामा कथाकारले घटनालाई रोचक र आकर्षक बनाएर ममताले देखाएको वात्सल्यता झल्काइकी छन् । जीवनमा कोही न कोही माया गर्ने मानिस आवश्यकता भए पनि त्योभन्दा सन्तानप्रतिको वात्सल्यता अझ उच्च हुन्छ । शारीरिक प्रेमलाई भन्दा मानसिक प्रेमलाई बढी महत्त्व दिइएको यस कथामा निरस जीवनलाई सरस बनाउन खोजिए पनि आफ्ना सन्तानभन्दा माथि अरू केही पनि हुन सक्दैन भन्ने भाव व्यक्त गरेको छ । जननी स्वर्गभन्दा पनि माथि हुन्छिन् भन्ने भावलाई ममताले आफ्नो व्यवहारबाट स्पष्ट पारेकी छन् । मातृत्वशक्ति सर्वाधिक शक्तिशाली हुने र मातृत्वका अगाडि जस्तासुकै सुखसुविधा र विलासी जीवन पनि पराजित हुन्छन् भन्ने उदाहरण ममताले प्रस्तुत गरेकी छन् । उत्तरदायित्वविहीन व्यक्तिहरू समाजका कलङ्क हुन् भन्ने सन्देशसहित मातृत्वका अगाडि सबैले घुडा टेक्नुपर्ने मूलभावलाई यस कथाले छर्लङ्ग पारेको छ । आफ्ना सन्तानका लागि एक्लै पनि बाँच्न सक्ने आमाको महिमा हिमाल झैँ चुलिएको छ । मातृत्वप्रतिको ज्वलन्त उदाहरण प्रस्तुत गरी सन्तानप्रतिको मायालाई उच्चतम बिन्दुमा पुऱ्याउन सक्नु नै यस अनुच्छेदमा व्यक्त गरिएको वात्सल्यता हो ।

(आ) माथिको अनुच्छेदका आधारमा ममताको चारित्रिक विशेषता केलाउनुहोस् ।

उत्तर : भागीरथी श्रेष्ठको 'मातृत्व' थोरै पात्रहरू समावेश भएको नारीप्रधान कथा हो । ममता यस कथाकी प्रमुख पात्र हुन् भने सुबोध कथाको खल पात्रका रूपमा उपस्थित भएको छ । आफ्नो लोग्नेको मृत्युपछि विधवा भएकी नारी पात्र ममताले जीवनलाई सहज र सरस बनाउन सुबोधसँग मन साटेकी छिन् । उनले आफूलाई समाजबाट एक्ली अनुभव गरे पनि आफू एक्ली भएको अनुभव नगर्न उनले आफ्नै लोग्नेको साथी सुबोधसँग सम्बन्ध बढाएकी हुन् । समाजले यस कुरालाई पचाउन नसके पनि ऊ आफ्ना छोराछोरीको भविष्य उज्ज्वल बनाउन एउटा पुरुषको आवश्यकता महसुस गर्ने साहसी र समाजका परम्परित मान्यता विरोधी पात्र हुन् । उनले गरेकी व्यवहारले उनलाई क्रान्तिकारी, नवीन सोच भएकी प्रगतिशील नारीका रूपमा लिन सकिन्छ । मृत लोग्नेको स्मरणले उसलाई बेलाबेला पीडित तुल्याउँछ तर उनी सन्तानका लागि साहस र धैर्य बटुल्ने साहसी पात्र हुन् । सुबोधसँगको सम्बन्धले आफ्नो लोग्ने गुमे पनि जीवन सहज हुने र जीवनमा माया गर्ने पात्र पाएकोमा खुसी हुँदै जान्छिन् तर सुबोधले आफ्ना छोराछोरीप्रति देखाएको व्यवहारले ममताका हृदयमा एक किसिमको घाउ लाग्न थाल्छ । उनी सन्तानको भविष्यका लागि जस्तोसुकै घाउ र पीडा सहन तयार हुन्छिन् । वात्सल्य प्रेमसँग ममताभित्रको कामवासना पनि गतिशील बन्दै गएको छ तर सन्तानका अगाडि सुबोधसँगको शारीरिक सम्बन्ध ममतालाई खल्लो लाग्छ । त्यसैले सन्तानको मायामा चुर्लुम्म डुबेकी, मातृत्वले भरिपूर्ण, शारीरिक सुखभन्दा आत्मिक प्रेम चाहने आँटिली नारी पात्र हुन् ।

(ख) सुबोध पलङमै सुतिराख्नुभएको थियो । रिस उम्लँदा उम्लँदा मुखभरि आइसकेको थियो । यस्तो लाग्यो, धरतीभित्रबाट ज्वालामुखी फुटेर लाभा निस्कँदैछ । एउटा मृतविश्वास, आस्था र रिसको ज्वाला फ्याँकेँ सुबोधमाथि । उहाँको मुखै हेर्न मन लागेन जुन मुखलाई कति लोभी भएर हेर्ने गर्थें । यो मेरो पहिलो रिस थियो उहाँमाथि । घृणैघृणाको पर्खाल उभिदियो अगाडि । सद्भावनाको पुल भत्किदियो । साँचे, मेरी छोरी हराउँदा पनि सुबोधलाई चित्त दुखेन, अझ योभन्दा बढ्ता एक्सिडेन्ट भयो भन्ने सुन्दा पनि उहाँले पेट दुखेको बहाना गर्नुभयो । अस्पतालसम्म जानुभएन । आफ्नो रगतमाथि श्रद्धा, माया र करुणाको बदला घृणा राख्ने सुबोधसँग मैले किन सम्बन्ध राख्ने ? सम्बन्ध राख्नु पनि अब अपराध सम्झन थालेँ किनभने मेरा छोराछोरी मेरा लागि चन्द्र र सूर्य हुन् । सुबोधलाई जसरी मैले माया गरेँ, जुन विश्वास र आस्था राखेँ तर कहिले पनि मेरा छोराछोरीलाई मायाले बोलाउनुभएको सुनिनँ । छोराछोरीमाथि उहाँको ईर्ष्या थियो, जलन थियो । कत्रो दुर्भाग्य थियो मेरा लागि, मेरा छोराछोरीका लागि सुबोधसँग सम्बन्ध राख्नु मेरो आफ्नै स्वार्थ नभई छोराछोरीको स्वार्थ पनि गाँसिएको थियो ।

प्रश्नहरू

(अ) ममतालाई सुबोधमाथि घृणा उत्पन्न हुनुको कारण के हो ?

(आ) माथिको अनुच्छेदका आधारमा सुबोध कस्तो चरित्र भएको पात्र भन्ने बुझिन्छ ?

(ग) धेरै दिन भएको थियो छोराछोरीलाई कतै घुमाउन नलगेको । मन लागेको थियो छोराछोरीलाई पनि लैजाऊँ । मेरो लोग्ने भएको भए छोराछोरीलाई आफैँले सिँगारपटार गरिदिनुहुन्थ्यो । कति रमाउँदै हात समातेर लैजानुहुन्थ्यो । कहिल्यै छोराछोरीलाई हप्काएको थाहा थिएन । मैले हप्काउँदा, पिट्दा मलाई नै गाली गर्नुहुन्थ्यो । सुबोधको चर्को स्वरले मेरो लोग्नेको छोराछोरीप्रतिको माया सम्झेँ । केही भन्ने आँट भएन । बल्लतल्ल छोराछोरीलाई बिस्कुट, चकलेट र खेलौना ल्याइदिन्छु भनेर सम्झाएँ । पैसा दिएँ । छोराछोरी रोइरहे । तयार भएर सिनेमा हेर्न गयौँ तर कुनै रमाइलो अनुभव गर्न सकिनँ । के हेरेँ थाहा भएन । सिनेमा कसरी सुरु भयो र कसरी समाप्त भयो मेरो दिमागले केही बुझेन । दुवै छोराछोरी रोएको दृश्य झलझली आँखाको नानीभित्र नाचिरह्यो । कहिले जाउँ जस्तो भयो । छोराछोरीप्रति असाद्धे माया र ममता जागेर आयो । सुबोधको जिस्क्याइ र चिमोट्याइँले ममा केही मिठो असर गरेन । एउटा काँडाले घोचे जस्तै अनुभव गरेँ । कहिलेकाही हाँसे हुँला, बोले हुँला तर सबै बहानै थियो ।

प्रश्नहरू

(अ) माथिको अनुच्छेदमा आधारमा ममतालाई आफ्नो लोग्नेको कस्तो व्यवहारलाई सम्झिएकी छिन् ?

(आ) ममतालाई सिनेमा हेर्दा कस्तो अनुभव भयो ?

(घ) यसरी मनभरि कहिले खुसीका डोब देखिन्छन् भने कहिले शङ्का, उपशङ्का र लाजका छाया अगाडिपछाडि तेर्छिन थाले । सोचेँ, भोलि समाजले भन्ने छ, यो आइमाई लोग्नेको सत्मा छैन । लोग्नलाई नर्कमा पारी । यसरी सोच्दासोच्दै ममा विद्रोह उठ्यो, किन यसरी डर मान्नु ? लोग्ने हुँदा हाम्रो जिन्दगी कति मनमोहक थियो । लोग्ने मेरा लागि सर्वस्व हुनुहन्थ्यो । उहाँपछि आफ्नो र छोराछोरीका लागि सहारा र माया खोजेँ त के बिराएँ भमैले ? परम्परा र बन्धनलाई तोडेर के अपराध गरेँ मैले ? समयको माग पनि यही हो । दुई दिनको जिन्दगीलाई किन मरुभूमि बनाउने ? नीरस जिन्दगीलाई रसाउन मायाको सङ्लो नदी चाहिन्छ । छहारीदार ओत चाहिन्छ । जिन्दगी हाँसो रोदन, दुःख पीडा, कथा व्यथाले भरिएको सामूहिक भेल हो । आपत् सुख र दुःख सबैलाई पर्छ । सबैले सबै कुरा भोग्नु नै पर्छ । पिरले तप तप चुहिएर बस्नुभन्दा खुसी खुसी भएर बाँच्नुपर्छ । यसरी सोच्दा मैले ठिक निर्णय गरे जस्तो लाग्यो ।

प्रश्नहरू :

(अ) ममतालाई समाजबाट कस्तो डर पैदा भएको थियो ?

(आ) माथिको अनुच्छेदका आधारमा जीवन कस्तो हुनुपर्छ भनेर प्रस्तुत गरिएको छ ?

४. उदाहरण हेरी तलका पङ्क्तिहरूको व्याख्या गर्नुहोस् :

*उदाहरण*

(क) त्यही छोराछोरीको लागि बाँचेकी छु त के गर्ने ? मैले माया नगरे कसले गर्छ ?

*उत्तर :* भागीरथी श्रेष्ठको 'मातृत्व' कथामा समावेश भएको प्रस्तुत पङ्क्ति ममताले व्यक्त गरेको मार्मिक अभिव्यक्ति हो । ममता यस कथाकी प्रमुख पात्रमात्र नभएर समग्र विश्वनारी समुदायकी प्रतिनिध हुन् । उनमा कामबासना र अन्य इच्छा चाहना हुँदाहुँदै पनि उनी सबैभन्दा बढी मातृत्वले भरिपूर्ण आमा हुन् । आमाहरू सन्तानको सुखका निम्ति जस्तोसुकै कठिन परिस्थितिसँग पनि सङ्घर्ष गर्न सक्छन् भन्ने भाव माथिको अभिव्यक्तिबाट स्पष्ट हुन्छ ।

सुबोधबाट अभिभावकत्व पाउने अभिलाषामा आफ्नो शरीर सुम्पिए पनि सुबोधको पछिल्लो चरणको व्यवहारबाट ममताको मन कुँडिएको छ । ममता व्यक्तिगत क्षणिक सुख र भोगविलासमा आफूलाई समर्पित गर्न चाहन्नन् । सुबोधले कसलाई बढी माया गर्छ्यौ भन्ने प्रश्न ममतालाई सोधेपछि ममताबाट प्राप्त उत्तरलाई यहाँको व्याख्येय विषयवस्तु बनाइएको छ । माथिको अभिव्यक्तिले ममताभित्र मातृत्वको बाढी उर्लिएको छ । समाजको गतिसँगै जीवन पनि परिवर्तनशील हुनुपर्छ भन्ने मान्यता ममतामा देखिन्छ तर मातृत्वलाई तिलाञ्जलि दिएर होइन भन्ने सन्देश नै माथिको कथांशको आशय हो । सुबोधलाई त्यागेर ममताले असल मातृत्वको परिचय दिएकी छिन् । प्रारम्भमा जीवनको सुरक्षाका लागि पुरुष चाहिन्छ भन्ने मानसिकता भए पनि कथाको अन्त्यमा उनी पुरुषसँगको सम्बन्धभन्दा सन्तानको प्रेमलाई महान् ठान्न पुग्छिन् ।

आफ्ना सन्तानलाई माया नगर्ने कुनै पनि अभिभावक वास्तविक अभिभावक हुन सक्दैनन् । त्यसमा पनि आफैँले जन्माएका सन्तानप्रति कति माया हुन्छ भन्ने कुराको उदाहरण हरेक आमाको वात्सल्यताबाट स्पष्ट हुन्छ । ममता पनि तिनै आमाहरूमध्ये मातृत्व गहन बोध भएकी पात्रका रूपमा कथामा उपस्थित छिन् । माथिको कथांशले हरेक आमाहरू आफ्ना सन्तानभन्दा बाहिर गएर कुनै पनि व्यक्तिगत स्वार्थ वा भोगविलासमा रमाउन सक्दैनन् भन्ने ज्वलन्त उदाहरण प्रस्तुत गरेको छ ।

(ख) संसारमा सबभन्दा बढी माया त मान्छेले आफैँलाई गर्छ होइन र ?

(ग) बाघलाई गाई सम्भेर कहाँ हुन्छ र ? सम्भेँ आजसम्म मैले गाईलाई होइन बाघलाई माया गरिरहेछु ।

(घ) आफ्नो रगतमाथि श्रद्धा, माया र करुणाको बदला घृणा राख्ने सुबोधसँग मैले किन सम्बन्ध राख्ने ?

(ङ) दुइटा छोराछोरीलाई आफ्नो जीवन आधार मानेर बाँच्ने छु । मेरा छोराछोरीको माया नै ठुलो हो र सम्पूर्ण छ । मलाई कसैको सहारा अब जरुरत छैन ।

(च) तपाईंप्रतिको मेरो विश्वास पतझरको पहेँलो पत्ता झैँ मेरो जीवनबाट झरिसकेको छ । हुन त एउटा सानदार र प्रेमपूर्ण जीवन तपाईंसँग बिताउन निकै कोसिस गरेँ तर सबै तासको महल झैँ ढलिदियो ।

५. उदाहरण हेरी तलका प्रश्नहरूको समीक्षात्मक उत्तर लेख्नुहोस् :

*उदाहरण*

(क) जननी स्वर्गभन्दा पनि महान् हुन्छिन् यस भनाइलाई 'मातृत्व' कथाका आधारमा पुष्टि गर्नुहोस् ।

उत्तर : नारीवादी कथाकार भागीरथ श्रेष्ठद्वारा रचित 'मातृत्व' कथा नारी समस्यालाई मूल केन्द्रबिन्दु मानेर रचना गरिएको उत्कृट कृति हो । सामाजिक यथार्थवादी कथाकार श्रेष्ठका कथामा मनोवैज्ञानिक विषयवस्तुलाई कलात्मक रूपमा प्रस्तुत गरिएको हुन्छ । प्रस्तुत 'मातृत्व' कथामा नारी पात्र ममताको मानसिक द्वन्द्वलाई चिरफार गर्दै समस्या समाधानको खोजी गरिएको छ । चरित्रप्रधान यस कथाले नारीमा रहने मातृत्वको परीक्षण गरी शारीरिक सुखशयलभन्दा मानसिक प्रेम र व्यक्तिगत चाहनाभन्दा सन्तानप्रतिको उत्तरदायित्वलाई बढी महत्त्व दिएको छ ।

'मातृत्व' कथा वात्सल्यप्रेमले भरिपूर्ण कारुणिक रचना हो । यस कथामा कथाकारले घटनालाई रोचक र आकर्षक बनाएर वात्सल्यभाव झल्काएकी छन् । जीवनमा कोही न कोही माया गर्ने मानिस चाहिन्छ भन्ने चाहना पोखिएको यस कथामा शारीरिक प्रेमलाई भन्दा मानसिक प्रेमलाई बढी महत्त्व दिइएको छ । निरस जीवनलाई सरस बनाउन जीवन बुझ्ने पात्रको खोजी गरिएको भए पनि आफ्ना सन्तानभन्दा माथि अरू केही पनि हुन सक्दैन भन्ने भाव व्यक्त भएको छ । जननी स्वर्गभन्दा पनि माथि हुन्छिन् भन्ने भावलाई ममताले आफ्नो व्यवहारबाट स्पष्ट पारेकी छन् । मातृत्वशक्ति सर्वाधिक शक्तिशाली हुने र मातृत्वका अगाडि जस्तासुकै सुखसुविधा र विलासिताहरू पनि पराजित हुन्छन् भन्ने उदाहरण ममताले प्रस्तुत गरेकी छन् ।

नारीहरूको एक्लो जीवन भोगाइ त्यति सहज नहुने तर पुरुषहरूको स्वार्थीपनले नारीहरू बाध्य भएर एक्लो जीवन जिउनुपर्ने अवस्थालाई पनि यस कथाले मार्मिक रूपमा प्रस्तुत गरेको छ । सुबोधले पुरुषहरूको स्वार्थीपनको प्रतिनिधित्व गरेको छ । उत्तरदायित्वविहीन व्यक्तिहरू समाजका कलङ्क हुन् भन्ने सन्देशसहित मातृत्वका अगाडि सबैले घुडा टेक्नुपर्ने मूलभावलाई यस कथाले छर्लङ्ग पारेको छ । आफ्ना सन्तानका लागि एक्लै पनि बाँच्न सक्ने आमाको महिमा हिमाल झैँ चुलिएको छ । मातृत्वप्रतिको ज्वलन्त उदाहरण प्रस्तुत गर्नु नै यस कथाको मूलभाव हो । ममताले सुबोधसँगको सम्बन्धलाई तिलाञ्जलि दिएर सन्तानको सुरक्षाका निम्ति समर्पित हुनु नै जननी स्वर्गभन्दा पनि महान् हुन्छिन् भन्ने कुराको पुष्टि हो ।

(ख) ममताले सुबोधसँग नयाँ सम्बन्ध गाँस्न चाहनुको कारण के हो ? 'मातृत्व' कथाका आधारमा लेख्नुहोस् ।

(ग) ममताले सुबोधसँग सम्बन्ध गाँस्दा समाजले उसमाथि के कस्तो लाञ्छना लगाएको छ ?

(घ) ममताले आफ्नो पतिका के कस्ता व्यवहारहरूको सम्झना गरेकी छिन् ?

(ङ) सुबोध कस्तो चरित्र भएको पात्र हो ? कथाका आधारमा उल्लेख गर्नुहोस् ।

(च) कामवासना र मातृत्वको द्वन्द्वलाई कथाले कसरी प्रस्तुत गरेको छ, समीक्षा गर्नुहोस् ।

६. तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

## सङ्गीत वाद्यवादन

गीत शब्दमा सम् उपसर्ग लागेर सङ्गीत शब्दको निर्माण भएको हो । विशेषत: लय, ताल र वाद्यवानयनका साथ गाइने गीत वा तालयुक्त मधुर गायन नै सङ्गीतको अर्थ हो । गायकले आफ्नो स्वरका माध्यमबाट आफ्नो कलाको प्रस्तुति गर्छ । स्वरलाई कहाँ, कतिबेला, कसरी उतारचढाव गर्ने हो भन्ने विषयमा गायकको ध्यान केन्द्रित रहेको हुन्छ । गायक वा गायिकाको स्वरभन्दा पनि गीतलाई मधुर बनाउने महत्त्वपूर्ण साधन हो सङ्गीत । विभिन्न वाद्यवादनका माध्यमबाट सङ्गीतको उत्पत्ति हुन्छ । सङ्गीतकारले वाद्यवादनलाई संयोजन गरी एउटा कर्णप्रिय ध्वनिको आविष्कार गर्छ । तर ध्वनि उत्पन्न हुने वाद्यवाद्यनबिना सङ्गीतकारको पनि महत्व रहँदैन । त्यसैले बाद्यवादन गायनकलाका प्रमुख माध्यम हुन् ।

सङ्गीतका आफ्नै क्षेत्रहरू छन् । आधुनिक युग अनुसार पाश्चात्य सङ्गीतमा रमाउने युवा जमात पनि कम छैनन् तर पनि पूर्वीय सङ्गीतको छुट्टै पहिचान र महत्त्व रहेको छ । पूर्वीय सङ्गीतमा बज्ने बाजाहरूका सुमधुर कर्णप्रिय ध्वनिले सङ्गीतमा बज्ने बाजाहरूका सुमधुर कर्णप्रिय ध्वनिले मनलाई प्रफुल्लित तुल्याउँदछ । खास गरी पूर्वीय सङ्गीतमा बाजाहरू पनि भिन्नै किसिमका हुन्छन् । नेपालीहरूका सुकोमल हातहरूद्वारा निर्मित त्यस्ता वाद्यवादनहरू आर्थिक दृष्टिकोणले पनि त्यति महङ्गा र आर्थिक बोध पर्न किसिमका छैनन् । प्राय: काठबाट निर्मित त्यस्ता वाद्यवादनहरूमा हाम्रा नेपाली दाजुभाइहरूको कला पोखिएको छ । जुन कलाले मादल, खैंजडी, डम्फू, च्याब्रुङ, नौमती बाजा, मुजुरा, मुरली, सारङ्गी, टुङ्ना, मुर्चुङ्ग बनायो, एकतारे ढ्याङ्ग्रो, कर्ताल, आदि नाम गरिएका प्रमुख बाजाहरू निर्माण गर्छ । दमाई जातिले बजाउने ट्याम्को, सहनाइँ, क्याम्टा, कर्णाल, नरसिंह, दमाहा, ढोलका आदि बाजालाई नौमती बाजा भनिन्छ । नेपाली समाजमा यस बाजाको ठुलो महत्त्व छ । समाजका हरेक खुसीयालीहरूमा यस किसिमको बाजा बजाइने गरिन्छ । यी माथिका बाजाहरूबाट निस्किएको सङ्गीतले मानवीय हृदयलाई आह्लादित गर्छ, मन प्रफुल्लित पार्दछ, त्यसैले सङ्गीत क्षेत्रमा वाद्यवादनको महत्त्व ज्यादै प्रभावकारी मानिन्छ ।

आज पाश्चात्य सङ्गीतमा रमाउनेहरू हाम्रो नेपाली लोकबाजालाई विर्सदैछन् । कतिपय बाद्यवानहरू त प्राय: लोप नै भइसकेका छन् । यसरी हामी पाश्चात्य सङ्गीतमा रमाउँदै जाने हो भने सुमधुर ध्वनि निस्कने ती हाम्रा नेपाली भाका बोकेका नेपाली लोक बाजाहरू धरापमा पर्ने छन् । यस्ता बाजाहरूको संरक्षण गर्नका लागि पनि हामी पूर्वीय सङ्गीतमा रमाउने गर्नुपर्छ । नत्र नेपाली लोकबाजा विलिन हुन सक्छ ।

प्रश्नहरू

(क) सङ्गीत भन्नाले के बुझिन्छ ?

(ख) सङ्गीतको माध्यम के हुन सक्छ ?

(ग) नौमती बाजामा के के पर्छन् ?

(घ) पूर्वीय सङ्गीतमा प्रयोग हुने बाजाहरू के के हुन् ?

(ङ) पूर्वीय सङ्गीतका वाद्यवादनको संरक्षण गर्न के गर्नुपर्ला ?

## भाषातत्त्व

### समास

१. पढ्नुहोस् र बुझ्नुहोस् :

शब्दनिर्माणका विविध प्रकारमध्ये समास पनि एक प्रक्रिया हो । स्वतन्त्र रूपमा प्रयोग हुन सक्ने शब्दहरूका बिच मेल भई एउटै शब्द बन्ने प्रक्रियालाई समास भनिन्छ । समस्त शब्दलाई छुट्याउने प्रक्रिया विग्रह हो । परम्परित नेपाली व्याकरणमा समासलाई ६ भागमा विभाजन गरिएको छ । परम्परित ६ वटा समासहरू यसप्रकार छन् :

(१) तत्पुरुष समास :

परस्पर अर्थवान् शब्दहरूका बिच मेल हुँदा पछिल्लो शब्दको अर्थ प्रधान भई अघिल्लो शब्दमा रहेको विभक्ति लोप भएर एउटै शब्द बनेका समस्त शब्दलाई तत्पुरुष समास भनिन्छ । यो विभक्तिसँग सम्बन्धित छ । विभक्ति सात प्रकारका भए पनि प्रथमा विभक्ति लागेका शब्दसँग समास हुँदैन । द्वितीया विभक्तिदेखि सप्तमी विभक्तिसम्म हुने समासका उदाहरणहरू निम्न प्रकार छन् । जस्तै :

(क) द्वितीया तत्पुरुष समास (द्वितीया विभक्तिको लोप हुने

| विग्रह | समस्त शब्द | विग्रह | समस्त शब्द |
|---|---|---|---|
| ज्यानलाई मार्ने | ज्यानमारा | घरलाई भाँड्ने | घरभाँडा |
| बाबुलाई ठग्ने | बाबुठग | कामलाई चोर्ने | कामचोर |
| भुँडीलाई फोर्ने | भुँडीफोर | गोडालाई धुने | गोडाधुवा |
| घरलाई कुर्ने | घरकुरुवा | तिहुनलाई चाख्ने | तिहुनचखुवा |

(ख) तृतीया तत्पुरुष समास (तृतीया विभक्ति लोप हुने)

| | | | |
|---|---|---|---|
| भोकले मरी | भोकमरी | पानीले मरुवा | पानीमरुवा |
| नदीले काटेको | नदीकट | मनले गडन्त | मनगडन्त |
| बाढीले पीडित | बाढीपीडित | कानुनले सम्मत | कानुनसम्मत |

| | | | |
|---|---|---|---|
| मन्त्रले मग्ध | मन्त्रमुग्ध | हस्तले लिखित | हस्तलिखित |
| काठले निर्मित | काष्ठनिर्मित | रागले ग्रस्त | रोगग्रस्त |

(ग) चतुर्थी तत्पुरुष समास (चतुर्थी विभक्तिको लोप हुने)

| | | | |
|---|---|---|---|
| भान्सालाई घर | भान्साघर | बैठकलाई कोठा | बैठककोठा |
| आरामलाई कुर्सी | आरामकुर्सी | चिडियालाई घर | चिडियाघर |
| कामलाई लायक | कामलायक | पूजालाई सामग्री | पूजासामग्री |
| खेलका लागि मैदान | खेलमैदान | कार्यलाई टोली | कार्यटोली |
| पढाइलाई खर्च | पढाइखर्च | गुरुलाई दक्षिणा | गुरुदक्षिणा |

(घ) पञ्चमी तत्पुरुष समास (पञ्चमी विभक्तिको लोप हुने)

| | | | |
|---|---|---|---|
| पापबाट मुक्त | पापमुक्त | देशबाट निकाला | देशनिकाला |
| पथबाट भ्रष्ट | पथभ्रष्ट | जन्मदेखि रोगी | जन्मरोगी |
| पदबाट च्युत | पदच्युत | भुइँबाट फुट्टा | भुइँफुट्टा |
| डाँडादेखि पारि | डाँडापारि | धर्मदेखि विमुख | धर्मविमुख |

(ङ) षष्ठी तत्पुरुष समास (षष्ठी विभक्तिको लोप हुने)

| | | | |
|---|---|---|---|
| जग्गाको धनी | जग्गाधनी | घरको मालिक | घरमालिक |
| वनको पाले | वनपाले | पानको पसल | पानपसल |
| लाखको पति | ल्खपति | गलाको पासो | गलपासो |
| टाउकाको दुखाइ | टाउकोदुखाइ | देवीको स्थान | देवीथान |
| मकैको बारी | मकैबारी | उखुको खेती | उखुखेती |

(च) सप्तमी तत्पुरुष समास (सप्तमी विभक्तिको लोप हुने)

| | | | |
|---|---|---|---|
| रातमा अन्धो | रतन्धो | नरमा उत्तम | नरोत्तम |
| गल्लीमा डुलुवा | गल्लीडुलुवा | पुरुषमा उत्तम | पुरुषोत्तम |
| दानमा वीर | दानवीर | कलामा प्रवीण | कलाप्रवीण |
| गृहमा प्रवेश | गृहप्रवेश | गाउँमा डुलुवा | गाउँडुलुवा |
| घोडामा चढी | घोडचढी | घरमा पालुवा | घरपालुवा |

(२) कर्मधारय समास

अघिल्लो शब्दका साथ पछिल्लो शब्दसँग मेल हुँदा पछिल्लो शब्दको अर्थ प्रधान रहने समस्त शब्दलाई कर्मधारय समास भनिन्छ। कर्म धारय समास नाम पदको नामसँग, विशेषण पदको विशेषणसँग, विशेषणको नामसँग, उपमानको उपमेयसँग र आरोपको आरोप्यसँग मेल हुने गर्छ । जस्तै :

नाम + नाम

| | | | | | |
|---|---|---|---|---|---|
| भनिज | दाइ | भान्दाइ | गुरु | आमा | गुरुमा |
| मामा | ससुरा | मामाससुरा | फुपू | सासू | फुपूसासू |
| हिम | गिरि | हिमगिरि | गुरुङ | दाइ | गुरुङदाइ |
| नानी | मैया | नानीमैया | केटा | साथी | केटासाथी |
| महिला | सदस्य | महिला सदस्य | बाहुन | बाजे | बाहुनबाजे |

विशेषण + विशेषण

| | | | | | |
|---|---|---|---|---|---|
| रातो | पिरो | रातोपिरो | जान्ने | सुन्ने | जान्नेसुन्ने |
| हर्ता | कर्ता | हर्ताकर्ता | जेठा | कान्छा | जेठाकान्छा |
| जेठो | बाठो | जेठोबाठो | बुढो | पाको | बुढोपाको |
| ठुला | कान्छा | ठुलाकान्छा | शीत | उष्ण | शीतोष्ण |

विशेषण + नाम

| | | | | | |
|---|---|---|---|---|---|
| बडा | गुरु | बडागुरु | बढी | आमा | बढिमा |
| मूल | घर | मूलघर | सानी | नानी | सान्नानी |
| लामो | पारी | लाम्पाटी | कालो | पानी | कालापानी |
| कालो | माटो | कालीमाटी | आम | सञ्चार | आमसञ्चार |
| आधा | रात | आधारात | चरम | चुली | चरमचुली |

उपमान + उपमेय

| | | | | | |
|---|---|---|---|---|---|
| प्राण झैँ | प्रिय | प्राणप्रिय | गहुँ झैँ | गोरो | गहुँगोरो |
| कमल जस्तो | नयन | कमलनयन | चन्द्र जस्तो | मुहार | चन्द्रमुहार |
| मृग झैँ | नयन | मृगनयन | बज्र झैँ | कठोर | बज्रकठोर |
| हाड जस्तो | ओखर | हाडेओखर | मुसल जस्तो | धारा | मुसलधारे |

उपमेय + उपमान

| | | | | | |
|---|---|---|---|---|---|
| चरण | कमल जस्तो | चरणकमल | अधर | पल्लव जस्तो | अधरपल्लव |
| नर | सिंह जस्तो | नरसिंह | देह | लता जस्तो | देहलता |

आरोप + आरोप्य

| | | | | | |
|---|---|---|---|---|---|
| चङ्गारूपी | जीवन | जीवनचङ्गा | सागररूपी | भव | भवसागर |
| समुद्ररूपी | दु:ख | दु:खसमुद्र | रत्नरूपी | पुत्र | पुत्ररत्न |
| दीपरूपी | जीवन | जीवनदीप | कमलरूपी | चरण | चरणकमल |

(३) द्विगु समास

अघिल्लो सङ्ख्या वाचक शब्दका साथ नामपदको मेल भएर पछिल्लो शब्दको समूह बुझाउने समस्त शब्दलाई द्विगु समास भनिन्छ । जस्तै :

दुई बाटाको समूह = दोबाटो
दुई मनको समूह = दोमन
तीन घुम्तीको समूह = तीनघुम्ती
त्रि (तीन) वेणी (नदी)को सङ्गम=त्रिवेणी

चतुर (चार) वेदको समूह = चतुर्वेद       चतुर (चार) कोष्ठ (कोठा)को समूह=चतुष्कोठ

पञ्च रत्नको समूह = पञ्चरत्न        पञ्च गव्यको समूह = पञ्चगव्य

षट् (छओटा) दर्शनको समूह = षड्दर्शन     षट् (छओटा) कोणको समूह = षट्कोण

सात ऋषिको समूह = सप्तर्षि        सप्त रङको समूह = सप्तरङ्गी

अष्ट (आठ) दलको समूह = अष्टदल       आठ आनाको समूह = आठाना

अष्ट (आठ) धातुको समूह = अष्टधातु      अष्ट (आठ) अध्यायको समूह=अष्टाध्यायी

नव (नौ) रसको समूह = नवरस        नव (नौ) ग्रहको समूह = नवग्रह,

(४) द्वन्द्व समास

दुई वा दुईभन्दा बढी स्वतन्त्र शब्दहरूका बिच मेल हुँदा समास भएका सबै शब्दहरूको समान अर्थ रहने समस्त शब्दलाई द्वन्द्व समास भनिन्छ । द्वन्द्व समास निर्माण गर्दा विग्रहका रूपमा आउने संयोजक आदिको लोप हुन्छ । जस्तै :

सुख र दुःख = सुखदुख        देव र दानव = देवदानव

हर्ष र विस्मात = हर्षविस्मात        देश र विदेश = देशविदेश

जन्म र मरण = जन्ममरण        आकाश र जमिन = आकाशजमिन

आवत र जावत=आवतजावत        धनी र गरिब = धनीगरिब

दाजु र भाइ = दाजुभाइ        आमा र बुबा = आमाबुबा

अन्न र पानी = अन्नपानी        माना र पाथी = मानापाथी

(५) बहुव्रीहि समास

दुई वा दुईभन्दा बढी स्वतन्त्र शब्दका साथ मेल हुँदा बिचमा आउने विग्रहको लोप भई समास भएका शब्दको अर्थ गौण रहेर तेस्रो अर्थ प्रधान हुने समस्त शब्दलाई बहुव्रीहि समास भनिन्छ । जस्तै :

लामो कान भएको = लामकाने/लमकन्ना (तेस्रो अर्थ बाख्रो)

कान फाटेको छ जसको = कनफट्टा (जोगी)

पाठो बस्ने घर = पाठेघर (अङ्ग)

दुई जिउ भएकी = दोजिया (भर्गिणी स्त्री)

पच्पन्न झ्याल छन् जसमा = पच्पन्नझ्याले (दरबार)

लाल छन् पात जसका = लालुपाते (फूल)

चार वटा भुजा भएको = चतुर्भुज (विष्णु)

तिन चक्का भएको = तिनचक्के (रिक्सा)

दाना नभएको =बेदाना (अनार)

मूल्य नभएको =अमूल्य (महत्त्वपूर्ण)

शस्त्रले सहित = सशस्त्र

(६) अव्ययीभाव समास

परस्पर शब्दका बिच मेल हुँदा अव्यय अर्थ प्रधान हुने समस्त शब्दलाई अव्ययीभाव समास भनिन्छ । यसमा अव्यय शब्दको अव्ययका साथ र अव्यय शब्दको अन्य पदका साथ मेल भई भई अव्यय अर्थ प्रधान रहने समासलाई अव्ययीभाव समास भनिन्छ । जस्तै :

| | | |
|---|---|---|
| तल तिर =तल्तिर | माथि तिर =मास्तिर | हिजो आज = हिजोआज |
| भोलि पर्सि = भोलिपर्सि | आज नै = आजै | अघि पछि = अघिपछि |
| दिन भरि = भरदिन | हर बखत = हरबखत | बिना सर्त = बिनाशर्त |
| आज्ञा अनुसार = आज्ञानुसार | मृत्यु पर्यन्त = मृत्युपर्यन्त | |
| पेट भर = पेटभर | नियम पूर्वक = नियमपूर्वक | |
| फल स्वरूप = फलस्वरूप | मरण उपरान्त = मरणोपरान्त | |
| झ्याल नेर = झ्यालनेर | साँझ बिहान = साँझबिहान | |
| रात दिन = रातदिन | | |

२. उदाहरणका आधारमा दिइएका अनुच्छेदबाट समस्त शब्द टिप्नुहोस् र तिनको विग्रह गर्नुहोस् :

उदाहरण

(क) सुबोध मेरो जीवनरुखमा जोडिएको मसिनो हाँगा हो भने छोराछोरी मेरो जीवनरुखका जरा, हाँगाबिँगा, फल सबै हुन् । छोराछोरीलाई लत्याएर सुबोधलाई सकारूँ यो मेरो जीवनको भयङ्कर भुल र अपराध हुने छ । त्यो भुल र अपराधलाई कसैले क्षमा गर्ने छैन । सुबोधलाई लत्याएर छोराछोरीलाई च्याँपूँ यो मेरो त्याग र धर्म हुने छ । स्वार्थ हुने छैन ।

*उत्तर :*

| समस्त शब्द | विग्रह |
|---|---|
| जीवनरुख | रुखरूपी जीवन |
| छोराछोरी | छोरा र छोरी |
| हाँगाबिँगा | हाँगा र बिँगा |

(ख) यसपालिको तिहारमा श्रेयसी दाजुभाइलाई टीका लगाउन आफ्नो घर झापा गइन् । उनका चार जना दाजुभाइ र तीन जना दिदीबहिनी छन् । भाइटीका उनलाई मन पर्ने

चाड हो । यसमा यमयमुना, काककुकुर, गाईगोरु, धनधान्यकी देवी लक्ष्मी र दाजुभाइ सबैको पूजा गरिने भएकाले यो चाड उनलाई असाध्यै मन पर्छ । श्रेयसीका दिदीबहिनी पनि भाइतिहारको बिहानै उठेर नुहाइधुवाइ गरेपछि दाजुभाइलाई उठाएर तयार हुन आग्रह गरे । भाइपूजाको साइत प्रारम्भ भयो । दहीअक्षता, जौँतिल, पञ्चामृत र फूलमालाले यमराजको पूजा गरे । सबै दिदीबहिनीले दाजुभाइलाई सगरमाथाको जस्तो गौरब, लम्बोदरको जस्तो सम्मान, पीताम्बरको जस्तो सुन्दरता अनि वायुपुत्रको जस्तो दीर्घायुको कामना गर्दै सप्तरङ्गी टीका लगाइदिए । पानबुट्टे साडीमा सजिएका दिदीबहिनीले आफ्ना दाजुभाइलाई जीवनका हरपरीक्षामा सफल बनेर प्रगतिशिखर चुम्न सफल भए भन्दै शुभकामना व्यक्त गरे । सुस्वास्थ्य र दीर्घायुको कामना व्यक्त गर्दै उनीहरूले दाजुभाइलाई सयपत्री र मखमलीका मालाले सजाए ।

३. तलका विग्रहलाई समास गर्नुहोस्

तल तिर, माथि तिर, हिजो आज, भोलि पर्सि, आज नै, अघि पछि, लाज नभएको, लुछेर अनि लुछेर हुन्छ जुन खेल, पिटेर अनि पिटेर हुन्छ जुन काम, गोदेर अनि गोदेर गरिन्छ जुन झगडा, लुछेर अनि चुँडेर गरिन्छ जुन काम, हातपछि हातमा राखिन्छ जुन, हानेर अनि हानेर गरिन्छ जुन काम, मुक्कापछि मुक्का हानिन्छ जहाँ, तानेर अनि तानेर खेलिन्छ जुन खेल, दाल पनि भात पनि, नुन पनि भुटुन पनि, मन वचन र कर्म, न शिर न पुच्छर, न छेउ न टुप्पो, न चिन्न न जान्नु, पाँच अमृतको समूह, पञ्च पल्लवको समूह, पञ्च रत्नको समूह, पञ्च गव्यको समूह, पञ्च तत्वको समूह, पञ्च दानको समूह, पञ्च अङ्गको समूह, पञ्च पाण्डवको समूह, छ वटा दर्शनको समूह, छ वटा कोणको समूह

४. तलका समस्त शब्दहरूको विग्रह गर्नुहोस् :

सयपत्री, लामखुट्टे, दसहाते, चन्द्रमुखी, माछापुच्छ्रे, कल्मुखा, कल्जिब्रे, सप्तर्षि, षड्यन्त्र, नौगेडी, दशदान, त्रिभुज, चौकुने, त्रिफला, अष्टाध्यायी, बाबुछोरा, तेरोमेरो, गुरुचेला, घामछायाँ, रतन्धो, वनभोज, बाटो ढुकुवा, राष्ट्र निर्माता, पदच्युत, हाडेओखर, भान्साघर, हृदयविदारक, भाइमारा, जीवनपर्यन्त, मुन्तिर, यताउति, लालीगुराँस, अधमरा, शीतोष्ण, गुरुआमा, महापुरुष, मृगनयनी, मुनामदन, जेठोबाठो, पञ्चतत्त्व, सप्तकोसी, निर्विकल्प, बेदाना, वायुपङ्खी, फलफूल, पीडामुक्त, घरबाहिर, प्राणप्रिय, विद्यादान, गाईजात्रा, बाटाखर्च, पढेलेखेको, गरिबमारा, सप्तरङ्गी ।

५. तलको अनुच्छेदबाट छओटा समस्त शब्द टिपोट गरी तिनीहरूको विग्रह गर्नुहोस् :

मनुष्य जीवनको सार्थकता भन्नु नै चेतना हो । गरिब वा धनी हुनु के हो र किन मानिस गरिब वा धनी हुन्छ ? यो कुरा मैले विद्यालयमा पढ्न पाइनँ किनभने त्यो समय यस्ता विषयमा पढाउने परिपाटी नै थिएन र यस किसिमको चेतना विस्तारको वातावरण पनि थिएन । त्यस बेला क्याम्पसमा पनि यस्ता कुरा पढ्न पाइन्नथ्यो । निजी अध्ययन मेरो यस्तो जीवनबोधका लागि त्यहाँ पढेँ- वास्तवमा मानिस जन्मँदा जुन शरीर लिएर आउँछ त्यो प्राकृतिक रहेछ र त्यो त जीववैज्ञानिक विषय रहेछ । जन्मेपछि मानिस विविध कारणले धनी वा गरिब हुँदो रहेछ र त्यही आधारमा हामी एक थरीलाई सभ्य र बौद्धिक भन्दा रहेछौँ । हामी मानिस नै अर्का थरी मानिसलाई असभ्य र मूर्ख भन्दा रहेछौँ । यस्तो भन्नु गलत संस्कृति हो भन्ने कुरा मैले बुझेँ र समाजमा धनी र गरिबको भेद गर्ने संस्कृति खराब हो भन्ने बोध गरेँ । श्रमिक वर्गको आफ्नो संस्कृति हुँदो रहेछ । त्यस्तो संस्कृति श्रममा नै फल्ने,

फुल्ने र फक्रने रहेछ । लोकजीवन, लोकसंस्कृति, लोककथा तिनका जीवनका संस्कार थिए, संस्कृति थिए र आत्मा थिए भन्ने पनि बुझेँ । श्रम तिनका जीवनको मात्र नभएर राष्ट्रकै प्रतिष्ठा थियो भन्ने पनि थाहा पाएँ । त्यही कारण श्रमका आधारमा मान्छेमा भेद हुन्छ भन्ने संस्कार मैले सिकेँ । मैले श्रम गर्ने कुरा त महत्त्वपूर्ण संस्कृति रहेछ भन्ने बुझेँ र आज विश्वमा श्रम, सिप र जाँगरले नै मान्छेले प्रगति गरेको रहेछ भन्ने पनि थाहा पाएँ ।

## द्विरुक्त शब्द

६. पढ्नुहोस् र बुझ्नुहोस् :

एउटै शब्दलाई दोहोऱ्याएर नयाँ शब्द बनाउने पद्धति द्विरुक्त हो । द्विरुक्तलाई द्वित्व पनि भनिन्छ । नाम, सर्वनाम, विशेषण, अव्यय र क्रियापदको हुन सक्छ । द्विरुक्त तीन प्रकारका हुन्छन्, जस्तै–

(क) पूर्ण द्वित्व (शब्द पूरै दोहोरिने)

घर + घर = घरघर

यो + यो = योयो

मिठो + मिठो = मिठोमिठो

भित्र + भित्र = भित्रभित्र

(ख) आंशिक द्वित्व (शब्दको आधा भाग मात्र दोहोरिने)

मसला + मसला = मरमसला

आफ्नो + आफ्नो = आआफ्नो

जसको + जसको = जजस्को

छिमेक + छिमेक = छरछिमेक

तयार + तयार = तम्तयार

(ग) आपरिवर्तित द्वित्व (ध्वनि परिवर्तन भई नयाँ शब्द बन्ने)

मान्छे + मान्छे = मान्छेसान्छे

भोलि + भोलि = भोलिसोली

मह + मह = महसह

ठेल + ठेल = ठेलमठेल

बानी + बानी = आनीबानी

७. तलको अनुच्छेदबाट द्विरुक्त शब्द टिप्नुहोस् र तिनीहरूको निर्माण प्रक्रिया देखाउनुहोस् :

अधिकांश मानिसहरू आआफ्ना पुर्खाले जे जे काम गरेका छन् त्यही त्यही गर्न चाहन्छन् । परम्परित काम नराम्रो जस्तो भए पनि छि छि र दूर दूर गर्दैनन् । यस्ता कामहरू गर्दा झैझगडा पनि गर्दैनथे । ससाना कार्यक्रमदेखि लिएर ठुल्ठुला कार्यक्रमहरू सहज रूपमा सम्पन्न हुन्थे । समाजमा ऐँचोपैँचो चल्थ्यो भने कसैमा भएको नकारात्मक आनीबानीमा परिवर्तन गर्थे । त्यसैले समाजमा मेलमिलाप थियो ।

## सिर्जना/परियोजना

१. दिइएका बुँदाहरूका आधारमा एउटा जीवनी तयार पार्नुहोस् :

नाम : बाबुराम आचार्य

जन्म : वि.सं. १९४४ फागुन २९

जन्मस्थान : ठुलो गौचरन काठमाडौँ

मातापिता : शिवकुमारी/धर्मदत्त आचार्य

शिक्षा : हजुरबुबा पशुपति आचार्यबाट प्रारम्भिक शिक्षा प्राप्त र बनारसबाट उच्च शिक्षा हासिल,

प्रकाशित कृति : पुराना कवि र कविता, तुलनात्मक सुन्दर काण्ड, चीन तिब्बतसँग नेपालको सम्बन्ध, नेपालको सङ्क्षिप्त वृत्तान्त, पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवनी, प्राचीन नेपालको इतिहास, नक्षत्र तारा निरूपण आदि ।

योगदान :

- लामो समयसम्म नेपाली भाषा र इतिहाससम्बन्धी खोज तथा अनुसन्धान,
- निरङ्कुश शासन व्यवस्थामा पनि लेखनकार्यलाई निरन्तरता दिएका,
- सरकारी अड्डाका हाकिम,
- संस्कृति शिक्षाको विकास र विस्तारमा गहन योगदान दिएका,
- तीव्र स्मरणशक्ति भएका, निडर, प्रखर कल्पनाशक्ति,
- विश्वको सर्वोच्च शिखरलाई सगरमाथा नामकरण गरेका,
- पछिल्लो चरणमा दृष्टिविहीन भएर पनि लेखनलाई निरन्तरता दिएका,
- पुराना र हराइसकेको ऐतिहासिक सामग्रीहरूको खोजी गरी नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा महत्त्वपूर्ण योगदान दिएका,
- इतिहास शिरोमणिको उपाधिबाट विभूषित,

सम्मान : २००८ सालमा इतिहास शिरोमणिको उपाधि,

२०२० सालमा नेपाल प्रज्ञा प्रतिष्ठानका मानार्थ सदस्य,

मृत्यु : २०२९ साल भदौ २१ गते काठमाडौँ।

पाठ ९

# गोर्खे

परिचय

बखतबहादुर थापा (२०२२) को 'गोर्खे' प्राविधिक विषयसँग सम्बन्धित उत्कृष्ट कथा हो । साहित्यमा बखतबहादुर नामले परिचित भए पनि उनको वास्तविक नाम भक्तबहादुर थापा हो । 'आघात'
(२०६२), 'कम्प्युटर आतङ्क' (२०६९), शीर्षकसँगै 'सरिता' (२०७५) जस्ता कृतिका स्रष्टा थापाले 'गोर्खे' कथामा प्राविधिक विषयलाई पनि रोचक र सरल बनाएका छन् । समसामयिक विषयवस्तुप्रति रुचि राख्ने थापाका कथामा ग्रामीण तथा सहरिया सामाजिक एवं पारिवारिक परिवेशको चित्रण पाइन्छ । सामाजिक विकृति, विसङ्गति र समस्यालाई यथार्थ रूपमा चित्रण गर्ने कथाकारले गरिबी, रोग, भोक, रूढिवाद र अन्धविश्वासलाई समेत कथाको विषयवस्तु बनाएका छन् । जाति, वर्ग, विभेद आदिको अन्त्य गरी समानताको खोजी गर्ने स्रष्टाले बिदेसिएका युवाहरूको यथार्थता र नारीले भोग्नुपरेका मानसिक अवस्थाको विश्लेषण चित्रण गरेका छन् । 'गोर्खे' कथामा चाहिँ कम्प्युटरमा लाग्ने भाइरस र त्यसको निराकरण गर्ने एन्टिभाइरसलाई मूल विषयवस्तु बनाइएको छ ।

'गोर्खे' कथाले समाज आधुनिकतातर्फ प्रवेश गरिसकेको विषयलाई सङ्केत गरेको छ । प्रविधिको युग भएकाले प्रविधिको सही सदुपयोग गर्न सक्नुपर्छ भन्ने साङ्केतिक भावसहित कम्प्युटरमा लाग्ने भाइरसको विषयलाई मूल कथानक बनाइएको छ । कम्प्युटरमा लाग्ने भाइरसले कम्प्युटरभित्रका विभिन्न फायल वा कम्प्युटरका पार्टपुर्जालाई नोक्सान पुऱ्याउने हुँदा त्यसबाट बच्नका लागि एन्टिभाइरसको प्रयोग गरी फायल र कम्प्युटरका अङ्गहरू सुरक्षित राख्नुपर्छ भन्ने सन्देश नै यस कथाको मूलभाव हो । एन्टिभाइरस निर्माण गर्ने क्षमता मानिसमा नै हुन्छ । कम्प्युटरलाई असक्षम बनाउने त्यस्ता भाइरसहरूका विरुद्ध शक्तिशाली एन्टिभाइरस बनाएर भाइरसलाई निस्तेज बनाउने सिर्जनशील काम मानिसले नै गर्छ  तसर्थ मानिस सिर्जनशील प्राणी हो र मानिसको सिर्जनाले जस्तोसुकै समस्याको समाधान गर्न सक्छ भन्ने मुख्य आशयमा प्रस्तुत कथा केन्द्रित छ ।

सिकाइ उपलब्धि

(क) पाठमा प्रयुक्त नयाँ र कठिन शब्दको अर्थ भन्न र वाक्यमा प्रयोग गर्न
(ख) पाठलाई गति र यति मिलाई सस्वर वाचन गर्न
(ग) कथाको सङ्क्षिप्त भाव बुझ्न र व्यक्त गर्न
(घ) पाठका महत्त्पूर्ण अंशको व्याख्या गर्न
(ङ) पाठबाट सोधिएका प्रश्नहरूको उत्तर दिन
(च) पाठको सारांशलाई समेटेर विवेचनात्मक उत्तर लेख्न
(छ) पाठको कुनै प्रसङ्गमा आधारित भई प्रतिक्रिया दिन
(ज) पाठका आधारमा भाषिक संरचना पक्षको अभ्यास गर्न
(झ) विज्ञानसम्मत नयाँ कथा लेख्न ।

# गोर्खे

*- बखतबहादुर थापा*

पेशल कम्प्युटर प्रविधिज्ञ हो । उसलाई केही गरेर देखाऊँ भन्ने लाग्यो । त्यसका निम्ति सानै कुराबाट सुरु गर्न खोजेकाले उसको रोजाइमा एन्टिभाइरस पर्‍यो । भाइरस भनेको सानो प्रोग्राम हो तर यसले कम्प्युटर प्रयोगकर्तालाई सबैभन्दा बढी दुःख दिन्छ । पेशलले गोर्खे नामक एन्टिभाइरस बनायो ।

एक दिन सतपाल आएर भन्यो, “पेशल भाइ ! मेरो कम्प्युटरले साह्रै दुःख दियो । लौ न, गएर बनाइदिनुपर्‍यो ।”

पेशलले सिडी, पेन ड्राइभ, स्क्रु ड्राइभर, धुलो पुछ्ने ब्रस, पुछपाछ पार्नलाई कपडा राखेर झोला बोक्यो ।

सतपालले मोटरसाइकल स्टार्ट गर्‍यो । पेशल पछाडि बस्यो । गुटुटुटु..., आधा घण्टा दौडेपछि मोटरसाइकल एउटा घरका अगाडि थामियो ।

त्यसबाट झरेपछि सतपालले पेशललाई ‘आउनुस्’ भन्ने सङ्केत गरेर आफू अगाडि लाग्यो । ती कम्प्युटर भएको कोठामा पुगे । कम्प्युटरका अगाडि घुम्ने कुर्सी थियो । पेशललाई त्यसैमा बस्ने सङ्केत गरेर सतपालले कम्प्युटर देखायो । आफू अर्को कुर्सी ल्याएर छेवैमा बस्यो ।

पेशलले कम्प्युटर चलाएर चेकजाँच गर्‍यो । भाइरसले ग्रस्त भएको रहेछ । पेशलले आफैँले बनाएको एन्टिभाइरस गोर्खेको सिडी निकालेर इन्स्टल गर्‍यो । इन्स्टल हुन पाँच मिनेट लाग्यो । त्यसपछि स्क्यान सुरु गर्‍यो । एउटा डाइलग बक्स खुल्यो । टाउकामा सिङ भएको, आङमा रुखका बोक्रा लगाएको, दाह्रा कटकटाइरहेको, महाविकराल अनुहारको मान्छे आयो । उसले काँधमा एउटा झोला पनि बोकेको थियो । त्यो देखेर सतपालले पेशलतिर हेर्‍यो, फेरि कम्प्युटरतिर । आफूले कहिले नदेखेको अनोठौ देह र विचित्र भावभङ्गी भएको विलक्षण मान्छे कम्प्युटरमा क्रीडामग्न भएको देखेपछि त सतपाल खित्का छोडेर हाँस्न पो लाग्यो । हाँसो रोकिनेबित्तिकै उसले “सोनम” भनेर डाको लगायो । उत्तिखेरै एउटी महिला निस्किन् ।

“बस न, कम्प्युटर बनाएको हेर त ।” सतपालले भन्यो ।

पछाडि पलङ थियो, सोनम त्यसैमा बसिन् ।

चिकित्सकले अति सतर्क भएर कोरोना सङ्क्रमित रोगीको परीक्षण गरे झैँ एन्टिभाइरस गोर्खे पनि बडो होसियारीका साथ आफ्नो काम गर्दै थियो । उसले काँधको झोला निकालेर भुइँमा राख्यो । आफू पनि बस्यो र झोलाबाट एउटा पत्रिका निकाल्यो । अर्कोतिरबाट कम्प्युटर तान्यो र त्यसबाट हार्डडिस्क निकाल्यो । हार्डडिस्कका सबै फाइल पत्रिकामा खन्यायो । फेरि झोला खोलेर रक्सीको सिसी निकाल्यो र ठाडो घाँटी लगायो । दुई घुट्का घुट्काएपछि “ओओ...,” कराएर एक्कासि काम्न थाल्यो । कम्प्युटरमा फोर इन वन हुफर जोडिएको रहेछ । एन्टिभाइरस गोर्खेको स्वरले सोनम त तर्सिन् ।

पेशल हाँस्दै पछाडि फर्क्यो ।

पेशललाई देखेपछि सोनममाथि अर्को आश्चर्य थपिएछ । छक्क पर्दै भनिन्, "त्यो कम्प्युटरभित्र सिङ भएको यमराजको दूत पनि... !"

"हो, म नै हुँ ।" पेशलले नाक चेप्त्यायो ।

अक्षता हेरे झैँ पत्रिकाका फाइल हेर्दै हार्डडिस्कमा राख्दै गर्न थाल्यो एन्टिभाइरस गोर्खे । आधाजति पुऱ्याएपछि राक्षस जस्तो घिन लाग्दो देखिने भाइरस भेट्यो । झोलाबाट खरानी निकाल्यो । मन्त्र फुकेर रेखा हाल्यो । त्यस भाइरसलाई उठाएर खरानीको घेराभित्र थेचाऱ्यो । फेरि स्क्यान गर्न थाल्यो । स्क्यानिङ गर्न थालेपछि केही भाइरस भागेर कुना कुनामा पस्दा रहेछन् । करिब एक लाख फाइल स्क्यान गरेपछि पाँच थरीका भाइरस भेट्यो । ती भाइरसले लगभग चार सय फाइलमा सङ्क्रमण गरेका थिए । थुप्रै फाइल मर्मत भए, मर्मत हुन नसकेकालाई एन्टिभाइरस गोर्खेले डिलिट गर्न सुझाव दियो । पेशलले 'ओके' लेखेका ठाउँमा माउसको चुच्चो लगेर थिच्यो । भाइरसले बिगारेका र मर्मत हुन नसकेका फाइल जति स्वात्तै उडायो । त्यसपछि सुरुमै समातेको भाइरसलाई खरानीको रेखाबाट बाहिर तान्यो र सोध्यो, "तँ को होस् । के गर्न आएको हँ?"

"म ब्रोन्टक नामक भाइरस हुँ । डुब्लिकेट फोल्डर बनाएर तिनलाई अगाडि राखिदिने र सक्कली फोल्डरलाई लुकाइदिने काम हो मेरो । अत्यधिक मात्रामा डुब्लिकेट फाइल बनाएर ओभरलोड गर्छु र कम्प्युटरलाई कामै गर्न नसक्ने गरी थला पारिदिन्छु ।" हाहाहा..., ब्रोन्टक हाँस्यो ।

"तँलाई ब्रोन्टक !" एन्टिभाइरस गोर्खेले एक लात बजाएर लडाएपछि त्यसको छातीमा बसेर घाँटी थिची थिची माऱ्यो ।

अर्को भाइरसलाई समातेर खरानीको घेराबाट बाहिर निकाल्यो र सोध्यो, "तँ किन आएको?"

दोस्रो नम्बर भाइरस केही बोलेन, उसले रातो, पहेँलो, कालो, खैरो रङले पोतिए जस्ता दाँत देखाउँदै झन् जिस्क्यायो एन्टिभाइरस गोर्खेलाई ।

"छ्या ! कस्तो घिनलाग्दो, यसले त टोकेरै पनि बिगार्छ होला फाइलहरू !" आँखा तर्दै कड्केर सोध्यो एन्टिभाइरस गोर्खेले, "बोल् न, तेरो काम के हो?"

"ह्याङ," एन्टिभाइरस गोर्खेलाई काट्ला जस्तो दाँत देखाएर झाँक्रे कपाल हल्लाउँदै भाइरसले भन्यो, "मेरो नाम मेमोरी भाइरस हो । मेमोरीमै ढुकेर बस्छु म । त्यसको सम्पर्कमा आउने एक्सटेन्सन फाइलको रगत चुस्ने र तिनलाई हिँड्नै नसक्ने बनाइदिने काम हो मेरो !"

एन्टिभाइरस गोर्खे जुरुक्क उठ्यो । "ला, चुस अब रगत !" त्यसको मुखमा खुट्टो राखेर थिच्न खोज्दै थियो खुट्टै चपाइदियो भाइरसले । दुखाइले इन्तु न चिन्तु भयो एन्टिभाइरस गोर्खे । दाह्रा किटेर कुहिनाले भाइरसको टाउकै टाउकामा हिर्काएर माऱ्यो । त्यसपछि आफ्नो रक्ताम्मे खुट्टो समाएर आत्था ... आत्था गर्न थाल्यो । त्यो देखेर पेशलले "म कुनै सहयोग गर्न सक्छु?" टाइप हान्यो । "धन्यवाद, तपाइँ चिन्ता नगर्नुस् ।" सान्त्वना स्वरूप एन्टिभाइरस गोर्खेले हाँस्ने कोसिस गऱ्यो । ऊ दुखाइले रन्थनिएकै थियो । आफ्नो पीडालाई बिर्सेर उसले तेस्रो भाइरस निकाल्यो । तेस्रो भाइरस डराएको हुनुपर्छ, उसलाई केही सोध्नै परेन । फटाफट भन्न थाल्यो, "मेरो नाम अन्य भाइरस हो । टेम्पोररी फोल्डरमा गएर बस्छु । त्यहाँ भएका फाइलले खुलिरहेको प्रोग्राम चल्नमा मदत पुऱ्याइरहेका हुन्छन् । म पनि त्यही फोल्डरमा बसेर फाइललाई ऱ्याम, सी.पी.यु., हार्डडिस्कमा दौडाइरहन्छु । यसले गर्दा चलिरहेको फाइल अचानक बन्द भइदिने, पेज तलमाथि हुने र कम्प्युटर अनावश्यक रूपमा व्यस्त भइराख्ने हुन्छ ।"

“भन्नाले तँ कुकर्मी होस् ! ला,” एन्टिभाइरस गोर्खेले झोलाबाट एउटा केराउको दाना जत्रो गोली निकालेर भाइरसको हातमा राख्दै भन्यो, “खाइदे ।” अन्य भाइरसले मुखमा हालेको मात्र के थियो गोली विस्फोट भएर त्यसको नामोनिसान मेटाइदियो ।

चौथोलाई निकालेर सोध्दा उसले आफ्नो नाम “चोर” भन्यो । उसको जन्मदाताले कम्प्युटरका पासवर्ड, इमेल एड्रेस, क्रेडिट कार्ड नम्बर, खाता नम्बर जस्ता गोप्य डकुमेन्ट मेरो ठेगानामा पठाइदिनु भनेको रहेछ, दुरूपयोग गर्नलाई ।

घाइते एन्टिभाइरस गोर्खेले एउटा खुट्टो टेक्नै सकेको थिएन, खोच्याउँदै गएर जगल्ट्याउन खोज्दा चोर भाइरसले सद्दे खुट्टामा दाँत गाड्यो । अतालिएर लड्यो एन्टिभाइरस गोर्खे । लड्दा खरानीको घेरा भत्कियो । पाँचौं भाइरस खरानीको रेखाभित्र थियो, जङ्गिएर निस्क्यो ।

त्यसले एन्टिभाइरस गोर्खेको पेटमा बसेर काउकुती लगाउँदै भन्यो, “म को हुँ र किन आएको हुँ सोध् !”

एन्टिभाइरस गोर्खे खुट्टाको पीडा र काउकुतीको हाँसोले छटपटिँदै घोप्टो पऱ्यो ।

“देखिस्, म... म नै हुँ बुट सेक्टर भाइरस ! कम्प्युटर अन हुनेबित्तिकै ऱ्याममा गएर बस्छु । विन्डोज रन गर्न थालेपछि कुनै फाइललाई उल्टो पारेर कम्प्युटरलाई अगाडि बढ्नुको साटो पछाडि फर्काइदिने (रि स्टार्ट) गर्छु ।”

चौथो भाइरसले खुट्टाबाट रगत चुस्न छोडेको थिएन ।

“गुहार गुहार ।” एन्टिभाइरस गोर्खे चिच्यायो ।

“म के सहयोग गरूँ?” पेशलले हतार हतार टाइप हान्यो ।

“कृपया तुरुन्त अपडेट गर्नुस् !” एन्टिभाइरस गोर्खे अतालिएको थियो ।

भाइरसले रगत चुस्न छोडेको थिएन । एन्टिभाइरस गोर्खे सुकेको दाउरा जस्तो सेतो हुँदै गयो ।

सतपालले पनि हेरिरहेको थियो । हतार हतार ऱ्याक खोलेर सिडिएमए डिभाइस निकालेर पेशललाई दियो ।

पेशलले त्यसलाई यु.एस्.बी. पोर्टमा घुसाऱ्यो । इन्टरनेट कनेक्सन गऱ्यो र एन्टिभाइरस गोर्खेलाई अपडेटमा लगाइदियो ।

“सोनम ! हाम्रो इन्जिनियरसाबलाई केही खुवाऊ त ।”

सतपालको स्वर सुन्नासाथ महिला उठेर अर्को कोठामा गई । दुई गिलास लस्सी ल्याएर कम्प्युटर टेबुलमा राखी ।

सतपालले एउटा गिलास पेशललाई उठाउन सङ्केत गऱ्यो र अर्को आफूले उठायो । फेरि चिया बिस्कुटको पालो आएछ । ती चियाको गिलास र प्लेटको बिस्कुट खाली गर्न थाले । अपडेट हुँदै गर्दा एन्टिभाइरस गोर्खेको जिउमा रगत भरिन थाल्यो । त्यो देखेर ती चार र पाँच नम्बरका भाइरस टाप कसे ।

अपडेट पूरा भएपछि डङ्ग्रङ्ग लडेको एन्टिभाइरस गोर्खे जुरुक्क उठ्यो । आङ बटाऱ्यो । पाखुरा फुलाएर देखाउँदै भन्यो, “बुबा ! फेरि स्क्यान गर्नु त, म ती भाइरसलाई निमोठनामोठ बनाउँछु ।”

पेशलले स्क्यान चलायो ।

यस पटक स्क्यान पनि छिटै गऱ्यो र ती दुइटा भाइरसको गालामा चट्कनका चट्कन दिएर लडायो । खुट्टाले किचेरै माऱ्यो । त्यसपछि आफ्नो झोला काँधमा झुन्ड्यायो अनि 'गुड लक' भन्ने सङ्केतमा बुढी औँलो देखाउँदै हिँड्यो एन्टिभाइरस गोर्खे ।

पेशलले कम्प्युटर रिस्टार्ट गऱ्यो र चेकजाँच गऱ्यो । कम्प्युटर खररर काम गर्न थालेपछि सतपालका जिम्मा लगायो ।

**शब्दार्थ**

| | | |
|---|---|---|
| *प्रविधिज्ञ* | : | *प्रविधिसम्बन्धी ज्ञान भएको* |
| *महाविकराल* | : | *अति डरलाग्दो* |
| *भावभङ्गी* | : | *मनको भाव व्यक्त गर्ने शारीरिक प्रतिक्रिया* |
| *विलक्षण* | : | *अनौठो, सामान्यभन्दा भिन्न* |
| *क्रीडामग्न* | : | *खेलमा तल्लीन* |
| *सङ्क्रमण* | : | *एकबाट अर्कोमा सर्ने काम* |

**कथासार**

गोर्खे बखतबहादुर थापाद्वारा लिखित वैज्ञानिक कथा हो । प्रविधि विषयसँग सम्बन्धित यस कथाको मूल विषयवस्तु पनि विज्ञानसम्मत रहेको छ । कम्प्युटर प्रयोगकर्तालाई सबैभन्दा बढी दु:ख दिने कम्प्युटर भाइरससँग सम्बन्धित विषयवस्तुलाई यस कथाको मूल सन्दर्भ बनाइएको छ । यस कथामा पेसल, सतपाल र सोनम पात्रहरू रहेका छन् । कम्प्युटरमा लाग्ने पाँच प्रकारका भाइरसहरूको चर्चा यस कथाले समेटेको छ । गोर्खे चाहिँ एन्टिभाइरस हो । कम्प्युटरमा लाग्ने भाइरसबाट कसरी मुक्त हुने भन्ने सन्दर्भलाई यस कथाले नवीन र रोचक शैलीमा प्रस्तुत गरेको छ । भाइरस र एन्टिभाइरस जस्ता प्राविधिक शब्दलाई पात्रका रूपमा उभ्याएर कथाकारले प्रविधिको मानवीकरण गरेका छन् ।

एक दिन सतपाल आएर पेशललाई आफ्नो कम्प्युटरले दुख दिएकाले गएर बनाइदिन आग्रह गर्छ । पेशलले स्वीकार गरेपछि मोटरसाइकलमा राखेर पेशललाई आफ्नो घरमा लैजान्छ । सतपालको घरमा पुगेर पेशल कम्प्युटर जाँच गर्छ । भाइरसले ग्रस्त भएको भन्ने कुरा बताउँदै पेशल आफैँले बनाएको एन्टिभाइरस गोर्खे इन्स्टल गर्छ । करिब पाँच मिनेटपछि गोर्खे एन्टिभाइरसले काम गर्न थाल्छ । गोर्खे एन्टिभाइरसले कम्प्युटर स्क्यान गरेपछि क्रमश: पाँच प्रकारका भाइरसहरू भेटिन्छन् । हरेक भाइरसले कम्प्युटरका फायलहरू बिगारेको हुन्छ । प्रत्येक भाइरससँग कुरा गर्दै गोर्खे एन्टिभाइरसले सबैलाई पराजित गर्छ र ती भाइरसहरू मर्छन् । भाइरसले बिगारेका फायलहरू मर्मत हुन्छ । केही फायलहरू बढी भाइरसबाट प्रभावित भएकाले मर्मत हुँदैनन् । मर्मत हुन नसकेका बढी सङ्क्रमित फायलहरू डिलिट गर्न निर्देशन दिन्छ । ब्रुट सेन्टर नामको भाइरसबाट पराजित हुन खोज्दा एन्टिभाइरसले प्रविधिज्ञलाई अपडेट गर्न अनुरोध गर्छ । प्रविधिज्ञले अपडेट

गरेपछि स्क्यान गर्न अनुरोध गर्छ । स्क्यानपछि मर्मत कार्य पूरा हुन्छ अनि कम्प्युटरले पूर्ण रूपमा आफ्नो काम गर्न थाल्छ । भाइरस हटाइसकेपछि गुडलक भन्ने सङ्केतमा बुढीऔँला देखाउँदै एन्टिभाइरस बिदा हुन्छ । पेशलले सबै काम पूरा भएपछि सतपाललाई कम्प्युटर जिम्मा लगाउँछ र गोर्खे कथाको अन्त्य हुन्छ ।

## शब्दभण्डार

१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| मर्मत | एक वस्तुबाट अर्को वस्तुमा फिँजिनु |
| भाइरस | भष्म |
| खरानी | पुन: बनाउने काम |
| होसियारी | रोग लागेको छ कि छैन भनी जाँच गर्ने काम |
| अत्यधिक | जाँच |
| महाविकराल | मुखको आकृति विशेष |
| भावभङ्गी | अत्यन्त डरलाग्दो |
| परीक्षण | सामान्यभन्दा भिन्न खालको, अचम्मको |
| | सावधानी |
| | ज्यादै, धेरै |

२. तलका उखानहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :

नजिकको तीर्थ हेला, काग कराउँदै छ पिना सुक्दै छ, आए आँप गए झटारो, बाँदरको हातमा नरिवल

## बोध र अभिव्यक्ति

१. 'गोर्खे' कथा पढेर पहिलो र दोस्रो अनुच्छेदको घटनालाई छोटकरीमा सुनाउनुहोस् ।

२. 'गोर्खे' कथा पढेर सोधिएका प्रश्नहरूको उत्तर भन्नुहोस् :

(क) पेशलले बनाएको एन्टिभाइरसको नाम के हो ?

(ख) एन्टिभाइरसले के कस्ता भाइरसहरू पत्ता लगायो ?

(ग) कम्प्युटरमा भएका भाइरसहरू किन बाहिर निस्किए ?

(घ) भाइरसहरू कति प्रकारका थिए ?

३. कम्प्युटरमा भाइरस सङ्क्रमण हुन नदिने के गर्नुपर्छ, साथीहरू बिच छलफल गरी भन्नुहोस् ।

४. तलका घटनाक्रमलाई गोर्खे कथाका आधारमा क्रम मिलाएर लेख्नुहोस् ।

(क) पेशलले एन्टिभाइरस बनाउनु

(ख) सतपालको कम्प्युटर बिग्रनु

(ग) कम्प्युटर भाइरसले ग्रस्त भएको थाहा पाउनु

(घ) एन्टिभाइरसले प्रविधिज्ञलाई अपडेट गर्न अनुरोध गर्नु

(ङ) पाँच थरीका भाइरस भेट्नु

(च) भाइरस सङ्क्रमित फाइलहरू मर्मत हुनु

(छ) गोर्खेले प्रविधिज्ञलाई डिलिट गर्न सुझाव दिनु

(ज) गोर्खेको सिडी निकालेर कम्प्युटरमा इन्स्टल गर्नु

(झ) मर्मतपछि कम्प्युटरले काम गर्न थाल्नु

(ञ) प्रविधिज्ञलाई कम्प्युटर स्क्यान गर्न अनुरोध गर्नु ।

५. उदाहरण हेरी दिइएको कथांश पढेर सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

अक्षता हेरे झैँ पत्रिकाका फाइल हेर्दै हार्डडिक्समा राख्दै गर्न थाल्यो एन्टिभाइरस गोर्खे । आधाजति पुऱ्याएपछि राक्षस जस्तो घिन लाग्दो देखिने भाइरस भेट्यो । झोलाबाट खरानी निकाल्यो । मन्त्र फुकेर रेखा हाल्यौ । त्यस भाइरसलाई उठाएर खरानीको घेराभित्र थेचाऱ्यो । फेरि स्क्यान गर्न थाल्यो । स्क्यानिङ गर्न थालेपछि केही भाइरस भागेर कुना कुनामा पस्दा रहेछन् । करिब एक लाख फाइल स्क्यान गसरेपछि पाँच थरीका भाइरस भेट्यो । ती भाइरसले लगभग चार सय फाइलमा सङ्क्रमण गरेका थिए । थुप्रै फाइल मर्मत भए, मर्मत हुन नसकेकालाई एन्टिभाइरस गोर्खेले डिलिट गर्न सुझावदियो । पेशलले ओके लेखेका ठाउँमा माउसको चुच्चो लगेर थिच्यो । भाइरसले बिगारेका र मर्मत हुन नसकेका फाइल जति स्वात्तै उडायो ।

प्रश्नहरू :

(अ) भाइरसलाई उठाएर खरानीको घेराभित्र थेचाऱ्यो भन्नुको तात्पर्य के हो ?

*उदाहरण*

उत्तर : माथिको कथांश 'गोर्खे' कथामा एन्टिभाइरससँग सम्बन्धित सन्दर्भ हो । यस कथांशमा एन्टिभाइरसले भाइरसलाई निस्तेज गरेको प्रसङ्ग उल्लेख गरिएको छ । भाइरस लागेपछि कम्प्युटरमा भएका सबै फायलहरू प्रयोग गर्न नसकिने वा नखुल्ने हुन्छन् । ती फायललाई पुन: प्रयोग गर्न एन्टिभाइरसको प्रयोग गर्नु आवश्यक हुन्छ । कतिपय फायलहरूलाई सञ्चालन गर्न त एन्टिभाइरसले पनि काम गर्दैन र फायल नै हराउने वा नखुल्ने सम्भावना बढी हुन्छ । यस कथामा गोर्खे नामको एन्टिभाइरस प्रयोग गरेपछि कम्प्युटरमा भएका सबै भाइरसहरू एकै ठाउँमा जम्मा पारी एन्टिभाइरसले

सबैलाई नष्ट गरेको छ । यसरी एन्टिभाइरसले सबै भाइरसहरूलाई एउटै ठाउँमा नष्ट गरेर खरानीसमान बनाउनु नै खरानीको घेराभित्र थेचाऱ्यो भन्नुको तात्पर्य हो ।

(आ) गोर्खले कम्प्युटरलाई भाइसमुक्त बनाउनका लागि गरेका क्रियाकलाप के के हुन् ?

उत्तर : गोर्खे पेशलद्वारा निर्माण गरिएको एन्टिभाइरस हो । यसले भाइरसलाई नष्ट गर्ने काम गर्छ । यस एन्टिभाइरसले कम्प्युटरमा रहेका सबै भाइरसहरूलाई नष्ट गरेर खरानीसरह बनाएको छ । गोर्खेले कम्प्युटरमा प्रवेश गरेर फायलहरूलाई हार्डडिस्कमा राखेको छ । भाइरसलाई एउटै घेराभित्र एकत्रित गरी जम्मा गरेको छ । पाँच लाख फायल स्क्यान गर्दा पाँच प्रकारका भाइरसहरू पत्ता लगाएर तिनीहरूको मर्मत गरेको छ साथै मर्मत हुन नसक्ने भाइरसले बढी प्रभावित भएका फायलहरूलाई डिलिट गर्ने निर्देशनअनुसार त्यस्ता फायलहरू नै नष्ट गरी गोर्खेले कम्प्युटरलाई भाइरसमुक्त बनाएको छ । गोर्खेले भाइरसयुक्त कम्प्युटरलाई भाइरसमुक्त बनाउँदा गरिएका क्रियाकलापहरू यिनै हुन्

(क) दिइएको कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

पेशलले कम्प्युटर चलाएर चेकजाँच गऱ्यो । भाइरसले ग्रस्त भएको रहेछ । पेशलले आफैँले बनाएको एन्टिभाइरस गोर्खेको सिडी निकालेर इन्स्टल गऱ्यो । इन्स्टल हुन पाँच मिनेट लाग्यो । त्यसपछि स्क्यान सुरु गऱ्यो । एउटा डाइलग बक्स खुल्यो । टाउकामा सिङ भएको, आङमा रुखका बोक्रा लगाएको, दाह्रा कटकटाइरहेको, महाविकराल अनुहारको मान्छे आयो । उसले काँधमा एउटा झोला पनि बोकेको थियो । त्यो देखेर सतपालले पेशलतिर हेऱ्यो, फेरि कम्प्युटरतिर । आफूले कहिले नदेखेको अनोठौ देह र विचित्र भावभङ्गी भएको विलक्षण मान्छे कम्प्युटरमा क्रीडामग्न भएको देखेपछि त सतपाल खित्का छोडेर हाँस्न पो लाग्यो । हाँसो रोकिने बित्तिकै उसले "सोनम" भनेर डाको लगायो । उत्तिखेरै एउटी महिला निस्किन् ।

प्रश्नहरू :

(अ) काँधमा झोला बोक्ने मान्छे कस्तो देखिन्थ्यो ?

(आ) सतपाल हाँस्नुको कारण के हो ?

(ख) दिइएको कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

चिकित्सकले अति सतर्क भएर कोरोना सङ्क्रमित रोगीको परीक्षण गरे झैँ एन्टिभाइरस गोर्खे पनि बडो होसियारीका साथ आफ्नो काम गर्दै थियो । उसले काँधको झोला निकालेर भुइँमा राख्यो । आफू पनि बस्यो र झोलाबाट एउटा पत्रिका निकाल्यो । अर्कोतिरबाट कम्प्युटर तान्यो र त्यसबाट हार्डडिस्क निकाल्यो । हार्डडिस्कका सबै फाइल पत्रिकामा खन्यायो । फेरि झोला खोलेर रक्सीको सिसी निकाल्यो र ठाडो घाँटी लगायो । दुई घुट्का घुट्काएपछि "ओओ...," कराएर एक्कासि काम्न थाल्यो । कम्प्युटरमा फोर इन वन हुफर जोडिएको रहेछ । एन्टिभाइरस गोर्खेको स्वरले सोनम त तर्सिन् ।

प्रश्नहरू :

(अ) एन्टिभाइरसले गरेका क्रियाकलापहरू के के हुन् ?

(आ) एन्टिभाइरसले यी सबै क्रियाकलापहरू केका लागि गरिरहेको थियो ?

६. उदाहरण हेरी तलका पङ्क्तिहरूको व्याख्या गर्नुहोस् :

*उदाहरण :*

(क) बुबा ! फेरि स्क्यान गर्नु त, म ती भाइरसलाई निमोठनामोठ बनाउँछु ।

उत्तर : वैज्ञानिक कथाकार बखतबहादुर थापा (२०२२ : दैलेख द्वारा लेखिएको आधुनिक प्रविधिमा आधारित कथा 'गोर्खे' हो । यस कथामा कथाकार थापाले कम्प्युटरसम्बन्धी विषयवस्तुलाई रोजेका छन् । कम्प्युटरका सफ्टवेयर आवश्यक पर्ने भाइरसलाई नियन्त्रण गर्नका लागि एन्टिभाइरसको आवश्यकता हुने गरेको कुरालाई कथाको विषय बनाएका छन् । सोही क्रममा आएको प्रस्तुत कथांशचाहिँ एन्टिभाइरस गोर्खेलाई निर्माण गर्ने पेशल जस्तो इन्जिनयरलाई बुबाका रूपमा सम्बोधन गर्दै एन्टिभाइरस आफूले सबैखाले भाइरसलाई निर्मूल तुल्याउन आतुर रहेको कुरा व्यक्त गरिँदाको अवस्थामा आएको छ ।

पेसाले इन्जिनियर पेशलले गोर्खे नामक एन्टिभाइरस निर्माण गरेका छन् । उनको एन्टिभाइरसबारे थाहा पाएर मित्र सत्पालले आफ्नो कम्प्युटर मर्मतका लागि घरमा बोलाएका छन् । गोर्खे एन्टिभाइरसमा पाँचौं किसिमको भाइरसहरूलाई मर्मत वा नियन्त्रण गर्न सक्ने क्षमता छ । एक किसिमको डुब्लिकेट फाइल तयार पार्ने ब्रोन्टकलाई गोर्खे एन्टिभाइरसले तह लगाएको छ, अर्को मेमोरीलाई प्रभाव पार्ने भाइरसलाई समेत निमोठनामोठ पारेर कम्प्युटरबाट भगाएको छ । त्यस्तै टेम्पोररी फोल्डरबाट प्रोग्रामलाई प्रभाव पार्ने अन्य भाइरसलाई समेत त्यस गोर्खे एन्टिभाइरसले रक्ताम्मे बनाएको छ । त्यसैगरी विभिन्न पासवर्डहरू चोरी गर्ने चोर भाइरसलाई घाइते तुल्याएको छ । पटक पटक कम्प्युटर रिस्टार्ट गर्ने पाँचौं भाइरसलाई पनि घोप्टो पारेर लखेटेको छ । यसरी कम्प्युटरभित्रका हजारौं फाइल र प्रोग्रामहरूलाई काम गर्न नदिने सबैखाले भाइरसहरूसँग लडेर गोर्खे एन्टिभाइरसले सफलता पाएको छ । यद्यपि यसक्रममा एन्टिभाइरस आफैं पनि कहिले घाइते वा रक्ताम्मे नभएको होइन तापनि उसलाई पेशल जस्ता बुबाले पटक पटक मद्दत पुऱ्याएका छन् । कहिले कमान्ड दिएर त कहिले अपडेट र कहिले पुरै स्क्यान गरेर सत्पालको कम्प्युटरभित्रका भाइरसहरूलाई सधैंका लागि टाढा भगाइएको छ ।

यसप्रकार प्रस्तुत पङ्क्तिमा भनेझैं एन्टिभाइरस गोर्खेले बुबाको रूपमा रहेका पेशलको सहयोगका माध्यमबाट आफ्नो अस्तित्व कायम राखेको छ । सन्तानले बुबासँग आश्रय मागे झैं एन्टिभाइरस गोर्खेले पनि पेशलको आग्रहलाई प्राथमिकतामा राखेको छ । विनम्रताकाकै कारण गोर्खेका कामहरू सफल भएका छन् ।

(ख) आफ्नो झोला काँधमा झुन्ड्यायो अनि 'गुड लक' भन्ने सङ्केतमा बुढी औंलो देखाउँदै हिँड्यो एन्टिभाइरस गोर्खे ।

(ग) उसको जन्मदाताले कम्प्युटरका पासवर्ड, इमेल एड्रेस, क्रेडिट कार्ड नम्बर, खाता नम्बर जस्ता गोप्य डकुमेन्ट मेरो ठेगानामा पठाइदिनु भनेको रहेछ, दुरूपयोग गर्नलाई ।

(घ) "त्यो कम्प्युटरभित्र सिङ भएको यमराजको दूत पनि... !

७. उदाहरण हेरी तलका प्रश्नहरूको प्रतिक्रियात्मक उत्तर लेख्नुहोस् :

उदाहरण

(क) कथामा पेशल र सतपालमध्ये कसको मुख्य भूमिका रहेको छ, उदाहरण हेरी तर्कसहित आफ्नो प्रतिक्रिया व्यक्त गर्नुहोस् ।

उत्तर : गोर्खे’ आधुनिक विज्ञानसँग सम्बन्धित प्राविधिक कथा हो । यस कथाका रचनाकार बखतबहादुर थापा (२०२२) हुन् । वैज्ञानिक विषयलाई आधार बनाएर लेखिएको यस कथामा विज्ञानसम्मत पात्रहरू रहेका छन् । यस्तो वैज्ञानिक पात्रहरू निर्माण गर्ने व्यक्ति इन्जिनियर पेशल हुन् । उनले उत्पादन गरेको एन्टिभाइरस गोर्खेमा सबै नै विज्ञानसम्मत पात्रहरू नै सक्रिय वा क्रियाशील बनेका छन् ।

गोर्खे एन्टिभाइरसलाई आफ्नो कम्प्युटरमा इन्सटल गराउन दिने व्यक्ति सतपाल हुन् । सतपालकै कम्प्युटरमा पेशलले ‘गोर्खे’ नामक एन्टिभाइरस इन्स्टल गरिरहेका छन् । पेशल नै गोर्खे एन्टिभाइरस निर्माण गर्ने व्यक्ति पनि हुन् र उनले नै सतपालको कम्प्युटरमा आफैँ बसेर यस्तो एन्टिभाइरस इन्सटल गरेका हुन् । उनको एन्टिभाइरसमा भाइरसलाई हटाउन सक्ने सबै किसिमको सामर्थ्य पाइन्छ । उनले उत्पादन गरेको एन्टिभाइरस मानौँ राक्षस जस्तो अत्यन्त क्रोधी र आक्रामक रहेको छ । त्यस्तो एन्टिभाइरस जसले दाह्रा किटकिटाउँदै ‘ब्रोन्टक’ जस्तो भाइरसलाई सखाप तुल्याएको छ । त्यस भाइरसले कम्प्युटरभित्र डुब्लिकेट फोल्डर बनाएर सक्कली फोल्डरलाई लुकाइदिने गर्थ्यो । कम्प्युटरलाई ओभर लोडका कारण काम गर्न नसक्ने तुल्याउँथ्यो । त्यसैगरी पेशलको गोर्खे एन्टिभाइरसभित्रको अर्को मेमोरिलाई सखाप पार्ने भाइरसलाई पनि नामोनिसान मेटाउँथ्यो । मेमोरिमै ढुकेर बस्ने अनि सम्पर्कमा आउने एक्सटेन्सन फाइलको रगत चुस्ने भाइरसलाई मरुन्जेल दु:ख दिन्थ्यो । पेशलले गोर्खेभित्र यति शक्ति भरेको थियो कि अन्य भाइरसका रूपमा रहेका टेम्पोररी फोल्डर निर्माण गर्ने भाइरसलाई समेत आफसेआफ भाग्न बाध्य गराउँथ्यो । पासवर्ड, इमेल एड्रेस र क्रेडिट कार्ड साथै खाता नम्वर आदि डकुमेन्टलाई लुकाउने भाइरसलाई समेत पेशलले बनाएको एन्टिभाइरसले ठिक ठेगान लगाउँथ्यो । यसरी सतपालको बिग्रिएको कम्प्युटरमा पेशलले बनाएको एन्टिभाइरसभित्रका विभिन्न शक्तिशाली संयन्त्रहरूले स्क्यान गरेर चल्न सक्ने परिस्थिति निर्माण गर्थो ।

अत: प्रस्तुत ‘गोर्खे’ कथामा सुरुमा पेशललाई लिन आउने र आफ्नो घरमा लगेर कम्प्युटर दिँदै स्क्यानका लागि वातावरण सिर्जना गर्ने पात्रका रूपमामात्र सतपालको भूमिका देखिन्छ । जबकि गोर्खे जस्तो कडा एन्टिभाइरस निर्माण गरी चारपाँच प्रकारका भाइरसहरूलाई स्क्यानमार्फत हटाउन सक्ने पुरै भूमिका पेशलले नै गरेको देखिन्छ । यसर्थ प्रस्तुत कथामा पेशल र सतपालमध्ये पेशलकै भूमिका बढी रहेको पुष्टि हुन्छ ।

(ख) कथाकार बखतबहादुर थापाको कथागत प्रवृत्ति केलाउँदै कथाकारका विशेषतामाथि आफ्नो प्रतिक्रिया दिनुहोस् :

(ग) ‘मानिस सिर्जनशील प्राणी हो ।’ यस भनाइलाई कथाका आधारमा पुष्टि गर्नुहोस् ।

(घ) गोर्खे कथामा देखापरेका पाँचओटा भाइरसहरूमध्ये कुन भाइरस बढी खतरापूर्ण लाग्यो र किन ? आफ्नो तर्कसहित पुष्टि गर्नुहोस् ।

(ङ) गोर्खे एन्टिभाइरसले कुन भाइरसलाई हटाउन निकै मेहनत गर्नुपर्‍यो र किन ?

८. समीक्षा गर्नुहोस् ।

(क) कम्प्युटरलाई भाइरसमुक्त बनाउनका लागि प्रविधिज्ञ पेशल र एन्टिभाइरस गोर्खेले गरेका काम के के हुन् ? उदाहरण पढी समीक्षा गर्नुहोस् ।

*उदाहरण*

उत्तर : आधुनिक नेपाली साहित्यमा विज्ञानलाई कथाको विषयवस्तु बनाउने चर्चित कथाकार बखतबहादुर थापा (२०२२) द्वारा लेखिएको 'गोर्खे' विज्ञानसम्मत कथा हो । उनले समकालीन समाजलाई कथामार्फत वैज्ञानिक आवश्यकताको महत्त्व दर्साएका छन् । कम्प्युटरबिनाको वैज्ञानिक युग कल्पनासम्म पनि गर्न नसकिने भएकाले त्यस्ता कम्प्युटरमा देखा पर्ने समस्या र समाधानका उपायहरूलाई 'गोर्खे'कथामार्फत प्रस्तुत गरिएको छ ।

'गोर्खे'कथाका एक मानवपात्र पेशल हुन् भने अर्को वैज्ञानिक पात्र गोर्खे नामक एन्टिभाइरस हो । यस दृष्टिले प्रस्तुत कथामा मानव र विज्ञान दुवैले मानवीय चरित्रका रूपमा आआफ्नो भूमिका निर्वाह गरिरहेको पाइन्छ । प्रविधिज्ञ पेशलले नै गोर्खे एन्टिभाइरस बनाएका हुन् । उनकै योजना, सिप, क्षमता र लगनशिलताका कारण गोर्खेको निर्माण सम्भव भएको हो । उनले गोर्खेलाई यति शक्तिशाली बनाएका छन् कि जस्तोसुकै भाइरसलाई पनि त्यसले समाप्त पार्न सक्छ । यसबाट पेशल कुशल र सक्षम प्रविधिज्ञ हो भन्ने बुझिन्छ । सतपालले अनुरोध गर्ने बित्तिकै पेशल सतपालको घरमा जान्छ । उसमा आफू प्रविधिज्ञ भएकोमा घमण्ड छैन भन्ने बुझिन्छ । 'गोर्खे' कथाको शीर्षकलाई आधार मान्ने हो भने पेशल गौण देखिए पनि गोर्खे एन्टिभाइरस बनाउने पेशल भएकाले ऊ नै यस कथाको मानवीय उत्तम चरित्र हो । कथाको प्रारम्भिक भागदेखि कथाको अन्त्यसम्म पेशलको भूमिका जीवन्त र अर्थपूर्ण रहेको छ ।

एन्टिभाइरसको काम भाइरसलाई समाप्त पारेर कम्प्युटरलाई काम गर्न योग्य बनाउनु हो । यस कथामा गोर्खेले कम्प्युटरभित्र रहेका पाँचओटै भाइरसहरूलाई निस्क्रिय गराएर आफ्नो शक्ति प्रस्तुत गरेको छ । भाइरसका कारण कतिपय फाइलहरू मर्मत गर्न अयोग्य भइसकेका छन् तर ती भाइरसहरूबाट बिग्रिएका फायलहरू मर्मत गर्न नसक्नु गोर्खेको थोरै कमजोरी हो । हुन त गोर्खेमा शक्ति थप्ने काम पेशलले गर्ने हो । पेशलले आफ्नो क्षमताले भ्याएसम्मको बुद्धि प्रयोग गरेर एन्टिभाइरसका रूपमा गोर्खेको आविष्कार गरिएको छ । उसभित्रको क्षमताले भ्याएसम्मको कार्य गोर्खेले पूरा गरेको छ । गोर्खेका कारण सतपालको कम्प्युटर प्रयोगयोग्य भएको छ । उसले कम्प्युटरभित्र भएका पाँचओटा भाइरसलाई निस्क्रिय गरेको छ । त्यसैले गोर्खे एन्टिभाइरस नै गोर्खे कथाको अमानवीय प्रमुख पात्र हो । फाइललाई डुब्लिकेट गर्ने, मेमोरी लुकाइदिने, टेम्पोररी फाइल खडा गर्ने, पासवर्ड लगायत गोप्य सूचनाहरू चोर्ने आदि अनेकौँ प्रकारका भाइरसहरूसँग लड्ने एन्टिभाइरस गोर्खेको भूमिका कम चुनौतीपूर्ण मानिदैन । कहिले स्क्यान गरेर, कहिले अपडेट गरेर त कहिले पेशलको

सहयोग लिएर एन्टिभाइरस गोर्खेले आफ्नो खुट्टाबाट रगत चुसाउँदै भए पनि भाइरसमुक्त बनाउन अत्याचारीलाई बलवान्ले दण्ड दिएझैँ आवश्यकताअनुसार सबै किसिमको बल प्रयोग गरेको छ । शत्रु कहिल्यै पनि कमजोर हुँदैनन् भने सिद्धान्तलाई ध्यानमा राखी पेशलले निर्माण गरेको एन्टिभाइरसले जुनसुकै किसिमको भाइरससँग पनि लड्न सक्ने र विजय सुनिश्चित गर्ने क्षमता राखेको छ । यसकारण पेशलले बनाएको गोर्खे एन्टिभाइरस सधैँ सक्षम अथवा दूरदर्शी रहेको देखिन्छ ।

अत: कम्प्युटरलाई भाइरसमुक्त बनाउनका लागि प्रविधिज्ञ पेशल र गोर्खे दुवैको उस्तै ससक्त भूमिका रहेको स्पष्ट हुन्छ । पेशल नभए गोर्खे जन्मिदैनथ्यो र गोर्खेले भाइरससँग लड्ने हिम्मत नदेखाएको भए सतपालको कम्प्युटर चल्न सक्दैनथ्यो । यसकारण पनि प्रस्तुत कथामा पेशल र गोर्खे दुवै सक्रिय भूमिका भएका पात्रका रूपमा रहेको स्पष्ट हुन्छ ।

(ख) 'गोर्खे' कथामा भाइरस र एन्टिभाइरसको द्वन्द्वलाई कसरी प्रस्तुत गरिएको छ, समीक्षा गर्नुहोस् ।

(ग) 'गोर्खे' कथामा देखापरेका पाँचओटा भाइरसहरूले कम्प्युटरलाई कसरी सङ्क्रमित बनाउँछन् ? कथाका आधारमा वर्णन गर्नुहोस् ।

(घ) गोर्खेले भाइरसहरूमाथि कसरी सफलता प्राप्त गऱ्यो ? कथाका आधारमा प्रमाणित गर्नुहोस् ।

९. दिइएको अनुच्छेद पढी चारओटा मुख्य बुँदाहरू टिप्नुहोस् र एक तृतीयांशमा सार लेख्नुहोस् :

उदाहरण

(क) विगत हाम्रो अनुभव हो, वर्तमान यथार्थ हो, भविष्य कल्पना हो । आफ्नो परम्परालाई संरक्षण गर्दै भावी पुस्ताका लागि जीवन्त राख्नु वर्तमानको कर्तव्य हो । पुर्खाको विगत, हाम्रो वर्तमानको व्यवहार नै भोलि सन्तानको सांस्कृतिक धरोहर बन्ने छ । जन्म दिने आमाबुबालाई "मातृदेवो भव :, पितृदेवो भव :", शिक्षा दिने गुरुलाई "आचार्यदेवो भव :", घरमा आएको पाहुनालाई "अतिथिदेवो भव:", प्राणरक्षा गर्ने वनस्पतिलाई "वनस्पतिदेवो भव:" भनेर देवत्वकरण गरी आदर गर्ने संस्कृति हाम्रो अमूल्य निधि हो । छोराछोरीलाई संस्कारयुक्त शिक्षा दिनु आजको पहिलो आवश्यकता हो । सन्तानलाई सम्पत्ति नदिए केही समयसम्म मात्र रुन्छ, तर संस्कार दिन सकिएन भने जिन्दगीभरि रोइरहन्छ । हामीले अरूको देखासेखी नगरी आफ्नो संस्कार र संस्कृतिको निरन्तर संरक्षण गर्नुपर्छ । निरन्तर बगिरहेको पानीले कठोर ढुङ्गा काटेर विभिन्न आकार बनाइदिन्छ । हामी आफूले आफैँलाई पूजा गरेर आत्मपूजाको नमुना प्रस्तुत गर्छौं । आफूभित्रको म तत्वलाई नियन्त्रित गरेर परोपकारी बन्न प्रेरित गर्ने हाम्रा संस्कृति लोप भए भने हामी पनि मरेतुल्य हुन्छौँ । त्यसैले बलियो बनौँ तर असभ्य नबनौँ, दयालु बनौँ तर कमजोर नबनौँ, गर्व गरौँ तर घमण्ड कहिल्यै नगरौँ । संस्कार र संस्कृति व्यक्तिको प्राण हो, त्यसैले यसको संरक्षण गरौँ ।

उत्तर :

बुँदाहरू :

(अ) संस्कृतिको संरक्षण गर्दै भावी पुस्ताका लागि जीवन्त राख्नु पर्ने,

(आ) भोलिका लागि संस्कृति धरोहर बन्ने हुँदा माता, पिता, गुरु र वनस्पतिलाई देवत्व मानिने,

(इ) सन्तानलाई संस्कार दिनुपर्ने,

(ई) अहंलाई त्यागेर परोपकारी, त्यागी, दयालु बन्नु नै हाम्रो संस्कृतिको प्राण रहेको ।

सारांश लेखन

हाम्रो संस्कृति

हामीले हाम्रो संस्कृतिको संरक्षण गर्नु पर्छ । संस्कृति भावी पुस्तालाई जीवन्त राख्ने आधार हो । संस्कृति भोलिका लागि धरोहर बन्नुपर्छ । माता, पिता, गुरु र वनस्पतिलाई देवत्व मान्ने हाम्रो संस्कृति रहेको छ । यो संस्कार हाम्रा सन्तानलाई पनि दिनुपर्छ । हाम्रो संस्कृतिले हामीलाई परोपकार, त्याग, दया, सद्भावको पाठ सिकाउँछ त्यसैले संस्कृति हाम्रो प्राण हो । यसको सुरक्षा गर्नु हाम्रो कर्तव्य हो ।

मूल शब्द १६१

एकतृतीयांश शब्द ५४

सारांश शब्द ५४

(ख) सुरु सुरुमा इतिहास पनि साहित्यकै एक अङ्गका रूपमा मानिएको थियो । मानिसहरूलाई आनन्द दिलाउने तथा मनोरञ्जन प्रदान गर्ने साधनका रूपमा यसको प्रयोग गरिन्थ्यो । इतिहासका सत्य घटनालाई बढीभन्दा बढी रोचक बनाउन अनेक काल्पनिक कुरा समावेश गरिन्थ्यो । यसले गर्दा इतिहासको वास्तविकता के हो, पहिल्याउनसमेत गाह्रो पर्थ्यो । इसापूर्व पाँचौँ शताब्दीतिरका केही चिन्तकहरू इतिहासलाई तथ्यपूर्ण बनाउन प्रयत्नशील थिए । ग्रिक विद्वान् हेरोडोटसको नाम यस प्रसङ्गमा विशेष उल्लेखनीय छ । उनी इतिहासका प्रथम सिद्धान्तकारका रूपमा पनि चिनिन्छन् । हेरोडोटसपछि थुप्रै विद्वान्हरूले इतिहासलाई कथा र दन्त्यकथाभन्दा अलग ढङ्गले लेख्ने प्रयत्न गरे । हेरोडोटसकै अनुयायी थ्युसिडाइसले पेलोपोनेसियन युद्धको इतिहास आफ्नै व्यक्तिगत अवलोकन र प्रत्यक्षदर्शीको बयानका आधारमा तयार पारेका थिए । अरिस्टोटलले इतिहासलाई दार्शनिक चिन्तनका रूपमा लिएका थिए । मध्यकालमा आएर युरोपमा इतिहासलाई धर्मसँग गाँसेर अध्ययन र परिभाषित गर्ने परिपाटी विकास भयो । सोरौँ सत्रौँ शताब्दीमा युरोपमा आएको पुनर्जागरणले भने इतिहास लेखनमा ठुलै परिवर्तन ल्यायो । यस युगमा आएको परिवर्तनले गर्दा फेरि विद्वान्हरूले इतिहास लेखनलाई तथ्यपूर्ण बनाउन थाले । आधुनिक युगमा इतिहास लेखनको वैज्ञानिक पद्धतिको विकास भयो । यस युगमा प्राचीन इतिहासको खोजीको प्रक्रिया पनि तीव्र भयो र इतिहास एउटा छुट्टै विधाका रूपमा स्थापित भयो ।

(ग) अन्न उत्पादनका दृष्टिले नेपालमा जमिनलाई दुई वर्गमा बाँडिन्छ । समतल वा गरा गरामा बाँडिएको र आली लगाई पानी जमाएर धानको उत्पादन गरिने जमिनलाई खेत भनिन्छ । पाखाबाली मात्र लाग्ने आबादी जग्गालाई बारी भनिन्छ । बारीमा धान नउब्जाए पनि मकै, कोदो, आलुलगायतका खाद्यान्न उब्जाइन्छ । उर्वराशक्तिका आधारमा जमिन अब्बल, दोयम, सिम र चाहार गरी चार किसिमका हुन्छन् । सिँचाइको प्रशस्त सुविधा भएको र दुई वा त्यसभन्दा बढी बाली लाग्ने मलिलो भूमिलाई अब्बल भनिन्छ । अब्बलभन्दा अलि कमसल किसिमको र अब्बलभन्दा अलि कम उब्जाउ हुने भूमिलाई दोयम भनिन्छ । सिम चाहिँ दोयमभन्दा पनि कमसल हुन्छ । यस्तो कतिपय जमिनमा धान त फल्छ तर सिम जमिन ओसिलो र धापिलो हुन्छ । यस्तो भूमि गजगजे पनि
हुन्छ । सिँचाइ सुविधा नहुने र आकासे पानीको भर पर्नुपर्ने सुक्खा माटो भएको जग्गा चाहार हो । सिँचाइ उपलब्ध भए पनि यस्तो जमिन रुखो हुने हुँदा अनाज फल्दैन वा फलिहाले पनि अत्यन्त कम मात्र फल्छ ।

## भाषातत्त्व

### कारक र विभक्ति

१. तलका वाक्यहरू पढ्नुहोस् :

<u>शिक्षक</u> कक्षामा आउनुभयो । <u>किताब</u> पल्टाउनुभयो । <u>मार्करले</u> सेतो पाटीमा लेख्नुभयो । <u>हामीलाई</u> व्याकरण पढाउनुभयो । हामीले पनि <u>झोलाबाट</u> कापी र कलम निकाल्यौँ । पढाएको कुरा <u>कापीमा</u> सार्‍यौँ ।

माथिका वाक्यहरूका रेखाङ्कित शब्दहरू क्रमश : कर्ता, कर्म, करण, सम्प्रदान, अपादान र अधिकरण कारक हुन् ।

| |
|---|
| क्रियासँग प्रत्यक्ष सम्बन्ध राख्ने नामिक पद कारक हो । कारक विभक्तिसँग सम्बन्धित छ । वाक्यमा प्रयोग भएका पदको भूमिका र विभक्तिका आधारमा कारक पद छुट्याइन्छन् । कारकको पहिचानका लागि विभक्ति र विभक्ति चिह्नको जानकारी हुनु आवश्यक छ । |

विभक्ति

नाम, सर्वनाम र विशेषणका पछाडि जोडिएर प्रयोग हुने तर आफ्नो स्वतन्त्र अर्थ नभएका पदहरूलाई विभक्ति चिह्न भनिन्छ । नेपाली व्याकरणमा उल्लेख भएका विभक्ति र विभक्ति चिह्न निम्न प्रकार छन् :

| विभक्ति नाम | विभक्ति चिह्न | वाक्यमा प्रयोग |
|---|---|---|
| प्रथमा | ले, बाट, द्वारा | आमाले खाना पकाउनुभयो ।<br>मबाट नयाँ भवनको उद्घाटन भयो ।<br>चालकद्वारा गाडी हाँकियो । |

| | | |
|---|---|---|
| द्वितीया | लाई | हामीले उहाँलाई देख्यौँ । |
| तृतीया | ले, बाट, द्वारा | भाइ कलमले लेख्छ ।<br>तिमी गाडीबाट आयौ ।<br>सुन्तली कलमद्वारा चित्र बनाउँछे । |
| चतुर्थी | लाई | साथी तिमीलाई उपहार दिन्छ । |
| पञ्चमी | देखि, बाट | म हिजोदेखि पढ्न थालेको छु ।<br>काका विदेशबाट आउनुभयो । |
| षष्ठी | को, का, की, रो, रा, री, नो, ना, नी | रमेशको बुबा, रमाकी आमा, सुरेशका दाजुभाइ, मेरो काका, तिम्री दिदी, हाम्री माइजू सबै आफ्ना मान्छे हुन् । आफ्नो, आफ्नी भनेर भेदभाव गर्नु हुँदैन । |
| सप्तमी | मा | तिमीमा आत्मविश्वास छ । |

माथि उल्लेख गरिएका विभक्तिका आधारमा नै कारण छुट्याइने हुनाले कारकमा विभक्तिको महत्त्वपूर्ण भूमिका रहन्छ ।

कारकलाई कार्य तथा भूमिकाका आधारमा कर्ता, कर्म, करण, सम्प्रदान, अपादान र अधिकरण गरी ६ वर्गमा छुट्याइएको छ ।

१) कर्ता कारक :वाक्यमा आफैँ काम सम्पन्न गर्ने, सक्रिय भूमिका भएको व्यक्ति वा प्राणीलाई कर्ता कारक भनिन्छ । कर्ता कारकले क्रियासँग प्रत्यक्ष सम्बन्ध राख्दछ । कर्ता कारकमा प्रथमा विभक्तिका ले, बाट, द्वारा विभक्ति चिह्न प्रयोग हुन्छन् । जस्तै :

उमाले उपन्यास लेखेर नाम कमाइन् ।

जनताद्वारा मुलुकको विकास गरियो ।

सुदेश पोखरामा पढ्छ । (विभक्ति नभएको कर्ता)

२) कर्म कारक : कर्ताले गरेको कामको असर पर्ने पद कर्म कारक हो अथवा वाक्यमा के ? कसलाई ? भन्ने प्रश्न गर्दा आउने उत्तर कर्म कारक हो । कर्म कारकको सङ्केतका निम्ति द्वितीया विभक्तिको ‘लाई’ विभक्ति चिह्न प्रयोग गरिन्छ । उक्त ‘लाई’ विभक्ति सजीव वा

प्राणीमा मात्र प्रयोग हुन्छ । निर्जीव कर्ममा 'लाई' विभक्ति प्रयोग हुँदैन । विभक्ति नलागे पनि कामको असर पर्ने पद कर्म कारक हो । कर्म कारकका केही उदाहरणहरू निम्न प्रकार छन् । जस्तै :

तिमी भाइलाई बोलाउँछौ ।

तपाईँ उसलाई हेर्नुहोस् ।

गुरुआमाले विद्यार्थीलाई पढाउनुभयो ।

पसले क्रेतालाई कलम दिन्छ ।

हामी देशलाई माया गर्छौं ।

३) करण कारक : कर्ताले काम गर्दा प्रयोग गर्ने साधन वा माध्यमलाई करण कारक भनिन्छ । यो कर्ताको काम गर्ने उपकरण हो । कर्ताले यही माध्यमबाट कार्य सिद्धि गर्छ । करण कारकको सङ्केतका निम्ति तृतीया विभक्तिका ले, बाट, द्वारा जस्ता विभक्ति चिह्नहरू प्रयोग गरिन्छन् । करण कारकका उदाहरणहरू निम्न प्रकार छन् । जस्तै :

म दाहिने हातले भात खान्छु ।

यात्रुहरू बसबाट तीर्थयात्रा गए ।

संयोगले चक्कुले स्याउ काट्यो ।

तिमीले रामद्वारा आफ्नो काम गरायौ ।

खुकुरीले हात काट्यो ।

दुधबाट दही बन्छ ।

४) सम्प्रदान कारक : कर्ताले गरेको काम जसलाई प्राप्त हुन्छ त्यो प्राप्त गर्ने प्राणी वा वस्तु सम्प्रदान कारक हो अथवा कर्ताले गरेको कार्य व्यापारको फल प्राप्त गर्नेलाई सम्प्रदान कारक भनिन्छ । यसमा चतुर्थी विभक्तिका लाई, लागि, निम्ति जस्ता विभक्ति चिह्नहरू प्रयोग हुन्छन् । द्विकर्मक वाक्यमा कसलाई प्रश्न गर्दा जे उत्तर आउँछ त्यो सम्प्रदान कारक हो । जस्तै :

मैले तिमीलाई पैसा दिएँ ।

पसलेले मलाई खानेकुरा दियो ।

जनताले देशलाई माया गरे ।

भक्तले मन्दिरलाई चन्दा दिए ।

आमाले छोरीलाई दुध खुवाउनुभयो ।

शिक्षक विद्यार्थीलाई गृहकार्य दिनुहुन्छ ।

विद्यार्थीले प्रधानाध्यापकलाई निवेदन लेखे ।

५) अपादान कारक : कर्ताले कुनै काम गर्दा छुट्टिने ठाउँ बुझाउने, छुट्टिएको समय बुझाउने वा कुनै वस्तु निस्कने स्रोत बुझाउने पदलाई अपादन कारक भनिन्छ । यसमा पञ्चमी विभक्तिका देखि, बाट, जस्ता विभक्ति चिह्नहरू प्रयोग हुन्छन् । जस्तै :

सबै युवा देशबाट बाहिर गए ।

विदेशबाट फर्किनेहरू कम छन् ।

मेरो भाइ चाहिँ विदेशबाट स्वदेश फर्कियो ।

हिजोदेखि जाडो बढ्यो ।

जमिनबाट पानी निस्कियो ।

फोहोरबाट बिजुली निकाल्न सकिन्छ ।

सागर हिजोदेखि पढ्दै छ ।

६) अधिकरण कारक : कर्ताले गर्ने कार्यको आधार अथवा कुनै वस्तु रहने ठाउँ अधिकरण कारक हो । जुन वस्तु जेमा रहन्छ, त्यो रहने आश्रित ठाउँ, भूमि वा आश्रयस्थल बुझाउने पदलाई अधिकरण कारक भनिन्छ । यसमा सप्तमी विभक्तिका मा, माथि जस्ता विभक्ति चिह्नहरू प्रयोग हुन्छन् । कुनै अवस्थामा विभक्ति चिह्नको प्रयोग नहुन पनि सक्छ । जस्तै :

खोलामा बाढी आयो ।

तिमी चकटीमा बस ।

टेबुलमा किताब राख ।

किताब झोलामा राख ।

फोहोरमा नखेल ।

साथीलाई छेउमा राख ।

२. रेखाङ्कित पदहरू कुन कारकअन्तर्गत पर्छन् लेख्नुहोस् :

(क) जनताले नेतालाई सम्मान गरे ।

(ख) नेताले जनताको भावना बुझेनन् ।

(ग) देशमा शान्ति ल्याउन जनता नै सक्रिय हुनुपर्छ ।

(घ) म नेपालको विकासका लागि सहयोग गर्न तयार छु ।

(ङ) महान् विचारबाट देश समृद्धशाली बन्छ ।

च) आमाले मलाई चम्चाले भात खुवाइदिनुभयो ।

छ) हामीघरबाट हिँडिसक्यौँ । तिमी कहिले आउँछौ ?

ज) देशका लागि मैले योगदान दिनुपर्छ ।

झ) कोठामा को बसेको छ ? र तिमी घर छोडेर आयौ ? यो कुरालाई भन ।

ञ) मेरो साथीपोखरादेखि गाडीबाट बसपार्कमा आएर ट्याक्सीमा चढी घरसम्म गयो ।

ट) हजुर आमाले हर्पेबाट चम्चाले घिउ निकालेर मेरा लागि कचौरामा राखिदिनु भयो ।

३. तलका रेखाङ्कित पदहरू कुन विभक्ति हुन् छुट्याउनुहोस् :

मैले कलमले कापीमा लेखेको अक्षर भाइलाई मन पऱ्यो र उसले पनि पेन्सिलबाट त्यस्तै अक्षर लेख्ने प्रयास गऱ्यो । आमाले भाइलाई ल्याइदिएको पेन्सिल त्यति राम्रो रहेनछ । मैले उसलाई राम्ररी सम्झाएँ ।

४. रेखाङ्कित शब्दको कारक र विभक्ति पहिचान गर्नुहोस् :

(क) बिरालाले बाटो काट्यो भनेर डराउने चलनलाई अन्धविश्वास भनिन्छ ।

(ख) चौकीमा गएपछि फटाहा केटाहरू डरले काम्न थाले ।

(ग) देशका निम्ति मरिमेट्ने नेताहरूले पाएको सुविधा छोडेर सेवा गरे ।

(घ) जहाजबाट पोखरा पुगेको रामेले मलाई निकै ठुलो धम्की दियो ।

(ङ) पहिलेदेखि नै चल्लै आएको संस्कारलाई मानिसले बिर्सन सक्दैन ।

(च) आलु खाएर पेडाको धाक लगाउनेदेखि म डराउँदिनँ ।

(छ) आकाशमा जून र तारा देखिए ।

(ज) बिरामी हुनाले तिमीहरूले केही गर्न सकेनौ ।

(झ) रात रहे अग्राख पलाउँछ भन्ने उखानकसैले सुनेको छ ?

(ञ) हिजोबाट विद्यार्थीहरू होस्टेल छोडेर घर गए ।

## पारिभाषिक शब्द

५. तलको अनुच्छेद पढ्नुहोस् :

सरकारले विकासका कामहरू गर्दा बोलपत्र आह्वान गर्छ । कालोपत्र गर्न होस् वा कुनै क्षेत्रको सर्वेक्षण गर्न होस् अथवा इन्धन आयात गर्न होस् जुनसुकै कामका लागि पनि सरकारले बोलपत्रकै माध्यमबाट कार्य अगाडि बढाउनु पर्छ । त्यस्ता कामका लागि सरकारले विधेयक पास गरी मातहतका कार्यालयहरूलाई परिपत्र पठाउने काम गर्छ ।

माथिको अनुच्छेदमा प्रयोग भएका सरकार, बोलपत्र, कालोपत्र, सर्वेक्षण, इन्धन, आयात, विधेयक, मातहत, परिपत्र आदि शब्दहरू पारिभाषिक शब्दहरू हुन् ।

कुनै खास क्षेत्र वा विषयमा मात्र विशिष्ट अर्थमा प्रयोग हुने शब्दलाई पारिभाषिक शब्द

| |
|---|
| भनिन्छ । यसलाई प्राविधिक शब्द पनि भनिन्छ । यस्ता शब्द आफ्नो विषय क्षेत्रभन्दा बाहिर खासै प्रयोग हुँदैनन् । |

६. तलका पारिभाषिक शब्दहरूको अर्थ र वाक्यमा प्रयोग पढ्नुहोस्

अक्षय : (खर्च नहुने) रामले आफ्नो बुबा आमाका नाममा अक्षयकोषको स्थापना गरेको छ ।

अणु : (सानो अंश) नुनको अणु सोडियम र क्लोरिन मिलेर बनेको हुन्छ ।

अध्यादेश : (संसद नबसेको बेला सरकारले ल्याएको कानुन) सरकारले अध्यादेशद्वारा वार्षिक बजेट ल्याएको छ ।

अतिवृष्टि : (धेरै पानी पर्नु) अतिवृष्टिका कारण बाढी पहिरोको प्रकोप बढेको छ ।

अधिवेश : (प्रतिनिधिहरूको भेला) सरकारले बजेटका बारेमा बहस गर्न संसदको बर्खे अधिवेशन सुरु गऱ्यो ।

अब्बल : (पहिलो दर्जाको) रामको खेत अब्बल भएकाले उब्जनी पनि राम्रो हुन्छ ।

अभिप्रेरणा : (उद्देश्य प्राप्तिका लागि दिइने हौसला) शिक्षकले विद्यार्थीलाई अभिप्रेरणा दिनुभयो ।

अन्तःशुल्क : (देशभित्र उत्पादनमा भएका वस्तुमा लगाइने कर) अन्तःशुल्क नतिर्ने व्यापारी देशद्रोही हुन् ।

अभिलेख : (पुरानो लेखोट) पुराना अभिलेखहरूबाट देशको इतिहास थाहा पाउन सकिन्छ ।

आशु कवि : (तुरुन्तै कविता लेख्न सक्ने) दश दिनमा महाकाव्य लेख्न सक्ने देवकोटालाई आशुकवि पनि भनिन्छ ।

क्षेप्यास्त्र : (टाढाबाट प्रहार गरिने हतियार/बम) अमेरिकाले इराकमा हानेको क्षेप्यास्त्र प्रहार गऱ्यो ।

खण्ड वृष्टि : (कतै कतै मात्र पानी पर्नु) खण्डवृष्टिका कारण यसपालि तराईमा रोपाइँ राम्रो हुन सकेन ।

घोरेटो : (घोडा हिँड्ने बाटो) सरकारले पहाडका घोरेटोलाई क्रमशः सदरमुकाम जोड्ने ठुलो बाटो बनाउँदै छ ।

असंलग्न : (कसैको पक्षमा पनि नलाग्ने) नेपालले असंलग्न परराष्ट्र नीति लिएकाले सबै शक्ति राष्ट्रले सहयोग गर्छन् ।

जीवाणु : (सूक्ष्म किटाणु) हैजाका जीवाणु सर्न नदिन बिरामीको राम्रो हेरचाह हुनुपर्छ ।

गुरुत्वाकर्षण : (तान्ने शक्ति) पृथ्वीको गुरुत्वाकर्षणका कारण आकाशतिर फ्याँकेको सामान तलै खस्छ ।

निदान : (रोग पत्ता लगाउनु) रोगको निदान नगरी जथाभावी औषधि खानाले बिरामीलाई झन् अप्ठ्यारो पर्छ ।

प्रत्यारोपण : (अङ्ग सार्ने काम) सरकारले प्रत्यारोपण-सम्बन्धी कानुन बनाएर धेरै बिरामीलाई जीवन दान दिएको छ ।

भूक्षय : (माटो बग्नु वा पहिरो जानु) वर्षाका समयमा भूक्षयका कारण पहाडी राजमार्गमा यातायातको समस्या हुन्छ ।

मौलिक हक : (आधारभूत अधिकार) गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र स्वतन्त्रता नागरिकका मौलिक हक हुन् ।

*निकासी :* (देशबाहिर सामान पठाउने काम) नेपाली उत्पादनहरूको निकासी नबढाएसम्म व्यापार घाटा कम गर्न सकिन्न ।

विश्वबन्धुत्व : (विश्वका मान्छेले आफन्त मान्ने काम) विश्वबन्धुत्वको भावनाले मात्र संसारबाट अशान्ति हट्छ ।

## सिर्जना/परियोजना

१. तल दिइएका पारिभाषिक शब्दहरू प्रयोग गरी एक अनुच्छेद लेख्नुहोस् :

क्रमशः, खण्डवृष्टि, क्षेप्यास्त्र, आवासीय, आपूर्ति, अभिलेख, अब्बल, अतिवृष्टि, अवमूल्यन, अङ्क

२. तल दिइएका पारिभाषिक शब्दहरू प्रयोग गरी एक अनुच्छेद लेख्नुहोस् :

ऐलानी, परीक्षक, छन्द, पारवहन, लेखा, प्रक्षेपण, सम्पादन, दीक्षान्त ।

३. तल दिइएका पारिभाषिक शब्दहरू प्रयोग गरी एउटा आख्यानात्मक घटना लेख्नुहोस् :

इन्धन, निकुञ्ज, निलम्बन, परमादेश, प्रतीक, सन्धि, मूल्यवृद्धि, उत्पादन, नगदेबाली, निर्यात, सुकुम्बासी ।

पाठ १०

# नेपाली पहिचान

## परिचय

संवाद भनेको कुनै निश्चित विषयमा केन्द्रित भई एउटा निष्कर्षसम्म पुग्नका लागि दुई वा दुईभन्दा बढी पात्रहरूबिच गरिने कुराकानी हो । संवादलाई कुराकानी, छलफल, वार्तालाप, कथोपकथन, बातचित आदि पनि भनिन्छ । संवादमा बोल्ने प्रक्रिया मात्र नभएर कार्य तथा हाउभाउको उचित संयोजन हुन्छ । विशेषत: संवाद लेख्दा पात्रहरूको बोलीलाई सिधै तथा हाउभाउलाई कोष्ठकभित्र राखिएको हुन्छ । सहभागी हुने पात्रहरूको छलफलको विषयमा रहने समस्यालाई ठोस निष्कर्षमा नपुऱ्याई संवाद टुङ्गिँदैन ।

प्रस्तुत 'नेपाली पहिचान' संवादको मुख्य विषयवस्तु भाषा, धर्म, संस्कृति, भूगोल र प्रकृतिसहितको नेपाली पहिचान हो । यस विषयवस्तुलाई पाँच जना पात्रले संवादमार्फत अगाडि बढाएका छन् । यस पाठमा सङ्गीताले ८ पटक, सलिमले ६ पटक, घनश्यामले ९ पटक, बेखामानले ६ पटक र सिम्माले ६ पटक गरी ३५ ओटा संवाद बोलेका छन् । संवादमा पालैपालो कुनै एक जनाले विषयको उठान गर्ने र त्यसलाई निष्कर्षोन्मुख बनाउने कामको अगुवाइ गर्छन् । अरूले त्यस विषयमा आआफ्ना विचार र तर्क प्रस्तुत गर्छन् । यस संवादमा विषयको उठान गर्ने कामको जिम्मा घनश्यामले लिएका छन् । संवादको परिवेश विद्यालयको खुला चउर हो । यस पाठको उद्देश्य नेपालीहरूको पहिचान बोकेका सभ्यता र सामाजिक सौन्दर्यको बोध गर्दै विविधताभित्रको एकतामा जोड दिनु हो ।

## सिकाइ उपलब्धि

१. संवादको संरचना (विषय, प्रस्तुतिक्रम, हाउभाउ, तर्क, संवाद, भाषाशैली आदि) बोध गर्न

२. पाठमा प्रयुक्त शब्दको अर्थबोध गरी प्रयोग गर्न

३. पारिभाषिक शब्द, उखान, टुक्काको पहिचान र प्रगोग गर्न

४. संवादमा प्रस्तुत विषयवस्तुको टिपोट गर्न

५. विषयवस्तुको बोध गरी प्रश्नोत्तर गर्न

६. वक्तव्य, समाचार वाचन, प्रवचन आदिको अभ्यास गर्न

७. वाक्य संश्लेषण र विश्लेषण गर्न

८. वाच्यको पहिचान गरी वाक्यान्तरण गर्न तथा वर्णविन्यासको अभ्यास गर्न

९. निर्दिष्ट विषयमा संवाद लेखन ।

मूल पाठ (संवाद)

# नेपाली पहिचान

*(सङ्गीता, सलिम, घनश्याम, बेखामान र सिम्मा सहपाठी हुन् । उनीहरू १२ कक्षामा पढ्छन् । फुर्सदको समयमा कुनै न कुनै विषयमा बहस, छलफल गर्ने उनीहरूको बानी छ । यस्ता छलफलमा पालैपालो कुनै एक जनाले विषयको उठान गर्ने र त्यसलाई निष्कर्षोन्मुख बनाउने कामको अगुवाइ गर्छन् । अरूले त्यस विषयमा आआफ्ना विचार र तर्क प्रस्तुत गर्छन् । उनीहरू आज कक्षा सुरु हुनुभन्दा आधा घण्टाअघि नै विद्यालयमा आइपुगेका छन् । त्यसैले विद्यालयअगाडिको खुला चउरमा दुबोमाथि बसेर उनीहरू कुराकानी गर्दै छन् । आजको कुराकानीमा विषयको उठान गर्ने कामको जिम्मा घनश्यामले लिन्छ ।)*

घनश्याम : मलाई हाम्रो समाजको अवस्था देख्दा अचम्म लाग्छ । एउटा सानो समाजमा पनि अनेक जाति, अनेक भाषा, अनेक संस्कृति छन् । यस्तो भएपछि अनेक मतमतान्तर हुने रहेछ । यसले हाम्रो समाजको विकासमा कस्तो असर गर्छ होला ? मलाई यो प्रश्नले सधैँ सताइरहन्छ ।

बेखामान : तिम्रो प्रश्न ठिकै छ, घनश्याम । निश्चय नै हाम्रो समाजमा विविधता छ । विविधता भएपछि मतमतान्तर पनि होला । त्यसले केही फरक पर्दैन । हाम्रो समाजमा रहेका विविधता नै हाम्रा पहिचान हुन् । यी हाम्रा सम्पत्ति पनि हुन् । देशका यस्ता अमूल्य निधिलाई समस्याका रूपमा बुझ्नु हुँदैन ।

घनश्याम : जाति, भाषा, संस्कृतिमा विविधता भएपछि पहिचान कसरी खुल्छ ? पहिचान भनेको खास चिनारी हो । यदि समाज आफैँमा विविधता छ भने त्यसको पहिचान त छरपस्ट भएन र ? छरपस्ट भएर छरिएका कुराको पहिचान कसरी खुल्छ ? यो पनि त्यो पनि भन्ने भएपछि कुन चाहिँलाई पहिचान मान्ने ?

बेखामान : तिम्रो भनाइमै तिम्रो प्रश्नको उत्तर पनि लुकेको छ, घनश्याम । तिमीले ठिक भन्यौ, पहिचान भनेको चिनारी हो । कुनै मानिस कविता मात्रै लेख्छ भने उसको पहिचान कवि हो । यदि उसले कविताका साथै कथा, उपन्यास, निबन्ध पनि लेख्छ भने उसको पहिचान कवि, कथाकार, उपन्यासकार र निबन्धकार पनि हो । अब उसले चित्र पनि बनाउँछ भने उसको पहिचानमा चित्रकार पनि थपिन्छ । समाजको पहिचान पनि त त्यस्तै हो । कुनै समाजमा एउटा जाति छ भने त्यस समाजको पहिचान एकजातीय समाज हो । अब नेपाली समाज बहुजातीय छ । त्यसैले हाम्रो समाजको पहिचान बहुजातीय हो ।

सङ्गीता : ठिक हो, बेखामान । नेपाल प्राकृतिक रूपले जति सुन्दर छ त्यति नै सयौँ जाति, सयौँ भाषा र अनेक संस्कृतिले सुसज्जित पनि छ । यस्तो विविधता संसारमा बिरलै पाइन्छ । त्यसैले नेपाली समाज संसारमा अरूभन्दा भिन्न छ, विशिष्ट छ । आखिर पहिचान भनेको अरूभन्दा विशिष्ट हुनु नै त हो नि ।

घनश्याम : विविधता नै नेपालको पहिचान हो भन्ने कुरामा म स्पष्ट भएँ । अब अर्को कुरा चाहिँ मैले अझै बुझेको छैन । विविधता समस्या नभएर सम्पत्ति हो भन्ने कुरा चाहिँ कसरी नि ?

सिम्मा : यसको जवाफ म दिन्छु है । नेपालमा थुप्रै जाति छन् । हरेक जातिका आफ्नै प्रकारका परम्परा, संस्कृति, ज्ञान, अनुभव छन् । त्यस्तै नेपालमा अनेक भाषा छन् । भाषा भनेको मानव पुर्खाको आविष्कार हो । जातिमा जस्तै हरेक भाषामा पनि मानिसका ज्ञान, अनुभव, संस्कृति सुरक्षित हुन्छन् । हामी मानव सभ्यताका कुरा गर्छौं नि । वास्तवमा सभ्यता भनेको जाति, भाषा र संस्कृतिको समष्टि हो । त्यसैले जाति, भाषा, संस्कृतिमा विविधता हुनु भनेको सभ्यतामा पनि विविधता हुनु हो । यसैले जाति, भाषा, संस्कृतिमा विविधता भएको हाम्रो समाज विविध सभ्यताको सङ्गम पनि हो । त्यसैले विविधता आफैँमा सम्पत्ति भएन र ?

सलिम : सिम्माले भने जस्तै हामीसँग भएको विविधता हाम्रो सम्पत्ति हो । अर्को महत्त्वपूर्ण र हामीले गौरव गर्ने कुरा पनि छ । विविधता र अनेकताका बिचमा पनि आपसी सहिष्णुता र एकता छ । यो नेपाली समाजको विशिष्ट पहिचान हो । यो हाम्रो समाजको सौन्दर्य हो ।

घनश्याम : सलिमले फेरि यहाँ कताबाट सौन्दर्यको कुरा ल्याएर जोडे । नेपालको सौन्दर्य भनेका सुन्दर हिमाल हुन्, डाँफे, मुनाल हुन्, हरियाली जङ्गल हुन् । यिनै कुरा हेर्नका लागि त पर्यटक नेपाल आउँछन् ।

सङ्गीता : यसमा म भन्छु है । सौन्दर्यसम्बन्धी घनश्यामको बुझाइ अलिक अपुरो भयो । हिमाल, हरियाली जङ्गल, डाँफे मुनाल प्राकृतिक सौन्दर्यका साधन हुन् । सौन्दर्य भनेको सुन्दर वा राम्रो हुनुको भाव हो । जुनसुकै वस्तुबाट प्राप्त हुने सुन्दर कुरा नै त्यस वस्तुको सौन्दर्य हो । त्यसैले प्राकृतिक कुरा मात्रै सुन्दर हुने होइन, सांस्कृतिक कुरा पनि त सुन्दर हुन्छन् । त्यसैले पर्यटक खालि हिमाल र चरा मात्र हेर्न आउने होइनन् ।

सलिम : सङ्गीताले भनेकै कुरालाई मैले फेरि जोड्न चाहेँ । संसारमा जाति, भाषा, धर्म, संस्कृतिका नाममा ठुला ठुला युद्ध भएका छन् । धनजनको ठुलो क्षति भएको छ, कतिपय मानव सभ्यताकै लोप भएको छ । हामीकहाँ भने यत्रो विविधता भएर पनि आपसमा मिलेर बस्ने, एकले अर्काको भाषा, संस्कृतिप्रति सम्मान गर्ने साह्रै राम्रो बानी छ । यो ज्यादै सुन्दर कुरा हो नि, होइन र ?

घनश्याम : आज धेरै महत्त्वपूर्ण विषयमा कुराकानी भइरहेको छ । धेरै कुरा स्पष्ट हुने मौका मिलेको छ । एउटा कुरा चाहिँ मलाई अझै खट्की रहेको छ । हामीसँग रहेका विविधताले पर्यटकलाई आकर्षण गर्छ भनेर सङ्गीताजीले अघि भनेको कुरामा अझै सहमत भइनँ । नेपालमा पर्यटक आउने भनेको हिमाल हेर्न र आरोहण गर्न आउँछन् । समाजमा रहेका विविधतासँग पर्यटकको के सरोकार हुन्छ र ?

सङ्गीता : यो कुरा चाहिँ तिमीले थाहा पाएर पनि थाहा नपाएको जस्तो गरेका हौ है घनश्याम । सायद तिमीले मेरो जाँच गर्दै छौ । हेर घनश्याम, प्राकृतिक सौन्दर्यको मात्रै कुरा गर्ने हो भने पनि नेपालका हिमाल, जङ्गल र चरा मात्रै

भनेर पुग्दैन । यहाँ असङ्ख्य पहाड, अन्नको भण्डार तराई, नदी, ताल, उपत्यका, सिमसार, जैविक विविधता आदि थुपै कुरा छन् । नेपाल आउने पर्यटक सबै हिमाल हेर्न र आरोहण गर्न आउने होइनन् नि । पर्यटनका पनि विभिन्न किसिम छन् भन्ने तिमीलाई थाहै छ । त्यसमध्ये सांस्कृतिक पर्यटन पनि त एक हो । नेपाल जस्तो सानो ठाउँमा सयौँ जाति, सयौँ भाषा, सयौँ संस्कृतिको अध्ययन गर्न पाउनु सांस्कृतिक पर्यटकका लागि ठुलो अवसर हो नि । त्यसैले नेपालको विविधतासँग पर्यटकको सरोकार हुने भएन र ?

सिम्मा : मानिसका आआफ्ना रुचि र चाहना हुन्छन् । कसैलाई हिमाल आरोहण गर्न मन लाग्छ । कसैलाई पहाड, तराई, उपत्यका, दुन, जङ्गल, जैविक विविधताको अध्ययन र अवलोकन गर्न मन लाग्छ । कसैलाई इतिहास, संस्कृति आदिको अध्ययन अवलोकन गर्ने रुचि र चाहना हुन्छ । कतिलाई विभिन्न परिकारका खानेकुरा खाने सोख हुन सक्छ । कतिलाई पढ्न, कतिलाई राम्रा राम्रा लुगा गहना लगाउन सोख हुन्छ । पर्यटकमा पनि त यही कुरा लागु हुन्छ नि ।

बेखामान : वास्तवमा हामीसँग भएको खानपानको संस्कृतिलाई मात्रै व्यवस्थित गर्न सके त्यसले पर्यटकलाई झनै लोभ्याउँछ । नेपालमा हरेक जातिका आफ्नै प्रकारका खानपानको परम्परा छ । हामीले थोरै ध्यान दिने हो भने पुरै अर्गानिक र प्राकृतिक खानपानको व्यवस्था गर्न सक्छौँ । त्यसो गर्न सके हाम्रो स्वास्थ्य पनि राम्रो हुन्छ, त्यसले पर्यटकलाई पनि लोभ्याउँछ ।

घनश्याम : ठिक छ, यी कुरामा म सहमत भएँ । एउटा कुरा चाहिँ हामीले विचार पुऱ्याउनै पर्छ । हामीकहाँ संस्कृतिका नाममा धेरै विकृति पनि छन् । धेरै अन्धविश्वास छन् । जातीय तथा लैङ्गिक विभेद छन् । चाडपर्व, संस्कार आदिमा अनावश्यक आडम्बर देखाउने जस्ता विकृति पनि छन् । हामीले संस्कृतिका नाममा यस्ता विकृतिलाई जोगाइरहने हो त ?

सलिम : घनश्यामजीको यस कुरामा मेरो पनि सहमति छ । विविधतामा एकता हाम्रो सौन्दर्य हो भनेर मैले अघि भनेँ र हो पनि । विविधता राम्रो कुरा हो तर विभेद चाहिँ राम्रो कुरा होइन ।

सिम्मा : मानिसलाई जात, वर्ग, वर्ण, लिङ्ग, क्षेत्रीयता आदिका आधारमा गरिने विभेद पटक्कै राम्रो होइन । हाम्रो समाजमा भएका यस्ता विभेद चाहिँ हटाउनुपर्छ ।

बेखामान : हो, कहीँ कतै अझै पनि समाजमा प्रचलित छुवाछुत, भूत, प्रेत, बोक्सी हुन्छ भन्ने मान्यता र दाइजो जस्ता कुराहरू अन्धविश्वास र कुपरम्परा हुन् । यस्ता मान्यता र परम्परालाई हटाउनै पर्छ ।

सलिम : गलत मान्यता, गलत परम्परालाई हामीले हटाउनुपर्छ तर कसरी पो हटाउने होला ? परापूर्व कालदेखि चलिआएको चलन हटाउनु हुँदैन भन्ने मान्यता नराम्रोसँग जरो गाडेर बसेको छ ।

सङ्गीता : मेरो विचारमा संस्कृति भनेको मानिसले मानिसको हितका लागि बनाइएका राम्रा चालचलन र व्यवहार हुन् । विकृति र संस्कृति नितान्त विपरीत कुरा हुन् ।

हामीले विकृति हटाउनुपर्छ संस्कृति अँगाल्नुपर्छ । विकृतिलाई संस्कृति मान्ने भुल गर्नुहुँदैन । यो सजिलो चाहिँ छैन ।

बेखामान : अब हामी आजको छलफलको चुरो कुरामा आयौँ भन्ने लाग्छ । सङ्गीताले भने जस्तै हामीले विकृतिलाई हटाउनुपर्छ र संस्कृतिलाई जोगाउनुपर्छ । यो काम सजिलो छैन तर असम्भव भने होइन । यसका लागि शिक्षा मुख्य कुरा हो ।

सिम्मा : बेखामानको कुरामा म सहमत छु । जब शिक्षाको राम्रो विकास हुन्छ तब अन्धविश्वास, कुसंस्कार, कुरीति जस्ता कुरा निर्मूल हुँदै जान्छन् । मानिस चेतनशील प्राणी हो । शिक्षाले मानिसको चेतनास्तरलाई बढाइदिन्छ । चेतनाको वृद्धिसँगै मानिसले आफू र समाजमा रहेका अन्धविश्वास, कुरीति, कुसंस्कार त्याग्दै जान्छ ।

घनश्याम : सिम्माका कुरा सोरै आना सही छन् । शिक्षाको विकाससँगै, मानिसको चेतनामा आएको विकाससँगै समाजमा, कतिपय संस्कृतिमा रहेका अनेक अन्धविश्वास, कुरीति, कुसंस्कार हट्दै पनि आएका छन् ।

सङ्गीता : घनश्यामले भनेको कुरा सही हो । कुनै समयमा सतीप्रथा थियो, त्यो हट्यो । दासप्रथा थियो, त्यो हट्यो । छुवाछुत प्रथा पहिलेभन्दा अहिले धेरै हट्दै छ, जनचेतना जगाउँदै अघि बढेमा हामी त्यसलाई चाँडै निर्मूल गर्न सक्छौँ ।

सिम्मा : जातीय विभेद, लैङ्गिक विभेद, वर्ण, वर्ग र क्षेत्रका नाममा रहेका विभेदमा पनि कमी आउँदै छ । तिनलाई पनि पूर्ण रूपमा हटाउनुपर्छ । यसका लागि शिक्षाको खाँचो छ ।

सलिम : आजको छलफलबाट म धेरै उत्साहित भएँ । यसरी हामी जस्ता युवा पुस्तामा यस्तो बुझाइ रहेपछि हामीकहाँ रहेका विकृति, विसङ्गति, अन्धविश्वास, कुरीति हटाउन सकिन्छ । यसका लागि हामी जस्ता विद्यार्थी, युवा र शिक्षित वर्गले पहल गर्नुपर्छ ।

सङ्गीता : सलिमजीको कुरामा म पूर्ण सहमत भए । यस बारेमा समुदाय र कक्षामा पनि छलफल चलाउनुपर्छ । आजको छलफल भने यहीँ टुङ्ग्याऊँ होला । अब हाम्रो नेपाली विषयको कक्षा सुरु हुने वेला भयो, कक्षातिर जाऊँ होला ।

घनश्याम : (घडी हेर्दै) हो, कक्षा सुरु हुने वेला भएछ । अब हामी कक्षामा जानुपर्छ । त्यसभन्दाअघि आजको छलफलको निष्कर्षलाई नोटकापीमा टिपौँ कि भन्ने लाग्यो । आजको छलफलको निष्कर्षका बुँदा सङ्गीताजीले भनिदिने कि !

सङ्गीता : हुन्छ म भन्छु । विविधतामा एकता नेपाली समाजको पहिचान हो । यो हाम्रो सम्पत्ति र सौन्दर्य पनि हो । हाम्रो समाजमा संस्कृति, परम्पराका नाममा अनेक विकृति, विसङ्गति पनि छन् । तिनलाई हटाउनुपर्छ । त्यसका लागि शिक्षा अपरिहार्य छ । अन्धविश्वास, कुरीति, कुसंस्कार जस्ता विकृति हटाउन विद्यार्थी, युवा र सचेत वर्ग अग्रसर हुनुपर्छ ।

सलिम : बडो राम्रो संश्लेषण सङ्गीताजी ।

बेखामान : आजको छलफल फलदायी भयो ।

सिम्मा : मलाई त यस विषयमा एउटा लेख लेखौँ जस्तो लाग्यो ।

सङ्गीता : ठिक भन्यौ सिम्मा । तिम्रो लेखाइ धेरै राम्रो छ । तिम्रो लेख चाँडै पढ्न पाइयोस् ।

घनश्याम : ठिक छ, यस विषयमा सिम्माले लेख लेख्नुहोला, म चाहिँ एकाङ्की बनाउँछु । आज भने जाऊँ । गुरुआमा कक्षामा पसिसक्नुभयो ।

(सबै जना उठेर कक्षाकोठातिर लाग्छन् ।)

## शब्दार्थ

*निष्कर्षोन्मुख : निष्कर्षमा पुग्न खोजेको*

*मतमतान्तर : अनेक प्रकारका विचार*

*निधि : कुनै वस्तु धेरै मात्रामा भएको ठाउँ, खानि, सम्पत्ति*

*सुसज्जित : सजिसजाउ भएको*

*समष्टि : उस्तै खालका, समग्रमा*

*अर्गानिक : जैविक*

*सौन्दर्य : सुन्दर हुनुको भाव*

*लैङ्गिक : लिङ्गसम्बन्धी*

*विभेद : भेदभाव*

*सहिष्णुता : सहनशीलता*

*सिमसार : हिलो र पानी भएको ठाउँ*

*आडम्बर : देखावटी, ठाँटबाँट*

*कुपरम्परा : नराम्रो परम्परा*

*परापूर्व : धेरै वर्षअघि*

*दासप्रथा : पशुसरह मानिसलाई किनबेच गरेर काममा लगाउने चलन*

*संश्लेषण : जोड्ने काम*

*निर्मूल : पूरै सखाप पारिएको*

*सान्दर्भिक : प्रसङ्गअनुसार मिल्ने*

*फलदायी : फल दिने, फाइदादाजनक*

*अपरिहार्य : नभई नहुने*

*अग्रसर : कुनै पनि कामकुरामा अगि सर्ने*

*एकाङ्की : एक अङ्क मात्र भएको छोटो नाटक*

| | | |
|---|---|---|
| *अवलोकन* | : | *सूक्ष्म रूपमा हेर्ने काम* |
| *आरोहण* | : | *चढ्ने वा उक्लने काम* |
| *आविष्कार* | : | *नयाँ सिद्धान्तको प्रतिपादन* |
| *सरोकार* | : | *चासो, वास्ता* |
| *छरपस्ट* | : | *चारैतिर छरिएका* |

## संवादसार

एउटा सानो समाजमा पनि अनेक जाति, भाषा र संस्कृति छन् । हाम्रो समाजमा यस्तै विविधता पाइन्छ । समाजमा रहेका विविधता नै हाम्रा पहिचान हुन् । यी हाम्रा सम्पत्ति पनि हुन् । नेपाली समाज बहुजातीय छ । त्यसैले हाम्रो समाजको पहिचान बहुजातीय हो । नेपाल प्राकृतिक रूपले जति सुन्दर छ त्यति नै सयौँ जाति, सयौँ भाषा र संस्कृतिले सुसज्जित पनि छ । नेपाली समाज संसारमा अरूभन्दा भिन्न छ र विशिष्ट छ ।

भाषा भनेको मानव पुर्खाको आविष्कार हो । जातिमा जस्तै हरेक भाषामा पनि मानिसका ज्ञान, अनुभव, संस्कृति सुरक्षित हुन्छन् । हामी मानव सभ्यताका कुरा गर्छौं । वास्तवमा सभ्यता भनेको जाति, भाषा र संस्कृतिको समष्टि हो । हामीकहाँ आपसमा मिलेर बस्ने, एकले अर्काको भाषा, संस्कृतिप्रति सम्मान गर्ने साह्रै राम्रो बानी छ ।

हामीसँग भएको विविधता हाम्रो सम्पत्ति हो । विविधता र अनेकताका बिचमा पनि आपसी सहिष्णुता र एकता छ । यो नेपाली समाजको विशिष्ट पहिचान हो । यो हाम्रो समाजको सौन्दर्य हो । नेपालको सौन्दर्य भनेका सुन्दर हिमाल हुन्, डाँफे, मुनाल हुन्, हरियाली जङ्गल हुन् । प्राकृतिक सौन्दर्यको मात्रै कुरा गर्ने हो भने पनि नेपालका हिमाल, जङ्गल र चरा मात्रै भनेर पुग्दैन । यहाँ असङ्ख्य पहाड, अन्नको भण्डार तराई, नदी, ताल, उपत्यका, सिमसार, जैविक विविधता आदि थुप्रै कुरा छन् ।

मानिसका आआफ्ना रुचि र चाहना हुन्छन् । कसैलाई हिमाल आरोहण गर्न मन लाग्छ । कसैलाई पहाड, तराई, उपत्यका, दुन, जङ्गल, जैविक विविधताको अध्ययन र अवलोकन गर्न मन लाग्छ । कसैलाई इतिहास, संस्कृति आदिको अध्ययन अवलोकन गर्ने रुचि र चाहना हुन्छ । कतिलाई विभिन्न परिकारका खानेकुरा खाने सोख हुन सक्छ । कतिलाई पढ्न, कतिलाई राम्रा राम्रा लुगा गहना लगाउन सोख हुन्छ । हामीसँग भएको खानपानको संस्कृतिलाई मात्रै व्यवस्थित गर्न सके त्यसले पर्यटकलाई झनै लोभ्याउँछ ।

हामीले अर्गानिक र प्राकृतिक खानपानको व्यवस्था गर्न सक्छौँ । त्यसो गर्न सके हाम्रो स्वास्थ्य पनि राम्रो हुन्छ, त्यसले पर्यटकलाई पनि लोभ्याउँछ । हामीकहाँ संस्कृतिका नाममा धेरै विकृति पनि छन् । धेरै अन्धविश्वास छन् । जातीय तथा लैङ्गिक विभेद छन् । चाडपर्व, संस्कार आदिमा अनावश्यक आडम्बर देखाउने जस्ता विकृति पनि छन् । हामीले संस्कृतिका नाममा यस्ता विकृतिलाई जोगाउनु हुँदैन । मानिसलाई जात, वर्ग, वर्ण, लिङ्ग, क्षेत्रीयता आदिका आधारमा गरिने विभेद पटक्कै राम्रो होइन । हाम्रो समाजमा भएका यस्ता विभेद चाहिँ हटाउनुपर्छ । कहीँ कतै अझै पनि समाजमा प्रचलित छुवाछुत, भूत, प्रेत, बोक्सी हुन्छ भन्ने मान्यता र दाइजो जस्ता कुराहरू

अन्धविश्वास र कुपरम्परा हुन् । यस्ता मान्यता र परम्परालाई हटाउनै पर्छ ।

संस्कृति भनेको मानिसले मानिसको हितका लागि बनाइएका राम्रा चालचलन र व्यवहार हुन् । विकृति र संस्कृति नितान्त विपरीत कुरा हुन् । हामीले विकृति हटाउनुपर्छ संस्कृति अँगाल्नुपर्छ । विकृतिलाई संस्कृति मान्ने भुल गर्नुहुँदैन । यसका लागि शिक्षा मुख्य कुरा हो । शिक्षाले मानिसको चेतनास्तरलाई बढाइदिन्छ । चेतनाको वृद्धिसँगै मानिसले आफू र समाजमा रहेका अन्धविश्वास, कुरीति, कुसंस्कार त्याग्दै जान्छ । कुनै समयमा सतीप्रथा थियो, त्यो हट्यो । दासप्रथा थियो, त्यो हट्यो । छुवाछुत प्रथा पहिलेभन्दा अहिले धेरै हट्दै छ, जनचेतना जगाउँदै अघि बढेमा हामी त्यसलाई चाँडै निर्मूल गर्न सक्छौँ । जातीय विभेद, लैङ्गिक विभेद, वर्ण, वर्ग र क्षेत्रका नाममा रहेका विभेदमा पनि कमी आउँदै छ । तिनलाई पनि पूर्ण रूपमा हटाउनुपर्छ । यसका लागि शिक्षाको खाँचो छ । यसका लागि हामी जस्ता विद्यार्थी, युवा र शिक्षित वर्गले पहल गर्नुपर्छ । अन्धविश्वास, कुरीति, कुसंस्कार जस्ता विकृति हटाउन विद्यार्थी, युवा र सचेत वर्ग अग्रसर हुनुपर्छ ।

## शब्दभण्डार

१. तलका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| छन्द | साहित्यलाई सिँगार्ने तत्त्व |
| रस | घरमै बसेर काम गर्ने |
| अधिमूल्यन | वर्ण वा मात्रा आदिको गणनाअनुसारको पद्य रचना |
| अलङ्कार | कुनै दृश्य वा घटनालाई तत्काल कवितामय भावमा वर्णन गर्न सक्ने |
| अवमूल्यन | साहित्यमा वीर, करुणा, हास्य आदि भाव जनाउने |
| आवासीय | कुनै वस्तुको मूल्य वा महत्त्व घट्ने अवस्था |
| आशुकवि | कुनै वस्तु वा मुद्राको सामान्यभन्दा बढी मूल्य बढ्न गएको अवस्था |

२. तलको अनुच्छेदबाट दिइएका अर्थ दिने शब्द खोजेर लेख्नुहोस् :

हामीसँग भएको विविधता हाम्रो सम्पत्ति हो । अर्को महत्त्वपूर्ण र हामीले गौरव गर्ने कुरा पनि छ । विविधता र अनेकताका बिचमा पनि आपसी सहिष्णुता र एकता छ । यो नेपाली समाजको विशिष्ट पहिचान हो । यो हाम्रो समाजको सौन्दर्य हो ।

(क) इज्जत, आदर, सम्मान .................

(ख) अनेक हुनाको भाव .................

(ग) राम्रो बनाउने तत्त्व .................

(घ) कसैको निजी अधिकारमा रहेको चल वा अचल धन .................

३. तल दिइएको अनुच्छेदबाट दुईओटा उखान र दुईओटा टुक्का पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :

हुने बिरुवाको चिल्लो पात भनेझैँ सबै साथीहरूको मेख मार्दै रमेशले परीक्षामा प्राप्त गरेको सफलताबाट उसका अभिभावक खुसीले गद्‌गद भए । अकबरी सुनलाई कसी लाउनु पर्दैन भन्दै मेधावी विद्यार्थी रमेशले सबैको नाक राखेकामा आफू प्रफुल्ल भएको कुरा विद्यालयका प्रधानाध्यापकले सबैलाई मुसुमुसु हाँस्दै सुनाए ।

४. तल दिइएका उखान र टुक्कालाई वाक्यमा प्रयोग गर्नुहोस् :

पसिना काढ्नु, कुरा खानु, कान खानु, हावा खानु, लख काट्नु, आँखा चिम्लिनु, मुख छाड्नु, मन चोर्नु, आलु खानु, काग कराउँदै गर्छ पिना सुक्दै गर्छ, अड्को पड्को तेलको धुप, अगुल्टाले हानेको कुकुर बिजुली चम्कँदा तर्सन्छ, इन्द्रका अगाडि स्वर्गको बयान, एक हातले ताली बज्दैन

## बोध र अभिव्यक्ति

१. 'नेपाली पहिचान' संवाद आरोह, अवरोह, हाउभाउसहित सस्वरवाचन गर्नुहोस् ।

२. 'नेपाली पहिचान' संवाद पढी उत्तर भन्नुहोस् :

(क) 'नेपाली पहिचान' पाठमा कति जना पात्रहरूबिच संवाद भएको छ ?

(ख) 'नेपाली पहिचान' पाठमा पहिलो र अन्तिम संवाद गर्ने पात्र को हुन् ?

(ग) 'नेपाली पहिचान' पाठमा पात्रहरू कहाँ बसेर संवाद गरेका छन् ?

(घ) 'नेपाली पहिचान' पाठमा सबैभन्दा थोरै पटक कसले संवाद गरेका छन् ?

३. 'नेपाली पहिचान' संवादका यी भनाइ कसका हुन्, लेख्नुहोस् :

(क) हरेक जातिका आफ्नै प्रकारका परम्परा, संस्कृति, ज्ञान, अनुभव छन् ।

(ख) विविधता र अनेकताका बिचमा पनि आपसी सहिष्णुता र एकता छ ।

(ग) नेपालमा पर्यटक आउने भनेको हिमाल हेर्न र आरोहण गर्न आउँछन् ।

(घ) हामीले विकृति हटाउनुपर्छ संस्कृति अँगाल्नुपर्छ ।

(ङ) आजको छलफल फलदायी भयो ।

४. पात्रले गरेका संवादका आधारमा मुख्य विषयवस्तुको क्रम मिलाएर लेख्नुहोस् :

(क) नेपालसयौँ जाति, सयौँ भाषा र अनेक संस्कृतिले सुसज्जित पनि छ ।

(ख) चेतनाको वृद्धिसँगै मानिसले आफू र समाजमा रहेका अन्धविश्वास, कुरीति, कुसंस्कार त्याग्दै जान्छ ।

(ग) नेपालको भूगोल, संस्कृति, इतिहास, खानपान, जैविक विविधताले पर्यटकलाई लोभ्याउँछ ।

(घ) भाषा भनेको मानव पुर्खाको आविष्कार हो ।

(ङ) विभेद हटाउन विद्यार्थी, युवा र शिक्षित वर्गले पहल गर्नुपर्छ ।

(च) हामीकहाँ संस्कृतिका नाममा विभेद, अन्धविश्वास, आडम्बर जस्ता विकृति छन् ।

(छ) हाम्रो समाजमा रहेका विविधता नै हाम्रा पहिचान हुन् ।

५. संवाद पढी दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) नेपाली समाजको अवस्थाप्रति घनश्यामको बुझाइ कस्तो छ ?

हाम्रो समाजको अवस्था अचम्मको छ । एउटा सानो समाजमा पनि अनेक जाति, अनेक भाषा, अनेक संस्कृति छन् । यस्तो भएपछि अनेक मतमतान्तर हुने रहेछ । जाति, भाषा, संस्कृतिमा विविधता भएपछि पहिचान फरक फरक हुन्छ । समाज आफैँमा विविधता छ भने त्यसको पहिचान छरपस्ट छ ।

(ख) नेपाली समाजको पहिचान के हो, बेखामानको भनाइका आधारमा लेख्नुहोस् ।

हाम्रो समाजमा विविधता छ । हाम्रो समाजमा रहेका विविधता नै हाम्रा पहिचान हुन् । कुनै मानिस कविता मात्रै लेख्छ भने उसको पहिचान कवि हो । यदि उसले कविताका साथै कथा, उपन्यास, निबन्ध पनि लेख्छ भने उसको पहिचान कवि, कथाकार, उपन्यासकार र निबन्धकार पनि हो । समाजको पहिचान पनि त त्यस्तै हो । कुनै समाजमा एउटा जाति छ भने त्यस समाजको पहिचान एकजातीय समाज हो । नेपाली समाज बहुजातीय छ भने समाजको पहिचान बहुजातीय हो ।

(ग) विविधता नै सम्पत्ति हो कसरी, सिम्माको भनाइका आधारमा लेख्नुहोस् ।

(घ) सलिमको भनाइका आधारमा नेपाली समाजको सुन्दर पक्षका बारेमा स्पष्ट पार्नुहोस् ।

७. तलको संवादांश पढी दिइएका बुँदाका आधारमा सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

हेर घनश्याम, प्राकृतिक सौन्दर्यको मात्रै कुरा गर्ने हो भने पनि नेपालका हिमाल, जङ्गल र चरा मात्रै भनेर पुग्दैन । यहा असङ्ख्य पहाड, अन्नको भण्डार तराई, नदी, ताल, उपत्यका, सिमसार, जैविक विविधता आदि थुपै कुरा छन् । नेपाल आउने पर्यटक सबै हिमाल हेर्न र आरोहण गर्न आउने होइनन् नि । पर्यटनका पनि विभिन्न किसिम छन् भन्ने तिमीलाई थाहै छ । त्यसमध्ये सांस्कृतिक पर्यटन पनि त एक हो । नेपाल जस्तो सानो ठाउँमा सयौँ जाति, सयौँ भाषा, सयौँ संस्कृतिको अध्ययन गर्न पाउनु सांस्कृतिक पर्यटकका लागि ठुलो अवसर हो नि । त्यसैले नेपालको विविधतासँग पर्यटकको सरोकार हुने भएन र ?

प्रश्नहरू

(क) नेपालको प्राकृतिक सौन्दर्यभित्र के के कुरा पर्छन् ?

- सौन्दर्य भनेको सुन्दर वा राम्रो हुनुको भाव अर्थात् जुनसुकै वस्तुबाट प्राप्त हुने सुन्दर कुरा
- हिमाल, हरियाली जङ्गल, डाँफे मुनाल प्राकृतिक सौन्दर्यका साधनहरू
- नेपालको प्राकृतिक सौन्दर्यभित्र असङ्ख्य पहाड, अन्नको भण्डार तराई, नदी, ताल, उपत्यका, सिमसार, जैविक विविधताहरू पर्ने

(ख) नेपालमा सांस्कृतिक पर्यटनको कस्तो सम्भावना छ ?

- हाम्रो एउटा सानो समाजमा पनि अनेक जाति, अनेक भाषा, अनेक संस्कृति रहेको
- हाम्रो समाजमा रहेका विविधता नै हाम्रा पहिचान भएका
- नेपाल सयौँ जाति, सयौँ भाषा र अनेक संस्कृतिले सुसज्जित
- जाति, भाषा, संस्कृतिको अध्ययन गर्न पाउनु सांस्कृतिक पर्यटकका लागि ठुलो अवसर
- नेपालमा सांस्कृतिक पर्यटनको ठुलो सम्भावना

८. दिइएको संवादांश पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

नेपालमा थुप्रै जाति छन् । हरेक जातिका आफ्नै प्रकारका परम्परा, संस्कृति, ज्ञान, अनुभव छन् । त्यस्तै नेपालमा अनेक भाषा छन् । भाषा भनेको मानव पुर्खाको आविष्कार हो । जातिमा जस्तै हरेक भाषामा पनि मानिसका ज्ञान, अनुभव, संस्कृति सुरक्षित हुन्छन् । हामी मानव सभ्यताका कुरा गर्छौं नि । वास्तवमा सभ्यता भनेको जाति, भाषा र संस्कृतिको समष्टि हो । त्यसैले जाति, भाषा, संस्कृतिमा विविधता हुनु भनेको सभ्यतामा पनि विविधता हुनु हो । यसैले जाति, भाषा, संस्कृतिमा विविधता भएको हाम्रो समाज विविध सभ्यताको सङ्गम पनि हो । त्यसैले विविधता आफैँमा सम्पत्ति भएन र ?

प्रश्नहरू

(क) भाषालाई किन पुर्खाको आविष्कार भनिएको हो ?

(ख) माथिको संवादांशको मूल सन्देश के हो ?

९. दिइएका बुँदाका आधारमा “जब शिक्षाको राम्रो विकास हुन्छ तब अन्धविश्वास, कुसंस्कार, कुरीति जस्ता कुरा निर्मूल हुँदै जान्छन् ।” यस कथनलाई स्पष्ट पार्नुहोस् ।

बुँदाहरू

(क) नेपाली समाजमा भएका विकृति, विसङ्गति, अन्धविश्वास र कुसंस्कारको जड नै अशिक्षा

(ख) समाजमा व्यक्तिको व्यक्तित्व र आचरण विकास हुने

(ग) बोक्सीप्रथा, छुवाछुत, दाइजो प्रथा अझ पूर्ण रूपमा हट्न नसकेको

(घ) परम्पराले व्यक्ति र समाजलाई के कति फाइदा वा नोक्सान गर्छ भन्ने कुरामा सबै सचेत हुनुपर्ने

(ङ) घाँटी हेरी हाड निल्नुपर्छ भन्ने चेतनाको आवश्यकता

(च) के सही र के गलत छुट्याउन सक्ने चेतना वृद्धि हुनुपर्ने

(छ) शिक्षाको विकासले अन्धविश्वास, कुसंस्कार, कुरीति जस्ता कुरा निर्मूल हुँदै जाने

१०. भाव विस्तार गर्नुहोस् :

जुनसुकै वस्तुबाट प्राप्त हुने सुन्दर कुरा नै त्यस वस्तुको सौन्दर्य हो ।

११. 'नेपाली पहिचान' पाठले केकस्तो सन्देश प्रस्तुत गरेको छ ? समीक्षा गर्नुहोस् :

१२. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

समाचार भन्नाले सामान्यतः हालखबर वा नयाँ घटनाको विवरण भन्ने बुझिन्छ । यसैले रेडियो, टिभी जस्ता श्रव्यदृश्य माध्यमबाट प्रसारित वा पत्रिका आदि छापा माध्यमबाट प्रकाशित घटनाका ताजा विवरण समाचार हुन् । समाजमा घट्ने घटनाको विवरण भएकाले समाचार मानिसको पहुँचभित्रको विषय हो । समाचारका विषयअन्तर्गत राजनीति, शिक्षा, खेलकुद, व्यापार, वाणिज्य, संस्कृति आदि जुनसुकै हुन सक्छन् । यसरी जुनसुकै विषय समाचार बन्न सक्ने भए पनि कुनै पनि विषय आफैँमा समाचार भने हुँदैन । जुन कुराले पाठक वा श्रोताको ध्यान आकर्षित गर्छ र नयाँ सूचना सम्प्रेषण गर्छ त्यस्तो विषयवस्तु समाचार बन्छ । समाचारका बारेमा भन्ने गरिन्छ, "कुकुरले मान्छेलाई टोक्नु समाचारको विषय बन्न सक्दैन तर मान्छेले कुकुरलाई टोक्यो भने त्यो समाचार बन्छ ।" समाचारलाई रोचक बनाउने भन्दैमा यथार्थलाई परित्याग गर्न चाहिँ पूर्णतः वर्जित छ । समाचार सम्प्रेषणमा संवाददाता पुरै तटस्थ रहनु राम्रो मानिन्छ । उसले आफ्नो राय विचार वा निर्णयभन्दा घटना वा सूचनाको तथ्यपरक विवरण दिए मात्र पुग्छ । समाचारको उद्देश्य आमजनतासम्म सन्देश पुऱ्याउनु हो । यसैले समाचारको भाषा सकेसम्म सरल हुनुपर्छ । समाचारमा छोटा छोटा वाक्य प्रयोग गर्नु राम्रो मानिन्छ । यस्ता वाक्यमा अनावश्यक विशेषण वा क्रियाविशेषण प्रयोग गर्नु राम्रो मानिँदैन । यसैले समाचारको शैली विशिष्ट हुन्छ । यही शैलीगत वैशिष्ट्यकै आधारमा समाचारलाई घटनापरक, प्रक्रियापरक र फिचर गरी तीन प्रकारमा वर्गीकरण गरिन्छ । घटनाप्रधान समाचार प्रायः दृश्य विवरणमा केन्द्रित हुन्छ । यस्तो समाचारमा को ? के ? कहाँ ? किन ? कसरी ? कहिले ? जस्ता प्रश्नको उत्तर खोज्ने प्रयास गरिन्छ । प्रक्रियापरक समाचारमा घटनाको सरसरती वर्णन मात्र नगरी तथ्यको विस्तृत व्याख्या, त्यसको पृष्ठभूमि र परिणामका बारेमा पनि उल्लेख गरिएको हुन्छ । फिचरमा चाहिँ कुनै खास घटना वा तथ्यलाई कलात्मक बनाएर प्रस्तुत गरिन्छ । यसैले फिचर अन्य दुई किसिमका समाचारभन्दा बढी साहित्यिक हुने गर्छ । समग्रमा भन्दा सत्यता, विश्वसनीयता, नवीनता, रोचकता, सन्तुलन, भाषिक सरलता, स्पष्टता र मिठास समाचारका विशेषता हुन् ।

प्रश्नहरू

(क) कस्तो विषयवस्तु समाचार बन्न सक्छ ?

(ख) समाचारको भाषा कस्तो हुनुपर्छ ?

(ग) फिचर, घटनापरक र प्रक्रियापरक समाचारमा के भिन्नता छ ?

(घ) समाचारका विशेषता के के हुन् ?

१३. दिइएको समाचारको नमुना पढ्नुहोस् र यसका विषयवस्तु, संरचना र शैलीका बारेमा बुझ्नुहोस् :

सगरमाथामा आरोहणमा कीर्तिमान

शुक्रबार, २४ वैशाख, २०७८

सोलुखुम्बु । सोलुखुम्बुका ५० वर्षीय कामिरिता शेर्पाले आफ्नै पहिलेको कीर्तिमान तोडेर २५ औँ पटक सगरमाथाको सफल आरोहणको कीर्तिमान कायम गरेका छन् । उनीपछि आप्पा शेर्पा र फुर्वाटासी शेर्पाको २१ औँ पटक सगरमाथा आरोहणको कीर्तिमान रहेको छ ।

तेन्जिङ नोर्गे शेर्पा र सर एडमन्ड हिलारीबाट सन् १९५३ मे २९ मा सगरमाथाको सफल आरोहण भएको हो । त्यसयता करिब सात हजार आरोहीले सगरमाथाको सफल आरोहण गरेका छन् ।

सगरमाथा आरोहण गर्ने प्रथम महिला जापानकी जुन्को ताबेई हुन् भने प्रथम नेपाली महिला पासाङ ल्हामु शेर्पा हुन् । लाक्पा शेर्पाले नौ पटक सगरमाथा आरोहण गरेर सबैभन्दा बढी सगरमाथा आरोहण गर्ने नेपाली महिलाको रेकर्ड बनाएकी छन् ।

समाचारको विषयवस्तु, संरचना र शैली

(क) यस समाचारको विषयवस्तु सगरमाथा आरोहणमा कीर्तिमान हासिल गरेका तथ्यमा केन्द्रित छ ।

(ख) यस समाचारमा शीर्षक, विषयवस्तु, अनुच्छेद विन्यासको संयोजन मिलाइएको छ ।

(ग) विषयवस्तुको विस्तार गर्दा कहाँ आरोहण गरेको, कसले आरोहण गरेको, कहिले आरोहण गरेको, कति पटक आरोहण गरेको, आरोहीहरूले कीर्तिमान कसरी राखेका छन् जस्ता प्रश्नको उत्तर खोजिएको छ ।

(घ) माथि समेटिएका विषयवस्तु, पात्र, स्थान, समय यथार्थमा आधारित छन् ।

(ङ) समाचारको भाषा सरल छ ।

(च) माथिको समाचारले सत्यता, विश्वसनीयता र भाषिक सरलता जस्ता विशेषता बोकेको छ ।

१४ दिइएको वक्तृताको नमुना पढ्नुहोस् र 'देश विकासमा विद्यार्थीको भूमिका' विषयमा वक्तृता तयार पार्नुहोस् :

## जलस्रोत र ऊर्जा

आदरणीय सभाध्यक्षज्यू,

गुरुवर्ग तथा उपस्थित सम्पूर्ण मेरा साथीहरू !

आजको यस वक्तृत्वकला कार्यक्रममा सहभागी हुन पाएकामा गौरवको अनुभूति गर्दै आयोजकप्रति हार्दिक आभार प्रकट गर्छु । आजको वक्तृत्वकलाको विषय रहेको छ 'जलस्रोत र ऊर्जा' ।

हाम्रो देश विश्वको सर्वोच्च शिखर सगरमाथाको काखमा मुस्कुराउँदै विराजमान छ । यहाँ दुधकोसी, तामाकोसी, सुनकोसी जस्ता सयौँ नदीहरू विश्वलाई झलमल्ल पार्न आतुर छन् । यी जलस्रोतबाट बिजुली निकालेर धरती झलमल पार्न, उद्योग कलकारखाना खोल्न सक्छौँ । विद्युत् निर्यात गरेर आयआर्जन गर्न सकिन्छ । हामी अमृत समान हिमालको कञ्चन पानी बोतलमा बेचेर विश्वका मानिसको तिर्खा मेटाउन सक्छौँ । कर्णालीमा जलविहार, कोसी र तामाकोसीमा सिँचाइका उचित व्यवस्थापन गरेर धर्ती उर्वरा बनाउन सक्छौँ ।

जलका विभिन्न स्वरूप हुन्छन् । पग्लिने, अग्लिने र उड्ने सक्ने क्षमता पानीमा हुन्छ । हिउँ पग्लिएर नदी बन्दा नदीको पानी बाफ बन्छ र हिमालका थाप्लामा हिउँ जम्छ । ठोस, तरल, ग्याँस मात्र होइन पानीमा आगो ओकल्ने ऊर्जा हुन्छ । विद्युत् पानीबाटै निकालिन्छ । नेपाली जलस्रोतको उपयोग पर्यटन र मनोरञ्जनका क्षेत्रमा पनि गर्न सकिन्छ । हामीसँग संसारकै सबभन्दा अग्लो ठाउँमा रहेको तिलिचो ताल र सुन्दर प्राकृतिक वातावरण भएका हिमताल तथा अन्य तालतलैयाहरू छन् । त्यस्ता तालतलैयाहरूलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गरी बर्सेनि लाखौँ पर्यटक भित्र्याउन सकिन्छ । फेवाताल, वेगनास ताल, बुलबुलगायतका तालतलैयाहरूको प्रचारप्रसार र तिनको सौन्दर्यलाई खलल नपुऱ्याउने गरी विस्तार गरिएका नौका विहार आदिको सुविधाले नेपालको पर्यटनलाई दरिलो बनाउँछ । तीव्र गतिमा बग्ने नेपाली नदीमा ऱ्याफ्टिङको विस्तारले साहसिक पर्यटनमा विदेशीहरूलाई निम्तो दिइरहेको छ । यसका साथै विभिन्न ठाउँमा स्विमिङ पुल, पानीसम्बद्ध खेलहरू खेल्ने ठाउँ विकास गर्ने हो भने आन्तरिक तथा बाह्य पर्यटनको विस्तारसँगै र नेपाली अर्थतन्त्र चलायमान हुन्छ र देशोन्नतिका सिँढीहरू थपिन्छन् ।

(जनाउ घन्टी बज्छ ।)

अन्त्यमा हाम्रै जलस्रोतको सही सदुपयोग मात्र मुक्ति दिन सक्छ । यसका अतिरिक्त, सिँचाइ, सरसफाइ र स्वच्छ पिउने पानीको आधार पनि जलस्रोत नै हो । त्यसैले नेपालको विकासमा जलस्रोतको सर्वोपरि महत्त्व छ भन्दै मेरा भनाइ यही अन्त्य गर्छु, धन्यवाद !

## भाषातत्त्व

### वाक्य संश्लेषण

१. पढ्नुहोस् र बुझ्नुहोस् :

| विश्लेषित वाक्य | संश्लेषित वाक्य | | |
|---|---|---|---|
| | संश्लेषित सरल वाक्य | संश्लेषित मिश्र वाक्य | संश्लेषित संयुक्त वाक्य |
| बिमला ज्ञानी छे । बिमला विद्यालय जान्छे । बिमला अरूलाई सहयोग गर्छे । | अरूलाई सहयोग गर्ने ज्ञानी बिमला विद्यालय जान्छे । | विद्यालय जाने जुन बिमला ज्ञानी छे, ऊ अरूलाई सहयोग गर्छे । | ज्ञानी बिमला विद्यालय जान्छे अनि अरूलाई सहयोग गर्छे । |

वाक्य संश्लेषण गर्दा सरल, मिश्र वा संयुक्त वाक्यमा गर्न सकिन्छ । माथिको विश्लेषित वाक्यलाई सरल वाक्यमा संश्लेषण गर्दा एउटा क्रियापद राखिएको छ भने वाक्यमा आएका अन्य क्रियापदलाई असमापिका बनाइएको छ । त्यसैगरी मिश्र वाक्यमा संश्लेषण गर्दा दुईओटा क्रियापद राखिएको छ भने वाक्य जोड्न सापेक्ष संयोजक प्रयोग गरिएको छ । संयुक्त वाक्यमा संश्लेषण गर्दा दुईओटा क्रियापद राखिएको छ भने वाक्य जोड्न निरपेक्ष संयोजक प्रयोग गरिएको छ ।

### वाक्य विश्लेषण

| संश्लेषित वाक्य | विश्लेषित वाक्य |
|---|---|
| राम बिहानै उठेर गृहकार्य गर्छ र खाना खाएर स्कुल जान्छ । | राम बिहानै उठ्छ । राम गृहकार्य गर्छ । राम खाना खान्छ । राम स्कुल जान्छ । |

माथिको संश्लेषित वाक्यलाई विश्लेषण गर्दा असमापिका क्रियालाई समापिका क्रियामा परिवर्तन गरी स्वतन्त्र वाक्य बनाइएको छ । लोप भएका कर्ता तथा अन्य पद पदावलीहरू पुन: ल्याइएको छ । संयोजक हटाइएको छ ।

अत: वाक्य विश्लेषण भनेको लामा र जटिल संरचनामा रहेका सरल, संयुक्त र मिश्र वाक्यहरूलाई टुक्र्याएर विभिन्न सरल वाक्य बनाउने प्रक्रिया हो । ससाना सरल वाक्यमा लगेर अर्थ स्पष्ट हुन नसकेका लामा र जटिल वाक्यहरूलाई विश्लेषण गरी अर्थ बुझ्न सकिन्छ । वाक्य विश्लेषणलाई वाक्य संश्लेषणको उल्टो प्रक्रिया पनि भनिन्छ ।

२. उदाहरणमा दिइए जस्तै वाक्य संश्लेषण गर्नुहोस् :

(क) चेन नियान चिनियाँ युवती हुन् । उनी नेपाली भाषा पढ्न चाहन्छिन् । उनी नेपाल र नेपालीका बारेमा जान्न चाहन्छिन् ।

संश्लेषित वाक्य : चिनियाँ युवती चेन नियान नेपाली भाषा पढेर नेपाल र नेपालीका बारेमा जान्न चाहन्छिन् ।

(ख) विनोद कर्ण सप्तरीका बासिन्दा हुन् । उनी नेपाली भाषाका शिक्षक हुन् । उनी सहयोगी र इमानदार छन् । उनी कविता लेख्न र चित्र कोर्न मन पराउँछन् ।

(ग) नेपाली भाषा नेपालको लोकप्रिय भाषा हो । यो जनसम्पर्कको भाषा हो । यो राष्ट्रभाषा हो । यो भाषा बोल्ने जनसङ्ख्या धेरै छ । हामी सबैले यसको संरक्षण र विकास गर्नुपर्छ ।

(घ) हामी मुग्ध हुन्थ्यौँ । हामी फाटफुट बादलका टुक्राहरूलाई हेर्न थाल्दछौँ ।ती कपासका फूल झैँ छरिएका थिए । ती हावाको गतिसँगै यताउति खेल्थे । त्यो नौलो अनन्तमा ती छिन छिनमा रूप बदल्थे ।

३. उदाहरणमा दिइए जस्तै वाक्य विश्लेषण गर्नुहोस् :

(क) डोल्माका भाइ लाक्पाको परिश्रमलाई सबैले सराहना गर्छन् ।

विश्लेषित वाक्यहरू : लाक्पा डोल्माका भाइ हुन् । लाक्पा परिश्रमी छन् । लाक्पालाई सबैले सराहना गर्छन् ।

(ख) जब पानी पर्छ तब किसानहरूका मुहारमा खुसी छाउँछ । (२ वाक्यमा)

(ग) सुदूरपश्चिम र कर्नाली क्षेत्रमा प्रचलित देउडा काठमाडौँ र विदेशमा समेत लोकप्रिय छ । (३ वाक्यमा)

(घ) महाकवि देवकोटाले महाकाव्य, निबन्ध, कथा र उपन्यास लेखे । (४ वाक्यमा)

(ङ) उनीहरू पाथीभरा गएर देवीको दर्शन गरी हाँस पोखरी झर्छन् अनि वनभोज खाई बुधबारे फर्कन्छन् । (५ वाक्य)

## वाच्यको परिचय

४. पढ्नुहोस् र बुझ्नुहोस् :

(क) ऊ किताब पढ्छ ।

यस वाक्यमा 'ऊ' कर्ता, 'किताब' कर्म र 'पढ्छ' क्रियापद हो । 'पढ्छ' क्रियापदले 'किताब' भन्ने कर्म लिएको हुँदा उक्त क्रियापद सकर्मक क्रियापद हो ।

(ख) कृपा रोइन् ।

यस वाक्यमा 'कृपा' कर्ता र 'रोइन्' क्रियापद हुन् । कर्म नभएको हुँदा 'रोइन्' अकर्मक क्रियापद हो ।

(ग) मनिताले छोरीलाई डाक्टर पढाइन् ।

यस वाक्यमा 'मनिता' कर्ता, 'डाक्टर' कर्म र 'पढाइन्' क्रियापद हो भने 'छोरीलाई' पूरक हो ।

(घ) भाइद्वारा किताबहरू पढिन्छन् ।

यस वाक्यमा 'किताबहरू' कर्म मुख्य बनेर आएको छ र 'किताबहरू' कर्मअनुसारको तृतीय पुरुष, बहुवचन 'पढिन्छन्' क्रियापद प्रयोग गरिएको छ ।

(ङ) आज मज्जाले हाँसियो ।

यस वाक्यमा 'हाँसियो' तृतीय पुरुष, एकवचन, अनादर र पुलिङ्गी क्रियापद प्रयोग भएको छ ।

वाक्यमा मूल अर्थलाई यथावत् राखी कहिले कर्ता, कहिले कर्म र कहिले क्रियाको भाव मुख्य हुने गर्छ । यस्ता वाक्यहरू नै वाच्य हुन् ।

## वाच्य परिवर्तन

(क) कर्तृवाच्यबाट कर्मवाच्यमा परिवर्तन

(अ) दिइएको कर्तृवाच्यको कर्तामा 'द्वारा/बाट' विभक्ति जोड्न पनि सकिन्छ, कर्ता लोप गर्दा पनि हुन्छ ।

(आ) कर्तृवाच्यको कर्ममा 'लाई' विभक्ति लागेको छ भने कर्मवाच्यमा बदल्दा उक्त 'लाई' विभक्ति हटाउनुपर्छ ।

(इ) कर्तृवाच्यमा प्रयोग भएको क्रियाको धातुमा 'इ' प्रत्यय थप्नुपर्छ ।

(ई) कर्तृवाच्यलाई कर्मवाच्यमा बदल्दा कर्म पुलिङ्ग भए क्रियालाई पनि पुलिङ्ग र कर्म स्त्रीलिङ्ग भए क्रियालाई पनि स्त्रीलिङ्ग बनाउनुपर्छ ।

(उ) कर्मवाच्यमा कर्म एकवचन भए क्रियालाई पनि एकवचन र कर्म बहुवचन भए क्रियालाई पनि बहुवचन बनाउनुपर्छ ।

(ऊ) कर्तृवाच्यलाई कर्मवाच्यमा बदल्दा कर्म आदरर्थी भए क्रियालाई पनि आदरार्थी र कर्म अनादरार्थी भए क्रियालाई पनि अनादरार्थी बनाउनुपर्छ ।

(ऋ) कर्तृवाच्यका वाक्य (क्रिया) जुन काल, अर्थ वा करण-अकरणमा छन् त्यही काल, अर्थ र करण-अकरणमा बदल्नुपर्छ ।

(ए) यदि कर्तृवाच्यको क्रिया विध्यर्थ (आज्ञार्थ/इच्छार्थ) छ भने त्यस्ता कर्तृवाच्यलाई कर्मवाच्यमा बदल्दा कर्म एकवचनको भए क्रियाको धातुमा 'इयोस्' र कर्म बहुवचनको भए क्रियाको धातुमा 'इयुन्' प्रत्यय जोड्नुपर्छ ।

(ख) कर्तृवाच्यबाट भाववाच्यमा परिवर्तन

(अ) दिइएको कर्तृवाच्यको कर्तामा 'द्वारा/बाट' विभक्ति जोड्न पनि सकिन्छ, कर्ता लोप गर्दा पनि हुन्छ ।

(आ) कर्तृवाच्यको कर्ता 'म' भए भाववाच्यमा बदल्दा 'आफू' बनाउनुपर्छ ।

(इ) कर्तृवाच्यमा प्रयोग भएको क्रियाको धातुमा 'इ' प्रत्यय थप्नुपर्छ ।

(ई) कर्तृवाच्यलाई भाववाच्यमा बदल्दा क्रियापद पुलिङ्ग, अनादर, तृतीय पुरुष र एकवचनको बनाउनुपर्छ ।

(उ) विध्यर्थ (इच्छार्थ/आज्ञार्थ) कर्तृवाच्यको वाक्यलाई भाववाच्यमा बदल्दा क्रियाको धातुमा 'इयोस्' थप्नुपर्छ

(ग) कर्मवाच्य र भाववाच्यबाट कर्तृवाच्यमा परिवर्तन

(अ) कर्मवाच्य र भाववाच्यलाई कर्तृवाच्यमा बदल्दा कर्तामा भएको द्वारा/बाट विभक्ति हटाएर कर्ता लेख्नुपर्छ, कर्ता लोप भएको छ भने कर्ता थप्नुपर्छ ।

(आ) क्रियाको धातुमा लागेको 'इ' प्रत्यय हटाई कर्ताअनुसारको क्रियापद बनाउनुपर्छ ।

(इ) कर्मको 'लाई' विभक्ति हटेको कर्मवाच्यको वाक्यलाई कर्तृवाच्यमा बदल्दा कर्ममा 'लाई' विभक्ति थप्नुपर्छ ।

(उ) भाववाच्यमा 'आफू' कर्ता भएको वाक्यलाई कर्तृवाच्यमा बदल्दा 'आफू' कर्तालाई बदलेर 'म' बनाउनुपर्छ ।

(ऊ) कर्म वा भाववाच्यको क्रियापदको धातुमा 'इयोस्' र 'इयून्' प्रत्यय लागेको छ भने कर्तृवाच्य बनाउँदा विध्यर्थ (इच्छार्थ/आज्ञार्थ) को क्रियापद बनाउनुपर्छ ।

५. दिइएको अनुच्छेदबाट कर्तृ, कर्म र भाव वाच्यका वाक्य पहिचान गरी तालिकामा देखाउनुहोस् :

म सबेरै उठेँ । मैले उमेशलाई बोलाएँ । उमेश आँखा मिच्दै आयो । हामी बाटो लाग्यौँ । दाउन्नेमा पुगेर खाना खाइयो । भालुवाङमा चिया पिइयो । गाडीमा गीत गाइयो । ठट्टा गरियो । बेलुका घोराहीमा वास बसियो । राती मस्त निदाइयो । भोलिपल्ट स्थानीय साथी भेटिए । कुराकानी गरियो । मस्तसँग हाँसियो । रमाइलो गरियो ।

६. दिइएको अनुच्छेदलाई कर्तृवाच्यमा परिवर्तन गर्नुहोस् :

देशविदेश घुमियो । दुःख र अभावलाई झेल्दै विद्यालयमा पढियो । आफैँ खर्च जुटाएर उच्च शिक्षा हासिल गरियो । सबैको भलो सोचियो ।

७. दिइएको अनुच्छेदलाई कर्मवाच्यमा परिवर्तन गर्नुहोस् :

मैले दाउन्नेमा पुगेर खाना खाएँ । भालुवाङमा पुगेर चिया पिएँ । गाडीमा गीत गाएँ । साथीहरू ठट्टा गरेँ ।

८. दिइएको अनुच्छेदलाई भाववाच्यमा परिवर्तन गर्नुहोस् :

म त भुसुक्कै निदाएछु । ऊचाहिँ श्यामसँगै उठ्यो । बिहान ५ बजे नै योग गर्न हिँड्यो । अभ्यास गरेको एक घण्टामा नै थाक्यो । भालिचाहिँ म पनि जाने छु ।

९. शुद्ध गरी वाक्य पुनर्लेखन गर्नुहोस् :

(क) वीकृति र संस्कृती नीतान्त विपरित कुरा हून् । हामिले यसलाइ हटाउनुपर्छ, संस्कृती अँगाल्नुपर्छ । वीकृतिलाइ संस्कृती मान्ने भूल गर्नूहुँदैन । यो सजिलो चाहीँ छैन ।

(ख) वास्तबमा हामीसँग भयको खानपानको संस्कृतिलाई मात्रै व्यवश्थित गर्न सके त्यषले पर्यटकलाई झनै लोभ्याउँछ । नेपालमा हरेक जातिका आफ्नै प्रकारका खानपानको परम्परा छ । हामीले थोरै ध्यान दिने हो भने पुरै अर्गानिक र प्राकृतिक खानपानको व्यबस्था गर्न सक्छौँ । त्यसो गर्न सके हाम्रो स्वास्थ्य पनि राम्रो हुन्छ, त्यशले पर्यटकलाई पनि लोभ्याउँछ ।

## सिर्जना/परियोजना

१. 'जहाँ जङ्गल, त्यहाँ मङ्गल' शीर्षकमा एउटा छोटो संवाद तयार पार्नुहोस् ।

२. अनलाइन पत्रिका वा छापा पत्रिकाबाट शिक्षा तथा संस्कृति विषयमा लेखिएका समाचार खोज्नुहोस् र त्यसलाई हाउभाउसहित वाचन गर्नुहोस् ।

पाठ ११

# सहकारी

**परिचय**

मानिस सामाजिक प्राणी भएकाले उसले आपसमा मिलेर अगि बढ्नका लागि सहकार्यको भावना राख्नुपर्छ भन्ने चिन्तनमा आधारित निबन्ध हो- सहकारी । मानव सभ्यताको विकासदेखि नै मानिसभित्र सहकारिताको भावना विद्यमान रहँदै आएकाले हरेक समुदाय वा समाजका लागि सहकारी अपरिहार्य छ भन्ने कुरा प्रस्तुत निबन्धको विषय हो । यसमा मानिसले एकआपसमा मिलेर अगि बढेकै कारण वर्तमान मानवको समुन्नति भएको कुरा बताइएको छ । त्यसैक्रममा यहाँ सहकारी शब्दको तात्पर्यदेखि सहकारितामा आधारित प्राचीन परम्परा र आधुनिक अवधारणासमेत प्रस्तुत गरिएको पाइन्छ । साथै सहकारिताका कारण मानवले गरेका प्रगतिका बारेमा समेत सविस्तार चचा गर्दै सहकारी शब्दको वर्तमान प्रयोग विशेष गरी आर्थिक क्षेत्रमा हुने गरेको तथ्यबारे जानकारी दिइएको छ । यसरी सहकारीले आर्थिक क्षेत्रमा विश्वसनीय प्रभाव पारिरहेको हुँदा हामी सबैलाई कुनै न कुनै सहकारीमा आबद्ध हुनुपर्ने सन्देशस्वरूप नेपालमा सहकारीको स्थापना, विकास, गठन वा सञ्चालन पद्धति तथा आवश्यकता र औचित्यमाथि प्रकाश पारिएको छ ।

**सिकाइ उपलब्धि**

१. निबन्धको आदर्श वाचन गर्न

२. निबन्धमा प्रयुक्त कठिन शब्दको अर्थ बुझ्न र वाक्यमा प्रयोग गर्न

३. निबन्धका आधारमा सहकारीको परिचय, विकास तथा नेपालमा यसको आवश्यकता र औचित्यबारे थाहा पाउन

४. निबन्धगत बोधप्रश्नको उत्तर लेख्न

५. निबन्धमा आधारित अंशको व्याख्या गर्न, तार्किक, सङ्क्षिप्त र समीक्षात्मक उत्तर लेख्न

६. निबन्धका आधारमा भाषातत्त्वको अभ्यास गर्न

७. निबन्ध रचना गर्न ।

# सहकारी

एकआपसमा मिलीजुली सहकार्य गर्ने साथी, बन्धुबान्धव वा अन्य जोकोही व्यक्ति सहकारी हो । सहकार्य भनेको सामाजिक, सांस्कृतिक, आर्थिक आदि क्षेत्रमा गरिने सोद्देश्य सामूहिक क्रियाकलाप हो । सहकार्यको यही अभिप्रायलाई लिएर आधुनिक अर्थशास्त्रीले आर्थिक समृद्धि र विकासका लागि पारस्परिक सहयोग र सहकार्य गर्ने उद्देश्यले स्थापित संस्थालाई सहकारी भनेका छन् । यसरी सहकार्य गर्ने व्यक्ति र संस्था दुवैलाई सहकारीले बुझाए पनि यहाँ चाहिँ यसले मुख्य रूपमा दोस्रो अर्थ सङ्केत गरेको छ । पहिलो अर्थलाई पनि यसले उपेक्षा गरेको चाहिँ छैन । दुवै अर्थको समन्वय गरेरभन्दा सहकार्य गर्ने साथीहरूले आर्थिक समृद्धि र विकासका लागि मिलीजुली स्थापना गरेको साझा संस्था सहकारी हो ।

आधुनिक सहकारीको अवधारणा उन्नाइसौँ शताब्दीको पूर्वार्द्ध (सन् १८४४) मा बेलायतबाट आएको मानिन्छ । बेलायती विद्वान् रोबर्ट ओवेन (सन्.१७७१-१८५८) ले सर्वप्रथम यससम्बन्धी महत्त्वपूर्ण विचार प्रस्तुत गरे । यसैले उनलाई आधुनिक सहकारीका पिता भन्ने गरिएको छ । उनले सहकारीमा व्यक्तिगतभन्दा सामूहिक आर्थिक क्रियाकलापमा जोड दिएका छन् । यही सामूहिक आर्थिक क्रियाकलाप नै बेलायतको सुख, समृद्धि र विकासको कारक हो भन्ने गरिन्छ । सहकारीका माध्यमबाट बेलायतले छोटो समयमा हासिल गरेको आर्थिक समृद्धि लोभ लाग्दो छ । यसरी आर्थिक समृद्धिकारक संस्थाका रूपमा सहकारीको अवधारणा बेलायतबाट आए पनि यसको पूर्वरूप चाहिँ पूर्वीय सभ्यताको वैदिक वाङ्मयमा भेटिन्छ । एकआपसमा मिलेर सुरक्षित रहन, वस्तुको सामूहिक उपभोग गर्न र सशक्त भएर सहकार्य गर्न प्रेरणा दिने वेदको भनाइ 'सहनाववतु, सह नौ भुनक्तु, सह वीर्य करवावहै' नै सहकारी चिन्तनको पूर्व रूप हो । सहकार्यमा जुट्न जागरुक बनाउने 'सहयात्रा गरौँ' 'सबैमा समभाव राखौँ' र 'सम्पूर्ण संसारलाई नै एउटा परिवार मानौँ' जस्ता उदात्त विचार वेदमा रहेका छन् । वैदिक विचारकै विस्तार गर्ने पौराणिक वाङ्मयमा पनि मानिसको सुखसमृद्धिका लागि सहकार्य अपरिहार्य रहेको बताइएको छ । पौराणिक वाङ्मयमा खुसियालीका विभिन्न उत्सवमा, रोगले आक्रान्त गर्दा, प्राकृतिक प्रकोपले सताउँदा जस्ता सबै किसिमका सुखदु:खमा साथ दिने व्यक्तिलाई सहकारी भनिएको छ । यस्तै बौद्धदर्शनको 'सङ्घं शरणं गच्छामि' ले पनि सहकार्यमा अग्रसर हुन आह्वान गरेको छ । यसरी मानिस एक्लो जीवनमा रहन नसक्ने प्राणी भएकाले उसका निम्ति समूहको बसाइ, सहयात्रा र सहकार्य आवश्यक छ भन्ने पूर्वीय वाङ्मय चिन्तनको सार हो ।

समूहमा रहेर परस्परमा सुखदु:खको साटफेर गर्दा नै मानिसलाई एक्लो भएको अनुभव हुँदैन । समूहमा रहँदा बस्दा नै ऊ आनन्दमय वातावरणमा आफ्ना कामलाई अघि बढाई सुखसमृद्धि हासिल गर्न सक्छ । वर्तमान मानव सभ्यताको विकास पनि व्यक्तिका बिचको पारस्परिक सहयोग र सहकार्यबाट नै सम्भव भएको हो । मानिसले एक्लैले पूरा गर्न नसक्ने आवश्यकता सहकार्यबाट पूरा गरेका धेरै उदाहरणहरू भेटिन्छन् । एकआपसमा सहयोग र सहकार्यको आवश्यकता महसुस भएपछि नै 'एकका लागि सबै र सबैका लागि एक' भन्ने भावनाका साथ सहकार्यका लागि स्थानीय स्तरमा अनौपचारिक सङ्गठन खडा गरिएको देखिन्छ । हिन्दु संस्कृतिका समूह, मण्डल, गण, गुरुकुल एवम् बुद्ध धर्मका सङ्घ, नेवारी समुदायमा प्रचलित गुठी, मङ्का खल, नेवा दबू, ग्रामीण समाजमा प्रचलित भारोपर्म, धर्मभकारी, ऐँचोपैँचो, सरसापट सहकारीका आदि रूप हुन् । यस

किसिमका सहकारीले पारस्परिक सहयोग र सहकार्यका माध्यमबाट पाटीपौवा, धर्मशाला, बाटोघाटो, चउरचौतारा आदिको निर्माण, वृक्षरोपण जस्ता मानवहितका कार्य गरेर सामाजिक विकासमा उल्लेख्य योगदान पुऱ्याएका छन् । सामाजिक विकासमा यिनले गरेको योगदानको महत्त्व बुझेर नै नेपालका कतिपय समुदायले अहिले पनि गुठी, भारोपर्म, ऐँचोपैँचो, सरसापट, मेलापात आदि नामबाट सहकार्य गरिरहेका छन् । हाम्रा पुर्खाको यस किसिमको सहकार्यबाट अभिप्रेरित सामूहिक जीवनशैली नै नेपाली संस्कृतिको मुख्य आाधार हो ।

सहकारीको उपादेयता समाजका हरेक क्षेत्रमा उत्तिकै भए पनि आर्थिक समृद्धि र विकासमा यसको महत्त्व निकै विशिष्ट रहेको छ । विकासको मुख्य आधार आर्थिक समृद्धि हो । विकासका लागि आवश्यक आर्थिक समृद्धिमा सहकारीको भूमिका अपरिहार्य ठानेर नै संसारका अविकसित, विकासोन्मुख र विकसित सबै देशले सहकारीको स्थापना र सञ्चालन गरिरेहका छन् । धेरै देशले सहकारीका माध्यमबाट आर्थिक समृद्धि हासिल गरिसकेका छन् । संयुक्त राष्ट्र सङ्घले पनि सहकारीलाई आर्थिक, सामाजिक र सांस्कृतिक विकासको आधारस्तम्भ स्वीकार गर्दै सबै देशलाई यसका माध्यमबाट आफ्नो देशको विकास गर्न सकिने भएकाले यसको अनुसरण गर्न सुझाव दिएको छ ।

नेपालमा सहकारीमार्फत आर्थिक समृद्धिको उद्देश्यका लागि सङ्गठित हुने कार्यको थालनी भएको धेरै समय भएको छ । सरकारी स्तरमा वि.सं. २०१० मा तत्कालीन योजना तथा विकास मन्त्रालयअन्तर्गत सहकारी विभागको स्थापना भयो । यो विभाग खुलेपछि वि.सं. २०१३ मा चितवनमा स्थापना गरिएको बखान ऋण सहकारी संस्था नै नेपालको पहिलो सहकारी संस्था हो । यो सँगसँगै अन्य १३ ओटा सहकारीको स्थापना त्यस समयमा भएको पाइन्छ । सहकारी स्थापना भएपछि तिनको सञ्चालन, निर्देशन र नियन्त्रण गर्ने कानुनको आवश्यकताबोध भएपछि वि.सं. २०१६ मा सहकारीसम्बन्धी ऐन पनि बन्यो । यसपछि सहकारीसम्बन्धी विभिन्न ऐन, नियमावली, नीति र निर्देशिका तयार भएका छन् ।

नेपालको संविधानको धारा, ५० (३) मा सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने लक्ष्य रहेको उल्लेख गरिएको छ । यस संविधानको धारा २९६ को उपधारा १ ले दिएको अधिकारको प्रयोग गरी व्यवस्थापिका संसद्ले पूर्ववर्ती ऐनका सकारात्मक पक्षलाई स्वीकार र कमी कमजोरीलाई निराकरण गरेर सहकारी ऐन, २०७४ जारी गरेको छ । यस ऐनले पनि सहकारीका माध्यमबाट आत्मनिर्भर, दिगो एवम् समाजवादउन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने मुख्य उद्देश्य लिएको छ । यसका लागि सहकारीका विश्वव्यापी मूल्यमान्यता र सिद्धान्तलाई अनुसरण गरी सहकारीको स्थापना, सञ्चालन गर्नुपर्ने निर्देशन ऐनमा दिइएको छ ।

सहकारीका माध्यमबाट बेलायतले उल्लेख्य आर्थिक समृद्धि हासिल गरेपछि विश्वका अन्य देशले पनि यसको अनुसरण गरेको देखिन्छ । विश्वका १४ देशको सक्रियता र सहभागिताबाट सन् १८९५ मा अन्तर्राष्ट्रिय सहकारी महासङ्घको स्थापना भएको छ । यस महासङ्घले सहकारीका आधारभूत र नैतिक मूल्यलाई समेटेर सहकारी स्थापनाका निर्देशक सिद्धान्त तयार पारेको छ । यस महासङ्घले तयार पारेको सिद्धान्तमा सन्निहित विचारमध्ये स्वैच्छिक तथा खुला सदस्यता, सदस्यको लोकतान्त्रिक नियन्त्रण, आर्थिक सहभागिता, स्वायत्तता, स्वतन्त्रता, सहकारीबिच पारस्परिक सहयोग, समुदायप्रतिको सरोकार, शिक्षा, तालिम र सूचना मुख्य हुन् । अहिले विश्वका अधिकांश देशमा यिनै निर्देशक सिद्धान्तको अनुसरण गरी सहकारीलाई अघि बढाइएको छ ।

अन्तर्राष्ट्रिय सहकारी महासङ्घमा आबद्ध नेपालले पनि यसले प्रस्ताव गरेका मूल्यमान्यता र निर्देशक सिद्धान्तलाई स्विकारेर अघि बढ्ने कुरा ऐनमा नै समावेश गरेको छ । यसैले सहकारीका मूल्यमान्यता र मार्गनिर्देशक सिद्धान्तलाई बुझेर अघि बढ्दा यसबाट अपेक्षित उपलब्धि हासिल गर्न सकिन्छ ।

सहकार्यबाट व्यक्तिलाई आत्मनिर्भर बनाउने र समुदायको दिगो विकास गर्ने उद्देश्यले सहकारीको अवधारणा आएको हो । 'स्वतन्त्रताका लागि स्वावलम्बन, समुन्नतिका लागि पारस्परिकता र दुवैका लागि सहकारिता' सहकारीको नारा रहेको छ । सहकार्य गर्दा आम जनसमूहमाझ छरिएर रहेको पुँजी, प्रतिभा र प्रविधिको एकीकृत उपयोग भई यसबाट आर्थिक उन्नति हुने भएकाले व्यक्ति आत्मनिर्भर बन्नुका साथै समाजको उन्नति हुन्छ । सहकारीमा सहकार्यलाई महत्त्व दिइने भएकाले यसमा न्यून पुँजी भएका व्यक्ति पनि आबद्ध हुन सक्छन् । न्यून पुँजी भएका व्यक्तिलाई 'एक थुकी सुकी सय थुकी नदी' भने झैँ यसमा आबद्ध भएर एक एक थोपा जम्मा गरी गाग्रो भर्ने सुविधा सबै किसिमका व्यक्तिलाई समेट्न सक्ने हुँदा अविकसित, विकासोन्मुख र विकसित सबै देशमा सहकारी खुलेका छन् । आर्थिक स्थितिले कमजोर व्यक्तिलाई सहकारीले प्राथमिकतामा राख्ने भएकाले समानुपातिक आर्थिक समुन्नतिका लागि नेपाल जस्तो विकासोन्मुख देशका लागि यस किसिमको साझा संस्था निकै उपयोगी देखिन्छ ।

निश्चित समुदायका सदस्यले आफ्नो इच्छाअनुसार मिलेर सहकारीको स्थापना गर्ने भएकाले सहकारी स्वैच्छिक साझा संस्था हुन् । सहकारीबाट प्राप्त हुने सेवा उपयोग गर्न सक्ने र सदस्यता लिन चाहने सबै व्यक्ति सदस्य बन्न सक्ने भएकाले सहकारी खुला संस्था पनि हुन् । यिनमा सदस्यता लिने र सदस्यता त्याग गर्ने स्वतन्त्रता सबै सदस्यलाई उपलब्ध हुन्छ । कुनै पनि व्यक्ति अरूको करकापमा सदस्यता लिन बाध्य हुँदैन । सेवा उपयोग गर्न चाहने व्यक्तिलाई सदस्यता प्राप्त गर्न कुनै कृत्रिम छेकबार लगाउन मिल्दैन । यी संस्थामा आबद्ध सदस्यबिच लिङ्ग, वर्ग, वर्ण, जातजाति, धर्म र राजनीतिक आधारमा भेदभाव हुँदैन ।

स्वैच्छिक तथा खुला सदस्यताको व्यवस्था भए पनि सहकारीमा सदस्य बन्नका लागि निश्चित मापदण्ड तयार पारिएको छ । सहकारीमा सदस्य बन्न चाहने हरेक व्यक्तिले संस्थाबाट जारी हुने सेयर अनिवार्य रूपमा खरिद गर्नुपर्छ । सहकारी ऐनको दफा ३० बमोजिम १६ वर्ष पुगेको नेपाली नागरिक सहकारीको सदस्य बन्न सक्ने प्रावधान रहेको छ । सदस्य बन्ने व्यक्तिले सहकारीको कम्तीमा एक कित्ता सेयर खरिद गरेको र सहकारीको तोकिएको कार्यक्षेत्रमा बसोबास गरेको हुनुपर्छ । उल्लिखित योग्यता पुगे तापनि एक व्यक्ति एकै समयमा एकभन्दा बढी समान प्रकृतिका सहकारीको सदस्य बन्न मिल्दैन । सहकारीमा एकदेखि लिएर थुप्रै सेयर पनि किन्न सकिने व्यवस्था हुन्छ । जति नै सेयर किने पनि भोटको सङ्ख्या भने एक मात्र हुन्छ । यसमा नयाँ सदस्य र पुराना सदस्यका बिचमा पनि मतदान र विचार व्यक्त गर्ने काममा केही भेदभाव गरिँदैन । संस्थाको पुँजीमाथि सबै सदस्यको समान स्वामित्व हुन्छ । सहकारीमा नाफा भएमा सदस्यले चुक्ता गरेको सेयर पुँजीका आधारमा सीमित बचत फिर्ता पाउँछन् । संस्थाले आर्जन गर्ने मुनाफाबाट संरक्षित पुँजी फिर्ता कोष, बोनस कोष, जगेडा कोष, शिक्षा कोष, घाटा पूर्ति कोष खडा गरी संस्थागत विकास र सदस्यको सेवा तथा सुविधा सुनिश्चित गरिएको हुन्छ । सहकारी सदस्यकेन्द्रित संस्था भएकाले यसमा सदस्यको विशिष्ट भूमिका रहेको हुन्छ ।

सहकारी लोकतान्त्रिक संस्था हुन् । सहकारीका सदस्य आफ्नो संस्थाको नीति तय गर्न र निर्णय गर्नमा सक्रिय रूपमा सहभागी हुन्छन् । निर्वाचित प्रतिनिधिका रूपमा चयन हुने जुनसुकै महिला

तथा पुरुष सदस्यप्रति उत्तरदायी हुन्छन् । संस्थामा एक व्यक्ति एक मतको आधारमा सदस्यको समान मताधिकार हुन्छ । यिनीहरूको गठन पनि लोकतान्त्रिक पद्धतिका आधारमा हुने गर्छ । सामान्यतया सहकारी संस्था गठन गर्न कम्तीमा ३० जना व्यक्ति आपसमा सङ्गठित हुनुपर्ने व्यवस्था ऐनको दफा ३ (१) ले गरेको छ । सोही ऐनको दफा ३ (२)मा भने श्रमिक युवालगायतले आफ्नो श्रम र सिपमा आधरित भई व्यवसाय गर्ने सहकारी संस्थाको हकमा १५ जना नेपाली नागरिकले संस्था गठन गर्न सक्ने व्यवस्था रहेको छ । यसैले सहकारीले श्रम र सिपलाई बढी महत्त्व दिएको स्पष्ट हुन्छ ।

सहकारी स्वायत्त संस्था हुन् । संस्थाको सञ्चालन तथा कामकारबाहीमा सरकार तथा अन्य बाह्य निकायको हस्तक्षेप हुँदैन । सहकारीमा मूलत: कानुनी शासन, पारदर्शिता र जबाफदेही ढङ्गले संस्था चलाउने गरिन्छ । सङ्घसंस्थाले आफ्ना सदस्यबाट बचत तथा पुँजी सङ्कलन र बाह्य स्रोतबाट सम्झौता गरी ऋण प्राप्त गर्न सक्छन् । यसलाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि यसका एकाइ साधारण सभा, सञ्चालक तथा लेखा समिति आदि विभिन्न उपसमितिको व्यवस्था सहकारी नियमावलीमा गरिएको छ ।

नेपालको आर्थिक विकासमा सहकारीले ठुलो योगदान दिन सक्ने कुरा केही वर्षभित्र यसले गरेका विभिन्न कार्यबाट थाहा पाउन सकिन्छ । यसैले समाजका सबै क्षेत्रमा सहकारीको आवश्यकता सबैतिरबाट महसुस गरिएको छ । सहकारी विभागको वि.सं २०७७ को तथ्याङ्कअनुसार नेपालमा २९,८८६ सहकारी सञ्चालन भए पनि अहिलेसम्म सबै क्षेत्रमा सहकारीको सञ्चालन हुन सकेको छैन । सबैजसो क्षेत्रमा सहकारीलाई प्रभावकारी रूपमा सञ्चालन गरिएको खण्डमा नेपाल धेरै कुरामा स्वावलम्बी हुन सक्ने देखिन्छ । अहिले विश्वव्यापीकरणको बढ्दो प्रभावसँगै विदेशी वस्तुको बढ्दो प्रयोगले हाम्रा घरेलु उत्पादन सङ्कटमा पर्दै गएका छन् । हामीले स्वदेशी उत्पादनलाई प्राथमिकतामा नराखेसम्म हाम्रो आत्मनिर्भरताको यात्राको थालनी पनि हुँदैन । यस कार्यका लागि सहकारी नै प्रभावकारी माध्यम बन्न सक्ने देखिन्छ । यसका लागि सहकारीको प्रकृति तथा लाभबारे समुदायभित्रका सर्वसाधारणलाई सुसूचित गराउनुपर्छ । यसमा संलग्न भइसकेका सदस्यको चौतर्फी विकासका लागि अनवरत रूपमा शिक्षा र तालिमको व्यवस्था गर्नुपर्छ । सहकारीसम्बन्धी शिक्षाको अभावमा यसलाई विशुद्ध वित्तीय संस्था वा सामाजिक संस्थाका रूपमा लिने गरिएको पाइन्छ । सहकारीले वित्तीय र सामाजिक दुवै क्षेत्रमा काम गरे पनि यसका मूल्यमान्यता, सिद्धान्त, कार्यप्रकृति, नीति, उद्देश्य तथा कार्यक्रमका आधारमा यी दुवै किसिमका संस्थाभन्दा सहकारी नितान्त पृथक् छ । केही सञ्चालकले सहकारीका मूल्यमान्यता र सिद्धान्तको पूर्णत: उपेक्षा गरी वैयक्तिक स्वार्थबाट प्रेरित भएर संस्था सञ्चालन गरिरहेका छन् । उनीहरूले संस्थामा एकाधिकार कायम गरी रकम हिनामिना गरेर फरार हुँदा कैयौँ सर्वसाधारण ठगिएका छन् । सञ्चालकका यस किसिमको गतिविधिबाट विपन्न वर्गका व्यक्ति सहकारीबाट लिन सक्ने फाइदाबाट वञ्चित भएको स्थिति देखा परेको छ । यसर्थ सहकारीबाट सर्वसाधारण सबै समान रूपमा लाभान्वित होउन् भन्ने उद्देश्यले सरकार र सम्बद्ध सबै पक्ष यसप्रति समयमै सचेत हुनुपर्ने देखिएको छ ।

सहकारीबाट स्वदेशमै रोजगारीको सिर्जना हुने भएकाले यो आत्मनिर्भरता र विकासको प्रमुख माध्यम बन्न सक्छ । यो उद्यमशील संस्था भएकाले यसअन्तर्गत धेरै उद्यमशील र सिर्जनशील प्रकृतिका कार्य समाविष्ट छन् । सहकारी नीति, २०७४ मा उल्लेख गरिएअनुसार यसका उद्यमशीलताका क्षेत्र कृषि, पशुपालन, वन, वातावरण, विद्यालय, स्वास्थ्य, पर्यटन, सञ्चार तथा प्रविधि, वित्तीय सेवा, यातायात, जग्गा तथा आवास, ऊर्जा, बिमा, जडीबुटी आदि हुन् । अपार

जलस्रोत एवम् उर्वरा भूमिले सम्पन्न र अनुपम प्राकृतिक सौन्दर्यले परिपूर्ण नेपालको जलस्रोत, कृषि र पर्यटनका क्षेत्रमा सहकारी सञ्चालनका सम्भाव्य अन्य क्षेत्र पनि पर्याप्त रहेका छन् । सहकारीका माध्यमबाट यिनको व्यवस्थापन गर्ने हो भने स्वदेशमै रोजगारी सिर्जना गर्न सकिन्छ । स्वदेशमै रोजगारी सिर्जना गर्न सके लाखौँ युवा विदेसिनुपर्ने स्थितिको अन्त्य हुन्छ । सिर्जनशील युवाको सक्रिय सहभागितामा स्वदेशको विकास तीव्र रूपमा अघि बढ्छ । यसबाट परनिर्भरता घट्न गई आत्मनिर्भर संस्कृतिको विकास हुन्छ र राष्ट्रिय अर्थतन्त्र पनि सुदृढ हुन्छ । सहकारीका माध्यमबाट उपर्युक्त सबै उद्योगलाई व्यवस्थित रूपमा सञ्चालन गर्दै नयाँ क्षेत्रलाई समेत समेटेर अघि बढ्न सके नेपाल संसारकै समुन्नत र सुखी मुलुक बन्न सक्छ ।

## शब्दार्थ

*अवधारणा* : *खास विषयप्रति विचारपूर्वक गरिने निश्चय*

*वैदिक* : *वेदसँग सम्बन्धित, वेदमा आधारित*

*वाङ्मय* : *ग्रन्थ, भाषाका समग्र रचनाहरूको समूह*

*पौराणिक* : *पुराणसँग सम्बन्धित, प्राचीन कालको*

*अग्रसर* : *जुनसुकै काममा अगि सर्ने*

*पारस्परिक* : *आपसी*

*उपादेयता* : *उपयोगिता*

*अपरिहार्य* : *अनिवार्य, अत्यावश्यक*

*सन्निहित* : *अडेको, टिकेको वा सुरक्षित रहेको, कुनै वस्तु सँगसँगै मिलेको वा गाभिएको*

*स्वावलम्बन* : *आफ्नै पौरखले आत्मनिर्भर रहने अवस्था*

*विश्वव्यापीकरण* : *सम्पूर्ण पृथिवीलाई ढाक्ने काम, भूमण्डलीकरण*

*वञ्चित* : *झुक्याइएको वा ठगिएको, धोका दिइएको*

*समाविष्ट* : *राम्ररी अटाएको, अन्तर्भाव भएको*

### पाठको सार

आर्थिक तथा सामाजिक विकासका लागि गरिने सोद्देश्यमूलक कार्य नै सहकारी हो । यसको उद्देश्य भनेको एकआपसमा मिलीजुली गरिने सहकार्यात्मक योजना वा सामूहिक क्रियाकलाप हो । आधुनिक सहकारीको अवधारणा सन् १८४४ मा बेलायतबाट सुरु भएको मानिन्छ । सहकारी अवधारणाकै कार्यान्वयनका कारण बेलायतमा तीव्र गतिले विकास भएको मानिन्छ । यद्यपि सहकारिताको अवधारणा प्राचीन वैदिक कालदेखि नै थियो भन्ने कुरा वेद, पुराण र त्यसपछिका धार्मिक ग्रन्थ तथा अन्य प्रवचनहरूमा समेत पाइँदै आएको छ । मानवले समूहमा बसेर आआफ्ना सुखदुःख साटासाट गर्दै आफूलाई हलुङ्गो बनाउने प्रवृत्तिस्वरूप सहकारीको पृष्ठभूमि तयार भएको

मान्ने गरिन्छ । प्राय: मानिसलाई एक्लोपनबाट मुक्त हुन र आफू एक्लैले पूरा गर्न नसक्ने कार्य पूरा गर्न सहकार्यको खाँचो देखिन्छ । यसकारण पनि सहकारीको उपादेयता मानिसका लागि हरेक क्षेत्रमा रहँदै आएको हुन्छ । नेपालको संविधानले समेत सहकारीले पार्ने सकारात्मक प्रभाव र यसको महत्त्वमाथि प्रकाश पारेको छ । मानिसलाई आत्मनिर्भर बनाउने आधारका रूपमा सहकारीलाई अपरिहार्य जस्तै मानिन्छ ।

हुन त सहकारी आफैमा स्वैच्छिक र साझा संस्था मात्र नभई लोकतान्त्रिक प्रकृतिको स्वायत्त संस्था पनि हो । वि.सं. २०१० मा तत्कालीन योजना तथा विकास मन्त्रालयअन्तर्गत सहकारी विभागले यसलाई नेपालमा अवधारणात्मक किसिमबाट भित्र्याएको थियो । यसको सर्वप्रथम कार्यान्वयन चाहिँ २०१३ सालमा चितवनको 'बखान ऋण सहकारी संस्था'मार्फत भएको हो । त्यसपछिका विभिन्न चरणमा सहकारीसम्बन्धी ऐनकानुनहरू प्रशस्त मात्रामा बन्दै आएका छन् । १४ देशको सक्रियताबाट सहकारी महासङ्घको समेत स्थापना भएको छ । महासङ्घका केही उल्लेखनीय मान्यताहरूअन्तर्गत अर्थात् स्वैच्छिक तथा खुला सदस्य, आर्थिक सहभागिता, स्वायत्तता, पारस्परिक सहयोग, समुदायप्रतिको सरोकार, शिक्षा, तालिम र सूचना आदि पर्छन् । सहकारीमा सबै सदस्यको समान स्वामित्व रहनुलाई अत्यन्त सुन्तर पक्ष मानिन्छ । २०७७ सालको तथ्याङ्कअनुसार नेपालमा २९,८८६ सहकारीहरू सञ्चालनमा छन् । यिनीहरूबाट कृषि, पशुपालन, वन, वातावरण, विद्यालय, स्वास्थ्य, पर्यटन, सञ्चार, यातायात, जग्गा, ऊर्जा, बिमा, जडीबुटी आदि क्षेत्रको प्रवर्धनमा ठुलो सहयोग पुग्दै आएको छ । साँच्चिकै सहकारीको सिद्धान्त इमानदारिताका साथ कार्यान्वयनमा आउनु र सबैले यसतर्फ सचेतता देखाउनु हो भने नेपाल पनि विश्वका विकसित मुलककै जस्तो समुन्नत मुलुकका रूपमा विकसित हुने कुरा सुनिश्चित छ ।

## शब्दभण्डार

१. शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सोद्देश्य | समतामुखी समान अधिकारका पक्षमा आधारित राजनीतिक सिद्धान्त |
| समन्वय | आपसी |
| पारस्परिक | स्वभाव |
| निर्देशिका | कमाइ; आम्दानी |
| समाजवाद | उद्देश्यका साथमा |
| आर्जन | संयोजन |
| प्रकृति | कुनै विषयको समस्या समाधानका लागि मार्गनिर्देशन गर्ने खालको पुस्तिका |

२. दिइएका शब्दको विपरीतार्थक शब्द लेख्नुहोस् :

अनौपचारिक, पहिलो, आवश्यक, सकारात्मक, उपलब्धि, स्वैच्छिक, नाफा

३. दिइएका टुक्काको अर्थ पहिल्याई तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :

नाक काट्नु, नाक ठाडो पार्नु, नाक फुल्नु, नाक खुम्च्याउनु, मुख फोर्नु, मुख मिठ्याउनु, मुखमा बुझो लाउनु, मुख बन्द गर्नु, मुख हेराहेर गर्नु, मुख बार्नु

४. पाठबाट छओटा पारिभाषिक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् ।

५. तलका शब्दको कोशीय अनुक्रम मिलाउनुहोस् :

- साँखु, साहिलो, श्रावण, सृष्टि, संविधान
- कृषि, क्रियाकलाप, क्रम, कंश, कमलो
- अंश, अँगार, अमला, अत्यधिक, अवैज्ञानिक
- क्षमा, ज्ञान, त्रिशूल, षट्कोण, विश्व

## बोध र अभिव्यक्ति

१. सहकारी निबन्धलाई आदर्श वाचन गर्नुहोस् ।

२. दिइएको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

(क) समूहमा रहेर परस्परमा सुखदुःखको साटफेर गर्दा नै मानिसलाई एक्लो भएको अनुभव हुँदैन । समूहमा रहँदा बस्दा नै ऊ आनन्दमय वातावरणमा आफ्ना कामलाई अघि बढाई सुखसमृद्धि हासिल गर्न सक्छ । वर्तमान मानव सभ्यताको विकास पनि व्यक्तिका बिचको पारस्परिक सहयोग र सहकार्यबाट नै सम्भव भएको हो । मानिसले एक्लैले पूरा गर्न नसक्ने आवश्यकता सहकार्यबाट पूरा गरेका धेरै उदाहरणहरू भेटिन्छन् । एकआपसमा सहयोग र सहकार्यको आवश्यकता महसुस भएपछि नै 'एकका लागि सबै र सबैका लागि एक' भन्ने भावनाका साथ सहकार्यका लागि स्थानीय स्तरमा अनौपचारिक सङ्गठन खडा गरिएको देखिन्छ ।

प्रश्नहरू

(क) सहकारीबाट हुने मानसिक फाइदा के हो ?

(ख) मानव सभ्यताको विकासमा सहकारीको कस्तो भूमिका छ ?

(ग) सहकारीबाट असम्भव जस्ता आवश्यकताहरू कसरी पूरा गर्न सकिन्छ ?

(घ) यस अनुच्छेदको मूल भाव के हो ?

(ख) नेपालको आर्थिक विकासमा सहकारीले ठुलो योगदान दिन सक्ने कुरा केही वर्षभित्र यसले गरेका विभिन्न कार्यबाट थाहा पाउन सकिन्छ । यसैले समाजका सबै क्षेत्रमा सहकारीको आवश्यकता सबैतिरबाट महसुस गरिएको छ । सहकारी विभागको वि.सं. २०७७ को तथ्याङ्कअनुसार नेपालमा २९,८८६ सहकारी सञ्चालन भए पनि अहिलेसम्म सबै क्षेत्रमा सहकारीको सञ्चालन हुन सकेको छैन । सबैजसो क्षेत्रमा सहकारीलाई प्रभावकारी रूपमा सञ्चालन गरिएको खण्डमा नेपाल धेरै कुरामा स्वावलम्बी हुन सक्ने देखिन्छ ।

प्रश्नहरू

(अ) नेपाललाई कसरी आत्मनिर्भर बनाउन सकिन्छ ?

(आ) नेपालका घरेलु उत्पादनलाई व्यवस्थापन गरी बजारीकरण गर्न कस्ता उपाय अवलम्बन गर्नुपर्ला ?

३. उदाहरण हेरी सोधिएका तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) सहकारी निबन्धले प्रस्तुत गर्न खोजेको वैचारिक चिन्तन के हो, आफ्नो तर्कसहित पुष्टि गर्नुहोस् :

*उत्तर :* सहकारीसम्बन्धी तथ्यपरक विषयवस्तु समेटिएको प्रबन्धात्मक रचना हो- 'सहकारी' । यस पाठमा मानवबिचको आपसी सहकार्यका आधारमा विकसित सहकारीबारे सविस्तार चर्चा गरिएको छ । सहकारीको मूलभूत पहिचान र सहकारीसम्बन्धी सिद्धान्तलाई जनसमक्ष पुऱ्याउनु नै यस निबन्धको मुख्य विषय हो । हुन पनि मानिसलाई सामाजिक प्राणी मानिन्छ । मानिसले नै समाजमा मिलीजुली काम गर्दै आफू र आफ्नो समुदायको विकास गरिरहेको हुन्छ । मानिस आजीवन एक्लै नबस्ने र सामूहिक रूपमा काम गर्दै अगि बढ्ने भएकाले ऊभित्र स्वाभाविक रूपमा सहकार्यको भावना रहन्छ । सहकार्यकै भरमा मानिसलाई वन, मेलापात, खेतीपाती, कृषि, व्यवसाय आदि विभिन्न कार्यहरू सम्पन्न गर्न सजिलो हुन्छ । यसकारण सहकारिताको भावना मानिसभित्र जुनसुकै अवस्थामा कायमै रहन्छ । यद्यपि वर्तमान अवस्थामा सहकारीलाई आर्थिक पक्षसँग मात्र गाँसेर हेरिन्छ । सबैको समान पहुँच र अधिकारलाई ध्यानमा राखेर सहकारीसम्बन्धी आर्थिक पक्षको व्यवस्थापन गरिन्छ । विश्वमा सहकारीसम्बन्धी अवधारणाले विकासका क्षेत्रमा ठुलो मदत गरको पाइन्छ । नेपालमा पनि यसले सात दशकअघिदेखि विशेष योगदान पुऱ्याउँदै आएको छ । बेला बेलामा सहकारीसम्बन्धी नीतिनियमहरू परिमार्जन हुँदै आएका छन् । समयसापेक्ष नीति नियम बनाएर सहकारीसम्बन्धी अवधारणालाई मूर्त रूप दिनसके नेपालको विकासमा पनि थप टेवा पुग्ने देखिन्छ ।

यस किसिमका मान्यताहरू हुँदाहुँदै पनि सहकारीले केवल एउटा निश्चित वर्गको मात्र प्रतिनिधित्व गर्छ भन्ने आरोप छँदै छ । त्यस्तै कतिपय सहकारीका सञ्चालकहरूको बेइमानीले पनि यसप्रतिको दृष्टिकोणमा नकारात्मक असर परेको छ । साथै यसबाट स्वरोजगारीका अवसरहरू सिर्जना गर्न नसक्नुलाई ठुलै कमजोरीका रूपमा लिने गरिन्छ । अत: हरेक सहकारीले इमानदारिताका साथ आफ्ना योजना बनाई देशका नागरिकलाई आत्मनिर्भर बनाउन सक्नुपर्छ भन्ने वैचारिक सन्देश नै यस निबन्धको मूल चिन्तन रहेको छ ।

(ख) सहकारीको सम्बन्ध आर्थिक पक्षसँग मात्र नभई मानवको समग्र विकाससँग गासिएको छ भन्ने कुरालाई पाठका आधारमा तर्कसहित पुष्टि गर्नुहोस् ।

४. व्याख्या गर्नुहोस् :

सहकारी सदस्यकेन्द्रित संस्था भएकाले यसमा सदस्यको विशिष्ट भूमिका रहेको हुन्छ ।

५. 'सहकारी' निबन्धको मूलभाव के हो ? समीक्षा गर्नुहोस् ।

६. तलको अनुच्छेद पढी मुख्य मुख्य चारओटा बुँदा टिप्नुहोस् र सारांशसमेत लेख्नुहोस् :

आर्थिक पक्षप्रतिको तीव्र अभिरुचिसँगै नेपाली समाजभित्र विद्यमान आत्मीयतापूर्ण सुन्दर पारिवारिक वातावरण खलबलिँदै गएको छ । उदाहरणका लागि श्रीमान्-श्रीमतीमध्ये जोकोही पनि अर्थोपार्जनका निम्ति बिदेसिनासाथ त्यहाँबाट पठाइएको रकमले आश्रित परिवारलाई राहत त पुऱ्याएको छ तर त्योसँगै अनेकौँ अन्य पारिवारिक समस्याहरू सिर्जना हुन थालेका छन् । मेरो छोरीले यति कमाउँछ, मेरो छोरा यस्तो छ ...आदि कुराहरू गफगाफका विषय मात्र बनेका छैनन् अपि तु यस्ता विषयका कारण समाजले भित्रभित्रै नयाँपनको प्रभाव भोल्नुपर्ने परिस्थिति सिर्जना हुँदै गएको छ । समान किसिमको आर्थिक अवस्था नहुँदा अर्थात् अलि बढी सम्पत्ति हुँदा वा नहुँदाका अवस्थामा नातागोता र आफन्तभित्र भुसको आगोभैँ ईर्ष्या वा द्वेषको भावना फैलिएका कारण आपसी सम्बन्धको धागो चुँडिन थालेको छ । अर्थोपार्जन एउटा नियमित प्रक्रिया भए पनि यसको विधि वा पद्धतिमा पाइने फरक फरकपनका कारण परिणाममा निकै उतारचढाव देखिएको छ । कोही लगनशीलताका साथ पढिरहेको व्यक्तिले इमानदारितापूर्वक कमाएको सम्पत्तिभन्दा तिगडमबाजीमा सफल भएर कमाएको अनपढको रवाफले समाजलाई नयाँ कठघरामा ल्याएर उभ्याएको छ । फलानो पढेलेखेर वा इमानदार भएर पनि कामै नलाग्ने वा उसको हैसियतभन्दा ऊ वास्तवमै महान् हो भन्ने भनाइहरू समाजका लागि बहसका विषय बनेका छन् । एक जना विद्वान्भन्दा एक जना मूर्ख धनीको सम्मानसँगै समाजमा पढ्नु र इमानदार हुनुको औचित्यमाथि नजानिदो प्रश्न खडा भएको छ । स्वावलम्बी शिक्षाको अभावमा विषयगत दक्षता हासिल गरेको नयाँ पुस्ताले जीवनको उर्वरकालमा तिरस्कृत, अपमानित र विचलित जीवन बाँच्नुपर्ला कि जस्तो देखिन थालेको छ । कारण, नयाँ आय आर्जनका अवसरहरू मुलुकभित्र अभै आशाजनक अवस्थामा देखा परिरहेका छैनन् ।

## भाषातत्त्व

१. पढ्नुहोस् र बुभ्नुहोस् :

(क) हामीले खेती गऱ्यौँ ।

(ख) गुरुले मलाई पढाउनुभयो ।

(ग) भोलि दिनभरि म आमाबुबालाई घुमाउँछु ।

(घ) बन्छन् मानिस कर्मले ।

(ङ) हिमनदीहरू बग्छन् निरन्तर हिमाली काखबाट ।

माथिका क ख वाक्यमा कर्ता, कर्म र क्रियाको अनुक्रम रहेको छ भने ग वाक्यको रेखाङ्कित अंशमा मात्र त्यस्तो क्रम रहेको छ । यसरी वाक्यमा कर्ताले गर्ने कार्यव्यापारका आधारमा क्रिया र क्रियाको प्रभाव वा असरका आधारमा कर्मको उपस्थिति हुने गर्छ । नेपाली भाषाका वाक्यमा व्याकरणिक दृष्टिले यस्तै कर्ता, कर्म र क्रियाको अनुक्रम हुनुलाई उपयुक्त मानिन्छ । यो सामान्य पदक्रम पनि हो ।

यसैगरी घ ङ वाक्यमा कर्ता, कर्म र क्रियाको सामान्य पदक्रम नभई विशिष्ट/आलङ्कारिक पदक्रम रहेको पाइन्छ । वाक्य घ को सुरुमा क्रियापद अनि त्यसपछि मात्र कर्ता रहेको छ भने ङ को सुरुमा कर्ता भए पनि मध्यमा क्रियापद रहेको पाइन्छ । यसकारण यस्ता साहित्यिक अभिव्यक्तिलाई विशिष्ट वा आलङ्कारिक पदक्रममा आधारित मान्ने गरिन्छ ।

२. तलका कुन कुन वाक्यमा पदक्रम मिलेको छ, लेख्नुहोस् :

(क) नजाऊ त्यहाँ डरलाग्दो परिवेश हुन सक्छ ।

(ख) जति सक्दो चाँडो हामी सहभागी होऔँ सहकारीहरूमा ।

(ग) रातभरि निदाउने व्यक्तिलाई दिनभरि काम गर्न सजिलो हुन्छ ।

(घ) ऊ पढेको व्यक्ति मात्र हैन इमान व्यक्ति पनि हो ।

(ङ) कि पढेर जानिन्छ कि परेर जानिन्छ ।

३. तलको अनुच्छेदका वाक्यबाट कर्ता, कर्म र क्रिया पहिचान गरी लेख्नुहोस् :

योग तथा प्राकृतिक चिकित्सा कार्यक्रम स्वस्थ मानव जीवनसँग गाँसिएको कार्यक्रम हो । यसबाट प्राकृतिक रूपमा मानवले निरोगी जीवन बाँच्ने उपायहरूबारे जानकारी लिन सकिन्छ । आर्षसभ्यताले दिएको उदात्त जीवनभित्र उपयुक्त आहार विहारसम्बन्धी विषयवस्तुबारे जानकारीका लागि यो कार्यक्रम निश्चय पनि प्रभावकारी रहेको छ । मानव जीवनसँग गहिरो सम्बन्ध राख्ने योगको प्रयोग तथा प्राकृतिक निदान पद्धतिले कसैलाई पनि हानी पुऱ्याउँदैन बरु लाभ नै हुन्छ । यद्यपि यस्तो कार्यक्रमबाट निमेषभरमा कुनै जादुगरी परिवर्तन नहोला तर दूरगामी प्रभावका दृष्टिले यो निकै लाभदायी मानिन्छ । वस्तुतः यस्तो कार्यक्रमबाट मानवले स्वस्थ एवम् सुखद जीवन यापन गर्न सक्दछ । मानिसलाई उसको दैनिकी र वैचारिक चिन्तनले गहिरो प्रभाव पारेको हुन्छ । खानपानको जति उपादेयता हुन्छ त्यसभन्दा बढी सात्विक एवम् सकारात्मक चिन्तनको उपादेयता हुन्छ । यस्ता विषयहरूको चिन्तनमननका लागि उपयुक्त क्षेत्रका रूपमा योग तथा प्राकृतिक चिकित्सा कार्यक्रम विकसित भएको हो ।

४. दिइएको अनुच्छेदबाट दुई दुईओटा उपसर्ग, प्रत्यय, समास, द्वित्व र सन्धियुक्त शब्द पहिचान गरी लेख्नुहोस् :

कुनै पनि सामाजिक व्यवस्था सुरुसुरुमा त्यति खराब हुँदैन र आवश्यकतानुसार अनुभव वा प्रयोगका आधारमा तिनलाई मान्यता दिइएको हुन्छ । जब तिनमा एकलौटीपन हाबी हुँदै जान्छ अथवा समयसापेक्ष परिवर्तनका लागि निषेध गरिन्छ अनि स्वाभाविक रूपमा सामाजिक विकृतिहरू देखा पर्न थाल्दछन् । तिनको समर्थन वा विरोधस्वरूप आलोपालो गरी सामाजिक सङ्क्रमण देखा पर्छ । वस्तुतः नेपाली समाजको वर्तमान सङ्क्रमणकालीन अवस्था पनि यस्तै छ । एकातिर हिङ नभए पनि हिङ बाँधेको टालो भन्ने रबाफ र अर्कातिर आर्थिक समृद्धिबाट जुनसुकै कुरा हासिल हुन्छ भन्ने घमण्डका बिचको भुँवरीमा रुमलिएको छ वर्तमान नेपाली समाज । यसका लागि अनुभवी पुस्ताले समयमै नयाँ तर महत्त्वाकाङ्क्षी पुस्तालाई सही दिशानिर्देश गर्न नसके अबको नेपाली समाजको भविष्य झनै अन्योलग्रस्त देखिन्छ । समन्वयको अभावमा कुनै पनि कुराको प्रभाव राम्रै हुन्छ भन्ने हुँदैन ।

५. तलको अनुच्छेदमा प्रयुक्त लेख्यचिह्न पहिचान गरी तिनको नामसमेत लेख्नुहोस् :

'कथ्' धातुमा 'आ' प्रत्यय लागेर बनेको कथा शब्द संस्कृत मूलको नामिक पद हो । यसको शाब्दिक अर्थ केही कुरा कहनु/भन्नु वा कथेर बताउनु भन्ने हुन्छ । कथालाई आख्यान भनिन्छ; आख्यायिका भनिन्छ र गाथा पनि भनिन्छ । यसलाई अङ्ग्रेजीमा स्टोरी, फेबल, टेल आदि शब्द र हिन्दीमा कहानी तथा बङ्गालीमा गल्फ भन्ने प्रचलन छ । अङ्ग्रेजीमै प्रयोग हुने सर्ट स्टोरी शब्दले पनि लघुकथा वा कथाकै अर्थलाई द्योतन गर्छ । भनिन्छ, "कथा अनुभूतिको आख्यानीकरण हो" । हामी सबैलाई कथा मन पर्छ हैन त ?

## सिर्जना/परियोजना

(क) मानिसलाई स्वावलम्बी बनाउन सक्ने के कस्ता उपाय हुन सक्लान् ? त्यस्ता क्षेत्रहरूको पहिचान गरी कुनै एउटा विषयमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् ।

पाठ १२

# जीवन मार्ग

परिचय

'रिपोर्ताज' शब्द विशेष गरी पत्रकारिता क्षेत्रमा प्रयोग गरिन्छ । पत्रकारिता क्षेत्रको मूल उद्देश्य भनेकै सत्य, तथ्य र निष्पक्षतामा आधारित सूचना, खोज अनुसन्धान वा यथार्थको सम्प्रेषण गर्नु हो । यस्ता जुनसुकै क्षेत्रमा आधारित भई विशिष्ट किसिमबाट सविस्तार वा साङ्गोपाङ्ग सूचना सम्प्रेषण गरिरहँदा रिपोर्ताज तयार हुन पुग्छ । यसभित्र त्यस्ता हरेक महत्त्वपूर्ण घटना वा विषयवस्तु समावेश गर्न सकिन्छ जुन नयाँ सन्देशमा आधारित यथार्थपरक सूचना हुन सक्छन् । यो एक किसिमबाट वास्ताविकतामा आधारित सूचनामूलक लेखन पनि हो । समकालीन नेपाली साहित्यमा समेत यस्तो लेखकीय स्वअनुभूति वा लेखकको प्रत्यक्ष सहभागिताबाट तयार पारिएको रिपोर्ताज विधाले विशेष स्थान पाउन थालेको छ । यद्यपि रिपोर्ताजमा सत्यतथ्य सूचनाका साथै लेखकका निजी अनुभूति वा दृष्टिकोणसमेत प्रस्तुत हुने भएकाले लेखकअनुसार यसको लेखनशैलीमा पनि विविधता रहन सक्दछ ।

'जीवन मार्ग' शीर्षकको प्रस्तुत रिपोर्ताज पनि त्यस्तै स्वतन्त्र दृष्टिकोण तर लेखकको प्रत्यक्ष अनुभवमा आधारित महत्त्वपूर्ण रचना हो । यसमा आफ्नो लामो जीवन यात्राका क्रममा अनेकौँ सङ्घर्ष गर्दै सही मार्गबाट स्वावलम्बी बनेर स्वदेशको समृद्धिका लागि योगदान पुर्‍याउन सक्ने एक उद्यमीका महान् कार्यमाथि प्रकाश पारिएको छ । चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानका परिकल्पनाकार तथा संस्थापक ... शेर्पाको जीवन मार्गमा आधारित सूचनाको सम्प्रेषण नै प्रस्तुत पाठको मुख्य विषय रहेको छ ।

## सिकाइ उपलब्धि

१. पाठमा प्रयुक्त शब्दको अर्थबोध गरी प्रयोग गर्न

२. पाठको आदर्श वाचन गर्न

३. पाठको भाव वा वैचारिक सन्देश थाहा पाउन

४. पाठगत बोध, व्याख्या र समीक्षात्मक उत्तर दिन

५. भाषिक संरचनाका कथन तथा उद्देश्य र विधेय पक्षको अभ्यास गर्न

६. रिपोर्ताजमूल संरचना तयार पार्न ।

मूल पाठ (रिपोर्ताजमूलक रचना)

# जीवन मार्ग

आजभोलि गाउँसहर जतातते चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानबाट उत्पादित वस्तुको चर्चा छ । नभन्दै देशविदेशमा रहेका नेपालीका घरमा यस औद्योगिक प्रतिष्ठानबाट उत्पादित कुनै न कुनै सामान पुगेकै छन् । केही वर्षअघिसम्म पनि हामी भन्ने गर्थ्यौं "हाम्रो घरभित्र नेपाली ब्रान्डका कुनै पनि सामान छैनन् ।" तर अब त्यस्तो स्थिति छैन । हाम्रा घरभित्र कोठा कोठामा नेपाली उत्पादनका अनेक सामान छन् । त्यसमा पनि चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानका उत्पादनको बाहुल्य रहेको छ । हिजो मात्र अमेरिकामा बस्ने साथीसँग भिडियो च्याटमा उसले आफ्नो कोठाको दृश्य देखायो । नेपाली उत्पादनका सामानलाई बडो जतनसँग सजाएर राखेको रहेछ । अस्ट्रेलिया, जापान, क्यानडा, स्पेनतिरका साथीसँगको भिडियो च्याटमा पनि नेपाली उत्पादनका सामान सजिएको देखिएकै छ । नेपाली उत्पादनका सामानमध्ये पनि चोमोलुङ्माका उत्पादनको बाहुल्य देखिन्छ । त्यसो त नेपाल आउने अधिकांश विदेशीले यस प्रतिष्ठानका सामान नेपालको चिनाका रूपमा लैजान थालेका छन् । हेर्दाहेर्दै नेपालबाट विदेश निर्यात हुने वस्तुमा यस औद्योगिक प्रतिष्ठानका सामानको वर्चस्व हुँदै छ ।

चोमोलुङ्मा सगरमाथाको अर्को नाम । सगरमाथा संसारको सर्वोच्च शिखर, नेपालीको मान, सान र पहिचान । यही नाममा औद्योगिक प्रतिष्ठान खोल्ने र नेपालको मौलिक पहिचानमा आधारित अनि स्थानीय कच्चा सामानको सदुपयोग गर्दै उद्योग स्थापना गर्ने सोचलाई मान्नैपर्छ । त्यति मात्र होइन त्यस्तो सोचलाई मूर्त रूप दिँदै सामान उत्पादन, बिक्री वितरणमा पनि चोमोलुङ्माको शिखर चुम्न सफल बन्नु चानचुने कुरा होइन ।

'चोमोलुङ्मा औद्योगिक प्रतिष्ठान' यो नाम पहिलो पटक सुन्दा मलाई गज्जब लागेको थियो । केही समयपछि त्यस प्रतिष्ठानका उत्पादन मेरो घरमा भित्रिन थाले । सुरुमा मेरी जीवन सङ्गिनीले बाँसको काइँयो, थाँक्रो, फिपी, नाङ्लो, डालो, चाल्नो, थुन्से ल्याइन् । केही दिनपछि बुबाले ठेकी, मदानी, सुरो, चम्मर ल्याउनुभयो । उहाँले निगालाबाट बनेका पूजा सामग्री राख्ने ढक्की र धार्मिक किताब राख्नका लागि सानो र्‍याक पनि ल्याउनुभयो । बिस्तारै गलैँचा, राडी, लुकुनी, थाङ्का, खाँडीको कपडा, भाङ्ग्राको झोला, अम्रिसाको कुचो, बाँसका कुर्सी र सोफा आए । चौँरीको घिउ, मह, गुराँसको जुस, मान्द्रेको अचार, कटुसका दिउल आदिको स्वाद सबैको जिब्रामा बस्न थाल्यो । गहत, सतीबयरको सातु, सिन्की, गुन्द्रुक, कोदो र फापरको पिठो, मार्सी चामल, बुङ्को आलु, पिँडालु, जिम्बु, सिस्नुको धुलो, किनामा आदि भित्रिन थाले । हुँदाहुँदा चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानका सामान भएनन् भने भातभान्सै नहुने स्थिति बन्न पुग्यो ।

चोमोलुङ्मा ब्रान्डका सामानसँगको घनिष्ठतासँगै त्यस औद्योगिक प्रतिष्ठानप्रति चासो जाग्नु स्वाभाविक थियो । त्यसमाथि आफू परियो सगरमाथा शिखरको हिउँ पग्लिएर बनेको दुधकोशीमा धेरै पटक मकर नुहाएर हुर्किएको मान्छे । त्यसैले चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानका बारेमा रिपोर्ताज तयार पार्ने हुटहुटी जाग्यो ।

गत शनिबार बिहान रिमरिम उज्यालो हुँदै गर्दा म काठमाडौँको कोटेश्वरबाट सोलु दुधकुण्ड जाने माइक्रोबसमा चढेँ । बस भक्तपुर, बनेपा, धुलिखेल, नेपालथोक, खुर्कोट, घुर्मी, हिलेपानी,

ओखलढुङ्गा, ठाडे हुँदै बेलुका ४ बजे सोलुसल्लेरी पुग्यो । सोलुखुम्बु जिल्लामा मेरा धेरै साथी छन् । बसबाट ओर्लनासाथ गणेश, रुद्र अनि डेन्डी मलाई भेट्न आइपुगे । साथीहरूले मेरा लागि एउटा होटलमा बस्ने व्यवस्था मिलाइदिएका रहेछन् । होटलमा केही बेर बिसाएँ, साथीहरूसँगै सुचिया पिएँ अनि झोला थन्क्याएँ । मित्र गणेशले मोटरसाइकलमा राखेर सल्लेरी बजार परिक्रमा गराए । चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानका निर्देशक छिरिङसँग फोनमा कुरा भयो । उनी घर गएका रहेछन् । भोलि बिहान १० बजे मात्रै सल्लेरी आइपुग्ने रहेछन् । “भोलि खानासाना खाएर भेट गरौँ, भोलिको समय तपाईँका लागि” उनले भने । बेलुका अबेरसम्म साथीहरूसँग गफ गरियो र राती ११ बजे सुत्न गइयो । यात्राको थकानले होला राम्रो निद्रा परेछ । बिहान आँखा खुल्दा झ्यालबाट सूर्यको प्रकाश छिर्न लागेको रहेछ ।

वैशाखको दिन, सल्लेरीमा जाडो गएको रहेनछ । बिहानको चियाखाजापछि गणेशजीले मोटरसाइकलमा चढाए । हामी मोटरसाइकलबाट खरीखोलासम्म र त्यसपछि पैदल हिँड्दै लुक्ला विमानस्थल पुग्यौँ । विमानस्थलमा भिडभाड रहेछ । हामीले केही फोटा खिच्यौँ । गणेशजीसँग मैले स्थानीय एफएम रेडियो र पत्रपत्रिकाका कार्यालय, क्याम्पस र केही सरकारी अड्डामा पुग्ने अवसर पाएँ । यस्तैमा बिहानको खाना खाने वेला भयो । खाना खाएर केही समय आराम गरेपछि छिरिङजीको फोन आयो । त्यति वेला दिउँसोको एक बजेको थियो ।

चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानका मुख्य परिकल्पनाकार, मुख्य परियोजनाकार, मूल लगानीकर्ता अनि निर्देशक छिरिङले मलाई प्रतिष्ठानको गेटमै स्वागत गरे । टेलिफोनमा धेरै पटक कुराकानी भए पनि आमनेसामनेमा भेटघाट भने पहिलो पटक हुँदै थियो । मैले प्रतिष्ठानका बारेमा विस्तृतमा बुझ्न चाहेको कुरा बताएँ । छिरिङ मलाई सहयोग गर्न इच्छुक र उत्सुक देखिए । उनले औद्योगिक प्रतिष्ठानको परिकल्पनादेखि त्यसको स्थापना, सञ्चालन, उत्पादन, बिक्री वितरण सविस्तार बताए । मैले आवश्यक कुरा टिप्दै गएँ । मित्र गणेशले हाम्रो कुराकानीलाई भिडियोमा कैद गरे ।

चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानको मुख्य कार्यालय सोलुखुम्बु जिल्लाको सदरमुकाम सल्लेरीमा स्थापित रहेछ । यसका शाखा, उपशाखा देशका विभिन्न भागमा रहेछन् । “प्रतिष्ठानले विगत पाँच वर्षदेखि स्थानीय कच्चा पदार्थको प्रयोग गरी नेपालको मौलिकता र पहिचानमा आधारित वस्तुको उत्पादन गर्दै आएको छ । हाम्रा उत्पादन स्वदेश र विदेशमा समेत लोकप्रिय हुँदै आएका छन् ।” छिरिङले भने ।

औद्योगिक प्रतिष्ठानको समग्र अवलोकन र त्यस बारेको आवश्यक जानकारी लिएपछि मैले निर्देशक छिरिङको कामको प्रशंसा गरेँ र बधाई दिएँ । उनले नम्रतापूर्वक धन्यवाद दिए । ताइचिन चामलको चिउरा, चौँरीको घिउमा तारेको बुङको आलुको चाना, टिमुर र जिम्बुको चटनी, लालीगुराँसको जुस, स्याउको सलाद र सुकुटी जस्तै विभिन्न परिकार खाँदै हामीले कुराकानी गऱ्यौँ ।

“म आमाबुबाको सबैभन्दा जेठो सन्तान हुँ । मेरो बुबा भारी बोक्ने काम गर्नुहुन्थ्यो । आमा घरको काम गर्नुहुन्थ्यो । हामीसँग थोरै मात्र जग्गाजमिन थियो र त्यसको उब्जनीले तीनचार महिना पनि धान्दैनथ्यो । बुबाले भारी बोकेर अनि आमाले बनीबुतो गरेर हाम्रो जीवन चलेको थियो । म र भाइबहिनीहरू विद्यालयमा पढ्दै थियौँ । हाम्रो परिवारको दुर्भाग्य, एक साँझ बुबा भारीसहित हिउँमा चिप्लिएर भिरबाट खस्नुभयो र उहाँको जीवन समाप्त भयो । त्यति वेला म आठ कक्षामा पढ्थेँ । त्यसपछि मैले बुबाको उत्तराधिकारी भएर उहाँले गरिआएका काम सुरु गर्नुपऱ्यो । मेरो पढाइ रोकियो । भारी बोक्न कहिले कटारी, कहिले जिरी र कहिलेकाहीँ चाहिँ हिमाल चढ्नेको

भरिया भएर बेसक्यामसम्म जानुपर्थ्यो । हिमाल चढ्न आउने पर्यटकको भारी बोक्न पाउँदा कमाइ अलिक राम्रै हुन्थ्यो तर त्यस्तो अवसर कम पाइन्थ्यो । बाँकी समयमा नाम्चेका व्यापारीका लागि सामान बोक्न जानुपर्थ्यो । यस्तैमा केही वर्ष बिते । संयोगवश, एक दिन एक जना विदेशी पर्यटकले मप्रति दया देखाए । मेरो बारेमा सबै कुरा थाहा पाएपछि उनले मलाई दश कक्षासम्म पढ्नका लागि छात्रवृत्ति दिने भए । उनले विद्यालयमा कुरा गरेपछि मलाई विद्यालयमा सरसफाइ गर्ने र बाँकी समय पढ्ने जागिर पनि मिल्यो । त्यही जागिरको पैसा र विदेशी पर्यटकले दिएको छात्रवृत्तिले मेरो घरखर्च र पढाइखर्चमा सहयोग भयो । मैले राम्रो श्रेणीमा एसएलसी उत्तीर्ण गरेँ ।"

केही बेर रोकिएर सुचियाको चुस्की लिँदै उनले भने, "एसएलसी पास गरेपछि मैले विद्यालयमा पढाउन पाएँ । जागिरसँगै उच्च शिक्षालाई पनि अघि बढाएँ । स्नातक सकेपछि केही समय सरकारी जागिरे पनि भएँ । जागिर छोडेर केही समय ट्रेकिङ व्यवसायमा लागेँ । विभिन्न देशको भ्रमणको अवसर पनि मिल्यो तर मलाई अझै चित्त बुझेन । म जापानतिर हान्निएँ । त्यहाँ गएपछि मैले श्रमको महत्त्व थाहा पाएँ । स्वदेशमै बसेर केही गर्न सकिन्छ भन्ने लाग्यो । दुई वर्षपछि म स्वदेश फर्किएँ ।"

"त्यसपछि के के गर्नुभयो ? कसरी यस क्षेत्रमा आउनुभयो म गरेर दशबिस लाख जम्मा गर्छन् । त्यसरी कमाएको रुपियाँ सहर र सदरमुकामतिर घडेरी किनेर सक्छन् । कहिले र कसरी घर बनाउने भन्ने उनीहरूलाई थाहा हुँदैन । यदि फेरि आठदश वर्ष दुःख गरेर एकतले घर बनाए भने त्यसपछि के खाने भन्ने कुनै योजना र आधार हुँदैन । यसले त नेपाली कमाइलाई बर्बाद बनाउने रहेछ भन्ने थाहा पाएँ । खेतीयोग्य जमिन मासेर कङ्क्रिटको जङगल बनाउने त्यो पेसामा मन रमाएन । त्यसलाई चटक्कै छोडेर अनेक विकल्पको खोजी गरेँ । अन्ततः यतातिर आइपुगेँ ।"

मेरो जिज्ञासा बढ्दै गयो । "चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानको परिकल्पना चाहिँ कसरी गर्नुभयो मैले सोधेँ ।

"विभिन्न देशको भ्रमण गरेपछि अनि जापानमा केही वर्ष काम गरेपछि मलाई थाहा भयो, जुन देशले आफ्नो देशको मौलिकतालाई, पहिचानलाई, स्रोत साधनलाई अनि श्रम र सिपलाई सदुपयोग गर्दै त्यसलाई विश्व बजारमा बेच्न सके तिनीहरू नै आत्मनिर्भर भएका रहेछन् । तिनीहरूले नै विकास गरेका रहेछन् । नेपालमा आएर केही व्यापार व्यवसायमा हात हालेपछि थाहा भयो, नेपाललाई प्रकृतिले अपार स्रोत साधन दिएको छ । मरुभूमिको तातो बालुवामा श्रम बेच्दा पनि खुसी हुने श्रमशक्ति पनि हामीसँग छ । यो त ठुलो कुरा हो नि तर हामीले यसको सदुपयोग गर्न सकेनौँ । यतिसम्म कि हामी हाम्रो खेतबारी बाँझो राख्छौँ र विदेशबाट अन्न आयात गर्छौं । यत्रा खोलानाला छन्, करोडौँको माछा आयात गर्छौं । यत्रा पाखापखेरा, जमिन बाँझै छन्, अरबौँको फलफूल र तरकारी आयात गर्छौं । यो त साह्रै लाजमर्दो कुरा हो नि होइन र ? यो कुरा बुझेपछि मैले नेपाली मौलिकतामा, नेपाली स्रोतसाधनमा उद्योग खोल्नुपर्छ र त्यस्ता उद्योगबाट उत्पादित सामान मात्रै हामीले विदेशमा निर्यात गर्न सक्छौँ भन्ने ज्ञान प्राप्त भयो । त्यसपछि चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानको परिकल्पना जन्मियो । केही नजिकका साथीहरूलाई यसको अवधारणा बताए । उनीहरूले सुरुमा शङ्का गरे । गहन छलफलपछि साथीहरूले साथ दिए र अन्ततः त्यसले मूर्तता पायो ।"

"यो कामबाट चाहिँ सन्तुष्ट हुनुहुन्छ ?" मैले सोधेँ ।

"एकदमै । कतिपय व्यापार व्यवसायले आफू मात्र धनी भइन्छ । यो कामबाट भने आफूले पनि केही न केही कमाइन्छ र अरूलाई पनि कमाउने अवसर सिर्जना भएको छ । स्वदेशी कच्चा

पदार्थको सदुपयोग, देशभित्रै रोजगारी सिर्जना, उपभोग्य वस्तुमा आत्मनिर्भर बन्ने प्रक्रियामा केही न केही योगदान अवश्य पुगेको छ । यसबाट मुलुकको अर्थतन्त्रको विकासमा सहयोग पुग्नका साथै हाम्रो मौलिकता र पहिचानको पनि संरक्षण, संवर्धन र विकास हुने छ ।" उनले ढुक्कसँग भने ।

यस प्रतिष्ठानका उत्पादनको बिक्री वितरण बढेसँगै देशका विभिन्न क्षेत्रमा यस्तै प्रकृतिका उद्योग खुलेको मलाई थाहा छ । त्यसैले मैले छिरिङलाई सोधेँ, "तपाइँहरूका प्रतिस्पर्धी त थपिँदै छन् नि । यसबाट तपाइँहरूलाई घाटा हुँदैन?"

"हेर्नुहोस् सर, आजको युग प्रतिस्पर्धाको युग हो, एकाधिकारको होइन । हामीले राम्रा र उपयोगी वस्तुको उत्पादन गर्न सक्यौँ भने बजारको समस्या हुँदैन । विश्वव्यापीकरणको आजको युगमा नेपाली संसारभर छरिएर रहेका छन् । विश्वको जुनसुकै कुनामा पुगे पनि नेपालीले आफ्नो मौलिकता र पहिचानलाई भुलेका छैनन् । उनीहरू उपलब्ध भएसम्म आफ्ना मौलिक वस्तुको उपभोग गर्न रुचाउँछन् । आज विश्वभर कृत्रिम र विषादीयुक्त खानपानका कारण अनेक रोग निम्तिएका छन् । नेपाल जस्तो प्रकृतिको सुन्दर देशमा हामीले अर्गानिक तथा प्राकृतिक वस्तुको उत्पादन गर्न सक्यौँ भने हाम्रा उत्पादन संसारभर बिक्ने छन् । त्यसैले प्रतिस्पर्धीहरू थपिँदैमा आत्तिनु पर्दैन । बजारको विस्तारसँगै कुनै एउटा उद्योगका उत्पादनले मात्र सबैको माग र आवश्यकता पूरा गर्दैन । कुनै एक क्षेत्रमा स्थापित उद्योगले सबैको चाहना र आवश्यकताको परिपूर्ति सम्भव छैन ।" यत्ति भनेर उनले एउटा स्याउको टुक्रा मुखमा हाले ।

"हामीकहाँ नयाँ कुराको परिकल्पना गर्ने, जोखिम मोल्ने भन्दा पनि अरूले गरेको हेरेर त्यसैको अनुसरण गर्ने र अस्वस्थ प्रतिस्पर्धा गर्ने चलन छ । कुनै चोकमा एउटा मम पसल राम्रोसँग चल्यो भने एकैसाथ आठदशओटा मम पसल खुल्छन् । एउटा मासु पसलमा राम्रो बिक्री भयो भने एकैसाथ पाँचसातओटा मासु पसल खुल्छन् । अरू विषयतिर मानिसको ध्यानै जाँदैन । तपाइँहरूले नाफा कमाएको देखेर अरूले पनि उही प्रकृतिमा उद्योग खोलेको देखिन्छ नि । यसले तपाइँहरूलाई असर गर्दैन ।" गुराँसको जुसको चुस्की लिँदै मैले भनेँ ।

"तपाइँले भनेको ठिक हो । हामीले विकल्प खोज्नुपर्छ । सबैले उही काम गरेर हुँदैन । हाम्रा आवश्यकता असीमित छन् । तिनको परिपूर्तिका लागि विविधता आवश्यक हुन्छ तर नगर्नुभन्दा केही गर्नु राम्रो हो । 'देखासिकी गरी खा आरिसे मरी जा' भन्ने हाम्रो उखान पनि छ । जहाँसम्म हाम्रो जस्तो उद्योगको कुरा छ, त्यसमा भने अहिले कति पनि काम भएकै छैन । हामीले गरेका काम त हात्तीका मुखमा जिरा जस्ता मात्रै हुन् । यस्ता हजारौँ उद्योग हुनुपर्छ । केही कुरामा भने हामीले ध्यान दिनैपर्छ । पहिलो कुरा हो गुणस्तरमा सम्झौता गर्नुहुँदैन । दोस्रो कुरा स्वस्थ प्रतिस्पर्धा, सहकार्य र आदानप्रदानको संस्कृति बसाउनुपर्छ । त्यसो गर्न सके हामी जति धेरै उत्पादन त्यति धेरै फाइदाको अवस्थामा जान्छौँ ।" यसो भन्दै गर्दा छिरिङको अनुहारमा गम्भीरता झल्किन्थ्यो ।

मैले आजको अन्तिम प्रश्न भन्दै उनलाई सोधेँ, "उद्यम गर्न चाहनेहरूलाई के सुझाव दिनुहुन्छ?"

केही बेर सोचेर उनले भने, "आफू मात्र धनी बन्ने काम कुनै ठुलो कुरा होइन, कुनै पुरुषार्थ होइन र त्यो त उद्यम पनि होइन । दुनियाँलाई ठगेर आफू धनी बन्ने काम उद्यम होइन, अधम हो । उद्यमी हुनु भनेको आफूसँगै अरूलाई पनि धनी बनाउने काम हो । हरेक उद्यमीका लागि उन्नतिको मार्ग नै यही हो ।"

पत्तै नपाई सूर्य अस्ताचलमा डुब्ने वेला भइसकेछ । सूर्यका किरण पश्चिम क्षितिजमा लुकिसक्दा पनि लुम्बुर हिमालमा ठोकिएर आएको रातो आभाले उज्यालो दिइरहेको थियो । त्यही आभाको उज्यालोमा छिरिङको अनुहार धपक्कै बलेको थियो । मैले उनको अनुहार गहिरोसँग हेरेँ । एउटा मझौला कदको गहुँगोरो वर्णको छिरिङको मुहारमा नेपालको सुन्दर आकृति देख्न सकिन्थ्यो । हामीले कुराकानी छोट्यायौँ । औद्योगिक प्रतिष्ठानको मूल गेटमा उभिएर फोटो खिचायौँ अनि फेरि फेरि पनि भेट्ने वाचा गर्दै हात मिलाएर बिदा भयौँ ।

बेलुका सातै बजे खाना खाएर होटलको कोठामा छिरेको म अहिले रातको एघार बज्दा पनि ल्यापटपको किबोर्डमा झुन्डिरहेको छु । पल्लो कोठामा वास बसेका विदेशीको घुराइको घुर्रघुर्र आवाजबाहेक सबैतिर सुनसान छ । अँ, भर्खरै पर कतै स्याल कराएको सुनियो । लौ, कुकुर पनि एक सुरले भुक्न थाले । होइन, अहिलेसम्म कता गएका थिए यी कुकुर ! अब त यो रिपोतार्ज पनि तयार भयो । ए, 'उद्योग दैनिक' का सम्पादकले एसएमएस गरेका रहेछन्, "सर त्यो लेख भोलि नै जाओस् भनेको । रातीको १२ बजेसम्म पाउन सके हुन्थ्यो ।" "हुन्छ, मैले लेखिसकेँ, अब एक पटक खरर पढ्छु र पठाइदिन्छु ।" मैले एसएमएसको जवाफ फर्काएँ र लागेँ ल्यापटपको मनिटरमा आँखा दौडाउन । केहीबेरमा पढिसकेर सम्पादकलाई इमेलमार्फत रिपोर्ट पठाएँ । रिपोर्ट पठाएको केही बेरमै सम्पादकबाट फोन आयो शीर्षक के दिने होला भनेर । छिरिङसँगको वार्ताबाट पाएको सन्देशले मलाई साँच्चिकै प्रभाव पारेको थियो । यो जनजीवनलाई सहज बनाउने मार्ग बन्न सक्छ भन्ने लाग्यो र भनिदिए 'जीवन मार्ग' ।

## शब्दार्थ

*चोमोलुङ्मा* : *सगरमाथा*

*थाँक्रो* : *कपालको लट्टा फुटाउने साधन*

*फिपी* : *बेत, बाँस आदिका चोयाले बुनेको एक प्रकारको बिर्कोवाल भाँडो; चोयाको डिब्बा*

*सुरो* : *होम गर्दा आगामा घिउ हाल्ने काठको साधन*

*निगालो* : *कलम आदि बनाइने बाँसको एउटा जात*

*थाङ्का पौभा* : *कागत, कपडा आदिमा अङ्कित बौद्ध धर्मसँग सम्बन्धित रङ्गिन चित्र;*

*भाङ्ग्रो* : *पाटाबाट बुनेको बोराजस्तो खस्रो कपडा, टाट, चट्टी*

*किनामा खाद्यपदार्थ* : *भटमास उसिनेर खरानीमा मुछी धेरै दिनसम्म गुम्स्याएर राखिएको*

*सुचिया* : *भोटे चिया, नुन चिया*

*ताइचिन* : *होचो बोट हुने र भन्डै तीन महिनामा पाक्ने एक प्रकारको धान*

*कङ्क्रिट* : *चुन, बालुवा, इँटका टुक्रा आदि वा सिमेन्ट, बालुवा आदि घोलेर बनाइको ढलानको मसला*

*आदानप्रदान : लेनदेन*

*अस्ताचल : पश्चिम दिशापट्टि सूर्यास्त हुने पर्वत*

*आभा : कुनै वस्तु आदिमा देखा पर्ने चमक, कान्ति*

### 'जीवन मार्ग' पाठको सार

'जीवन मार्ग' एउटा रिपोर्ताजमूलक रचना हो । यसमा चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानका परिकल्पनाकार छिरिङको जीवन सङ्घर्ष, उन्नति र योगदानबारे प्रकाश पारिएको छ । चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानबाट उत्पादित हरेक वस्तुको लोप्रियता बढिरहेको अवस्था छ । नेपालदेखि विश्वका विभिन्न ठाउँसम्म बसोबास गर्ने व्यक्तिले यस प्रतिष्ठानबाट उत्पादित वस्तु मन पराएर आफूसँग राख्ने गरेका छन् । अमेरिका, अस्ट्रेलिया, जापान, क्यानडा, स्पेनतिर बसोबास गर्ने व्यक्तिका घरमा समेत यस प्रतिष्ठानका सामान सजाइएका पाइन्छन् । लेखकलाई यस किसिमबाट नेपाली सामान विश्व परिवेशसम्म फैलिएकामा अत्यन्त खुसी लागेको छ । चोमोलुङ्मा अर्थात् सगरमाथाका नामबाट विश्वमा पुगेका नेपाली बाँसका काइँयो, थाँक्रो, फिपी, नाङ्लो, डालो, चाल्नो, थुन्से, ठेकी, मदानी, सुरो आदि लोकप्रिय भइरहनु उनका लागि गर्वको विषय बनेको छ । त्यस्तै यहाँका चम्मर, गलैँचा, राडी, सुकुल, थाङ्का, भाङ्ग्राको झोला, अम्रिसाको कुचो, बाँसका कुर्सी, सोफा, चौँरीको घिउ, मह, लालीगुराँसको जुस, मान्द्रेको अचार, कटुसको दिउल, गहत, सतीबयरको सातु, सिन्की, गुन्द्रुक, कोदो, फापरको पिठो, मार्सी चामल आदि पनि विश्व परिवेशसम्म फैलिनुले उनी हर्षले गदगद भएका छन् । यसैकारण लेखकलाई यस्ता वस्तु उत्पादन गर्ने व्यक्ति र प्रतिष्ठानबारेको समग्र रिपोर्ताज वा सूचनामूलक कथा तयार पार्ने आतुरता बढेको छ । त्यसैका लागि उनी काठमाडौँबाट बसमार्फत बाटाका विभिन्न रमणीय ठाउँहरूको दृश्यावलोकन गर्दै सोलु पुगेका छन् । त्यहाँ साथीहरूसँग भेटघाट गरी एउटा होटलमा झोला बिसाएर सल्लेरीको परिक्रमाका लागि निस्किएका छन् । त्यसपछि उनी चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानका निर्देशकसँग फोनमा कुरा गर्न थाल्छन् । भोलिपल्ट भेट्ने सल्लाह हुन्छ । सोहीबमोजिम उनी भोलिपल्ट होटलबाट चोमोलुङ्मा प्रतिष्ठानका परिकल्पनाकार छिरिङसँग भेटघाटका लागि निस्किन्छन् । त्यहाँ पुगेर प्रतिष्ठानका विषयमा सविस्तार कुराकानी गर्दै त्यसलाई क्यामरामा समेत कैद गर्न पुग्छन् । साथै, छिरिङलाई बधाई दिँदै स्थानीय उत्पादनबाट बनेका विभिन्न परिकारसमेत खान भ्याउँछन् । यसबिच विभिन्न मुलुकको भ्रमण र कार्यको समेत अनुभव लिइसकेका छिरिङसँग प्रतिष्ठानका विषयमा थप प्रश्न गरिसक्छन् । यसरी छिरिङको विगत र वर्तमान योगदानबारे खुलेर संवाद गरिसकेपछि उनी पुनः होटलतर्फ फर्किन्छन् । लेखकलाई छिरिङले भनेका 'सक्नेलाई नेपालमा प्रशस्त ठाउँ रहेको तर नेपालीहरू अरूको मुख ताकेर बस्ने परिपाटीले समाजको उन्नति हुन नसकेको' भन्ने कुराले छोइरहन्छ । लेखकलाई छिरिङले दिएको अन्तर्वार्ता साँच्चिकै जनजीवन बाँच्न सहयोग पुऱ्याउने जीवन मार्ग जस्तो लागिरहन्छ ।

## शब्दभण्डार

१. दिइएका अर्थ दिने शब्द अनुच्छेदबाट खोजेर लेख्नुहोस् :

हामीकहाँ नयाँ कुराको परिकल्पना गर्ने, जोखिम मोल्ने भन्दा पनि अरूले गरेको हेरेर त्यसैको अनुसरण गर्ने र अस्वस्थ प्रतिस्पर्धा गर्ने चलन छ । कुनै चोकमा एउटा मम पसल राम्रोसँग चल्यो भने एकैसाथ आठदशओटा मम पसल खुल्छन् । एउटा मासु पसलमा राम्रो बिक्री भयो भने एकैसाथ पाँचसातओटा मासु पसल खुल्छन् । अरू विषयतिर मानिसको ध्यानै जाँदैन । तपाईंहरूले नाफा कमाएको देखेर अरूले पनि उही प्रकृतिमा उद्योग खोलेको देखिन्छ नि । यसले तपाईंहरूलाई असर गर्दैन ।" गुराँसको जुसको चुस्की लिँदै मैले भनें ।

धारणा; पूर्वानुमान : ..........................

खतरा; विपत्तिको आशङ्का : ..........................

स्वस्थ नभएको; कमजोर : ..........................

होडबाजी; अभिमान : ..........................

दोकान : ..........................

लाभ; मुनाफा : ..........................

असर; प्रभाव : ..........................

२. शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| मदानी | दुष्ट; नीच |
| लुकुनी | विदेशबाट सामान मगाउने काम |
| अधम | मही पार्ने उपकरण |
| आयात | चारैतिर पृथ्वी र आकाश जोडिएजस्तो देखिने ठाउँ |
| निर्यात | एक देशबाट अर्को देशमा सामान पठाउने काम |
| क्षितिज | भेडाको उनबाट बनेको पोसाक |

३. दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

औद्योगिक, बाहुल्य, अम्रिसो, निर्देशक, श्रम, स्रोत, कद

## बोध र अभिव्यक्ति

१. तल दिइएका शब्द उच्चारण गर्नुहोस् :

बाहुल्य, मान्द्रे, पिँडालु, चौँरी, संयोगवश, विषादीयुक्त, सम्पादक

२. 'जीवन मार्ग' पाठ सस्वरवाचन गर्नुहोस् ।

३. 'जीवन मार्ग' रिपोर्ताजमूलक पाठका आधारमा तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानबाट उत्पादित सामान कुन कुन देशसम्म पुगेका छन् ?

(ख) छिरिङको बाल्यकाल कस्तो थियो ?

(ग) छिरिङ किन चोमोलुङ्मा उद्योग खोल्नतिर लागे ?

(घ) लेखकले छिरिङलाई कसरी भेटे ?

४. दिइएका रिपोर्ताज अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) "हेर्नुहोस् सर, आजको युग प्रतिस्पर्धाको युग हो, एकाधिकारको होइन । हामीले राम्रा र उपयोगी वस्तुको उत्पादन गर्न सक्यौँ भने बजारको समस्या हुँदैन । विश्वव्यापीकरणको आजको युगमा नेपाली संसारभर छरिएर रहेका छन् । विश्वको जुनसुकै कुनामा पुगे पनि नेपालीले आफ्नो मौलिकता र पहिचानलाई भुलेको छैनन् । उनीहरू उपलब्ध भएसम्म आफ्ना मौलिक वस्तुको उपभोग गर्न रुचाउँछन् । आज विश्वभर कृत्रिम र विषादीयुक्त खानपानका कारण अनेक रोग निम्तिएका छन् । नेपाल जस्तो प्रकृतिको सुन्दर देशमा हामीले अर्गानिक तथा प्राकृतिक वस्तुको उत्पादन गर्न सक्यौँ भने हाम्रा उत्पादन संसारभर बिक्ने छन् । त्यसैले प्रतिस्पर्धी थपिँदैमा आत्तिनु पर्दैन । बजारको विस्तारसँगै कुनै एउटा उद्योगका उत्पादनले मात्र सबैको माग र आवश्यकता पूरा गर्दैन । कुनै एक क्षेत्रमा स्थापित उद्योगले सबैको चाहना र आवश्यकताको परिपूर्ति सम्भव छैन ।" यत्ति भनेर उनले एउटा स्याउको टुक्रो मुखमा हाले ।

**प्रश्नहरू**

(अ) नेपालीले आफ्ना मौलिक उत्पादनलाई किन बिर्सिँदैनन् ?

(आ नेपाली उत्पादनले प्रतिस्पर्धीसँग डराउनु नपर्ने कारण के हो ?

(ख) हामीले विकल्प खोज्नुपर्छ । सबैले उही काम गरेर हुँदैन । हाम्रा आवश्यकता असीमित छन् । तिनको परिपूर्तिका लागि विविधता आवश्यक हुन्छ तर नगर्नुभन्दा केही गर्नु राम्रो हो । 'देखासिकी गरी खा आरिसे मरी जा' भन्ने हाम्रो उखान पनि छ । जहाँसम्म हाम्रो जस्तो उद्योगको कुरा छ, त्यसमा भने अहिले कति पनि काम भएकै छैन । हामीले गरेका काम त हात्तीका मुखमा जिरा जस्ता मात्रै हुन् । यस्ता हजारौँ उद्योग हुनुपर्छ । केही कुरामा भने हामीले ध्यान दिनैपर्छ । पहिलो कुरा हो गुणस्तरमा सम्झौता गर्नुहुँदैन । दोस्रो कुरा स्वस्थ प्रतिस्पर्धा, सहकार्य र आदानप्रदानको संस्कृति बसाउनुपर्छ । त्यसो गर्न सके हामी जति धेरै उत्पादन त्यति धेरै फाइदाको अवस्थामा जान्छौँ ।

प्रश्नहरू

(क 'नगर्नुभन्दा गर्नु राम्रो हो' भन्नुको तात्पर्य के हो ?

(ख) गुणस्तरमा सम्झौता नगर्दा के फाइदा हुन्छ ?

५. तलको उदाहरण पढ्नुहोस् र सोही किसिमबाट दिइएका पङ्क्तिको व्याख्या गर्नुहोस् :

(क) हामीकहाँ नयाँ कुराको परिकल्पना गर्ने, जोखिम मोल्नेभन्दा पनि अरूले गरेको हेरेर त्यसैको अनुसरण गर्ने, अस्वस्थ प्रतिस्पर्धा गर्ने चलन छ ।

उत्तर : प्रस्तुत गद्यांश कक्षा ११ मा निर्धारित 'जीवन मार्ग' पाठबाट उद्धृत गरिएको हो । 'जीवन मार्ग' आफैमा त्यस्तो रिपोर्ताजमूलक रचना हो जसमा छिरिङको सङ्घर्षपूर्ण विगत तथा उनले वर्तमानमा पुऱ्याएको योगदानबारे चर्चा गरिएको छ । यसै सन्दर्भमा प्रस्तुत गद्यांशभित्र स्वदेशी वस्तुको उत्पादन र प्रवर्धनका क्षेत्रमा देखिने गरेका मानवीय स्वभावमा आधारित विकृति विसङ्गतिका पक्षमाथि प्रकाश पारिएको छ ।

औसत मानिसको स्वभाव आफ्नै किसिमको हुन्छ । ऊभित्र डत्र, त्रास, माया, ममता आदि भावनाहरू स्वाभाविक किसिमबाट रहेका हुन्छन् । तिनलाई मानिसको प्रवृत्ति, विशेषता वा कमजोरी पनि मान्न सकिन्छ । त्यस्तै मानिसभित्रको एउटा कमजोरीका रूपमा अस्वस्थ प्रतिस्पर्धा गर्ने नराम्रो बानी पाइन्छ । मानिसले भरसक चाँडै नै आफ्नो मात्र भलो होस् भन्ने भावना राख्न सक्छ । अरूले गरेको प्रगतिमा ईर्ष्या गर्नु र आफूले जोखिम मोल्न नखोज्नु मानिसको कमजोरी हो । ऊ अरूको व्यवसायभन्दा नितान्त भिन्न र नयाँ व्यवसायको परिकल्पनासमेत गर्न चाहँदैन । नयाँ कामको परिकल्पना गरी त्यसतर्फ लाग्नुको सट्टा अरुकै अनुकरण वा देखासिखी गरेर अस्वस्थ प्रतिस्पर्धा गर्ने मानिस एकप्रकारले डरपोक र स्वार्थी मानिन्छ । यस्तो किसिमको मानवीय प्रवृत्ति वास्तवमै उसको कमजोरी नै हो । प्रस्तुत सन्दर्भमा छिरिङले सफलता पाउनुका पछाडि अरुले गरेका कामको नक्कल नगरी आफै आफ्नो व्यवसायको परिकल्पना र कार्यान्वयन गर्न सक्नुलाई मानिन्छ । उनले कुनै किसिमको अस्वस्थ प्रतिस्पर्धा गरका छैनन् । अरुले कत्ति दुःख गरेर वा कैयौं दिनको योजनाअनुरूप थालेको व्यवसायलाई जस्ताको तस्तै नक्कल गरेर अरुलाई डुबाउन खोज्नु आफैमा अस्वस्थ प्रतिस्पर्धा हो । यस्तो प्रतिस्पर्धा कुनै किसिमबाट पनि उपयुक्त मान्न सकिँदैन ।

यसकारण प्रस्तुत गद्यांशमा हामी नेपालीको गलत प्रवृत्ति भनेकै अस्वस्थ प्रतिस्पर्धा रहेको निष्कर्ष निकाल्न सकिन्छ । हामी आफै सोचेर आफ्नै किसिमको कुनै नयाँ काम गर्दैनौं किनभने हामीलाई डर लाग्छ । त्यस्तो लगानी डुब्ने डरले जोखिम मोल्नुभन्दा बरु अरुको प्रगति हेरेर अरुकै झैं प्रतिस्पर्धा गर्न पुग्छौं । यही नै अस्वस्थ प्रतिस्पर्धाको अवस्था हो ।

(ख) विश्वको जुनसुकै कुनामा पुगे पनि नेपालीले आफ्नो मौलिकता र पहिचानलाई भुलेका छैनन् ।

५. दिइएका बुँदाका आधारमा 'जीवन मार्ग' रिपोर्ताजले दिएको सन्देश के हो, समीक्षा गर्नुहोस् :

- 'जीवन मार्ग' रिपोर्ताजमूलक रचना
- सगरमाथाको अर्को नाम चोमोलुङमा
- चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानबाट उत्पादित सामान देश विदेश सबैतिर मन पराइनु
- घरभित्र सजाइने र मानिसले खाने शुद्ध सामग्रीको उत्पादन
- नाङ्लो, डालो, चाल्नो, थुन्से, ठेकी, गलैंचा, राडी, बाँसका कुर्सी, सोफा, चौँरीको घिउ, मह, लालीगुराँसको जुस, मान्द्रेको अचार, कटुसको दिउल, गहत, गुन्द्रुक, कोदो, फापरको पिठो, मार्सी चामल आदि
- लेखक काठमाडौँबाट सोलु पुगी एउटा होटलमा बस्नु र सल्लेरी परिक्रमा गर्नु
- चोमोलुङ्मा प्रतिष्ठानका परिकल्पनाकार छिरिङसँग भेटघाट गर्नु र अन्तर्वार्ता लिनु
- लेखकले स्थानीय उत्पादनबाट बनेका परिकारहरू खानु
- छिरिङबाट व्यवसायका दृष्टिले अन्य मुलकुभन्दा नेपाल नै उपयुक्त हुने विश्वास प्रकट गरिनु
- स्वदेशभित्र व्यवसाय गर्न सजिलो हुने, बढी उत्पादन गर्न सकिने, प्रशस्त ठाउँ पाइने,
- अरूको मुख ताकेर बस्ने परिपाटीले समाजको उन्नति हुन नसकेको
- आफ्नो व्यवसाय आफैले योजना बनाएर थाल्नुपर्ने
- अरुको नक्कलभन्दा आफ्नै मौलिकतामा आधारित हुनुपर्ने
- देशभित्रै रोजगारी र शुद्ध स्वदेशी सामग्रीको उत्पादन गर्नुपर्ने
- जीवनमा त्यस्तो काम गर्नुपर्ने जसले आफू र आफ्नो देशलाई गौरवान्वित तुल्याउन सकोस् ।

६. उदाहरण हेरी दिइएका प्रश्नको तार्किक उत्तर लेख्नुहोस् :

(क) 'मानिसले स्वदेशीपनमा विश्वास गर्दै इमानदारीसाथ सङ्घर्ष गरिरहे सफलताको शिखर चढ्न सक्छ' भन्ने भनाइलाई 'जीवन मार्ग' रिपोर्ताजका आधारमा तर्कसहित पुष्टि गर्नुहोस् ।

*उत्तर :* एक सफल उद्योग व्यवसायीको जीवन सङ्घर्ष र स्वावलम्बीपनमा आधारित रिपोर्ताजमूलक लेखन हो-'जीवन मार्ग' । यसमा नेपालको सोलुमा अवस्थित चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानका परिकल्पनाकार तथा सफल व्यवसायी छिरिङसँगको अन्तर्वार्तामा आधारित विषयवस्तुले स्थान पाएको छ । छिरिङको औद्योगिक प्रतिष्ठानबाट मानिसका लागि उपयोगी सजावटका सामग्री, खाद्यान्न, लत्ताकपडा, फलफूल तथा तरकारी आदिले विश्वभरि परिचर्चा पाएसँगै तिनीसँगको साक्षात्कारद्वारा यो रिपोर्ताजमूलक रचना तयार पारिएको छ। यसकारण यो पाठ एक किसिमले लेखकद्वारा प्रत्यक्ष अवलोकन तथा साक्षात्कारपश्चात् तयार पारिएको लेखनका रूपमा रहेको छ । यसले मानिसमा स्वावलम्बीपन, स्वरोजगार, राष्ट्र र राष्ट्रियताप्रतिको अनुराग जस्ता भावना जगाउने काम गरेको छ। छिरिङले झैँ हरेक

नेपालीले यस्तै किसिमबाट स्वस्थ प्रतिस्पर्धा गर्नु हो भने राष्ट्रको काँचुली फेरिने कुराको सन्देश दिएको छ ।

वर्तमान विश्वभूमण्डलीकरणको प्रभावसँगै विश्वव्यापारीकरणले समेत तीव्रता पाउन थालेको छ । सम्पन्न मुलुकबाट उत्पादिन वस्तु विश्वभरि सजिलै पुग्ने किसिमको वातावारण तयार भइरहेको छ । मानिसहरू जहाँबाट प्राप्त भए पनि आफूलाई राम्रो लाग्ने वस्तु सजिलै किनेर उपयोग गरिरहेका छन् । यस्तो विश्व बजारको परिवेशमा किन स्वदेशीपन नै चाहिन्छ त भन्ने जिज्ञासालाई प्रस्तुत पाठले समाधान गरेको छ । त्यसको मूल कारण भनेको मानिस स्वभावैले आफ्नो देशलाई माया गर्छ । आफ्नो देश रहे मात्र आफ्नो पहिचान रहने विश्वास गर्छ । यदि आफ्नै देशमा स्वदेशी महकले भरिएका शुद्ध वस्तु पाइने हो भने कोही पनि अन्य मुलुकबाट आएका सामग्री उपभोग गर्दै गर्दैन । उसले जति सक्दो स्वदेशी सामग्री नै उपयोग गरिरहन्छ । हो, त्यसका लागि स्वदेशी सामग्री उत्पादनमा चाहिँ इमानदारिता गाँसिएको हुनुपर्छ । आफ्नै हावापानी अनुकूल उत्पादित सामग्रीले कुनै किसिमको बेफाइदा गर्दैन । यदि छिरिङले झैँ नेपालबाट उत्पादित सामग्री आफैमा मौलिक, अर्गानिक वा प्राकृतिक किसिमको हुने हो भने विश्व बजार आफै यतातिर आकर्षित हुन्छ । यद्यपि गुणस्तरीयता काम राख्दै विश्व बजारसँग प्रतिस्पर्धा गर्न त्यति सजिलो छैन । त्यसका लागि हरेक मानिसले स्वदेशीपनमा विश्वास गर्दै इमानदारीसाथ सङ्घर्ष गर्न सक्नुपर्छ । यदि यस्तो गर्न सकियो भने सफलताको शिखर चढ्न सकिन्छ । देश र देशवासीको समुन्नति सुनिश्चित हुन्छ ।

अतः प्रस्तुत रिपोर्ताजमूलक पाठले छिरिङका माध्यमबाट अथवा चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानका माध्यमबाट मानिसलाई इमानदारिताका साथ स्वदेशी उत्पादनमा सङ्घर्ष गर्नुपर्ने सन्देश दिएको छ । यसो गर्न सके विश्वभूमण्डलीकरण वा विश्वबजारीकरणले कुनै असर गर्दैन । त्यसका लागि उपयुक्त योजना, इमानदारितापूर्ण सङ्घर्ष र स्वदेशप्रतिको सद्भाव जहिलेसुकै आवश्यक रहिरहन्छ ।

(ख) के साँच्चिकै अन्य व्यवसायभन्दा चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानका कामहरू उपयुक्त छन् त, रिपोर्ताजका आधारमा आफ्ना तर्कसहित लेख्नुहोस् ।

७. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) छिरिङ्को बाल्यकाल कसरी बितेको थियो ?

(ख) छिरिङले किन चोमोलुङ्मा औद्योगिक प्रतिष्ठान नै खोले ?

(ग) प्रतिस्पर्धाको युगमा कसरी आफ्नो व्यवसाय सफल बनाउन सकिन्छ ?

(घ) यस रिपोर्ताजले समेटेको परिवेश कस्तो छ ?

(ङ) यस पाठले दिने सन्देश के हो ?

८. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

विगतदेखि वर्तमानसम्म आइपुग्दा विश्व साहित्यमा आआफ्नै किसिमका प्रवृत्ति र पहिचानक्रम देखा परिरहेका छन् । विश्वपरिवेशमा देखा परिरहेका गतिविधिअनुसार यस्तो हुनु

पनि स्वाभाविक हो । हरेक राष्ट्रका जेजस्ता तात्कालिक परिवेश र परिघटनाहरू हुन्छन् तिनैबाट प्रभावित भई तिनका साहित्य लेखिँदै आएका छन् । नेपाली साहित्य लेखनमा समेत यस्तै परम्परा र प्रवृत्ति रहँदै आएको छ । तर, नेपाली साहित्य किन विश्व साहित्यसँग प्रतिस्पर्धी हुन सकिरहेको छैन छ भन्ने प्रश्न सधैँ कायमै छ । वास्तवमा साहित्यलाई प्रभाव पार्ने मुख्यतया तीन तत्त्व हुन्छन्- विषय/भाव/विचार, भाषाशैली र उद्देश्य । यी तीनओटै तहको समन्वित व्यवस्थापन हुन सके साहित्य आफैमा अब्बल हुँदै जान्छ । कुनै एक पक्ष कमजोर हुनासाथ साहित्यिक उपादेयता र प्रभाव निस्तेज बन्न पुग्छ । यस्ता तीनओटै कुराका लागि साहित्यकारमा या त आफूभित्र अद्वितीय प्रतिभा हुनुपर्छ या निरन्तरको साधना र उच्च ज्ञानमा आधारित अनुभूति व्यवस्थापनको कला हुनुपर्छ । नेपाली सर्जकमध्ये कसैको विषयवस्तु विश्वसाहित्यसँग प्रतिस्पर्धी हुने किसिमको पाइन्छ तर त्यसलाई सही समयमा सही उद्देश्यका साथ भाषिक कला प्रदान गर्ने क्षमताको अभावका कारण ओझेलमा पर्नुपर्ने बाध्यता हुन पुग्छ । त्यस्तै कोही नेपाली सर्जकले प्रभावकारी उद्देश्यका साथ साहित्य सिर्जना गरे पनि त्यहाँ विषयवस्तुको स्वाभाविक संवेद्य पक्ष न्यून भइरहेको पाइन्छ । अझ त्यसमा पनि भाषिक कलामा पाइने सौन्दर्यको ह्रासोन्मुख पक्ष त छँदै छ । त्यसैगरी नेपाली सर्जकमा पाइने एउटा ठुलो कमजोरी भनेको आत्मरति हो । यसले निजी अध्ययन, साधना, विनम्रता र मानवीय सहिष्णुताका पक्षलाई कमजोर बनाउने हुँदा सर्जकभित्र उदात्त शाश्वत चेतना नै जाग्दैन र ऊबाट कुण्ठित वा अपूर्ण साहित्य जन्मिन पुग्छ । ऊ विश्वपरिवेश र विश्वसाहित्यसँग आफूलाई परिचित गराउनुमा भन्दा आफ्ना प्रशंसकको चयन र आलोचकको निषेध मनोवृत्तिबाट माथि उठ्न सक्दैन । हितकारी मनोवृत्तिको अभावमा एक सर्जकले अर्को सर्जकलाई ढाढस दिने र आपसमा नेपाली साहित्यलाई विश्वसाहित्यसँग प्रतिस्पर्धी बनाउन सहयोग गर्ने भावना नजागुन्जेल अझै लामो समयसम्म विश्वमा नेपाली साहित्यले समुचित स्थान पाउन सक्ने सम्भावना देखिँदैन ।

प्रश्नहरू

(क) नेपाली साहित्य लेखनको अवस्था कस्तो छ ?

(ख) अब्बल साहित्यका लागि अनिवार्य विषय के के हुन सक्छन् ?

(ग) नेपाली साहित्यले किन विश्व साहित्यसँग प्रतिस्पर्धा गर्न सकेको छैन ?

(घ) नेपाली साहित्यकारमा पाउन सकिने कमजोरी के होला ?

## भाषातत्त्व

१. पढ्नुहोस् र बुझ्नुहोस् :

(क) उहाँले भन्नुभयो, “कठै ! तिम्रो त किताब च्यातिएछ ।”

(ख) “कठै ! तिम्रो त किताब च्यातिएछ” उहाँले भन्नुभयो ।

(ग) उहाँले “कठै ! तिम्रो त किताब च्यातिएछ” भन्नुभयो ।

(घ) उहाँले कठै तिम्रो किताब च्यातिएछ भन्ने कुरा बताउनुभयो ।

(ङ) उहाँले तिम्रो किताब च्यातिएकामा दुःख प्रकट गर्नुभयो ।

(च) उहाँले के भन्नुभयो भने तिम्रो त किताब च्यातिएछ ।

(छ) तिम्रो किताब च्यातिएछ भन्दै उहाँले दुःखमनाउ गर्नुभयो ।

माथिका 'क, ख, ग' वाक्य प्रत्यक्ष कथनका हुन् भने 'घ, ङ, च, छ' वाक्य अप्रत्यक्ष कथनका हुन् । प्रत्यक्ष कथनका वाक्यमा कथयिता खण्ड र कथन खण्ड फरक फरक छुट्टिएको देखिन्छ भने अप्रत्यक्ष कथनमा त्यस्तो देखिँदैन । त्यस्तै प्रत्यक्ष कथनका वाक्यमा कथयिता खण्ड सुरुमा उल्लेख गरिएपछि अल्पविराम र कथन खण्डलाई दोहोरो उद्धरणभित्र राखिएको छ । तर, कथयिता खण्ड पछाडि उल्लेख गर्नासाथ अल्पविरामको प्रयोग गरिएको छैन । त्यसै गरी कथन खण्ड जहाँ राखिए पनि दोहोरो उद्धरण चिह्नको प्रयोग अनिवार्य रूपमा गरिएको छ ।

त्यस्तै अप्रत्यक्ष कथनका 'घ, ङ, च, छ' वाक्यहरूमा न त अल्पविरामको प्रयोग गरिएको छ न दोहोरो उद्धरण चिह्न नै लेखिएको छ । बरु, हरेक अप्रत्यक्ष कथनका वाक्यमा आशयलाई समेट्ने किसिमबाट फरक फरक ढाँचा अपनाइएको छ । कतै संयोजकको प्रयोग गरिएको छ भने कतै चिह्न मात्रलाई हटाइएको छ । यसरी जस्ताको तस्तै भनाइका सन्दर्भमा प्रत्यक्ष कथन र आशयमूलक भनाइका सन्दर्भमा अप्रत्यक्ष कथनका वाक्यहरू रहने गरेको कुरा स्पष्ट हुन्छ ।

२. तलका वाक्यलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :

(क) गुरुआमा भन्नुहुन्छ, "नानीबाबु हो ! वास्तवमै तिमीहरू इमानदार छौ ।"

(ख) सबैले सुनाउँछन्, "यस पटक दसैँतिहारमा मौसम सफा हुने छ ।"

(ग) "अनुमतिविना प्रवेश निषेध !" कार्यालयबाहिर लेखिएको छ ।

(घ) असल विद्यार्थीलाई "पढ पढ पढ्नुपर्छ" म त भन्दिनँ ।

(ङ) कक्षामा एकैचोटि आवाज निस्कियो, "साथीलाई जन्मदिनको धेरै धेरै बधाई छ ।"

३. तलका वाक्य अप्रत्यक्ष कथनका भए प्रत्यक्षमा र प्रत्यक्ष कथनका भए अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :

(क) हामी भन्ने गर्थ्यौँ "हाम्रो घरभित्र नेपाली ब्रान्डका कुनै पनि सामान छैनन् ।"

(ख) बिहानको चियाखाजापछि गणेशजीले मोटरसाइकलमा चढाए ।

(ग) मैले प्रतिष्ठानका बारेमा विस्तृतमा बुझ्न चाहेको कुरा बताएँ ।

(घ) "यो कामबाट चाहिँ सन्तुष्ट हुनुहुन्छ ?" मैले सोधेँ ।

(ङ) रिपोर्ट पठाएको केही बेरमै सम्पादकबाट फोन आयो शीर्षक के दिने होला भनेर ।

४. माथिको पाठबाट प्रत्यक्ष कथनमा रहेका पाँचओटा वाक्य टिप्नुहोस् ।

५. माथिको पाठबाट प्रत्यक्ष कथनमा रहेका पाँचओटा वाक्य टिप्नुहोस् ।

## उद्देश्य र विधेय

६. पढ्नुहोस् र बुझ्नुहोस् :

(क) उनी आउँछन् ।

(ख) दुब्लाएका उनी बिस्तारै आउँछन् ।

(ग) बिरामी भई दुब्लाएका उनी भोलि सबेरै उठेर बिस्तारै आउँछन् ।

माथिका वाक्यमा रहेका 'उनी' र ''आउँछन्' शब्द क्रमशः उद्देश्य र विधेय हुन् । त्यस्तै 'उनी'को विशेषता बुझाउने पद/पदावली उदेश्य विस्तारक र 'आउँछन्'का अगाडि रहेका पद/पदावली विधेय विस्तारक हुन् । यी वाक्यमा 'उनी' शब्द क्रियाको काम पूरा गर्ने भएकाले कर्ता वा उद्देश्यका रूपमा आएका छन् । त्यस्तै 'आउँछन्' शब्द उनीका आधारमा विधान गरिएको वा 'उनी'को कार्यव्यापारलाई बुझाउने किसिमबाट प्रयोग गरिएकाले विधेयका रूपमा आएका छन् । साथै 'उनी' र 'आउँछन्' जस्ता उद्देश्य र विधेयका विस्तारक बनेर अर्थात् विशेषण र क्रियाविशेषणको काम गर्ने किसिमबाट प्रयोग भएका अन्य पद/पदावलीहरू चाहिँ उद्देश्य विस्तारक र विधेय विस्तारकका रूपमा आएका छन् । यसरी जुनसुकै वाक्यमा कर्ताले उद्देश्य, क्रियाले विधेय, कर्तासँग गाँसिएका पद/पदावलीले उद्देश्य विस्तारक र क्रियासँग सम्बद्ध पद/पदावलीले विधेय विस्तारकका रूपमा कार्य गरिरहेका हुन्छन् ।

७. तलका वाक्यबाट उद्देश्य र विधेय भाग छुट्याउनुहोस् :

(क) भोलि दिनभरि पानी पर्छ ।

(ख) मैले सबैलाई यहीँ बोलाएको छु ।

(ग) गाडी चढेर आएका व्यक्तिलाई हामीले देखेनौँ ।

(घ) गुरुहरू भर्खरै विद्यालयबाट बाहिर जानुभएको छ ।

(ङ) हावा चलेकाले डरले घरमै बसेका केटाकेटी बुआआमा आएपछि मात्र बाहिर निस्किए ।

८. दिइएका वाक्यबाट भेटेसम्म उद्देश्य विस्तारक, उद्देश्य, विधेय विस्तारक र विधेय पद पहिचान गरी लेख्नुहोस् :

(क) केही समयपछि त्यस प्रतिष्ठानका उत्पादन मेरो घरमा भित्रिन थाले ।

(ख) बिहान आँखा खुल्दा झ्यालबाट सूर्यको प्रकाश छिर्न लागेको रहेछ ।

(ग) छिरिङ मलाई सहयोग गर्न इच्छुक र उत्सुक देखिए ।

(घ) उनले नम्रतापूर्वक धन्यवाद दिए ।

(ङ) मैले राम्रो श्रेणीमा एसएलसी उत्तीर्ण गरेँ ।

(च) रिपोर्ट पठाएको केही बेरमै सम्पादकबाट फोन आयो ।

९. पाठबाट उद्देश्य विस्तारक, उद्देश्य, विधेय विस्तारक र विधेय भएका पाँचओटा वाक्य पहिचान गरी लेख्नुहोस् ।

१०. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :

म र भाई बहिनीहरू विद्यालयमा पढ्दै थियौ । हाम्रो परिवारको दुभार्ग्य, एक साँज बुबा भारी सहित हिउँमा चिप्लिएर भीरबाट खस्नु भयो र उहाँको जीवन् समाप्त भयो । त्यतिवेला म आठ कक्षामा पढ्थे । त्यस पछि मैले बुबाको उत्तराधीकारी भएर उहाँले गरि आएका काम शुरु गर्नु पऱ्यो ।

## सिर्जना/परियोजना

(क) तपाईं बसोबास गरिरहेको ठाउँमा कोही व्यक्ति वा संस्थाले इमानदारिताका साथ आफ्नो जुनसुकै किसिमको काम गरेर भए पनि अरुलाई समेत सहयोग पुऱ्याइरहेको पाउन सक्नुहुन्छ । त्यस्ता व्यक्ति वा संस्थाका बारेमा पाठकलाई समेत उत्प्रेरणा जगाउने किसिमबाट एउटा नवीनतम सूचना तथा सन्देशमूलक कथा तयार पार्नुहोस् ।